# बत्तीस कोण



सम्पादक

विनोद ढुङ्गेल

# बत्तीस कोण

**प्रकाशक**

आन्तरिक मामिला तथा कानून मन्त्रालय
सञ्चार रजिष्ट्रारको कार्यालय
बागमती प्रदेश, नेपाल

# बत्तीस कोण

**सम्पादक**

विनोद ढुङ्गेल

**प्रकाशक**

आन्तरिक मामिला तथा कानून मन्त्रालय
सञ्चार रजिष्ट्रारको कार्यालय
बागमती प्रदेश, नेपाल

# बत्तीस कोण
(Thirty-two Angles)

सम्पादक : विनोद ढुङ्गेल
प्रकाशक : आन्तरिक मामिला तथा कानून मन्त्रालय
सञ्चार रजिष्ट्रारको कार्यालय
बागमती प्रदेश, नेपाल
मुख्य कार्यालय, हेटौडा, मकवानपुर
शाखा कार्यालय, काठमाडौ
हेटौडाः ०५७–५२०२५०
काठमाडौः ०१–५१९९७०७
इमेलः cro.p3.htd@gmail.com
वेबसाइटः https://cro.moial.p3.gov.np

साजसज्जा : आवृत्ति मिडिया, कालिकास्थान, काठमाडौं
प्रथम संस्करण : २०७८ असार (2021 July)

© सञ्चार रजिष्ट्रारको कार्यालय, बागमती प्रदेश

मुद्रक : परिवर्तन प्रेस एन्ड पब्लिकेसन, बागबजार, काठमाडौं

*यस पुस्तकमा प्रकाशित तथ्य वा विचारलाई व्यापारिक प्रयोजनका लागि बाहेक स्रोत उल्लेख गरेर प्रयोग गर्न पाइनेछ ।*

# आवश्यकता गुणस्तरीय पत्रकारिताको

विषयगत लेखन तथा प्रसारण वृत्ति कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०७७ र स्थानीय भाषा प्रवर्द्धन कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०७७ बमोजिम पत्रकार, सञ्चार माध्यम र शोधकर्तालाई विषयवस्तुको गहिराइमा पुऱ्याएर अध्ययन गराई लेखाउने उद्देश्यले सञ्चालन गरिएको कार्यक्रम हो । लेख्नेलाई मात्रै होइन, पढ्नेलाई पनि विषयवस्तुको गहिराइमा पुऱ्याउनु, विषयवस्तुको साङ्गोपाङ्गो केलाउनु र सम्बद्ध विषयमा दिशानिर्देश गराउने ज्ञान हासिल गराउनु यो कार्यक्रमको मूलभूत चाहना हो । सतहमा दौडिरहेको नेपाली पत्रकारितालाई गहिराइमा पुऱ्याई पत्रकारलाई अनुसन्धानमूलक सामग्री लेख्न प्रोत्साहित गर्नु यो कार्यक्रमको लक्ष्य र उद्देश्य हो ।

नेपाली पत्रकारितालाई गुणस्तरीय बनाउन नेपाली समाजका ३२ वटा फरकफरक विषयलाई विभिन्न कोणबाट स्वतन्त्र रूपले अध्ययन तथा अनुसन्धान गरिएका सामग्री यो पुस्तकमा समेटिएका छन्, ती मध्ये १४ वटा सामग्री महिलाले लेखेका छन् जुन कुल संख्याको करिब ४४ प्रतिशत हो ।

विपद र स्वास्थ्य, कोभिड र पर्यटन, सूचना तथा सञ्चार प्रविधि, सिर्जना, जाति र भाषागत पहिचान, विकास, कृषि र अनुसन्धान गरी आठ खण्डमा पत्रकारहरूले तयार गरेका लेखन सामग्री यो पुस्तकमा समेटिएका छन् ।

पुस्तकमा हायु समुदायको भाषा, परम्परागत ज्ञान र उद्यमशीलतालाई आधुनिक जीवनशैलीसँग तालमेल मिल्ने गरी समय सान्दर्भिक बनाउन सके मात्रै यसको संरक्षण र विकास संभव हुने तथ्य कमल सरला सुनुवारले प्रस्तुत गरेकी छिन् ।

सिन्धुपाल्चोक, नुवाकोट र रसुवामा सघन बसोवास रहेको ह्योल्मो जातिको ऐतिहासिक संस्कार, संस्कृति, रहनसहन, भौगोलिक निरन्तरता जस्ता विषयमा गणेशकुमार राईले तयार गरेको सामग्रीले उक्त समुदायका बारेमा जानकारी प्राप्त हुनेछ ।

थामी जातीय उत्थानमा रहेका समस्या, उनीहरूको भाषा, कला, संस्कृति, ज्ञान, सीप, उद्यमशीलताको पहिचान गर्न उनीहरूका समस्या केलाउँदै समाधानका उपायसम्बन्धी सामग्रीलाई मणिसुन्दर कोइराला (सुन्दर शिरीष) ले अनुसन्धानात्मक ढाँचामा प्रस्तुत गरेका छन् ।

हुँदा खाने पहरी समुदायका बारेमा रन्जिता डंगोल र चेपाङ समुदायका युवाहरूलाई अघि बढाउनका लागि उनीहरूलाई स्वरोजगार गराउने सीप र वित्तीय सहयोगको आवश्यकताका बारेमा नानीमैया बिष्टले खोजविन गरेका छन् ।

सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माणको संकल्प गर्दै संविधान जारी भएको ६ बर्ष पूरा हुन लागे पनि दोलखाको गौरीशंकर गाउँपालिका-५, सुरीमा मात्र बसोवास रहँदै आएका सुरेल समुदायलाई संविधानको मर्मले छुन नसकेको तथ्यलाई जीवन लामाले खोजविन गरेका छन् ।

अन्य समुदायमा भन्दा सुनुवार समुदायमा फरक ज्ञान र औषधी बनाउने विधि र प्रणालीमा हुने तथ्य केलाउँदै टंकराज सुनुवारले सामग्री प्रस्तुत गरेका छन् ।

बागमती प्रदेशमा तामाङ भाषा बोल्ने समुदायको बाहुल्य छ तर यस भाषाको विकास भने कम देखिन्छ । यस भाषाको अध्ययन अनुसन्धानमा जोड दिनुपर्ने, भाषिक विद्यालयहरू स्थापना गरी अध्ययनको वातावरण

सिर्जना गर्नुपर्ने, निजामती क्षेत्रमा उनीहरूको सहभागिता बढाउनुपर्ने, विभिन्न संघसंस्थामा आबद्धता र क्षमता बढाउनुपर्ने आवश्यकता पहिल्याउँदै स्मृा गुरूङ पाख्रिनले तामाङ समुदायको विकास गर्न सकिने उपाय सुझाएकी छिन् । मायालु तामाङले विद्यालयमा तामाङ मातृभाषामा शिक्षा दिने क्रम २०७२ मा नयाँ संविधान बनेपछि बढेको सन्दर्भ आफ्नो लेखनमा उल्लेख गरेकी छिन् ।

नेपालमा राजनीतिक परिवर्तनपछि पनि महिला, अल्पसंख्यक, सीमान्तीकृत र अति सीमान्तीकृत समुदायको हक अधिकार संवैधानिक र कानूनी रूपमा सुनिश्चित भए पनि त्यसको कार्यान्वयन फितलो रहेको गुनासो छ । राजनीतिमा अल्पसंख्यक, जनजाति, र दलित अझै किनारीकृत रहेको र यी समुदायलाई नेतृत्व तहमा पुऱ्याउनु पर्ने आवश्यकताका बारेमा सीमा तामाङले खोजविन गरेकी छिन् ।

बागमती प्रदेशका ११९ वटा स्थानीय तहमा बसोवास गर्ने आदिवासी जनजातिको परम्परागत ज्ञान, सीप र अभ्यासहरूको पहिचान गरी जलवायु परिवर्तनको प्रभाव अनुकूलन र असर न्यूनीकरणका विषयसँग जोड्ने अध्ययन गरेका छन्- कुमार तामाङ (यात्रु) ले । यसै गरी विश्वव्यापी अभियानका रूपमा चलेको दिगो विकास लक्ष्यमा आदिवासी जनजातिका सवाल र खास गरेर महिला र आदिवासीका प्रचलन, परम्पराबारे विमला तुम्खेवाले चर्चा गरेकी छिन् ।

समयक्रममा पुस्तान्तरण हुँदै जाँदा आफ्नो कला, सृजना, नवीनतम सोच बाहिर ल्याउन सहज हुँदै गए पनि चुनौतीहरू भने अझै छन् । पुर्खाहरूले आर्जन गरेको ज्ञान र सीपलाई समय सापेक्ष परिमार्जन गरेर व्यावसायिक रूपमा अगाडि बढाउनु नै उद्यमशीलता हो । यस्ता साना-साना कथामा ठूला-ठूला खुशी समेटिएका विषयलाई प्रस्तुत गरेकी छिन्, देवकुमारी आलेले । यसै गरी सुशीला तामाङले कला प्रदर्शनी, ग्यालरी र दर्शकबीच अझै पनि दूरी कायम रहेको सामग्री प्रस्तुत गरेकी छिन् ।

ऋणमा डुबेका किसानलाई अनुदान उपलब्ध गराउने आश्वासन बाँडेर ठगी धन्दा चलाउने र कृषि क्षेत्रको अनुदानलाई निष्प्रभावी गराउने समूहका बारेमा सरकारी प्रतिवेदनसँग प्रमाणीकरण गराइएको सामग्री लक्ष्मी सापकोटाले लेखेकी छिन् भने प्रदेशको स्थापनापछि तरकारी, अन्नबाली, फलफूल खेती

र पशुपालन गर्ने किसानले पाएको सफलताको कथालाई कृष्णा बिष्टले समेटेकि छिन् ।

झन्डै ९० प्रतिशत नागरिकले उपभोग गर्ने सडक सञ्जाललाई गुणस्तरीयता र व्यापकता दिने हो भने पर्यटन प्रवर्द्धन, गरीबी निवारण, समग्रमा दिगो विकास हुने र त्यसले नागरिकको जीवनशैलीमै आमूल परिवर्तन ल्याउने सामग्री प्रस्तुत गरेका छन्, गोपीकृष्ण ढुंगानाले । टेकबहादुर रोकाले काठमाडौं उपत्यका वरिपरिका जिल्ला र ठाउँहरूलाई व्यवस्थित गरी नमूनायोग्य प्रदेश बनाएर संघीय सरकार र अरू प्रदेशलाई उदाहरणीय काम गरेर देखाउने अवसर बागमती प्रदेश सरकारलाई रहेको तर ती काम गर्नु चुनौतीपूर्ण रहेको तथ्य समेटिएको सामग्री लेखेका छन् ।

संविधानले सहभागितामूलक स्थानीय सरकारको परिकल्पना गरेको भए पनि व्यवहारमा त्यो प्रतिबिम्बित भएको छैन । पछाडि परेका, महिला, दलित, जनजाति तथा लोपोन्मुख समुदायलाई लक्षित गरी उनीहरूको सशक्तीकरण तथा मूल प्रवाहीकरणका लागि योजना निर्माण तथा कार्यान्वयन गर्न सुझाव प्रस्तुत गरेको छ, सुरजकुमार भुजेलको सामग्रीले । आफ्नो राजस्वको ठूलो हिस्सा प्रकृतिक स्रोतबाट मात्रै आउने भएकाले नै वन र नदीजन्य पदार्थको उत्खननमा रोक लगाउने कुनै पनि निर्देशिका लागू गर्न सम्बद्ध स्थानीय सरकारका कर्मचारीहरू हिचकिचाउने गरेको तथ्य प्रस्तुत गरेका छन्- सविन शर्माले ।

कोरोनाका कारण स्वदेश र विदेशमा रोजगारी गुमाउनेको संख्या ठूलो छ । राष्ट्रिय योजना आयोगले सार्वजानिक गरेको तथ्यांक अनुसार आठ लाख जनाले स्वदेशको श्रमबजारबाट रोजगारी गुमाए भने झन्डै साढे चार लाख श्रमिकले विदेशमा रोजगारी गुमाएर स्वदेश फर्किएको अवस्था छ । यस तथ्यलाई सीता शर्माले केलाएकी छिन् । कोभिडले श्रमिकको रोजगारी मात्रै गुमेको छैन, पर्यटन उद्योगमा परेको असर कहालीलाग्दो छ । मुलुकको अर्थतन्त्रमा ठूला टेवा पुग्ने अपेक्षा गरिएको पर्यटन क्षेत्र आगामी २/३ वर्षका लागि उठ्नै नसक्ने गरी प्रभावित भएको छ र चाँडै तंग्रिने संकेतहरू मधुरा देखिएका छन् । यसबारेमा कमलकुमार बस्नेत र हिमाल लम्सालले गरेको अध्ययनले कोभिडले मासिक १० अर्ब रूपैयाँ गुमाइरहेको पर्यटन क्षेत्रमा पारेको भयानक असरका बारेमा विभिन्न तथ्यहरू उद्घाटित गरेको छ ।

कोभिडको समयमा सूचना र सञ्चार प्रविधिको उपयोग बढेको छ । सूचना प्रविधिको पहुँच ग्रामीण क्षेत्र र अशिक्षित वर्गमा चित्तबुझ्दो छैन । ग्रामीण क्षेत्र र अशिक्षित वर्ग सूचना प्रविधिको प्रयोगमा वामे सर्दै गरेको भए पनि दुरूपयोगमा छलाङ मार्न थालेको तथ्य ऋषि केबीले प्रस्तुत गरेका छन् । सबैतिर ब्रोडब्यान्ड इन्टरनेटको पहुँच उपलब्ध गराउनु मुख्य चुनौतीको रूपमा रहेको छ । *रेडियो अरनिको*का लागि सम्झना हुमागाईंले तयार गरेको सामग्रीमा विद्यालय शिक्षामा प्रविधिको प्रभाव सकारात्मक भए पनि काठमाडौं उपत्यकामा समेत यस्तो प्रविधिमा सबैको पहुँच कायम हुन नसकेको देखाएको छ । विद्यालय नपुगेसम्म अध्ययन अध्यापन सम्भव छैन भन्ने परिभाषा अहिले फेरिएको छ । भर्चुअल कक्षाका फाइदा जति देखिएको छ, त्यति नै बेफाइदा र विकृति पनि भित्रिएको छ भन्ने कुरा भानुभक्त आचार्यले केलाएको तथ्यले उजागर गरेको छ ।

लेखनमा पत्रकारको पराक्रम मात्र देखिएको छैन, पत्रकारिताको पनि चिरफार गरिएको छ । लोकतान्त्रिक विधि भनेको पत्रकार आफैले स्वनियमन गरेर र आचारसंहिता बनाएर कार्यान्वयन गर्नु उपयुक्त हो तर पछिल्ला दिनमा अनलाईन मिडियाको बढोत्तरीसँगै व्यवस्थित ढंगले मिडिया सञ्चालनमा चुनौती थपिएको सामग्री यम विरहीले प्रस्तुत गरेका छन् ।

कोभिड–१९ सँग लड्न सरकारले २०२० सालको संक्रामक रोग ऐन र २०२८ सालको स्थानीय प्रशासन ऐनलाई काम चलाऊका रूपमा प्रयोग गर्दै आएको छ । जगदीश्वर पाण्डेले कोभिडसित लड्न समयसापेक्ष कानून बनाउनुपर्ने आवश्यकतामा जोड दिएर सामग्री तयार पार्नुभएको छ । सागर न्यौपानेको लेखन सामग्रीमा पहिलोपटक कोरोना भित्रिँदा तातेका स्थानीय र प्रदेश सरकार दोस्रो लहरमा भने सक्रिय हुन नसकेको उल्लेख छ । पछिल्लो समय बागमती प्रदेशका १३ वटै जिल्लामा कोभिड अस्पताल तयार भएका, ती अस्पतालमा सुविधा थपिएको र तीमध्ये ६ वटामा मुख्य शल्यक्रिया पनि हुने गरेको बारेमा शुभलक्ष्मी विश्वकर्माले खोजविन गरेकी छिन् । कोभिड–१९ को दोस्रो भेरियन्टले गर्दा धेरै संक्रमितको घरबास गएको र बाँच्ने आशामा निजी अस्पतालमा भर्ना हुँदा लाखौं खर्च बेहोर्नुपरेको ब्यथा सरोज ढुङ्गेलले उजागर गरेका छन् ।

विपद् व्यवस्थापनमा पनि पूर्वतयारीका कामहरू तीनै तहका सरकारको

प्राथमिकतामा नपरेको र भएका संरचनाका बीचमा समन्वय र सहकार्य हुन नसकेका कारण हरेक वर्ष ठूलो धनजनको क्षति भइरहेको सामग्रीमा विनोद शर्माको मेहनत परेको छ ।

उल्लिखित लेखन सामग्री सबै पूर्ण छैनन् । ती लेखन सामग्रीलाई पूर्णता दिन उत्प्रेरित गर्ने सामग्री पनि यही पुस्तकमा छन् । परम्परागत शैलीको पत्रकारिता अब लामो समय टिक्न सम्भव छैन । केही वर्षभित्रै टेलिभिजन र रेडियोमा समाचार पढने, सामान्य सूचना दिने काम मेशिनले गर्न थाल्नेछ । मानवले गर्ने पत्रकारितामा सिर्जनात्मकता आवश्यक हुन्छ । जसले नयाँ सिर्जना र अन्वेषणात्मक पत्रकारिता गर्छ, ऊ नै अबको अब्बल पत्रकार हुनेछ । सञ्चारमाध्यमले वैकल्पिक आम्दानीका स्रोत पहिचान गर्ने क्रमसँगै गुणस्तरीय पत्रकारिता गर्न सक्ने पत्रकारको खोजी गर्न थाल्नेछन् । श्रमजीवी पत्रकारले सञ्चारमाध्यमबाट उचित पारिश्रमिक नपाएको र सञ्चारमाध्यमले पनि गुणस्तरीय पत्रकार नपाएको गुनासो सुनिएको र पढिएको छ । सञ्चारमाध्यमलाई पारिश्रमिक दिन सक्ने गरी सक्षम बनाउनुपर्ने र पत्रकारले गुणस्तरीय लेखन सामग्रीका लागि उचित पारिश्रमिक पाउने वातावरण बनाउनुपर्ने आजको आवश्यकता हो । यी दुवै कामका लागि डिजिटल माध्यमको उचित सदुपयोग गर्नुपर्ने चुनौती पत्रकार र सञ्चारमाध्यम दुवैलाई छ । पत्रकार र सञ्चारमाध्यमले डिजिटल माध्यमको सदुपयोग गर्न सक्दा दुवैको हित हुनेछ । गुणस्तरीय पत्रकारिता गर्न प्रोत्साहित गर्ने उद्देश्यले सञ्चालित कार्यक्रममा सहभागी भई आफ्ना क्षमता प्रदर्शन गर्न चाहनु भएका तर लेखनवृत्तिमा सहभागी हुन नसक्नु भएका सबैलाई धन्यवाद दिन चाहन्छु ।

लेखन वृत्तिमा छनोटमा परेपछि निःशर्त अधिकतम रकम पाइन्छ भनेर ठान्ने पत्रकारका लागि पुस्तकमा प्रकाशित सामग्री तयार पार्दा प्राप्त गरेको पारिश्रमिक चित्त नबुझेको हुनसक्छ । कार्यविधिमा उल्लेख गरिएबमोजिम लेखन सामग्री तयार पार्दा गरिएको अनुसन्धान, संकलन गरिएका तथ्य तथ्याङ्क, लेखन तथा भाषाशैली, सन्दर्भ सामग्रीको प्रयोग, लेखन संरचना, तयार गरिएको शब्द संख्या, सामग्रीले बोकेको तौलका आधारमा मूल्यांकन गरिएको थियो र सोही मूल्यांकनका आधारमा पारिश्रमिक निर्धारण गरिएको थियो । लामो समय पत्रकारिताको अभ्यास गरेका पत्रकारले प्राप्त गरेकोभन्दा

पत्रकारितामा कम अनुभव हासिल गरेका पत्रकारले प्राप्त गरेको अंक बढी हुनु लेखन सामग्रीका लागि गरिएको मेहनतको परिणाम हो । पत्रकारिताको परिपक्वता निर्धारण गर्ने तत्त्व सम्बद्ध पत्रकारको लेखनशैली र त्यो लेखनले बोकेको तौल हो । राम्रो अंक प्राप्त गर्नेहरूका लागि थप राम्रो गर्ने उत्साह र जाँगर पैदा होस् र अपेक्षित अंक प्राप्त नगर्नेहरूले आफ्ना कमजोर पक्षलाई सच्याउँदै गुणस्तरीय पत्रकारिता गर्ने जोस, जाँगर र उत्साह पैदा होस् भन्ने शुभेच्छा व्यक्त गर्न चाहन्छु ।

यो पुस्तकलाई यो अवस्थामा ल्याइपुऱ्याउन कोभिड–१९ महामारीको बीचमा पनि सूचना संकलन र लेखनमा अहोरात्र खट्नु हुने पत्रकारहरूलाई धन्यवाद दिन चाहन्छु । स्थानीय भाषा प्रवर्द्धन कार्यक्रमअन्तर्गतका लेखन सामग्रीको सम्पादनमा योगदान गर्नुहुने युवराज आचार्यलाई पनि धन्यवाद दिन चाहन्छु । लेखनवृत्तिको प्रस्ताव आह्वानदेखि पुस्तकाकार दिने कार्यसम्मका विभिन्न चरणमा निरन्तर सल्लाह दिनुका साथै समग्र सम्पादन कार्यमा सक्रिय आदरणीय सम्पादक विनोद ढुङ्गेलप्रति विशेष आभार व्यक्त गर्न चाहन्छु । छनोट समितिमा रहने साथीहरू, सञ्चार रजिस्ट्रार कार्यालयका सबै कर्मचारी, भाषा हेरिदिनु हुने केशवराज काफ्ले, पुस्तक डिजाइन गर्नुहुने आवृत्ति मिडियाका प्राविधिक, पुस्तक प्रकाशन गर्ने परिवर्तन प्रेस एन्ड पब्लिकेशन र यसमा कार्यरत प्राविधिक सबैलाई एकमुष्ट धन्यवाद दिन चाहन्छु ।

**रेवतीप्रसाद सापकोटा**
सञ्चार रजिष्ट्रार
बागमती प्रदेश

# विषयसूची

**खण्ड एक : विपद् र स्वास्थ्य** **१**

कोभिड नियन्त्रण :
सरकारी समन्वय र स्थायी संरचनाको अभाव
- *जगदीश्वर पाण्डे* ३

कोभिड दोस्रो लहर :
प्रदेश र स्थानीय तहका सरकार कमजोर
- *सागर न्यौपाने* २०

विपद्मा विकास :
संकटमा सुधारिएको जनस्वास्थ्य सेवा
- *शुभलक्ष्मी विश्वकर्मा* ३१

उपचारको खोजी :
स्वास्थ्य संकटको सर्सर्ती चर्चा
- *सरोज ढुङ्गेल* ३९

विपद् व्यवस्थापन :
प्राथमिकतामा नपरेको संवेदनशील मामिला
- *विनोद शर्मा* ४६

**खण्ड दुई : कोभिड र पर्यटन** **५५**

संकटमा पर्यटन :
कायम नै छ ओरालो यात्रा
- *कमलकुमार बस्नेत* ५७

संकटमा पर्यटन :
बाध्य भएपछि विकल्पको खोजी
- *हिमाल लम्साल* ७४

**खण्ड तीन : सूचना तथा सञ्चार प्रविधि** ८५

प्रविधिको उपयोग :
प्रयोगमा धीमा, दुरूपयोगमा छलाङ
- *ऋषि के.बी.* ८७

विद्यालय शिक्षा :
सीमित क्षमतामा विकल्पहीन विकल्प
- *सम्झना हुमागाईं* ९३

विद्यालय शिक्षा :
भर्चुअल दुनियाँमा विद्यार्थीको भविष्य
- *भानुभक्त आचार्य* १०७

अनलाइन मिडिया :
अनपेक्षित अवसरसँगै थपिएको चुनौती
- *यम विरही* १२०

**खण्ड चार : विकास** १४१

नेपालमा सडक :
दिगो विकासका लागि गुणस्तरको खोजी
- *गोपीकृष्ण ढुंगाना* १४३

विकास तथा सशक्तीकरण :
लक्षितवर्गमा लक्ष्यहीन स्थानीय तह
- *सुरजकुमार भुजेल* १५८

गिट्टी-बालुवा उत्खनन :
अनवरत छ प्रकृतिमाथिको बलात दोहन
- *सविन शर्मा* १७०

विश्वव्यापी प्रभाव :
स्वदेश र विदेशमा रोजगारी गुमाउँदै
- *सीता शर्मा* १७८

दिगो विकास :
चुनौतीभित्र रूमल्लिएको बागमतीको अवसर
- *टेनिस रोका* १८४

**खण्ड पाँच : कृषि** **१८९**

अनुदानमा चलखेल :
प्रधानमन्त्री र प्रदेश प्रमुखको नाम लिएर ठगी
- *लक्ष्मी सापकोटा* १९१

सरकारी अनुदान :
आधुनिकताको बाटोमा थर्पिंदो उभार
- *कृष्णा बिष्ट (सुनिता)* १९९

**खण्ड ६ : सृजना** **२०९**

कला क्षेत्र :
कहिले माथि उठ्ने ? कहिले संसार देख्ने ?
- *सुशीला तामाङ* २११

महिला उद्यमशीलता :
साना-साना कथा, ठूला-ठूला खुशी
- *देवकुमारी आल* २२२

**खण्ड सात : पहिचान** **२३१**

तामाङ भाषा :
बोलीचाली कायम छ, विकास कम छ
- *स्म्या गुरूङ पाखिन* २३३

तामाङ भाषामा शिक्षा :
नयाँ संविधान बनेपछि बढेको सक्रियता
- *मायालु तामाङ* २३८

हायू भाषा र ज्ञान :
सबैको सहकार्यमा सान्दर्भिकताको सम्भावना
- *कमल सरला सुनुवार* २४६

पहरी समुदाय :
आए-गएका परिवर्तन हेरेको हेऱ्यै
- *रन्जिता डंगोल* २६०

सुरेलका सुस्केरा :
भाषा र संस्कृति नै लोप हुने खतरा
- *जीवन लामा* २६९

चेपाङ समुदाय :
संरक्षण र विकासको दोसाँधमा अस्तित्व
- *नानीमैया विष्ट* २७७

कोँइच सुनुवार :
भाषामा नै ज्ञान प्रणाली सन्निहित समुदाय
- *टंकराज सुनुवार (सुजन)* २८५

किनारीकृत समुदाय :
संघीय राज्यमा समावेशीकरणको लेखाजोखा
- *सीमा तामाङ* २९१

**खण्ड आठ : अनुसन्धान** २९९
जलवायु परिवर्तन :
खराब असर न्यूनीकरणमा आदिवासी ज्ञान
- *कुमार यात्रु* ३०१


आदिवासी महिला :
दिगो विकासका लागि आदिवासी ज्ञान
- विमला तुम्खेवा ३३३

थामी भाषा र ज्ञान : ३५०
समग्र विकासको पर्खाइमा एक मौलिक समुदाय
- *सुन्दर शिरीष (मणिसुन्दर कोइराला)* ३६७

योल्मो अध्ययन :
एक अलग सभ्यताबारे केही टिपोट
- *गणेशकुमार राई* ३८७

खण्ड
१

# विपद र स्वास्थ्य



# सरकारी समन्वय र स्थायी संरचनाको अभाव

जगदीश्वर पाण्डे

मुलुक विश्वव्यापी महामारीमा पिल्सिए पनि गणतान्त्रिक सरकारले पञ्चायती कानूनप्रतिको मोह त्याग्न निकै गाह्रो भएको देखियो । सरकारले कोभिडसित लड्न समयसापेक्ष कानून बनाउनुपर्ने मागलाई बेवास्ता गरिरह्यो र उही पुरानो २०२० सालको संक्रामक रोग ऐन र २०२८ सालको स्थानीय प्रशासन ऐनद्वारा काम चलाइरह्यो । नयाँ परिवेशमा नयाँ कानुनको आवश्यकता स्वीकार्न बाध्य भएपछि बल्ल आफ्नै नेतृत्वमा हुने गरि प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले २०७८ जेठ ६ गतेको मन्त्रिपरिषद् बैठकबाट 'कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश' जारी गर्ने निर्णय गरे तर त्यसको पनि उचित कार्यान्वयन भएन ।

नेपालमा कोभिड-१९ भाइरसको संक्रमण देखिन थालेपछि सरकारले पहिलोपटक २०७६ साल चैत ११ गतेबाट देशव्यापी बन्दाबन्दी (लकडाउन) गरेको थियो र पटकपटक म्याद थप्दै झन्डै ६ महिनासम्म कायम राखेको थियो । लकडाउनका कारण मुलुकको अर्थतन्त्र तहसनहस भयो भने आम

जनतालाई जीवन कष्टकर भयो । जनदबाब र कर असुल्नुपर्ने बाध्यताका कारण २०७७ साउन ७ गते लकडाउनलाई खुल्ला गर्न थालियो । साउनको अन्त्यबाट लकडाउन लगभग पूर्णरूपमै खुल्यो । योजना बिनाको लकडाउनले कोभिड पराजित हुने कुरै थिएन, फलतः संक्रमणलाई निस्तेज गर्नबाट सरकार चुक्यो । कारण- ऊ जनताको स्वास्थ्य संकटभन्दा आफ्नो सत्ता संकटसित जुध्दै थियो ।

अहिले दोस्रो लहर आइपुग्दासम्म पनि कोभिड-१९ नियन्त्रण र रोकथाम सरकारको प्राथमिकतामा परेको देखिएको छैन । प्रधानमन्त्री केपी शर्मा ओली स्वयम् नै अघि सरेर बेसार पानी र अम्बाको पातको उपचार सिकाउनेबाहेक सरकारले नीतिगत कदम र संयन्त्रहरू अघि सार्न सकेन । फलतः २०७८ सालको सुरूआतसँगै सरकारले मुलुकका विभिन्न स्थालमा निषेधाज्ञा जारी गर्‍यो । सरकार व्यावहारिक रूपमा मात्र नभएर कोभिड-१९ रोकथाम र नियन्त्रणमा कानूनी र नीतिगत रूपमा समेत विफल देखियो । २०७८ असार १ गतेबाट काठमाडौं उपत्यकासहित केही स्थानमा निषेधाज्ञा खुकुलो बनाइयो । तर फेरि पनि स्वास्थ्य व्यवस्थालाई ध्यानमा राखेर खेल्नुपर्ने भूमिकामा सरकारको ध्यान गएको देखिएन ।

मुलुक संघीयतामा गएपछि संघीय संरचनाहरूलाई नै बलियो बनाएर काम गर्नु पर्ने हो तर संघीय सरकारको योजना प्रष्ट छैनन् । यसले गर्दा तीन तहमध्ये कुन तहको सरकारले कोरोना भाइरसको रोकथाम र नियन्त्रणको लागि के भूमिका खेल्ने भन्ने अन्योल कायमै छ । प्रदेश र स्थानीय सरकारले आफ्नो भूमिका र बजेटको लागि केन्द्रीय सरकारकै मुख ताकिरहेका छन् ।

## अस्थायी संरचनामा जोड

नेपालले विपत् भोगेको यो पहिलोपटक थिएन । कोभिड-१९ को पहिलोपटक सामना गर्नु परे पनि यस अघि भएका विपद्हरूलाई दृष्टिगत गरेर सरकारले स्थानीय संरचना बनाएर राखेको छ । २०४५ सालको भूकम्प, २०५० सालको बाढी, प्रत्येक वर्ष आउने बाढी-पहिरो र २०७२ सालको भूकम्पलाई दृष्टिगत राखेर थुप्रै संरचना बनाइएका छन् । स्वास्थ्य संकट,

भूकम्प, बाढी, पहिरोलगायत विपद्का बेला चाहिने स्थायी प्रकृतिका संरचना छँदाछँदै सरकारले भने अस्थायी संरचनाहरू थप्यो ।

नेपालमा कोरोना भाइरस पुष्टि हुनेबित्तिकै सरकारले तत्कालीन उपप्रधानमन्त्री ईश्वर पोखरेलको नेतृत्वमा २०७५ सालको अन्त्यमा कोभिड-१९ रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समिति गठन गरेको थियो । सोहि उच्चस्तरीय समितिले नेपालमा पहिलो पटक लकडाउनको घोषणा गरेको थियो । उक्त अस्थायी उच्चस्तरीय समितिले प्रभावकारी रूपमा काम गर्न नसकेपछि फेरि २०७६ साल चैत १६ गते मन्त्रिपरिषद्को निर्णय अनुसार अस्थायी कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी) स्थापना गर्‍यो । सीसीएमसीको सचिवालय छाउनीस्थित नेपाली सेनाको महावीर गण (रेन्जर) भित्र राखियो । सचिवालयको संयोजकको जिम्मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवलाई दिइयो । एक वर्षको अन्तरालमा उक्त सीसीएमसीको सचिवालयको संयोजकको रूपमा तीन जना सचिवहरू नारायणप्रसाद बिडारी, महेन्द्र गुरागाईं र खगराज बरालले काम गरे । सीसीएमसी निर्देशक समितिको संयोजकमा उपप्रधानमन्त्री ईश्वर पोखरेल थिए । पोखरेलको नेतृत्वमा रहेको समिति असफल भएपछि सरकारले फेरि नयाँ संयन्त्र बनाएको छ ।

'कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश' ल्याएपछि प्रधानमन्त्रीको नेतृत्वमा कोभिड-१९ निर्देशक समिति गठन गरियो । कोभिड-१९ रोकथाम र नियन्त्रण गर्न विगत एक वर्षदेखि राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व असफल भएपछि सरकारले अवकाश प्राप्त रथी बालानन्द शर्मालाई जेठ १० गते कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी) को नयाँ संरचनामा प्रमुख कार्यकारी अधिकृत बनाएर ल्याउने निर्णय गर्‍यो । शर्माको नेतृत्वमा रहेको केन्द्रले के काम गरिरहेको छ भन्ने अहिलेसम्म प्रस्ट हुन सकेको छैन । तर स्थायी संयन्त्रको रूपमा गृह मन्त्रालयअन्तर्गत पहिलैदेखि रहेका राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र र राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई महत्व दिएको छैन । यसबाहेक स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्र पनि अस्तित्वमा छ ।

गृह र स्वास्थ्य मन्त्रालयको संयन्त्र केन्द्रदेखि स्थानीय तहसम्म थिए,

छन् । अझ स्वास्थ्य संकटमा त स्वास्थ्य मन्त्रालयलाई नै नेतृत्व गराएर गृहलगायत अन्य आवश्यक मन्त्रालयको सहयोगमा काम गर्नुपर्ने थियो । "त्यसो गरेको भए काम छिटो, छरितो र प्रभावकारी हुन्थ्यो । अस्थायी संयन्त्रले काम गर्दा फेरि सम्पूर्ण संयन्त्र केन्द्रदेखि स्थानीय तहसम्म बनाउनु पर्दा समस्या हुन्छ । त्यस विषयमा विचार गर्नु पर्ने थियो", अवकाश प्राप्त उपरथी विनोज बस्न्यातले भने ।

स्थायी संरचनालाई हेर्दा २४सै घण्टा खुला रहने गरी आपत्कालीन कार्यसञ्चालन केन्द्रमा प्रविधि र विपत् व्यवस्थापनमा विशेष दक्षता भएका कर्मचारी तैनाथ छन् । ठूला स्वास्थ्य समस्या पर्दा काम गर्न सक्छौं भनेर स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र बसिरहेको छ । कुनै एउटा गाउँमा संकट आइपर्‍यो भने उसले नजिकको स्वास्थ्य केन्द्र वा क्षेत्रीय स्वास्थ्य संस्थामा खबर गर्छ । त्यसपछि जिल्ला हुँदै केन्द्रमा जानकारी पुग्छ । केन्द्रबाट जानकारी आएपछि आवश्यक उद्धारको काम गर्ने स्वास्थ्य मन्त्रालयले जनाएको छ । "नेपालमा पहिलेदेखि भइरहेका विपद्लाई आंकलन गरेर विभिन्न संरचना खडा गरिएका हुन् । त्यहीअनुसार ऐन निर्माण पनि गर्‍यौं तर अहिले भइरहेका संस्थालाई निष्क्रिय पारेर नयाँ ढंगबाट अघि बढ्न खोजिएको छ," गृह मन्त्रालयको प्रशासनिक नेतृत्वसमेत सम्हालेका पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले भने ।

विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ मा सबै किसिमका प्राकृतिक प्रकोप तथा महामारीविरूद्ध केन्द्रदेखि स्थानीय तहसम्म कसरी सरकारी-निजी तथा गैरसरकारी संयन्त्रहरू परिचालन गर्ने भन्ने व्यवस्था छ । प्रधानमन्त्रीको अध्यक्षतामा विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् प्रकोप तथा महामारीविरूद्ध जुध्ने माथिल्लो निकाय हो ।

ऐनले सम्बद्ध स्थायी संस्थाहरूको निर्देशन र निर्णयअनुसार केन्द्रदेखि स्थानीय तहसम्म काम गर्ने भनिएको छ । सोही ऐनको परिच्छेद ३ मा विपत् व्यवस्थापन तथा नियन्त्रणका लागि गृहमन्त्रीको अध्यक्षतामा कार्यकारी समिति रहने उल्लेख छ । ऐनले नै गृहमन्त्रीको अध्यक्षतामा प्राधिकरण र राष्ट्रिय विपत् व्यवस्थापन समितिको व्यवस्था गरेको छ । तर कोभिड-१९ जस्तो संकटको बेलामा हुने मुख्य निर्णय भने प्राधिकरण र व्यवस्थापन समितिलाई नसोधी हुने गरेको छ । सरकारले गत वर्ष जारी गरेको विपत्

जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ मा पनि प्रकोपविरूद्ध गृहका विभिन्न संरचनालाई सक्रिय बनाइने उल्लेख छ ।

पूर्वमुख्यसचिव विमल कोइरालाले बलिया स्थायी संरचनालाई छाडेर नयाँ अस्थायी संरचना बनाउँदै जानुलाई "खराब प्रचलन" को संज्ञा दिए । "संरचना बनाउँछौं, उपयोग गर्दैनौं । नचलाएपछि खिया लाग्छ र समाप्त हुन्छ । यो खराब हो । संस्था बनाएपछि त्यसलाई काममा ल्याउनुपर्छ," उनले भने ।

## कोरोना उपचारमा २३ अर्ब १४ करोड खर्च

सरकारले नेपालमा कोरोना भाइरसको पहिलो संक्रमण भेटिएदेखि २०७८ सालको वैशाख मसान्तसम्म यसको रोकथाम र उपचारको लागि २३ अर्ब १४ करोड रूपैया खर्च गरेको छ । 'रोकथाम र नियन्त्रण तथा उपचार कोष', संघीय सरकारको विभिन्न मन्त्रालय, प्रदेश र स्थानीय सरकारले उक्त रकम खर्च गरेका हुन् ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार कोरोना संक्रमण रोकथाम र नियन्त्रणका लागि सरकारले आर्थिक वर्ष २०७६/७७ मा १३ अर्ब ५४ करोड खर्च गरेको थियो । कार्यालयका प्रवक्ता ज्ञानेन्द्र पौडेलले चालू आर्थिक वर्षको वैशाखसम्ममा भने नौ अर्ब ६० करोड रूपैयाँ खर्च भएको जानकारी दिए ।

यस अवधिमा रोकथाम र नियन्त्रण तथा उपचार कोषबाट २ अर्ब ५२ करोड खर्च भएको छ । संघीय बजेटबाट विभिन्न मन्त्रालयमा ८ अर्ब ५४ करोड खर्च भएको छ भने प्रदेश सरकारले ३ अर्ब २ करोड खर्च गरेका छन् । स्थानीय सरकारहरूले ९ अर्ब ६ करोड खर्च गरिसकेका छन् ।

'संसद् सञ्चालन हुँदा कोरोना भाइरस नियन्त्रण गर्नका लागि सरकारले कुन शीर्षकमा कति खर्च गरेको छ भनेर हामीले पटक–पटक विवरण मागेका थियौं । तर सरकारले कहिल्यै जानकारी दिएन, त्यो कुरा अहिलेसम्म प्रस्ट रूपमा बाहिर ल्याएको छैन,' कांग्रेसका सांसद प्रकाश रसाइली स्नेहीले गुनासो गरे ।

## विदेशी निकायबाट छरिएको सहयोग

नेपालमा कोभिड-१९ को संक्रमण भएसँगै नेपालले ठूला मुलुकबाट स्वास्थ्य सामग्रीहरू मास्क, स्यानिटाइजर, स्वास्थ्यकर्मीलाई पीपीई (व्यक्तिगत सुरक्षा सामग्री), चश्मा, पञ्जा, अस्पतालका लागि भेन्टिलेटर, विभिन्न प्रतिरोधात्मक औषधि सहयोग स्वरूप पाएको छ । सबैभन्दा पहिला अमेरिका, त्यसपछि चीन र भारतले सहयोग दिए । स्वास्थ्य मन्त्रालयबाट प्राप्त जानकारी अनुसार सन् २०२० को डिसेम्बरसम्म आइपुग्दा नेपाललाई बंगलादेश, बेलायत, जर्मनी, इजरायल, सिंगापुर, दक्षिण कोरिया, यूरोपेली युनियन, स्विट्जरल्यान्ड कतार, जापान र कम्बोडियाले कोभिड-१९ रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य सामग्री र औषधि सहयोग गरेका छन् ।

यस्तै, विश्व स्वास्थ्य संगठन, अमेरिकी सहयोग नियोग, अलिबाबा फाउन्डेसनलगायत तीन दर्जनभन्दा बढी गैरसरकारी संस्थाहरूले स्वास्थ्य सामग्री सहयोग गरेका छन् । विश्व बैंक र एसियाली विकास बैंकले कोभिड-१९ विरूद्ध लड्नकै लागि विभिन्न समयमा ऋण र अनुदान पनि दिँदै आएका छन् ।

समाज कल्याणका परिषद्का अनुसार गत डिसेम्बरसम्ममा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू गरि एक अर्ब १५ करोड ८८ लाख ९ हजार बजेट विनियोजन गरेर कोरोना भाइरस रोकथाम र नियन्त्रणको लागि छुट्ट्याइएको छ ।

संकटको बेलामा नेपाललाई सहयोग गर्नेमा दुई छिमेकी भारत र चीन तथा अर्को शक्तिशाली मुलुक अमेरिका छन् । उनीहरूको झुकाव नागरिक नेतृत्वसँगै सैनिक नेतृत्वतर्फ पनि रहेको देखिन्छ । अमेरिकी राजदूत र्‍यान्डी बेरी, भारतीय राजदूत विनय मोहन क्वात्रा र चिनियाँ राजदुत होउ यान्छीले सैनिक मुख्यालयमै पुगेर प्रधान सेनापति पूर्णचन्द्र थापालाई स्वास्थ्य सामग्री, औषधि र भ्याक्सिन हस्तान्तरण गरे । भूराजनीतिक विज्ञ निश्चलनाथ पाण्डेका अनुसार, नेपालमा राजनीतिक अस्थिरता भइरहने भएकाले विदेशीहरूले नेपालको सबैभन्दा स्थिर शक्ति सेनासँग राम्रो सम्बन्ध बनाइरहन चाहेका हुन् ।

खोपको उत्पादन भएसँगै सबैभन्दा पहिला २०७७ साल माघ ८ गते भारत सरकारले छिमेक नीतिलाई प्राथमिकता दिएको भन्दै नेपाल सरकारलाई

१० लाख कोभिशिल्ड अनुदान सहयोग गरेको थियो । भारतीय सेनाले नेपाली सेनालाई पनि एक लाख डोज खोप सहयोग गऱ्यो । चीन सरकारले पनि नेपाल सरकारलाई ८ लाख डोज खोप सहयोग गरेको छ । यस्तै, कोभ्याक्समार्फत नेपालले ३ लाख ४८ हजार खोप पनि प्राप्त गरिसकेको छ । त्यसपछि नेपालमा चीनबाट खोप आयो ।

२०७८ सालको सुरूआतसँगै नेपालको कोरोना भाइरसको दोस्रो लहर सुरू भयो । स्वास्थ्य सामग्रीसँगै खोपको अत्यधिक आवश्यकता पऱ्यो । तर विदेशी मुलुकले भने नेपाललाई स्वास्थ्य सामग्री दिएरै सहयोग गरिरहेका छन् ।

खोप कूटनीतिलाई अघि बढाउने क्रममा राष्ट्रपति विद्यादेवी भण्डारीले जेठ १३ गते चिनियाँ राष्ट्रपति सी चिनफिङसित टेलिफोन संवाद गरिन् । चिनियाँ राष्ट्रपति सीले भने संवादकै दौरान नेपाललाई १० लाख खोप सहयोग गर्ने र खरिदमा सहजीकरण गरिदिने प्रतिबद्धता व्यक्त गरे । सीले प्रतिबद्धता गरेको खोप काठमाडौंमा आयो ।

राष्ट्रपति भण्डारीले खोप खरिदको लागि सहजीकरण गरिदिनको लागि रूसी राष्ट्रपति पुटिनलाई जेठ १४ गते पत्र पठाइन् भने जेठ १६ गते नै परराष्ट्र मन्त्रालयमार्फत नेपालस्थित बेलायतको राजदुतावासमार्फत बेलायती महारानी एलिजाबेथ द्वितीयालाई पनि खोप खरिदमा सहजीकरण गरिदिनका लागि अनुरोध गर्दै पत्र पठाइन् ।

कोरोना भाइरसको दोस्रो लहर बढेपछि नेपालमा संक्रमण रोक्नको लागि खोप अनिवार्य रहेको पृष्ठभूमिमा राष्ट्रपति भण्डारीले सुरूआतमा जेठ १२ गते भारतका राष्ट्रपति रामनाथ कोविन्दलाई पत्राचार गरेकी थिइन् । उनले कोविन्दसँग नेपाललाई यस अघि नै नेपालले खरिद गरेको बाँकी १० लाख खोप उपलब्ध गराउन तथा थप खोप सहयोगको सहजीकरण गरिदिन आग्रह गरेकी थिइन् । भारतबाट नेपालले २० लाख खोप खरिद गरे पनि हालसम्म १० लाख मात्र आइपुगेको छ ।

राष्ट्रपति भण्डारीले जेठ १३ गते नै अमेरिकी राष्ट्रपति जो बाइडेनलाई पनि पत्र पठाएर नेपाललाई खोप सहयोगका लागि अनुरोध गरिन् । दुई दिनपछि उक्त पत्र अमेरिकाका लागि नेपाली राजदूत युवराज खतिवडाले परराष्ट्र मन्त्रालयका वरिष्ठ सल्लाहकार इर्भिन मसिन्गालाई हस्तान्तरण गरे ।

बेलायतकी महारानी र भारतका राष्ट्रपति आलंकारिक रहेको र राष्ट्रपतिले चिठ्ठी लेख्नै उचित नभएको भन्दै आलोजना पनि भयो । राष्ट्रपतिले पठाएको पत्रको जवाफ पनि नेपालले कतैबाट पाएको छैन ।

अमेरिकाले विश्वका नेपालसहित एक सयभन्दा बढी मुलुकलाई खोप सहयोग गर्ने घोषणा गरे पनि नेपालले हालसम्म उक्त खोप प्राप्त गर्न सकेको भने छैन । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बेलायत र अमेरिकालाई पत्र लेखेर ५०-५० लाख खोप खरिद गर्नको अनुरोध गरेको छ । तर उक्त पत्रको जवाफ पाइसकेको छैन । नेपालले थप आवश्यक खोप चीन, रूस र अन्य मुलुकबाट पनि ल्याउन सकेको छैन ।

'संकटको बेलामा नेपाललाई आफ्नो बलियो साथ छ, हामी नेपालीहरूसँगै छौ भन्ने सन्देश दिन पनि नेपालमा तीन ठूला मुलुकहरू भारत, चीन र अमेरिकाले एकपछि अर्को सहयोग गरेका हुन्,' परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानका उपकार्यकारी निर्देशक तथा भूराजनीतिक विश्लेषक रूपक सापकोटाले भने । छिमेकी भारत र चीनसँगै अमेरिकाबीच पनि नेपालमा भूराजनीतिक प्रतिस्पर्धा देखिएको र त्यो सहयोगको क्रम पनि त्यहि प्रतिस्पर्धाको बिम्बका रूपमा रहेको उनको निचोड छ ।

अन्तर्राष्ट्रिय निकायहरूबाट विभिन्न निकायमा विभिन्न सामग्री सहयोग गरेका कारणले गर्दा कोभिड-१९ मा नेपाललाई कति मूल्य बराबरको सहयोग आएको भन्ने टुंगो लागेको छैन । यस्ता सहयोगको अर्को महत्त्वपूर्ण पक्ष भनेको नेपालले पाएका स्वास्थ्य सामग्रीहरू नेपालको प्रस्ताव अनुसार प्राप्त भएको होइन । विदेशीकै इच्छाअनुसार प्राप्त हुँदै आएको हो ।

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. गोविन्दराज पोखरेलका अनुसार सरकारले कोभिड-१९ को संकटमा आफूलाई कुन-कुन क्षेत्रमा के-के चाहिन्छ भन्ने तयारी गरेर दातृ निकायहरूलाई स्पष्ट रूपमा नभन्दा उनीहरूकै चाहना अनुसारका सहयोग आएको हो । आफू योजना आयोगको नेतृत्वमा रहँदा भूकम्पपछि कुन-कुन क्षेत्रमा के-के चाहिन्छ भनेर पीडीएनए (पोष्ट डिजास्टर नीड एसेस्मेन्ट) रिर्पोट बनाएर विदेशी निकायहरूसँग भनेको र त्यहि अनुसार काम गर्न सहज भएको उदाहरण सम्झिन्छन् । भन्छन्- यसमा हाम्रो पूर्वतयारी नै भएन ।

नेपालमा २०७२ सालमा भूकम्प जाँदा समेत शुरूआतमा विदेशी

निकायहरूले नेपालका विभिन्न निकायहरूलाई सिधै सहयोग गरेका थिए । कोभिड-१९ को अवधिमा पनि विदेशी मुलुक तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले स्वास्थ्य मन्त्रालय, अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, नेपाली सेना, शसस्त्र प्रहरी बल, मुलुकका विभिन्न अस्पतालहरू, अन्य सरकारी निकाय, प्रदेश सरकार र समाजकल्याण परिषद्लाई स्वास्थ्य सामग्रीलगायतका सहयोग गरेको तथ्यांक भेटिएको छ । अर्थ मन्त्रालयले विदेशबाट आउने सम्पूर्ण सहयोगहरू एकद्वार नीति अनुसार हुनु पर्ने भन्दै आए पनि हुन सकेको देखिन्न ।

अर्थ मन्त्रालयमा बजेटरी माध्यमको रूपमा दातृ निकायहरूबाट कोभिड-१९ महामारीलाई ध्यान दिएर विकासका काम गर्न ६२ अर्ब ८२ करोड ९२ लाख ११ हजार ५५९ रूपैंया सहयोग आईसकेको छ । अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका अनुसार २०७७ सालको चैतसम्म विभिन्न दातृ निकायहरूले ७४ अर्ब ७३ करोड ३५ लाख १४ हजार ९०९ रूपैंया सहयोग गर्ने प्रतिबद्धता आएको छ । त्यसमध्ये सबैभन्दा धेरै सहयोग गर्नेमा एसियाली विकास बैंक पर्छ । एसियाली विकास बैंकले कुल रकमको ४७.२ प्रतिशत, विश्व बैंकले ४१.४ प्रतिशत, अमेरिकी सहयोग नियोगले ५.५ प्रतिशत, अन्तर्राष्ट्रिय संस्थाहरूले २.४ प्रतिशत, यूरोपेली यूनियनले २.० प्रतिशत र अन्यले १.५ प्रतिशत सहयोग गरेका छन् ।

पूर्वअर्थ सचिव शान्तराज सुवेदीले एकद्वार नीतिको सम्बन्धमा अर्थ मन्त्रालयले कार्यविधि नै बनाएर काम गरे पनि त्यो पूर्ण रूपमा लागु हुन नसकेको बताए । 'कार्यविधि पूर्ण रूपमा लागू गर्नुपर्छ । नत्र कसले कति सहयोग कहाँबाट पायो वा लियो भन्ने थाहा हुन्न,' उनले थपे ।

## खरिदमा अनियमितताको प्रश्न

कोभिड-१९ महामारीको बेला सरकारले उच्च नैतिकता र इमानदारीका साथमा काम गर्नुपर्ने हो । तर त्यसको ठीक विपरीत सरकारले कोरोना भाइरस रोकथाम र नियन्त्रणको लागि पहिलोपटक खरिद गरेको स्वास्थ्य सामग्रीमै अनियमितता भएको भनेर प्रश्न उठ्यो ।

२०७६ सालको चैतमा लकडाउन भएलगत्तै स्वास्थ्य सेवा विभागले

आपत्कालीन अवस्थामा आवश्यक स्वास्थ्य सामग्री खरिदको निर्णय गरेको थियो । उपप्रधानमन्त्री ईश्वर पोखरेलको नेतृत्वमा गठित कोरोना भाइरस रोग रोकथाम उच्चस्तरीय समन्वय समितिको निर्देशनमा विभागले नियमित टेन्डर प्रक्रिया रद्द गर्‍यो । र, सोभ्कै वार्ताबाट सामग्री खरिदको निर्णय गरेको थियो । सार्वजनिक खरिद ऐनअनुसार विभागबाट हुनुपर्ने निर्णयमा स्वास्थ्यमन्त्री तथा जनसंख्या मन्त्री भानुभक्त ढकालदेखि सचिव यादव कोइराला र मन्त्रीका सल्लाहकार डा. खेम कार्कीले हस्तक्षेप गरे । यही विषयमा २०७७ सालको असारदेखि सार्वजनिक लेखा समितिले पनि छानबिन थाल्यो ।

समितिले ओम्नी समूहको संलग्नतामा भएको उक्त खरिद प्रकरणको अध्ययन गर्‍यो । कांग्रेसका सांसद भरत शाहको नेतृत्वमा रहेको समितिले २०७७ साल पुसको पहिलो साता उक्त खरिद प्रकरणमा भएको अनियमितता हेर्ने जिम्मा अख्तियार दुरूपयोग अनुसन्धान अयोगलाई सुम्पिदियो । करिब ६ महिनासम्म त्यसैमा अल्मलिएको समितिले अन्ततः थप छानबिनको जिम्मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई दियो । तर अख्यिारले हालसम्म उक्त प्रकरणलाई छानविन गरेको छ वा छैन ? केही पनि सार्वजनिक गरेको छैन ।

ओम्नी बिजनेस कर्पोरेट इन्टरनेसनल (ओबीसीआई) का तुलहरि भुसालले उक्त ठेक्का पाएका हुन् । उनले राजनीतिक सम्बन्धको आधारमा स्वास्थ्य सामग्री खरिद गरेको देखिन्छ किनकी दुई वर्ष अघिसम्म उनको कम्पनीले कुनै पनि स्वास्थ्य सामग्री खरिद गरेको रेकर्ड छैन ।

उक्त खरिदमा हस्तक्षेप र नीतिगत निर्णय गरेकाले उपप्रधानमन्त्री पोखरेललाई डाक्ने निर्णय गरे पनि समितिले पछि बोलाएन । त्यसबाहेक तत्कालीन स्वास्थ्य मन्त्री भानुभक्त ढकाल र मन्त्रालय र विभागका अन्य सम्बद्ध व्यक्तिहरूलाई बोलाएर उनीहरूको कुरा सुने पनि थप अध्ययन पनि भएन । सबै निकायबाट खरिदमा संलग्नहरूको नाम, उनीहरूको भूमिका, खरिदका कारण राज्यकोषबाट भएको खर्चको फेहरिस्त पुग्दासमेत समितिले 'कानमा तेल हाले' भैँ गरेर बस्यो ।

ओम्नीले स्वास्थ्य सेवा विभागसँग गरेको सम्झौताअनुसार २०७६ चैत १६ गते पहिलो खेपको सामान नेपाल ल्याएको थियो । त्यो बेला ओम्नीले अर्को चरणको सामान ल्याउन नसकेपछि चैत २३ गतेसम्मका लागि म्याद

थप गरिदिन निवेदन दिएको थियो । चौतर्फी विवादपछि सरकारले ठेक्का रद्द गर्‍यो । हालसम्म पनि विभागले बाँकी कामको रकम असुल्ने निर्णय सार्वजनिक गरेको छैन । त्यही कारण राज्यकोषमा करिब ९५ करोड रूपैयाँ नोक्सान भएको देखिएको छ ।

अर्कोतर्फ ओम्नीले ल्याएका स्वास्थ्य सामग्रीको गुणस्तरलाई लिएर पनि स्वास्थ्यकर्मीहरूले प्रश्न उठाए । पीसीआर परिक्षण गर्ने पोर्टेबल मेसिनले सहि काम नगरेको र मानिसको स्वाब संकलन गर्ने सामग्री र मेसिनका बीचमा तालमेल नभएको जस्ता समस्या देखिए ।

स्वास्थ्य सेवा विभागले ओम्नीसँग १ अर्ब २४ करोड ६८ लाख ४८ हजार रुपैयाँको सामान ल्याउने सम्झौता गरेको थियो । २०७६ साल चैत १४ गते ओम्नीले स्वास्थ्य सामग्री खरिदका लागि हिमालयन बैंकमा ५ लाख १६ हजार ९२२ अमेरिकी लडर बराबरको जमानत रकम राखेको थियो । १ सय २० रुपैयाँका दरले हिसाब गर्दा ६ करोड ३० लाख रूपैयाँ हुन्छ । त्यो रकम सरकारले जफत गरेको छ ।

२०७७ साल भदौ पहिलो साता भने स्वास्थ्य सामग्री खरिदसम्बन्धी सम्झौता रद्द भएपछि धरौटी जफतको निर्णय फिर्ता गर्न र आफूलाई कालोसूचीमा नराख्न माग गर्दै ओम्नीले दायर गरेको रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको थियो ।

मन्त्रिपरिषद्को चैत १६ गतेको निर्णयअनुसार नेपाली सेनालाई चीनबाट जीटुजी (सरकार-सरकार) प्रक्रियामा स्वास्थ्य सामग्री ल्याउने जिम्मा दिइयो । सेनाले सोही तयारीअनुसार वैशाख ७ गते चीनको सरकारी कम्पनी सिनोफार्म इन्टरनेसनलसँग सम्झौता गर्‍यो । सेनाले करिब २ अर्ब २६ करोड रुपैयाँमा ६७ थरीका स्वास्थ्य सामग्री खरिद गरेको थियो । तर उक्त स्वास्थ्य सामग्री समयमै नेपाल आइपुग्न सकेन ।

त्यसपछि सेनाले परराष्ट्र मन्त्रालयमार्फत बेइजिङमा रहेको नेपाली राजदूतावास, सोही राजदूतावासमा रहेको आफ्नो सैनिक सहचारी, नेपालस्थित चिनियाँ राजदूतावासका सैनिक सहचारीसँग सहकार्य गरेर छिटोभन्दा छिटो समान ल्याउने प्रयत्न गर्‍यो । त्यसका बाबजुत पनि सेनाले खरिद गरेको सामान गोन्जाउको विमानस्थलमै रोकिएर बस्यो । त्यो काम कसले गरेको थियो भन्ने अझै बाहिर आएको छैन ।

## संकटमा हराएका दल र प्रतिनिधि

कोभिड–१९ संक्रमणको नियन्त्रण र रोकथामका लागि सबैभन्दा प्रभावकारी भूमिका राजनीतिक दल र जनप्रतिनिधिहरूको भूमिका हुन सक्थ्यो । नेपालमा तीन तहका सरकार गरी हजारौं जनप्रतिनिधि छन् । संघीय संसद्का दुवै सर सातै प्रदेशका सांसद तथा गाउँ र सबै खाले नगरपालिकाका प्रमुख र उपप्रमुख सहित तीनै तहका जनप्रतिनिधिजोड्दा १७ हजारभन्दा बढी हुन्छ । त्यसमा पनि राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू जोड्ने हो भने लाखौं हुन्छ ।

तर, कोभिड–१९ को संकटमा ती सबै कहाँ छन् भन्ने जनताले महसुस गर्न पाएका छैनन् । भोट माग्दा घरदैलो गर्ने, मोबाइलमा फोन र म्यासेज गर्न भ्याएका तथा सोसियल मिडियामार्फत पनि सक्रिय भएका जनप्रतिनिधि र दलका नेताहरू र तीनका कार्यकर्ताहरू जनसमक्ष देखा पर्न चाहेनन् ।

ठूला राजनीतिक दलहरू एमाले, कांग्रेस, माओवादी र जनता समाजवादी पार्टीहरू सत्ताको खिचातानीमा लागिरहे । प्रमुख प्रतिपक्षी दल कांग्रेसले पनि विज्ञप्ति निकाल्नेबाहेक केही काम गर्न सकेको देखिएन । जसपा र एमाले आन्तरिक खिचातानीमा नराम्ररी रूमल्लिए ।

राजनीतिक विश्लेषक चन्द्रदेव भट्ट कोभिड–१९ को नियन्त्रण र रोकथामको सवालमा जनप्रतिनिधिहरू र राजनीतिक दलहरू पूर्णरूपमा अनुत्तरदायी भएको ठान्छन् । पछिल्ला घटनाक्रमहरूलाई हेर्दा सबै सत्ता प्राप्तिमा केन्द्रित देखिएका छन् । "निर्वाचन प्रणाली खर्चिलो छ । त्यस कारणले गर्दा पनि शक्ति र सत्तामा पुगेर केही आर्जन गर्ने उनीहरूको लक्ष्य देखिन्छ", उनले भने । उनी विगत २० वर्षयता राजनीतिक दलहरूले जनतालाई भन्दा सत्तालाई बढी केन्द्रमा राखेर काम गरिरहेको मान्छन् ।

## पञ्चायतमा जस्तै प्रजिअलाई जिम्मेवारी

कोभिड–१९ को संक्रमण बढेपछि सुरूआतमा नागरिक नेतृत्वका संयन्त्रहरूलाई छाडेर सेनामार्फत काम गर्न खोजेको सरकारले अहिले आएर पञ्चायत कालमा जस्तै प्रशासकहरूबाट काम गर्न थालेको देखिएको छ । सरकारले केन्द्रीय सरकारको मुख्य नेतृत्वमा रहेको सीसीएमसीले

कोरोना भाइरसको रोकथाम र नियन्त्रणको लागि प्रभावकारी रूपमा काम गर्न नसकेपछि पञ्चायतकालमा जस्तै जिल्लाका प्रशासन प्रमुख अर्थात प्रमुख जिल्ला अधिकारी (सीडीओ) मा भर पर्नुपर्ने भएको हो । केन्द्रदेखि प्रदेश र स्थानीय तहमा रहेका जनप्रतिनिधिहरूको नेतृत्वमा रहेका सीसीएमसीहरूले काम गर्न नसकेपछि प्रशासकहरूलाई जिम्मेवारी दिइएको हो ।

मन्त्रिपरिषद्को २०७७ साल भदौ १ गतेको निर्णय अनुसार जिल्ला कोभिड-१९ संकट व्यवस्थापन समिति (डी-सीसीएमसी) ले कोरोना संक्रमणको जोखिमको अवस्था विश्लेषण गरी निषेधाज्ञा जारी गर्ने र आवश्यक परे कर्फ्यु लगाउने अधिकार प्रमुख जिल्ला अधिकारी (सीडीओ) लाई दिइयो ।

सरकारको यो निर्णयले २०१८ सालदेखि २०४६ सालसम्मको पञ्चायत कालमा जिल्लामा सबैभन्दा शक्तिशाली पात्रको रूपमा रहेको सीडीओलाई लोकतन्त्रको संघीय व्यवस्थामा पनि सम्झाउने काम गर्‍यो । राज्यको शासकीय स्वरूप परिवर्तन भए पनि शक्तिशालीचाहिँ आखिर सीडीओ नै रहेछन् भन्ने प्रष्ट पारिदियो ।

मन्त्रीपरिषद्को निर्णयले पञ्चायती शैलीलाई निरन्तरता दिदै २०७८ साल वैशाख ६ गते कोभिड रोकथाम र नियन्त्रणको लागि ३० बुँदे आदेश जारी गर्‍यो । उक्त आदेशमा २०२० सालको संक्रामक रोग ऐन र २०२८ सालको स्थानीय प्रशासन ऐनलाई आधार मानेर काम गरिने प्रष्ट पारेको छ । उक्त आदेशको बुँदा नम्बर २४ मा भनिएको छ, 'यस आदेशको कार्यान्वयन गर्नको लागि आवश्यक व्यवस्था मिलाउन संक्रामक रोग ऐन-२०२० को दफा २ को उपदफा (२) बमोजिम सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई मुकरर गर्ने र सोको लागि निजले आवश्यकता अनुसार स्थानीय प्रशासन ऐन-२०२८ ले दिएका अधिकार समेत प्रयोग गर्ने ।' सरकारले जेठ ६ गते ल्याएको कोभिड-१९ को अध्यादेशमा पनि कोरोना भाइरस रोकथाम र नियन्त्रण गर्ने जिम्मा उहि जिल्लाका सिडियोलाई नै दिएको छ ।

दोस्रो, संविधानसभाको निर्वाचनबाट आएका जनप्रतिनिधिहरूले २०७२ मा संघीयतासहितको नेपालको संविधान जारी गरे । केन्द्रमा एक संघीय सरकार, ७ वटा प्रादेशिक सरकार र ७ सय ५३ ओटा स्थानीय सरकार गरी मुलुकमा ७ सय ६१ वटा नयाँ सरकार खडा भए । गाउँ-गाउँमा सिंहदरबार भन्ने नारा घन्कियो । तर, अन्त्यमा संकट र काम गर्ने बेलामा भने गाउँको

सिंहदरबारलाई छाडेर फेरि उही पुराना जिल्लालाई नै ब्यूँताइयो ।

संवैधानिक कानूनका विज्ञ विपिन अधिकारी संघीयता आएपछि पनि सरकारले पुरानै संरचनालाई निरन्तरता दिँदा समस्या भइरहेको ठान्छन् । उनले संविधानमा एकल र साझा अधिकारी भनिए पनि अहिले आएर जिल्लाको सीडीओ र प्रदेश सरकारबीचको कामलाई लिएर विरोधाभाष देखिएको बताए । 'हामीले तीन तहको सरकार बनायौं । त्यसमा जिल्लाहरू प्रदेश मातहत हुनु पर्ने हो । र, जिल्लाका प्रमुखले प्रदेशसँग समन्वय गरेर चल्नु पर्ने हो । तर यहाँ सीडीओ केन्द्रले खटाउने भए । उनीहरू केन्द्रीय सरकारप्रति बफादार हुन्छन् । यो विरोधाभाषपूर्ण छ,' उनले भने, 'त्यसैले आवश्यक ऐनहरूलाई व्यापक संसोधन गराएर सीडीओलाई कि त साझा अधिकारभित्र राख्नु पर्‍यो, जसले गर्दा नियुक्त, नियन्त्रण र परिचालन पनि केन्द्र र प्रदेशले नै गर्न सक्छ । नत्र यसरी केन्द्रले प्रदेशका जिल्लाहरूलाई एकलौटी ढंगबाट चलाउने हो भने शक्ति विभाजनमा विरोधाभास ल्याउँछ ।'

## सरकारभित्रै समन्वयको अभाव

सरकारले सीसीएमसी नामको अस्थायी संयन्त्र बनायो र सीसीएमसीको निर्देशक समितिमा पटक-पटक गरी उपप्रधानमन्त्री, गृहमन्त्री, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री, स्वास्थ्य तथा जनसंख्यामन्त्री, अर्थमन्त्री, कृषि तथा पशुपक्षी विकास मन्त्री, परराष्ट्रमन्त्री, उर्जा, जलस्रोत तथा सिचाईमन्त्री र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री गरी १० जनालाई सामेल गरिएको थियो । त्यस अन्तरगत मुख्य-सचिवमार्फत प्रशासन, प्रधानसेनापतिमार्फत सुरक्षा निकायहरूबीच समन्वय हुनेलगायत विषय पनि छन् ।

तर मन्त्रालयहरू बीचमा नै समन्वय नभएका घटना बाहिर आए । विगत एक वर्षमा स्वास्थ्य मन्त्रालयमै तीन जना मन्त्री र तीन जना सचिव फेरिए । शंकास्पद रूपमा सिनियर हैसियतका महानिर्देशक नारायणप्रसाद ढकाललाई मन्त्रालयमा बिना काम हाजीर गराएर फाजिलमा राखी औषधि व्यवस्था विभागमा कनिष्ठलाई पठाइयो । ढकालले अदालतबाट सरकारी निर्णयलाई चुनौती दिए । मन्त्रीहरूको चाहनाको सेवा गर्न नसक्दा संकटको समयमा एक

सक्षम प्राविधिक प्रशासक ढकाललाई कोपभाजन गरेको प्रस्टै देखियो ।

२०७७ साल भदौ २ गते काठमाडौंबाट दुबईका लागि उठेको नेपाल वायुसेवा निगमको विमान उता अलपत्र परेका नेपाली कामदारलाई नलिई उक्त विमान रित्तै फर्कियो । काठमाडौंमा क्वारेन्टाइन अभाव भएको भन्दै तत्कालीन उपप्रधानमन्त्री पोखरेलको नेतृत्वमा रहेको सीसीएमसी निर्देशक समितिको सचिवालयले चिठी पठाएर विमान रित्तै फर्काइयो । तर उक्त निर्णयको निर्देशक समितिकै अर्को सदस्य तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डनमन्त्री योगेश भट्टराई (तत्कालीन मन्त्री) ले विरोध गरेको कुरा बाहिर आयो । ती नागरिकहरूलाई सरकारले फेरि अर्को पटक विमान पठाएर ल्याउनु परेको थियो ।

२०७७ साल भदौ ४ गतेको मन्त्रिपरिषद्ले अर्को एउटा अस्थायी संयन्त्र गठन गऱ्यो । उक्त निर्णयअनुसार काठमाडौं उपत्यकामा कोरोना संक्रमितको संख्या बढ्दै गएको भन्दै एकीकृत क्वारेन्टाइन व्यवस्थापन गर्न गृह सचिवको संयोजकत्व समिति गठन गरिएको थियो । सीसीएमसीले गर्दै आइरहेको भूमिका किन गृहसचिवलाई दिइयो भन्ने कुरा सरकारले प्रस्ट पार्न सकेको छैन । सीसीएमसीमा गृहमन्त्री र गृह मन्त्रालयका प्रतिनिधि हुन्छन् । उक्त समितिका अन्य सदस्यहरू पनि केन्द्र, जिल्ला, स्थानीय तहका सीसीएमसीमा छन् । तर फेरि किन सचिवको उक्त संयन्त्र बनाइयो कसैलाई थाहा छैन र उक्त संयन्त्रले के काम गऱ्यो भन्नेबारे पनि कसैलाई जानकारी छैन ।

यसैबीचमा तत्कालिन स्वास्थ्यमन्त्री भानुभक्त ढकालले पनि गत वर्ष आफ्नै छुट्टै अस्थायी संयन्त्र बनाए । उनले कोरोना भाइरस रोकथामका लागि हरेक प्रदेशमा एक उच्चस्तरीय समिति गठन गरी परिचालन गर्ने निर्णय गरेका थिए । स्वास्थ्य विभागका महानिर्देशकको नेतृत्वमा देशभर कोभिड-१९ को रोकथाम एवं प्रतिकार्य सहजीकरण गर्न खटिएको टोलीले औंल्याएका समस्याहरूलाई प्रभावकारी तरिकाले समन्वय गर्नका लागि मन्त्री ढकालले उक्त निर्णय गरेको दाबी गरेका थिए । पूर्व सचिव आत्माराम पाण्डे संयन्त्र नै संयन्त्र भएका कारण जिम्मेवारी लिने तर काम गर्ने निकायचाहिं कोही पनि नभएको मान्छन् । संकटको बेलामा सरकारका सबै संयन्त्रहरू मिलेर काम गर्दा मात्र प्रभावकारी हुनेमा मन्त्रालयहरू बीचमै समन्वय नहुँदा समस्या भइरहेका छन्, पूर्वसचिव पाण्डेले भने ।

सुरूआतमा कोभिड–१९ को रोकथाम र नियन्त्रणका लागि तत्कालीन गृहमन्त्री रामबहादुर थापा आफ्नै मन्त्रालयअन्तर्गत रहेको स्थायी संरचनाअनुसार रोकथाम र नियन्त्रण गर्नुपर्छ भन्नेमा थिए । तर तत्कालीन उपप्रधानमन्त्री (त्यस बेला रक्षामन्त्री पनि रहेका) ईश्वर पोखरेलले प्रधानमन्त्रीलाई रिझाएर आफ्नो नेतृत्वमा उच्चस्तरीय समिति गठन गरे (पछि सीसीएमसी गठन गरिएको हो) । यसले गर्दा सुरूआतमै दुई मन्त्रीबीच समन्वय हुन सकेन । त्यसको असर कोरोना नियन्त्रणमा पर्‍यो । संरचना जति सबै गृहको तर आदेश रक्षा मन्त्रालयको भएपछि जिल्ला प्रशासक, प्रहरी, सशस्त्र प्रहरी र अन्य संयन्त्रको काम प्रभावकारी हुन सकेन ।

लकडाउन खुकुलो बनाउने वा कडा गर्ने भन्ने सम्बन्धमा पनि सरकारी नियकाबीचमा समन्वय हुन सकेन । २०७७ साल साउन ६ गते रातीबाट सरकारले पूर्णरूपमा लकडाउन खोल्ने निर्णय गर्नुभन्दा अघि सुरक्षा निकाय र स्वास्थ्य मन्त्रालयले विस्तारै विभिन्न क्षेत्रहरू खोल्दै जानुपर्छ भन्ने सुझाव दिए । तर सरकारले एकै पटक सम्पूर्ण क्षेत्रहरू खुलाएर कोरोना संक्रमणको थप त्रास सिर्जना गरेको थियो । यसपटक गत चैत महिनाको सुरूआतमै पनि पनि सुरक्षा निकाय र स्वास्थ्य मन्त्रालयले बेलैमा भारततर्फको खुला नाकालाई प्रभावकारी रूपमा नियमन गर्नुपर्ने, निषेधाज्ञालाई थप कडा पार्नुपर्ने सुझाव दिए तर सरकारले वास्ता गरेन । वैशाख १६ गतेबाट उपत्यकामा निषेधाज्ञा लगाए पनि थप कडाई नभएको सुरक्षा निकाय र स्वास्थ्यकर्मीहरूको गुनासो छ । 'हामी (सेना) ले अध्ययनका आधारमा एउटा प्रस्ताव गरेका छौं तर उनीहरू (पोखरेलको नेतृत्वमा रहेको सीसीएमसी) ले अर्कै निर्णय गरिरहेका छन्', एक सुरक्षा अधिकारीले भने । यसले सरकारी निकायहरूबीचमा समन्वय नभएको प्रस्ट देखाएको छ ।

२०७७ साल भदौ ११ गते विघटन प्रतिनिधि सभा, महिला तथा सामाजिक समितिको बैठकमा सभापति निरूदेवी पालले वैदेशिक रोजगारीमा रहेका महिलाको अवस्था र सरकारले कोभिड– १९ को संक्रमणका कारण विदेशबाट नेपालीलाई उद्धार गर्ने सन्दर्भमा आएका समस्याको समाधानका उपायबारे छलफल गर्न बोलाएकी थिइन् । उक्त भर्चुअल बैठकमा मलेसियाका लागि राजदूत उदयराज पाण्डे, कतारका लागि राजदूत नारद भारद्वाज, बहराइनका लागि राजदूत पदम सुन्दास, कुवेतका लागि राजदूत दुर्गाप्रसाद

भण्डारी, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको रोजगार व्यवस्थापन महाशाखा प्रमुख उमेश ढुंगाना र पर्यटन मन्त्रालयका सचिव केदारबहादुर अधिकारीलगायतको उपस्थिति थियो । बैठकमा विदेशमा अलपत्र परेका नेपालीलाई उद्धार गरी उनीहरूको समस्याको समाधान गर्नेभन्दा पनि नेपाल सरकारले चैत १६ गते गठन गरेको उपप्रधान पोखरेलको नेतृत्वमा रहेको कोभिड-१९ संकट व्यवस्थापन (सीसीएमसी) र सम्बद्ध मन्त्रालयहरूबीच द्वन्द्व देखियो । अर्थात् मन्त्रालयहरू र सीसीएमसीबीचमा कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि समन्वय नभई मनमुटाव चलिरहेको थियो ।

तत्कालीन पर्यटन सचिव केदारप्रसाद अधिकारी र श्रम मन्त्रालयको रोजगार व्यवस्थापन महाशाखा प्रमुख उमेश ढुंगाना रहेको सो बैठकमा राजदूतहरूले नेपालीको उद्धारमा विमानहरू बढी परिचालन गर्नुपर्ने माग राखेका थिए । तर, समस्यालाई समाधान गर्ने उपायभन्दा सचिव अधिकारीले आफ्नो मन्त्रालयले बढीभन्दा बढी हवाईजहाज पठाएर नेपालीको उद्धार गर्न चाहे पनि सीसीएमसीले उडान संख्या कटौती गरेको उल्टै गुनासो गरिदिए ।

अधिकारीले कुन देशबाट कति नेपाली उद्धार गर्नुपर्ने हो र त्यसका लागि कति उडान आवश्यक पर्ने हो भन्ने उल्लेख गरेर दूतावासहरूलाई छुट्टै सूची पठाउन र प्रधानमन्त्री कार्यालयसँग छलफल गरेर काम गर्ने बताएका थिए । त्यसको मतलब पर्यटन सचिव अधिकारी सीसीएमसीसँग काम गर्ने मनस्थितिमा थिएनन् । रोजगार व्यवस्थापन महाशाखाका प्रमुख ढुंगानाले पनि सीसीएमसीले क्वारेन्टाइन र आइसोलेसन सेन्टरको क्षमता कम भएको उल्लेख गर्दै बढी विमान उडाउने सम्बन्धमा कटौती गर्दै आएको गुनासो पोखेका थिए । यसबाट सीसीएमसी र मन्त्रालयहरूबीच समन्वय छैन भन्ने प्रस्ट हुन्छ ।

पूर्वसचिव पाण्डे पनि सरकारी संयन्त्रहरू बीचमा समन्वय नहुनुको पछाडि जस्केलाबाट अस्थायी संयन्त्र बनाएर काम गरिनुलाई प्रमुख कारण मान्दछन् । 'पहिलो उच्चस्तरीय समिति, त्यसपछि सीसीएमसी, त्यसपछि प्रदेश, जिल्ला र स्थानीय तहमा समितिहरू बने । तर, यी निकायहरू बीचमा समन्वय नहुँदा कोरोना भाइरस नियन्त्रणभन्दा बढ्ने काम भयो,' पाण्डेले भने ।

*(जगदीश्वर पाण्डे 'कान्तिपुर' दैनिकसँग आवद्ध पत्रकार हुन्)*

# प्रदेश र स्थानीय तहका सरकार कमजोर

सागर न्यौपाने

ललितपुर महानगरपालिका–१५ मा रहेको पशु स्वास्थ्य केन्द्रको भवनमा ०७७ जेठ अन्तिममा आइसोलेशन सेन्टर स्थापना गरियो । एक सय बेडको सो सेन्टरमा रूमाल, चप्पल, स्यानिटाइजर, बेड कभर, पानी, ब्ल्यांकेटलगायत सामग्रीको व्यवस्था गरियो । यसमा ३० लाख रूपैयाँभन्दा बढी खर्च भयो । तर, त्यति ठूलो खर्च गरेर बनाइएको आइसोलेशन सेन्टर सञ्चालनमै आएन ।

जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी ललित बस्नेतले सबै खर्च शहरी विकास मन्त्रालयले बेहोरेकाले खर्चको विवरण आफूलाई थाहा नभएको बताए । आइसोलेशन सेन्टर र त्यहाँ जम्मा गरिएको सामान अहिले पनि अलपत्र छ । केही बेड भने निकालिएको सोही वडाकी स्वास्थ्य फोकल पर्सन देवी थापाले जानकारी दिइन् । 'सेन्टरका ३० वटा बेड पाटन अस्पताललाई दियौं,' थापाले भनिन्, 'अरू ७० वटा बेड र सामान सुरक्षित छन् ।' पाटन अस्पतालमा महामारीको दोस्रो लहरमा संक्रमितको भीड

बढेपछि बेड दिएको उनले बताइन् ।

महानगरको पहलमा जेठ–असार २०७७ देखि एन्फा कम्प्लेक्समा पनि आइसोलेशन केन्द्र बनाइयो । नौ महिनासम्म सञ्चालनमा रहेको सो केन्द्र गत माघदेखि भने बन्द भयो । 'एन्फाको खेल सुरू भएपछि हामीले प्रयोग गर्न पाएनौं,' १५ नम्बर वडाका अध्यक्ष सुदर्शन मिश्रले भने । सुरूमा कन्ट्यक्ट ट्रेसिङ, कोरोना परीक्षणका लागि व्यवस्था मिलाइएको एन्फाको सो स्थानमा पछि संक्रमितहरूलाई राख्न थालिएको मिश्रले बताए । आइसोलेशनमा आवश्यक पर्ने सामान खरिद गरिएको र बेड भने विभिन्न संस्थाले सहयोग गरेको महानगरपालिकाका प्रवक्ता राजु महर्जनले बताए ।

गतवर्ष महानगरपालिकाले कोरोना नियन्त्रणका लागि ५ करोड रूपैयाँ बजेट विनियोजन गरेको थियो ।  त्यसमा पनि क्वारेन्टाइन र आइसोलेशन निर्माण गर्ने मुख्य उद्देश्य थियो । ५ करोडमध्ये ३ करोड ७५ लाख खर्च भएको प्रवक्ता महर्जनले जानकारी दिए । 'पहिलो लहरको कोरोना नियन्त्रणको लागि महानगरले ५ करोड बजेट विनियोजन गरेको थियो,' महर्जनले भने, 'परीक्षण, आइसोलेशन र क्वारेन्टाइन निर्माणमा त्यो रकम खर्च भयो । सबै वडाले राहतसमेत त्यही बजेटबाट बाँडेका थिए ।'

नेपालमा पहिलोपटक कोराना भाइरस संक्रमण फैलिएपछि बागमती प्रदेशमा दर्जनौं क्वारेन्टाइन र आइसोलेशन सेन्टर खुलेका थिए । बागमती प्रदेश सामाजिक विकास मन्त्रालयअन्तर्गतको स्वास्थ्य निर्देशनालयका प्रवक्ता डा. पुरूषोत्तम सेढाईंले आइसोलेशन सेन्टरमा अघिल्लो वर्ष ८ हजार बेड रहेकोमा यस वर्ष घटेर ४ हजार बेडभन्दा कम रहेको बताए । करोडौं खर्च गरेर बनाइएका ती क्वारेन्टाइन र आइसोलेशनमध्ये दोस्रो लहर आइपुग्दा अधिकांश बन्द भइसकेका थिए । ती संरचनामध्ये एकाध मात्रै अहिले सञ्चालनमा छन् । दोस्रो लहरमा प्रदेश र स्थानीय तह पहिलेझैं सक्रिय हुनसकेको देखिदैंन ।

यस वर्ष प्रायः आइसोलेशन अस्पतालमा केन्द्रित गरिएको छ, क्वारेन्टाइन त छँदै छैन । पोहोरको भन्दा यस वर्ष आइसोलेशन सेन्टर आधाभन्दा कम सञ्चालनमा छन् । सेढाईंले भने, 'गत वर्ष ८ हजारभन्दा बढी बेडका आइसोलेशन सेन्टर थिए, अहिले १ सय ५० आइसोलेशन सेन्टरमा ४ हजार बेड मात्र सञ्चालनमा छन् ।

बागमती प्रदेश सामाजिक विकास मन्त्रालयअन्तर्गतको स्वास्थ्य निर्देशनालयका निर्देशक डा. रमेश अधिकारीले पनि अघिल्लो वर्ष बनेका क्वारेन्टाइन र आइसोलेशन धेरै बन्द भएको बताए । अघिल्लो वर्ष २०७७/०७८ मा बागमती प्रदेशले कोरोना रोकथाम, नियन्त्रण र उपचारका लागि ८३ करोड ३ लाख रकम विनियोजन गरेको थियो । त्यसमा क्वारेन्टाइन र आइसोलेशनका लागि समेत रकम विनियोजन गरिएको देखिन्छ ।

## दोस्रो लहरमा देखिएको कमजोरी

नेपालमा पहिलोपटक कोरोना भित्रिएको २०७६ माघ महिनामा हो । सरकारले कोरोना फैलन नदिन सोही वर्षको चैत ११ देखि देशव्यापी लकडाउन गऱ्यो । लकडाउनसँगै कोरोनाको आशंका भएकाहरूलाई राख्न क्वारेन्टाइन र संक्रमण पुष्टि भएकालाई राख्न आइसोलेशन निर्माण गर्न स्थानीय, प्रदेश र केन्द्र सरकार ताते । प्रदेश सरकार मातहत बागमतीमा एक हजार एक सय बेडका आइसोलेशन सञ्चालनमा ल्याइएको निर्देशनालयले जनाएको छ । स्थानीय तहले बेग्लै आइसोलेशन र क्वारेन्टाइन बनाएका थिए ।

धादिङको त्रिपुरासुन्दरी गाउँपालिकामा गएको वर्ष प्रत्येक गाउँपालिका र वडाहरूले समेत आफ्नै पहलमा क्वारेन्टाइन र आइसोलेशन सञ्चालन गरेका थिए । तर, यो वर्ष त्यस्तो कुनै काम नभएको त्रिपुरासुन्दरी- ६ का वडाध्यक्ष लेखबहादुर अधिकारीले बताए । उनका अनुसार पोहोर उनको गाउँपालिकामा मात्र १५ वटा क्वारेन्टाइन र आइसोलेशन सेन्टर बनाइएको थियो । 'जुन एरियामा संक्रमित भए, त्यहींका विद्यालय र सरकारी कार्यालयमा क्वारेन्टाइन बनाइएको थियो,' उनले भने, 'तिनलाई यो वर्ष भने सञ्चालनमा ल्याइएन ।' कोरोनाको दोस्रो लहर आएपछि भने गाउँपालिकाका सबै बिरामीलाई सल्यानटार प्राथमिक स्वास्थ्य केन्द्रमा राखिएको उनले जानकारी दिए ।

सो स्वास्थ्य केन्द्रका प्रमुख डा. सञ्जय बरालले सो क्षेत्रका कुनै पनि गाउँमा क्वारेन्टाइन र आइसोलेशन नबनेको बताए । 'क्वारेन्टाइन बनाउने काम गाउँपालिका वा त्यो माथिको निकायको हो,' हामीले त बिरामीको

उपचार गर्ने हो,' डा. बरालले भने, 'हामीले बिरामीको उपचार गरेका छौं । संक्रमित राख्नको लागि हाम्रोमा १५ बेडको आइसोलेशन वार्ड बनाइएको छ ।'

रसुवामा अघिल्लो पटक ५ वटा गाउँपालिकाले आइसोलेशन र क्वारेन्टाइन बनाएका थिए । दोस्रो लहरमा ती कुनै पनि सञ्चालनमा नआएको प्रतिनिधिसभाका सदस्य मोहन आचार्यले बताए । 'हामीले कोरोनाको पहिलो लहर आउँदा सरकारले तोकेको मापदण्डअनुसार सबै गाउँपालिका र नगरपालिकामामा आइसोलेशन केन्द्र बनाएका थियौं,' आचार्यले भने, 'दोस्रो लहरमा भने नियन्त्रण गर्नै नसक्ने गरी केस बढ्यो, अनि अस्पतालमा केन्द्रित गर्‍यौं ।' रसुवामा जनशक्ति अभावकै कारण पनि केही आइसोलेशन सञ्चालन हुन नसकेको उनले बताए । 'संरचना छ तर त्यसमा काम गर्ने मानिस नै नभएपछि के गर्न सकिन्छ र ? त्यसमाथि अस्पतालमा भन्दा राम्रो आइसोलेशन सेन्टरमा हुन्छ भनेर बिरामीलाई पनि विश्वास भएन,' उनले थपे । अधिकांस केस लक्षणसहितका हुनु र अक्सिजन समेत लगाउनुपर्ने खालका भएको उनले बताए ।

बागमती प्रदेशअन्तर्गत भक्तपुरकी सांसद सरस्वती बाटीले भने कतिपय स्थानको आइसोलेशन सेन्टर र क्वारेन्टाइन व्यवस्थित नभएका कारण यसपटक संक्रमितहरू बस्न नगएको बताइन् । सांसद बाटीले भनिन्, 'सामग्री नभएको लगायत समस्या पनि पाइयो ।'

सिन्धुली जिल्लामा रहेका २ नगरपालिका र ७ गाउँपालिकामा बनाइएका क्वारेन्टाइन चलेका छैनन् । बरू, अस्पतालमै आइसोलेशन बनाइएको प्रमुख जिल्ला अधिकारी सुरेश न्यौपानेले जानकारी दिए । 'गतवर्ष विद्यालयमा बनाइएका क्वारेन्टाइन यस वर्ष सञ्चालन गरेनौं,' प्रजिअ न्यौपानेले भने, 'तर, सबै गाउँपालिका र नगरपालिकामा प्राथमिक स्वास्थ्य केन्द्र रहेकाले त्यहीं हाम्रो आइसोलेशन सेन्टर बनाएका छौं । 'हाम्रोमा अक्सिजनको समस्या आएको छैन, यहीं प्लान्ट स्थापना गरेका थियौं, गत वर्ष बनाएको ४७ बेडको कोभिड अस्पताल अहिले सञ्चालनमा छ, हामीले सहजतापूर्वक व्यवस्थापन गर्‍यौं,' प्रजिअ न्यौपानेले थपे ।

पहिलोपटक कोरोना भित्रिँदा तातेका स्थानीय र प्रदेश सरकार दोस्रो लहरमा भने सक्रिय हुन नसकेको जनस्वास्थ्य विज्ञ डा. शरद वन्त बताउँछन् ।

उनका अनुसार पहिलो चरणमा स्थापना गरिएका केही आइसोलेशन सेन्टर फेरि प्रयोग भएका छैनन् । क्वारेन्टाइनमा राख्ने काम र कन्ट्याक्ट ट्रेसिङ त हुँदै भएको छैन । स्थानीय, प्रदेश र केन्द्र सरकारले महामारीको दोस्रो लहर आउला भनेर तयारी नै नगरेको उनले टिप्पणी गरे ।

'पहिलो वेभ आएपछि दोस्रो वेभ पनि आउँछ भनेर स्थानीय, प्रदेश र केन्द्र सरकारले सम्भावित जोखिमको लागि तयारी गरेको देखिँदैन,' डा. वन्तले भने, 'पहिलोपटक कोरोना आएकै बेला अस्पतालमा अक्सिजन प्लान्ट स्थापना गर्ने आईसीयू र भेन्टिलेटर बढाउने काम नै भएन, दोस्रो लहर एकैपटक फैलँदा समयमा उपचार नै गर्न नपाएर मानवीय क्षति निकै भयो ।' कतिपय स्थानीय तहले बनाएको आइसोलेशन पनि सञ्चालनमा नल्याएको र शंकास्पद संक्रमितलाई पनि क्वारेन्टाइनमा नराखिएको पनि उनले बताए ।

बागमती प्रदेशमा ४ असार ०७८ सम्म १३ हजार ३३१ जना विभिन्न अस्पतालमा उपचाररत छन् । बागमती प्रदेशमा पहिलो र दोस्रो चरणमा समेत गरी ३ लाख ३१ हजार ६ सय १ मा कोरोना संक्रमण भएको छ जसमध्ये ३ हजार ५ सय ८६ जनाको मृत्यु भएको प्रदेश कार्यालय, हेटौंडाले जनाएको छ । परीक्षण न्यून र कन्ट्याक्ट ट्रेसिङ शून्य हुँदा घरघरमा संक्रमण फैलिएको डा. वन्तको ठम्याइ छ ।

बागमती प्रदेश सामाजिक विकास मन्त्रालयअन्तर्गतको स्वास्थ्य निर्देशनालयका प्रवक्ता डा. सेढाईंले पहिलो लहरको कोरोनाका बेलामा बनेका आइसोलेशन र क्वारेन्टाइन हटाउँदा र त्यस्ता स्थानमा सेवा र सुविधा दिन नसक्दा मानिसहरू घरमै बस्न थालेका बताए । 'पहिलो लहरको अन्त्यतिर हामीले कोरोना हरायो होला भन्ठानेर क्वारेन्टाइन र आइसोलेन सेन्टर हटायौं', सेढाईले थपे, 'त्यसमा बस्दा सेवासुविधा र आराम नपाएपछि घरमै सजिलो हुन्छ भन्ने मनोविज्ञानले पनि काम गऱ्यो । पहिलो चरणमा दोस्रोमा जस्तो गम्भीर केस पनि देखिएको थिएन ।'

वैशाख पहिलो हप्तादेखि भाइरसको दोस्रो भेरियन्ट देखा पर्न थाल्यो । यो भेरियन्टले सुरूमै काठमाडौंलाई प्रभावित पाऱ्यो । दैनिक ७ सयभन्दा बढी संक्रमित उपत्यकाका तीन जिल्लामा मात्र देखिन थाल्यो । यसपटक अर्को खतरा के रह्यो भने यो भेरियन्ट एकदमै छिटो सर्न थाल्यो । एउटै परिवारमा धेरै संक्रमित देखिन थाले । विस्तारै देशका अन्य भागमा

पनि संक्रमण फैलियो । धादिङको त्रिपुरासुन्दरीस्थित सल्यानटार प्राथामिक स्वास्थ्य केन्द्रका प्रमुख डा. बरालका अनुसार यसपटक अधिकांश संक्रमितहरू घरमै बसे र निकै गाह्रो भएपछि मात्र अस्पताल पुगे । त्यसैले गाउँमा कति संक्रमित छन् भन्नै गाह्रो भयो । डा. बरालले भने, 'गम्भीर र लक्षण भएका बिरामीबाहेक अरू घरमै बसेका छन्, उनीहरूलाई छुट्टै आइसोलेट नगर्दा संक्रमण घरभित्र पनि तीव्र रूपमा फैलियो ।'

## आइसोलेशन र क्वारेन्टाइन सेन्टर किन बन्द ?

कोरोना नियन्त्रण उन्मुख रहेको भन्दै २०७७ साउनदेखि देशव्यापी लकडाउन खोलियो । सार्वजनिक यातायातदेखि उद्योग कलकारखाना पनि सञ्चालन गरिए । दशैंपछि विद्यालय खुलाइए । जनजीवन सामान्य भएसँगै हतारहतार निर्माण गरिएका क्वारेन्टाइन र आइसोलेशन सेन्टरहरू बन्द हुन थाले । क्वारेन्टाइन बनाइएका विद्यालयहरूमा पूर्ववत् पठनपाठन सञ्चालन भए । पार्टी प्यालेसहरू पनि सञ्चालन हुन थाले । नेताहरूले कोरोना परास्त भएको गफ हाँक्न थाले ।

'देशका कार्यकारी प्रमुख रहेका व्यक्तिले सार्वजनिक रूपमै कम क्षतिमा कोरोनालाई परास्त गरेको जस्ता अभिव्यक्ति दिए, जसले गर्दा हामीले महामारी नियन्त्रणमा लिएको प्रचार भयो र त्यस्ता संरचना भंग गराउन भूमिका खेल्यो,' डा. वन्तले असन्तुष्टि जनाए, 'महामारी जस्तो विषयलाई त्यति सजिलै जितेको अभिव्यक्ति दिएपछि आम मानिसमा साँच्चिकै कोरोना हटेकोदसन्देश गयो अनि सावधानी पनि गर्न छाडे ।'

## किन आएनन् बिरामी ?

सातदोबाटोबाट एक किलोमिटरको दूरीमा रहेको खुमलटारमा तीनतले भवनमा एउटा आइसोलेशन सेन्टर बनाइएको छ । ठूलो चौरको बीच भागमा रहेको सो सेन्टर पाटन र सुमेरु अस्पतालबाट केही मिनेटमै पुग्न सकिन्छ । तर, संक्रमितले अस्पतालमा बेड नपाउने अवस्थामा पनि सो आइसोलेशन सेन्टर प्रयोगमा आएन ।

१५ नम्बर वडाकी स्वास्थ्य फोकल पर्सन देवी थापाले सेन्टर प्रयोगमा ल्याउनै नपरेको दाबी गरिन् । तर, महानगरले नै सुनाकोठीमा ५० बेड र बागडोलको ज्यापु भवनमा ११० बेड गरी दुई वटा आइसोलेशन सेन्टर अझै सञ्चालन गरिरहेको छ । महानगरका प्रवक्ता राजु महर्जनका अनुसार दुवै स्थानमा गरी असार २ गतेसम्म ६८ जना संक्रमित राखिएका छन् । संक्रमितको खाना, खाजाको व्यवस्था एक निजी संस्थाले गरेको छ ।

पहिलोपटक लकडाउन सुरू भएपछि ललितपुरका ६ स्थानीय तहमा १० स्थानमा १ सय ३८ बेड आइसोलेशन सेन्टर स्थापना भएको थियो । महानगरपालिकाभित्र एन्फा कम्प्लेक्स (२० बेड), अल्का अस्पताल जावालाखेल (५), गणेशमान सिंह अस्पताल (२०) र बीएन्डबी अस्पतालमा (१० बेड) आइसोलेशन सेन्टर बनाइएको थियो ।

यस्तै महांकाल गाउँपालिकाको गोटीखेलमा अघिल्लो वर्ष १५ बेडको आइसोलेशन सेन्टर प्रयोगमा ल्याइएको थियो । गोदावरी नगरपालिकामा लेले प्राथमिक स्वास्थ्य केन्द्र (७) र आनन्दवन अस्पताल (५) गरेर १२ वेडको आइसोलेशन सञ्चालनमा रहेको बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गतको स्वास्थ्य महाशाखाले जनाएको छ ।

उता बागमती गाउँपालिकाको भट्टेडाँडामा (५) र कोञ्ज्योसोममा २० बेडको आइसोलेशन सेन्टर प्रयोग भएको थियो । तर, यो वर्ष कुनै गाउँपालिकामा आइसोलेशन सेन्टर सञ्चालन नभएको जिल्ला प्रशासन कार्यालय ललितपुरका सहायक प्रमुख जिल्ला अधिकारी ललित बस्नेतले जानकारी दिए ।

गोदावरी नगरपालिकामा भलि पुच पार्टी प्यालेसलाई ५० बेडको आइसोलेशन सेन्टर बनाइएको छ । गोदावरीका नगर प्रमुख गजेन्द्र महर्जनले भलि पुच पार्टी प्यालेसमै एकै ठाउँमा ठूलो आइसोलेशन सेन्टर बनाइएकोले अन्यत्र नराखिएको जानकारी दिए । उनका अनुसार सो सेन्टर बनाउन १५ लाख रूपैयाँ खर्च भएको छ । उनका अनुसार भलि पुचको मासिक भाडा साढे २ लाख रूपैयाँ तिर्नुपर्छ । 'बिहान खाजा, दिउँसो खाना, अपराह्न खाजा र बेलुकी खाना गरेर चारपटक खुवाउनुपर्छ, त्यसो गर्दा प्रतिव्यक्ति दैनिक १ हजार रूपैयाँ खर्च हुने गरेको छ,' उनले भने ।

स्वास्थ्य महाशाखाका निर्देशक डा. रमेश अधिकारीले यो वर्ष आइसोलेशनमा

मानिसहरू बस्न नचाहेको बताए । 'आइसोलेशनको संख्या घटेको छ, संस्थागत आइसोलेशनमा मानिस बस्न चाहेको देखिएन,' डा.अधिकारीले भने, बनाइएका आइसोलेनमा पनि मानिस बस्न नचाहेको देखियो । उनले भक्तपुरको खरिपाटीमा आइसोलेशन बनाउने प्रयास गरेको तर मानिस नआएको सूचना पाएको समेत बताए । 'यही नै कारण भन्न सकिएको छैन, तर धेरै मानिस संस्थागत आइसोलेशनमा भन्दा होम आइसोलेशनमै बस्न चाहेको देखियो,' डा. अधिकारीले थपे ।

डा. वन्त भने भविष्यका महामारीलाई पनि ध्यानमा राख्दै यस्ता संरचना स्थायी प्रकृतिकै बनाउनुपर्नेमा जोड दिन्छन् । महामारी अझै कति समयसम्म रहन्छ भन्ने टुंगो नै नहुने भएकोले स्थायी संरचना बनाउनुपर्ने उनको तर्क छ ।

त्यसो त बागमती प्रदेशले सिन्धुली, रामेछाप, नुवाकोट, धादिङ, रसुवा, मकवानपुर, भक्तपुर र ललितपुर गरी आठ जिल्लाका अस्पताललाई प्रदेश अस्पतालमा स्तरोन्नति गरेको छ । डा. अधिकारीले अस्पताल अनुसार बजेट पनि विनियोजन गरिएको समेत बताए । अक्सिजन प्लान्ट स्थापना, पीसीआर मेसिन जडान, आईसीयू र एचडीयू सेवा विस्तार लगायतका काममा बजेट दिइएको उनको भनाइ छ ।

अस्पतालमा सेवा विस्तारमा तीव्रता दिएको प्रदेशले क्वारेन्टाइन र आइसोलेशन सेन्टरको लागि भने चासो नदेखिएको देखिन्छ । रोकथाममा भन्दा उपचारमा मात्र ध्यान केन्द्रित भएको डा. अधिकारीले बताए । 'आगोको झिल्का निभाउन सहज हुन्छ तर हामी झिल्का निभाउनतिर लागेनौं, आगो दन्किएपछि निभाउन कस्सियौं,' उनले भने ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. कृष्ण पौडेलले भने दोस्रो लहरले एकै पटक थिच्दा तयारी गर्ने नपाइएको तर्क गरे । 'कोरोनाको दोस्रो भेरियन्ट भित्रिएपछि धेरै तयारी गर्ने नपाई केस ह्वात्तै बढ्यो,' पौडेलले भने, 'जसले गर्दा संक्रमितहरू घरमै बस्न बाध्य भए ।' विद्यालय र सार्वजनिक स्थानमा रहेका भवनमा बनाइएका आइसोलेशन सेन्टर र क्वारेन्टाइनलाई निरन्तरता दिन नसकिएको उनको भनाइ छ ।

'पहिलोपटक कोरोना भित्रिनेबित्तिकै हामीले लकडाउन गरेका थियौं । अनि विद्यालय लगायतका सार्वजनिक भवन रित्ता थिए र तत्काल क्वारेन्टाइन र आइसोलेशन वार्ड बनाउन सहज भयो । तर, दोस्रो लहर आउँदा

विद्यालय खुलेकै थिए,' पौडेलले भने, 'यो पटक पालिकाहरूले संस्थागत रूपमा क्वारेन्टाइन बनाउन पनि सकेनन्, केस बढेकाले सबै संक्रमित होम आइसोलेशनमा बसे ।'

वैशाखको पहिलो हप्ता अलिअलि देखिएको संक्रमण दोस्रो हप्तामा पुग्दा निकै बढेको र तेस्रो हप्तामा पुग्दा दैनिक संक्रमितको संख्या १० हजार नजिक पुगेका थिए । 'महामारी सुरू भएपछि गम्भीर प्रकृतिका विरामी बढी देखिए, अनि प्रायः बिरामीलाई अक्सिजन आवश्यक पर्‍यो, त्यस्ता मानिसहरू अस्पताल दौडिए,' उनले भने ।

हुनत सरकारले नै कोरोना संक्रमितलाई अस्पतालमै राखेर उपचार गर्ने निर्णय गरेको पनि थियो तर लक्षण नै नभएका संक्रमितलाई के आधारमा अस्पताल लैजाने भन्ने योजना सरकारसँग भएन । काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी जीवन आचार्यले २०७८ जेठ ७ गते सरकारको निर्णय भन्दै कोरोना संक्रमितका लागि अस्पतालमै राखेर उपचार गर्ने व्यवस्था गरिएको सञ्चारकर्मीहरूसँग बताएका थिए ।

'अहिलेको निर्णय भनेको कोरोना संक्रमितलाई अस्पतालकै निगरानीमा उपचार गर्ने भन्ने हो । कोही संक्रमित अस्पताल पुगेका छैनन् भने सूचनाको 'ग्याप' भएर हुनसक्छ,' उनले भने, 'परिस्थिति काबुभन्दा बाहिर गयो भने अलग कुरा होला तर अहिलेलाई संक्रमितको उपचार अस्पतालमै हुन्छ।'

नगरपालिका संघका अध्यक्ष तथा धुलिखेल नगरपालिकाका प्रमुख अशोक ब्याञ्जुले नगरपालिकाहरूले सरकारसँग सम्झौता गरेरै आइसोलेशन सेन्टर सञ्चालन गरिरहेको जानकारी दिए । 'सरकारी अस्पतालसँग नगरपालिकाले सम्झौता गरेर आइसोलेशन सेवा दिएका छन् । भक्तपुर, ललितपुर र काभ्रेमा त्यसरी काम भइरहेको छ,' ब्याञ्जुले भने । तर, प्रदेश सरकारले आइसोलेशन र क्वारेन्टाइन निर्माणमा खर्च नगरेकोमा भने उनी असन्तुष्ट छन् । 'कोभिड आएपछि जसरी पूर्वाधार बनाउने कामलाई तीव्रता दिइएको थियो, दोस्रो लहरमा सबै भद्रगोल भयो, प्रदेशले यसमा हेर्नै सकेन,' ब्याञ्जुले थपे ।

## डा. वन्त भन्छन्- समन्वय भएन

क्वारेन्टाइन र आइसोलेशन स्कुल, सरकारी कार्यालय वा खुला कुनै

खाली भवनमा राखियो । दोस्रो वेभ आएपछि ती सबै संरचनामा फेरि राख्न सम्भव थिएन । अनि फेरि शून्यबाट सुरू गर्नुपर्‍यो । पहिलो चरणमा बनेका आइसोलेशन सेन्टर फेरि प्रयोग गर्न अवस्था बनेन ।

क्वारेन्टाइन र आइसोलेशनमा पनि क्षमता नहेरी जबर्जस्ती काम बाँडफाँट गरियो । क्वारेन्टाइन वा आइसोलेशन व्यवस्थापन गर्न स्थानीय तह वा प्रदेश कति सक्षम छ, प्राविधिक आर्थिक क्षमता के छ हेरिएन । कामको बाँडफाँट भयो तर, काम पन्छाउने हिसाबले मात्र ।

प्रकोप वा महामारीलाई नियन्त्रण गर्न केन्द्रीय नीति प्रस्ट हुनुपर्छ तर हाम्रोमा त्यसो हुन सकेन । सरकारका विभिन्न तह र निकायबीच समन्वय भएन । एउटै तहमा पनि विभिन्न निकायबीच एकरूपता भएन र समन्वयको अभाव देखियो ।

स्थानीय सरकारले व्यवस्थापनमा कमजोरी गर्‍यो । समयमा निर्णय लिन सकेन । आइसोलेशनमा बस्नेहरू कति सुरक्षित छन्, कुनै तहका सरकारले पनि निर्धक्कसँग भन्न सकेनन् । अनि मानिसलाई आइसोलेशनमा किन बस्ने भन्ने भयो । स्वास्थ्यको निगरानी, केस व्यवस्थापन भएन । परीक्षण नै बढेन । क्वारेन्टाइन व्यवस्थापन भएन । परीक्षण थोरैलाई गरियो ।

संक्रमित पहिचान भएकाहरूको व्यवस्थापन गरिएन । संक्रमित भएकाहरूको पहिचान भएपछि अन्यलाई संक्रमण हुन नदिन आइसोलेशनमा राखिने हो । जोखिमयुक्त स्थानबाट आएका मानिसलाई केस पुष्टि नभएसम्म 'अब्जर्भेसन क्वारेन्टाइन' राख्ने हो । टेक्निकल्ली यो नयाँ संक्रमण हो । तर, समयमै उपचार नपाएर, अक्सिजन नपाएर, संक्रमितले ज्यान गुमाउनुपरेको छ । होम आइसोलेशनमा बस्दा पनि केहीको मृत्यु भयो ।

कन्ट्याक्ट ट्रेसिङ गर्ने काम कसको हो ? स्थानीय तहले गर्ने हो भनेर पन्छाउन मिल्दैन । यहाँ समन्वयको अभाव छ । सरकारकै प्रमुखले कोरोना जितेको, न्यूनतम क्षतिमा हराएको अभिव्यक्ति दिए, यसले आम मानिसमा यो केही होइन भन्ने पर्‍यो ।

## अर्को लहरमा के होला ?

विज्ञहरूले कोरोनाको तेस्रो लहर आउने चेतावनी पनि दिएका

छन् । त्यसैले पहिलो र दोस्रो अवस्थामा भएका कामकारबाही हेरेर तेस्रो चरणमा अपनाउने सावधानीका लागि बागमती प्रदेश सामाजिक विकास मन्त्रालयअन्तर्गतको स्वास्थ्य निर्देशनालयले केही वरिष्ठ डाक्टरहरूलाई १३ वटा जिल्लामा अनुसन्धान गर्न खटाएको छ । प्रवक्ता डा. सेढाईंले दिएको जानकारीअनुसार, त्यो अनुसन्धान रिपोर्टका आधारमा नयाँ योजनासहित अघि बढ्ने तयारी प्रदेशले गरेको छ । आइसोलेशनलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक रहेको उनले महसुस गरेका छन् ।

'सदरमुकाममा वा शहर भएका ठाउँमा बस्ने सबै मानिसको आफ्नै घर छैन, एउटै कोठामा खाँदिएर बस्नुपर्छ । त्यस्तो बेला कोरोना भएका व्यक्तिले परिवारका सबैलाई सार्ने खतरा हुन्छ । परिवारका अन्य सदस्यलाई जोगाउन पनि आइसोलेशन सेन्टर चाहिन्छ,' उनले भने ।

सरकारले कोरोनाविरूद्धको खोपलाई प्रभावकारी बनाउन सकेको छैन । कोरोना खोप लगाएपनि कोरोना लाग्नबाट नरोकिएकाले अहिले स्वास्थ्य मापदण्ड नै पालना गर्नुपर्ने हुन्छ, त्यसका लागि पनि आइसोलेशन जस्ता संरचना प्रयोग गरिनु आवश्यक देखिन्छ ।

*(नेपाल पत्रकार महासंघ, ललितपुरका अध्यक्ष सागर न्यौपाने 'नेपालखबरडटकम'का विशेष संवाददाता हुन्)*

# संकटमा सुधारिएको जनस्वास्थ्य सेवा

शुभलक्ष्मी विश्वकर्मा

बागमती प्रदेशको राजधानी हेटौंडामा रहेको हेटौंडा अस्पताल अहिले कोभिड अस्पताल बनेको छ । मुलुकमा नयाँ भेरियन्टको कोरोना भाइरस (कोभिड–१९) भित्रिएसँगै संक्रमणको त्रास बढिरहँदा सम्भावित विपद्को सामना गर्न हेटौंडा अस्पताललाई कोभिड अस्पताल बनाइएको हो ।

अघिल्लो वर्ष कोभिड अस्पताल नहुँदा निकै कष्ट भोग्न बाध्य भएका मकवानपुरवासी संक्रमितले यसपटक आफ्नै जिल्लाको अस्पतालबाट सेवा लिने मौका पाए । पहिलो चरणको विपद्मा हेटौंडा अस्पतालले संक्रमितको उपचारमा प्रत्यक्ष भूमिका खेल्न सकेको थिएन भने जिल्लाका कुनै पनि अस्पतालमा कोभिडका बिरामीको उपचार गर्ने व्यवस्था थिएन । 'पोहोर त सामान्य लक्षण देखिएकालाई यतै आइसोलेशनमा राख्यौं तर जटिल, आइसीयूमा राख्नुपर्ने र थप उपचार गर्नुपर्ने बिरामीलाई चितवन पठायौं,' हेटौंडा उपमहानगरपालिकाका जनस्वास्थ्य निरीक्षक भोला चौलागाईंले भने, 'यहाँ उपचार दिनसक्ने अवस्था थिएन ।'

'त्यतिबेला सबैमा त्रास थियो, बिरामीहरू आत्तिन्थे । बिरामीका आफन्तले पनि अन्त राम्रो अस्पतालमा पठाइहाल्नु भन्थे', तत्कालीन अवस्थामा नगरपालिकाले सञ्चालन गरेको हेटौंडा, कर्रा आइसोलेशनका इञ्चार्जसमेत रहेका उनले वर्ष दिन अघिको घटना सम्झिँदै भने, 'सामान्य लक्षण देखिएका बिरामीलाई यहीं आइसोलेशनमा राख्यौं । केही त गाह्रो भए पनि 'यहीं बस्छौं' भन्दै चितवन जान मान्दैनथे तर हामीले राख्न सक्ने अवस्था नै थिएन ।'

कोभिडले निम्त्याएको पहिलो चरणको संकट टरिसकेको र आम नागरिकले केही राहत महसुस गरिरहेको बेला छिमेकी मुलुक भारतमा नयाँ भेरियन्टको कोभिड फैलिएको खबर बाहिरियो । दोस्रो लहरले छिमेकी मुलुकलाई आक्रान्त पारेको खबरसँगै क्रमशः नेपालमा पनि नयाँ भेरियन्टको कोभिड भित्रियो । भाइरसको प्रकोप अघिल्लो वर्षभन्दा निकै खतरनाक भएकोले जोखिमलाई दृष्टिगत गर्दै सरकारले देशभरका सबै अस्पताललाई तयारी हालतमा रहन निर्देशन दिएको थियो । बागमती प्रदेश सरकारको मातहतमा रहेको हेटौंडा अस्पताललाई पनि सोही अनुरूप तयार पारिएको थियो ।

प्रदेश सरकारको मातहतमा रही अस्पताल विकास समितिमार्फत सञ्चालन हुँदै आएको हेटौंडा अस्पताल २०७७ चैत्र १६ गतेदेखि कानूनी रूपमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हस्तान्तरण भएको थियो । स्वास्थ्य विज्ञानको अध्ययन, अध्यापन र अनुसन्धानको व्यवस्था गर्न २०७६ असोज २ गते बागमती प्रदेश सरकारले स्थापना गरेको प्रतिष्ठान मातहतमा सञ्चालित अस्पतालमा हाल आईसीयू, हाइ डिपेन्डेन्ट युनिट (एचडीयू) सहितको सुविधा सम्पन्न उपचार केन्द्र स्थापना भएको छ ।

पछिल्लो संकटलाई सामना गर्न हेटौंडा अस्पताललाई कोभिड अस्पताल बनाएपछि यहाँ मकवानपुर मात्र नभई छिमेकी जिल्ला बारा, सर्लाही, पर्सा लगायतबाट पनि सेवाग्राही आउने गरेको अस्पताल सञ्चालक समितिका सदस्य उत्सव चौलागाईंले जानकारी दिए । अस्पतालमा हाल ३७ वटा एचडीयू आईसीयूसहितको सुविधा छ । ५० शय्याको विकास समिति र ५० शय्याको नेपाल सरकारबाट गरी १०० शय्याको दरबन्दी रहेको अस्पतालमा ३७ वटा आईसीयू, एचडीयूसहित र अन्य जनरल बेड सञ्चालन भइरहेको छ ।

यहाँको जनशक्ति, व्यवस्थापन, आवश्यक उपकरण र प्रविधिलाई आँकलन गर्दा कोभिड अस्पतालका रूपमा ५० देखि ७० बेड क्षमता रहने सदस्य चौलागाईंले बताए । ६ वटा भेन्टिलेटरसहितको र कुल ७ वटा आईसीयू तथा ३० वटा एचडीयू सुविधा अस्पतालमा छ । 'एक साथ ३७ जनाले आईसीयू, एचडीयूसहितको सेवा लिन सक्नेछन्, सदस्य चौलागाईं भन्छन्, 'उपचार दिनका लागि अहिले हामीसँग अक्सीजन, औषधि, पीपीई, आवश्यक उपकरणहरू पर्याप्त छन् ।' उनका अनुसार कोभिडको पछिल्लो संकट सामना गर्न जिल्लामा आवश्यक सुविधासहितको आईसीयू, एचडीयू र जनरल वार्डसहित ७० शय्याको कोभिड अस्पताल छ । करिब दुई सय जनशक्ति अस्पतालमा कार्यरत छन् ।

२०१६ सालमा स्वास्थ्य सेवा प्रारम्भ गरी २०२२ सालदेखि जिल्ला अस्पतालका रूपमा सेवा दिंदै आएको यस अस्पतालमा सामान्य अवस्थामा दैनिक ४०० देखि ६०० सम्म बिरामीले सेवा लिने गरेको तथ्यांक छ । प्रतिष्ठान मातहत सञ्चालन सुरू गरिएसँगै हालको १०० शय्याबाट तत्काल ३०० शय्या र भविष्यमा ७०० शय्याको अस्पतालमा स्तरोन्नती गर्दै शिक्षण अस्पतालमा रूपान्तरण गर्ने लक्ष्य राखिएको अध्यक्ष राजेश प्रसाईंले बताए । विगतमा राम्रो सेवा नदिएको, आवश्यक प्रविधि उपकरण, जनशक्ति नभएको र डाक्टरले निजी क्लिनिकमा पठाउने गरेको जस्ता आरोप खेप्दै आएको हेटौंडा अस्पताल प्रतिष्ठानमा हस्तान्तरण भएपछि नागरिकले सुधार हुने आशा गरेका छन्, भने कोभिडजस्तो अकल्पनीय महामारीसँग जुध्दै सुधार र विकासको बाटोमा अघि बढिरहेको छ ।

## स्वास्थ्यमा प्रदेशको फड्को

हेटौंडामा मात्र होइन, पछिल्लो समय बागमती प्रदेशका सबै जिल्लामा कोभिड अस्पताल तयार रहेको बागमती प्रदेश सामाजिक विकास मन्त्रालयका अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखाका वरिष्ठ स्वास्थ्य प्रशासक डा. पुरूषोत्तमराज सेढाईंले जानकारी दिए । प्रदेशका १३ वटै जिल्लामा प्रदेश सरकारको आफ्नै अस्पताल रहेको र ती अस्पतालमा सुविधा थप गरिएको उनले बताए । 'तीमध्ये ६ वटामा मेजर अपरेशन पनि हुन्छ', उनले भने ।

काठमाडौंसहित उपत्यकाका तीन जिल्ला र चितवन स्वास्थ्य सुविधामा पहिलादेखि नै अगाडि थिए भने केही जिल्ला विकासको क्रममा थिए । रसुवा, दोलखालगायत निकै पछाडि परेका जिल्लाहरूमा समेत हाल आईसीयू, एचडीयूसहितको सुविधा रहेको पाइन्छ । कोभिडपछिको अवस्थामा स्वास्थ्य क्षेत्रमा विकासका लागि स्रोत प्राप्त भएको डा. सेढाईं बताउँछन् । उनका अनुसार कोभिडविरूद्ध लड्न प्राप्त स्रोतबाट स्वास्थ्य संस्थाहरूको स्तरोन्नति, विकास, अत्याधुनिक प्रयोगशाला, भौतिक विकाससँगै स्वास्थ्यकर्मीहरूलाई तालिम सञ्चालन भएका छन् ।

प्राप्त तथ्यांकअनुसार ०७८ जेठ अन्तिमसम्म बागमती प्रदेशका आइसोलेशन सेन्टरहरूमा ३ हजार ४८५ शय्या तयार पारिएका छन् । कोभिड उपचारका लागि २ हजार ५३६ जनरल बेड छुट्ट्याइएको छ, भने एचडीयूसहितको ३ हजार १७० बेड, आईसीयूसहितको ८०९ बेड र भेन्टिलेटरसहितको ४१६ बेड कोभिड उपचारको लागि तयार छ । डा. सेढाईंका अनुसार उपलब्ध बेडहरूमध्ये आधा जस्तो भरिएको छ । जेठ २८ गतेसम्म बागमती प्रदेशमा ३ लाख २३ हजार ७७७ जनामा संक्रमण देखिएको र तीमध्ये २ लाख ९७ हजार १७२ जना संक्रमणमुक्त भएका छन् । कुल संक्रमणको ९२ प्रतिशत निको भएका छन्, भने प्रदेशमा हालसम्म ३ हजार ४९२ जना संक्रमितको मृत्यु भएको छ । प्रदेशमा ५ वटा अक्सिजन प्लान्ट सञ्चालनमा ल्याउने योजना रहेकोमा हाल ३ वटा प्लान्टबाट अक्सिजन उत्पादन भइरहेको र बाँकी पनि छिट्टै तयार हुने प्रक्रियामा रहेको डा. सेढाईंले बताए ।

पछिल्लो समय स्वास्थ्य क्षेत्रको विकासलाई प्राथमिकतामा राखेको प्रदेश सरकारले कोरोना महामारीले निम्त्याएको असहज परिस्थितिसँग सामना गर्न अस्पताल सुदृढीकरणको कार्यक्रम अन्तर्गत ५ वटा अस्पताललाई प्रदेश मातहतमा ल्याएको थियो । प्रदेशले दोलखाको चरिकोट अस्पताल, काभ्रेपलाञ्चोकको मेथिनकोट अस्पताल, ललितपुरको बज्रबाराही चापागाउँ अस्पताल, चितवनको बकुलर रत्ननगर अस्पताल र काठमाडौंको टोखा चण्डेश्वरी प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रदेश मातहतको अस्पतालको रूपमा स्तरोन्नति गर्ने निर्णय गरेको हो । प्रदेशका १३ जिल्लामध्ये यसअघि प्रदेश मातहतमा आठवटा अस्पतालहरू सञ्चालित थिए । प्रदेशभित्रका सबै जिल्लामा प्रदेश अस्पताल स्थापना गरी कोभिड–१९ लगायत संक्रमक रोग तथा अन्य रोगहरूको उपचारलाई सहज

बनाउन अस्पतालको स्तरोन्नती गर्ने निर्णय गरिएको थियो ।

कोभिड–१९ को संक्रमण सुरू भएपछिको अवस्थामा केन्द्र, प्रदेशदेखि स्थानीय सरकारले समेत स्वास्थ्यको विषयलाई प्राथमिकता दिई लगानी गरेका छन् । तर, त्यस्ता कार्यक्रमलाई निरन्तरताको जरूरतका साथै चुनौती पनि उत्तिकै रहेको र स्वास्थ्यमा दीर्घकालीन योजना आवश्यक रहेको स्वास्थ्यकर्मीहरू बताउँछन् । कोभिडपछिको अवस्थाले सरकारी प्रणाली बलियो नभएसम्म जनताले सेवा पाउँदैनन् भन्ने सिकाएको भन्दै वरिष्ठ स्वास्थ्य प्रशासक डा.सेढाईंले भने, 'कोभिडको नाममा रकम बढेको देखिन्छ, तर सरकारले स्वास्थ्यमा लगानी गर्नुपर्ने हो ।'

यस बीचमा प्रदेश सरकारले अस्पतालका शय्या र जनशक्ति थप, प्रयोगशाला, अक्सिजन प्लान्ट, स्वास्थ्यकर्मीलाई तालिम लगायतका क्रियाकलाप गरेको थियो । चालू आर्थिक वर्षदेखि  दोलखा, रसुवाजस्ता दुर्गम जिल्लामा पनि सुविधासम्पन्न अस्पताल बनाएको प्रदेश सरकारको दाबी छ । 'आत्तिएर अन्धाधुन्ध गर्नुभन्दा पनि हामी  योजना बनाएर अघि बढ्यौं, अहिले प्रदेश सरकार मातहतका अस्पतालहरू कोभिड–१९ लगायतका संक्रमण रोग तथा अन्य रोगहरूको उपचार गर्न सक्षम छन्', सरकारका प्रवक्ता आर्थिक मामिला तथा योजनामन्त्री कैलाश ढुंगेलले भने ।

आगामी आर्थिक वर्ष २०७८/०७९ को लागि बागमती प्रदेशको नीति तथा कार्यक्रममा पनि स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिइएको छ । यसअघि नै सञ्चालनमा आएको मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण र विद्यालय नर्स कार्यक्रमलाई नीति तथा कार्यक्रममा निरन्तरता दिइएको छ भने प्रदेशले कोभिड–१९ खोप कोष स्थापना गरी संघीय सरकारसँगको समन्वयमा सबै प्रदेशवासीलाई खोपको व्यवस्था गर्ने नीति तथा कार्यक्रममा उल्लेख गरेको छ । साथै, प्रदेश सरकारअन्तर्गतका प्रयोगशाला र अस्पतालहरूमा पीसीआर ल्याब स्थापना गरी निःशुल्क परीक्षणको व्यवस्था गर्ने पनि प्रदेशको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

## फेरियो आनीबानी

कामबाट घर फर्किनासाथ थकान मेट्न ओछ्यानमा पुग्ने हेटौंडा

उपमहानगरपालिका–१६, हटियाकी भावना अधिकारी कोभिड पछिको अवस्थामा घर फर्किएपछि नुहाएर मात्र आराम गर्ने गर्छिन् । थकान उस्तै भए पनि अहिले आफ्नो बानी, व्यवहारमा परिवर्तन आएको उनी बताउँछिन् ।

स्वास्थ्यमा स्नातकोत्तर गर्दै गरेकी उनले कोभिड अघिको समयमा थाहा हुँदाहुँदै पनि नियमपूर्वक हात धुने गरेकी थिइनन् । कोभिडपछिको समयमा नियमित रूपमा साबुन पानीले हात धुने गरेको बताउँदै उनले पछिल्लो दुई वर्षमा आफूलाई विगतका वर्षहरूमा जति रूघाखोकी नलागेको महसुस गरेकी छन् । 'नियमित मास्क लगाएपछि धुवाँ, धुलोबाट बँच्ने भएर पनि होला', उनले भनिन् 'अचेल मलाई पहिलाजस्तो रूघा लागिरहँदैन ।'

सरसफाई भएपछि धेरै खालका सर्ने रोगहरूबाट स्वतः बँच्न सकिन्छ । उनका अनुसार कोभिड पछिको अवस्थामा संक्रमणको भयका कारण पनि अलि बढी सावधानी अपनाउन थालिएको हो । स्वास्थ्य मापदण्ड अपनाएर आफ्नो दैनिक काम गरिरहेकी उनी अहिलेसम्म संक्रमणमुक्त छिन् ।

कोभिडपछिको धेरैले अधिकारीले जस्तै सावधानी अपनाएका छन् । स्वास्थ्यको ख्याल गरी सावधानी अपनाएका कारण सामान्य बिरामी कम भएको स्वास्थ्यकर्मीहरूको अनुभव छ । पछिल्लो तीन महिनाको तथ्यांक हेर्दा सहकारी अस्पताल हेटौंडामा सामान्य अवस्थाको तुलनामा एक तिहाई मात्र बिरामी भर्ना हुने गर्छन् । यहाँ मात्र होइन, हेटौंडाका अन्य अस्पताल पनि कोभिड महामारीका बेला सुनसानप्रायः रहन्छ ।

खानपान, सरसफाई र व्यक्तिगत हेरचाहमा ध्यान दिँदा कोभिडपछिको समयमा सामान्य अवस्थाको तुलनामा कमैलाई मात्र रूघाखोकी जस्ता सर्ने रोगहरूको संक्रमण देखिएको धेरैको अनुभव छ । उसो त जनस्तरमा नै बानी व्यवहारमा परिवर्तन नभएसम्म कोभिडविरूद्ध लड्न जतिसुकै लगानी गरे पनि नसकिने स्पष्ट भइसकेको बागमती प्रदेश सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा महाशाखाका वरिष्ठ जनस्वास्थ्य प्रशासक सतिश बिष्टले बताए । "यस्ता महामारीबाट सावधानी अपनाउनु नै सबैभन्दा प्रभावकारी उपाय हो', उनले भने, 'जनस्तरमा नै बानी व्यवहारमा परिवर्तन जरूरी छ ।' साथै उनले यस महामारीले सीमा क्षेत्र (नाका)मा व्यवस्थित हेल्थ डेस्क सञ्चालन गर्नुपर्ने रहेछ भन्ने पाठसमेत सिकाएको पनि उल्लेख गरे ।

## जिल्लाको सेवा अब गाउँमै

मकवानपुरको हेटौंडाबाट ३५ किलोमिटर पूर्वमा पर्ने बकैया गाउँपालिका अन्तर्गतका स्वास्थ्य केन्द्रमा एक वर्ष अघिसम्म उपचारको लागि आवश्यक प्रविधि थिएन । एक्सरे गर्नुपरे पनि हेटौंडा नै पुग्नुपर्ने बाध्यता थियो ।

प्रविधियुक्त, भरपर्दो स्वास्थ्यकेन्द्र र दक्ष जनशक्तिको अभावमा यहाँका नागरिकहरूले समस्या झेल्दै आएका थिए । विशेषज्ञ डाक्टर भेट्न त जिल्ला सदरमुकाम हेटौंडा पुग्नैपर्ने बाध्यता थियो । १२ वटा वडा रहेको यस पालिकाका विभिन्न स्थानबाट हेटौंडास्थित अस्पताल पुग्न एक घण्टादेखि एक दिनसम्म लाग्छ । कोरोनाको कहर सुरू भएपछि गाउँपालिकाले क्वारेन्टाइन, आइसोलेशन सेन्टर हुँदै दक्ष जनशक्तिको समेत व्यवस्थापन गरेर अक्सिजनसहित २० बेडको व्यवस्थित आइसोलेशन वार्ड समेत निर्माण गरेको छ ।

कोभिडपछि यहाँको स्वास्थ्य क्षेत्रले फड्को मारेको भन्दै बकैया गाउँपालिका-४ का नवराज चौलागाईंले भने, 'जिल्लाको सुविधा अहिले गाउँमै छ ।' पालिकाले निःशुल्क एम्बुलेन्स सेवा, अक्सिजनसहितको व्यवस्थित कोभिड वार्ड र कोभिडविरूद्धका सचेतनामूलक कामलाई प्राथमिकताको साथ सञ्चालन गरेको बकैया गाउँपालिकाका सामाजिक विकास शाखा संयोजक फटिकरमण प्याकुरेलले जानकारी दिए ।

सरकारी तवरबाट सञ्चालित सेवाका अतिरिक्त बकैया गाउँपालिकामा हाल निजी क्लिनिकहरू पनि खुलेका छन् । ती क्लिनिकहरूले एक्सरे, ल्याब सुविधाका साथै निश्चित दिन, बार पारेर विशेषज्ञ सेवा पनि दिने गर्छन् । गाउँको बजारका रूपमा परिचित हात्तीसुँडेमा अहिले स्वास्थ्यमा लगानी गर्नेहरू बढेका छन् । गाउँमै सेवा पाएपछि खुशी व्यक्त गर्दै बकैया-८, की दीपकुमारी विश्वकर्माले भनिन्, 'गाउँमै एक्सरे हुने भएपछि बजार गइरहन परेन । महंगै भए पनि बजार पुग्नभन्दा यहाँ उपचार गराउँदा सस्तैपर्छ ।'

बकैयामा निजी क्षेत्रका साथसाथै सरकारी तवरबाट पनि स्वास्थ्य क्षेत्रको विकासमा पहल भइरहेको पाइन्छ । प्राथमिक स्वास्थ्य केन्द्रसँगै गाउँपालिकाका सबै स्वास्थ्य चौकीहरूमा जनशक्ति र सेवाका लागि आवश्यक प्रविधि व्यवस्थित गरिएको गाउँपालिका अध्यक्ष दामोदर खनालले बताए ।

बकैयामा मात्रै होइन, जिल्लाका सबै (१० वटै) स्थानीय तहमा आइसोलेशन वार्डहरू तयार छन् । जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका वरिष्ठ जनस्वास्थ्य प्रशासक प्रणयकुमार उपाध्यायका अनुसार, जिल्लाका पालिकाहरूमा अहिले १० देखि २५ बेडसम्मका आइसोलेशन कक्षहरू छन् ।'

मकवानपुरको राक्सिराङ र कैलाशमा भने दुर्गम भएको कारण देखाउँदै स्वास्थ्यकर्मीहरू जान नचाहेको र भीमफेदीमा हालसम्म अस्पताल भवन बन्न नसकेको अवस्था छ । उपाध्यायले भने, 'दुर्गमका केही स्थानीय तहमा अझै पनि भवन र दक्ष जनशक्तिको व्यवस्थापन लगायत समस्या छ ।' समग्रमा हेर्दा कोभिडपछिको समयमा स्वास्थ्य क्षेत्रलाई महत्व दिई केही उपलब्धीमूलक कामहरू भएका छन् । तथापि एकातिर हाल व्यवस्थापन भएका सेवा, सुविधालाई निरन्तरता दिने चुनौती स्थानीय तहहरूलाई छ भने अझै पनि स्थानीय तहहरूले स्वास्थ्य क्षेत्रको दीर्घकालीन विकासका लागि आवश्यक ठूलो लगानी गर्न सकेका छैनन् ।

*(शुभलक्ष्मी विश्वकर्मा 'अन्नपूर्ण पोष्ट' दैनिकका लागि मकवानपुर संवाददाता हुन्)*

# स्वास्थ्य संकटको सर्सर्ती चर्चा

सरोज ढुङ्गेल

कोभिड-१९ को दोस्रो भेरियन्टले गर्दा धेरै संक्रमितको घरबास गएको छ । बाँच्ने आशामा संक्रमितहरू निजी अस्पतालमा राख्दा लाखौं खर्च बेहोर्नुपरेको छ । बालाजु बसोवास गर्ने शोभा सुवेदी कोभिड भएपछि त्रिवि शिक्षण अस्पताल, वीर, टेकुमा भर्नाका लागि पहल भयो । सरकारीमा भर्ना नपाएपछि ह्याम्स अस्पतालमा भर्ना गरी उपचार भयो । उनलाई आईसीयूमा राखियो । २५ दिन अस्पतालको बसाई पछि अहिले उनी निको भएकी छन् । तर, यसका लागि लाखौं रूपैयाँ खर्च गर्नुपर्‍यो । कोभिडको उपचारमा १९ लाख खर्चिएको जानकारी दिने उनी सरकारले निजीमा पनि निःशुल्क उपचार पाइन्छ भनेर गरेको घोषणा कार्यान्वयन नगरेकोमा असन्तुष्ट गरिन् ।

यस्तै दोर्जी गुरूङलाई काठमाडौंको एक निजी अस्पतालमा भर्ना गरेर राखिएको थियो । कोभिडले झन्झन् समस्या भएपछि भेन्टिलेटरमा राखियो । अस्पतालमा १३ लाख खर्च भयो । तर उहाँलाई बचाउन सकिएन । केही

संक्रमितहरू लाखौं खर्च गरेर बाँचे पनि केही संक्रमितहरू खर्च गरिसकेर पनि मृत्यु भएको छ । कतिपय संक्रमितहरूलाई हेलिकोप्टर चार्टर गरेर काठमाडौं ल्याइसकेपछि पनि मृत्यु भएको छ भने कतिपय संक्रमित सरकारी अस्पतालमा बेड नपाउँदा पनि घरबारी बेच्नुपरेको छ ।

कोभिड युनिफाइड केन्द्रीय अस्पतालका प्रमुख प्रशासकीय अधिकारी प्रा.डा. जागेश्वर गौतमले गाउँबाट उपचारका लागि काठमाडौं ल्याइएका धेरै संक्रमित घरबारविहीन हुनुपरेको बताए । डा. गौतम सरकारी अस्पताललाई बलियो नबनाउँदासम्म निजी अस्पतालमा सधैं कोभिड संक्रमित वा अन्य बिरामीहरूले दुःख पाइरहने ठान्छन् । कोभिड बिरामीका लागि वीरमा कम्तीमा एक सय शय्याको आईसीयू कक्षसहित व्यवस्था गर्न लागिएको जानकारी पनि उनले दिए ।

त्यसो त धेरै मानिसको रोजिरोटी पनि कोभिडले गुमाउन पुगेका छन् । पोहोर बन्दाबन्दी हुनुभन्दा पहिले रामेछापका पीताम्बर गौतम रङको काम गर्थे । तीन जना छोराछोरी र पतिपत्नीसमेत गरी पाँच जनाको परिवार सजिलैसँग पालेका थिए । बन्दाबन्दीपछि उनले गर्ने काम ठप्प हुन पुग्यो । परिवारसहित गाउँ गएका गौतम बन्दाबन्दी खुलेपछि काठमाडौं फर्किए । पहिले जति काम पाएनन् । परिवार पाल्नै धौधौ परेपछि रङ लगाउने काम नपाएपछि अरू न केही गर्ने सोच बनाए । तर कुनै काम सुरू नगर्दै कोभिडको दोस्रो लहर आयो । उनी थप अन्योलग्रस्त भए ।

## क्रमशः सल्कियो कोरोना

कोभिड–१९ को महामारीले २०७७ साल पुस महिनामा चीनको वुहानमा त्रासमय अवस्था थियो । चीनको वुहानमा कोभिड–१९ को त्रासदी फैलिइरहँदा नेपालमा पनि महामारी आउनसक्नेतर्फ केही सरूवा रोग विशेषज्ञहरूले चेतावनी दिइसकेका थिए । केही मिडियाले ती सरूवा रोग विशेषज्ञहरूको भनाइ समेटेर समाचार पनि बनाए । तर त्यसलाई त्यति वास्ता गरिएन ।

२०७७ पुस २७ गते चीनको वुहानबाट एक विद्यार्थी कोभिडको लक्षणसहित नेपाल आए । उनी टेकुस्थित शहीद शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पतालमा भर्ना भए । चिकित्सकहरूले उनलाई कोभिड भएको

आशंका गरे । त्यो बेला कोभिडलाई कोरोना भाइरस भनिन्थ्यो । पछि विश्व स्वास्थ्य संगठनले कोरोना भाइरसलाई कोभिड-१९ नामकरण गरेको हो ।

सुरूमा नेपालमा कोभिड-१९ परीक्षण सम्भव थिएन । ती विद्यार्थीको नमुनालाई पीसीआरका लागि हङकङस्थित कोलाबोरेटिङ सेन्टरमा पठाइएको थियो । सेन्टरले ०७७ माघ १० गते परीक्षणको रिपोर्ट पोजेटिभ भएको पठायो । त्यसपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले माघ ११ गते पत्रकार सम्मेलन गरेर नेपालमा पहिलो पटक कोरोना संक्रमण अर्थात् कोभिड-१९ को संक्रमण पुष्टि भएको जानकारी दियो । रिपोर्ट पोजेटिभ आएपछि उक्त विद्यार्थीलाई सरकारले प्रत्यक्ष निगरानीमा राखेको थियो ।

त्यो बेलासम्म ती विद्यार्थीमा लक्षण केही पनि थिएन । अन्तर्राष्ट्रिय स्वास्थ्य नियमावलीको प्रावधानअनुसार भाइरस संक्रमित भएको रिपोर्टसहितको विस्तृत विवरण २४ घण्टाभित्र मन्त्रालयले विश्व स्वास्थ्य संगठनलाई पठाएको थियो । टेकु अस्पतालबाट ती विद्यार्थीलाई माघ ३ गते डिस्चार्ज गरिसकिएको थियो । चीनको वुहान प्रान्तमा अध्ययनरत नेपाली विद्यार्थी कोरोना भाइरस संक्रमणको त्रासमा थिए । त्यो बेला वुहान क्षेत्रमा संक्रमणको डरले मानिसहरू बाहिर निस्कनसमेत छोडेका थिए, विश्व त्रासमा थियो ।

कोभिड-१९ भाइरस चीनको वुहान प्रान्तमा मात्र नभई क्रमशः विश्वमा नै फैलन सुरू गर्‍यो । यसले विश्व अर्थतन्त्रमा ठूलो धक्का पुर्‍यायो । महिनौं विश्वमा कडा बन्दाबन्दी भयो । पहिलो चरणमा नेपालमा ८४ दिनसम्म बन्दाबन्दी भयो ।

नयाँ भेरियन्ट देखिएसँगै नेपालमा एकै दिन करीब अढाइ सयसम्मले कोरोना संक्रमणबाट ज्यान गुमाए । पहिले दैनिक एक हजार, एक हजार पाँच सयसम्मलाई देखिएको कोभिडको नयाँ भेरियन्टले दिनमा करीब १० हजार जनासम्मलाई संक्रमित बनायो । गतवर्षको बन्दाबन्दीले एकबाट अर्को व्यक्तिमा कोरोना भाइरस सर्नसक्ने सम्भावनालाई धेरै हदसम्म रोक्यो तर यसपालीको निषेधाज्ञामा खुलेआम मानिसहरू गाउँगाउँमा गए । जेठ १ गतेको तथ्याङ्क हेर्ने हो भने राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा मात्र दैनिक ४ हजार एक सय जनाको स्वाब संकलन भयो । अहिले टेकुस्थित सरकारी प्रयोगशालामा २४सै घण्टा पीसीआर परीक्षण गर्न थालिएको छ । गत वैशाख १६ गतेदेखि निषेधाज्ञा जारी भए तापनि संक्रमण कायमै देखिएको छ ।

मृतकको संख्या पनि बढिरहेकै छ ।

गत वर्ष २०७७ साल चैत ७ मा फ्रान्सबाट नेपाल आएकी एक युवतीलाई कोरोना पोजेटिभ देखियो । त्यहाँदेखि कोरोना देखिन सुरू गरेको नेपालमा पहिलो चरणमा तराईमा दैनिक सयौँलाई कोरोना पुष्टि हुँदै गयो । त्यो बेला काठमाडौँ उपत्यकामा एक जनालाई पनि कोरोना संक्रमण भएको थिएन । काठमाडौँ सुरक्षित नै मानिएको थियो । जब काठमाडौँमा कोरोना देखिन सुरू गऱ्यो, तब काठमाडौँ कोरोनाको केन्द्र बन्दै गयो ।

पछिल्लो तथ्याङ्कअनुसार पनि कुल संक्रमितमध्ये ४० देखि ४७ प्रतिशतसम्म काठमाडौँ उपत्यकामा संक्रमितहरू थपिने गरेका छन् । देशमा कोभिडको त्रासदी कायमै छ । पहिले पहिले वृद्धवृद्धा र दीर्घरोगीलाई मात्र बढी गाँज्ने कोरोनाले अहिले बालबालिका र युवायुवतीलाई समेत मृत्युको मुखमा पुऱ्याएको छ । चिकित्सक र नर्स तथा अन्य स्वास्थ्यकर्मीले पनि ज्यान गुमाइसकेका छन् ।

सुरूमा त विदेशबाट आएकाहरूलाई मात्र देखा परेकाले दोस्रो चरणमा कोरोना प्रवेश भएको थिएन । विस्तारै स्थानीय स्तरमा कोरोना देखिन थाल्यो । कोरोनाले गर्दा एक वर्ष अगाडी जेठ महिनादेखि मानिसको मृत्यु हुन थाल्यो । नेपालमा सक्रिय संक्रमित २५ हजारभन्दा माथि पुगेको अवस्थामा अस्पताल र बेड नपाइने भन्दै स्वास्थ्य मन्त्रालयले पुनः लकडाउन गर्न आग्रह गरेको थियो । तर लकडाउनलाई देशको अर्थतन्त्रले नधान्ने महसुस गरी मन्त्रिपरिषद्ले स्वास्थ्य मन्त्रालयको आग्रह तत्कालका लागि अस्वीकार गऱ्यो ।

अहिले पनि सक्रिय संक्रमित करीब ५४ हजार छन् । कोरोनाले गर्दा अस्पतालमा बेड पाउन सहज छैन । सरकारले ठूला होटल, कलकारखाना, सङ्घसंस्थाका भवन लगायतलाई आइसोलेसन सेन्टर बनाएर बिरामीको उपचार गर्नुपर्ने अवस्था आयो । सामान्य बिरामीलाई आइसोलेसनमा र जटिल बिरामीलाई मात्र अस्पतालमा भर्ना गरियो । जटिल बिरामीले पनि अस्पतालमा बेड पाउन पनि मुस्किल भयो । स्वास्थ्य मन्त्रालयका कर्मचारी वा उनीहरूकै आफन्तले समेत कोरोना उपचारका लागि बेड नपाउने स्थिति पैदा भयो ।

स्थिति भयावह र जटिल बन्दै गएपछि सरकारले सबै अस्पताललाई कोरोनाको मात्र उपचार गर्न निर्देशन दियो । निजी अस्पतालले पनि कोरोना

बिरामीलाई राखेर उपचार गर्नैपर्ने अवस्था आयो । सरकारले कोरोना बिरामीलाई उपचार गर्नकै लागि ननकोभिड बिरामी र शल्यक्रिया गर्नुपर्ने बिरामीलाई तत्काललाई स्थगित गर्न निर्देशन दियो ।

विस्तारै देशमा सक्रिय संक्रमितको संख्या घट्दै गयो । अहिलेसम्म नेपालमा करीब सबा ६ लाखलाई कोभिडले छोइसकेको छ भने ८ हजार ७ सयभन्दा बढीको ज्यन गइसकेको छ । करीब ५ लाख ६० हजार जनालाई कोभिड लागे पनि निको नभएका होइनन् तर पनि नेपाल विश्वका कोभिड संक्रमित मुख्य ४० देशभित्र परेकै छ । असारको दोश्रो हप्ताको सुरूको तथ्यांकअनुसार हरेक १० लाख जनसंख्यामा नेपालमा कोभिड संक्रमित २१ हजारभन्दा बढी छन्, २९६ जनाले ज्यान गुमाएका छन् भने त्यो जनसंख्यामध्ये १ लाख १० हजार ५०७ जनाको मात्र कोरोना जाँच भएको छ । जाँच गराउनेहरूको कुल संख्या ३२ लाख ७५ हजार ८ सय ४९ रहेको छ ।

## खोपले जगाएको आशा

कोरोनाबाट बच्नका लागि अन्तिम विकल्प भनेको खोप मात्र भएको विश्व स्वास्थ्य संगठनले भनिसकेको छ । कोरोनाविरूद्धको खोप नेपालमा पनि सीमित जनसंख्यामा भए पनि लगाएको छ । सुरूमा कोभिसिल्ड खोप नेपालमा प्रयोगको लागि पठाएको हो भन्ने भ्रम सिर्जना गरियो । सरकारले खोप लगाउन आग्रह गर्‍यो । स्वास्थ्यकर्मी, सरसफाइकर्मी र पत्रकारहरूलाई खोप लगाइयो । हाल २२ लाख नेपालीले खोप लगाइसकेका छन् ।

दोस्रो भेरियन्टको क्रममा खोप लगाएका व्यक्तिलाई आमरूपमा कोरोना संक्रमण नदेखिने वा देखिइहाले पनि त्यति असर नगरेको पाइएको छ । कतिपयले दुवै डोज खोप लगाइसकेका छन् भने एक डोज मात्र लगाएकाहरू दोस्रो डोज खोप लगाउन भौँतारिइरहेका छन् । सरकारले खोप खरिदका लागि प्रक्रिया अगाडि बढाएको भनिए पनि खोपले आशा जगाउने भन्दा बढी काम गर्नसकेको छैन ।

## टेकु अस्पताल बिरामीको भरोसा

टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पतालमा वर्ष पहिलेसम्म कुकुरले टोकेका मानिसहरू सुई लगाउन जाने गर्दथे । एचआईभीको औषधि नियमति सेवन गर्ने संक्रमितहरू फलोअपको लागि जाने गर्दथे । यसबाहेक सर्पले टोकेका, झाडापखाला लागेका मानिसहरू टेकु अस्पताल पुग्दथे । न त बिरामीको प्राथमिकतामा टेकु अस्पताल पर्दथ्यो, न त सरकारको प्राथमिकतामा नै । अस्पतालमा निर्देशक नियुक्ति भएर कोही डाक्टरलाई पठायो भने कारबाही गरेर स्वास्थ्य मन्त्रालयले पठायो भन्ने ठान्दथे । टेकु अस्पताल जान कुनै पावर लगाउनुपर्दैनथ्यो । अस्पतालका निर्देशकको गुनासो रहन्थ्यो, "सरूवा रोग अस्पताललाई सधै स्वास्थ्य मन्त्रालयले हेप्यो । यहाँ न बजेट दिन्छ, न त वास्तै गर्छ ।"

यतिसम्म कि वर्षायाममा मात्र टेकु अस्पतालका बेडमा केही बिरामी हुन्थे । कोभिड आउँदासम्म टेकु अस्पतालमा एउटा पनि आइसीयु बेड थिएन । तर अहिले समय परिवर्तन भएको छ । अहिले २५ बेड आईसीयू तथा १२ बेड भेन्टिलेटर सुचारू छ । सबैको रोजाइको अस्पताल टेकु अस्पताल बन्न पुगेको छ । यतिखेर टेकु अस्पतालमा बेड पाउन, आईसीयू पाउनै मुस्किल छ । डेढ वर्षअघिसम्म पनि राज्यले बेवास्ता गरेको अस्पतालले कोरोना महामारीसँगै बिरामीलाई उत्कृष्ट सेवा दिन पनि सकेको छ ।

यतिखेर कोरोनाले नेपालमा मात्र नभई भारतलगायत अन्य देशमा समेत भयावह स्थिति बनाएको छ । लाखौ मानिस संक्रमित भइसकेका छन् । यस्तै कयौंको संख्यामा मानिसहरूको मृत्यु भइरहेको छ । पहिलो चरणको कोरोनाको सन्त्रास सकिन नपाउँदै विश्वमा दोस्रो लहरको कोरोना देखापऱ्यो । यतिखेर नेपाल पनि त्यहि दोस्रो लहरको चपेटामा परेको छ ।

सुरूको अवस्थामा नेपालबाट हङकङ पठाएको नेपालले अहिले नेपालमै ८५ वटा प्रयोगशालाबाट कोरोनाको परीक्षण गरिरहेको छ । सरकारी ४५ वटा प्रयोगशालाबाट कोरोना परीक्षण हुने गरेको छ । कोरोनाले आर्थिक, सामाजिक र स्वास्थ्य प्रणालीमा दिने चोट एकातिर हुन्छ । त्यो स्वाभाविक रूपमा नेपालमा पनि छ । कोरोनाले अर्थ-सामाजिक व्यवस्थामा पनि धेरै प्रभाव पारेको छ । तर राम्रो पक्ष के भने नेपाल स्वास्थ्य प्रणालीमा कहाँ

कहाँ कमजोर छ ? हामीले कहाँकहाँ सुधार गर्नुपर्छ ? भन्ने विषय पनि प्रस्ट देखाइदिएको छ । अब कुनै पनि महामारी वा विपद् आउँदा कसरी अगाडि बढ्ने भन्ने कुराको पाठ पनि सिकाएको छ । हामी कहाँ कमजोर छौँ र कसरी अगाडि बढ्दा राम्रो हुन्छ भनी स्वास्थ्य प्रणालीलाई सबलीकरण गर्न मार्गप्रशस्त भएको छ । त्यही भएर महामारीलाई अवसरको रूपमा लिएर थप काम गर्दै जानुपर्छ ।

कोभिडको दोस्रो लहरसँगै रोजगारी गुमाएर गाउँ फर्किएका युवाहरूका लागि भने तीनै तहका सरकारले केही योजना बनाएर रोजगारीको सुनिश्चित गर्नुपर्ने देखिन्छ । त्यसो भएमा पीताम्बर गौतम जस्ता धेरै युवाको जीवन सामान्य हुनसक्छ, शोभा सुवेदी र दोर्जी गुरूङहरूले रोगसँगै खर्चको पीडाबाट गुज्रनु पर्दैन ।

*(पत्रकार सरोज ढुंगेल 'गोरखापत्र' दैनिकसँग आबद्ध छन्)*

# प्राथमिकतामा नपरेको संवेदनशील मामिला

विनोद शर्मा

भक्तपुरको चाँगुनारायण नगरपालिकाले विपद् व्यवस्थापनसम्बन्धी सबै कानून बनाएको छ । विपद् नक्साङ्कन गर्नुका साथै विपद् तथा जलवायु उत्थानशील योजना र आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना बनेर कार्यान्वयन भइरहेको छ । विपद् व्यवस्थापन कोष स्थापना गरेर कोष सञ्चालन कार्यविधिअनुसार विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा खर्च गर्ने गरिएको फोकल पर्सन सिद्धान्त न्यौपाने बताउँछन् ।

'चाँगुनारायणका सबै वडा र २८ वटा समुदायस्तरमा विपद् व्यवस्थापन समिति गठन भएका छन् । नगरमा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालनमा आएको तीन वर्ष पुग्न लाग्यो', न्यौपाने भन्छन्, 'नगरपालिका र केही वडास्तरमा खोज तथा उद्धार र प्राथमिक उपचार सामग्री भण्डारण गरिएको छ । यस वर्ष पनि हामीले विपद् व्यवस्थापन शीर्षकमा १ करोडभन्दा बढी रकम पहिरोको जोखिममा परेका ३७ घरधुरीका लागि विनियोजन गरेका छौँ ।'

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विपद् व्यवस्थापनको क्षेत्रमा अरू स्थानीय तहभन्दा चाँगुनारायण नगरपालिका अगाडि रहेको बताए पनि ऐनको दफा २४ मा उल्लेख भएबमोजिम वार्षिक प्रतिवेदन बनाएर जिल्ला विपद् व्यवस्थापन समितिमा पठाएको छैन । 'नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन बनाउने र सार्वजनिक गर्ने काम भए पनि विपद् व्यवस्थापनसम्बन्धी कामको छुट्टै प्रतिवेदन बनाएर माथिल्लो निकायमा पठाइएको छैन । १५ दिनभित्र अघिल्लो वर्षको प्रतिवेदन पठाउँछौँ र यस आर्थिक वर्षबाट नियमित हुन्छ' उनी भन्छन् ।

भक्तपुरसँग सीमाना जोडिएको काभ्रेपलाञ्चोकमा १३ वटा स्थानीय तह छन् । सबै स्थानीय तहमा विपद् व्यवस्थापन समिति गठन भएका छन् । सबै समितिले विपद् व्यवस्थापन कोष पनि बनाएका छन् । तर कानून बनाएर प्रभावकारी कार्यान्वयन हुन भने सकेको छैन । जिल्लामा विपद् व्यवस्थापन योजना र आपत्कालीन  पूर्वतयारी तथा प्रतिकार्य योजना बनेको भए पनि ५ वटा स्थानीय तहमा मात्रै विपद् व्यवस्थापन योजना बनेका छन् । कतिवटा स्थानीय विपद् व्यवस्थापन ऐन बनेका छन् ? कतिमा कोष सञ्चालन कार्यविधि बनेको छ भन्ने कुराको जानकारी जिल्ला विपद् व्यवस्थापन समितिसँग छैन ।

'हामीले जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा बेलामा पनि स्थानीय विपद् व्यवस्थापन समितिको बारेमा छलफल गर्ने गरेका छौँ । समितिले गरेका कामको बारेमा अपटेड माग्छौँ तर उहाँहरूबाट लिखित/प्रतिवेदनका रूपमा आउने गरेको छैन,' प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेल भन्छन्, 'स्थानीय तहमा दक्ष जनशक्ति नभएर पनि नपठाएको हुनसक्छ । हामी पनि कार्यव्यस्तताको कारणले पटक पटक फलोअप गर्न सकिरहेका छैनौँ । कति स्थानीय विपद् व्यवस्थापन समितिले ऐन बनाए, कतिले योजना बनाए, कतिले कोष सञ्चालन कार्यविधि बनाएर भनेर अहिले भन्न सकिने अवस्था छैन ।'

यी त दुई प्रतिनिधि उदाहरण मात्रै हुन् । विपद्का घटना हुँदा तत्काल क्रियाशील हुने तर पछि बिस्तारै निष्क्रिय हुने गरेको देखिन्छ । कोरोना महामारीका बेला बागमतीका एक सय १९ वटै स्थानीय तहमा विपद् व्यवस्थापन समिति गठन भए । पालिकाभित्र विपद् व्यवस्थापन शाखा स्थापना भए । एक जना अधिकृत स्तरको कर्मचारीलाई फोकल पर्सन पनि

तोकियो । विपद् व्यवस्थापन कोष बनाएर रकम राखिएको छ । विपद् व्यवस्थापनसम्बन्धी कति स्थानीय तहमा कानून र योजना निर्माण भई कार्यान्वयन भइरहेको छ र कतिमा बाँकी छ भन्ने विवरण प्रदेशस्तरीय कार्यकारी समितिसँग पनि छैन ।

'सबै स्थानीय तहमा विपद् व्यवस्थापन समिति गठन भएका छन् भन्ने हामीलाई जानकारी छ । विपद्का घटना भएका बेला खोज, उद्धार, राहत तथा पुनर्निर्माणका काममा समिति सक्रिय छ ।' वामगमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव मदन भुजेल भन्छन्, 'स्थानीय विपद् व्यवस्थापन समितिले गरिरहेका काम, बनेका कानूनलगायत विषयमा विवरण पठाउन ताकेका गरिरहेका छौँ तर पाएका छैनौँ ।' कोष बनाएका स्थानीय तहले कार्यविधि बनाएरै खर्च गरेका होलान् मन्त्रालयलाई विश्वास छ तर यति वटामा कार्यविधि छ र यति वटामा योजना बनेका छन् भन्ने विवरण नभएको भुजेल बताउँछन् ।

दैवी प्रकोप उद्धार ऐन २०३९ अनुसार गठन भएका जिल्ला विपद् व्यवस्थापन समिति (पहिलाको जिल्ला दैवी प्रकोप उद्धार समिति) ले पनि अहिलेसम्म विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन ऐन २०७४ को दफा ४५ अनुसारको वार्षिक प्रतिवेदन प्रदेश वा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाएका छैनन् ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ को दफा १६ मा स्थानीय विपद् व्यवस्थापन समितिले आर्थिक वर्ष समाप्त भएको २० दिनभित्र जिल्ला र प्रदेश विपद् व्यवस्थापन समितिमा वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने, जिल्लाले ४० दिनभित्र प्रदेश विपद् व्यवस्थापन समितिलाई र प्रदेशले ६० दिनभित्र प्राधिकरणमार्फत परिषदमा पठाउनुपर्ने कानूनी व्यवस्था छ । तर वार्षिक प्रतिवेदन नपठाएमा के हुने भन्ने नियमावलीमा छैन । यसरी खुकुलो व्यवस्था हुँदा यो काम प्राथमिकतामा नपरेको विपद् व्यवस्थापनका विषयमा विद्यावारिधि गर्नुभएका पूर्वमन्त्री डा. गंगालाल तुलाधर बताउँछन् ।

देशभरिका ७० वटा जिल्लामा आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालनमा छन् । तर बागमती प्रदेशकै काठमाडौं, ललितपुर र भक्तपुरमा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र छैनन् । काठमाडौं महानगरपालिका र शंखरापुर नगरपालिकामा कार्यसञ्चालन केन्द्र छन् । बागमती प्रदेशका

अरू १० जिल्लामा केन्द्र भए पनि कतिवटा स्थानीय तहमा कार्यसञ्चालन केन्द्र छन् भन्ने तथ्याङ्क संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग पनि छैन । "दुई वर्षअघि सबै स्थानीय तहलाई पत्राचार गरेर आपत्कालीन कार्यसञ्चालन केन्द्रको विवरण मागेका थियौँ । ७ सय ५३ मध्ये आधाजसोले मात्रै जानकारी पठाए । त्यसमध्ये १० प्रतिशतमा कार्यसञ्चालन केन्द्र रहेको जानकारी पाएका थियौँ," मन्त्रालयको विपद् व्यवस्थापन महाशाखाका अधिकृत रिनु थपलियाले जनाइन् । उनका अनुसार, मन्त्रालयले पठाएको नमुना कानूनका आधारमा स्थानीय विपद् व्यवस्थापन ऐनलगायतका कानून बनाइएका छन् तर कतिवटामा बने र कतिमा बाँकी छ भन्ने अद्यावधिक विवरणचाहिँ मन्त्रालयसँग छैन ।

## न पर्याप्त जनशक्ति, न त बजेट

राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्यसञ्चालन विधि २०७२ अनुसार सबै जिल्लामा आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्जाल स्थापना गरी तीनको व्यवस्थापन गर्ने जिम्मेवारी राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको हो । कास्कीमा प्रदेशस्तरको आपत्कालीन कार्यसञ्चालन केन्द्र भएको र नवलपरासी र रूकुम संघीयता कार्यान्वयनका क्रममा टुक्राइएका कारण नयाँ बनेका जिल्लामा बाँकी रहेको केन्द्रले जनाएको छ ।

"केन्द्रमा पर्याप्त जनशक्ति नभएको र सरकारले पर्याप्त बजेट नछुट्ट्याएका कारण जिल्लास्तरमै आपत्कालीन केन्द्र स्थापना र व्यवस्थापनमा ढिलाइ भएको हो," केन्द्रका उपसचिव दिलकुमार तामाङ भन्छन्, "काठमाडौं महानगरपालिकाको कार्यसञ्चालन केन्द्रलाई उपत्यकास्तरको आपत्कालीन केन्द्र बनाउने विषयमा छलफल भइरहेकोले पनि ढिलाइ भएको हो । ललितपुर महानगरपालिकामा पनि आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना भइसकेको छ । छिट्टै डोटीसहित बाँकी ७ वटै जिल्लामा केन्द्र स्थापना हुन्छन् ।"

राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्यसञ्चालन विधि २०७२ अनुसार साविकको ५ वटा क्षेत्रीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई संघीयता कार्यान्वयनका क्रममा प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र बनाइएको छ । प्रदेश नम्बर २ मा केन्द्र स्थापना हुन बाँकी छ ।

काठमाडौँका तीन जिल्लासहित कास्की, रूकुम पूर्व, नवलपरासी बर्दघाट सुस्तापूर्व र डोटीमा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना हुन बाँकी छ । प्रदेश नम्बर २ बाहेक सबै प्रदेशमा प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र छन् । तामाङका अनुसार, जिल्लाबाट वार्षिक प्रतिवेदन नआएकाले ७० मध्ये कति जिल्लाका आपत्कालीन कार्यसञ्चालन केन्द्र छन् र कुन अवस्थामा छन् भन्न सकिने अवस्था छैन ।

स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको जिम्मेवारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई छ । जिल्ला प्रशासन कार्यालय संघ मातहतको कार्यालय भएकोले जिल्ला विपद् व्यवस्थापन समिति र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र मातहत राखिएको गृह मन्त्रालयले जनाएको छ । प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रले पनि स्थानीय तहसँगको काममा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग समन्वय गर्ने तामाङको भनाइ छ ।

२०७७ सालमा देशभर भएका विपद्का ४ हजार ५ सय ८९ घटनामध्ये बागमती प्रदेशमा मात्रै ५ सय ८२ घटनाको विवरण छ । देशभर ८ सय ५२ जनाको मृत्यु, २ सय ३० जना बेपत्ता र एक हजार ८ सय ४९ घाइते भएकोमा बागमती प्रदेशमा एक सय २१ को मृत्यु, ३९ बेपत्ता र २ सय १९ जना घाइते भएका छन् । विगत १० वर्षको तथ्याङ्क हेर्दा पनि विपद्का ४ हजार ५५ घटनामा देशभर ८ सय १३ जनाको मृत्यु, ८ हजार २ सय १८ बेपत्ता र १ लाख १९ हजार ७४ जना घाइते भएकोमा बागमती प्रदेशमा ८ सय ५४ घटनामा २ सय ३० को मृत्यु, १ हजार ८ सय ४९ बेपत्ता, ७ हजार २ सय २९ घाइते भएका छन् ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ ले विपद् जोखम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बद्ध सम्पूर्ण क्रियाकलापलाई विपद् व्यवस्थापन मानेको छ । ऐनले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भूस्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ, भूकम्प, ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद्बाट उत्पन्न जुनसुकै विपद्लाई 'प्राकृतिक विपद्' मानेको छ । त्यस्तै

महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरूङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास, रसायन वा विकिरण चुहावट, ग्यास विस्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना अन्य विपद्लाई 'गैरप्राकृतिक विपद्' मानेको छ ।

संघीयता कार्यान्वयनसँगै केन्द्रदेखि समुदायस्तरसम्म त्यस्ता क्रियाकलाप सञ्चालन गरी नागरिकको जिउधनको रक्षाका लागि केन्द्रमा एक विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद, परिषद्बाट स्वीकृत नीति तथा योजनाको कार्यान्वयन गर्ने, गराउने कामसमेतका लागि एक कार्यकारी समिति रहने व्यवस्था गरेको छ ।

त्यस्तै विपद् व्यवस्थापनसम्बन्धी क्रियाकलापको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि मन्त्रालयअन्तर्गत एक राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण रहने व्यवस्था छ । प्रदेशस्तरमा भने विपद् व्यवस्थापनसम्बन्धी नीति तथा योजना तयार गर्ने, आवश्यकताअनुसार प्रदेश विपद् व्यवस्थापन समितिलाई नीतिगत मार्गदर्शन गर्ने तथा निर्देशन दिनेसमेतको प्रयोजनका लागि मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन परिषद् रहने व्यवस्था ऐनमा छ । प्रत्येक प्रदेशमा विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्लास्तरमा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तथा समुदायस्तरमा पनि विपद् व्यवस्थापन समितिको व्यवस्था ऐनमा छ ।

विपद् प्रतिकार्यका लागि राष्ट्रिय तहमा सूचना संकलन, समन्वय र सहयोगको विकास गरी खोज, उद्धार तथा राहत व्यवस्थापनको नेतृत्व गर्ने, सरोकारवाला निकायहरूबाट विपद्सम्बन्धी सूचनाको सङ्कलन, विश्लेषण तथा प्रवाह गर्ने, सबै जिल्लामा आपत्कालीन कार्यसञ्चालन केन्द्रको संजाल स्थापना गरी तिनको व्यवस्थापन गर्नेलगायत १५ वटा काम राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको हो । केन्द्रको कार्यसञ्चालन विधि २०७२ लाई समय सापेक्ष बनाउँदै विपद् व्यवस्थापनका लागि ऐनले तोकेका संरचनाका बीचमा समन्वय अझ बढाउनुपर्ने डा. तुलाधरको राय छ ।

सरकारसँग विगत १० वर्षको विपद्का कारण भएको क्षतिको विवरण

भने छ । गृह मन्त्रालय मातहतमा बनेको विपद् व्यवस्थापनसम्बन्धी पोर्टलमा विपद्का घटना र क्षतिको विवरण भए पनि अरू विवरण छैन । त्यसैले विपद् व्यवस्थापनमा स्थानीय तह, जिल्ला, प्रदेश र समग्र देशकै अवस्था प्रस्ट देखिन्न ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पनि स्थानीय र जिल्ला विपद् व्यवस्थापन समितिबाट विपद्का घटना र क्षतिको विवरण मात्रै आउने गरेको जनाएको छ । "हामीकहाँ स्थानीय र जिल्ला विपद् व्यवस्थापन समितिले विपद्का घटनाको विवरण प्रारम्भिक द्रुत लेखाजोखा (इरा) फर्म्याटमा भरेर पठाउनुहुन्छ । विपद् व्यवस्थापनसम्बन्धी अरू जानकारीसहितको वार्षिक प्रतिवेदन स्थानीय तह, जिल्ला र प्रदेशबाट पनि आएको छैन," प्रवक्ता लीलाधर अधिकारीले भने । प्राधिकरण गठन भएको एक वर्ष मात्रै भयो । अब विपद् व्यवस्थापनसम्बन्धी सबै विवरण एकै ठाउँमा संकलन हुने गरी सरकारले छुट्टै सफ्टवेयर बनाउँदै छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन ऐन २०७४ को दफा ४५ अनुसार स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरणसहितको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिसमक्ष पेश गर्नु पर्नेछ । जिल्ला विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नु पर्छ ।

तथ्याङ्क नहुनु र वार्षिक प्रतिवेदन तयार गरेर माथिल्ला निकायमा नपठाइनुले विपद् व्यवस्थापन प्राथमिकतामा नपरेको जानकारहरू बताउँछन् । भएका काम, समस्या तथा चुनौतीका कुरा वार्षिक प्रतिवेदनमा समावेश हुने हुँदा प्रदेश, जिल्ला र स्थानीय स्तरको आवश्यकता पहिचान गरी आवश्यक सहजीकरण गर्न र व्यवस्थित गर्न सकिने डा. तुलाधर बताउँछन् । काम भए पनि त्यसलाई व्यवस्थित बनाउन नसकिएको देखिन्छ । तथ्याङ्क नै नभएपछि स्थानीयदेखि केन्द्रसम्मलाई योजना तथा कार्यक्रम बनाएर कार्यान्वयन गर्न कठिन हुन्छ । डा. तुलाधारका विचारमा कहाँ कस्तो समस्या छ र के आवश्यक छ भन्ने थाहा नभई गरिने सहयोग प्रभावकारी हुँदैन । त्यसैले विपद्पछिको उद्धार राहतमा मात्रै खर्च नगरेर पूर्वतयारीका काममा पनि पर्याप्त लगानी गर्नुपर्छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र नियमावली २०७६ ले परिकल्पना गरे अनुसार केन्द्रदेखि समुदायस्तरसम्म विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्निर्माणका कामका लागि विभिन्न संरचना बनेको त्यसलाई धेरै भन्न नमिल्ने तुलाधरको तर्क छ । केन्द्रदेखि समुदायसम्म विभिन्न संरचनाको परिकल्पना कानूनले गरेको छ । विपद् व्यवस्थापन समिति बने पनि समिति मातहतमा खोज उद्धार, प्राथमिक उपचार, आवश्यकता पहिचनालगायत प्राविधिक सीप सहितका जनशक्तिसहितका विभिन्न कार्यदल गठन भएकै छैनन् । "विपद्का बेला खोज, उद्धार, प्राथमिक उपचारलगायत काममा दक्ष जनशक्ति भए भने विपद्का बेला कम क्षति हुन्छ । समुदायले विपद्का बारेमा पालिका, जिल्ला, प्रदेश हुँदै संघमा सूचना दिएपछि प्रतिकार्यका लागि त्यस ठाउँमा पुग्दा समय पनि बढी लाग्छ र क्षति पनि धेरै भइसकेको हुन्छ," डा. तुलाधर भन्छन् ।

२०७६ साल पुसमा प्राधिकरण गठन हुनुअघि विपद् व्यवस्थापनका सम्पूर्ण कामको नेतृत्व गृह मन्त्रालयले गर्थ्यो । ऐनअनुसार गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण पनि गृह मन्त्रालय मातहतमा रहेकोले सबै संरचनाहरूसँग समन्वय र सहकार्यको काम प्राधिकरणले गरेको विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा प्रमुख गणेश गैरेले बताए । स्थानीय सरकार सञ्चालन ऐन २०७४ र संविधानले समेत तीनै तहका सरकारलाई विपद् व्यवस्थापनको अधिकार दिएको छ । कार्यकारी समितिको अध्यक्ष गृहमन्त्री नै रहने व्यवस्था भएअनुसार विपद् व्यवस्थापनका कामको नेतृत्व गृह मन्त्रालयले नै गर्छ । अहिले सबै काम प्राधिकरणमार्फत हुने गरेको छ ।

विपद् व्यवस्थापनमा पनि पूर्वतयारीका कामहरू तीनै तहका सरकारको प्राथमिकतामा नपरेको र भएका संरचनाका बीचमा समन्वय र सहकार्य हुन नसकेका कारण हरेक वर्ष ठूलो धनजनको क्षति भइरहेको विज्ञहरू बताउँछन् । सरकारले विपद् व्यवस्थापनको कामलाई प्राथमिकतामा नराखेको त कोरोनाका सन्दर्भमा पनि देखिएको छ । "कोरोनाको दोस्रो लहरको बारेमा पूर्वजानकारी हुँदा हुँदै पनि सरकारले न त अक्सिजन प्लान्ट बनाउन सक्यो, न त अस्पतालमा पर्याप्त भेन्टिलेटर सहितको बेड बनाउन सक्यो, न त जोखिममा रहेको उमेर समूहका व्यक्तिहरूलाई खोप नै लगाउन सक्यो । बरू

कोरोना कहरका बीचमा पनि चुनाव घोषणा गर्नेतिर लाग्यो," डा. तुलाधर भन्छन्, "राष्ट्रपतिले कोरोनाविरूद्धको खोप उपलब्ध गराउन विभिन्न देशसँग पहल गर्नुभएको भनियो । विपद्का नाममा दाताको मात्रै मुख ताक्ने प्रवृत्ति राम्रो होइन । खर्च हुन नसकेको सरकारी बजेट नै रकमान्तर गर्ने हो भने पनि खोप किन्न पुग्छ ।"

सरकारले २०७२ वैशाख १२ को गोरखा भूकम्पका बेला हाम्रो विपद् लाई विदेशीले अवसरको रूपमा लिएर अनावश्यक चलखेल भएपछि त्यस्तो प्रवृत्तिलाई रोक्न राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७५ बनाएको थियो । भूकम्पलगत्तै सरकारले प्रतिकार्यका लागि अन्तर्राष्ट्रिय समुदायलाई गुहारेपछि भारतीय सेनाका एमआई १७ हेलिकोप्टरले उद्धार तथा राहतको नाममा सिन्धुपाल्चोकको उत्तरी सीमासम्म उडान गरे । "अवतरण र उडानका लागि ठूलो ठाउँ चाहिने त्यस्ता हेलिकोप्टरले उद्धार तथा राहत भन्दा पनि सहयोगको नाममा आफ्नो कुनै स्वार्थ पूरा गरे जस्तो मलाइ लाग्छ," डा. तुलाधर भन्छन् । हाम्रो आपत्लाई विदेशीले अवसरको रूपमा प्रयोग गरे भन्ने भूकम्पको सिकाइका आधारमा विपद्का बेला अन्तर्राष्ट्रिय सहयोग परिचालनलाई व्यवस्थापन गर्न राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७५ बनाइएको थियो । यस्तो कार्यढाँचाअनुसार सरकारी कार्यशैली पनि भयो भने आगामी दिनमा विदेशीले अनावश्यक चलखेल गर्न पाउने छैनन् कि ?

*(पत्रकार विनोद शर्मा 'सीआईएनखबरडटकम' का वरिष्ठ संवाददाता हुन्)*

खण्ड

२

# कोभिड र पर्यटन



# कायम नै छ ओरालो यात्रा

कमलकुमार बस्नेत

कोरोना नहुँदो हो त यतिबेला धनुषा घर भई लामो समयदेखि काठमाडौं नयाँ बानेश्वर बस्दै आउनुभएका अजय दाहाल विदेशी पर्यटकका समूहका साथमा लामो पदयात्राका लागि पहाड र हिमालका बाटामा भेटिन्थे । उमेरले ५० वर्ष टेकेका उनले जीवनको करिब आधा समय अर्थात् २१ वर्ष ट्रेकिङ र टुर गाइडका रूपमा बिताइसके ।

सन् २०२० मा नेपाल भ्रमण वर्ष मनाउने र २० लाख पर्यटक ल्याउने भनेपछि उनको मन हौसिएको थियो । जति धेरै विदेशी पर्यटक आउँछन्, त्यति धेरै आम्दानी हुने मात्रै होइन, भविष्य पनि सुरक्षित हुन्छ भन्ने उहाँको आशा थियो । तर, भ्रमण वर्ष स्थगित भयो, कोरोनाको कहर व्याप्त भयो ।

विदेशी पर्यटक आउन नपाएपछि उनको दैनिक पनि बदलियो । केही महिना घरमै बिताए । यता अवस्था सामान्य बन्दै गर्दा बेलायत र भारतलगायत देशमा कोरोनाको नयाँ भेरियन्ट देखा पर्न थाल्यो । त्यसको सिधा असर नेपालमा पर्छ भन्नेमा दाहाललाई पनि शंकै भएन । उनले पेशा

नै परिवर्तन गर्ने सोचे । त्यसैले २०७७ फागुनमा काठमाडौंको सोल्टीमोडमा १५ लाख रूपैयाँ लगानी गरेर रेस्टुराँ खोले । नाम राखे- 'फूडडुड' । तर, रेस्टुराँ खुलेको दोस्रो महिनामै कोरोनाको नयाँ भेरियन्टको प्रकोप बढ्न थाल्यो । अनि त्यही रेस्टुराँ पनि बन्द गरेर फेरि घरभित्रै बस्न दाहाल बाध्य भए । 'बाटो हेर्दै छु । रेष्टुराँ राम्रो चल्यो भने गाइडका रूपमा फेरि फर्कन्न होला,' योजना सुनाउँछन् ।

दाहाल मात्रै होइन, टुर गाइडका रूपमा काम गरिरहनु भएका ४२ वर्षे शंकर भट्टराईले पनि पेशा परिवर्तन गरे । जबसम्म पुरानो काम पाइन्न तबसम्म बोर्डिङ स्कुलमा पढाउने । 'मैले ब्याचलर पढ्दा केही समय बोर्डिङमा पढाएको थिएँ । केही समयका लागि फेरि टिचिङमै फर्किएको छु,' उनी सम्झिन्छन् । बौद्धको लस्ट लाइट एकेडेमीमा पढाउन थालेको केही समयमै त्यहाँ पनि कोरोनाले सतायो । अहिले घरबाटै २-३ वटा अनलाइन क्लास लिइरहेका छन् ।

दाहाल र भट्टराईको जस्तै अवस्था भोगेका अर्का पात्र हुन्- यज्ञबहादुर कार्की । ५० वर्षे कार्की पनि २१ वर्षसम्म टुर गाइड भए । कोरोनाका कारण अहिले काम पाउने अवस्था नभएपछि भक्तपुरको बोडेमा किराना पसल थालेका छन् । 'पैसा आउने बाटो खोज्नु त पऱ्यो । त्यसैले केही समयअघि मात्रै किराना पसल सुरू गरेको छु । साथमा खाना पकाउने ग्यास पनि बिक्री गर्छु, अहिलेसम्म त राम्रै छ,' उनी भन्छन् । पर्यटन क्षेत्रमा पहिलेको जस्तै अवस्था आउन लामो समय लाग्ने ठानेर उनले किराना पसल सुरू गरेका हुन् ।

## अतिप्रभावित पर्यटन क्षेत्र

पर्यटकीय गन्तव्य अन्य प्रदेशको तुलनामा बागमतीमा कम छन् । तर मुलुकको राजधानी काठमाडौं समेत रहेको हुनाले मुलुकमा हुने हरेक पर्यटकीय गतिविधि यहाँ गाँसिएर आइहाल्छ । हवाईमार्ग हुँदै नेपाल प्रवेश गर्ने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, आन्तरिक विमानस्थलको हव, तारे तथा पर्यटकीय होटलहरूको ठूलो संख्याले बाग्मती प्रदेश पर्यटकीय दृष्टिकोणले निकै महत्त्वपूर्ण छ ।

कोरोना महामारी नहुँदो हो त नेपाल भ्रमण वर्ष भव्यताका साथ मनाइएको हुन्थ्यो । तर, मुलुकको अर्थतन्त्रमा ठूला टेवा पुग्ने अपेक्षा गरिएको पर्यटन क्षेत्र आगामी २/३ वर्षका लागि उठ्नै नसक्ने गरी प्रभावित भयो । सन् २०१९ मा १२ लाख विदेशी पर्यटक आएकामा सन् २०२० मा थप ८ लाख ल्याएर २० लाख पुऱ्याउने महत्त्वाकांक्षी लक्ष्य कोरोनाका कारण पूरा हुन सकेन । फलतः १४२ वटा तारे होटल बन्द हुने अवस्थामा पुगे । तारे होटलबाहेक पर्यटक स्तरीय १ हजार १५१ होटल सुनसान भए जसमा १३ हजार ९ सय बेड खाली भए । पर्यटन विभागमा दर्ता भएका ३ हजार ७४३ ट्राभल एजेन्सी बन्द भए । यस अवधिमा २ हजार ७९७ ट्रेकिङ एजेन्सी पनि कामविहीन भए । ४ हजार २ सय ४१ टुर र १७ हजार ६ सय २६ ट्रेकिङ गाइड लकडाउन तथा निषेधाज्ञाका कारण घरभित्रै बस्न बाध्य भए । ३८९ वटा होमस्टेका ६६३ कोठा र १ हजार ८८ वटा बेडले अतिथि पाएनन् । साथै ८२ वटा ऱ्याफ्टिङ एजेन्सीले काम पाएनन् । अन्तर्राष्ट्रिय विमानहरू नेपाल आउन पाएनन् भने नेपालमा भएका विमान पनि ह्याङगरमा थन्किए ।

खोपको उपलब्धतासँगै सामान्य बन्दै गएको जनजीवनलाई कोरोनाको दोस्रो लहरले तहसनहस पारेको छ । चाँडै तंग्रिने संकेतहरू मधुरा देखिएका छन् ।

## क्यासिनोको राजस्व : ५९ करोडबाट १ करोड

कोरोना महामारीका कारण पर्यटन क्षेत्रमा असर पर्दा क्यासिनोबाट हुने राजस्वमा पनि ठूलो कमी आएको छ । अर्थ मन्त्रालयका अनुसार २०७७/७८ को फागुनसम्ममा नेपालमा १० वटा क्यासिनो दर्ता भइ सञ्चालनमा छन् ।

आधुनिक मेसिन वा उपकरणको माध्यमबाट मात्रै खेलाइने खेल (मिनि क्यासिनो) तर्फ पाँच क्यासिनो दर्ता भइ सञ्चालनमा रहेका छन् । यसबाट आर्थिक वर्ष २०७६/७७ मा ५८ करोड ७६ लाख ६८ हजार ४ सय रावस्व प्राप्त भएको थियो भने चालु आर्थिक वर्षमा १ करोड १ लाख रूपैयाँ मात्रै राजस्व प्राप्त भएको छ ।

## बागमतीमा विविध पर्यटन

प्रदेशको धरातलीय विविधताअनुसार यहाँको हावापानीमा पनि विविधता छ । समुद्र सतहदेखि १४१ मिटर उचाइमा रहेको चितवनको गोलाघाटदेखि ७ हजार २२७ मिटर उचाइमा रहेको रसुवाको लाङटाङ हिमालसम्म यो प्रदेश फैलिएको छ ।

यहाँका महत्त्वपूर्ण धार्मिक स्थानहरूमा हिन्दूहरूका आराध्यदेव पशुपतिनाथ, बूढानीलकण्ठ, स्वयम्भूनाथ, चाँगुनारायण, गोसाइँकुण्ड, कालिञ्चोक भगवती, भीमेश्वरलगायत छन् । त्यसका साथै ऐतिहासिक गढीहरूमा मकवानपुर गढी, सिन्धुली गढी, रसुवा गढी प्रमुख पर्यटकीय गन्तव्य हुन् । त्यसैगरी यस प्रदेशमा २० हजारी ताल, गोसाइँकुण्ड, च्छो रोल्पा हिमताल, जट पोखरी, पाँच पोखरी तथा बहुबाल पोखरीजस्ता महत्त्वपूर्ण पर्यटकीय र ऐतिहासिक सम्पदा पनि छन् ।

यस प्रदेशमा लाङटाङ र गौरीशंकर गरी दुई वटा हिमशृंखला छन् भने । नेपालमा रहेका ५ हजार मिटरभन्दा अग्ला ४१४ वटा हिमचुचुरामध्ये यस प्रदेशमा ६१ वटा छन् । यस प्रदेशमा रहेको अग्लो चुचुरो लाङटाङ लिरूङ ७२२७, लाङटाङ ७२०५ मिटर र गौरीशंकर ७१३५ मिटर उचाइका छन् ।

यस प्रदेशमा १० वटा उपजलाधार प्रणाली र ३३ वटा मुख्य नदी छन् । यीमध्ये सबैभन्दा लामो नदी सुनकोशी हो जसको लम्बाइ १६०.१९ किलोमिटर छ भने सबैभन्दा छोटो नदी लाल बकैया १.८९ किमी मात्र रहेको जानकारी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आधिकारिक वेबसाइटमै राखेको छ ।

## पर्यटनमा लगानी १५ खर्ब

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले कोरोना महामारीको पहिलो लहर सुरू भएपछि गरेको अध्ययनअनुसार नेपालको पर्यटन क्षेत्रमा १५ खर्ब रूपैयाँ बराबरको लगानी भएको छ, जसमा ७ लाख २० हजारले रोजगारी पाएका छन् । पर्यटन मन्त्रालयका सहसचिव घनश्याम उपाध्यायको संयोजकत्वमा पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत धनञ्जय रेग्मी र

नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक राजन पोखरेल सदस्य रहेको समितिले उक्त अध्ययन गरेको हो ।

हाल नेपालमा तारे तथा पर्यटकस्तरीय होटलको संख्या १ हजार २८९ वटा छन् । जसमा ४४ हजार बेड संख्या छ भने यसमा १० खर्ब रूपैयाँ लगानी छ । यी होटलहरूमा २ लाखभन्दा बढीले रोजगारी पाएका छन् ।

त्यसैगरी विभिन्न विमान कम्पनीमा १ खर्ब रूपैयाँभन्दा बढी र पर्वतारोहण तथा पदयात्राको क्षेत्रमा पनि १० अर्ब रूपैयाँ लगानी भइसकेको छ । यस क्षेत्रबाट सरकारले गतवर्ष मात्रै ५५ करोड रूपैयाँ राजस्व संकलन गरेको थियो । यो क्षेत्रमा ९० हजार श्रमिक आश्रित छन् । सरकारले आर्थिक वर्ष २०७७/७८ मा को वसन्त ऋतुमा मात्रै विभिन्न १६ वटा हिमाल आरोहणका लागि अनुमति दिएबापत ७१ करोड ४८ लाख रूपैयाँ संकलन गरिसकेको छ ।

यसबीच खर्बौं लगानी भएको यस क्षेत्रलाई अनिश्चित भविष्यबीच कसरी टिकाइ राख्ने हो भन्ने चिन्ता थपिएको छ । पर्यटनसँग प्रत्यक्ष र अप्रत्यक्ष अन्तर सम्बन्ध राख्ने कृषि, यातायात, उद्योगलगायतका क्षेत्रमा पनि ठूलो असर देखिएको छ ।

त्यसैगरी बागमती प्रदेशको हकमा अर्थ मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७६/७७ मा १४ अर्ब ४ करोड रूपैयाँ लगानी भइसकेको छ । यो अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी हो । मुलुकका ७ वटै प्रदेशमा कुल १८ अर्ब १६ करोड रूपैयाँ पर्यटन क्षेत्रमा लगानी भएको अर्थ मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

## मोटामोटी क्षति २५ अर्ब

गतवर्ष नेपाल पर्यटन बोर्डले गरेको अध्ययनअनुसार कोरोना महामारीका कारण पर्यटन क्षेत्रमा मासिक १० अर्ब रूपैयाँ बराबरको क्षति भइसकेको छ । बोर्डले गरेको लकडाउनपछिको पर्यटन क्षेत्रको अवस्था र पुनःस्थापना विषयको एक अध्ययनले समग्र पर्यटन क्षेत्रमध्ये होटल, ट्राभल, ट्रेकिङ, एयरलाइन्ससहितमा यस्तो क्षति भएको अनुमान गरिएको हो ।

पर्यटकको संख्यामा उल्लेख्य रूपमा आएको कमीका कारण यस क्षेत्रमा ठूलो नोक्सानी भइसकेको र कोरोनाको नयाँ भेरियन्टका कारण अझै ठूलो

क्षति हुने अनुमान बोर्डको छ ।

नेपालमा कुन नाकाबाट कति पर्यटक आए, उनीहरूले नेपालमा कति दिन बिताए, कति खर्च गरे जस्ता विश्वश्नीय तथ्यांक छैन । त्यसैका लागि सरकारले स्याटेलाइट अकाउन्टको अवधारणा ल्याएको थियो । रबीन्द्र अधिकारी पर्यटनमन्त्री भएको समयमा सो प्रणाली लागू गर्ने भनिए पनि हालसम्म कार्यान्वयनमा आउन सकेको छैन । तर पनि होटल, रेस्टुराँ तथा बार, ट्राभल एन्ड ट्रेकिङ, विमान कम्पनीलगायतको मोटामोटी हिसाब गर्दा २५ अर्बभन्दा रूपैयाँ बढीको क्षति भइसकेको छ ।

स्याटेलाइट अकाउन्ट प्रणाली विश्व पर्यटन संगठनले सञ्चालनमा ल्याएको हो । आन्तरिक तथा बाह्य पर्यटकले गर्ने खर्च, पर्यटन उद्योगले कुल राष्ट्रिय र कुल गार्हस्थ्य उत्पादनमा पारेको प्रभाव, रोजगारी, लगानी, गैरबजेटरी प्रभाव तथ्यांकमा समावेश गर्नेछ ।

## बन्द होटल, यसैमा छ हित

अहिले पर्यटक नआउँदा केही होटल सञ्चालक विस्थापित भइसकेका छन् भने धेरैले होटल बन्द गरेर राखेका छन् । त्यस्तै अवस्था बागमती प्रदेशअन्तर्गत काठमाडौंको ठमेलमा पनि छ । पर्यटकको बाक्लो उपस्थिति रहने यस्ता क्षेत्रका व्यवसायीलाई घरभाडा तिर्न र कर्मचारीलाई तलब खुवाउनै हम्मेहम्मे परेको छ । कतिपय विस्थापित भइसकेका छन् भने कतिपय कसरी टिकाउने भन्नेमा चिन्तित छन् ।

काठमाडौंका अधिकांश तारे होटलहरू बन्द छन् । सञ्चालन गर्नुभन्दा बन्द गर्दा घाटा कम हुने भएकाले बन्द गर्नुको विकल्प नभएको उनीहरूको तर्क छ । र्‍याडिसन होटलका सञ्चालक प्रकाश तिवारीका अनुसार होटलका अधिकांश ग्राहक विदेशी पर्यटक नै हुन् । उनीहरू अहिले नेपाल आउने अवस्था छैन ।

'यदि आजका दिनमा होटल सञ्चालन गर्ने हो र कम्तीमा ४० प्रतिशत अकुपेन्सी नहुने हो भने होटल खोल्नुभन्दा बन्द गर्नु नै फाइदा हुन्छ । होटल खुल्नेबित्तिकै, किचनदेखि गार्डेन, स्वीमिङ पुल, हाउस किपिङलगायत सबै कर्मचारी बोलाउनुपर्ने हुन्छ । उनीहरूको खर्च धान्नका लागि कम्तीमा ४०

प्रतिशत अकुपेन्सी चाहिन्छ जुन अहिले सम्भव छैन,' उनको हिसाबकिताब छ ।

कोभिड आउनु अघिसम्म राम्रो नाफा कमाइरहेका होटल यतिबेला ठूलो घाटामा छन् । नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)मा सूचीकृत तीन वटा होटल सोल्टी, ऱ्याडिसन र हायात होटलको घाटा ठूलो छ । यसबीचमा ऱ्याडिसन होटल आर्थिक वर्ष २०७७/७८ को चैत महिनासम्म २१ करोड घाटामा गइसकेको छ । सोही अवधिमा हायात होटलको ९ करोड रूपैयाँ र सोल्टी होटलको घाटा १३ करोड ६६ लाख रूपैयाँभन्दा बढी छ ।

होटलहरूले खर्च धान्न सक्ने अवस्था नभएपछि धमाधम कर्मचारी कटौती गर्ने रणनीति अँगालेका छन् । होटल डेल अन्नपूर्णकी सञ्चालक तथा होटल संघ नेपाल (हान) का अध्यक्ष सिर्जना राणाले तत्कालका लागि होटल पूर्णरूपमा बन्द गरिएको जानकारी दिइन् । 'कोरोनाका कारण घाटा अत्यधिक भयो, अझै २ वर्षसम्म विदेशी पर्यटन आउने अवस्था सुनिश्चित नभइसकेको अवस्थामा होटल सञ्चालन गरेर करोडौं घाटामा जानुभन्दा बन्द गर्नु नै उचित देखियो,' उनले भनिन् । राणाले अवस्था सामान्य भए पनि होटल सञ्चालन गर्ने विषयमा योजना बनाइ नसकेको जानकारी दिइन् ।

पर्यटन क्षेत्र राम्रोसँग सञ्चालन हुन नसक्दा यसले कैयन् क्षेत्रमा असर गर्ने देखिएको छ । 'एउटा पर्यटक आउँदा हवाई सेवासँगै यातायातका विभिन्न साधनको प्रयोगदेखि किसानले उत्पादन गर्ने खाद्यान्न, बैंक तथा बीमा क्षेत्रसँगै हस्तकलाको व्यापार पनि कम भएको छ,' हानका उपाध्यक्ष विनायक शाह भन्छन्, 'सरकारले संकलन गरेको तथ्यांक नै अपुरो छ किनभने पर्यटक सबैले तिरेको पैसाको हिसाब सरकारसँग छैन ।' यही अभाव पूरा गर्न पछिल्लो समय ल्याइएको स्याटेलाइट अकाउन्टिङ सिस्टमको अवधारणा हालसम्म अगाडि बढ्न नसकेको हो ।

शाहका अनुसार अहिले अधिकांश होटलहरू बन्द भए पनि सधैंभरि बन्द राखेर पनि हुँदैन । त्यसैले कतिपय होटलले १० प्रतिशत मात्रै कर्मचारी राखेर भए पनि होटल सञ्चालन गर्नुपर्ने बाध्यता छ ।

होटल ऱ्याडिसनका सञ्चालक प्रकाश तिवारीका अनुसार विदेशी पर्यटक नआउँदासम्म होटल सञ्चालन गर्नु भनेको घाटामै जानु हो । एक जनाका लागि मात्रै होटल सञ्चालन गर्दा लाग्ने खर्च र ५० जनाका लागि लाग्ने खर्च उस्तै हुन्छ । त्यसैले पनि कम्तीमा ४० प्रतिशत अकुपेन्सी हुने अवस्था

नआउँदासम्म होटल सञ्चालन गर्न नसक्ने भनिएको उनी बताउँछन् ।

## रेस्टुराँ : दैनिक क्षति १० करोड

रेस्टुराँ तथा बार एसोसिएसनका अध्यक्ष अरनिको राजभण्डारी कोरोनाका कारण यस क्षेत्रमा काम गर्ने करिब १ लाख दक्ष जनशक्ति विस्थापित हुने अवस्थामा रहेको बताउँछन् । उनका अनुसार १ लाखमध्ये १० प्रतिशत मात्रै अहिले रेस्टुराँ क्षेत्रमै रहे पनि अधिकांश वैकिल्पक पेशामा आबद्ध हुन थालेका छन् । कतिपय गाउँ फर्केर कृषि पेशामा लागेका र कतिपय ठेक्का पट्टामा पनि लागेको उनले थाहा पाएका छन् ।

राजभण्डारीका अनुसार रेस्टुराँ तथा बारबाट दैनिक १० करोड रूपैयाँको व्यापार हुन्थ्यो । त्यो अहिले ठप्प छ । यसमा आबद्ध लाखौं मानिसहरूको आम्दानी रोकिएको छ । सरकारलाई कर पनि बुझाउन नसकिने अवस्था आएको उनी बताउँछन् । हुन पनि कोरोनाको महामारी केही कम भएको समयमा ठमेल बाहेकका काठमाडौंलगायत चितवनका कैयन् रेस्टुराँहरू पूर्णरूपमा सञ्चालनमा आइसकेका थिए । विदेशी पर्यटकमा बढी आश्रित हुने ठमेललगायत स्थानमा अवस्था सहज थिएन तर अहिले सबै ठप्प भएको छ ।

## होमस्टे : सुनसानमा पनि सजावट

कोरोना महामारीका कारण होमस्टेमा पाहुना छैनन् । पाहुनाका लागि आकर्षक ढंगले सजाइएका कोठाहरू अतिथिविहीन छन् । होमस्टे एसोसिएसन नेपालका कोषाध्यक्ष सुरज बास्तोलाका अनुसार कोरोनाका कारण होमस्टेमा ठूलो मार परेको छ ।

बास्तोला आफैले नगरकोटमा होमस्टे सञ्चालन गरिरहेका छन् । नगरकोटमा बास्तोला गाउँमा १७ घरधुरीले ६० वटा कोठा होमस्टेका रूपमा प्रयोग गरिरहेका छन् । पाहुना पाउन छाडे पनि सञ्चालकहरू भने कर्जा लिएरै भए पनि होमस्टेको ब्यूटिफिकेसनको काम गरिरहेका छन् ।

'कोरोनाका कारण गत वर्ष बन्द नै भयो । बीचमा केही समय पाहुनाहरू आउनु भएको थियो तर फेरि बन्द भएको छ । यसैबीचमा १० घरधुरीले कृषि

विकास बैंकबाट १५ लाख रूपैयाँका दरले कर्जा लिएर थप लगानी पनि गर्नुभएको छ,' बास्तोलाले जानकारी दिए । उहाँका अनुसार प्रत्येक घरमा औसतमा ५० लाख रूपैयाँ लगानी भएको छ र त्यसमध्ये २० लाख रूपैयाँ कर्जा छ ।

उनले होमस्टे दर्ता र नवीकरणका लागि सहजीकरण गर्न बाग्मती प्रदेश सरकारसमक्ष मागसमेत गरे । "गण्डकी लगायतका प्रदेशमा होमस्टे दर्ता र नवीकरणको व्यवस्था छ तर बाग्मती प्रदेशले त्यो व्यवस्था गर्न सकेको छैन । यदि त्यसो भएमा हामीलाई सहज हुने थियो," उनी भन्छन् । बास्तोलाका अनुसार कोरोनाबाट प्रभावित होमस्टे सञ्चालकहरूलाई ब्याज मिनाहा गरिदिए व्यवसाय जोगाउन केही सहज हुने छ ।

## पर्यटन नचल्दा किसानलाई मार

होटल तथा रेस्टुराँको सम्बन्ध किसानसँग सबैभन्दा बढी हुन्छ । तरकारी, मासु, अण्डालगायत खाद्यान्नका लागि किसानमै भर पर्नुपर्ने हुन्छ । किसानले उत्पादन गरेको खाद्यान्न खरिदमै होटल तथा रेस्टुराँको कुल व्यापारको आधार रकम खर्च हुन्थ्यो, अहिले ठप्प छ ।

'रेस्टुराँमा हुने दैनिक १० करोडको व्यापारमध्ये ४ देखि ५ करोड रूपैयाँ कृषिजन्य उत्पादनमै खर्च हुने हो । अहिले यो ठप्प हुँदा त्यसको सीधा असर किसानमा परेको छ,' रेबनका अध्यक्ष राजभण्डारी भन्छन् ।

होटलमा अधिकांश प्रयोग हुने अण्डा, मासु, ब्रेड, तरकारी, खाद्यान्नको व्यापार ठप्प भयो । यसले गर्दा किसानले कुखुरा पाल्न छाडे, बजार नभएपछि अण्डा उत्पादन पनि कम हुन थाल्यो ।

'किसानले ४० देखि ६० दिन लगाएर चिकेन तयार पार्छ । अण्डा तयार पार्छ । तर अहिले बजार नहुँदा त्यो लगानी किसानले गर्न सकिरहेको छैन । अर्थात्, अब फेरि सुरू गर्दा लागत बढ्ने र बीचमा सप्लाइको ग्याप पनि रहनेछ । यसका कारण मूल्य वृद्धि हुने जोखिम पनि रहेको छ,' उनको विश्लेषण छ ।

## गुमेको रोजगारीको चिन्ता

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत धनञ्जय रेग्मीका अनुसार पर्यटन क्षेत्रमा प्रत्यक्ष रूपमा २ लाख ७२ हजार श्रमिक जोडिएका छन् भने करिब १० लाखको हाराहारीमा अप्रत्यक्षरूपमा जोडिएका छन् । तीमध्ये सबैभन्दा ठूलो संख्या होटलमा छ । कोरोनाका कारण होटल बन्द हुँदा २ लाख रोजगारी गुमेको छ । होटल डेल अन्नपूर्ण जस्ता कैयन् होटलहरू बन्द भएका छन् । होटलहरूले कर्मचारीहरूले स्वैच्छिक अवकासमार्फत बिदा गर्ने कैयन योजना पनि ल्याएका छन् ।

'होटल बन्द गर्नुपर्ने अवस्था आएकाले कर्मचारीलाई स्वैच्छिक अवकासको योजना दियौं । त्यसमा उहाँहरूले उपदान, ग्रेड, सञ्चयकोषमा जम्मा भएको रकम पाउनुहुन्छ । जुन रकमले सानोतिनो व्यापार गर्न सकिन्छ,' हानका अध्यक्ष सिर्जना राणाले भन्छिन् ।

नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्टका वरिष्ठ उपाध्यक्ष विनय बस्नेतका अनुसार सरकारले पर्यटनसँग सम्बद्ध तथ्यांक नै अपूरो संकलन गरेको छ । कोरोनाका कारण हजारौं संख्यामा रोजगारी प्रभावित भएको छ । कोरोनाको असर आगामी वर्षमा पनि रहने देखिएकाले स्थायी रूपमै दक्ष जनशक्ति गुमाउनुपर्ने अवस्था आएको छ ।

टुरिस्ट गाइड एसोसिएसन नेपालका अध्यक्ष बद्री नेपालका अनुसार हाल नेपालमा ४ हजार ५ सय जना लाइसेन्सप्राप्त टुर गाइड छन् । तीमध्ये २ हजार ३ सयको हाराहारीमा र १८ हजारको हाराहारीमा ट्रेकिङ गाइड छन् । कोरोना महामारीपछि हालसम्म यी गाइडहरूले काम पाउन सकेका छैनन् । त्यसैले केही पलायन भइसकेका छन् ।

सन् २०२० मा काम गर्नै पाएनन् भने २०२१ मा पनि विदेशी पर्यटक आएलान् र र काम पाइएला भन्ने अवस्था छैन । यस्तो अनिश्चितता भएकाले गाइडहरूले पनि विकल्प खोज्न थालेको नेपाल बताउँछन् । उनले गाइडहरू कोरोनाका कारण सबैभन्दा बढी प्रभावित भए पनि राज्यले कुनै सुविधा नदिएकोमा दुःख पनि व्यक्त गरे । 'लाइसेन्सका आधारमा सरकारले सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनुपर्छ,' उनको माग छ ।

कोरोनाको कहर सुरू भएपछि धेरै मानिसहरू गतवर्ष नै गाउँ गइसकेका

थिए । त्यहाँ उनीहरू कृषिमा आबद्ध भए । बीचमा केही समय अवस्था सहज हुँदा केही फर्किए पनि सक्रिय २ हजार टुर गाइडमध्ये ७ देखि ८ सय जनाले नयाँ पेशा अपनाइसकेको उनले जानकारी दिए ।

त्यति मात्रै होइन, पर्यटन क्षेत्रमा रोजगारी पाइरहेका र अहिले बेरोजगार भएका जनशक्तिलाई न्यूनतम काम उपलब्ध गराउने पर्यटन मन्त्रालयको योजना अहिलेसम्म सुरू हुनसकेको छैन भने आन्तरिक पर्यटन बढाउन दुई दिन बिदा दिने प्रस्ताव तुहिएको छ ।

नाट्टाका अध्यक्ष अच्युत गुरागाईंका अनुसार ३७४३ ट्राभल एजेन्सीमध्ये करिब १८ सय सक्रिय छन् । नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्टमा मात्रै ११ सय ट्राभल एजेन्सी कम्पनीहरू आबद्ध छन् । तिनमा करिब एक लाखले रोजगारी प्राप्त गरेको र थप ५ लाख आश्रित रहेको उनी बताउँछन् । उनका अनुसार अहिले व्यवसायीलाई कसरी व्यवसाय टिकाउने भन्ने चिन्ता छ भने कोरोनाको असर लामो समयसम्म रह्यो भने मजदुरलाई रोजगार गुमाउनु पर्लाकी भन्ने चिन्ता छ ।

नेपाल ट्रेकिङ, ट्राभल्स्, न्याफ्टिङ, एयरलाइन्स मजदुर युनियन (युनिट्राभ) का अध्यक्ष सुमन पराजुली पाँच महिनादेखि अधिकांश मजदुरले तलब सुविधा नपाएको जानकारी दिन्छन् । 'कोरोना सुरू भएपछि अधिकांश ट्राभल क्षेत्रका मजदुरले तबल सुविधा पाएका छैनन् । यही अवस्था रहिरहे यो क्षेत्रका पर्यटन मजदुर पलायन भएर भोलि पर्यटन क्षेत्रमा संकट उत्पन्न हुने अवस्था आउन सक्छ,' अध्यक्ष पराजुली भन्छन् ।

उनका अनुसार इन्डोर ट्राभलमा २२ हजार र चार हजार पाँच सय टुरगाइड लाइसेन्स लिएर काम गरिरहेका छन् । यति ठूलो संख्याले रोजगारी गुमाउँदा यसको दीर्घकालीन असर नेपालको पर्यटन क्षेत्रलाई नै पर्ने छ । रेस्टुराँ तथा बार एसोसिएसनका अध्यक्ष अरनिको राजभण्डारी यो क्षेत्रमा कार्यरत १ लाख श्रमिकमध्ये अब ३० देखि ४० हजार जना फेरि फर्कन नसक्ने ठान्छन् ।

'पुराना पर्यटन क्षेत्रका श्रमिकको केही बचत भएर जीवनयापन गर्न सहज होला तर यसक्षेत्रका नयाँ श्रमिकको अवस्था नाजुक छ', टुरिस्ट गाइड एसोसिएसन अफ नेपालका अध्यक्ष केदार तामाङ बताउँछन् ।

'केही थोरै साथी कृषि कर्ममा लाग्नुभएको छ, केही वैकल्पिक पेशामा

आबद्ध भएका छन् तर बहुसंख्यक साथीहरू यो क्षेत्र कहिले लयमा फर्केला र काम पाइएला र आर्थिक उपार्जन गरौंला भनेर पर्ख र हेरको अवस्थामा बस्नु भएको छ,' उनी भन्छन् ।

गाइडहरूको लाइसेन्स र कार्यक्षमताको मूल्याङ्कनका आधारमा विनाधितो कर्जा प्रवाह गरियोस भनेर राज्यका सबै निकाय चहार्दा पनि ठोस जवाफ कतैबाट नपाएको अध्यक्ष तामाङले गुनासो छ । अब पर्यटक आएपछि गाइडहरूले सेवा दिनु नै पर्छ । त्यसैले पर्यटकसँग अग्रमोर्चामा खटिनेहरूको स्वास्थ्य, सुरक्षा, बीमा र भोलिका दिनमा केही भवितव्य भइहाले क्षतिपूर्तिको व्यवस्था गर्न सरकारका निकायलाई सुझाउँदै आएको तर सुनुवाइ नभएको अध्यक्ष तामाङको भनाइ छ ।

## पर्यटक घट्दै, जनशक्ति थपिँदै

सन् २०१९ को तुलनामा सन् २०२० मा कोरोना महामारीका कारण विदेशी पर्यटक आगमनमा उल्लेख्य कमी आयो । आर्थिक सर्वेक्षण २०७७/७८ मा उल्लेख भए अनुसार सन् २०२० मा कुल विदेशी पर्यटकको संख्या २ लाख ३० हजार ८५ मा सीमित भयो जुन अघिल्लो वर्षको तुलनामा ८१ प्रतिशत कम हो ।

भ्रमणको उद्देश्यअनुसार ६०.५ प्रतिशत पर्यटनले बिदा, मनोरञ्ज, यात्रा जस्ता पर्यटकीय उद्देश्यले नेपाल भ्रमण गरेका छन् । त्यसैगरी १५.५ प्रतिशतले तीर्थयात्रा, १२.४ प्रतिशत पर्वतारोहण, साहसिक यात्रा, पदयात्रा र ११.५ प्रतिशत अन्य विभिन्न उद्देश्यले नेपाल भ्रमण गरेका छन् ।

पर्यटन उद्योगमा भारी गिरावट आए पनि यस क्षेत्रमा मानवसंसाधनको विकास भने रोकिएको छैन । आर्थिक वर्ष २०७७/७८ को फागुन महिनासम्ममा नेपाल पर्यटन तथा होटल प्रतिष्ठानले होटल व्यवस्थापनतर्फ चालू ५४७ जना जनशक्ति तयार पारेको छ ।

साथै हालसम्म तालिम प्राप्त गर्नेहरूको संख्या ५६ हजार ९४४ पुगेको छ । त्यसैगरी नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानले २०७७ फागुन महिनासम्म २ हजार ६ सय ५९ जनालाई विभिन्न विधामा पर्वतीय पर्यटनसम्बन्धी तालिम दिएको छ ।

## सधैँका लागि बन्द

सन् २०२१ को मे १७ तारिखमा पर्यटन क्षेत्रसँग सम्बद्ध १७ प्रतिशत व्यवसाय सधैँका लागि बन्द भएको प्रतिवेदन सार्वजनिक भएको छ । नेपाल पर्यटन बोर्डका निवर्तमान प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीको नेतृत्वमा भएको एक अध्ययनको प्रतिवेदनअनुसार ठमेलमा रहेका पर्यटनसँग सम्बद्ध १७ प्रतिशत व्यवसाय सधैँका लागि बन्द भएका छन् ।

काठमाडौं लिभिङ ल्याब्सले होटल एसोसिएसन नेपाल, ठमेल पर्यटन परिषदसँगको सहकार्यमा पर्यटकीय क्षेत्र ठमेललाई केन्द्र बनाएर अध्ययन गरिएको जोशीले जानकारी दिए ।

अध्ययन प्रतिवेदनमा ८७ प्रतिशत व्यवसाय ऋणमा रहेको, ९२ प्रतिशत व्यवसायमा कोरोनाका कारण ऋण थपिएको र ९५ प्रतिशत श्रमिकहरू मनोवैज्ञानिक रूपमा प्रभावित भएको उल्लेख छ ।

कोरोना महामारीका कारण ९४ प्रतिशत व्यवसाय बन्द भएका छन् भने ६५ प्रतिशत श्रमिक बेरोजगार भएका छन् । यसका साथै ९२ प्रतिशत श्रमिकहरू कोरोनाका कारण ऋणमा डुबेको पनि प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनले केही उत्साहजनक तथ्यांक पनि पेश गरेको छ । त्यसअनुसार, ७७ प्रतिशत व्यवसाय अस्थायी रूपमा मात्र बन्द भए भने ६ प्रतिशत व्यवसाय कहिल्यै बन्द भएनन् । यसबीचमा ३५ प्रतिशतले भने व्यवसाय नै बिक्री गर्न खोजेका भए पनि बाँकी ६५ प्रतिशतले बिक्रीचाहिँ त्यसो गर्न नचाहेको देखिएको छ । बिक्री गर्न चाहेका ३५ प्रतिशतमध्ये पनि ९ प्रतिशतले मात्रै बेचेका र बाँकी २६ प्रतिशतले बेच्न नसकेको देखिएको छ ।

प्रतिवेदनअनुसार ८० प्रतिशत व्यवसायीले यसबीचमा सञ्चालन खर्च समेत उठाउन सकेका छैनन् भने ३२ प्रतिशतले लगानी थप्ने योजना तत्कालका लागि स्थगित गरेका छन् । अध्ययनबाट ४३ प्रतिशत व्यवसायीले भने सन् २०२० को नेपाल भ्रमण वर्षका लागि लक्षित गरी लगानी थप गरेको पाइएको छ ।

प्रतिवेदनमा ९५ प्रतिशत व्यवसायीसँग चार महिनाका लागि पनि नपुग्ने बचत रहेको देखिएको छ भने ८७ प्रतिशतले रकम सापटी लिएको देखिएको छ । व्यवसायीमध्ये ६६ प्रतिशतले सहुलियत ऋण लिएको र ३४ प्रतिशतले धितो राखेर बैंक तथा वित्तीय संस्थामार्फत कर्जा लिएको पाइएको छ ।

## पर्यटन काजको व्यवस्था

सरकारले आगामी आर्थिक वर्ष २०७८/७९ का लागि वार्षिक बजेट प्रस्तुत गर्दै पर्यटन काजको व्यवस्था गरेको छ ।

आन्तरिक पर्यटनको विकास र विस्तारका लागि निजामती, सार्वजनिक संस्थान र प्रतिष्ठानका कर्मचारीलाई १० दिनको पारिश्रमिक बराबरको रकम सहित पर्यटन काज उपलब्ध गराइनेछ । निजीक्षेत्रमा कार्यरत कर्मचारीलाई समेत सोही अनुसारको सुविधा प्रदान गर्न प्रेरित गरिने सरकारले उल्लेख गरेको छ ।

यसअघिका पर्यटनमन्त्री योगेश भट्टराई तथा पर्यटन बोर्डका सीइओ धनञ्जय रेग्मीले समेत पटक-पटक कर्मचारीलाई पर्यटन बिदाको व्यवस्था हुनुपर्ने माग गर्दै आएका थिए । तत्कालीन पर्यटनमन्त्री भट्टराईले आ.व. २०७७/७८ कै बजेटमा यो व्यवस्था समावेश गर्नका लागि लविङसमेत गरेका थिए ।

## जीडीपीमा योगदान

केन्द्रीय तथ्यांक विभागका अनुसार मुलुकको कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान आर्थिक वर्ष २०७६/७७ मा ३.३२ प्रतिशत र आव २०७५/७६ मा २.२ थियो ।

विश्व बैंकको प्रतिवेदनअनुसार नेपालको कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान ७.९ प्रतिशत छ । जीडीपीमा पर्यटन क्षेत्रको योगदान निकै कम भए पनि यसले पार्ने प्रभावको चक्र भने ठूलो छ ।

हाल कार्यान्वयनको प्रक्रियामा रहेको १५औं योजनामा पनि योजनाको अन्तिम वर्षसम्ममा ३५ लाख विदेशी पर्यटक ल्याउने, बसाइ अवधि सरदर १५ दिन र औसत खर्च प्रतिदिन १०० डलर बनाउने लक्ष्य लिइएको छ ।

साथै उक्त अवधिसम्ममा थप ३ लाख ८२ हजार रोजगारी सिर्जना गर्ने र कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान १० प्रतिशत बनाउने लक्ष्य लिइएको छ ।

एउटा विदेशी पर्यटक नेपाल घुम्न आउँदा उसले विमानस्थलदेखि

नै खर्च गर्न शुरू गर्छ । विमानस्थलमा मुद्रा सटही र मोबाइलको सीम खरिद गर्नेदेखि, होटलसम्म पुग्दा यातायातको प्रयोग, होटलको बसाइ, खानालगायतको खर्च ठूलो हुन्छ ।

वर्ल्ड ट्राभल एन्ड टुरिजम काउन्सिलको तथ्यांकअनुसार, सामान्यतः एक जना पर्यटकबाट प्रत्यक्ष तथा परोक्ष रूपमा १० जनालाई रोजगारी प्राप्त हुन्छ । तर, व्यवसायीहरू भने एक साता नेपालमा बस्ने पर्यटकले औसतमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा १० देखि २० जनाको व्यापारमा केही न केही योगदान गर्ने बताउँछन् । यसै आधारमा उनीहरूको व्यवसाय चलेको हुन्छ ।

कोरोनाका कारण पर्यटकको उपस्थिति नहुँदा कृषिजन्य वस्तुबाट हुने आम्दानी ओरालो लागेको छ भने हवाई उड्डयन क्षेत्रले आन्तरिक यात्रुका कारण मात्र राहतको श्वास फर्न सकेको छ । तर विदेशी पर्यटक नआउँदा डलर फेयरबाट हुने ठूलो आम्दानी गुमेको छ ।

नेपाल राष्ट्र बैंकका प्रवक्ता डा. गुणाकर भट्ट पर्यटन क्षेत्रसँगै थोक तथा खुद्रा व्यापार, होटल तथा रेस्टुराँ र यातायात जोडिने भएकाले पर्यटनमा असर गर्दा यी क्षेत्रमा पनि असर गर्ने बताउँछन् । यही मार अहिले देखिएको छ ।

## पुनर्कर्जाको सुविधा

नेपाल राष्ट्र बैंकले कोरोना महामारीका कारण प्रभावित भएको र हालसम्म पनि रिभाइभको कुनै संकेत नदेखिएको पर्यटन क्षेत्रका लागि कर्जा पुनःसंरचना तथा पुनःतालिकीकरणको समय बढाएर २०७८ असार मसान्तसम्म बनाएको छ । तर सरकारले उपलब्ध गराउने भनेको सहुलियत दरको पुनर्कर्जाको सुविधा अधिकांश होटलले पाएका छैनन् ।

'पुनर्कर्जाको सुविधा उपयोग गर्ने अधिकांश ठूला होटल छन् । काठमाडौं बाहिरका होटलमध्ये एकाध बाहेक अरूले उपयोग गर्न पाएका छैनन्,' हानका उपाध्यक्ष शाहले जानकारी दिए ।

त्यसबाहेक पर्यटकका लागि लक्षित हरियो नम्बर प्लेट भएका १० हजारभन्दा बढी सानादेखि ठूलो सवारी साधन छन् । यी गाडी पनि सबै सञ्चालन हुने अवस्था छैन र सहजरूपमा कहिलेदेखि सञ्चालनमा आउँछन्

भन्ने पनि टुंगो छैन ।

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार गत फागुन मसान्तसम्म कुल ९३ वटा होटलले १२ अर्ब ५४ करोड ८० लाख रूपैयाँसम्म पुनर्कर्जा लिएका छन् । तर साना तथा मझौला होटल तथा रेस्टुराँले त्यो सुविधा उपभोग गर्न पाएका छैनन् ।

पुनर्कर्जा लिनेहरूले न्यूनतम २ करोड ५४ लाख रूपैयाँदेखि अधिकतम २० करोड रूपैयाँसम्म लिएका छन् । ३० वटा होटलले अधिकतम २० करोड रूपैयाँसम्म पुनर्कर्जा लिएका छन् । ती होटलहरूले उक्त पुनर्कर्जाको रकम कर्मचारीको तलबभत्ता, व्यापार निरन्तरता लगायतमा खर्च गर्न पाउने व्यवस्था छ । यस्तो पुनर्कर्जाको ब्याजदर ५ प्रतिशत मात्रै हुन्छ ।

## बजेटबाट खुशी छन् व्यवसायी

थला परेको पर्यटन क्षेत्रका लागि सरकारले अध्यादेशमार्फत ल्याएको बजेटको प्रतिक्रिया सकारात्मक देखिएको छ । हानका अध्यक्ष सिर्जना राणाले थलिएको पर्यटन क्षेत्र उकास्ने विषयलाई बजेटले सम्बोधन गरेको प्रतिक्रिया दिएकी छन् । 'पर्यटन क्षेत्रलाई उत्पादनमूलक उद्योग सरहको मान्यता दिनु राम्रो हो । सामाजिक सुरक्षा कोषमा जेठ र असार दुई महिनाको रकम सरकारले नै हालिदिने भन्ने विषय स्वागतयोग्य छ,' उनको भनाइ छ ।

उनले एक महिनाका लागि भिसा शुल्क निःशुल्क भनिएकोलाई पनि सकारात्मक नै मानेकी छन् । भन्छिन्– त्यसलाई ६ महिना बनाएको भए हुने थियो, तैपनि यो सुरूवात भएकोले राम्रै हो ।

त्यसका साथै बजेटले कोभिड–१९ प्रभावित होटल, ट्राभललगायत पर्यटन व्यवसाय, सार्वजनिक यातायात, हवाई सेवाले तिर्नुपर्ने इजाजत तथा नवीकरण दस्तुर छुट गरेको छ भने होटल तथा पर्यटन क्षेत्रलाई उत्पादनमूलक उद्योग सरहको सुविधा उपलब्ध गराइने उल्लेख छ । त्यसैगरी विद्युत् र खानेपानीमा दिइएको छूट पनि सकारात्मक रहेको राणाको प्रतिक्रिया छ ।

तथ्यांक संकलनका लागि बायोमेट्रिकको व्यवस्था, होटललाई आइसोलेसन केन्द्र बनाउने भन्ने विषयले यस क्षेत्रलाई प्रोत्साहन गर्ने उनको भनाइ छ ।

यसै गरी सरकारी र सरकारी स्वामित्वका निकायको घर, गोदाम

वा जग्गा भाडामा लिई व्यवसाय गरेका व्यवसायीहरूले निषेधाज्ञा अवधिको भाडामा ५० प्रतिशतसम्म छूट दिने व्यवस्थाबाट पनि व्यवसायीले केही राहत नै महसुस गरेका छन् ।

करदाताको करयोग्य कारोबारमा प्रयोग भएको डिजेल र एलपी ग्यासको खरिदमा तिरेको मूल्य अभिवृद्धि कर कट्टी गर्न पाउने व्यवस्थाका साथै होटलको करयोग्य आयमा एक प्रतिशत मात्र आयकर लाग्ने व्यवस्था गरी ती व्यवसायको नोक्सानी सार्न मिल्ने अवधि बढाएर १० वर्ष बनाउनु राम्रो भएको उनको भनाइ छ ।

*(पत्रकार कमलकुमार बस्नेत 'क्लिकमान्डुडटकम'का सह-सम्पादक हुन्)*

# बाध्य भएपछि विकल्पको खोजी

हिमाल लम्साल

सुदर्शन कार्कीले २०६० सालदेखि चरिकोटमा होटल चलाउँदै आएका थिए । कोभिड–१९ का कारण पहिलोपटक लकडाउन हुँदासम्म उनको होटल आन्तरिक पर्यटकले भरिभराउ हुन्थ्यो । नेपाल उद्योग वाणिज्य महासंघअन्तर्गतको उद्योग वाणिज्य परिषद्का उपसभापतिसमेत रहेका कार्कीको संगम होटलमा वार्षिक सरदर २० लाखभन्दा धेरैको कारोबार हुन्थ्यो । कोभिड–१९ को पहिलो लहरसँगै १ करोड ७० लाख लगानी गरेर खोलेको होटलमा ताल्चा लाग्यो । करिब तीन महिना त उनले सुध्रिने दिन कुरेर बिताए तर सुधारको छेकछन्द आएन । अनि विकल्प सोचे । विकल्प त फुर्‍यो तर लगानी जुरेन । साँप्रामाथि पिँडो भनेझैं एनआईसी एसिया बैंकबाट फेरि डेढ करोड रूपैयाँ ऋण थपे र गत असोजदेखि मास्क उद्योग खोले ।

भक्तपुरको मध्यपुर थिमी नगरपालिका–१ मनहरा टाउन प्लानिङको उनको 'संगम स्वास्थ्य सामग्री उद्योग' ले दैनिक ५० हजारभन्दा धेरै मास्क उत्पादन गर्छ । होटल बन्द भएर बिचल्लीमा परेका मजदूरलाई कार्कीले

मास्क उद्योगमा ल्याएर रोजगारी दिएका छन् । 'हामी उद्योगी व्यवसायी त जसोतसो चल्न सकौँला तर मजदुरलाई अलपत्र पार्न न त भएन,' भन्छन्, 'महाव्याधि सधैं आइरहँदैन, यस्तो प्राकृतिक विपद्मा समयअनुसार व्यावसायिक यात्रा मोड्नुपर्ने बाध्यता हुँदो रहेछ ।'

बैंकको ब्याज तिर्न र खर्च टार्न पनि धौधौ भएपछि होटल बन्द गर्नुपर्दा उनलाई कम्ती पीडा भएको थिएन । तर, निराश भएर बस्ने होइन, विकल्प खोज्नुपर्छ भन्ने ठाने । चुनौतीले अवसर पनि ल्याउँछ भन्ने कुरा उनको जीवनमा चरितार्थ भयो । कोभिडले होटल व्यवसाय ध्वस्त पार्‍यो भने कोभिडले नै ल्याएको मास्क तथा सेनिटाइजर उद्योगमा उनी व्यावसायिक रूपमा समेत सफल भएका छन् । अहिले मास्क उद्योगको नाफाले बैंकको किस्ता सहजै तिरेका छन् । सम्पूर्ण खर्च कटाएर मासिक २ लाख रूपैयाँभन्दा धेरै आम्दानी भइरहेको बताउँछन् ।

कार्की मात्रै होइनन्, धेरै पर्यटन व्यवसायीले पुरानो व्यवसायलाई केही समयको लागि थाती राखेरै भए पनि नयाँ उद्योग व्यवसाय खोल्दैछन् । ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) पूर्वकोषाध्यक्ष रामहरि तिमिल्सिनाले सन् २००५ देखि ठमेलमा हिमायन सिनरी ट्रेकिङ कम्पनी राम्रैसँग चलाउँदै आएका थिए । सिजनमा एक सयभन्दा धेरैलाई रोजगारी दिँदै आएका थिए । तर, अहिले कार्यालयको भाडा तिर्नसमेत धौधौ भयो । उनले पनि कार्कीले जस्तै केही समय त कुरे । तर पार लागेन । अनि कार्यालयका सामान घरमा लगेर थन्क्याए । अनि, विकल्प खोज्दै आफ्नो जन्मथलो धादिङको त्रिपुरा सुन्दरी-७ पुगे र अहिले कुखुरा फार्म खोल्ने सुरसारमा छन् । भन्छन्- पहिला हरिया डलर सोहोरिन्थ्यो, अब कुखुराको सुली सोहोर्ने भइयो ।

तिमिल्सना पर्यटन व्यवसाय तत्कालै उक्सिने नदेखिएकाले जीविकोपार्जनका लागि नयाँ पेसा अंगाल्नुपर्ने बाध्यता आइपरेको बताउँछन् । हो, यही महसुस गरेका छन्, उनका सहकर्मी अरू व्यावसायीले पनि । तर, सबैले कहाँ विकल्प अपनाउन सक्छन् र ? ठमेल पर्यटन विकास समितिका उपाध्यक्ष भवीश्वर शर्माका अनुसार केही पर्यटन व्यवसायीले वैकल्पिक पेसा व्यवसाय अंगाले पनि अधिकांश पर्यटन व्यवसायी धराशयी हुने अवस्थामा पुगेको छन्, अधिकांश व्यवसायी भने अहिले पनि पर्ख र हेर कै अवस्थामा

छन् । कारण के भने दुई दशकभन्दा धेरै काम गरेको पेसा छाडेर अर्को पेशा अँगाल्दा जोखिम पनि उत्तिकै छ ।

अहिले काठमाडौं र पोखरामा मात्रै २ हजारभन्दा धेरै ट्रेकिङ व्यावसायीहरू छन् । कोरोनाकै कारणले टेकिङका तीन वटा सिजन त खेरा गइसके । ट्रेकिङ क्षेत्रले कोभिड–१९ कै कारणले १६ अर्ब रूपैयाँ जति नोक्सान बेहोरिसक्यो । टेकिङ क्षेत्रसँग आबद्ध भएका तीन लाख ५० हजारभन्दा धेरै मजदुर प्रत्यक्ष रूपमा प्रभावित भएका छन् । टानका अध्यक्ष खुमबहादुर सुवेदीका अनुसार यस्तै अवस्था रहिरहने हो भने ट्रेकिङ व्यावसायीलाई होल्ड गरेर राख्न सक्ने अवस्था पनि छैन । त्यसैले अहिले अधिकांश ट्रेकिङ व्यवसायीले विकल्पको खोजी गरिरहेको सुवेदीले देखेका छन् । भन्छन्, 'कोभिड १९ को कारणले ट्रेकिङ व्यावसायी अब पलायन हुने अवस्थामा पुगे ।'

सरकारले सन् २०२० लाई नेपाल पर्यटन भ्रमण वर्षका रूपमा अघि बढाउने घोषणा गरेको थियो । सोहीअनुसार २० लाख पर्यटन भित्र्याउने महत्त्वाकांक्षी योजना आरम्भ गरेसँगै छिमेकी मुलुक चीनमा कोभिड–१९ को संक्रमण देखापरिसकेको थियो । २०७६ चैत ११ देखि सरकारले कोभिड–१९को संक्रमण नियन्त्रण र रोकथाम गर्न भनेर मुलुकभर लकडाउन गऱ्यो । पर्यटनसँगै लगभग सबै क्षेत्र ठप्प भयो ।

## मासिक १० अर्ब नोक्सान

अरू व्यावसायसँगै मुलुकको अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा नै मानिने पर्यटन क्षेत्रले मात्रै कोभिड–१९ को असरले मासिक १० अर्ब रूपैयाँभन्दा धेरै नोक्सान बेहोर्दै आएको छ । नेपाल पर्यटन बोर्डले सार्वजनिक गरेको अध्ययन प्रतिवेदनले होटल, विमानसेवा, ट्रेकिङलगायत पर्यटनसम्बद्ध क्षेत्रबाट मासिक १० अर्ब रूपैयाँ घाटा हुने देखाएको छ । सरकारले चैत ११ गतेदेखि ठप्प भएको अन्तर्राष्ट्रिय हवाई उडान भदौदेखि र आन्तरिक हवाई तथा लामो रूटका सवारीसाधन असोज १ गतेदेखि सञ्चालनमा ल्याएको थियो । तर, सरकारले कोभिड महामारीकै बीचमा बहराइन र कतारका राजकुमारलाई हिमाल आरोहणको लागि विशेष अनुमति दिएको थियो ।

बहराइनका राजकुमार सेख मोहम्मद हमाद मोहम्मद अल खलिफासहितको टोलीले ८ हजार १६३ मिटर अग्लो मनास्लु हिमालको २९ असोज २०७७ मा सफल आरोहण गरेको थियो । कतारका राजकुमार शेख मोहमद विन अब्दुल्लासहितको १४ जनाको टोलीले २६ कात्तिक २०७७ मा अमादब्लम हिमालको सफल आरोहण गरेको थियो। यी दुई अरब मुलुकका राजकुमारले हिमाल आरोहण गरेर फर्किएसँगै नेपालको पर्यटन क्षेत्रबारे विश्वव्यापी रूपमा सकारात्मक सन्देश पनि प्रवाह भयो । सरकारले १ कात्तिक २०७७ देखि हिमाल आरोहण तथा पदयात्रा खुल्ला गर्ने निर्णय गर्‍यो ।

सरकारले मंसिर १ गतेदेखि पर्यटन क्षेत्रका सबै गतिविधि खुल्ला गरेको थियो । कोभिड-१९को कारणले पर्यटन क्षेत्रले मासिक १० अर्ब रूपैयाँभन्दा धेरै नोक्सानी बेहोर्दै आएको बताउने पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत धनञ्जय शर्मा पनि पर्यटन व्यावसायीहरू जस्तै नेपालको पर्यटन क्षेत्र धराशयी हुने अवस्थामा पुगेको बताउँछन् । कोरोनाको पहिलो लहरको असरबाट तंग्रिँदै गरेको पर्यटन क्षेत्र कोभिडको दोस्रो लहरको चपेटामा परिसकेको छ ।

कोभिड-१९ कै कारणले नेपालको पर्यटन क्षेत्रले करिब एक खर्ब रूपैयाँ जतिको नोक्सानी बेहोरिसकेको छ । बोर्डका अनुसार कोभिड-१९ को संक्रमण केही कमी भएसँगै कात्तिक २०७७ देखि आन्तरिक पर्यटनको चहलपहल सुरू भएको र कात्तिकदेखि २०७८ को वैशाखको सुरूवाती दिनसम्ममा नेपालको पर्यटन क्षेत्रले आफ्नो खर्च उठाउने हैसियतमा पुगिसकेको थियो । पर्यटन बोर्डका प्रवक्ता मणिराज लामिछानेका अनुसार २०७७ कात्तिकदेखि कोभिड १९ को संक्रमणमा कमी आएसँगै विदेशी पर्यटक आवागनको सुरूवात भएको थियो । बोर्डका अनुसार सन् २०२१ को जनवरीमा ८ हजार ८ सय ४, फ्रेब्रुअरीमा ९ हजार १ सय ४६ र मार्च महिनामा १४ हजार ९ सय ९७ जना विदेशी पर्यटक नेपाल आएका थिए ।

तर, कोभिड-१९ को दोस्रो लहरसँगै पर्यटन क्षेत्रमा फेरि कालो बादल मडारिएको छ । गत वैशाख १६ गतेदेखि दोस्रो लहरको कोभिड-१९ नियन्त्रणका लागि निषेधाज्ञा गरियो । त्यसपछि विमान सेवा मात्रै होइन, सीमित हिमाल आरोहणबाहेक पर्यटन क्षेत्र ठप्प जस्तै छ ।

पर्यटन बोर्डका प्रवक्ता लामिछानेले पहिलो लहरको कोभिड-१९ भन्दा दोस्रो लहर अझै घातक भएकाले असर लामो समयसम्म रहने अनुमान

गरेका छन् । कोभिड–१९ को असर जति लम्बिँदै जान्छ, नोक्सानी पनि बढ्दै जान्छ । प्रवक्ता लामिछाने कोभिड विरूद्धको खोप अभियानसँगै पर्यटन क्षेत्र पुनरूत्थान हुने आशा भने गरेका छन् । सुझाउँछन्– जतिसक्दो छिटो कोभिडविरूद्धको खोप लगाउन सकिन्छ, त्यति नै छिटो पर्यटन क्षेत्र कम ब्याक हुने देखिन्छ, त्यसैले अब सबैको ध्यान खोप लगाउनमा जानु जरूरी देखिन्छ ।

## पर्यटनको हिस्सा २.७ प्रतिशत

राष्ट्रिय योजना आयोगको २०७६/७७ को वार्षिक प्रतिवेदन अनुसार सन् २०१८/२०१९ मा पर्यटन क्षेत्रले कुल गार्हस्थ्य उत्पादनको २.७ प्रतिशत हिस्सा ओगेटेको थियो । सन् २०१९ मा ११ लाख ९७ हजार विदेशी पर्यटक नेपाल भित्रिएका थिए । तर, महाव्याधिको कारणले सन् २०२० मा भने २ लाख ३० हजार ८५ पर्यटक मात्रै नेपाल आए । आयोगको अध्ययनअनुसार दुई लाखभन्दा धेरै मजदुरले पर्यटन क्षेत्रमा प्रत्यक्ष रोजगारी पाएका थिए । एक जना विदेशी पर्यटकले दैनिक ४८ अमेरिकी डलर खर्च गर्ने सो अध्ययनले देखाएको थियो । औसतमा विदेशी पर्यटकको नेपाल बसाइ भने १२.७ दिन हुने गर्छ ।

आयोगले कोभिडको महामारीपछि कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको एक प्रतिशतभन्दा कम रहेको प्रतिवेदन सार्वजनिक गरेको छ । कोभिड–१९ र त्यसको रोकथाम तथा नियन्त्रणका लागि चालिएका कदमहरूबाट वस्तु र सेवाको उत्पादन, विनिमय र वितरणसँग सम्बद्ध उद्योग–व्यवसायहरू लामो समय बन्द रहन जाँदा उत्पादन, रोजगारी, आय र लगानीमा ठूलो असर पर्न गएको छ । राष्ट्रिय योजना आयोगले वार्षिक प्रतिवेदनमा सुझाएको छ, 'सीमित क्षेत्रका बाहेक अधिकांश उद्योग–व्यवसाय छिटै, आफै बौरिन नसक्ने अवस्थामा पुगेकाले उनीहरूलाई महसुस हुने, प्रत्यक्ष लाभ हुने र बौरिन मद्दत मिल्ने खालको राहतको व्यवस्था गर्नु आवश्यक छ ।' आयोगले द्रुतरूपमा ठूलो संख्यामा रोजगारी सिर्जना गरी नागरिकको आय बढाउने र त्यसमार्फत आन्तरिक माग वृद्धि गर्ने विषयमा दोस्रो रणनीतिमा जोड दिइएको छ ।

केन्द्रीय तथ्यांक विभागले २०७७ फागुनमा लकडाउनको कारणले

अर्थतन्त्रमा कति समयसम्म प्रभाव पार्छ भन्ने अनुमान गर्न नसकिएको अवस्थामा होटल तथा रेस्टुराँ र अन्तर्राष्ट्रिय यातायात क्षेत्र यस वर्षको अन्त्यसम्म नै पूर्ण प्रभावित रहने प्रक्षेपण गरेको थियो । तर, कोभिड–१९ को सबैभन्दा धेरै असर आवास तथा भोजन सेवा र यातायात तथा भण्डारण क्षेत्रमा परेको देखियो । तसर्थ आवास तथा भोजन सेवा २५.७ प्रतिशत र यातायात तथा भण्डारण क्षेत्र १३.४ प्रतिशतले खुम्चिने संशोधित अनुमान गरेको थियो । विभागको तथ्यांकबाटै के पुष्टि हुन्छ भने कोभिड–१९ को सबैभन्दा धेरै असर आवास तथा भोजन अर्थात् पर्यटन क्षेत्रमा नै परेको देखाउँछ । कोभिड–१९ को पहिलो लहरबाट धराशयी भएका पर्यटन व्यवसायीलाई उकास्न सरकारले सहुलियत दरमा पुनर्कर्जाको ल्याएको थियो । तर, टानका अध्यक्ष खुमबहादुर सुवेदी साना ट्रेकिङ व्यवसायीले सरकारले सहुलियत दरमा दिने भनेको पुनर्कर्जासमेत पाउन नसकेको बताउँछन् ।

## पुनर्कर्जा १९ अर्ब ८८ करोड

नेपाल राष्ट्र बैंकका अनुसार कोभिड–१९ बाट सबैभन्दा धेरै कहर बेहोरेको पर्यटन क्षेत्रका व्यवसायीले गत वैशाख १० गतेसम्म आफ्नो व्यवसाय उकास्नका लागि भन्दै करिब २० अर्ब रूपैयाँ पुनर्कर्जा लिएका छन् । राष्ट्र बैंकका प्रवक्ता देवकुमार ढकाल पर्यटन व्यवसायीले पुनर्कर्जाबापत १९ अर्ब ८८ करोड रूपैयाँ ऋण लिएको बताउँछन् । विशेष पुनर्कर्जा र साधारण पुनर्कर्जा भनेर विभिन्न बैंक तथा वित्तीय संस्थाबाट ४३ अर्ब ७१ करोड रूपैयाँ उपलब्ध गराएको छ ।

विशेष पुनर्कर्जा तथा साधारण पुनर्कर्जामध्येबाट ४३ अर्ब ७१ करोडमध्ये पर्यटन व्यवसायीले ४५.४९ प्रतिशत अर्थात् १९ अर्ब ८८ करोड रूपैयाँ पुनर्कर्जा लिएका हुन् । ३२ वटा बैंक तथा वित्तीय संस्थाबाट तीन सय १५ ऋणीले सो पुर्नकर्जा लिएका हुन । प्रवक्ता ढकाल कोभिड प्रभावित कति पर्यटन व्यवसायीले पुनर्कर्जा लिए भन्ने आधिकारिक तथ्यांक आइनसकेको बताउँछन् । ४३ अर्ब पुनर्कर्जामध्ये अन्य क्षेत्रले अत्यन्तै न्यून मात्रामा पाएका छन् । पर्यटन क्षेत्रले ४५.४९ प्रतिशत, उत्पादन क्षेत्रले १४.७१ प्रतिशत, निर्माण क्षेत्रले ८.९२ प्रतिशतका दरले पुनर्कर्जा पाएका छन् ।

अन्य क्षेत्रको पुनर्कर्जाको अनुपात ज्यादै न्यून छ । राष्ट्र बैंकको १० वैशाख २०७८ सम्मको तथ्यांकअनुसार ४८ हजार ८ सय ६५ ऋणीको १ खर्ब ४६ अर्ब रूपैयाँ बराबरको पुनर्कर्जा स्वीकृत भएको छ । कोभिडबाट अति प्रभावित होटल व्यवसायीले न्यूनतम २ करोड ५४ लाख रूपैयाँदेखि २० करोड रूपैयाँसम्म पुनर्कर्जा लिएका छन् । पुनर्कर्जाको ब्याज दर ५ प्रतिशत मात्रै रहेको छ ।

पर्यटन व्यवसायीहरूले पुनर्कर्जा विशेषगरी होटल मजदुर तथा कर्मचारीको तलब तथा पारिश्रमिक तथा व्यापार सञ्चालन खर्चलगायतका लागि लिएका हुन् । ठूला होटल व्यवसायी तथा पर्यटन व्यवसायीले पुनर्कर्जा पाए पनि साना पर्यटन व्यवसायीले भने पुनर्कर्जा पाउनै नसकेको गुनासो गर्दै आइरहेका छन् । ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष भवीश्वर शर्मा पहुँचवाला तथा ठूला होटल व्यवसायीले पुनर्कर्जा पाए पनि साना पर्यटन व्यवसायीले पाउन नसकेको बताउँछन् । तर, राष्ट्र बैंकका प्रवक्ता ढकाल भने प्रक्रिया पूरा गरेर आएका सबैजसो पर्यटन व्यवसायीले पुनर्कर्जा पाएको बताउँछन् ।

## सरकारी छूटको सुविधा

संघीय सरकारले कोभिड महामारीबाट प्रभावित होटल तथा रेस्टुराँलाई लकडाउन अवधिको विद्युत् डिमान्ड शुल्क मिनाहा गर्ने निर्णय गरेको थियो । २० फागुन २०७७ मा बसेको मन्त्रिपरिषद्को बैठकले होटल उद्योगको रूपमा दर्ता भई सञ्चालनमा रहेका उद्योगमध्ये नियमित रूपमा नवीकरण गरी कर विवरण पेश गरेका होटल तथा रेस्टुराँलाई ९ चैत २०७६ देखि भदौ मसान्तसम्म होटल तथा रेस्टुराँ उद्योगीले भुक्तानी गर्नुपर्ने डिमान्ड शुल्कको शतप्रतिशत छूट दिने निर्णय गरेको थियो । सोही बैठकले १ असोज २०७७ देखि माघ मसान्तसम्म पनि डिमान्ड शुल्कमा ५० प्रतिशत छूट दिने निर्णय गरेको थियो ।

सरकारले विद्युत् महसुलको डिमाण्ड शुल्क छूट दिने निर्णयले होटल तथा रेस्टुराँ व्यवसायीलाई केही हदसम्म भए पनि राहत महसुस गरेका थिए । संघीय सरकारले मात्रै होइन, प्रदेश सरकारले पनि लकडाउनको

अवधिमा पर्यटन व्यवसायको इजाजतपत्रको नवीकरणमा जरीवाना नलाग्ने व्यवस्था गरेको थियो ।

सरकारले नयाँ बजेटमा पनि गतवर्ष जस्तै उत्पादनमूलक उद्योग, होटल तथा चलचित्र उद्योगलाई निषेधाज्ञा अवधिभरको विद्युत् डिमान्ड शुल्क छूट दिने व्यवस्था गरेको छ । नयाँ बजेटमा कोभिड-१९ प्रभावित होटल, ट्राभल, ट्रेकिङलगायत पर्यटन व्यवसाय, हवाई सेवा, हस्तकलालगायत व्यवसायले आर्थिक वर्ष २०७८/७९ मा तिर्नुपर्ने इजाजत तथा नवीकरण दस्तुर छूट दिई स्वतः नवीकरण हुने व्यवस्था गरेको छ । त्यति मात्रै होइन, कोभिड महामारीका कारण सञ्चालनमा आउन नसकेका होटेललाई आइसोलेशन सेन्टरका रूपमा सञ्चालन गरेमा नेपाल सरकारले निर्धारण गरेको मापदण्डबमोजिमको रकम उपलब्ध गराउने व्यवस्था पनि गरेको छ । होटेल तथा पर्यटन क्षेत्रलाई उत्पादनमूलक उद्योग सरहको सुविधा उपलब्ध गराइने बजेट वक्तव्यमा उल्लेख छ ।

अन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न निजामती, सार्वजनिक संस्थान र प्रतिष्ठानका कर्मचारीलाई १० दिनको पारिश्रमिक बराबरको रकमसहित पर्यटन काज उपलब्ध गराउने घोषणा गरेको छ । निजीक्षेत्रमा कार्यरत कर्मचारीलाई समेत सोहीअनुसारको सुविधा प्रदान गर्ने भएको छ ।

नेपाल भ्रमण गर्ने विदेशी पर्यटकलाई एक महिना अवधिको पर्यटकीय भिसा निःशुल्क प्रदान गर्ने भनिएको छ । स्थानीय तह र निजीक्षेत्रको समन्वय एवम् सहकार्यमा कृषि पर्यटन, पर्या-पर्यटन, हिमालयन योगा पर्यटन, उच्च उचाइ खेल पर्यटन, शैक्षिक पर्यटन र सम्मेलन पर्यटन प्रवर्द्धन गरिने सरकारले जनाएको छ । प्रदेश र स्थानीय तहको लागत साझेदारीमा दुई सय १६ स्थानमा सञ्चालित पर्यटन पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिनको लागि ५९ करोड रूपैयाँ बजेट विनियोजन गरेको छ । सरकारले नयाँ बजेटमा कोभिड १९बाट अत्याधिक प्रभावित होटल, ट्राभल ट्रेकिङ, यातायात तथा हवाई सेवा, चलचित्र उद्योग र सञ्चार गृहको करयोग्य आयमा एक प्रतिशत मात्र आयकर लाग्ने व्यवस्था गरी ती व्यवसायको नोक्सानी सार्न मिल्ने अवधि बढाएर १० वर्ष अवधि पुऱ्याएको छ ।

बागमती प्रदेश सरकारले पनि कोभिड प्रभावित व्यवसायको नवीकरण तथा विलम्ब शुल्क छूट दिने निर्णय गरेको थियो । बागमती प्रदेश

सरकारको मन्त्रिपरिषद्को बैठकले चैत ११, २०७६ सालको लकडाउनको कारणले उपत्यका पर्यटन कार्यालयबाट नवीकरण हुने पर्यटन व्यवसायको इजाजतपत्रको नवीकरण अवधिको म्याद थप गर्नुको साथै समयमै नवीकरण नगर्दा लाग्ने जरीवाना र विलम्ब शुल्क समेत छूट दिने निर्णय गरेको थियो । बागमती प्रदेश सरकारले २४ भदौ २०७७ मा राजपत्रमा सूचना प्रकाशन गरेर सो छूट दिने निर्णय गरेको हो ।

बागमती प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले आव २०७६/७७ मा एक अर्ब ६५ करोड रूपैयाँ पर्यटन क्षेत्रको लागि बजेट विनियोजन गरेको थियो । तर, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सूचना अधिकारी नवराज पुडासैनीले कोभिड–१९ को कारणले विनियोजित बजेटमध्ये ४३ करोड रूपैयाँ मात्रै खर्च भएको जानकारी दिए । मन्त्रालयले कोभिड हुँदाहुँदै पनि पर्या–पर्यटन, कोसेली घर निर्माण तथा आन्तरिक पर्यटन प्रवर्द्धनलगायत योजना अघि सार्दै आएको छ । 'तर, कोभिडको दोस्रो लहरको कारणले त्यस्ता योजना बीचैमा रोकिएका छन्,' सूचना अधिकारी पुडासैनीले बताए ।

## महामारीमा नयाँ होटल दर्ता

कोभिड–१९ हुँदाहुँदै पनि पर्यटन क्षेत्रका पूर्वाधार निर्माण कार्य भने रोकिएनन् । कोभिड महामारीले पर्यटन क्षेत्र धराशयी जस्तै बनेको पनि पर्यटन क्षेत्रमा व्यवसायीले आफ्नो लगानी भने रोकेका छैनन् ।

पर्यटन विभागको तथ्यांकअनुसार कोभिड–१९ को महामारीको बेलामा पनि ठूला तारे होटल थपिने क्रम भने रोकिएनन् । झापाको धुलाबारीमा एक अर्ब ५० करोड कुल पुँजीको पाँच तारा डिलक्स भेगस सिटी इन्टरटेन्मेन्ट प्रालि दर्ता भएर सञ्चालनमा आएको छ । यसै अवधिमा आफ्नो संरचना तयार पारेर द्वारिकाज काठमाडौं भिलेज होटल प्रालि.बत्तीसपुतली र इमिरो प्लाजा (बसेरा बुटिक होटल) पनि पर्यटन विभागमा दर्ता भएका छन् । द्वारिकाज काठमाडौं भिलेज होटल प्रालि २०७७ साउन ८ गते हेरिटेज बुटिक होटलमा स्तर वर्गीकरण भएको हो ।

बसेरा बुटिक डेढ अर्बको कुल पुँजीमा सञ्चालनमा आएको हो ।

कोभिडकै समयमा तीन तारे होटलले आफ्नो भौतिक संरचना तथा स्तरोन्नति गर्दै चारतारे होटलमा अपग्रेड भएका छन् । विभागका अनुसार तीन तारे होटलबाट चार तारे होटलमा अपग्रेड हुनेमा पोखराको चर्चित होटल बाराही पोखरा, होटल सांग्रिला भिलेज पोखरा, होटल ल्यान्डमार्क पोखरा, नान्स होटल रुपन्देही र होटल स्नेह प्रालि नेपालगञ्ज रहेका छन् । कोभिडकै महामारीकै बेला होटल नब्या प्रालि बर्दिबास थपिएको छ ।

त्यस्तै दुईतारे होटलमा होटल लिटिल जेम्स काठमाडौं र होटल भादगाउँ भक्तपुर थपिएका हुन् । कोराना अवधिमा रिसोर्टतर्फ भने ५ वटा दर्ता भएका छन् । पर्यटन विभागका महानिर्देशक रूद्रसिंह तामाङ कोभिडको जोखिम मोलेरै भएपनि व्यवसायीले सुदूर भविष्यको सपना र सम्भावना देखेर लगानी गर्दै आएको बताउँछन् । 'कोभिड महामारी सधैंका लागि रहिरहने छैन, त्यसैले पनि व्यवसायीले ऋण धन गरेरै भए पनि लगानी गर्न छाडेका छैनन्,' उनको मूल्यांकन छ ।

## सगरमाथा आरोहण

पर्यटन विभागले कोभिड महामारीबीच पनि यो वर्ष सगरमाथा आरोहणका लागि चार सय ८ जनालाई अनुमति दिएको थियो । यो वसन्त ऋतुमा ४३ समूहका तीन सय १५ जना पुरूष र ९२ जना महिला रहेका छन् । राजकुमार शेख मोहम्मद हमाद मोहम्मद अल खलिफासहितको १२ जनाको बहराइन रोयल गार्ड सगरमाथा आरोहण दलले २०७८ वैशाख २८ गते सगरमाथाको सफल आरोहण गरेका हुन । पर्यटन विभागका निर्देशक मीरा आचार्यले आरोहणको सिजन अझै नसकिएकाले अहिलेसम्म कति ओरोहीले सगरमाथा ओरोहण गरे भन्ने यकिन तथ्यांक आइनसकेको बताइन । विभागले आगामी जुन तीन तारिखसम्म सगरमाथा ओरोहण गर्न सकिने भएकाले केही समयपछि मात्रै वास्ताविक तथ्यांक आउने जनाएको छ । विभागका अनुसार यो सिजनमा कुल ७ सय ४२ जनालाई विभिन्न हिमाल आरोहणको अनुमति दिएको थियो ।

## पर्यटन क्षेत्रलाई पाठ

नेपालको पर्यटन क्षेत्र अन्तर्राष्ट्रिय पर्यटककै आवागमनमा चल्दै आएको थियो । तर, कोभिड महामारीले पर्यटन क्षेत्र नराम्रोसँग प्रभावित भएसँगै पर्यटन क्षेत्रले नौलो अनुभव तथा पाठ सिक्दै आएको छ । पर्यटन विभागका महानिर्देशक तामाङ कोभिड महामारीले विदेशीलाई मात्रै पर्यटक मान्ने आम धारणालाई परिवर्तन गर्न आवश्यक रहेको बताउँछन् । उनी भन्छन्, 'स्वदेशी पर्यटकबाटै पर्यटन क्षेत्र आत्मनिर्भर हुने दिशामा अघि बढेको खण्डमा जस्तोसुकै महाविपद्/महाव्याधिमा समेत कुनै फरक पर्दैन ।' महानिर्देशक तामाङ पश्चिममा पर्यटकले भन्दा पनि स्वदेशी पर्यटकको घुमघाम र खर्च गर्ने क्षमता धेरै बढेकाले पनि आन्तरिक पर्यटन प्रवर्द्धनमा ध्यान दिनुपर्ने बेला भएको बताउँछन् ।

आन्तरिक पर्यटक प्रवर्द्धनले पर्यटन क्षेत्र दिगो तथा दीर्घकालिन गराउनुपर्ने आवश्यकता महसुस भएको छ । आन्तरिक पर्यटकलाई देशदर्शनलगायत योजना अघि सार्नुपर्ने देखिन्छ । नेपालको पर्यटन क्षेत्रले पछिल्लो पाँच वर्षको अवधिमा धेरै ठूलो विपत्ति तथा समस्या झेल्दै आएको छ । २०७२ सालको महाभूकम्प, भारतीय नाकाबन्दी र चार वर्षपछि कोभिड महाव्याधिको सामना गर्नुपर्‍यो । त्यसैले पनि विदेशीको मात्र भर नपरी आन्तरिक पर्यटक प्रवर्द्धनबाटै पर्यटन क्षेत्रलाई चलायमान गराउनुपर्ने र विपत्तिसँग जुध्नका लागि आवश्यक पर्ने कोष तथा अन्य संयन्त्रको विकास गर्नुपर्ने आवश्यकता देखियो ।

पर्यटन बोर्डको प्रमुख कार्यकारी अधिकृत धनञ्जय शर्मा कोभिड–१९ ले नेपालको पर्यटन क्षेत्रलाई आन्तरिक पर्यटक मात्रै प्रवर्द्धन गर्न सके पनि पर्यटन क्षेत्र चलायमान गराउन सकिने आधार तय गरेको बताउँछन् । 'पर्यटन भनेको विदेशी मात्रै हो भन्ने धारणा थियो । तर, पहिलोपटक आन्तरिक पर्यटनले पनि नेपालको पर्यटन चलाउन सकिने रहेछ भन्ने कुरा पर्यटन क्षेत्रले राम्रोसँग बुझ्ने मौका पाएको छ,' प्रमुख कार्यकारी अधिकृत शर्मा भन्छन्, 'कोभिडले स्वदेशी र भारतीय पर्यटकलाई मात्रै आकर्षित गर्न सके पनि नेपालको पर्यटन क्षेत्र अघि बढाउन सक्ने प्रशस्त आधार देखाएको छ । यसलाई सुखद पक्षको रूपमा नै लिनुपर्छ ।' ठमेल पर्यटन विकास समितिका उपाध्यक्ष भवीश्वर शर्मा पनि प्राकृतिक प्रकोप तथा महाव्याधिको समयमा विदेशी पर्यटकभन्दा पनि स्वदेशी पर्यटकतर्फ नै केन्द्रित हुनुपर्ने ठान्छन् ।

*(हिमाल लम्साल 'नागरिक' दैनिकसँग सम्बद्ध छन्)*

खण्ड

३

# सूचना तथा सञ्चार प्रविधि



# प्रयोगमा धीमा, दुरूपयोगमा छलाङ

ऋषि के.बी.

सूचनाप्रविधिको पहुँच ग्रामीण क्षेत्र र अशिक्षित वर्गमा चित्तबुझ्दो छैन । नाम मात्रको पहुँच रहँदा ग्रामीण क्षेत्र र अशिक्षित वर्ग सूचनाप्रविधिको प्रयोगमा बामे सर्दै गरेको छ । तर दुरुपयोगमा भने छलाङ मार्न थालेको छ । सूचना प्रविधिको आविष्कार मानिसको जीवन सरल र सहज बनाउनका लागि भएको हो । तर यसको दुरुपयोगले ग्रामीण क्षेत्र र अशिक्षित वर्गको जनजीवनमा गम्भीर नकारात्मक प्रभाव पारेको पनि देखिन थालेको छ ।

प्रमुख इन्टरनेट सेवाप्रदायक संस्था नेपाल टेलिकमले आर्थिक वर्ष २०७६/७७ को अन्त्यमा नै चौथो पुस्ताको द्रुत गतिको इन्टरनेट 'फोरजी' सेवा देशका ६ सय ५५ स्थानीय तहमा पुगिसकेको जनाएको छ । तर सूचनाप्रविधिमा भौगोलिक, आर्थिक कारणले ग्रामीण क्षेत्र र अशिक्षित वर्गको पहुँच पुग्न सकेको छैन । नेपाल टेलिकमले २०७२ बाट सुरू गरेको फाइबर एफटीटीएच निजी सेवाप्रदायकको भन्दा गुणस्तरीय र सस्तो भए पनि सेवा र

दायरा भने साँघुरो छ । ग्रामीण भेगमा यो सेवाको पहुँच सन्तोषजनक छैन । नेपाल टेलिकमले सबै जिल्लामा इन्टरनेट सेवा विस्तार गरेको भने पनि भीमफेदी गाउँपालिका-१ की सदस्य सुमित्रा थिङकै अनुभवमा यस्तो सेवा भरपर्दो छैन । भन्छिन्, 'कहिलेकाहिँ र कतैकतै त नेटको सिग्नल हराउँछ भने नेट नै नचल्ने अवस्था पनि छ ।'

रामरी टावर नटिप्नु ग्रामीण भेगको आम समस्या हो । यसमाथि भएकै सूचनाप्रविधिको सेवामा पनि अशिक्षाका कारण फलदायी तवरले पहुँच कायम हुन नसकेको पनि वडा सदस्य थिङले महसुस गरेकी छन् । बागमती प्रदेशको राजधानी हेटौंडासँग सिमाना जोडिएको क्षेत्र भए तापनि थिङका अनुसार सूचना प्रविधिमा भीमफेदीमा पहुँच असहज, महँगो र जटिल विषय बनेको छ ।

सुपथ, सहज र भरपर्दो सूचना तथा सञ्चार प्रविधिको अभावका कारण यसै पनि कमजोर वर्ग तथा समुदाय आर्थिक, सामाजिक र पारिवारिक रूपमा पनि समाज तथा परिवारबाट अलग्गिन बाध्य भइरहेको छ । 'अहिले हुने खाने सक्षमहरूको हातहातमा सुविधायुक्त मोबाइल फोन छन्, एफएम रेडियो, टीभी र इन्टरनेटमा पनि उनीहरूको पहुँच छ तर यस्तो पहुँचबाहिर रहेका ग्रामीण क्षेत्र र अशिक्षित वर्ग रहँदा ठूलो विभेद र समस्या देखिएको छ,' धादिङको गंगा जमुना गाउँपालिका, धादिङको प्रशासन, योजना तथा अनुगमन शाखाका प्रमुख लक्ष्मण मैनालीको अनुभव छ । मकवानपुर जिल्ला अदालत बार एशोसिएशनका सचिव अधिवक्ता जयराम सुवेदी भन्छन्, 'बढी क्षमताको अप्टिकल फाइबर विस्तार गर्ने र अप्टिकल फाइबर पुऱ्याउनै नसकिने ग्रामीण क्षेत्रका बीचमा सूचनाप्रविधिको पहुँचमा कति ठूलो विभेद छ भन्ने कुरा सजिलै आकलन गर्न सकिन्छ ।'

त्यसो त नेपाल दूरसञ्चार प्राधिकरणको एक तथ्यांकले करिब तीन चौथाइ जनसंख्यामा इन्टरनेट पुगेको देखाउँछ । सञ्चार तथा सूचनाप्रविधि मन्त्रालयले तयार पारेको डिजिटल नेपाल फ्रेमवर्कमा २०७६ सालसम्ममा इन्टरनेटको पहुँच ६० प्रतिशत र मोबाइलको पहुँच शत प्रतिशतमा पुगेको तथ्यांक प्रस्तुत गरिएको छ । यद्यपि डुप्लिकेसन अर्थात् सेवा लिने सेवाग्राही एकै व्यक्ति दोहोरिएका कारण इन्टरनेटको पहुँच त्यतिसम्म नपुगेको पुष्टि हुन्छ ।

इन्टरनेट र टेलिकम सेवाप्रदायकबाट वार्षिक आम्दानीको २ प्रतिशत रकम ग्रामीण दूरसञ्चार कोषमा जम्मा गर्नुपर्ने प्रावधान छ । ग्रामीण क्षेत्रमा दूरसञ्चार पूर्वाधार विस्तारका लागि यो रकम संकलन गर्न थालिएको हो । यो कोषमा २५ अर्ब रूपैयाँभन्दा बढी जम्मा भइसकेको छ । तर पूर्वाधार निर्माणमा र सेवा विस्तारमा सुस्तताको कारण सूचना प्रविधिको प्रयोगमा ग्रामीण क्षेत्र र अशिक्षित वर्ग भरपर्दो सेवा प्राप्त गर्नबाट बञ्चित रहेका छन् ।

प्रविधिको पहुँचबाहेक यसको प्रयोगमा पनि ठूलो खाडल छ । अरू त अरू, यो क्षेत्रलाई नै आफ्नो जीविकाको माध्यम बनाइरहेकाहरूलाई समेत सूचनाप्रविधि 'नखाऊँ त दिनभरिको शिकार, खाउँ त कान्छा बुबाको अनुहार' जस्तो भएको छ । बुटवलमा पारिवारिक रूपमा मोबाइल बिक्री तथा मर्मतसम्बन्धी व्यवसाय गरिरहेकी दीपा लिगल त्यस्तै महिला हुन् । सामान्य पढाइ गरेकी उनी पनि आफूजस्तो वर्गका लागि सूचनाप्रविधिको पहुँचमै समस्या र त्यसमाथि पनि प्रयोगको चुनौती रहेको ठान्छिन् । 'के गर्नु ? सिक्दै छौँ, जान्दै छौँ । मजस्तै समस्या भोगेर थुप्रै महिला दिदी बहिनीहरू आउनुहुन्छ,' अनुभव सुनाउँछिन्, 'कोही त मोबाइल अनलक गर्न नजानेर पनि आउनुहुन्छ ।'

सूचनाप्रविधिको पहुँच भनेकै के हो त ? यस मामिलामा चितवनका बार एशोसिएशनका केन्द्रीय पार्षद अधिवक्ता नारायण गिरीको सीधा परिभाषा छ । 'ग्रामीण क्षेत्र र अशिक्षित वर्गहरूमा सूचनाप्रविधिको पहुँच भन्नाले एक अक्षर नजानेका व्यक्तिलाई जबरजस्ती पुस्तक पढ्न लगाएको जस्तो भएको छ, त्यही हो– मूल समस्या,' उनी समाजको चित्र स्पष्ट पार्छन्, 'पहुँच छैन भनौँ, इन्टरनेट, रेडियो, टेलिभिजन सारा सुविधा छ, तर पहुँच छ भनौँ, ती माध्यमबाट सुसूचित हुने अधिकारबाट वञ्चित हुनेहरू छन् ।' यसरी सूचनाप्रविधिबाट ग्रामीण क्षेत्र र अशिक्षित वर्ग लाभान्वित हुन नपाएको, सदुपयोग कम र दुरूपयोग ज्यादा हुँदा, आर्थिक, सामाजिक र पारिवारिक रूपमा समस्याहरू आएका छन् । अधिवक्त गिरीका अनुसार, जानी नजानी प्रविधिको दुरूपयोग गर्न पुग्दा उनीहरू कानूनी रूपमा समेत जोखिममा परेका छन् ।

कलेजमा प्राध्यापक समेत गर्ने मकवानपुरका सुदीप पौडेल र सूचनाप्रविधिको क्षेत्रमा काठमाडौंमा कार्यरत बरूण गौतम सूचनाप्रविधिमा पहुँच हुन र त्यसको प्रयोग गर्न प्राविधिक ज्ञान अति आवश्यक हुनेमा जोड दिन्छन् । पौडेलका विचारमा गरिबी, भौगोलिक विकटता र प्राविधिक

ज्ञानको अभावका कारण सूचनाप्रविधिको क्षेत्रमा ग्रामीण क्षेत्र र अशिक्षित वर्ग धेरै पछाडि छ । यसरी जानी नजानी चलाएपछि जोखिम र समस्या त हुने नै भयो । व्यक्तिगत फोटो र भिडियो सुरक्षित गर्न नसक्ने, जथाभावी व्यक्तिहरूसँग सामाजिक सञ्जालमा जोडिएर अनावश्यक झमेला बेहोर्ने जस्ता समस्या त्यस्ता जोखिमका कारक हुन् ।

पहुँच र प्रयोगका कुराबाहेक सूचनाप्रविधिमा ग्रामीण क्षेत्र र अशिक्षित वर्गको पहुँच सही अर्थमा कायम नहुँदा उनीहरूको आर्थिक, सामाजिक र मानसिक क्षेत्रमा पनि नकारात्मक असर परेको छ । त्यसमाथि जानी नजानी हुने दुरूपयोगले बालविवाह, वैवाहिक जीवनमा खराबजस्ता सामाजिक समस्याहरू देखापरेको स्थानीय तहको सबैभन्दा तल्लो तहमा बसेर जनतासँग दैनन्दिन सम्पर्कमा रहने सुमित्रा थिङजस्ता स्थानीय जनप्रतिनिधिहरूले अनुभव गरेका छन् ।

गंगा जमुनाका लक्ष्मण मैनालीले पनि प्रविधिका कारण आइलागेको यस्तो समस्या देखेका छन् । उनका अनुसार कतिपय सन्दर्भमा मोबाइल फोनको माध्यमबाट आफन्तसँग कुराकानी गर्नु त बहाना जस्तो मात्र देखिन्छ, बरू अन्य अनावश्यक भिडियोहरू बनाउने, अपरिचित व्यक्तिहरूसँग विभिन्न माध्यमबाट साथी बनाउने गर्नाले समाजमा समस्या निम्तिएको छ । गंगा जमुना गाउँपालिकामा मात्र सूचनाप्रविधिको गलत प्रयोगबाट सिर्जित समस्याका ४ वटा उजुरी परे । यसको कारण अशिक्षा रहेको उनको ठम्याइ छ । मैनालीका अनुसार ग्रामीण क्षेत्र र अशिक्षित वर्गमा आर्थिक, सामाजिक, न्यायिकलगायत क्षेत्रसँग प्रत्यक्ष सरोकार राखेको सूचना प्रविधिको प्रयोग कम र रमाइलोका लागि अरूको सिको गरेर सूचना प्रविधिको दुरूपयोग गर्ने प्रवृत्ति बढी देखिएको छ । यसका कारण एउटै परिवारमा पनि मायाप्रेम, सद् भाव र आत्मीयता घटिरहेको देख्न पाइन्छ ।

राज्य र व्यक्तिको सुरक्षासँग पनि कनेक्टिभिटी जोडिएको विषय हो– सूचनाप्रविधि । सूचना प्रविधिको गलत प्रयोगका कारण बहुविवाह, सम्बन्धविच्छेद, ठगी, जबर्जस्ती करणी, जस्ता मुद्दाहरू बढेको कानून व्यवसायीहरूले पनि अनुभव गर्न थालेका छन् । 'सूचनाप्रविधिको माध्यम सहज हुँदै गएकाले यसको सही प्रयोगमा ग्रामीण क्षेत्र र अशिक्षित वर्ग वामे सर्दै छ तर दुरूपयोगमा छलाङ मार्न थालेको छ,' नेशनल ल कलेज, ललितपुरमा

कार्यरत अधिवक्ता भीम फुयाँल भन्छन्, 'ग्रामीण क्षेत्र र अशिक्षित वर्गमा सूचना प्रविधिको प्रयोग सम्बन्धमा ज्ञान खासै छैन, जानी नजानी उनीहरूबाट सूचना प्रविधिको गलत प्रयोग हुनाले कानूनी रूपमा दोषीसमेत बनेका छन् र सजाय भोगिरहेका छन् ।' उनका अनुसार अज्ञानतावश हुने कानूनविपरीतका कार्यले सूचना प्रविधिको दुरूपयोग बढी हुने गरेको देखिएको छ ।

सूचनाप्रविधिका क्षेत्रमा कार्यरत विज्ञहरूका अनुसार सूचना प्रविधिको क्षेत्रमा ग्रामीण क्षेत्र र अशिक्षित वर्गको अवस्था समय र आवश्यकताभन्दा धेरै पछाडि रहेको छ । उनीहरूका अनुसार सूचनाप्रविधिको क्षेत्रमा नेपालले धेरै ठूलो फड्को मारेको भए तापनि ग्रामीण क्षेत्र र अशिक्षित वर्ग लाभान्वित भएका तथ्याङ्क न्यून रहेको छ । सूचना प्रविधिमा पछाडि पर्नाले मानसिक रूपमा समेत उनीहरू जोखिममा रहन्छन् । यस कारण उनीहरू आर्थिक, सामाजिक र कानूनी रूपमा अन्यायमा परिरहेका छन् ।

प्रविधिको प्रयोग गर्न नजान्दा वैयक्तिक गोपनीयताका विषय छताछुल्ल भएर घरबार बिग्रन गएको, अनावश्यक कानूनी समस्यामा पर्ने गरेको पनि पाइन्छ । यस्तै कारणले मानसिक रूपमा विक्षिप्त हुँदै आत्महत्या र हत्यासम्मको अवस्थामा पुगेका घटना पनि सार्वजनिक भएका छन् । नेपालमा आत्महत्या बढ्नुका अनेक कारणमध्ये अनलाइन प्रेरित 'भाइरल संस्कृति' पनि जिम्मेवार छ । 'एकातिर सूचनाप्रविधिको पहुँचले सामाजिक, आर्थिक हीनता महसुस गर्नु, अर्कोतिर 'भाइरल संस्कृति'को कारण समस्या भोग्नु' मकवानपुर जिल्ला अदालत बार एशोसिएशनका सचिव अधिवक्ता जयराम सुवेदीको विचारमा मान्छेहरू यो दोहोरो चेपुवामा परेका छन् ।  आत्महत्याको झन्डै एक तिहाइ कारण व्यक्तित्वजन्य अव्यवस्थाहरू रहेको र हत्या जस्ता अपराधहरू पनि हुनसक्ने अधिवक्ता सुवेदीको अनुभव छ ।

त्यसो हुन नदिन सूचनाप्रविधिको प्रयोगमा ग्रामीण क्षेत्र र अशिक्षित वर्गलाई बेलैमा सुसूचित गरिने कार्यक्रमहरू आवश्यक रहेको अधिवक्ता सुवेदीको धारणा छ । सूचनाप्रविधिको विकाससँगसँगै त्यससँग सम्बद्ध चेतनामूलक साक्षरता कार्यक्रमहरू पनि लैजानुपर्ने उनको धारणा छ । विद्यालय स्तरमा सूचनाप्रविधिको ज्ञान दिने पाठ्यक्रम भएजस्तै ग्रामीण क्षेत्र र अशिक्षित वर्गलाई लक्षित गरी सूचनाप्रविधि सम्बन्धी कार्यक्रम लागू गर्नुपर्ने शिक्षा क्षेत्रका विज्ञहरूसमेत जोड दिन्छन् ।

नेपालमा दूरसञ्चार सेवाको सुरूवात वि.सं. १९७० मा म्याग्नेटो प्रविधिको टेलिफोन सेवाबाट प्रारम्भ भएको हो । त्यसको अहिले सय वर्ष नाघिसक्दासमेत ग्रामीण क्षेत्र र अशिक्षित वर्गहरूमा सूचनाप्रविधिको प्रयोग एकअर्कासँग सम्पर्क गरी कुराकानीमा नै अधिक प्रयोग हुने र अरू सूचना प्रविधिप्रति आवश्यक ज्ञान र सीप नर्नै नपुगेको अवस्था विद्यमान छ । तसर्थ कानूनी र व्यावहारिक दृष्टिले पनि राज्य र व्यक्तिको सुरक्षासँग समेत कनेक्टिभिटीको मामिला जोडिएकाले यसको सहज र सही प्रयोगका लागि जनमानसमा सचेतना फैलाउन जरूरी रहेको अधिवक्ता फुयाँलको राय छ । विज्ञहरूका अनुसार सरकारी तवरबाटै सूचना प्रविधिको प्रयोग तथा आइपर्ने समस्या र समाधानका उपायहरूबारे स्थानीय तहमा नै पुगेर सचेतना कार्यक्रम दिनु आवश्यक छ ।

*(ऋषि के.बी. मकवानपुरका पत्रकार हुन्)*

# सीमित क्षमतामा विकल्पहीन विकल्प

सम्झना हुमागाईं

भक्तपुरको कौशलटार बस्ने आरजु सत्याल इरूडाइट एकेडेमीमा कक्षा ६ मा पढ्छिन् । कक्षामा सधैं प्रथम हुने आरजुलाई घरमा बस्नभन्दा विद्यालय जानै रमाइलो लाग्छ । तर कोभिड–१९ को महामारीले अघिल्लो वर्ष झन्डै ९ महिना उनी विद्यालय जान पाइनन् । लकडाउनको केही महिनापछि आरजुले झन्डै ६ महिना मोबाइलमा अनलाइन कक्षा लिइन् र बानी परिन् । यो वर्ष पनि अनलाइन कक्षा लिइरहेकी उनी भन्छिन्– मोबाइल त फोन गर्न र फेसबुक, टिकटक चलाउन, गेम खेल्नका लागि मात्रै हो भन्ने सोचेकी थिएँ, यसबाट सधैं पढाइ नै हुने रहेछ भन्ने पनि थाहा भयो ।

त्यस्तै हेटौडाकी कमला ढुंगानाका दुई छोराछोरी पनि लकडाउनको लामो समयसम्म स्कुल गएनन् । दुवैलाई घरमै पढाउने व्यवस्था गरियो । झन्डै ५ महिनापछि अनलाइन कक्षा सुरू भयो । भर्खर ८ वर्ष भएका हिमानी र हिमांशुको अनलाइन कक्षा चलुन्जेल कमला पनि सँगै बस्ने गरिन् । 'केटाकेटीको पढाइ भइन्जेल सँगै बसेँ । नत्र साना केटाकेटी, मन चञ्चल

हुन्छ, पूरै ध्यान पढाइमा पुग्दैन नि,' कमलाको बुझाइ छ । विद्यालय गएरै पढेजस्तो नभए पनि यो सिकाइ उनीहरूका लागि उपयोगी रहेको उनको अनुभव छ ।

यता, काभ्रेको धुलिखेल– ९ स्थित करथरी मा.वि., कक्षा ८ मा अध्ययनरत सोनाम तामाङ र कक्षा १० का अभिषेक मिजारले भने कोभिडको समयमा कुनै किसिमको अनलाइन कक्षा लिन पाएनन् । कारण– न उनीहरूसँग इन्टरनेटको सुविधा छ, न त ल्यापटप र स्मार्ट मोबाइल । त्यसैले घरमै पढ्ने र समस्या परे फोन गरेर केही सोध्ने गरेको शिक्षक हरिदेव सिग्देल जानकारी दिन्छन् ।

## प्राविधिक कक्षाको सुरूवात

नेपालमा कोरोना महामारीभन्दा पहिला कुनै पनि शौक्षिक संस्थाले अनलाइन अर्थात् भर्चुअल कक्षालाई चासोका दिएका थिएनन् । टेलिभिजन र रेडियोबाट अनिवार्य विषयहरू पढाइरहेको केही उदाहरण भए पनि विद्यालयहरूले यतातिर ध्यान दिएका थिएनन् ।

प्रविधिको प्रयोगमा हामी पहिल्यै अभ्यस्त भएका भए त लकडाउनमा अब के गर्ने भनेर शिक्षक, अभिभावक र विद्यार्थीलाई अत्यास हुने थिएन । सूचनाप्रविधिलाई समयानुकल चलाउन नजान्दा लकडाउनका कारण धेरैजसो सार्वजनिक विद्यालयले वार्षिक परीक्षाको नतिजा समयमै प्रकाशित गर्न सकेनन् भने नयाँ शैक्षिक सत्रमा कसरी पढाउने भन्ने अलमलमा परे । समय परिवेशअनुसार आफूलाई अद्यावधिक गरी वैकल्पिक माध्यमबाट सिक्न र सिकाउन तयार हुनुपर्ने सन्देश महामारीले दिएको छ । सबै पक्ष प्रविधि–मैत्री हुन प्रेरित र बाध्य भएका छ ।

आजको युग सूचनाप्रविधिको युग हो । सूचनाको संकलन, सम्प्रेषण, एवम् सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, हार्डवेयर, सफ्टवेयर, नेटवर्क, इन्टरनेटलगायत प्रविधिको समष्टिगत रूपनै सूचना तथा सञ्चार प्रविधि हो । पछिल्लो समय हाम्रो दैनिकीमा सूचनाप्रविधिको प्रयोगले निकै फेरबदल ल्याएको छ । सूचनाप्रविधिले शिक्षाको क्षेत्रमा विद्यमान रूढीवादी संस्कार र पद्धतिलाई चुनौती दिँदै शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व

रूपमा अघि बढाएको छ । पाठ्यक्रम निर्माणदेखि त्यसको कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण अवधिमा सूचना तथा प्रविधिको महत्त्वपूर्ण भूमिका हुन्छ ।

देशका अधिकांश शैक्षिक संस्थाहरू परम्परागत शिक्षण शैलीको मानसिकताबाट माथि उठ्न सकेका छैनन् । परम्परागत चालचलनलाई अनुसरण गर्दै विद्यार्थीलाई शिक्षकले भनेका शब्दहरू रटेर र दोहोऱ्याएर पढ्ने पद्धति बसेको स्थापित छ । तर यस्तो घोकन्ते विधिले शिक्षाको गुणस्तरमा परिवर्तन आउन सकेको छैन ।

विश्वभर सूचना र सञ्चार क्षेत्र शिक्षाको विस्तार गर्ने, परिमार्जन गर्ने, नयाँपन दिने र प्रतिस्पर्धी बनाउन सहयोग गर्ने साधनका रूपमा प्रमाणित भइसकेको छ । प्रविधि प्रयोगको यस्तो अवस्था भएर पनि नेपालमा सूचना तथा सञ्चारको व्यवस्थित प्रयोग र यसको उच्चतम प्रतिफल लिन नसकिएको अवस्था छ । सीमित मात्रामा विद्यालय र उच्च शिक्षामा यससँग सम्बद्ध पाठ् यक्रम कार्यान्वयनमा छन् । यसले गर्दा शैक्षिक संस्था एवं शिक्षकले अत्यधिक रूपमा प्रविधिको प्रयोगमार्फत पढाउनुपर्ने बाध्यता भएको छ । सञ्चार प्रविधिमा आफूलाई अद्यावधिक गर्नुपर्ने आवश्यकता आइलागेको छ । त्यसो भएमा आवश्यक शैक्षिक सामग्री, ई-बूक, भिडियो, अडियोजस्ता सामग्री तयार पारी प्रभावकारी रूपमा पढ्न पढाउन सकिन्छ ।

## डिजिटल शिक्षाका चार दशक

प्रविधिबाट शिक्षण सिकाइ सुरू गर्ने सरकारको योजना भने धेरै पुरानो हो । वि.सं. २०३५ सालबाट नै रेडियो नेपालबाट शिक्षण सिकाइ सुरू गरेको शिक्षा तथा मानव स्रोत विकास केन्द्रका सूचना अधिकारी माधवप्रसाद दाहाल जानकारी दिन्छन् । भिडियो शिक्षा अर्थात् टेलिभिजनमा शिक्षण सामग्री बनाउने काम भने २०७२ को भूकम्पपछि थालिएको हो । यस्ता सामग्री हरू सामुदायिक विद्यालय-लक्षित भए पनि निजी विद्यालयका लागि पनि उत्तिकै महत्त्वपूर्ण रहेको दाहाल बताउँछन् । केन्द्रले बनाएको शिक्षण सामग्री यूट्युबमा पनि अपलोड भएकाले इन्टरनेटमा पहुँच हुनेहरूले सहजै हेरेर ज्ञान आर्जन गर्न सक्छन् । युट्यूबमा एनसीईडी भर्चुअल च्यानलमार्फत हेर्न सकिनेछ ।

कोभिड-१९ को महामारी आएपछि शिक्षा मन्त्रालयअन्तर्गतको विभागलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रका रूपमा परिवर्तन गरी शिक्षक सिकाइका विभिन्न माध्यममा जोड दिइएको छ । केन्द्रले अडियो भिजुअल सामग्रीको विकास गरी विद्यार्थीहरूसम्म पुऱ्याउने काम गर्दै आएको छ । रेडियो पुग्ने ठाँउमा अडियो, टेलिभिजन भएका ठाउँलाई भिजुअल सामग्री, इन्टरनेटमा सहज पहुँच हुनेले यूट्युबमा हेर्न सक्ने छन् । केन्द्रका सूचना अधिकारी दाहालका अनुसार देशभरका ८० प्रतिशत विद्यार्थी तथा अभिभावक रेडियोको पहुँचमा छन् । टेलिभिजनको पहुँचमा भने जम्मा ५० प्रतिशत छन् ।

इन्टरनेटको पहुँच एकदमै कम विद्यार्थीमा छ । ग्रामीण क्षेत्रका २ प्रतिशत विद्यार्थी मात्र इन्टरनेटको सहज पहुँचमा छन् भने सहरी भेगमा १७ प्रतिशत विद्यार्थीले इन्टरनेटको उपयोग गरिरहेका छन् । १३ देखि २० प्रतिशत विद्यार्थीमा त कुनै पनि प्रविधिको पहुँच छैन । 'केही पनि प्रविधिको पहुँच नपुगेका विद्यार्थीका लागि भने विषयगत विज्ञहरूबाट तयार पारिएको स्वअध्ययन सामग्री विकास गरेर सम्बद्ध पालिकामार्फत विद्यालयसम्म पुऱ्याउने व्यवस्था मिलाएको दाहाल बताउँछन् । तर प्रचारप्रसार गर्न नसकिएकाले यसबारे चाहिंदो जानकारी गराउन नसकिएको उनलाई पनि लागेको छ ।

सूचनाप्रविधि विभागका निर्देशक लोकराज शर्मा पनि प्रविधिबाट विद्यार्थीलाई पढाउने योजनाअनुसार शिक्षक र विज्ञको परामर्शमा तयार गरिएका शैक्षिक सामग्री विद्यालय र विद्यार्थीहरूका लागि उपयोगी रहेको बताउँछन् । रेडियो र टेलिभिजनमा एकदुई पटक कार्यक्रम प्रसारण हुने तर इन्टरनेटमा चाहेको समयमा हेर्न मिल्ने हुँदा युट्युबमा राखिएका सामग्री प्रभावकारी भएको उनको धारणा छ ।

नेपाल दूरसञ्चार प्राधिकरणले सरकारको 'डिजिटल नेपाल अभियान'मा समेत टेवा पुग्ने र शिक्षामा प्रविधि विस्तार गर्ने उद्देश्यले विभिन्न सामुदायिक विद्यालयमा सूचनाप्रविधि प्रयोगशाला निर्माण गर्दै आएको छ । देशभरिका झन्डै एक हजार सामुदायिक विद्यालयमा डिजिटल कक्षा अर्थात सूचना प्रविधि प्रयोगशाला बनाइसकेको प्राधिकरणले जनाएको छ । एउटा सूचनाप्रविधि प्रयोगशालामा विद्यार्थी संख्याको आधारमा १० देखि २४ थान कम्प्युटर, राउटर, नेटवर्किङ, सीसी क्यामेरा, मल्टिफङ्शन प्रिन्टरलगायत सामग्री राखेर सूचनाप्रविधि प्रयोगशाला निर्माण गरिसकेको दूरसञ्चार प्राधिकरणका

प्रवक्ता सन्तोष पौडेलले जानकारी दिए । सरकारको नीतिअनुसार सूचना निकालेर छानिएका प्रत्येक निर्वाचन क्षेत्रबाट कम्तीमा चार वटा सामुदायिक विद्यालय छनोट गरी विद्यार्थी संख्याका आधारमा सूचनाप्रविधिका सामग्रीहरू राखिएको छ । सामुदायिक विद्यालयमा गरिने शिक्षण विधिलाई गुणस्तरीय एवम् प्रतिस्पर्धी बनाउन सूचना प्रविधि प्रयोगशाला स्थापना गरी सामुदायिक विद्यालयहरूलाई सूचना प्रविधिमैत्री बनाउने उद्देश्यले सूचना प्रविधि प्रयोगशाला स्थापना तथा व्यवस्थापन कार्यविधि, २०७५ जारी भएको छ ।

आर्थिक वर्ष २०६७/६८ को बजेटमा प्रत्येक सामुदायिक विद्यालयमा इन्टरनेटको पहुँच पुऱ्याउने उल्लेख थियो । त्यसापछिका हरेक वर्षका बजेटमा यससँग सम्बद्ध शीर्षक समेटिएको पाइन्छ । आर्थिक वर्ष २०७१/७२ देखि ३ आर्थिक वर्षमा मात्र शिक्षा विभागमार्फत ५ हजार ५ सय भन्दा बढी विद्यालयमा करिब ५० करोड रकम सूचना प्रविधिको विकास र विस्तारका लागि खर्च गरिएको थियो । शिक्षामा सूचना प्रविधि गुरूयोजना २०७०, ब्रोडब्यान्ड नीति २०७१, सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ पनि छन् ।

आर्थिक वर्ष २०७६/७७ को बजेटमा शिक्षा तथा विज्ञान प्रविधिको क्षेत्रका लागि १ खर्ब ६३ अर्ब ७६ करोड रूपैयाँ विनियोजित थियो । शैक्षिक प्रणालीलाई रोजगारीसँग आबद्ध गर्ने, सीपमूलक, आयमूलक र प्राविधिक शिक्षालाई अभियानका रूपमा सञ्चालन गर्ने कार्यक्रम उक्त बजेटमा थियो । सबै स्थानीय तहमा कम्तिमा एक प्राविधिक विद्यालय स्थापना गर्ने नीतिअनुरूप बाँकी २ सय १२ स्थानीय तहका सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा अध्ययन सुरू गर्न २६ करोड रूपैयाँ बजेट विनियोजन भएको थियो ।

त्यस्तै आर्थिक वर्ष २०७७/०७८ को बजेटमा शिक्षा क्षेत्रलाई प्राथमिकता दिँदै १ खर्ब ७१ अर्ब ७१ करोड २२ लाख विनियोजन भएको थियो । कोभिड–१९ महामारीको कारणले पठनपाठनमा सिर्जना भएको अवरोधलाई दृष्टिगत गरेर २०७७/०७८ को बजेटमा भर्चुअल कक्षा सञ्चालन, अनलाइन शिक्षा तथा टेलिभिजन एवम् रेडियोमार्फत नयाँ शैक्षिक वर्षको पठनपाठनका गरिने उल्लेख थियो । २०७८/७९ को अध्यादेशमार्फत आएको बजेटमा शैक्षिक नतिजाका आधारमा अनुदान दिने लगायतका केही नयाँ कार्यक्रम थप गरेर शिक्षामा १ खर्ब ८० अर्ब ४ करोड बजेट विनियोजन गरिएको छ ।

आगामी २ वर्षभित्र सबै सामुदायिक विद्यालयमा निःशुल्क ब्रोडब्यान्ड

इन्टरनेट सेवा पुऱ्याउने उद्देश्यका साथ आगामी आर्थिक वर्षको अन्त्यसम्ममा मुलुकभरका ६० प्रतिशत विद्यालयमा सेवा विस्तार गर्ने सरकारी लक्ष्य छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्ने निर्देशिका २०७७ जारी गरेपछि यसका लागि चालू आवबाट बजेट विनियोजन गर्न थालेको हो । सरकारले चालू आर्थिक वर्षमा विद्यालय तह, प्रविधिक शिक्षा र उच्च शिक्षाक्षेत्रमा गरेर लगभग १ अर्ब रूपैयाँ वैकल्पिक माध्यमबाट पढाइ सञ्चालन गर्न बजेट विनियोजन गरेको छ ।

## समस्या र चुनौतीका चाङ

निजी तथा सामुदायिक विद्यालयका शिक्षकहरू प्रविधिको प्रयोगले सुरू भएको वैकल्पिक सिकाइप्रति सकारात्मक छन् । बालबालिकाहरू केही पनि नगरी घर बस्नुभन्दा केही गर्नु उचित हुने उनीहरूको बुझाइ छ । यसबाट पनि विद्यार्थीले राम्रै शिक्षा आर्जन गर्न सक्ने शिक्षकहरू बताउँछन् । विद्या सागर इंग्लिस स्कुलका प्रिन्सिपल हिरा शर्मा नेपाल भर्चुअल पढाइका कतिपय नकारात्मक पक्ष भए पनि शिक्षा लिनुलाई महत्वपूर्ण मान्छन् । तर यसरी पढाउँदा झन्डै १५ देखि २० प्रतिशत विद्यार्थीलाई समेट्न नसकेको उनको अनुभव छ ।

श्वेत बराह उच्च मा.वि., बनेपाका शिक्षक शम्भु घिमिरे पनि प्रविधिको सिकाइप्रति सकारात्मक छन् । सामुदायिक विद्यालय भए पनि उत्साहजनक रूपमा विद्यार्थीले अनलाइन पढाइमा सहभागिता जनाएको उनको अनुभव छ । तर, घिमिरेका अनुसार ६० प्रतिशत विद्यार्थीले मात्र अनलाइन कक्षामा सहभागिता जनाएका छन् । उनलाई लागेको छ– भौतिक उपस्थितिमा कक्षा सञ्चालन गरेको जस्तो भने अनलाइन कक्षा हुँदैन । विद्या सागरका प्रिन्सिपल हीरा शर्मा पनि भौतिक उपस्थितिमा कक्षामा हुने भावनात्मक अनुभव र अन्तरक्रिया गर्न नपाइएको महसूस गर्छन् । विद्यार्थीहरू पनि अडियो म्युट गरेर पढाइमा भन्दा बाहिर केन्द्रित हुने जस्तो समस्या पनि भर्चुअल कक्षामा पाइएको छ ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रविधिको पहुँच नभएका विद्यालयका लागि निर्माण गरेको स्वअध्ययन सामग्री इन्टरनेट नभएको ठाउँमा

केही हदसम्म उपयोगी देखिएको छ । काभ्रेको बेथानचोक गाउँपालिकाको शिक्षा इकाई प्रमुख पुष्पा राईका अनुसार केन्द्रले पठाएको सामग्री घरदैलो गर्दै शिक्षक, विद्यार्थी र अभिभावकहरूसमक्ष पुऱ्याइएको छ । गाउँपालिकाले सबै विद्यार्थीका लागि स्वाध्ययन सामग्री  वितरण गरेको छ ।

बेथानचोकको सरस्वती मा.वि.का प्रधानाध्यापक कृष्णप्रसाद अधिकारीका अनुसार सम्भव भएका ठाउँका विद्यार्थीलाई टिभि हेर्न र रेडियो सुन्न भनिए पनि त्यसमा विद्यार्थीहरूको त्यति ध्यान पुगेको पाइएको छैन । 'स्वअध्ययन सामग्री  भने टिभि र रेडियो भन्दा प्रभावकारी देखिएको छ । तर, यसका लागि पनि अभिभावक र शिक्षकको सहयोग चाहिन्छ । सबै अभिभावकले सिकाउन नसक्ने र सिकाउन चासो पनि नदिने चुनौती यसमा देखिएको छ । सरस्वती मा.वि.मै तीन छोरीलाई पढाउने बेथानचोक-४ की सुस्मिता श्रेष्ठ जस्ता अभिभावक पनि छन्, जसले आफूले नपढेकाले छोराछोरीलाई सिकाउन सक्दैनन् । उपाय भनेको सानो कक्षाको छोरीलाई ठूलो कक्षाको छोरीले सिकाउने र ठूलो कक्षामा पढ्नेले शिक्षकसँग परामर्श गरेर घरमै पढ्ने नै हो ।

नेपाल दूरसञ्चार प्राधिकरणको वार्षिक प्रतिवेदन २०७६/७७ अनुसार 'आर्थिक वर्ष २०६५/६६ सम्म कुल जनसंख्याको २२.९४ प्रतिशतमा टेलिफोन सेवाको पहुँच र इन्टरनेट प्रयोगकर्ता मात्र १.८७ प्रतिशतमा सीमित रहेकामा आर्थिक वर्ष २०७६/७७ को असार मसान्तसम्म आइपुग्दा कुल जनसंख्याको १२६.७२ प्रतिशतमा टेलिफोन सेवाको पहुँच पुगेको छ भने इन्टरनेट प्रयोगकर्ता ७४.४३ प्रतिशत पुगेको छ । साथै इन्टरनेट सेवा प्रदायकहरू (ग्रामीण दूरसञ्चार सेवाको समेत) को संख्या १२८ पुगेको छ । विशेषत : मोबाइल सेवाको व्यापक विस्तारले आम समुदायमा दूरसञ्चार सेवाको पहुँच उल्लेखनीय रूपमा वृद्धि भएको हो । हाल देशका ९० प्रतिशत भन्दा बढी जनसंख्याको पहुँचमा मोवाइल फोनको विस्तार भएको छ ।

दूरसञ्चार प्राधिकरणकाको २०७७ फागुनको प्रतिवेदनअनुसार देशभर टेलिफोन प्रयोगकर्ताको संख्या बढेर १३३.४७ प्रतिशत पुगेको छ । तर, प्राधिकरणले यो संख्याको निर्धारण भने सिमकार्ड वितरणलाई आधार मानेर गरेको प्रवक्ता सन्तोष पौडेल बताउँछन् । सोही अवधिसम्ममा ब्रोडब्यान्ड इन्टरनेट प्रयोगकर्ताको २ करोड ६३ लाख ५६ हजार ५ पुगेका छन् ।

प्रयोगकर्ता बढेसँगै इन्टरनेटमा पहुँच पाउने जनसंख्या प्रतिशत ८७.१९ पुगेको छ । यसमा मोबाइलमा मात्र नेट चलाउनेको संख्या १ करोड ९३ लाख ७० हजार १ सय ४३ छ । अर्थात्, ६४.०८ प्रतिशतले मोबाइलमा इन्टरनेट सुविधा उपयोग गरिरहेका छन् । यसमा फिक्स ब्रोडब्यान्ड इन्टरनेट भने २३.११ प्रतिशत जनसंख्यामा मात्रै पुगेको छ । करिब तीन चौथाइ जनसंख्यामा विद्युत् पहुँच पुगेको देखिए पनि फिक्स ब्रोडब्यान्ड इन्टरनेट थोरैमा मात्र पुगेको छ । फिक्स ब्रोडब्यान्डको विस्तार बढी भएमा मात्रै प्राविधिक शिक्षा पनि प्रभावकारी हुने देखिन्छ ।

नेपाल दूरसञ्चार प्राधिकरणको तथ्यांकलाई आधार मान्ने हो विद्यालय शिक्षामा प्रविधिलाई उपयोग गर्न सहज हुने देखिन्छ । तर, प्राधिकरणको तथ्यांकले देखाएजस्तो अवस्था भने गाउँघरका विद्यालयमा कमै मात्र छ । विद्यालयमा मात्रै इन्टरनेट जडान गरेर पनि भएन विद्यार्थीका घरमा पनि त्यसलाई प्रयोग गर्न सक्ने पहुँच हुनुपर्‍यो । डाटा महँगो हुने एकातिर छ भने भौगोलिक अवस्थाका कारण नेटवर्कमा समस्या हुने अर्को पाटो पनि छ । फिक्स ब्रोडब्यान्ड इन्टरनेट भने २३.११ प्रतिशत जनसंख्यामा मात्र पुगेकाले पनि सहरी भेगमै इन्टरनेटको सहज पहुँच छ भन्न सकिदैन । त्यसमाथि यो धेरैजसो सहर केन्द्रित छ । अनि भएकै ठाँउमा पनि इन्टरनेटको गुणस्तर, अनलाइनमा विद्यार्थीको बुझाइको स्तर, घरमा अनलाइन बसेर पढ्न कतिको सहज छ भन्ने जस्ता विषयमा पनि ध्यान पुर्‍याउन आवश्यक छ । हातमा मोबाइल फोन हुँदैमा मात्र पढ्न सकिने भए अनलाइन माध्यम धेरै प्रभावकारी हुने थियो ।

यस्तै उदाहरण हुन्, काभ्रेको धुलिखेल बजारबाट ७ किलोमिटर मात्रै टाढाको करथरी मा.वि.का विद्यार्थी । लकडाउनको महिनौँ उनीहरूको त्यत्तिकै बित्यो । हातमा मोबाइल फोन भए पनि विद्यार्थीको घरमा सहज इन्टरनेटको पहुँच नहुँदा पढ्न पाएनन् । जबकि मूलतः न्यून आय भएका ११६ विद्यार्थी अध्ययन गर्ने यस विद्यालयमा इन्टरनेटको सुविधा भएको ४ वर्ष पुगिसक्यो । स्थानीय एउटा रेडियोमा कार्यक्रम बनाएर प्रसारण गरे पनि सबै भेगमा रेडियो नसुनिने हुनाले त्यो पनि त्यति प्रभावकारी नभएको प्रधानाध्यापक हरिबहादुर अधिकारी बताउँछन् । तसर्थ घरमै पढ्न प्रेरित गर्दै समस्या परे 'हेलो सिकाइ'को प्रयोग गर्न प्रेरित गरेको उनी बताउँछन् । हेलो सिकाइमा

विद्यार्थीले घरमा आफैं पढेर केही कुरा नबुझे सम्बद्ध शिक्षकलाई फोनमा सोध्न सक्छन् । यसरी नै पढेको भरमा विद्यालय खुलेपछि आन्तरिक परीक्षा लिइयो र उनीहरूको ग्रेड वृद्धि गरियो ।

कम्प्युटर एशोसिएशन नेपाल (क्यान) ले पनि प्रविधि प्रयोगमा जोड दिँदै विद्यालयलाई डिजिटलाइजेसन गर्न पहल गर्दै आएको छ । क्यान बागमती प्रदेशका अध्यक्ष मनोजकुमार न्यौपाने आफूहरूले विद्यालयलाई प्रविधिमैत्री बनाउन पहल गर्न लागि विभिन्न सचेतना कार्यक्रम सञ्चालन गरेको बताउँछन् । न्यौपानेका अनुसार, अनलाइन कक्षाका लागि अन्य पूर्वाधारको त्यति समस्या नभए पनि इन्टरनेटको पहुँच नहुनु नै सबैभन्दा ठूलो समस्या देखिएको छ ।

काठमाडौं विश्वविद्यालयका उपकुलपति भोला थापा पनि कनेक्टिभिटी नै प्राविधिक शिक्षाको मूल मुद्दा रहेको ठान्छन् । थापाका विचारमा भर्चुअल कक्षामा विद्यार्थीलाई आकर्षित गराइराख्न र क्षमतालाई उकास्न त्यति सजिलो भएको छैन भने प्रविधिको प्रयोगसँगै समाज र संसारको वास्तविकतासँग परिचित गराउनु अर्को चुनौती छ । उनी ठान्छन्- प्राविधिक शिक्षण सिकाइ अहिलेको पुस्तामा त्यति प्रभावकारी नभए पनि अबको ८/१० वर्षपछिका पुस्तालाई भने प्रभावकारी हुने छ ।

## संकटमा सम्भावनाको खोजी

प्रविधिको पहुँचमै कमीका साथै पहुँच भएकाले सुरक्षित प्रयोग गर्ने र त्यसबाट उच्चतम लाभ लिने संस्कार पनि विकास भइसकेको छैन । अर्कातिर विशेष गरी सामुदायिक विद्यालयहरूमा हाल कार्यरत शिक्षकको ठूलो संख्या प्रविधिसँग परिचित छैन । प्रविधिले शिक्षणलाई सहयोग गर्छ भन्नेमा उनीहरू पूर्ण विश्वस्त पनि छैनन् । विभिन्न संघसंस्था, सरकारी निकायबाट सामुदायिक विद्यालयका लागि प्रविधिमैत्री सामग्री हस्तान्तरण हुदाँ पनि त्यसको सदुपयोग कमै मात्र भएका छन् । विद्यालयमा उपलब्ध यस्ता साधनको प्रयोग खास गरी प्रशासनिक कामका लागि र बाँकी शिक्षकहरूले फुर्सदको समय बिताउने माध्यमको रूपमा भएको देखिन्छ । शिक्षण सिकाइ क्रियाकलापका सन्दर्भमा त यसको प्रयोग ज्यादै न्यून छ । शिक्षकहरूमा यी

साधनको प्रयोग बढाउने उपायको खोजीभन्दा समस्या देखाउने प्रवृति बढी देखिन्छ ।

प्रविधि प्रयोग गर्ने मामिलामा त शिक्षकभन्दा विद्यार्थी धेरै अगाडि छन् । पुराना पुस्ताले खुर्पेठ्याक, बञ्चरो, ढिकी–जाँतो र डाडू–पन्यू खेलाए जस्तै हो, तिनलाई मोबाइल, ल्यापटप, ट्याबलेट, आइप्याड, स्मार्ट वाच । त्यसैले तिनीहरूलाई अब प्रविधिविमुख पठनपाठन होइन, प्रविधियुक्त पठनपाठनमै जोड दिनु उपयुक्त हुन्छ । शिक्षाविद् डा. विद्यानाथ कोइराला भन्छन्, 'विद्यार्थीहरू शिक्षकसँग भन्दा प्रविधिसित बढी सिक्छन्, सिक्न खोजिरहेका छन् । त्यसैले अब शिक्षक संख्या आधाभन्दा कम भए पुग्छ ।'

प्रविधिको प्रयोगमा जोड दिने हो भने आफूलाई 'अपडेट' गराउन नचाहने र नसक्ने शिक्षकको भविष्य हुँदैन । कम्प्युटर एशोसिएसन नेपाल (क्यान) का बागमती प्रदेश अध्यक्ष न्यौपानेले पनि सामुदायिक विद्यालयका पुराना शिक्षकमा प्रविधिप्रति त्यति सकारात्मक सोच नभएको महसुस गरेका छन् । उनीहरू समयअनुसार आफूलाई बदल्न नचाहने सोचका भएकाले पहिला उनीहरूलाई नै तालिम दिनुपर्ने न्यौपानेको राय छ । डा. कोइराला भने शिक्षकहरू समयानुकुल आफै अपडेट हुन आवश्यक रहेको ठान्छन् ।

बेथानचोक गाउँपालिकाले विद्यालय बन्द रहेकै अवस्थामा पनि ४/५ जनाको संख्यामा विद्यार्थीहरूलाई पालैपालो जम्मा गरेर पढायो । शिक्षा एकाइ प्रमुख पुष्पा राईका अनुसार इन्टरनेट सबै ठाउँमा सहज नभएपछि यो विधि अपनाउँदै सरकारले उपलब्ध गराएको स्वाध्ययन सामग्रीसहित पढाइएको हो । शिक्षाविद् कोइराला पनि इन्टरनेट प्रभावकारी नहुने ठाँउमा यसै गर्नुपर्ने मान्यता राख्छन् ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । तर, प्राविधिक शिक्षाको नाममा विद्यार्थीलाई आवश्यक पर्ने कम्प्युटर, ल्यापटप, स्मार्टफोन, आइप्याड, नेटवर्किङलगायतले सामग्री प्रयोग गर्न जोड गर्दा भने शिक्षा झनै महँगो पर्न जान्छ । 'सरकारले यसै पनि संविधानविपरीत सामुदायिक विद्यालयका विद्यार्थीहरूसँग परीक्षा शुल्कका नाममा पैसा उठाएर गलत गरिरहेको छ । त्यसमाथि पनि अब स्मार्ट फोन, कम्प्युटर, ल्याप्टप, आइप्याड लगाएका समान उनीहरूले कसरी

जुटाउनू ?,' शिक्षाविद् कोइरालाको प्रश्न छ– जसको बाससमेत छैन, तिनले छोराछोरीलाई मोबाइल र ल्यापटप कसरी जुटाउने ? ती साधन चलाउन कसरी मद्दत गर्ने ?' त्यसैले बालबालिकाको शिक्षामा कुप्रभाव पर्न नदिन जहाँ जे उपलब्ध छ, त्यहीबाट अध्ययन अध्यापन गराउन शिक्षाविद् कोइरालाको सल्लाह छ ।

सामुदायिक विद्यालयमा अधिकांश निम्न आय भएका परिवारका बालबालिकाले पढ्छन् । प्रविधिमा आधारित शिक्षा सकारात्मक भए पनि उनीहरूका लागि खर्चिलो बन्नेछ । त्यसैले सूचनाप्रविधिलाई विद्यालय शिक्षामा प्रभावकारी बनाउन सरकारले उनीहरूका लागि सकेसम्म निःशुल्क र नभए पनि न्यूनतम शुल्कमा इन्टरनेट उपलब्ध गराउनुपर्छ ।

## प्रविधिको प्रयोगका खराब पक्ष

विद्यालय तथा कलेजहरूमा इन्टरनेटको प्रयोगलाई बढावा दिँदै जाँदा यसैबाट बढेको अश्लीलता र हिंसा न्यूनीकरण कसरी गर्ने भन्ने पनि चुनौती पनि थपिएको छ । मोबाइल वा कम्प्युटरमा इन्टरनेट चलाउनेहरू अक्सर साइबर बुलिङ वा साइबर उत्पीडनको सिकार हुने गर्दछन् । साइबर उत्पीडनमा विशेषगरी सामाजिक अफवाह फैलाउने, धम्की दिने, यौनजन्य सामग्री पठाउने, व्यक्तिगत सूचनाहरू खुलासा गरिदिने र उत्तेजक क्रियाकलाप पर्दछन् । पछिल्ला दिनमा समाजिक सञ्जालमा सक्रिय हुनेको संख्या बढ्दै छ ।

बेलायतमा गरिएको एक अध्ययनले सामाजिक सञ्जालको लत लागूऔषधको भन्दा पनि खतरनाक रहेको देखाएको छ । हातमा स्मार्टफोन बोक्ने सामान्य नागरिकले हरेक १२ मिनेटको अवधिमा एकपटक सञ्जाललाई रिफ्रेस गर्ने गरेको अध्ययनमा उल्लेख छ । अनि यसको लतमा फसेकाले त हरेक दुई-तीन मिनेटमा सामाजिक सञ्जाल चलाइरहेका हुन्छन् । साइबर बुलिङका कतिपय घटना सामाजिक सञ्जालबाटै हुने गरेका छन् ।

मोबाइल दिएपछि बालबालिका बिग्रन्छन् भन्ने आमाबाबु नै कतिपय अवस्थामा भने उनीहरूलाई विद्युतीय सामग्री दिएर अल्मल्याउने गर्छन् । अनि पछि तिनै अभिभावक बालबालिकाले नेटमा धेरै समय बिताए भन्दै चिन्ता

लिने गर्छन् । काठमाडौं विश्वविद्यालय स्कुल अफ मेडिकल साइन्सेसका प्राध्यापक बालचन्द्र लुइँटेल सामाजिक सञ्जालमा अहिले भेटिने कतिपय सामग्री  डरत्रास पैदा गर्ने र नकारात्मक भाव दिने खालका हुनाले यसले बालबालिकामा नकारात्मक असर गर्ने बताउँछन् । कतिपय बालबालिकामा एकोहोरो इन्टरनेटमा बस्ने, गेम खेल्ने जसता कुलत लाग्न सक्नेतर्फ सचेत रहन उनको सल्लाह छ । यस अलावा पाटन अस्पतालमा कार्यरत डा. अशोक अधिकारीका अनुसार त उपकरणको अत्यधिक प्रयोगले आँखा, कान, नसा, गर्धनमा समस्या, अनिद्रा जस्ता स्वास्थ्य समस्या पनि निकाल्छन् ।

विद्युतीय सामग्रीको अत्यधिक प्रयोगका कारण मानव स्वास्थ्यमा देखापर्ने असरको सूची लामै हुनजान्छ । विद्युतीय उपकरणको स्क्रीनबाट उत्सर्जित प्रकाशले हाम्रो आँखालाई सर्वाधिक असर पार्दछ । मोबाइल फोनको लगातार प्रयोग गर्दा कानको श्रवणशक्ति पनि क्षय हुन सक्छ । मोबाइल, कम्प्युटर, ल्याप्टपलगायतमा लगातार घोप्तिरहँदा ढाड, कम्मर, गर्धन दुख्ने समस्या आउन सक्छ । लगातार कम्प्युटरको किबोर्ड हानिरहँदा कर्पल टनेल सिन्ड्रोम जस्तो बिरामी पनि हुन सक्छ, जसमा हात लाटो हुने, झम्झमाउने तथा कमजोर हुने लक्षणजस्ता लक्षणहरू देखा पर्छन् । घरमै बसेर अनलाइन कक्षा गर्दा सुतेर मोबाइल, ल्याप्टप हेर्ने गर्नाले अरू समस्या पनि थपिदै जान्छ । एकाग्र हुन नसक्ने, ध्यान नलाग्ने र विषय विश्लेषण गर्ने क्षमता घट्नेजस्ता मानसिक समस्या पनि देखा पर्छन् । क्यान्सर, छालाको समस्या, प्रजनन क्षमतामा ह्रास, अनिद्रा, नैराश्य, स्मृति नाश, मुटुको समस्या, आनीबानीमा परिवर्तन र धेरै एकोहोरो यस्ता कुरामा ध्यान दिदाँ दुर्घटनासमेत हुन सक्छ ।

यसअलावा बाटोमै हिंड्दा मोबाइलमा ध्यान दिने, म्यासेज पठाउने, अडियो भिडियो सुन्दा/हेर्दा दुर्घटना निम्त्याउनेतर्फ त ट्राफिक प्रहरीले पनि ध्यानाकर्षण गराउने गरेको छ । यी उपकरणको प्रयोगले दिमागमा चाप बढ्ने हुँदा प्रयोगकर्ता चाँडै तनावग्रस्त हुन सक्छ । त्यस्तै गर्भवती महिलाले इलेक्ट्रो म्याग्निटोक रेडिएसन उत्सर्जन गर्ने उपकरण प्रयोग गरेमा गर्भको शिशुलाई समेत असर पुऱ्याउन सक्छ । यस्ता सचेतनामूलक जानकारी सामग्री रेडियो तथा पत्रपत्रिकाले समेत सार्वजनिक गरिरहेका छन् ।

प्रविधिले मानिसलाई सामाजिक दुनियाँभन्दा बाहिर र एक्लो बनाउँदै छ । परिवार आफन्तबीचको सामिप्य कम गर्दै छ । फलतः सामाजिक

सञ्जालमा घोत्लिने नाममा मान्छे असामाजिक बन्दै गएको छ । बालबालिका पनि यसको लतमा फसेपछि बाबुआमा, आफन्त, साथीभाइभन्दा टाढा र एक्लोपन रूचाउँछन् । विद्यार्थीलाई प्रविधिको नकारात्मक पक्षबाट रोक्न महत्त्वपूर्ण भूमिका त अभिभावककै हुन्छ । विद्या सागर स्कुलका प्रिन्सिपल हीरा शर्मा पनि आफ्ना बालबालिका घरमा हुँदा मोबाइल, ल्याप्टप, टिभीमा के हेर्दै छन् भन्ने ध्यान दिन सल्लाह दिन्छन् ।

विद्युतीय उपकरणमाथिको निर्भरतासँगै समस्या पनि बढ्दै गएका छन् । तर, प्रविधिको विकल्प छैन । तसर्थ आफ्ना बालबालिकाकालाई यस्ता साधन कति समय र कसरी प्रयोग गर्न दिने भन्ने प्रमुख दायित्व अभिभावक र शिक्षकले नै निधारण गर्न आवश्यक छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रका सूचना अधिकारी माधव दाहाल पनि नकारात्मक पक्षलाई रोक्नका लागि पहिलो भूमिका अभिभावक र शिक्षकको हुने ठान्छन् । विशेषगरी ५ कक्षाभन्दा मुनिका बालबालिकासँग उनीहरूले पढ्ने, लेख्ने समयमा अनिवार्य अभिभावक आवश्यक भएको उनको भनाइ छ ।

काठमाडौं विश्वविद्यालयका उपकुलपति थापा विकृत प्रभावलाई कम गर्नका लागि दूरसञ्चार प्राधिकरणजस्ता निकायको भूमिका महत्त्वपूर्ण हुने ठान्छन् । 'हामी सूचना प्रविधिको प्रयोगबाट पछाडि फर्किने सम्भावना छैन, तर नेटवर्कको सर्भिस दिने सरकारी निकायबाटै यस्ता सामग्रीहरू फिल्टर हुन आवश्यक छ,' थापा भन्छन् ।

ंहो, उपकुलपति थापाले भने जस्तै सरकारी पहल सूचना तथा प्रविधि विभागले लिइरहेको छ । विभागका निर्देशक लोकराज शर्मा प्रविधिका नकारात्मक पक्षलाई रोक्नका लागि सचेतना कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिन्छन् । उनका अनसार, विभागले सीटीईभीटीसँग सहकार्य गर्दै विगत ५ वर्षदेखि सुरक्षित प्रविधिको प्रयोगका लागि देशैभरका स्कुल तथा कलेजहरूमा सचेतनामूलक तालिम सञ्चालन गरिरहेको छ । विशेषगरी सामुदायिक विद्यालय लक्षित यस तालिममा निजी विद्यालयका विद्यार्थीहरू पनि सहभागी हुन्छन् । निर्देशक शर्माका अनुसार कतिपय गलत सामग्री राख्ने वेबसाइट दूरसञ्चार प्राधिकरणसँगको सहकार्यमा हटाइएको पनि उदाहरण छ ।

दूरसञ्चार प्राधिकरणको प्रतिवेदनअनुसार सूचना तथा सञ्चारप्रविधिको

विकाससँगै अनलाइन माध्यममा बालबालिकामाथि बढ्दो दुर्व्यवहारका घटनालाई सरोकारवालहरूको संयुक्त पहलबाट न्यूनीकरण गर्न तथा बालबालिकाका लागि इन्टरनेटको सुरक्षित प्रयोगका लागि अनलाइन बाल सुरक्षा निर्देशिका, २०७६ पनि लागू गरिएको छ ।

## मूल होइन, विकल्प मात्र

सञ्चारका माध्यमले गर्दा नै विश्व एउटा गाउँ जस्तै भएको छ । सूचना प्रविधिमा चित्र, रंग र ध्वनिको सबैको सम्मिश्रण हुने हुनाले यसबाट प्रभावकारी शिक्षा प्रदान गर्न थप सुविधा पनि उपलब्ध छ । शिक्षा तथा सूचना र सञ्चारप्रविधि एक अर्काका परिपूरक भएका छन् । कक्षा कोठामा प्रविधि प्रयोगका कारण परम्परागत पठनपाठनको सिद्धान्त र संस्कृति विस्थापित भएर नयाँ अवधारणाको सुरूआत भएको छ ।

सूचना सञ्चार प्रविधिका उपकरण शिक्षण सामग्रीका रूपमा परम्परागत सामग्रीभन्दा बढी सान्दर्भिक, उपयुक्त एवं प्रभावकारी रूपमा प्रयोग गर्न पनि सकिन्छ । त्यसैले यसको प्रयोग नगरी शिक्षक, अभिभावक र विद्यार्थी कसैलाई पनि अलग बस्ने परिस्थिति छैन । सूचना प्रविधिको क्षेत्र व्यापक र अपरिहार्य छ । हरेक विषयमा सकारात्मक र नकारात्मक दुवै पक्ष हुन्छन् नै । काठमाडौं विश्वविद्यालयका उपकुलपति थापा पनि सूचनाप्रविधि अथाह सागर भएकाले त्यसमा रहेको हीरा लिने कि फोहोर भन्नेमा सचेत हुन सल्लाह दिन्छन् ।

नेपालको भौगोलिक बनावटका कारण सबैतिर इन्टरनेटको पहुँच उपलब्ध गराउनु मुख्य चुनौतीको रूपमा रहेको छ । त्यो पनि ब्रोडब्यान्ड इन्टरनेटमा लक्षित हुनुपर्ने देखिन्छ । तर यो काम रातारात नहुने भएकोले त्यसको विकल्पमा पनि ध्यान दिनु जरूरी छ । शिक्षामा प्रविधिको प्रभाव सकारात्मक भए पनि राजधानी उपत्यकामा समेत सबैले प्रविधिका साधन किन्न सक्ने क्षमता राख्दैनन् भन्ने सत्य जीवित छ । तसर्थ यसलाई विकल्परूपमा मात्र लिन सकिन्छ ।

*(सम्झना हुमागाईं 'अरनिको टेलिभिजन' र 'रेडियो अरनिको'मा कार्यरत पत्रकार हुन्)*

# भर्चुअल दुनियाँमा विद्यार्थीको भविष्य

भानुभक्त आचार्य

काभ्रेको पाँचखालस्थित आजाद माध्यमिक विद्यालयका शिक्षकको मोबाइलमा नगरपालिकाले हरेक महिना तीन सय रूपैयाँ ब्यालेन्स पठाउने गरेको छ । त्यही रकमबराबरको डाटा प्याक लिएर विद्यार्थीलाई शिक्षकले फोन गर्छन् र सिकाइ सहजीकरण गर्ने गरेका छन् । विद्यालयले फेसबुक पेज बनाएको छ र विद्यार्थीलाई जोडेको छ । प्रविधिमैत्री समाज नामक गैरसरकारी संस्थाले आजाद माविका शिक्षकलाई प्रविधिमा सहयोग गरेको छ ।

विश्वव्यापी महामारी कोरोना (कोभिड-१९) संक्रमणका कारण २०७६ चैतदेखि शिक्षक-विद्यार्थीको अध्यापन र अध्ययनमा ठूलो हेरफेर आएको सिद्धार्थ मावि हेटौंडाका प्रधानाध्यापक मोहनप्रसाद शर्मा बताउँछन् । एक हजार आठ सय विद्यार्थी अध्ययन गरिरहेको सिद्धार्थ माविमा कक्षा छदेखि १२ सम्मका बालबालिकालाई भर्चुअल विधिबाट पठनपाठन गरिएको थियो ।

विद्यालय नपुगेसम्म अध्ययन अध्यापन सम्भव छैन भन्ने परिभाषा अहिले

फेरिएको छ । भर्चुअल माध्यमबाट पनि विद्यार्थीको औपचारिक अध्ययन सम्भव छ भन्ने पुष्टि कोरोनाका कारण अनुभूति भएको हो । विकसित मुलुकमा भर्चुअल माध्यम सञ्चालनमा रहे पनि नेपालमा भने प्रविधिको यो प्रयोग पहिलो हो । इन्टरनेटका माध्यमले बालबालिकालाई एक हदसम्म नयाँ दुनियाँमा प्रवेश गरायो र पढ्न अभिप्रेरित गरिरह्यो । भौतिक उपस्थिति, पुस्तक र कापीकलमबिना पनि विद्यालयबाट औपचारिक अध्ययन ग्रहण गर्न सकिने, वेवसाइटहरूमा खोजेर पढ्न सकिने र शिक्षक शिक्षिकाले जुम र गुगल मिटमा पढाउने र इमेल, मेसेन्जर, ह्वाट्सएप, भाइबरजस्ता माध्यमबाटै गृहकार्य दिन थाले ।

काठमाडौं प्रज्ञा कुञ्ज स्कुल, मध्यबानेश्वर, काठमाडौंको कक्षा १० मा अध्ययनरत भक्तपुर गट्ठाघरनिवासी अञ्चित ढुंगाना कक्षा आठसम्म अध्ययनमा मध्यम थिए । अभिनय र गायनमा प्रतिभावान् भए पनि उनको पढाइ ठीकठीकै मात्र थियो । तर, जब भर्चुअल माध्यममा पढाइ सुरू भयो तब समयमै जुम र गूगल मिटमा जोडिने, पूरै अवधि भर्चुअल क्लासमा ध्यान दिएर बस्ने गर्न थाले, त्यसपछि अञ्चितका अभिभावक र शिक्षकशिक्षिका पनि दङ्ग परे । हरेक विषयका हरेक सन्दर्भमा प्रश्न गर्ने र शिक्षकले सोधेका प्रश्नको पनि जवाफ दिइहाल्ने उनको शैली हुन थाल्यो । इमेल, मेसेन्जर, भाइबरमा प्राप्त होमवर्क पनि सकभर सबैभन्दा पहिले नै बुझाउन थाले । 'त्यसका लागि दिनभरको कक्षा सकेपछि बरू रातको १२ बजोस् तर गृहकार्य सकेर बुझाएर (अपलोड गरेर) मात्रै सुत्ने बानी बसायो, उसले कहिल्यै भोलिलाई काम राखेन,' आमा कमलादेवीले भनिन् ।

अरू विद्यार्थीका लागि उपयोगी साबित होस् भनेर प्रज्ञा कुञ्जका शिक्षक शिक्षिकाले भर्चुअल 'प्यारेन्ट-टिचर मिटिङ'मा धेरैपटक अञ्चितको उदाहरण दिए । यसले उनको हौसला अझ थपियो । 'अस्ट्रेलिया र बेलारूस पुग्दा इन्टरनेटबाट पनि पढ्न सकिन्छ भन्ने थाहा पाएको थिएँ, त्यसैले पनि बढी रूची र जाँगर चल्यो', अञ्चित भन्छन्, 'झोलाभरि किताब बोकेर झन्डै एक घन्टा गाडीमा जाँदा स्कुल नपुग्दै थाकिन्छ तर यसमा पढ्न नयाँ र धेरै सजिलो भएर पनि हो ।' अञ्चितजस्तै उदाहरणीय विद्यार्थी अरू पनि धेरै छन् । सोही माध्यमबाट गृहकार्य बुझाउनसमेत मिल्ने भएपछि बालबालिका थप उत्साहित भएको पाइएको छ । यसले एकातिर गह्रौं झोला बोकेर

हस्याङ्फस्याङ् गर्दै विद्यालय जाने र फर्कने शारीरिक र मानसिक बोझबाट विद्यार्थीले मुक्ति पाएका छन् भने अर्कोतिर प्रविधि प्रयोग गरेर अध्ययन र अन्य थुप्रै काम गर्न सकिने रहेछ भनेर जान्ने बुझ्ने मौका पनि पाएका छन् ।

## फाइदासँगै जोखिम पनि

सकारात्मकसँगै हरेक कुराको नकारात्मक पक्ष पनि हुन्छ । भर्चुअल क्लासका फाइदा जति देखिएको छ, त्यति नै बेफाइदा र विकृति पनि भित्रिएको छ । 'वैकल्पिक शिक्षा भनेको विपद्मा कसरी बालबालिकाको पढाइलाई निरन्तरता दिने भन्ने नै हो', बागमती प्रदेशका शिक्षा विकास निर्देशक चन्द्रप्रसाद लुइँटेल भन्छन् । भौतिक रूपमै विद्यार्थी उपस्थित गराएर गरिने पठनपाठनमा पनि प्रविधिको प्रयोग अनिवार्य भइसकेको महसुस भएको निर्देशक लुईंटेल बताउँछन् ।

मकवानपुरको सबैभन्दा धेरै विद्यार्थी अध्ययन गर्ने शैक्षिक संस्था मकवानपुर बहुमुखी क्याम्पसमा ११ र १२ कक्षामा कम्प्युटर साइन्स पढाउने उपप्राध्यापक इन्द्र सापकोटा भन्छन्, 'अभिभावकले ख्याल गर्न सक्ने परिबारका बालबालिका अनलाइन कक्षामा ध्यानपूर्वक पढ्ने तर अभिभावकको हेरचाह नपुगेका बालबालिका अनलाइन कक्षामा उपस्थित नै हुँदैनन् ।' कम्प्युटर साइन्स पढ्ने अंग्रेजी माध्यमका विद्यार्थी प्रायः कक्षामा सहभागी हुने गरेको तर नेपाली माध्यमको कमर्स विषय पढ्ने विद्यार्थी ४० जनाको कक्षामा छ/सातजना मात्र उपस्थित हुने गरेको सापकोटाको अनुभव छ ।

लकडाउनका कारण घरबाहिर निस्कन नसकिने भएपछि अभिभावकलाई आफ्ना केटाकेटीको पढाइलाई निरन्तरता दिने दबाब बढ्दै गयो । कहिलेकाहिं डाटा प्याक किनेर इन्टरनेट चलाउने अभिभावकलाई पनि थुप्रै सुविधाका कारण नियमित रूपमा इन्टरनेट जडान गर्न बाध्य बनायो ।

कोरोना महामारीका कारण बालबालिकालाई घरबाहिर निस्कन प्रतिबन्ध लगाउन पनि अधिकांश अभिभावकले इन्टरनेट जोडे । कम्प्युटर, ल्यापटप, ट्याबलेट वा मोबाइलजस्ता ग्याजेटमा वाईफाईको सुविधा भएपछि संसार उपलब्ध हुने थाहा पाएपछि बालबालिका पनि त्यसमै रमाउँदै र अभ्यस्त हुँदै गए । 'सन्तान घरभित्रै बसेको र ग्याजेटमा केही सिकिरहेको बुझाइमा

अधिकांश अभिभावक मख्ख परे तर, तिनले ग्याजेटमा के गरिरहेछन् भन्नेमा ख्यालै गरेनन्', काठमाडौं कोटेश्वरनिवासी एक अभिभावक पुरूषोत्तम पराजुली भन्छन्, 'खेल खेलिरहेका छन् वा के हेरिरहेका छन् ? के गरिरहेका छन् ? भन्ने विषयलाई अधिकांश अभिभावकको तर्फबाट कुनै महत्त्व दिइएन । फलतः बालबालिकामा प्रविधिको गलत प्रयोग बढ्यो ।' आगामी दिन ग्रामीण भेगका बालबालिकाको अगाडि चुनौती थपिंदो अवस्थामा छ ।

केटाकेटीलाई कोभिड-१९ को महामारीमा घरबाहिर ननिस्कने वातावरण बनाउन मोबाइल वा ल्यापटप अनिवार्य शर्त भएको अभिभावकहरूको अनुभव छ । बालबालिकालाई घरबाहिर निस्कन नदिन अधिकांश अभिभावकले ल्यापटप वा मोबाइल उपलब्ध गराएका छन् । तर, ती बालबालिकाले मोबाइलमा के खेलिरहेका छन् वा के हेरिरहेका छन् ? भन्ने विषयलाई आवश्यक महत्त्व दिइएको छैन । फलतः बालबालिकामा प्रविधिको गलत प्रयोग बढ्दै गएको छ ।

मकवानपुरको मनहरिस्थित राष्ट्रिय रोटरी माविका बालबालिका पनि अनलाइन कक्षाको बहानामा बरालिएको पाइएको विद्यालयका प्रधानाध्यापक गोविन्द पौडेल बताउँछन् । मनहरी गाउँपालिकामा रहेका ३२ वटा सामुदायिक विद्यालयमध्ये आठ वटामा माध्यमिक कक्षा चलेको छ । अधिकांश माविका बालबालिका भने इन्टरनेटको पहुँचमा छैनन् । मनहरीको रोटरी माविका विद्यार्थी अनलाइन कक्षामा बस्ने बहानामा अनलाइन खेलमा एडिक्ट भएको प्रअ पौडेलको अनुभव छ ।

मकवानपुरको बकैया गाउँपालिकाका शिक्षा प्रमुख आइतराम तामाङ भन्छन्, 'अभिभावक बालबालिकालाई आफूसँगै राखेर अनलाइन कक्षा लिन वा दिन सक्ने अवस्थामा हुँदैनन् । एक त ग्रामीण क्षेत्रमा वैकल्पिक पढाइमा पहुँच छैन । पहुँच पुगेका बालबालिकामा पनि अध्ययनभन्दा कुलतमा ध्यान केन्द्रित गरेको पाइएको छ ।' अधिकांश विद्यालयका प्रधानाध्यापक तथा विषय शिक्षकको अनुभवमा बालबालिकालाई इन्टरनेटको माध्यमबाट वैकल्पिक कक्षा लिन कठिन भएको छ ।

## प्रविधि : आवश्यकता बढी, पहुँच कम

पछिल्लो पुस्ताका बालबालिकाले कालोपाटीमा चक डस्टर घोटेर गर्ने सिकाइ विधिलाई मन पराउन छोडेका छन् । कक्षाकोठामा मल्टीमिडियाको प्रयोग गर्नैपर्ने भएको छ । तर, समस्या पहुँचमा रहेको छ । लुइँटेलको अनुमानमा बागमती प्रदेशका करिब सात हजार वटा सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीमध्ये दुई प्रतिशत मात्रै इन्टरनेटको पहुँचमा छन् ।

पछिल्लो एक वर्षको अविधिमा बागमती प्रदेशका प्रायः सबै शिक्षकलाई लामो छोटो अवधिको प्रविधिमैत्री तालिम प्रदान गरिएको निर्देशक लुईंटेलको भनाइ छ । तर, शिक्षक संगठन मकवानपुरका अध्यक्ष श्रीराम दाहाल भने २० प्रतिशत भन्दा कम शिक्षक मात्रै प्रविधिको प्रयोग गरी पढाउन सक्षम भएको बताउँछन् ।

वैकल्पिक विधिबाट अध्यापन गर्ने प्रयास गरियो तर विशेषगरी ग्रामीण क्षेत्रका विद्यालयमा प्रभावकारी बन्न सकेन । सरकारले २०७७ चैत ११ गतेदेखि गरेको पहिलो चरणको लकडाउनका कारण शैक्षिक संस्था बन्द भएपछि शिक्षकले घरमै बसेर तलब मात्र आएको आरोप पनि लगाइयो । यसैबीचमा केही शिक्षकले विद्यार्थीसँग सम्पर्कमा रहिरहने उपायको खोजी गरे ।

देशभर माध्यमिक कक्षा चलेका विद्यालय संख्या सात हजार एक सय पाँच रहेको र ११ र १२ कक्षा चलेका विद्यालय संख्या तीन हजार दुई सय ६८ वटा रहेको नेपाल सरकारको शिक्षा विभागको तथ्यांकमा उल्लेख छ । तीमध्ये तीन हजार तीन सय ६२ संस्थागत मावि छन् । शिक्षा विभागको ईएमआईएस तथ्यांकअनुसार अहिले कक्षा ९ देखि १२ सम्म १६ लाख ५९ हजार बालबालिका अध्ययन गरिरहेका छन् ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) ले विद्यार्थीलाई अनलाइन कक्षा अध्ययनका लागि सहज होस् भन्ने उद्देश्यले २०७७ भदौमा नेपाल टेलिकमसँग 'ह्याप्पी लर्निङ प्याक' का लागि सम्झौता गरेको थियो । देशभरका विद्यालयस्तरका विद्यार्थीले न्यूनतम मूल्यको 'ह्याप्पी लर्निङ प्याक' प्रयोग गरे । प्याकेजका प्रयोगकर्ताले तीन सय १५ रूपैयाँमा २४ जीबी र पाँच सय रूपैयाँमा ३५ जीबी डाटा प्राप्त गरे ।

२४ जीबी डाटा प्याकेजमा २० जीबी डाटा जुम, माइक्रोसफ्ट टिम्स र गुगल मिटमा इ–लर्निङ एप्लिकेसन प्रयोग गर्न र बाँकी चार जीबी डाटा अन्य कुनै पनि एप्लिकेसन प्रयोग गर्न उपयोग गर्न सकिने थियो । यस्तै, ३५ जीबी डाटा प्याकेजमा ३० जीबी डाटा जुम, माइक्रोसफ्ट टिम्स र गुगल मिटमा इ–लर्निङ एप्लिकेसन प्रयोग गर्न र बाँकी पाँच जीबी डाटा अन्य कुनै पनि एप्लिकेसन प्रयोग गर्न उपयोग गर्न मिल्ने थियो ।

शैक्षिक गतिविधिलाई कसरी अगाडि बढाउन सकिन्छ भनेर स्थानीय सरकारको रूपमा रहेका पालिकाहरूले पनि केही प्रयास भने गरे । नेपालको विद्यालय शिक्षा प्रणालीमा एक शैक्षिक सत्रमा सामान्यतया दुई सय दिन पढाइ हुनुपर्छ भन्ने कुरा शिक्षा ऐनमा उल्लेख गरिएको छ । कोरोना महामारीका कारण २०७७ को शैक्षिकसत्र करिब सात महिना अन्योलग्रस्त बन्यो । थोरै विद्यालयले मात्र वैकल्पिक प्रणालीबाट निरन्तरता दिने प्रयास गरे । तर, ती प्रयास पनि सबै सफल देखिएनन् । २०७८ सालको शैक्षिकसत्र पनि असारबाट सुरू भए पनि विद्यार्थीलाई कक्षाकोठामा भौतिक रूपमा उपस्थित गराउन भने कहिलेदेखि मिल्ने हो त्यसको टुंगो छैन ।

कोभिड महामारीका कारण अधिकांश गतिविधि अनलाइन तथा भर्चुअल माध्यमबाट हुन थालेपछि डाटा प्रयोगकर्ताको संख्या ह्वातै बढेको नेपाल दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको तथ्यांकले देखाएको छ । प्राधिकरणको एमआईएस रिपोर्टअनुसार नेपालका मोबाइल सेवा प्रदायक तथा इन्टरनेट सेवाप्रदायकले दिएको जानकारी अनुसार २०७८ वैशाखसम्ममा २ करोड ६४ लाख इन्टरनेट प्रयोगकर्ता पुगेका छन् । पछिल्लो समय चौथो पुस्ताको फोरजी र फाइबर टू दि होम (एफटीटीएच) सेवामा सेवाप्रदायकको आकर्षण बढी देखिएको छ । तथ्यांकअनुसार हाल नेपालमा २ करोड ६३ लाख ५६ हजार जनसंख्यामा ब्रोडब्यान्ड इन्टरनेटको पहुँच छ । मोबाइल ब्रोडब्यान्डतर्फ नेपालका तीन ठुला भ्वाइस सेवाप्रदायक कम्पनी रहेका छन् भने फिक्स्ड इन्टरनेटतर्फ २० भन्दा बढी कम्पनीले एफटीटीएच सेवामार्फत् घरघरमाा इन्टरनेट सेवा उपलब्ध गराएको देखिन्छ । जसअनुसार अहिले एफटीटीएचतर्फ ५९ लाख ४२ हजार ६४ जना प्रयोगकर्ता छन् भने नेपाल टेलिकमको एडीएसएल सेवामा आठ लाख १२ हजार सेवाग्राही छन् । एफटीटीएच इन्टरनेटमा भने नेपाल टेलिकम र इन्टरनेट सेवाप्रदायकले

आक्रामक रूपमा सेवा विस्तारसँगै प्रयोगकर्तासमेत बढाइरहेका छन् ।

कोरोना महामारीका कारण एफटीटीएच नै सेवाग्राहीको रोजाइमा रहेको सेवाप्रदायक कम्पनीहरूले बताउँदै आएका छन् । अहिले पनि नेपालमा मोबाइल डाटाभन्दा एफटीटीएच फिक्सड इन्टरनेट नै प्रभावकारी र सस्तो रहेको उपभोक्ताको अनुभव छ । उपत्यकामा एफटीटीएचको बढी प्रयोग भए पनि ग्रामीण भेग तथा फिक्स्ड इन्टरनेटको पहुँच नपुगेका ठाउँमा नेपालका दुई ठुला मोबाइल सेवाप्रदायक नेपाल टेलिकम र एनसेलले मोबाइल ब्रोडब्यान्ड सेवा दिइरहेका छन् । मोबाइल ब्रोडब्यान्डतर्फ थ्रीजी र फोरजी सेवा उपलब्ध छ । नेपालमा अहिले थ्रीजीको पहुँच एक करोड १५ लाख ६५ हजार जनसंख्यामा छ भने फोरजी ७६ लाख ६८ हजार प्रयोगकर्ता रहेको नेपाल दूरसञ्चार प्राधिकरणले जनाएको छ । एफटीटीएचतर्फ २२ प्रतिशत, मोबाइल ब्रोडब्यान्डतर्फ ६४ प्रतिशतको पहुँचमा डेटा इन्टरनेट पुगेको बताइएको छ ।

हालसम्म नेपालमा ८७ प्रतिशत जनसंख्यामा ब्रोडब्यान्ड इन्टरनेट पुगेको दाबी प्राधिकरणको छ । तर यो तथ्यांक आफैंमा विश्वसनीय छैन । कोरोना महामारीबीच अर्थात एक वर्षमै नेपालमा ४५ लाख डाटा प्रयोगकर्ता बढेको दूरसञ्चार प्राधिकरणले जनाएको छ । यो अवधिमा बालबालिकाको शिक्षाका लागि नेट जोड्ने अभिभावकको संख्या कति छ ? भन्ने तथ्यांक भने कतै भेटिँदैन ।

जनकल्याण माविमा कक्षा आठदेखि १२ सम्म पढ्ने ३० प्रतिशत बालबालिका मात्र इन्टरनेटको पहुँचमा रहेको पाइएको छ । गाउँपालिका राष्ट्रिय महासंघका महासचिव रहेका इन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोकका अध्यक्ष वंशलाल तामाङ गतवर्ष कोरोना अवधिका लागि सरकारले बनाएको आकस्मिक कार्ययोजनाले पूर्णरूपमा काम गर्न नसकेको बताउँछन् । पोहोर कोरोनाको प्रभाव ग्रामीण क्षेत्रमा धेरै नदेखिए पनि यो वर्ष गाउँबस्तीसम्म पुगेकाले गत वर्षको आकस्मिक कार्ययोजनाले यो वर्ष काम नगर्ने उनको तर्क छ । 'यो वर्ष कोरोना संक्रमण नभएको ठाउँ नै भेटिन्न', तामाङ भन्छन्, 'शिक्षकहरू समूह–समूहमा गाउँबस्तीमा जाने अवस्था छैन ।'

मकवानपुरको बिकट मानिने राक्सिराङ गाउँपालिकाका शिक्षा प्रमुख प्रदीप पराजुली भन्छन्, 'डाटा चलाएर अनलाइन कक्षा लिन सम्भव नभएपछि यो विधिको प्रयासै गरिएन । अधिकांश विपन्न समुदायका चेपाङ बाहुल्य

बस्ती रहेको राक्सिराङमा इन्टरनेटको पहुँच विस्तार भएको छैन । प्रविधिको पहुँच नभएको स्थानमा अनलाइन कक्षा सम्भव नै भएन ।' शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव एवं योजना महाशाखा प्रमुख डा. तुलसी थपलियाका अनुसार मन्त्रालयले विद्यार्थीलाई अनलाइन सिकाइमा जोड्न वेभ पोर्टल बनाएको छ । रेडियो तथा टेलिभिजनबाट शिक्षण गराउने व्यवस्था मिलाइएको छ ।

## टिभी कक्षाले तान्दैन ध्यान

सरकारले टेलिभिजनमार्फत पनि पढाउने काम गरिरहेको छ । तर, त्यसरी पढाएका सामग्री ग्रामीण क्षेत्रका विद्यार्थीको मनोभावना अनुसारको देखिँदैन । त्यहाँ विद्यार्थीले नबुझेको कुरा सोध्न पाउँदैनन् । यो एकोहोरो विधि कमजोर विद्यार्थीका लागि उपयुक्त नभएको बालकुमारी मावि चितवनका व्यवस्थापन समिति अध्यक्ष बद्री अधिकारी बताउँछन् । बालकुमारी माविमा ७ सयको हाराहारीमा विद्यार्थी अध्ययन गरिरहेका छन् । सबैको घरमा एउटा मात्र टेलिभिजन हुन्छ त्यो पनि बालबालिकाको पढाइमा उपयोग नभएको अध्यक्ष अधिकारीको धारणा छ ।

यसअघि भरतपुरको आदिकवि माविको व्यवस्थापन समितिका अध्यक्षसमेत भएका उनी थप्छन्, 'महानगरको शहरी क्षेत्रमा त सबै बालबालिका इन्टरनेटको पहुँचमा छैनन् । त्यसैले पनि कक्षाकोठामा शिक्षक विद्यार्थीबीच अन्तरक्रियात्मक अध्ययन विधि नै सबैका लागि उपयुक्त हो ।'

टेलिभिजनको पढाइमा बालबालिकाले पूर्णरूपमा ध्यान दिने गरेका छैनन् । मकवानपुरको हाँडीखोलाकी जुनेलीमाया तामाङलाई छोराछोरीलाई टेलिभिजनबाट पढाउन स्थानीय शिक्षकहरूले सल्लाह दिए । उनले छोरालाई टेलिभिजन खोलेर पढ्न आग्रह गरिन् । एकैछिनमा गाईबस्तुको धन्दा गर्न गोठतिर लाग्दा छोराले च्यानल अन्तै लगाइसकेको उनको अनुभव छ । बालमनोविज्ञान बुझेर त्यसै अनुरूपको व्यवहार गर्ने अभिभावकको संख्या ज्यादै थोरै छ । यो समस्या अधिकांश ग्रामीण क्षेत्रका अभिभावकले भोगेका छन् ।

संस्थागत विद्यालयले अभिभावकलाई विद्यालयले सञ्चालन गरेको भर्चुअल कक्षामा छोराछोरीलाई अनिवार्य रूपमा जोड्न आग्रह गरेको थियो ।

संस्थागत विद्यालयका ९० प्रतिशत बालबालिका इन्टरनेटको पहुँचमा रहेको प्याब्सन संस्थागत विद्यालय अर्गनाइजेसनले जनाएको छ । प्याब्सन नेपालका केन्द्रीय सदस्य मदन दाहालका अनुसार, भर्चुअल कक्षामा सहभागी हुन नसक्ने विद्यार्थीलाई संस्थागत विद्यालयले वर्कसिट बनाएर वितरण गर्ने गरिएको छ ।

कोरोना संक्रमण अझै केही समय लम्बिन सक्ने देखिएको छ । यस्तो अवस्थामा बालबालिकालाई कसरी प्रभावकारी ढंगले शैक्षिक गतिविधि र सिकाइ क्रियाकलापसँग जोड्न सकिन्छ भन्ने विषयमा विद्यालयहरूमा निरन्तर छलफल र अन्तरक्रिया भइरहेको बताउँछन् शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरका उपसचिव एवं सूचना अधिकारी कृष्णप्रसाद पौडेल । उनी गुरूकुल पद्धतिदेखिको हाम्रो सिकाइ विधिलाई वर्तमानका इ–लर्निङ र भर्चुअल कक्षाका बीचमा फ्युजन गराउनुपर्ने आवश्यकता औंल्याउँछन् । विद्यालय, शिक्षक, विद्यार्थी र अभिभावकसम्म वैकल्पिक सिकाइका विभिन्न विधिमध्ये स्थानीय अवस्थाअनुकूलको उपयुक्त तरिका अपनाउन पनि उनको सुझाव छ ।

## दुरूपयोग रोक्न एजुकेशन एप

कुनै जमानामा गुरूकुल शिक्षा पद्धति थियो जहाँ शिष्यले गुरूको आदेश अक्षरसः पालना गर्दथे । खरी र कालोपाटो भिरेर गुरूकुल धाउने परम्परा अहिले छैन । केही वर्ष अघिसम्म चक डस्टर घोटेर विद्यार्थीलाई सिकाउने विद्यालयले पनि अहिले मल्टिमिडियाको प्रयोग गर्न थालेका छन् । पछिल्लो पुस्ताका विद्यार्थी स्क्रीनमैत्री बन्दै गएपछि सिकाइको प्रक्रियामा पनि परिवर्तन जरूरी रहेछ भन्ने ठान्न थालिएको छ । प्रविधिको प्रयोग गर्न नसक्ने शिक्षकलाई अहिलेका बालबालिकाले रूचाउन छोडेका छन् ।

थाहा नगरपालिकास्थित जनकल्याण माविका प्रधानाध्यापक सानुभाइ कार्कीको मूल्यांकनमा प्राविधिक विषयमा उच्चशिक्षा अध्ययन गरिरहेका विद्यार्थीका लागि अनलाइन कक्षा केही उपयोगी देखिएको भए पनि समग्रमा वैकल्पिक विधिका रूपमा अपनाइएको अनलाइन कक्षा प्रभावकारी देखिएन । कक्षाकोठामा भौतिक उपस्थितिमा पनि शिक्षकको प्रत्यक्ष निगरानी चाहिने

विद्यार्थीलाई अनलाइन कक्षा प्रभावकारी नभएको कार्कीको अनुभव छ ।

सरकारले एजुकेसन एप मात्र चलाउन मिल्ने गरी प्रविधिको विकास गरेको खण्डमा भने विद्यालय तहका बालबालिकालाई अनलाइन कक्षा प्रभावकारी हुने कार्कीको बुझाइ छ । घरमा अभिभावकको आँखा छलेर आफूखुशी साइटमा लाग्ने विद्यार्थीका लागि एजुकेसन एप चाहिएको उनी बताउँछन् ।

बालबालिकालाई उपयोगी एजुकेसन एप तयार गर्ने र यसको व्यवसाय गर्ने क्रम बढ्दो छ । प्याब्सनका केन्द्रीय सदस्य दाहाल भन्छन्, ठूला विद्यालयले आफ्नै एप बनाएका छन् तर त्यस्ता विद्यालय देशभरमा १० प्रतिशत जति होलान् । बालबालिकालाई इन्टरनेटमा खराब साइट हेर्न वा अनलाइन गेमको लतबाट जोगाउन शैक्षिक गतिविधिमा मात्र उपयोग गर्न मिल्ने गरी प्रविधिको विकास गर्न सकेको खण्डमा मात्र विद्यालय तहका बालबालिकालाई अनलाइन कक्षा प्रभावकारी हुने देखिन्छ । घरमा अभिभावकको आँखा छलेर आफूखुशी साइटमा लाग्ने विद्यार्थीका लागि एजुकेसन एप आवश्यक छ । बन्दुक चलाउन नजान्ने व्यक्तिलाई बन्दुक दिएको जस्तै भएको छ खासगरी ग्रामीण भेगका बालबालिकाका लागि मोबाइल र ल्यापटप ।

बालबालिकाले प्रविधिको दुरूपयोग गर्ने समस्या बसै अभिभावकले महसूस गरेका छन् । यसको उपाय के त ? 'अभिभावकले बालबालिकाको गतिविधिमा निगरानी बढाउनुपर्छ,' जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रमुख एसपी सोमेन्द्रसिंह राठोरको सुझाव छ । उनका अनुसार १ वर्षअघिको लकडाउन यता कुनै पनि अभिभावकले सन्तानले प्रविधिको दुरूपयोग गरे भनेर उजुरी भने गरेका छैनन् । यो घरायसी समस्या भएकाले प्रहरीमा नआएको पनि हुनसक्ने उनको अनुमान छ ।

उजुरी गर्दैमा उपाय पनि निस्किँदैन किनकि बालबालिकाले पढ्ने बहानामा गरेको साइबर अपराधको कानुनी उपचार पनि छैन । अधिवक्ताहरूका अनुसार यो गतिविधिमा कुनै पनि कानुन आकर्षित नहुने भएकाले अभिभावकले बालबालिकालाई निगरानी गर्ने र डिजिटल दुनियाँको आपराधिक गतिविधिमा लाग्न नदिने नै एक मात्र हो । उच्चशिक्षा पढ्ने विद्यार्थीले त कुरा बुझेका हुन्छन् तर विद्यालय जाने उमेर समूहका बालबालिकाले नबुझिकनै दुरूपयोग गरिसक्छन् । तसर्थ उनीहरूलाई परिवारबाटै निगरानी हुनुपर्छ ।

बालबालिकालाई सम्झाइ बुझाइ गर्ने हो भने समस्या नहुने शिक्षाविदहरूको पनि विचार पाइन्छ ।

कोरोना महामारीको प्रकोप पहिलो चरण, दोस्रो चरण हुँदै तेस्रो चरणमा प्रवेश गर्दै छ । तेस्रो चरणको प्रभाव खासगरी बालबालिकामा पर्ने विज्ञ र चिकित्सकले भनिरहेका छन् । यो महामारी कहिलेसम्म रहने हो भन्ने कुराको पनि कुनै टुंगो छैन । बालबालिकालाई विद्यालयमै उपस्थित गराएर पठनपाठन गर्ने वातावरण बनिहाल्छ भन्ने अवस्था पनि अहिले देखिँदैन ।

## बागमती प्रदेशको पढाइ

बागमती प्रदेशका १३ जिल्लामध्ये काठमाडौं उपत्यका बाहेकका १० वटा जिल्ला सदरमुकाममा मात्रै इन्टरनेटको पहुँच छ । विद्युतीकरण नभएका, नेपाल टेलिकम वा एनसेललगायत निजीक्षेत्रका टेलिफोन सेवाप्रदायक कम्पनीको नेटवर्कको पहुँच नपुगेका ग्रामीण बस्तीमा भर्चुअल कक्षाको परिकल्पना गर्न सकिन्नँ ।

यस्तो बेलामा विद्यार्थीलाई कसरी वैकल्पिक शिक्षामा जोड्न सकिन्छ भनेर छलफल भइरहेको धादिङका शिक्षा विकास तथा समन्वय इकाई प्रमुख अम्बिका आचार्य बताउँछन् । धादिङका विकट र ग्रामीण क्षेत्रमा अनलाइन कक्षाको पहुँच पुग्न सकेको छैन । साना कक्षा बालबालिकालाई कुनै पनि बिकल्पबाट औपचारिक शिक्षामा जोड्न नसकेपछि अभिभावकलाई नै हप्तामा एकपटक विद्यालयमा बोलाएर बालबालिकालाई गृहकार्य दिने व्यवस्था गरिएको उनी बताउँछन् । उनका अनुसार प्रविधिमा कमजोर रहेका शिक्षकलाई प्रविधिमैत्री बनाउने कार्यमा शिक्षक संघ, संगठन, मञ्च, परिषद्का नेतृत्वलाई आग्रह गरिएको छ ।

नेपाल राष्ट्रिय शिक्षक संगठनले '२०७७ जेठदेखि शिक्षक निदाएका छैनन्' भन्ने अभियान सञ्चालन गरी भर्चुअल मिटिङ गर्ने र शिक्षकलाई अनलाइन तालिम दिने काम गरेको थियो । विभिन्न जिल्लाका शिक्षकहरूलाई जुम मिटिङमा जोडेर एकापसमा सिक्ने, सिकाउने काम प्रभावकारी भएको संगठनका मकवानपुर अध्यक्ष श्रीराम दाहाल दाबी गर्छन् । तर, मकवानपुरमा रहेका दरबन्दीका करिब तीन हजार र निजी स्रोतका समेत गरी करिब चार

हजार शिक्षकमध्ये प्रविधिको प्रयोग गर्न सक्ने शिक्षक २० प्रतिशतभन्दा कम छन् । प्रविधिको प्रयोगबाट शिक्षण सिकाइ गर्न सक्ने शिक्षक जम्माजम्मी २० प्रतिशत मात्रै रहेको अनुमान शिक्षक संघका जिल्ला अध्यक्ष रामकुमार अधिकारीको छ । लामो समय विद्यालय बन्द भएको समयमा पनि सामुदायिक विद्यालयका शिक्षकहरूले प्रविधिमा आफूलाई अद्यावधिक गर्न नसकेको अनुभूति भएको अधिकारी बताउँछन् ।

एकातिर शिक्षक दरबन्दी, दक्ष शिक्षक, भौतिकरूपमा विपन्न विद्यालय, छात्रामैत्री शौचालय, शुद्ध पिउने पानी, खेलमैदान आदिको समस्या छँदै छ भने अर्कोतिर कोरोना महामारीका कारण लाखौं बालबालिकाको भविष्य अन्योल बन्दै गएको छ । सामुदायिक विद्यालयहरूमा वैकल्पिक माध्यमबाट गरिएको शिक्षण सिकाइको प्रभावकारिताको बारेमा पनि अध्ययन गरिरहेको बागमती प्रदेशको शिक्षा विकास निर्देशक लुइँटेल बताउँछन् । यो अनुसन्धानकै क्रममा भएकाले प्रभावकारिताका बारेमा केही भन्न नमिल्ने उनको भनाइ छ । दुर्गमका विद्यालयमा आठ प्रकारका स्वाध्ययन सामग्री छपाएर वितरण गरिएको पनि शिक्षा विकास निर्देशनालयले जनाएको छ ।

## समन्वय र पहुँच बढाऊँ

कक्षाकोठामा शिक्षकले छलफलको विधिमा पढ्ने पढाउने बानी परेका शिक्षक र विद्यार्थीलाई भर्चुअल कक्षा त्यत्ति सहज भने छैन । तैपनि भर्चुअल कक्षालाई अझै ग्रामीण क्षेत्रसम्म बिस्तार गर्न सकेको खण्डमा बालबालिका र अभिभावकले राहतको अनुभूति गर्न सक्थे । धादिङको रूबी भ्याली गाउँपालिकाले चालू आव २०७७/७८ को बजेटबाट पालिकामा रहेका सबै (२१ वटै) विद्यालयमा इन्टरनेट जडान गरेको छ । तर, नेट नचलेको भनेर विद्यालयबाट बारम्बार गुनासो आइरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत टंक नेगी बताउँछन् । रूबी भ्याली जस्तो बागमती प्रदेशकै सबैभन्दा बिकट पालिकाले तसबै विद्यालयमा इन्टरनेट जडान गरेको छ भने अन्य पालिकाले पनि यसबाट सिक्न जरूरी छ । कक्षा १० सम्मको शिक्षाको जिम्मेवारी पालिकालाई दिइएको छ । तर, अधिकांश पालिकाहरूले शिक्षा, स्वास्थ्यमा भन्दा सडक, भवन जस्ता पूर्वाधारमा बल गरिरहेका छन् ।

तीन वर्षअघि शिक्षा मन्त्रालयले २ वर्षसम्मको शुल्क तिरेर नेपालका ४५ जिल्लाका माविमा निजीक्षेत्रका इन्टरनेट सेवाप्रदायक कम्पनीलाई ठेक्कामा दिएको थियो । २ वर्षसम्म सरकारले पैसा तिरेको भए पनि विद्यालयको नेट राम्रोसँग नचलेको गुनासो धेरै विद्यालयबाट आएको थियो । सरकारले भर्चुअल सिकाइको प्रभावकारिता कस्तो छ ? कसरी थप गुणस्तरीय बनाउन सकिन्छ भनेर अध्ययन गर्न जरूरी छ ।

कोरोना महामारीजस्तै अरूखाले प्राकृतिक विपत्ति फेरि पनि आउन सक्छ । त्यसैले विकल्पको खोजी बेलैमा गर्नुपर्छ । पछिल्ला दिनमा बालबालिका ग्याजेटमा बढी रमाउन थालेका छन् । बालबालिकाको रूचि बुझेर नियमित सिकाइ अभ्यासलाई पनि समयानुकूल परिवर्तन गर्दै लैजान तीनै तहका सरकारको समन्वयको खाँचो छ । बालबालिकाले भयरहित वातावरणमा प्रविधिमैत्री शिक्षा पाउने वातावरण बनाउने दायित्व सबैको हो ।

*(हेटौँडाका पत्रकार भानुभक्त आचार्य 'प्रहरखबरडटकम'का प्रधान सम्पादक हुन्)*

# अनपेक्षित अवसरसँगै थपिएको चुनौती

यम विरही

नेपालमा विश्व प्रेस स्वतन्त्रता दिवस मनाइरहेका बेला उज्यालो नेटवर्क अनलाइनका कार्यकारी सम्पादक अनिश तामाङ र उक्त अनलाइनका महाप्रबन्धक दुर्गालाल तामाङ प्रभातलाई 'विद्युतीय कारोबार ऐन र राज्यविरूद्धको कसूरसम्बन्धी मुद्दामा' साइबर कसुरको आरोपमा पक्राउ गरी दुई साता प्रहरी हिरासतमा राखियो । गैरकानूनी रुपमा पक्राउ गरेको भन्दै नेपाल पत्रकार महासंघ, ललितपुर शाखाका सचिव रामहरि कार्कीले रिहाइको मागसहित २०७८ वैशाख १३ गते सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दर्ता गरे । रिटमा सर्वोच्चका न्यायाधीश ईश्वरप्रसाद खतिवडा र डा.आनन्दमोहन भट्टराईको संयुक्त इजलासले 'निवेदकहरूलाई अनुचित र प्रवृत्त धारणा राखी गैरकानूनी थुनामा राख्ने कार्य गरेको' भन्दै २०७८ साल बैशाख २४ गते रिहाइको आदेश दियो, उनीहरू थुनामुक्त भए ।

प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय गुप्तचर संस्था 'रअ' प्रमुख सामन्त गोयलबीच चारबुँदे सहमति भएको भन्दै लेखिएको समाचार सामग्रीलाई

आधार बनाएर प्रहरीले उनीहरूलाई थुनेको थियो । समाचार प्रकाशित भएपछि त्रुटि भएको भन्दै माफीसमेत मागिसकेको अवस्थामा पक्राउ गरिएको आधारसमेत सर्वोच्चले आदेशमा उल्लेख गरेको छ । पक्राउ गैरकानूनी रहे पनि उक्त समाचार स्रोतको आधिकारिक पुस्ट्याइँ विनै हतारमा प्रकाशित गर्ने कमजोरी भएको 'क्षमायाचना' ले देखाउँछ ।

यस्तै कांग्रेस नेता एवम् पूर्वमन्त्री नवीन्द्रराज जोशीलाई मस्तिष्काघात भई नर्भिक अस्पतालमा भेन्टिलेटरमा राखेर उपचार भइरहेको अबस्थामा नेपाल प्रेस अनलाइनले २०७७ चैत ४ गते निधन भएको भनेर समाचार दियो । केही समयपछि असावधानीवश समाचार प्रकाशित भएको भन्दै प्रधान सम्पादकका नाममा 'यसबाट पाठकवर्गमा पर्न गएको असुविधाप्रति क्षमायाचना गर्दछौं र आगामी दिनमा यस्तो गल्ती नदोहोरिने प्रतिबद्धता जनाउँछौं' भनेर सच्याइयो । समाचारमा बदनियत त थिएन, तर गम्भीर असावधानीका कारण परिवार र जनमानसमा आघात पुगिसकेको थियो । वास्तवमा समाचारमा 'को भन्दा को कम' को प्रतिस्पर्धाले यस्तो परिणाम ल्याएको थियो । जीवित व्यक्तिलाई मृतक बनाइएका घटना अरू पनि नभएका होइनन् ।

गएको २०७७ जेठ ३० गते मुक्तिखबर नामको अनलाइनले 'भारतीय र नेपाली सेनाबीच झडप : एक भारतीयको मृत्यु, ५ जना घाइते' शीर्षक राखेर समाचार दियो । तर भित्र समाचार पढ्दा भारतीय नागरिक जबर्जस्ती नेपालको सीमा नाघेर प्रवेश गर्न खोज्दा सेनाले गोली मात्र चलाएको 'कन्टेन्ट' थियो । यो हेडलाइनका कारण भ्रम मात्र होइन, नागरिकमा भय, त्रास र दुई देशको सम्बन्धमा समेत खलल पुऱ्याउने कुरामा ख्याल पुऱ्याइएन । सनसनीपूर्ण हुने नाममा हुँदै नभएको समाचार आयो ।

मनोरञ्जनका नाममा पनि गलत सन्देश प्रवाह भएका दृष्टान्त अनेक छन् । प्रेस काउन्सिलले अनुगमनका क्रममा रेकर्डमा राखेको एउटा अनलाइन समाचारको शीर्षक हेरौं : 'यी राशीहरूबीचको प्रेम र विवाह कहिल्यै सफल हुँदैन, जानी राखौं ।' २०७६ साल असोज १० गते प्रकाशित उक्त समाचार अनुसार विवाहको पाटो बिग्रियो भने जीवन नै तहसनहस हुने भएकाले कस्तो व्यक्तिसँग प्रेम गर्ने भन्ने सन्देश दिन खोजिएको छ । प्रत्येक राशीको आफ्नै केही भावनात्मक रोजाइ र खुबी हुने भएकाले कुनै कुनै राशीबीचको सम्बन्ध एकदम नराम्रो हुने ठोकुवा उक्त समाचारमा छ । मानौं, समाचार अनुसार

प्रेममा धोका दिने र नदिने कुरा नै राशीफलले निर्धारण गर्छ । र, प्रेम विवाहमा परिणत हुने नहुने विषय पनि राशीफल मै निर्भर हुन्छ । मान्छेको जीवन-चक्रलाई नै प्रभाव पार्ने यति ठूलो विषयमा ज्योतिषहरूले बताएको भन्ने नाममा काल्पनिक र अपुष्ट रूपमा प्रसारण गरिएको छ ।

यस्तै २०७६ साल पुस ४ गते नेपाल खवर कान्तिपुर डट कम अनलाइनले 'श्रीमती सात प्रकारका हुन्छन्, तपाईंकी कुन वर्गकी ?' शीर्षकमा अर्को भ्रमपूर्ण समाचार दिएको छ । यो समाचार अनुसार श्रीमान्प्रति द्वेष भावना राख्ने पत्नी मरेपछि नरक जाने, श्रीमानको धन लुकाउने श्रीमती पनि नरक जाने, श्रीमानप्रति लजालु र भनेको मान्ने श्रीमती स्वर्ग जाने, पतिव्रता श्रीमती पनि स्वर्ग जाने भन्दै सात प्रकारका श्रीमतीको चर्चा गरिएको छ । अन्तिममा 'तपाईंकी श्रीमती कस्ती ?' भनेर उल्टै पाठकलाई प्रश्नसमेत सोधिएको छ । समाचार समग्र नारी जातिकै अपमान, तेजोवध र अवहेलना गर्ने खालको छ ।

कान्तिपथ डट कममा २०७७ साल असार २ गते प्रकाशित अर्को समाचार हेरौं : 'पूर्वराजाको होटलमा हतियारसहित के गर्दै छन् गार्ड कमान्डो फोर्स र रअ का गुप्तचर ?' शीर्षकअन्तर्गतको समाचारमा मुलुकको पुरानो पाँचतारे सोल्टी होटल र प्रधानमन्त्रीका एक जना सल्लाहकारलाई जोडेर आधारहीन समाचार सामग्री सम्प्रेषण भयो । यस विषयमा सोल्टी होटल लिमिटेडका प्रवन्धक, कानून तथा जनसम्पर्ककर्ता उजुरी लिएर प्रेस काउन्सिल पुगे । उक्त प्रकरणमा कान्तिपथ डट कम अनलाइनले आफ्नो उत्पादन नभई ल्भउबिद्द्ध जयगचक बाट साभार गरिएको भन्दै पछि असुविधाका लागि क्षमायाचना गऱ्यो । त्यसपछि उजुरी तामेलीमा राखियो । तर समाचारका कारण व्यक्ति र संस्थाको मान, मर्यादा र प्रतिष्ठामाथि भने क्षति पुगि नै सकेको थियो ।

यी जानेर, नजानेर, हतारमा, स्रोतको गल्तिले, हेल्चेक्र्याइँले, पूर्वाग्रहले, कानून र आचारसंहिताको ज्ञानका कमीले वा यस्तै अन्य विविध कारणले भएका कमजोरीका केही दृष्टान्त मात्र हुन् । कमजोरीहरू दोहोरिइ नै रहेका छन् र यसबाट पाठ सिकेर सच्चिएका दृष्टान्त पनि नभएका पनि होइनन् ।

अनलाइन सञ्चार माध्यमलाई छिटो र सजिलो सूचना प्राप्तीको मुख्य माध्यमका रूपमा लिइन्छ । नयाँ अनलाइन दर्ताको चाप दिनप्रतिदिन बढ्

दो छ । तत्काल पाठकको पहुँचमा ब्रेकिङ समाचार पस्कन सक्नु अनलाइन मिडियाको उल्लेख्य फड्को हो । इन्टरनेटको पहुँच भए मोवाइल, ट्याब र ल्यापटपबाटै जहाँबाट पनि ब्रेकिङ समाचार दिन र हेर्न सकिन्छ । यही भएर आज सञ्चारको क्षेत्रमा अनलाइन मिडियाको जबर्जस्त उपस्थिति र बढ्दो आकर्षण छ ।

फेसबुक, ट्वीटरमार्फत मिडियाको पेजबाट तथा भाइबर, ह्वाट्सएपमार्फत पनि पाठकको पहुँचमा पुऱ्याउन सकिने भएका कारण पनि अनलाइन सामग्री सहज भएको छ । अनलाइनका कारण समयको पनि भरपुर बचत भएको छ ।

## दर्तासँगै चुनौती पनि बढ्दो

कोरोना संक्रमणका कारण लकडाउन भएको अवधिमा पनि सूचना तथा प्रसारण विभागमा सेवाप्रदायक संस्थाका प्रतिनिधिले ठूलो संख्यामा अनलाइन मिडिया दर्ता गरे । विभागको २०७८ साल जेठ मसान्तसम्मको अभिलेख अनुसार अनलाइन दर्ता संख्या २ हजार ६ सय ६० पुगिसकेको छ । जबकि अघिल्लो वर्षको साउनसम्म कुल अनलाइनको संख्या एक हजार चार सय १७ मात्र थियो । यही बीचमा निर्धारित समयमा नवीकरण नभएका अनलाइनहरू पुनः दर्ता गर्ने क्रमसमेत चलेको थियो । तर अनलाइन नवीकरण गर्नु नपर्ने गरी सर्वोच्च अदालतबाट २०७७ चैत ३१ गते जारी भएको अन्तरिम आदेशसँगै यो प्रक्रिया रोकिएको छ ।

अनलाइन सञ्चारमाध्यम हरेक वर्ष नवीकरण नगरे सेवा बन्द गर्ने भनी अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका २०७३ को दफा ६ (३) मा राखिएको व्यवस्था संविधानको धारा १९ को सञ्चारको हकसँग बाझिएको दाबीसहित अधिवक्ता तथा पत्रकार लीलानाथ घिमिरे र विष्णुकुमार गिरी निश्चलले सर्वोच्चमा रिट दायर गरेका थिए । निर्देशिकाको दफा ६(३) मा म्यादभित्र नवीकरण नगराउने अनलाइन सञ्चार माध्यमको सेवा प्रचलित कानूनबमोजिम रोक लगाउन सकिने व्यवस्था थियो ।

प्रेस काउन्सिलमा सूचीकृत हुन आएका अनलाइनको संख्या भने अझै बढी देखिएको छ । काउन्सिलको अभिलेख अनुसार २०७८ जेठ मसान्तसम्म काउन्सिलमा सूचीकृत हुन आएका अनलाइनको संख्या दुई हजार सात

सय १५ छ । यसरी सूचना विभाग र काउन्सिलमा दर्ताको अवस्था हेर्दा अनलाइनप्रतिको आकर्षण बढ्दो छ ।

अनलाइन ह्वात्तै बढ्नुमा प्रविधिमा परिवर्तन, छिटो पाठकको पहुँचमा पुऱ्याउन सकिने भएर या लकडाउनका कारण बेरोजगारीसँगै इन्टरनेट चलाउने संख्यामा बढोत्तरी भएर हुनसक्ने धारणा न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष राजेन्द्र अर्यालको छ । हुन पनि नयाँ प्रविधिको विकाससँगै यतिबेला युट्युब, अनलाइन, विद्युतीय माध्यमको बढोत्तरी भएसँगै छापमाध्यम एक किसिमले अप्ठ्यारोमा परेको छ । सँगसँगै आधुनिक सञ्चारको माध्यम अनलाइनलाई कसरी व्यवस्थित किसिमले सञ्चालन गर्ने र श्रमजीवी पत्रकारको पेशागत सुरक्षा पनि गर्ने भन्ने चिन्तासमेत थपिएको छ । मूलधारका भनिने अनलाइनमा पारिश्रमिकको अवस्था तुलनात्मक रूपले केही राम्रो रहे पनि सबै अनलाइनमा पारिश्रमिकको अवस्था उस्तै छैन । अर्यालका अनुसार, खासगरी श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिकको विषय लकडाउनका बेला थप समस्याग्रस्त देखिएको छ ।

दर्ता नगरी चलाइएका र नक्कली एकाउन्टबाट चलेको अनलाइन पनि बजारमा छन् । तिनमा नियमन र अनुगमनको चुनौती छ । यस्ता मिडियाको अधिकार संरक्षणमा पनि केही गर्नसक्ने अवस्था छैन । पछिल्लो समय नियुक्तिपत्र नदिई काममा लगाउने र गर्ने प्रवृत्ति बढेका कारण न्यूनतम पारिश्रमिक नै पनि पाए वा नपाएको थाहा नहुने स्थिति छ । यति मात्र होइन, सञ्चार गृहले श्रमजीवीलाई कार्य समय, विज्ञता, क्षमता, श्रमको मूल्यअनुसारको नियमित पारिश्रमिक दिन नसकेका कारण पत्रकारहरूले पत्रकारितासँगै अन्य पेशा पनि अँगाल्न बाध्य भएका छन् । यस्तो अवस्थामा आचारसंहिताकै पालना कसरी गर्ने गराउने भन्ने प्रश्न पनि उठिरहेको छ । समितिबाट पारिश्रमिकको विषयमा विभिन्न च्यानलमार्फत निरन्तर पहल र ध्यानाकर्षण भइरहेको अर्याल बताउँछन् ।

## उजुरी बढी अनलाइनकै

पत्रकार आचारसंहिता उल्लंघन भए नभएको आधिकारिक रेकर्ड राख्ने संस्था प्रेस काउन्सिल, नेपालको अभिलेखअनुसार विभिन्न विद्युतीय

सञ्चारमाध्यमले पत्रकार आचारसंहिता उल्लङ्घन गरेको भन्दै आर्थिक बर्ष २०७६/७७ मा कुल १६२ वटा (काउन्सिलको स्वअनुगमनबाहेक) उजुरी दर्ता भएका थिए । यस्ता उजुरीमध्ये १२० वटाको टुंगो लगाइएको थियो ।

यसबाहेक काउन्सिलको नियमित स्वअनुगमनबाट ५६६ वटा सामग्री आचारसंहिता प्रतिकूल देखिएका थिए । विभिन्न उजुरीका आधारमा १०१ वटा वेब पोर्टलहरूलाई नेपालभित्र नदेखिने गरी कारबाही गरिएको थियो । तीमध्ये तीनवटा पछि दर्ता प्रक्रियामा आएकाले नेपालभित्र सम्प्रेषण हुनसक्ने गरी फुकुवा गरिएको थियो । तर, ९८ वटा वेभ पोर्टल 'ब्लक' नै भएका थिए । २०७७ असार मसान्तदेखि २०७८ जेठ मसान्तसम्मको रेकर्डअनुसार अनलाइन मिडियासँग सम्बद्ध आचारसंहिता उल्लङ्घनमा १५५ उजुरी काउन्सिलमा दर्ता भएका छन् । यीमध्ये व्यक्तिगत ६५, संस्थागत ८५ र अन्य ५ वटा छन् । यो अवधिमा काउन्सिलकै स्वअनुगमनबाट ३४३ उजुरी प्राप्त भएका छन् । काउन्सिल प्रवक्ता दीपक खनालका अनुसार उजुरीमा गाली बेइज्जती, मानहानि, चरित्र हत्या, अश्लीलता, निजी स्वास्थ्यका विषयमा अतिरञ्जना, गलत सूचना, धार्मिक भावनामा चोट पुर्‍याउने, विज्ञापनलाई समाचार र समाचारलाई विज्ञापन बनाएका, कूटनीतिक असर पुर्‍याउने, भ्रामक र कपोलकल्पितजस्ता विषय खोलेर दर्ता भएका छन् ।

अघिल्लो वर्ष अनलाइनसहित सबै खालका मिडियाको आचारसंहिता उल्लङ्घन गरेको दाबीसहित २०७६ साउनदेखि २०७७ असार मसान्तसम्ममा (काउन्सिलको स्वअनुगमनसमेत) कुल उजुरी ९३५ वटा दर्ता भएको देखिन्छ । तीमध्ये ९० प्रतिशत त अनलाइनसँग सम्बद्ध थिए । काउन्सिल स्थापना भएयता कहिल्यै यति धेरै उजुरी र गुनासाहरू परेका थिएनन् । यसभन्दा अघिल्लो बर्ष २०७५/७६ मा काउन्सिलको स्वअनुगमन र व्यक्ति वा संस्थाले दर्ता गरेका उजुरी गरी ६५६ वटा थिए । पाठक बढाउने नाममा अपुष्ट, भ्रामक र काल्पनिक कुरा लेखेर उत्तेजना फैलाएको लगायतका दाबीसहित उजुरी परेका छन् । यस्तै मिडिया अधिकारको दुरूपयोग गरेर पेशागत मर्यादामा विचलन भएका गम्भीर आरोप पनि उजुरीमा छन् ।

नेपाल प्रहरीको साइबर क्राइम ब्युरोमा पनि विद्युतीय कसुर तथा साइबर अपराधमा उजुरी दर्ता हुने गरेका छन् । ब्युरोको रेकर्डअनुसार साइबर अपराधमा आर्थिक वर्ष २०७४/७५ मा १०० वटा उजुरी दर्ता भएका

थिए भने त्यसपछिको वर्ष २०७५/७६ मा १६७ वटा उजुरी दर्ता भएका थिए । अर्को वर्ष २०७६/७७ मा ११७ वटा दर्ता भएको रेकर्ड छ । २०७७ साल साउनदेखि २०७८ वैशाखसम्म नौ महिनाको अवधिमा ४४ वटा उजुरी दर्ता भएका छन् । तर प्रहरीको साइबर क्राइम ब्युरोले मिडिया भनेर भिन्नै शीर्षकमा रेकर्ड भने राख्ने गरेको छैन ।

'अनलाइन वा कुनै मिडिया भनेर छुट्ट्याउने गरिएको छैन । न्यूज पोर्टलको हकमा कारबाहीका लागि भनेर प्रेस काउन्सिलमा पठाइन्छ,' ब्युरोका सूचना अधिकारी राजकुमार खड्की भन्छन्, 'व्यक्तिगत रूपमा जिम्मेवार बनाएर साइबर क्राइममा कारबाहीको माग गरेर उजुरी परेको अवस्थामा यतैबाट अनुसन्धान भई कानूनी प्रक्रियामा जान्छ ।' खड्कीले न्यूज पोर्टलको हकमा काउन्सिलमा लेखी पठाएपछि आवश्यक कारबाहीको जानकारी आउने गरेको जानकारी दिए । तर भिन्नै रेकर्ड नराखिए पनि अनलाइन सञ्चारमाध्यमका समाचार वा अन्य सामग्रीका कारण पीडित भएको भनेर प्रहरीमा व्यक्तिगत उजुरी भने बढिरहेको खड्कीले बताए ।

## संविधान, कानून र आचारसंहिता

संविधानको प्रस्तावनामा उल्लिखित 'पूर्ण प्रेस स्वतन्त्रता' को मर्म र भावनालाई साकार पार्न संविधानका धारामा सुनिश्चित गरियो । त्यसअनुसार विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायत जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्नुपूर्व प्रतिबन्ध नलगाइने सुनिश्चित छ ।

तर सँगसँगै नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय एकाइबीचको सुसम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछुत एवं लैंगिक भेदभावलाई दुरूत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउन सकिने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन भन्दै सीमा पनि निर्धारित

गरिएको सन्दर्भलाई आँखा चिम्लन मिल्दैन । रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चार माध्यमको नियमन गर्नका लागि ऐन बनाउन बन्देज लगाएको नमानिने भनेर संविधानले नै सुधार र सुसञ्चालनको बाटो खोलिएको छ ।

संविधानको धारा १९ मा सञ्चारको हक अन्तर्गत पहिलोपल्ट विद्युतीय प्रकाशनको हकसमेत सुनिश्चित गरिएको छ । उक्त धारामा सञ्चारमाध्यमका सीमा तोक्दै कानून बमोजिमबाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोनलगायत सञ्चार साधनलाई अवरूद्ध नगरिने व्यवस्था छ । संविधानको प्रस्तावनाको मर्म र भावनालाई साकार पार्न सुनिश्चित गरिएको सञ्चारको हकअनुसार 'विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्नसपूर्व प्रतिबन्ध लगाइने छैन' भनेर स्पष्ट गरिएको छ ।

सँगसँगै 'नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय एकाइबीचको सुसम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरूत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन' भन्दै सोही धारामा सीमा पनि निर्धारित छ ।

धारा १९ ले कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन भनेर ग्यारेन्टीसमेत गरेको छ ।

तर 'यस उपधारामा लेखिएको कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य

सञ्चार माध्यमको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन' भनेर नियमन पनि गर्न खोजिएको कुरालाई बिर्सन मिल्दैन । धारा २७ को सूचनाको हकअन्तर्गत प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने सुनिश्चित गरिएको छ । तर कानूनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन भनेर पनि त्यही धारामा सुव्यवस्थित गर्न खोजिएको छ ।

सूचना र सञ्चार हकको कुरा गर्दा संविधानको धारा २८ अन्तर्गतको गोपनीयताको हकलाई पनि ख्याल गरिनुपर्छ । यो धाराले 'कुनै पनि व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानूनबमोजिम बाहेक अनतिक्रम्य हुनेछ' भन्छ ।

यता, प्रेस काउन्सिलले आचारसंहितामा 'अनलाइन सञ्चारमाध्यम भन्नाले प्रचलित कानूनबमोजिम स्थापना भई पत्रकारिता र सम्पादकीय सिद्धान्त अङ्गीकार गर्दै इन्टरनेटको माध्यमबाट संकेत, चिह्न, अक्षर, आवाज, ग्राफिक्स, भिडियो, एनिमेशन तथा विभिन्न बहुमाध्यम (मल्टिमिडिया) को प्रयोगमार्फत समाचारमूलक वा विषयगत विचार, सूचना तथा समाचार, तस्बिर, श्रव्यदृश्यका रूपमा उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने विधि, प्रक्रिया र माध्यम सम्झनुपर्छ' भन्ने परिभाषा गरेको छ । यसरी हेर्दा आज अनलाइनको दायरा निकै बृहद् छ ।

प्रेस काउन्सिलले पत्रकार आचारसंहिता २०७३ (पहिलो संशोधन २०७६) जारी गरेको छ । पत्रकार र सञ्चारमाध्यमको कर्तव्यअन्तर्गत प्रेस स्वतन्त्रताको संरक्षण र संवर्द्धन, पत्रकार तथा सञ्चारमाध्यमले नागरिकको आधारभूत अधिकार, विचार तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र संवद्धर्न का निम्ति सदैव सत्य–तथ्य सूचना प्रवाह गर्नुपर्ने भनिएको छ ।

यस्तै मानव अधिकार, अन्तर्राष्ट्रिय सम्बन्ध र सुसूचित हुने हकको सम्मानअन्तर्गत पत्रकार तथा सञ्चारमाध्यमले मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्र र लिखतहरूले प्रत्याभूत गरेका अधिकार, सिद्धान्त र मान्यताहरूको सम्मान गर्दै लोकतन्त्र, न्याय, समानता, स्वतन्त्रता, समावेशिता, मानवीयता, शान्ति तथा अन्तर्राष्ट्रिय समझदारी र मित्रराष्ट्रहरूबीच भाइचाराको संरक्षण तथा संवर्द्धन गर्नुपर्ने उल्लेख छ । सम्पादकीय स्वतन्त्रताको सम्मानअन्तर्गत समाचार सङ्कलन,

सम्पादन वा उत्पादन, प्रस्तुति तथा सम्प्रेषणसम्बन्धी अन्तिम जिम्मेवारी र अधिकार सम्पादकमा निहित हुने सुनिश्चिचता पनि छ ।

यति मात्र होइन, सम्पादकीय स्वतन्त्रताको यही सर्वमान्य सिद्धान्तबमोजिम सञ्चारमाध्यम र पत्रकारले कुनै प्रकारको दबाब र प्रभावबाट मुक्त रही स्वतन्त्रतापूर्वक सूचना सङ्कलन र समाचार, विचार तथा टिप्पणीको प्रकाशन-प्रसारण गर्नुपर्दछ भनिएको छ । सम्पादकीय स्वतन्त्रताको सर्वमान्य सिद्धान्तबमोजिम सञ्चारमाध्यम र पत्रकारले कुनै प्रकारको दबाब र प्रभावबाट मुक्त रही स्वतन्त्रतापूर्वक सूचना सङ्कलन र समाचार, विचार तथा टिप्पणीको प्रकाशन-प्रसारण गर्नुपर्ने आचारसंहितामा व्यवस्था छ । यसर्थ अनलाइन मिडियामाथि पनि अरू मिडियाको जति नै जिम्मेवारी र उत्तरदायित्वको भारी छ । पछिल्ला दिनमा नयाँ अनलाईन बढेसँगै चुनौती थपिएको छ ।

## खुल्नु सकारात्मक, नियमन जटिल

अनलाइन समाचारमाध्यम धेरै खुल्नु सूचना प्राप्तिको दृष्टिले सकारात्मक हो । तर नियमन गर्ने उपयुक्त कानूनी अस्तित्वको अभाव रहेको प्रसङ्ग पनि बेला मौकामा उठ्ने गरेको छ । अनलाइन दर्ता र नियमनका लागि ठोस ऐनको अभाव छ । राज्यको कार्यकारी आदेशबाट बनेको निर्देशिकाका आधारमा धमाधम अनलाइन दर्ता भइरहेका छन् । अनलाइनहरूको सुसञ्चालनका लागि एकीकृत छाता कानून बनेको छैन । यस्तो अवस्थामा अर्कै पृष्ठभूमिमा बनेको फरक सुशासन ऐनलाई टेकेर दर्ता गरिएको अवस्था छ ।

प्रेस काउन्सिलले प्रत्येक अनलाइन, पत्रपत्रिका, रेडियो, टिभीका लागि दर्ता बाध्यकारी गरेको छ । अन्यथा चलाउन पाइँदैन । सञ्चालनका लागि लाइसेन्स पनि अनिवार्य छ । कतै दर्ता नहुने अवस्थाले अनलाइनकै असुरक्षा बढाउने जोखिम रहन्छ । कारण- प्रहरीमा कसैले कुनै जाहेरी दियो भने दर्ता भए नभएको विषयमा काउन्सिलमा सोधिने गर्दछ । त्यसपछि काउन्सिलले वास्तविक अवस्थाबारे जानकारी गराउँछ । यदि दर्ता प्रक्रियामा आएको छ भने कारबाही गर्न प्रेस काउन्सिल ऐन आकर्षित हुन्छ । दर्ता भएको छैन भने प्रहरीले पक्राउ गरेर कारबाही प्रक्रिया अघि बढाउँछ । सूचना विभागमा अभिलेखीकरण, सञ्चालन अनुमति र प्रेस पासका लागि जाने प्रयोजन रहेको

काउन्सिल प्रवक्ता खनालको भनाइ छ । काउन्सिलमा संरक्षणका लागि दर्ता हुने गर्दछन् । संरक्षण दिने मात्र नभई मर्यादित बनाउनुपर्ने कानूनी दायित्व पनि काउन्सिलको काँधमा छ ।

नियामक निकाय प्रेस काउन्सिल, सञ्चालन अनुमति दिने सूचना विभाग अनुगमन, नियमन, वर्गीकरण गर्न सक्ने प्रविधि र जनशक्तिको अभावको अवस्थामा छ । प्रेस काउन्सिल नेपालका पूर्व कार्यवाहक अध्यक्ष गोपाल बुढाथोकीले आफ्नो कार्यकालमा प्रेस काउन्सिल आचारसंहिता, अपाङ्गमैत्री सञ्चार निर्देशिका, महिला उत्तरदायी निर्देशिका तथा बालबालिकामैत्री निर्देशिकाका आधारमा अनलाइनसहितका मिडियाको निरन्तर अनुगमन गरेको बताउँदै गलत देखिएको हकमा सचेत, ध्यानाकर्षण र नदेखिने बनाउने कार्य भइरहेको जानकारी दिए ।

'लेखेर, बोलेर, चित्रबाट, दृश्यले कसैबाट आचारसंहिता विपरीत काम भइरहेको छ भने कार्यालय सहायकदेखि राष्ट्रपतिसम्मले उजुरी गर्ने थलो काउन्सिल नै हो । स्वअनुगमन पनि हुने गर्दछ । गल्ती भेटिए तत्काल कारबाही पनि हुन्छ,' बुढाथोकी भन्छन्, 'हरेक दिन काउन्सिलमा रिपोर्टिङ हुने गर्दछ । ध्यानाकर्षण गर्ने, सचेत गर्ने, दूरसञ्चार प्राधिकरणलाई भनेर देखिन नसक्ने बनाउने कारबाही पनि भएको छ । दर्ता खारेज नै गर्न भने संविधानले दिँदैन ।'

काउन्सिलले आफूसमक्ष आए मात्र कारबाही गर्ने वा नगर्ने निर्णय लिने गर्दछ । काउन्सिलमा आचारसंहिता उप समिति छ । हरेक दिन काउन्सिल सचिवालयलाई रिपोर्ट दिनका लागि एक दर्जन अनुगमनकर्ता पनि छन् । तर काउन्सिलको प्रभावकारितामा प्रश्न भने उठी नै रहेको छ । कति त गलतै लेखे पनि उजुरी गर्न नजाने बरू सहेरै बस्ने पीडित पक्ष पनि छन् । काउन्सिलमा साधन, स्रोत र जनशक्तिको अभाव रहेको बताउँछन् बुढाथोकी । भन्छन्, 'रेकर्डबाट एक वर्षको बीचमै पनि अप्रत्याशित रूपले बढेको देखिएको छ । प्रेस काउन्सिल ऐन र पत्रकार आचारसंहिताले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय एकाइबीचको सुसम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती जस्ता विषयमा प्रकाशन प्रसारण गर्न नपाइने भनेको छ । यसै आधारमा बनेको अनलाइन निर्देशिका अनुसार कारबाही हुन्छ ।'

यसो त सञ्चारमाध्यममा अनलाइन सञ्चालन निर्देशिका, २०७३' पनि लागू भइसकेको अबस्था छ । निर्देशिकाको परिच्छेद ५ मा अनुगमनसम्बन्धी व्यवस्था छ । जसले पीत पत्रकारिता भएमा सुविधा रोक्न सक्छ । मिडिया कन्टेन्टहरूलाई हटाउन लगाउन सक्छ । सचेत गराउनका लागि भनेर नै निर्देशिका बनेको हो । पत्रकारका नाममा गैरपत्रकारले पनि प्रेस पास लिएर दुरूपयोग गरिरहेका छन् । व्यावसायिक र श्रमजीवी पत्रकारले शुद्धीकरणका लागि आवाज उठाइरहेका छन् । नेपाल पत्रकार महासंघलाई दबाब दिइरहेका पनि छन् तर चुनावका बेला भोटको राजनीतिका कारण परिणाम शून्य देखिएको छ । व्यावसायिक पवित्रताको लागि शुद्धीकरण भने अनिवार्य छ ।

बुढाथोकीका अनुसार काउन्सिलभित्र अहिले रेकर्डको विश्लेषण गर्ने सिस्टम नै छैन । निर्देशिकाको परिभाषाभित्र नपर्ने युट्युब त थप चुनौतीपूर्ण देखिएको छ । अदालतका विचाराधीन मुद्दा पनि काउन्सिलको अधिकार क्षेत्रबाहिरका विषय हुन् । 'अनलाइन टिभी र युट्युबका लागि नयाँ नियम र निर्देशिकाको लागि भनेर काउन्सिलले प्रतिवेदन दिएको छ । व्यवस्थित र उत्तरदायी बनाउनुपर्ने चुनौती छ,' उनले भने, 'सत्यको अन्वेषण र सम्प्रेषणमा न्यू मिडिया चुकेका छन्, अराजकताको स्थिति छ ।'

अर्कातर्फ काउन्सिलमा उजुरीको प्रकृतिअनुसार विषयविज्ञको अभाव छ । यसले गर्दा गालीबेइज्जती भए नभएको हेरेर पार लाग्ने अवस्था छैन । यसैमा पनि काउन्सिलको नेतृत्व तजबिजी रूपमा राजनीतिक नियुक्तिमा आउने परिपाटीका कारण मिडिया अनुगमनमा स्वतन्त्रता, तटस्थता, निस्पक्षताको प्रश्न निरन्तर उठिरहेको छ ।

## नियमनका लागि बलियो संयन्त्र

मिडियाको अधिकार हननका घटनामा प्रेस काउन्सिलले अहिले अनुगमनको काम त गरेको छ तर यथास्थितिमा रहेर भविष्यको चुनौती थेग्न कठिन देखिन्छ । अनलाइनहरूको संख्या ह्वात्तै बढेर गएका कारण कुन दर्ता भएको हो, कुन दर्ता भएको होइन भनेर थाहा पाउन पनि सहज छैन । यसमा पनि कतै दर्ता नै नगरी चलेका अनलाइनको बाढीलाई नियमन गर्ने ठूलै चुनौती छ ।

सामाजिक सञ्जालमा शेयरको अनुपात हेर्दा समाजमा अहिले सकारात्मकभन्दा नकारात्मक समाचारको स्थान बढी देखिएको छ । यस्ता मिडियालाई द्रुतरूपमा जवाफदेही बनाउनुपर्ने आवश्यकता छ । अनलाइन माध्यम ठूलो संख्यामा रहेका कारण अन्य सञ्चारमाध्यमको हुबहु नक्कल गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न पनि कठिन छ । समाचारको स्रोत र आधिकारिकतामा पनि भद्रगोल स्थिति देखिन्छ । कसको समाचार आधिकारिक हो भनेर भेउ पाउन पाठकलाई मुस्किल छ । कहीं कतै दर्ता नगरी कसैका विरूद्ध सुनियोजत आक्रमण या विरोध गर्ने मनसायले खोलिएका फेक मिडिया पनि छन् जसले एउटाको पक्षपोषण र अर्को पक्षको तेजोवध गर्ने गर्छन् । खासमा यस्ता मिडियालाई सत्ता पक्ष, राजनीतिक दल र स्वार्थ समूहबाट प्रायोजित रूपमा प्रयोग गरिएको पाइन्छ ।

अर्को कपि पेस्ट मिडिया छन् जसलाई तलबी श्रमजीवी पत्रकारको खाँचो छैन । उनीहरूले घरबाटै अरूको हुबहु सारेर काम चलाएका छन् । यस्तो बेथितिका कारण सामान्य पाठकलाई वास्तविक मिडिया कुन हो भनेर छुट्याउनै अन्याल छ । अर्कापट्टी आफ्ना पाठक बढाउने नाममा अपुष्ट, भ्रामक र काल्पनिक कुरा लेखेर उत्तेजना फैलाएको आरोप पनि अनलाइनहरूमाथि छ । यसरी मिडिया अनुगमनमा सशक्त पहरेदारको भूमिकामा काउन्सिल उभिनुपर्ने आवश्यकता छ । विद्युतीय कारोबारसम्बन्धी कानूनका विज्ञ रहेका अधिवक्ता बाबुराम अर्याल अनुगमनकर्ता राज्यका कर्मचारी नै हुने भएका कारण आफूअनुकूल अनुगमन र अभिलेखीकरण गरी तजबिजी रूपले काउन्सिलबाट निर्णय हुन्छ भन्ने गुनासा रहेको बताउँछन् ।

'टेक्नोलोजीसम्बन्धी विषयको बुझाइमा पनि समस्या देखिन्छ । सामाजिक सञ्जाल र मुलधारको मिडियामै कन्फ्युजन छ । मिडियाको कुनै घटना विशेषलाई लिएर मौलिक विषयमै पत्रकार महासंघ र प्रेस काउन्सिलविच दृष्टिकोण बाझिए समस्या सिर्जना हुन्छ,' अर्याल भन्छन्, 'साइबर क्राइमका विषयका बुझाइमा पत्रकार महासंघ र प्रेस काउन्सिल जस्ता संस्थामा आधारभूतरूपमै भिन्नता देखिएको छ । मौलिक कुरामा स्पष्ट भएपछि मात्र अनुगमनमा सहज हुन्छ ।'

अधिकार उपभोगमा कुनै समस्या देखियो भने पत्रकार महासंघमै पनि 'ट्रान्जिट होम' को रूपमा संयन्त्र बनाउन सकिने उनको भनाइ छ । मिडियाका

विज्ञसहितको यस्तो संयन्त्रले समस्याको निकासका लागि छलफल गर्ने र उपयुक्त सुझाव दिनसक्ने अर्याल बताउँछन् । निजी स्वार्थ जोडिएको गलत समूह भएमा पत्रकार महासंघ र काउन्सिललाई नै गलत दिशामा लैजाने प्रयत्न हुनसक्ने खतरा देखिएको बताउँदै उनले थपे, 'यस्तो यस्तो अबस्थामा मनिटरिङ गर्ने भनेर महासंघ र प्रेस काउन्सिलले मापदण्ड बनाएमा स्वार्थी समूहबाट प्रभावित नभई काम गर्न सकिन्छ ।'

यसरी नियमन गर्नका लागि कठोर कानूनको सट्टा लोकतान्त्रिक रूपमा उदार कानून र निष्पक्ष बलियो संयन्त्रको आवश्यकता खट्किएको छ जसले राजनीतिक आग्रह, पूर्वाग्रह, निजी स्वार्थ या कुनै मोलाहिजाविना बेथिति केलाउन सकोस् । दण्ड, जरिवाना र क्षतिपूर्ति भराएर मात्रै नियमन र सुशासन ल्याउन सम्भव देखिँदैन । स्वतन्त्र ढंगको विशेष संयन्त्र गठन गरेर राम्ररी अनुगमन हुँदा नै अनलाइन मिडियाको विश्वसनीयता बढ्छ ।

डिजिटल टुल्सको प्रयोगमार्फत स्वतन्त्र रूपले निरन्तर अनुगमन गर्ने, तथ्यांक विश्लेषण गर्ने, यसका आधारमा योजना बनाउने र अधिकार हननका घटना नियन्त्रण गर्ने, सचेतना फैलाउने काम गर्नुपर्ने आवश्यकता छ । त्यसो भएमा पत्रकारमाथि भएका ज्यादती र अधिकार हननका घटनामा अनुसन्धान र कारबाही गर्न पनि सहयोगी हुन्छ । तर पत्रकार ठूलो संख्या पनि अनुगमन र नियमनको चुनौती हो । पत्रकार महासंघका सदस्य नै १३ हजार एक सय २२ छन् । महासंघको चुनावका मुखमा सदस्यता बढाउने प्रतिस्पर्धाले वास्तविक पत्रकार र गैरपत्रकार छ्यासमिस हुने गरेका गुनासा बढिरहेका छन् । अनुगमनको चुनौती कम गर्नका लागि पेशागत शुद्धीकरण गरी वास्तविक पत्रकार खुट्याउनु आवश्यक छ ।

## स्वच्छन्दता होइन प्रेस स्वतन्त्रता

प्रेस स्वतन्त्रताको उपभोग गर्दा स्वच्छन्दता हुन नदिनका लागी पत्रकारमा सचेतना चाहिन्छ । संविधानमा लेख्ने र बोल्ने अधिकार छ भन्दैमा जथाभावी गर्न नहुने बताउँछन् महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता सञ्जीव रेग्मी । कारवाहीबाट जोगिन बढीभन्दा बढी सजगता चाहिने भनाइ उनको छ । इन्टरनेटको बढ्दो प्रयोगसँगै दुरूपयोग पनि बढेको रेग्मीले बताए । विद्युतीय

सामग्रीको प्रयोग घरघरमा रहेका कारण अपराधको मात्रा पनि बढ्दै गएको नको अनुभव छ ।

'स्वतन्त्रताको उपभोग गर्नुपर्छ तर त्यो भनेको स्वच्छन्दता होइन । मिडियाको अधिकार भनेको कर्तव्य र उत्तरदायित्वसहितको स्वतन्त्रता पनि हो,' सहन्यायाधिवक्तासमेत रहेका रेग्मीको भनाइ छ, 'मुख्य गरेर सचेतना नै ठूलो कुरा हो । कानून उल्लङ्घन गर्दा अपराध हुन्छ भन्ने थाहा हुनुऱ्यो । सजाय त एउटालाई गर्दा अर्को हतोत्साहित होस् भन्ने मात्र हो ।' मुद्दा हालेर, सजाय ठोकेर, थुनामा हालेर मात्र अपराध घटाउन नसकिने रेग्मीको राय छ ।

प्रेस स्वतन्त्रता, सूचनाको हक, अभिव्यक्ति स्वतन्त्रताजस्ता विषयमा आन्तरिक वा बाह्य जुन रूपमा आँच आए पनि त्यसले आम नागरिकलाई नै कमजोर पार्छ । संविधानले भनेको विचार अभिव्यक्तिको स्वतन्त्रता र प्रेसलाई दिएको अधिकार असिमित नरहेको रेग्मीको बुझाइ छ । जुन समाचारले नैतिक, मूल्य, मान्यता, प्रतिष्ठा गिराउँछ, भ्रम सिर्जना गर्छ, दुरूत्साहन गर्छ, सामाजिक सन्तुलन खलबल्याउँछ, त्यस्ता जुनसुकै खाले मिडियालाई कानूनले संरक्षण गर्न नसक्ने भनाइसमेत उनले राखे ।

नेपालको संविधानको प्रश्तावनामा लेखिएको 'पूर्ण प्रेस स्वतन्त्रता' लोकतन्त्रको उपहार नै हो । यो नागरिकको नैसर्गिक हक हो । यसैले संविधान निर्माताद्वारा प्रेस स्वतन्त्रता, विचार अभिव्यक्तिको स्वतन्त्रता र सूचनाको हकलाई मौलिक हकमा राखियो । तर पूर्ण प्रेस स्वतन्त्रता छ भन्ने नाममा प्रेसले मनलाग्दी गर्ने छूट नभएको बताउँछन् राष्ट्रिय सूचना आयोगका अध्यक्ष महेन्द्रमान गुरूङ ।

नयाँ आउँदै गरेको सूचना प्रविधिसम्बन्धी ऐनले सूचना प्रविधिमा भएका प्रविधिगत विकासलाई सदुपयोग गर्ने दिशामा लैजाने र नियमन गर्ने विश्वास गुरूङको छ । 'सूचनाको प्रविधिको प्रयोग गरेर हुने दुरूपयोगलाई नियन्त्रण गर्न केही व्यवस्था राखिएको भनेर मैले बुझेको छु,' पूर्व सञ्चार सचिवसमेत रहेका गुरूङ भन्छन्, 'अहिलेको अपराधसंहिताले पनि समावेश गरेका विषयलाई सूचना प्रविधि ऐनको मस्यौदामा पनि समावेश गरिएको छ । केही सजायका विषयहरू बढी भए कि भन्ने कुरा पत्रकार महासंघ लगायतले उठाइरहेका छन् । संबोधन गरेर जानुपर्ने हुनसक्छ तर कानून भने जरूरी छ ।'

प्रविधिका कारण सञ्चार माध्यम नै फरक ढङ्गले चलिरहेका छन् । नयाँ चिजको विकास हुँदा त्यसलाई सम्बोधन र नियमन गर्नका लागि नयाँ कानून जरूरी रहेको गुरूङलाई लागेको छ । भन्छन्- कानून बनाउँदा प्रेस स्वतन्त्रताका लागि पनि समयानुकूल कानून ल्याउनुपर्ने आवश्यकता हुन्छ ।

सामाजिक मर्यादा, शान्ति सुरक्षा, व्यक्तिको इज्जत, प्रतिष्ठा, गोपनीयता, मुलुकको स्वतन्त्रता, भयत्रास उत्पन्न गर्ने कुरामा प्रेसले भारी सजगता अपनाउनुपर्ने कुरामा विवाद छैन तर नयाँ बन्दै गरेका कानूनका कारण पत्रकार आफैमा 'सेल्फ (सेन्सरसिप' मा पर्ने खतरासमेत देखिएको छ । त्रासका बीच कसरी विकृति र बेथितिलाई उजागर गर्न सकिन्छ ? भन्ने चिन्ता पनि उत्तिकै छ । यो विषयमा नेपाल पत्रकार महासंघ, आम पत्रकार र अधिकारकर्मीले आवाज उठाइरहेका छन् ।

मुलुकको कानून, नैतिक, मर्यादा र आचरणका बहुपक्षलाई ख्याल गरी सञ्चारकर्मको निर्बाध उपभोग गर्नुपर्ने जिम्मेवारी सञ्चारक्षेत्र सामु छ । र, स्वतन्त्रताको पनि सीमा हुन्छ भनेर ख्याल राख्नुपर्दछ । संवैधानिक मर्मलाई मध्यनजर गर्दै सचेतनाको आवश्यकता पर्दछ । तर 'गोप्यता' को विषय समग्र नागरिकको हितमा हुनुपर्ने मान्यता हो । नत्र राज्य स्वेच्छाचारी हुने खतरा त रहन्छ नै । त्यसैले गोपनीयताको नाममा हुने हुने स्वेच्छाचारिता रोक्न नागरिक अधिकारका निम्ति संविधानमा न्यायिक पुनरवलोकनको अधिकार अदालतलाई अवशिष्ट अधिकारका रूपमा दिइएको छ । सरकारी कामकारबाहीमा पारदर्शिता, सरकारको खुलापन, जनउत्तरदायी सरकार, सूचनामा नागरिकको पहुँच जस्ता मान्यता स्थापित गर्न सूचनाको हकको सुनिश्चितता अपरिहार्य छ । तर के कस्ता सूचना प्रवाह गर्ने वा नगर्ने भन्ने सम्बन्धमा पत्रकार आफै जानकार हुनु आवश्यक छ ।

सार्वजनिक मर्यादालाई खलल पुऱ्याउन सक्ने समाचार सामग्रीमा प्रेसको सजगता आवश्यक छ । सूचनाको हक अकुण्ठित रूपमा बलियो छ भन्ने नाममा पत्रकारले आफ्नो धर्म र सीमा नाघ्ने छूट हुँदैन । कुनै गलत सूचनाको वास्तविकता थाहा पाएर पनि त्यसबाट पर्ने प्रभावलाई ठाडै बेवास्ता गरिएको छ भने बेइमानी हो । कसैको सार्वजनिक चरित्र या प्रतिष्ठामाथि आघात हुन्छ भनेर सञ्चारकर्मी पूर्व जानकार हुनैपर्दछ । अन्यथा कानूनअनुसार दण्डको भागीदार हुन तयार रहनुपर्छ । नियमनको चुनौती पनि यहींनेर देखिएको छ ।

अनलाईन मात्र होइन जुनसुकै सञ्चारसंस्था र आम सञ्चारकर्मीलाई प्रभावित पार्ने कानून एवम् नीतिनियम संविधान, अन्तर्राष्ट्रिय मापदण्ड, मूल्य मान्यताअनुरूप मानवअधिकारमैत्री छन् की छैनन् भनेर मार्गदर्शनका लागि स्वतन्त्र संवैधानिक निकाय राष्ट्रिय मानवअधिकार आयोगको अनुगमनकारी भूमिकाको विशेष महत्व छ । यति मात्र होइन, मिडियाका कारण हुने मानवअधिकार हननका घटना रोक्न पनि आयोगको भूमिका अर्थपूर्ण छ ।

पछिल्लो समयमा नयाँ बन्दै गरेका मिडिया काउन्सिल, सूचना प्रविधि, साइबर क्राइमजस्ता कानूनका कारण पत्रकार यसै पनि भयग्रस्त अबस्थामा छन् । संसद्मा पेश भएका विधेयकहरूले झन् चिन्ता थपेको छ । यही सन्दर्भमा प्रेस र अभिव्यक्ति स्वतन्त्रताको रक्षकका रूपमा रहेका पत्रकारका लागि भनेर तत्काल 'रेस्पोन्स' गर्न आयोगका पदाधिकारी, प्रहरी, सञ्चार मन्त्रालय, पत्रकार महासंघ, महान्यायाधिवक्ता कार्यालयको संलग्नता रहने गरी आयोगकै पहलमा एउटा सुरक्षा संयन्त्र नै बनाउने तयारीमा आयोग रहेको निवर्तमान सचिव वेद भट्टराईले बताए । यसका लागि आयोगले निर्देशिका नै तय गरेको तर कार्यान्वयनमा जान बाँकी रहेको जानकारी उनले दिए ।

'अभिव्यक्ति स्वतन्त्रताको रक्षा' गर्ने भनिएको उक्त संयन्त्रले खासगरी पत्रकारसँगै नागरिकको सुरक्षाका लागि काम गर्ने जनाइएको छ । आक्रणमविरूद्ध प्रभावकारी संरक्षण र आक्रमणको उपयुक्त प्रतिकार्यका लागि संयन्त्र प्रभावकारी हुनसक्ने भट्टराई बताउँछन् । निर्देशकामा आक्रमणको परिभाषाभित्र भौतिक वा धम्की, यौनजन्य प्रकृतिका घटनालाई समेत समेटिएको छ । यस्तो संयन्त्रमा आयोगले आन्तरिक रूपमा मनोनीत गरेका एक जना पदाधिकारी संयोजक रहनेछन् भने प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय वा सूचना तथा सचार मन्त्रालयका सहसचिव, महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता, डीआईजी, पत्रकार महासंघबाट मनोनीत अनिवार्य एक महिलासहित दुई जना, नेपाल बार एशोसिएशनद्वारा मनोनीत एक जना, गैसस महासंघबाट एक प्रतिनिधि सदस्य हुनेछन् । उनीहरूको कार्यकाल तीन वर्ष तोकिएको छ । निर्देशक समितिले संयन्त्रलाई सञ्चालन र सुरपरिवेक्षण गर्ने सम्पूर्ण जिम्मेवारी लिनेछ ।

संयन्त्रको दैनिक क्रियाकलाप सञ्चालन गर्न पत्रकार महासंघको प्रतिनिधि अनिवार्य हुने गरी अलग्गै पाँच सदस्यीय कार्यदल रहनेछ । यसका अतिरिक्त आकस्मिक दस्ताका रूपमा विशेष तालिमप्राप्त 'द्रुत प्रतिकार्य सञ्जाल' नामक टोली रहने परिकल्पना निर्देशिकामा छ । आक्रमणका विषयमा जानकारी पाउनासाथ सञ्जाल द्रुत प्रतिकार्यमा खटिनेछ । मानवअधिकारको संरक्षण गर्ने उद्देश्यसहित आपत्कालीन उद्धार तथा र राहत प्रदान गर्ने संयन्त्रको विशेष भूमिका हुने छ ।

अनलाइनलगायत मिडियाबाट भएका भ्रमपूर्ण सूचना, अमर्यादित अभिव्यक्ति, चरित्र हत्या, सामाजिक प्रतिष्ठा, सामाजिक सद्भावमा आँच आउने चिजलाई जानकारीमा लिएर सम्बद्ध निकायलाई प्रश्न गर्ने आयोगको अभ्यास रहेको जानकारी भट्टराईले दिए । 'विशेष संयन्त्र बनेपछि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षाका लागि प्रभावकारी हुने अपेक्षा छ,' उनले भने ।

लामो समय आयोगको अनुसन्धान अधिकृतका रूपमा क्रियाशील रहेका राष्ट्रिय मानवअधिकार आयोगका उपसचिव श्यामबाबु काफ्ले पनि प्रेस स्वतन्त्रताको जगेर्ना गर्न सरकारले विभिन्न समयमा ल्याएका प्रस्ताव कार्यान्वयनको विषयमा गम्भीरतापूर्वक समीक्षा हुनुपर्ने बताउँछन् ।

आयोगमा मिडिया मनिटरिङमा समेत काम गरेका काफ्लेका अनुसार मानवअधिकार आयोगले गर्ने अनुगमनका फरक-फरक प्रकृति छन् । मिडिया मात्रै भन्दा पनि आयोगले समग्रमा मानवअधिकार रक्षकको दृष्टिले अनुगमन गर्ने काफ्लेको भनाइ छ । 'राष्ट्रिय स्तरका मिडियामा आउने सामग्री त धेरै हदसम्म विश्वसनीय छन् तर स्थानीय सञ्चारमाध्यमका समाचार हामीले धेरै पटक 'फेक' पाएका छौं ।' काफ्ले भन्छन्, 'हेडलाइन ठीक भए पनि समाचार अर्कै ढंगले प्रस्तुत हुने समस्या पनि देखिएको छ । मिनेटभित्रै समाचार पाउनुपर्ने कुराले द्वन्द्व बढाएको स्थिति छ । अरूको सम्मान गर्नुपर्छ भन्ने कुरालाई ध्यान दिएको पाइँदैन ।' खासमा विशुद्ध व्यावसायिक व्यक्तिभन्दा पनि व्यापारिक समुदायको मिडियामा उपस्थितिका कारण धेरै कुरालाई असर गरेको अनुभव काफ्लेको छ ।

उनले कसैको स्वार्थमा चल्ने 'मिशन पत्रकारिता' पनि चुनौतीपूर्ण देखिएको बताए । समग्रमा हेर्दा मिडिया अगाडि आएको देखिए पनि श्रमजीवी पत्रकार आर्थिक, सामाजिक, सांस्कृतिक रूपमा पनि शोषणमा परेको अवस्था

आयोगको अनुगमनमा देखिएको उनले औंल्याए । तर मिडियामा आयोगको अनुगमन निरन्तर छैन । श्रमजीवी पत्रकारको अवस्थाका विषयमा छुट्टै अनुगमन भने नभएको उनले बताए ।

'नियमनकारी हुँदा सकारात्मक सहयोग पुग्छ,' उनी भन्छन् । समाचार 'फ्याक्ट' हो वा होइन भनेर पहिले लेख्ने व्यक्ति, आयोगका आफ्नै मानवअधिकार रक्षक, अपराधका घटामा सुरक्षा निकाय र आयोगका स्थानिय अफिसरलाई सोधेर पुनर्पुष्टि गर्ने अभ्यास आयोगमा रहेको जानकारी उनले दिए । 'पुष्टि भएपछि मात्र रेकर्डमा लिने र अनुसनधान गर्ने चलन छ,' काफ्ले भन्छन् । तर आयोगभित्र मिडिया अनुगमनका लागि भनेर भिन्नै 'डेस्क' भने छैन । काफ्लेका अनुसार स्वनियमन कसरी गर्ने भन्ने नै अहिलेको ठूलो चुनौती हो । सरकारको भूमिका पनि नियन्त्रणकारी भन्दा नियमनकारी हुनुपर्ने भनाइ उनको छ ।

'पत्रकारिताको क्षेत्र नै यति ठूलो भयो की पत्रकार महासंघले नै नियन्त्रण गर्नसक्ने स्थिति देखिँदैन । प्रेस काउन्सिलले पनि गर्न सक्ने अवस्था छैन । मानवअधिकार आयोगको पनि त्यस्तो अवस्था छैन,' उनले भने, 'स्वनियमन भनेको नैतिक कुरा हो । स्वनियमनका लागि कुनै न कुनै व्यवस्था हुनुपर्छ । आन्तरिक रूपमा पनि गर्न सकिन्छ । तर परीक्षा नै दिएर गर्नुपर्छ भन्ने होइन ।' उनले मिडिया मोनिटरिङ गर्न एकद्वार प्रणालीको आवस्यकता पनि औंल्याए । उनको विचारमा मोनिटरिङ गर्ने सन्दर्भमा मिडियालाई 'लाइसेन्स' दिएर मात्र हुँदैन, नियमनको व्यवस्था पनि हुनुपर्छ । मिडियाका चुनौतीहरूलाई विशेष गरी नागरिक अधिकार, मिडिया सुरक्षा, सूचना प्राप्तिको अधिकार र राजनीतिक दलका कार्यकर्ताको व्यवहारसँग जोडेर हेर्नुपर्ने धारणा उनको छ ।

पछिल्लो समय स्थानीय सरकारहरूले समेत प्रेस स्वतन्त्रतामा अंकुश लगाउने गरी विभिन्न कानून निर्माण गरिरहेको भन्दै आयोगसँगै र नेपाल पत्रकार महासंघ जस्ता संस्थाले आवाज उठाइरहेका छन् । राज्यका कुनै पनि निकायले सञ्चार नीति र कानूनहरू बनाउन नसक्ने होइन । तर यस्ता नीति बन्दै गर्दा निर्बाध प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको उपभोग र सूचनाको हकमा बन्देज लगाउने खालको छ कि भनेर चाहिं हेरिनुपर्दछ । पत्रकारलाई बोल्न(लेख्न अप्ठ्यारो पार्ने अवस्थामा स्वतन्त्र आयोग 'छाता' को

रूपमा माउ भूमिकामा रहन सक्छ । प्रेस स्वतन्त्रताको विकास र संवर्द्धनका लागि मानवअधिकार आयोगको अभिभावकीय भूमिका आवश्यक छ ।

सरकारवादी हुने फौजदारी कसुरमा सरकारको तर्फबाट सर्वोच्च अदालतमा प्रतिरक्षा गर्दै आएका सहन्यायाधिवक्ता संजिव रेग्मी पनि स्वतन्त्र र मर्यादित प्रेस, विचार अभिव्यक्तिको स्वतन्त्रता संरक्षण, हालको कोभिड संकटमा भएका दुष्प्रचार जस्ता विषयमा मानवअधिकार आयोगले अनुगमन बढाएर सचेत गर्न उपयुक्त हुने बताउँछन् ।

## निष्कर्ष

पछिल्ला दिनमा अनलाइनको बढोत्तरीसँगै व्यवस्थित ढंगले सुसञ्चालनमा चुनौती पनि थपिएको छ । खासमा लोकतान्त्रिक विधि भनेको त पत्रकार आफैले स्वनियमन गरेर र आचारसंहिता बनाएर कार्यान्वयन गर्नु उपयुक्त हो । प्रेस काउन्सिलले पनि आचारसंहितामार्फत स्वनियमन र स्वमूल्याङ्कनको व्यवस्था गरेको छ । काउन्सिलले जारी गरेको पत्रकार आचारसंहिताको अनुकूल हुने गरी प्रत्येक सञ्चारमाध्यमले आफ्ना लागि आचारसंहिता बनाई सोको स्वनियमन र स्वमूल्याङ्कन गर्नेछन् भनिएको छ ।

यसका लागि सञ्चारमाध्यमले आफ्नो संस्थासँग असम्बद्ध र कुनै स्वार्थ नरहेका स्वतन्त्र विज्ञहरू रहेको सञ्चार स्वनियमन समिति गठन गर्नसक्ने व्यवस्था छ । यसरी जिम्मेवार पत्रकारिता भनेको नै आचारसंहिताको पालना हो । आफैले आचारसंहिता बनाएर कार्यान्वयन गरे कसैसँग डराउनु पनि पर्दैन । जोखिम पनि हुँदैन । नियमन गर्ने नाममा सरकारले अंकुश लगाउनसक्ने चिन्ता पनि थपिंदैन । यसर्थ पहिलो 'सेल्फ–मोनिटरिङ' गर्नु नै सबैभन्दा उत्तम उपाय हो । तर, यतिले मात्र चल्ने अबस्था अब छैन । नियामक निकायको पनि उत्तिकै सशक्त उपस्थिति आवश्यक छ ।

सार्वजनिक जवाफदेहितामा काम गर्ने जुनसुकै संस्था किन नहोस्, जसका कामकारबाहीलाई लिएर सार्वजनिक हितमा मनासिब आलोचना या टिप्पणी पनि हुनुपर्छ । यस्ता विषयमा त प्रेस काउन्सिललगायत राज्यका निकायले सदैव प्रेस र पत्रकारप्रति सदासयता राख्नुपर्ने हुन्छ ।

प्रकाशित समाचार सामग्रीले अकारण कसैको इज्जत, सार्वजनिक छवि,

सामाजिक प्रतिष्ठा जस्ता विषयमा आघात पुऱ्याउने खालको छ कि भनेर सञ्चारकर्मीले होसियारी अपनाउनै पर्दछ । अनि प्रकाशित समाचार सामग्री पूर्वाग्रहपीडित वा बेइज्जती गर्ने खालको हुनुहुँदैन भनेर हेक्का राखिनुपर्दछ । यथार्थपरक, सत्यपरक र वस्तुनिष्ठ समाचार सम्प्रेषणले नै मुलुकलाई सुधारको मार्गमा लैजान सकिन्छ र प्रेसाप्रति जनआस्था पनि बढ्दछ ।

पत्रकारिताप्रतिको जनआस्था नै सवैभन्दा महत्त्वपूर्ण सम्पत्ति मानिन्छ । संवैधानिक मर्यादाको सीमाभित्र रहेर प्रेस स्वतन्त्रताको उपभोग गर्नु पत्रकारिताको धर्म हो । यस दिशामा नियामक निकायको पहरेदारी आवश्यक छ । प्रविधिका कारण अहिलेको सञ्चार दुनियाँ नै फरक ढङ्गले चलिरहेको छ । अनलाइन, युट्युबको बाढीलाई थेग्न अब पहिले जस्तो छापाखाना ऐनले चल्न सम्भव छैन । नत्र प्रविधिलाई नै कसरी छुट्ट्याउने भनेर जटिलता आउनसक्छ । यसर्थ लोकतन्त्र बलियो पार्न प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता अपरिहार्य छ भने नागरिक स्वतन्त्रताको प्रत्याभूतिका लागि स्वतन्त्र प्रेस । प्रेस स्वतन्त्रतामार्फत नै समाजमा चेतनाको विकास संभव छ तर सीमारहित उन्मुक्ति होइन ।

*(पत्रकार यम विरही कानून तथा अदालती विषयमा लेख्न रूचि राख्छन्)*

खण्ड

४

# विकास



# दिगो विकासका लागि गुणस्तरको खोजी

गोपीकृष्ण ढुंगाना

'प्राविधिक सितिमिति गाउँमा पुग्दैनन् । हामीले नै मिलाएर बाटो खन्नुपर्छ,' मकवानपुरको कैलाश गाउँपालिका-७, भार्तामा सडक निर्माण गरिरहेका एक्स्कभेटरका अपरेटर बालकृष्ण मल्ल भन्छन्, 'पालिकाका प्राविधिकहरूले तयार गरेको लगत इस्टिमेटमा उपभोक्ता समितिले काम गर्न सक्ने अवस्था नै छैन । श्रमदान गर्नेको अभाव भएकोले समितिले ठेक्कामा काम गर्छन् ।' पालिकाहरूले समितिलाई पेस्की नदिने र समितिसँग बजेट नहुने भएकाले काम गर्न सकस हुने गरेको पाइन्छ ।

अपरेटर मल्लले भनेजस्तै अवस्था अधिकांश गाउँपालिकामा देखिएको छ । अपरेटरको दिमागले जे सही ठान्छ, थुप्रै गाउँमा त्यसरी नै बाटो बन्छ । नगरपालिकामा यो अवस्था कम छ । गाउँगाउँमा यसरी बिना इन्जिनियरिङ बनेका सडक नै गाउँको जनजीविका र जीवनशैली बनेका छन् । कैलाशका स्थानीय रमेश केसी भन्छन्- ठूलो भाग खोज्दा वर्षौं बिते, यस्तै भए पनि गाउँमा सडक त आउँछ ।

'श्रमदानमा पनि भ्याट बिल चाहिने सरकारी नियमले गर्दा उपभोक्ता समितिले जिम्मा लिएको काम पनि ठेकेदारमार्फत गराउनुको विकल्प छैन', मल्ल थप्छन्, 'समितिले नै गरेका काममा पनि सदस्यहरूको स्वार्थ नमिल्ने हुनाले गाउँघरतिर घरैपिच्छे सडक पुग्ने गरी घुमाइएको हुन्छ ।'

सरकारले २०३१ सालमा ल्याएको सार्वजनिक सडक ऐनले राष्ट्रिय राजमार्गको व्याख्या गरे पनि ग्रामीण सडक वा कृषि सडकबारे केही भनेको छैन । सोही कारण ग्रामीण र कृषि सडकहरूको दुरवस्था अझै लामो समयसम्म यस्तै रहने देखिन्छ । खास मापदण्ड पालना नगरी पछिल्लो चार वर्ष अधिकांश स्थानीय सरकारहरूले वार्षिक बजेटको धेरै हिस्सा ग्रामीण सडकमा खन्याएका छन् । यस्ता सडकको दीर्घकालीन सञ्चालनको आधार भने तयार हुन नसक्नु दुर्भाग्य देखिएको छ ।

डोजर वा एक्स्कभेटरका अपरेटर नै इन्जिनियर बनेर सडक खन्नु दिगो विकासको अवधारणाविपरीत छ । वर्षायाममा ट्र्याक खोलिएका सडक बगेर बंगालको खाडीमा पुगिसक्दा पनि नीतिनिर्माता र जनप्रतिनिधिको चेत खुल्न सकेको छैन । 'माटो बगेर जाने गरी खनेको सडक दीर्घकालीन बन्नै सक्दैन । अनेक दृष्टिले जगैदेखि बलियो हुनुपर्छ । ग्रामीण सडक खन्ने बित्तिकै छेउछाउमा वृक्षरोपण र नालीको व्यवस्था गर्नैपर्छ,' वर्षौंदेखि ग्रामीण क्षेत्रमा सडक निर्माणको काम गरेको गैसस (मनहरी विकास संस्था) एमडीआई नेपालका कार्यक्रम संयोजक खोपनारायण श्रेष्ठ भन्छन् । ग्रामीण क्षेत्रको सडकछेउमा रोपिने बिरूवालाई आयआर्जनसँग जोड्न सकियो भने दीर्घकालीन रूपमा संरक्षण पनि हुने उपाय उनी सुझाउँछन् । ग्रामीण सडक होस् वा कृषि सडक, यसलाई गरिबी निवारण र स्थानीयको आयआर्जनसँग जोडेर मात्रै लगानी गर्नुपर्ने श्रेष्ठको सुझाव छ ।

नेपालमा एकातिर सडक बने पुग्छ, जसरी बने पनि काममा आउँछ भन्ने अवस्था छ भने अर्कोतिर बनेका सडक गुणस्तरीय हुनैपर्छ भन्ने पनि छ । यी परस्पर पृथक् विचारलाई विश्लेषण गर्दा समग्र विकासका लागि सडक महत्त्वपूर्ण आधार हो, त्यसैले दिगो विकासका लागि दिगो ढंगका गुणस्तरीय सडक बन्नुपर्छ भन्ने नै हो । तर त्यसो भइरहेको छैन । यात्रु आवतजावत र मालसमान ओसारपसारका दृष्टिकोणले हेर्ने हो भने ९० प्रतिशत काम सडकबाटै भएको तथ्यांक सरकारसँग छ । त्यसैले देशको

आर्थिक एवं सामाजिक विकासका लागि सडकको भूमिका सबैभन्दा बढी छ ।

जनप्रतिनिधिले जथाभावी खनेका सडक हेर्ने हो भने सडक राजनीति हो । रोजगारीदेखि उत्पादन बढाउने सबै अवस्था विचार गर्दा सडक अर्थतन्त्र हो । सामाजिक-आर्थिक र त्यसमा समग्र विकास जोडिएकाले सडक समाजको अभिन्न अंग हो । जीवनशैलीमा प्रत्यक्ष प्रभाव पर्ने भएकाले सडक संस्कृति पनि हो । सडककै कारण हेटौंडा, दमौली, सिन्धुली उस्केका तथ्य हाम्रै सामु छन् ।

## सडकको स्तरका मापदण्ड

विश्वव्यापी रूपमा सडकको गुणस्तर हेर्ने हो भने नेपालको अवस्था दयनीय देखिन्छ । स्वीडेनमा ग्रामीण सडकमै कालोपत्रेको मोटाइ १५ सेन्टिमिटर छ भने नेपालमा केही समयअघिसम्म राम्रै मानिने सडकको कालोपत्रे मोटाइ २ सेन्टिमिटर मात्र हुन्थ्यो भने अहिले सरदर ४ सेन्टिमिटर छ ।

स्वीडेनमा राष्ट्रिय राजमार्गमा गरिने कालोपत्रको मोटाइ न्यूनतम पनि २० सेन्टिमिटर हुन्छ । निर्माणाधीन काठमाडौं-तराई द्रुत मार्ग (फास्ट ट्र्याक) मात्र एशियाली मापदण्डको पहिलो नम्बरको बन्दैछ । नेपालमा बनेका गुणस्तरीय मानिने सबै सडक एसियाली मापदण्डका छैनन् ।

एसियाली मापदण्डका सडक चार प्रकारमा विभाजित छन् । पहिलो १० सेन्टिमिटर मोटाइको पीच भएको हुनुपर्छ जुन सिमेन्ट वा कंक्रिटको हुन्छ । सडकको बीचमा डिभाइडर हुन्छ । दुवैतिर दुई/दुई लेन हुन्छ । सडक दायाँबायाँ दुई मिटरको फराकिलो भाग पनि हुन्छ । कोटेश्वर-सूर्यविनायक यसको उदाहरण हो । दोस्रो, यस्तो सडक कम्तीमा दुई लेनको हुन्छ जसको पिचको मोटाइ पाँच सेन्टिमिटर हुन्छ । यसमा डिभाइडर नभए पनि हुन्छ । तेस्रो, यो दुई लेनको तर पिचको मोटाइ ठिकै भए पनि हुन्छ । चौथोमा दुई लेन नभए पनि सुधार गर्दै जान सकिने शर्त राखेर बनाइएको हुन्छ ।

सरकारको आधिकारिक निकाय सडक विभागले अब बन्ने सबै रणनीतिक सडक (स्ट्र्याट्रेजिक रोडस्) एसियाली मापदण्डमा बनाउने गरी योजना अघि सारेको छ जसको कालोपत्रको मोटाइ कम्तीमा १३ सेन्टिमिटर हुने उल्लेख छ । कलंकी-कोटेश्वर चक्रपथको कालोपत्रे मोटाइ १० सेमी छ भने कोटेश्वर

सूर्यविनायक सडक खण्डको ९ किलोमिटर भने ११ सेमि छ । पुनर्निर्माण भइरहेका महेन्द्र राजमार्ग र मदन भण्डारी राजमार्गका साथै बनिसकेको मुग्लिन–नारायणगढ राजमार्ग १० सेमी मोटाइका हुन् । अब बन्ने नागढुंगा–मुग्लिन, मुग्लिन–पोखरा र गल्छी–त्रिशूली–रसुवागढी पनि सोही गुणस्तरमा बनाउने गरी विभागले काम गरिरहेको छ ।

## सडक र विकासमा नेपाल

'विकास गाडी चढेर आउँछ ।' नेपाली जनताले भन्ने गरेको यो वाक्य विकासको सन्दर्भमा व्यावहारिक छ । जब सडक बन्छ तब विकासका अनेक पाटा खुल्छन् । अर्थात् समग्रमा जीवनशैलीमा परिवर्तन सुरू हुन्छ । सडक बनेपछि भौतिक पूर्वाधार विकासका अनेक पक्षका लागि बाटो खुला हुन्छ । सडकले पूर्वाधारको ७० प्रतिशत भूमिका निर्वाह गर्ने विकासविद्हरूको बुझाइ छ । विकासविद् डा. सूर्यराज आचार्यका शब्द सापटी लिने हो भने पूर्वाधार बनेपछि मात्र सामाजिक–आर्थिक संरचना क्रियाशील हुन थाल्छन् ।

यसकारण भन्न सकिन्छ कि सामाजिक–आर्थिक विकासको पूर्व शर्त नै पूर्वाधार विकास हो, अनि सडकचाहिँ पूर्वाधार विकासको पनि पूर्वाधार हो । सडक बनेपछि मात्र मानवीय आवश्यकताका न्यूनतम आवश्यकताहरूका साथै अन्य सेवा र सुविधा पनि सहज हुन्छन् । सडकले नै अन्य क्षेत्रलाई पनि क्रियाशील गराएर विकासमा जोड्दै राष्ट्रिय समृद्धिमा पुऱ्याउँछ ।

नेपालमा दुर्गम स्थानको कुरा गर्ने हो भने सडकका लागि ट्र्याक बन्नु पनि विशेष महत्त्वको हुन्छ । कतिपय ठाउँमा बाह्रै महिना गाडी गुड्ने अवस्था हुँदा सबै थोक प्राप्त भएको अनुभूति भइरहेको छ । कालोपत्रे हुनु त स्वर्गै भयो तर त्यसको गुणस्तरका बारेमा कमैलाई ख्याल हुन्छ । त्यसैले त कतै महिना नबित्दै त कतै वर्ष दिन नबित्दै सडक भत्किन थाल्छ । यसतर्फ सरकारहरू बेलैमा सचेत हुने हो भने नागरिकको जीवनशैली पनि गुणस्तरीय हुनेमा शंका छैन ।

सडक सञ्जाल आकारका दृष्टिले नेपाल विश्वका दुई सय २२ देशमध्ये ११९औं स्थानमा परेको छ । सन् २०१९ को तथ्यांकलाई आधार मानेर गरिएको गणनामा नेपालमा ३४ हजार तीन सय ४७ किलोमिटर सडक देखिन्छ भने

एक्सप्रेस-वे शून्य अंकमा रहेको एसियाली विकास बैंक (एडीबी) को तथ्यांकमा छ । उक्त तथ्यांकअनुसार सासेक रोड कनेक्टिभिटीमा नेपालको सडक सञ्जालको अवस्था दयनीय छ । साउथ एसिया सब-रिजनल इकोनोमिक कोअपरेसन (सासेक) प्रोग्रामलाई आधार मान्ने हो भने एक सय वर्गकिलोमिटर क्षेत्रफलमा जम्मा १४ किलोमिटर सडक छ अर्थात् एक हजार मानिसका लागि केवल ०.९ किलोमिटर सडक पर्दछ । एडीबीले नेपाल र छिमेकी देशहरूबीच सडक सञ्जाल बिस्तार गर्न सासेक प्रोग्राम ल्याएको देखिन्छ ।

एक समय नेपालको सबैभन्दा फराकिलो सडक ६ लेनलाई मानियो थियो जुन केवल ९ किलोमिटर छ । कोटेश्वर-सूर्यविनायक खण्डको उक्त सडक बनेको केही वर्षमै १०.५ किलोमिटरको कोटेश्वर-कलंकी चक्रपथ खण्ड ८ लेनको बन्यो । नेपालका अधिकांश नागरिकले प्रयोग गर्ने सडक भनेको दुई लेनको हो । विश्वमा सडक निर्माणमा भएको व्यापक विकासले नेपालीलाई अचम्भित तुल्याउनु स्वाभाविकै हो । क्यानडाले २२ लेनको सडक बनाएर विश्वलाई नै आश्चर्यचकित पारेको थियो । त्यसो त चीनले समुद्रमाथि सबैभन्दा लामो पुल र ५० लेनको सडक बनाएको पाइन्छ ।

नेपालमा सुरूवातमा ३.७५ मिटरको सिंगल लेनको पिच सडक नै ठूलो मानिन्थ्यो । इन्टरमिडिएट लेभलको ५.५ मिटरदेखि ६ मिटरसम्मको बन्यो । अहिले चल्तीमा आएको शब्द डेडिकेटेड डबल लेनका सडक बन्दै छन् । 'डेडिकेटेड डबल लेन सडक बीचमा ७ मिटर चौडा हुन्छ र त्यसमा आवश्यकता र प्रयोग हेरी दायाँबायाँ १/१ मिटरदेखि बढीमा २.५/२.५ मिटर सोल्डर राखेर बनाइन्छ', सडक विभागका पूर्वमहानिर्देशक केशव शर्मा भन्छन् । नेपालमा २०५० सालमा स्थानीय सडकको ट्र्याक खोल्दा कम्तीमा ४ मिटरको बनाउनुपर्ने प्रावधान थियो भने २०७३ सालमा सरकारले कम्तीमा ८ मिटरको हुनुपर्ने प्रावधान तय गरेको छ, जसको दायाँबायाँ गरी एक मिटर नाली हुनुपर्छ ।

## सडक निर्माण र गुणस्तरको अवस्था

नेपालमा योजनाबद्ध विकासको सुरूवात भएको ६ दसक भएको छ । बजेट, आम्दानी, कुल गार्हस्थ्य उत्पादन, जीवनशैली, राजनीतिक अस्थिरता

र विकास खर्च सबै हेर्दा आजसम्मको विकासलाई नराम्रो भन्न सकिन्छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदनअनुसार राणा शासनकालको समाप्ति हुँदासम्म गोश्वरा (सबैभन्दा ठूलो कार्यालय) बाट सडकको एउटै मात्र लेन (एक लेन भनिए पनि ४-५ मिटरका) भएको ढुंगा छापेका सडक प्रयोगमा थिए । त्यति बेला खास गरी बग्गी दौडाउन यी सडक प्रयोग गरिन्थे । सर्वप्रथम नयाँ सडक, थापाथली दरबारदेखि नारायणहिटी राजदरबार र वसन्तपुरसम्म पुग्न ढुंगा छापेका सडक बनाइएका थिए । भीमफेदी–अमलेखगन्ज सडक, बुटवल–भैरहवा सडक, राजधानी र तराईका केही शहरमा ढुंगा र ईंट्टा प्रयोग गरी सडक निर्माण गरिन्थे ।

२०१४ सालमा सार्वजनिक निर्माण विभाग स्थापना गरिएलगत्तै भारतीय सहयोगमा काठमाडौं–भैंसे सडक निर्माण गरी भारतसँग मोटरबाटो जोडियो । २०१५ सालमा हेटौंडा–नारायणगढ सडक बनाइयो । विभागले २०१८ सालमा पूर्व–पश्चिम (महेन्द्र) राजमार्ग निर्माण कार्य अघि बढायो । यसै गरी सरकारले २०२४ सालमा दीर्घकालीन सडक योजना अघि बढायो भने २०२७ सालमा सडक विभाग स्थापना गर्‍यो जसले राजमार्ग र सहायक राजमार्गहरू बनाउन थाल्यो । सडक निर्माणले गति पाएको भने २०३८ सालदेखि मात्रै हो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको प्रतिवेदन हेर्ने हो भने २०५१ सालदेखि सरकारले रणनीतिक सडक सञ्जाल निर्माण सुरू गरेको पाइन्छ जसमा १५ वटा राजमार्ग र ५१ वटा सहायक राजमार्ग विभाजन गरी सडक विभागबाट निर्माण र मर्मत गर्ने काम हुन थालेको प्रतिवेदनमा छ । सोही वर्षदेखि एसियाली विकास बैंक, विश्व बैंक र जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) जस्ता दातृ निकायको सहयोगमा सामरिक महत्त्वका सडक निर्माण र मर्मत गर्ने काम थालिए । २०५३ सालमा सञ्जालअन्तर्गत प्राथमिक लगानी योजना र २० वर्षे सडक योजनाका काम थालिए । २०५८ सालदेखि रणनीतिक सडकहरूलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन भौगोलिक सूचना प्रणाली (जीआईएस) मा आबद्ध गरिएको प्रतिवेदनमा छ । २०५९ सालमा सडक बोर्ड नेपाल गठन गरी राष्ट्रिय राजमार्गदेखि कच्ची ग्रामीण सडकसमेत मर्मत सम्भार गर्न थालियो । सामरिक महत्त्वको सडक सञ्जाल हेर्न सडक विभाग र स्थानीय सडक सञ्जाल हेर्न स्थानीय पूर्वाधार तथा

कृषि सडक विभाग (डोलिडार) मार्फत मुलुकभर सडक सञ्जालको काममा बोर्डले काम गर्न थालेको छ ।

केन्द्र सरकारले आर्थिक वर्ष २०७५/७६ सम्म ३१ हजार तीन सय ९३ र प्रदेश सरकारहरूले ६० हजार १ सय ६२ किलोमिटर सडक निर्माण गरेका छन् जसमा केन्द्रले कालोपत्रे सडक १४ हजार १ सय २ किलोमिटर, 'ग्राभेल' सडक ७ हजार ८ सय ८१ र कच्ची सडक ९ हजार ४ सय १० किलोमिटर निर्माण गरेको तथ्यांक छ । प्रदेशले निर्माण गरेका सडकमा कालोपत्रको हिस्सा न्यून छ ।

स्थानीय तहको निर्वाचनपछि जनप्रतिनिधिको पहलमा धुले/कच्ची सडक (ट्र्याक ओपन) निर्माणले तीव्रता पाएको छ तर गुणस्तरीय सडकको निर्माण भने निराशाजनक नै छ । पूर्वसचिव खेमराज नेपाल यही गतिमा सडक बन्ने हो भनेसडक बनाएको भन्दा कम्तीमा दोब्बर र बढीमा तेब्बरसम्म मर्मत खर्च हुने दाबी गर्छन् । सडक निर्माणमा न्यूनतम मापदण्ड पालना गर्नुपर्नेमा जोड दिने उनी थप्छन्, 'सडक प्रयोगकर्तालाई हुने सास्तीसँगै धनजनको क्षति पनि सोचेभन्दा बढी हुन्छ । सडक जे-जति बनाउने हो, त्यो गुणस्तरीय हुनुपर्छ । त्यो सडकले समग्र आर्थिक र सामाजिक अवस्था वृद्धि गर्नुपर्छ ।'

नेपालमा बजेट र खर्चको अवस्था नियाल्ने हो भने विकास बजेट पूर्ण रूपमा खर्च भएको पाइँदैन । 'जे-जति खर्च गरिन्छ, त्यसको सरदर ४० प्रतिशतभन्दा बढी बजेट जेठ-असारमा मात्रै भएको देखिन्छ । यसले गर्दा गुणस्तरीय सडक र पुल निर्माण हुनै सक्दैन,' एक सरकारी इन्जिनियरले भने । सरकारी अनुगमन तथा नियमन संयन्त्रहरू कमजोर हुनुको असर सडकको निर्माण र गुणस्तरमा देखिएको छ । 'यही कारणले गर्दा विकासको मेरूदण्ड मानिएका सडक निर्माण असारे विकासको चपेटामा छन्,' उनी भन्छन्, 'कामको गति यस्तै रहिरहने हो भने नीतिनियम बनाएर मात्र गुणात्मक परिणाम सम्भव छैन ।'

सरकारले भौतिक पूर्वाधारका क्षेत्रमा वर्षेनि बजेट बढाएको देखिन्छ तर त्यसको प्रभावकारी कार्यान्वयन देखिँदैन । राजधानी काठमाडौं होस् वा अन्य गाउँशहर, झमझम पानी परिरहेको दिनमा पनि सडक कालोपत्रे गरिरहेको पाइनुले सरकार स्वयं गुणस्तरमा सम्झौता गर्छ भन्ने पुष्टि हुन्छ । सरकारले आव २०७५/७६ मा भौतिक पूर्वाधारको निर्माणमा १ खर्ब १० अर्ब ३३ करोड

९८ लाख बजेट विनियोजन गरेको देखिन्छ । यसैगरी २०७६/७७ का लागि १ खर्ब ७१ अर्ब ८५ करोड ८५ लाख विनियोजन गरेको तथ्यांक छ । यस तथ्यांकलाई आधार मान्ने हो भने पनि यस क्षेत्रमा मात्र वर्षेनी ६० अर्बभन्दा बढी बजेट थपिने गरेको छ ।

सडक इन्जिनियर आशिष गजुरेल नेपाल सडकका सन्दर्भमा नीति, योजना र कार्यान्वयन सबैमा कमजोर रहेको टिप्पणी गर्छन् । हाल प्रयोगमा रहेको सार्वजनिक खरिद ऐनलगायत सम्बद्ध ऐनकानूनलाई समयसापेक्ष संशोधन गर्नुपर्ने उनको राय छ । 'नेपालमा सडक निर्माण वा मर्मत सम्भारमा जति खर्च लाग्नुपर्ने हो, त्योभन्दा ३०/४० प्रतिशत कममा काम भइरहेको छ । टेन्डर जसले कम लागतमा हाल्छ, उसलाई छनोट गरिन्छ । कममा ठेक्का लिएपछि गुणस्तरीय काम नहुने त पक्का नै भयो,' उनी भन्छन् ।

गजुरेल थप्छन्, 'विदेशमा पनि लो बिडमै काम गराउने हो तर नेपालमा ठेकेदारबीच अस्वस्थ्य प्रतिस्पर्धा र लडाईले समस्या बढाएको हो । ठेकेदार भन्दैमा सबै ठाउँमा फिट हुन्न भनेर बुझ्नुपर्छ र प्राथमिकताका आधारमा काम वर्गीकरण गरेर समयमै सम्पन्न हुने गरी योजनामा हात हाल्नुपर्छ ।' ठेकेदारले कमसल सामग्री प्रयोग गर्छ तर कामको अनुगमन हुँदैन । ठेक्का दिने, निरीक्षण गर्ने र यसको प्रमाणीकरण गर्ने सबै काम एउटै निकायले गरेका कारण सडकमा गुणस्तरीयता नआएको गजुरेको दाबी छ । उनी भन्छन्, 'सम्झौता गर्दा हरहिसाबले पूर्ण र परिपक्व हुनुपर्छ । ठेकेदारले पनि पार्टनरका रूपमा काम गर्नुपर्छ । सरकारले पनि अनुगमन, मूल्यांकन गर्दै काममा सहज हुने वातावरण निर्माण गर्नुपर्छ ।' ढिलासुस्ती हुने अवस्थालाई सरकार ले बेलैमा हस्तक्षेप गर्नुपर्ने उनको बुझाइ छ ।

## गौरवका सडक आयोजना

नेपाल अति कम विकसित मुलुकबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्यका साथ अघि बढेको छ । २०७९ सालदेखि नेपाली विकासशील राष्ट्रमा प्रवेश गर्दैछन् । यसको एउटा र मूल सूचकका रूपमा सडक सञ्जाललाई लिन सकिन्छ किनकि सडक विकासको मूलाधार हो । सडकले विकास ल्याउँछ किनभने सडक बनेसँगै सबै पूर्वाधार बन्न थाल्छन् । नेपाल

२०८७ सालसम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तरको हुने पहल र प्रयासमा रहेको राष्ट्रिय योजना आयोगको १५औं योजनामा उल्लेख छ । त्यसअनुसार वि.सं. २१०० सालसम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने दीर्घकालीन सोच राखी सोही मार्गचित्रका आधारमा नेपालको विकास हुँदै छ । यसका लागि सडक सञ्जालको भूमिका अहं देखिन्छ ।

कोरोना संक्रमणअघि अर्थात् २०७६/७७ सालसम्ममा पुष्पलाल (मध्यपहाडी) लोकमार्गको काम आधा सकिएको छ । एक खर्ब एक अर्ब ५० करोड रूपैयाँ लगानीमा बनिरहेको १८७९ किलोमिटर सडक २०७९/८० सम्ममा सम्पन्न हुनेछ । सोही आर्थिक वर्षमा समाप्त हुने गरी बनिरहेको ५५ प्रतिशत काम सम्पन्न १७९२ किलोमिटर लम्बाइको हुलाकी राजमार्ग ६५ अर्ब २० करोडमा निर्माण सम्पन्न हुनेछ । नेपाली सेनाले निर्माण गरिरहेको ७६ किलोमिटर लामो चार लेनको काठमाडौं-तराई द्रुत मार्ग (फास्ट ट्र्याक) पनि सोही वर्ष सक्ने लक्ष्यका साथ काम भइरहेको छ । १ खर्ब ७५ अर्ब रूपैयाँ खर्च हुने उक्त सडक ललितपुरको खोकनाबाट शुरू भई मकवानपुर हुँदै बाराको निजगढ पुग्छ ।

उत्तर-दक्षिण लोकमार्ग (करिडोर)हरू पनि तीव्र गतिमा निर्माण भइरहेका छन् । कर्णाली कोरिडोर हिल्सा-सिमिकोट-सलिसल्ला १४५ किलोमिटर सडक ४१० करोड रूपैयाँमा बन्दै छ जुन आर्थिक वर्ष २०७९/८० मा सम्पन्न हुँदै छ । म्याग्दीको बेनीबाट सुरू भई जोमसोम हुँदै कोरोला पुग्ने कालीगण्डकी कोरिडोर पनि सोही वर्ष सकिने भएको छ, ६ अर्ब ७८ करोड लागतको उक्त सडक १८६ किलोमिटर लामो हुनेछ । संखुवासभाको खाँदबारीदेखि किमाथाङ् का पुग्ने कोशी कोरिडोर १६२ किलोमिटरको छ । २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य लिइएको उक्त कोरिडोर सम्पन्न गर्न १६ अर्ब २० करोड रूपैयाँ लाग्ने सरकारको आँकलन छ ।

जेजति खर्च गरे पनि नेपालका सडक विश्वस्तरमा पुग्न सक्ने अवस्था देखिँदैन । फास्ट ट्र्याक एशियाली मापदण्डमा पुग्ने दाबी गर्ने प्रधानमन्त्रीका विकास सल्लाहकार इन्जिनियर गजेन्द्र थपलिया भन्छन्, 'दिगो विकासका लागि सबैभन्दा प्रभावकारी जग भनेकै सडक हो । कुल गार्हस्थ्य उत्पादनदेखि कृषि उपजको बजारीकरणसम्म सडक जोडिन्छ ।' शिक्षा, स्वास्थ्य हुँदै समग्र

जीवनशैलीमा सडकको प्रभाव रहने भएकाले ६ वा ९ महिना चल्ने सडकले कुनै पनि क्षेत्रको गुणस्तर उकास्न नसक्ने उनको भनाइ छ ।

झन्डै एक लाख किलोमिटर सडक सञ्जाल बनिसक्दा पनि नेपालमा अझै हुम्लालाई सडकले छोएको छैन । सडक विभागका प्रवक्ता शिवप्रसाद नेपालका अनुसार २०७६ असारमा सडक सञ्जालमा डोल्पा जोडिए पनि नेपाली सेनाले भने मंसिरमा विभागलाई हस्तान्तरण गरेको हो । अब क्षेत्रफलका हिसाबले नेपालको सबैभन्दा ठूलो जिल्ला डोल्पामा सडक सञ्जाल जोडिएको छ । 'हामीले अझैसम्म ७७ जिल्लामा सडक सञ्जाल बनाउन सकेका छैनौं, छिमेकी देश चीन र भारतसँग जोड्ने रणनीतिक सडक वीरगञ्ज-रसुवागढी, तातोपानी, ओलङ्चुङगोला र दार्चुला-टिंकरले मात्र पुग्दैन,' थपलियाले भने । उनका अनुसार राष्ट्रिय रणनीतिक सडकको संख्या ८० पुगेको छ । व्यापक विकासको पहिलो शर्त पूर्वाधार र त्यसको पनि पूर्वाधार सडकलाई मानिन्छ । विकास मानवीय चाहना र आवश्यकताको दिगो पूर्ति हो । पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन २०६३ मा पनि पूर्वाधारमा पहिलो नम्बरमै सडक राखिएको छ । आर्थिक विकासका लागि अमेरिकी अर्थशास्त्री प्राध्यापक वाल्ट ह्विटम्यान रोस्टोको 'रोस्टोज स्टेजेज अफ इकोनोमिक ग्रोथ' (सन् १९६०) अनुसार आर्थिक विकासको सैद्धान्तिक मोडलअनुसार पनि विकासका लागि पूर्वाधारको विस्तार पहिलो शर्त हो ।

## रूपान्तरणकारी योजना र केन्द्र जोड्ने सञ्जाल

मुलुकभरका सबै स्थानीय तहको केन्द्रदेखि सम्बद्ध प्रदेश सरकारको राजधानीसम्म पक्की सडक सञ्जालमा जोडिने भएका छन् । पाँच वर्षभित्रै सक्ने योजनाका साथ चालू आर्थिक वर्षदेखि सुरू गर्ने गरी कामको थालनी भएको हो । चालु आवमा दुई अर्ब रूपैयाँ खर्च गर्ने गरी थालनी भएको महत्त्वाकांक्षी यो काममा संघीय, प्रदेश र स्थानीय तीनवटै सरकार लागत साझेदारी गर्नेछन् ।

प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमका लागि प्रधानमन्त्री केपी ओलीले दुई सय १० स्थानीय सरकारसँग सातवटै प्रदेश सरकारका तर्फबाट सम्झौता पत्रमा हस्ताक्षर गरे । विभागले उक्त सडक

निर्माण कार्यलाई तीव्रता दिन सातवटै प्रदेशमा स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय स्थापना गरिसकेको छ । पहिलो वर्ष तीन सय ९२ स्थानीय सरकारले सम्बद्ध प्रदेश सरकारको राजधानीसँग सञ्जाल जोड्न आग्रह गरेका थिए ।

प्रधानमन्त्री केपी शर्मा ओलीले १५औं योजना (२०७६/७७-२०८०/८१) ले राखेको प्राथमिकता अनुसार 'रूपान्तरणकारी योजना' भएकाले यसले जनताको परिवर्तनको अपेक्षालाई परिपूर्ति गर्ने गरी काम अघि बढाएका छन् । ओलीले भनेका थिए, 'यो पक्की सडक सञ्जालले सबै स्थानीय तहका केन्द्रलाई प्रदेश राजधानीसम्म जोड्ने भएकाले यसले विकासमा आमूल परिवर्तन ल्याउने छ । विकासका लागि सडक मूलाधार भएकाले उच्च प्राथमिकता दिएका हौं ।' उनका अनुसार राम्रा, फराकिला र सुरक्षित सडक बन्नेछन् । 'सडक सञ्जालमा परेका र नपरेका सबै सडक अबदेखि किनारामा पनि पहिरोबाट सुरक्षित हुने र किनाराबाट पनि गाडी नखसोस् भनेर डिफेन्स वाल र पिलरसहितका सडक हुनुपर्छ,' ओलीले सबै तह र सरोकारवाला निकायलाई निर्देशन दिएका थिए ।

पालिकाको केन्द्रसँग कच्ची सडकसमेत नपुगेका स्थानीय तहको संख्या ३१ रहेको छ । स्थानीय पूर्वाधार विभागका प्रोजेक्ट समन्वय एकाइका सिनियर डिभिजन इन्जिनियर महेश्वर घिमिरे भन्छन्, 'सातै प्रदेशका राजधानीसम्म प्रदेशभरका सबै स्थानीय तहका केन्द्र पक्की सडक सञ्जालले जोडिएपछि सवारीसाधनको आवतजावत सहज हुनेछ । यसले दीगो विकास गर्दै जीवनशैली गुणस्तरीय हुने अपेक्षा गरेका छौं ।'

'रूपान्तरणकारी योजना' अन्तर्गत प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधिमा १० किलोमिटरसम्मको सडकका लागि संघीय सरकारले ६५ प्रतिशत, प्रदेशले १० र स्थानीय तहले २५ प्रतिशत लागत साझेदारी बेहोर्नुपर्नेछ । त्यस्तै १० किलोमिटरभन्दा बढी २० किलोमिटरसम्म संघले ७०, प्रदेशले १० र स्थानीय तहले २० प्रतिशत र २० किलोमिटरभन्दा बढी लम्बाइ भएको सडकका लागि संघीय सरकारबाट ७५, प्रदेशबाट १० र सम्बद्ध स्थानीय तहबाट १५ प्रतिशत लागत साझेदारीमा सडक निर्माण हुने उल्लेख गरिएको छ ।

स्थानीय पूर्वाधार विभागका महानिर्देशक ईश्वरचन्द्र मरहट्टा प्रदेश-केन्द्र

जोड्ने सडकले भौतिक र आर्थिक विकासका आधार तयार हुने, एक स्थानमा उत्पादन भएका वस्तु र सामान अर्को स्थानमा पुऱ्याउन सहज हुने बताउँछन् । उनी भन्छन्, 'सडक सञ्जालले शिक्षा, स्वास्थ्य, विज्ञान र प्रविधिका क्षेत्रमा भएका ज्ञान, सीप आदानप्रदान भई अन्तर स्थानीय तहबीच आबद्धता बढ्ने छ ।' सबै प्रदेशमा गरी ३९९ किलोमिटर पक्की सडक सञ्जाल निर्माण हुनेछ । सरकारले पक्की सडक निर्माण गर्दा कच्ची ट्र्याकसमेत नखुलेका स्थानीय तहलाई उच्च प्राथमिकता दिनुले ग्रामीण जनजीवनमा जीवनजलको काम गरेको छ । सरकारले जे–जति योजना बनाए पनि सडक निर्माण र मर्मतका लागि बजेटको सुनिश्चितताका कारण समयमै सम्पन्न नहुनु ठूलो रोग बनेको छ ।

## बागमती प्रदेशमा १३३९ किमी सडक

मुलुककै राजधानीसमेत रहेकाले बागमती प्रदेशले समग्र प्रदेशको प्रतिनिधित्व गर्ने अपेक्षा लिइएको छ । २० हजार ३०० सय वर्गकिलोमिटर क्षेत्रफलमा रहेको बागमतीमा ५५ लाख २९ हजार ४५२ जनसंख्या छ । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको यातायात पूर्वाधार निर्देशनालयका निमित्त निर्देशक डा. सहदेवबहादुर भण्डारीका अनुसार, प्रदेशमा २४ वटा राजमार्ग छन् जसको लम्बाई २ हजार ४१३ किलोमिटर छ भने २ सय २ प्रदेश मार्ग छन् जसको लम्बाई ४ हजार ६९६ किलोमिटर छ । यसैगरी, २० हजार किलोमिटर स्थानीय सडक छ भने प्रदेश सरकारले ७३ करोड ६७ लाख ४३ हजार रूपैयाँमा ३१ वटा पुल निर्माण गरिसकेको छ । २०७७/७८ मा मात्र बागमतीले एक अर्ब रूपैयाँ पुललाई छुट्ट्याएको थियो जसमा १२० पुल र १३ झोलुंगे पुल बन्दै छन् ।

बागमती प्रदेश सरकारले पछिल्लो दुई वर्षमा एक हजार तीन सय ३९ किलोमिटर सडक निर्माण गरेको छ । आठ सय सात किलोमिटर कच्ची सडक र एक सय सय ५५ किलोमिटर कालोपत्रे सडक निर्माण गरेको प्रदेशको भौतिक पूर्वाधार तथा विकास मन्त्रालयले जनाएको छ । मन्त्रालय मातहतका विभिन्न कार्यालयले तीन सय २० किलोमिटर ग्राभेल सडक र २४ किलोमिटर ढलानसडक निर्माण गरेको मन्त्रालयको तथ्यांकमा छ । 'हामीले

सडक निर्माणलाई प्राथमिकता दिएर काम गरिरहेका छौं, प्रदेशको गौरवको सडकसँगै स्थानीय तहको मागका आधारमा नयाँ सडकको ट्र्याक खोल्ने र पीच गर्ने काम भइरहेको छ,' भौतिक पूर्वाधार तथा विकासमन्त्री रामेश्वर फुँयाल भन्छन् ।

सडकसँगै पछिल्लो दुई वर्षको अवधिमा मन्त्रालयले ३३ वटा पुल निर्माण सम्पन्न गरेको छ । ५५ वटा पुल सम्पन्न गर्ने लक्ष्य सुनाउँदै मन्त्री फुँयालले भने– त्यस बाहेक अन्य ४५ वटा पुल निर्माणको काम समेत अन्तिम चरणमा पुगेका छन् । प्रदेश राजधानी हेटौंडा र संघीय राजधानी काठमाडौं जोड्ने सुरूङमार्ग निर्माणका लागि परामर्शदाता छनौट र शुरूङ निर्माणको बोलपत्र आह्वान गर्ने तयारी भइरहेको फुँयालको भनाइ छ ।

## विकासको इन्जिन सडक

यातायात विश्वव्यापी आवश्यकता हो । 'सडकको पहुँच भयो भने शिक्षा र स्वास्थ्यमा पहुँच पुग्छ,' विभागका पूर्वमहानिर्देशक केशव शर्मा भन्छन्, 'सडकले बजार बढाउँछ अनि उत्पादनका लागि चाहिने सबै सामग्री ल्याउन सहज हुन्छ साथै उत्पादित वस्तु बजार पुग्छन् । उत्पादन बढ्छ र समान सस्तो हुन्छ । सडकका बहुआयामिक फाइदा हुन्छन् ।' सडकले ढुवानी सहज हुन्छ । सडक भए मात्र राज्यको उपस्थिति हुन्छ । विकासको इन्जिन भनेकै सडक हो जसले अरू डिब्बाहरू तान्ने उनको बुझाइ छ । सडकले जनजीवन सहज मात्र बनाउँदैन, समग्र जीवनशैलीमा नै परिवर्तन ल्याउँछ । खास स्थानीय सरकार बनेपछि सबै जनप्रतिनिधिबीच सडक खन्ने होड नै चलेको छ । यसले जथाभावी सडक खन्ने र बिना योजना खर्च गर्ने काम भएको छ ।

'जताततै सडक खोल्दा कुनै जिल्लामा जताततै सडकै सडक छन् भने कतै सदरमुकामसमेत जोडिएका छैनन्,' भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको वैदेशिक महाशाखाका प्रमुख शर्मा भन्छन्, 'चाहिने मात्र नभएर नचाहिने सडक पनि बनेका छन् । थुप्रै यस्ता सडकमा त मर्मत खर्च दोब्बर र तेब्बर गर्नुपर्ने अवस्था निम्तिएको छ ।' गमगढीसम्मको ९२ किलोमिटर सडक कालोपत्र बन्न नपाउँदा राराजस्तो विशेष पर्यटकीय स्थल पुग्न

दसकौंदेखि सकस परिरहेको छ ।

तराईमा त अधिकांश जिल्लामा सडक सञ्जाल लगभग पर्याप्त छ । पछिल्लो समय गुल्मी, दाङ, डँडेल्धुराजस्ता पश्चिम क्षेत्रका जिल्ला पनि सडकमय हुन थालेका छन् । सडक निर्माण गर्दा राष्ट्रिय सडक गुरूयोजना बनाएर काम गर्नुपर्ने विज्ञको सुझाव छ । 'प्रतिफल नदिने सडक बने भने सरकार र नागरिक दुवैलाई घाँडो हुन्छ, त्यस्ता थुप्रै सडक पनि छन्', शर्मा थप्छन्, 'सडक निर्माणका नाममा जथाभावी डोजर चलाउने लहर विकासको अवरोधक पनि छ भन्ने सरोकारवाला सबैले बुझ्नुपर्छ ।' गुणस्तरीय सडक भने विकासको वाहक भएको उनको भनाइ छ ।

सडकसँग सम्बद्ध सरोकारवाला निकायबीच कामका लागि समन्वय र सहकार्यमा स्पष्टता नहुँदा सडक निर्माणमा ठूलो समस्या छ । भूगोलका कारण नेपालमा सडक निर्माण खर्चिलो भएको इन्जिनियरहरूको भनाइ छ । मध्यपहाडी राजमार्ग, बीपी राजमार्ग, मदन भण्डारी राजमार्ग, फास्ट ट्र्याक, कोशी, गण्डकी र कर्णाली कोरिडोरको खर्च हेरे काफी हुन्छ ।

यस्तै सडक निर्माणका अन्य थुप्रै चुनौती छन् । 'दक्ष प्राविधिक जनशक्ति कम छन् भने सडकका लागि चाहिने कच्चा पदार्थ र श्रमिकको अभाव छ,' विभागका पूर्वमहानिर्देशक शर्मा भन्छन्, 'सरकारी निकायबीच समन्वय नहुनु ठूलो चुनौती हो । एउटा ठेकेदारले जति योजना लिए पनि हुन्छ, जहिले सके पनि हुन्छ, उसको क्षमता र दक्षतामा मापदण्ड छैन ।' उनका अनुसार, व्यक्तिगत फाइदाका लागि सडक बन्नेदेखि ईआईए र आईईई नगरी अझ योजनै नबनाई राजनीतिक दबाबका भरमा ठेक्का लागिसक्नु मुलुककै लागि दुर्भाग्य हो ।

नेपाल सरकारले आगामी आर्थिक वर्ष २०७८-७९ को बजेटमा राष्ट्रिय राजमार्ग प्राधिकरण बनाएर अघि बढ्ने संकेत गरेको छ । यसो हुँदा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणजस्तै छिटो र अधिकारसम्पन्न भएर सडक र पुलका काम अघि बढाउन सकिन्छ । 'प्राधिकरण बनाएर जान सके छुट्टै ऐनमार्फत सडकसम्बन्धी राष्ट्रिय गौरवका आयोजनालाई पृथक ढंगले सञ्चालन गर्न सकिन्छ,' मन्त्रालयको महाशाखाका प्रमुख शर्मा भन्छन् ।

हालसम्म एक किलोमिटर सडक बनाउनदेखि र राष्ट्रिय गौरवका राजमार्ग बनाउनसम्म सबैलाई उहीसार्वजनिक खरिद ऐन र नियमावलीमा

रहेर काम गर्नुपर्छ । सडकको ठेक्का दिँदा डिजाइन इस्टिमेट गरेपछि मापदण्ड पूरा गर्ने ठेकेदार छनोट गर्ने चलन रहेको उनको भनाइ छ । उनी भन्छन्, 'अहिले डिजाइन एन्ड बिल्टको मोडालिटी अपनाएर सडक र पुल निर्माण भइरहेकाले सडक विभाग सफल भइरहेको छ । यसलाई पनि संशोधन गरेर जान सके गुणस्तरमा सम्झौता गर्नुपर्दैन ।'

## समग्रमा दिगो विकास

संयुक्त राष्ट्र संघ चार्टरका अनुसार, 'विकासले सामाजिक अवस्था पनि सुधार गर्छ । विकासमा सामाजिक विकास मात्र पर्दैन, सँगसँगै सामाजिक, सांस्कृतिक र संस्थागत विकास पनि गर्छ ।' सडक सञ्जाल निर्माण हुनु भनेको यी सबै विकासको आधार खडा हुनु हो । जनताको जीवनशैलीमा परिवर्तन देखिए मात्र देशको विकास भएको देखिन्छ भन्ने विकासविद्हरूको भनाइ छ । यस आधारमा हेर्दा सडक निर्माणमा अनेक समस्या देखिए पनि बनेका सडक सञ्जालले अन्ततः विकास नै हुने हो । दिगो विकासका लागि सडक र पुल बन्ने हो भने नागरिकको जीवनशैली उच्च हुनेमा दुई मत छैन ।

मुलुकभर भौगोलिक र आर्थिक क्षेत्रहरूलाई जनजीवनसँग जोड्दै राष्ट्रिय यातायात प्रणालीको गुणस्तरीय विकास गर्नु आजको आवश्यकता हो । यसका लागि मुख्य आधार सडक भए पनि रेलमार्ग, हवाईमार्ग, जलमार्ग, सुरूङमार्ग, फ्लाईओभर, केबुलकार आदि अनेक विकल्प पनि छन् । तर झन्डै ९० प्रतिशतले उपभोग गर्ने सडक सञ्जाललाई एक्स्काभेटर अपरेटरको भरमा नछोडी गुणस्तरीयता र व्यापकता दिने हो भने गरिबी निवारणदेखि पर्यटन प्रवर्द्धन हुँदै समग्र दिगो विकास हुने देखिन्छ, जसले अन्ततः नागरिकको जीवनशैलीमै आमूल परिवर्तन ल्याउने छ ।

*(विकास पत्रकार मञ्चका अध्यक्ष गोपीकृष्ण ढुंगाना 'अन्नपूर्ण पोष्ट' दैनिकमा कार्यरत छन्)*

# लक्षितवर्गमा लक्ष्यहीन स्थानीय तह

सुरजकुमार भुजेल

कुनै बेला महिला र जनजाति अधिकारको वकालत गर्ने मकवानपुर भीमफेदीकी पार्वती राना अहिले गाउँपालिका उपाध्यक्ष छिन् । कानूनतः पालिकाभरिको योजना तर्जुमा उनको जिम्मेवारी हो । अर्थात्, उनी पालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिकी संयोजक हुन् । तर, निर्वाचित भएको चार वर्ष हुँदा पनि उपाध्यक्ष रानाले लक्षित वर्ग, बजेट र कार्यक्रमको भेउ नै पाउन सकेकी छैनन् ।

पालिका क्षेत्रमा पछाडि पारिएका वर्गको सशक्तीकरणका लागि लक्षित बजेट विनियोजनमा निकै संघर्ष गर्नुपर्ने उनको अनुभव छ । 'गाउँ जाँदा थुप्रै माग आउँछ, मागलाई योजना किताबसम्म पुऱ्याउन सक्दै सकिँदैन', रानाले भनिन्,'मुस्किलले धेरथोर बजेट विनियोजन गरे पनि बजेट कार्यान्वयनको अख्तियार प्राप्त प्रमुख प्रशासकीय अधिकृतले प्राथमिकतामा नराख्दा समस्या हुने गरेको छ ।' तर, प्रमुख प्रशासकीय अधिकृत जीवन कुँवर भने सबै कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गर्ने गरेको दाबी गर्छन् ।

राज्य पुनःसंरचनासँगै क्रियाशील तीन तहका सरकारका विभिन्न निकायहरूबाट विकास तथा सशक्तीकरणका कार्यक्रम सञ्चालन हुनुपर्ने कानूनी व्यवस्था छ । नागरिकहरूको प्रत्यक्ष पहुँचमा हुने स्थानीय तह सञ्चालनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा रहेको छ । यहि ऐनको व्यवस्थाअनुसार स्थानीय तहहरूले आफ्नो क्षेत्रको विकास तथा सशक्तीकरणका कार्यहरू गर्ने गर्दछन् ।

स्थानीय तहहरूले पछाडि परेका, महिला, दलित, जनजाति तथा लोपोन्मुखलगायतलाई लक्षित गरी उनीहरूको सशक्तीकरण तथा मूल प्रवाहीकरणका लागि योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ । संविधानले सहभागितामूलक स्थानीय सरकारको कल्पना पनि गरेको छ तर व्यवहारमा त्यो प्रतिबिम्बित नभएको पाइएको छ ।

पालिकाको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले दिएको बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने जिम्मा पालिका उपाध्यक्ष/उपप्रमुखको हो । कानूनमा रहेको उपाध्यक्षको भूमिका कागजमा मात्रै सीमित रहेको मकवानपुरका पालिका उपाध्यक्षहरूको अनुभव छ ।

बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषय क्षेत्रगत रूपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने र बजेट तथा कार्यक्रमसम्बन्धी स्थानीय तहको आवश्यकता बमोजिम अन्य कार्यहरू पालिका उपप्रमुख तथा उपाध्यक्षहरूले गर्नुपर्ने कानूनी व्यवस्था छ । तर, मकवानपुर मनहरी गाउँपालिकाका अध्यक्ष एकराज उप्रेती भने लक्षित वर्गलाई समेटर योजना बनाउने गरेको बताउँछन् । पालिकाका लक्षित वर्गलाई आयआर्जनका क्रियाकलापमा केन्द्रित गरेर बजेट विनियोजन गरेको उनको भनाइ छ । उनीहरूलाई समेट्न पालिकास्तरमा महिला, दलित, जनजाति र अपांग समिति रहेको उनले बताए । 'कुल बजेटमा प्रतिशत तोकिएको छैन तर लक्षितवर्गलाई ५० लाखभन्दा बढि बजेट छ,' उप्रेतीले थपे, 'त्यसमा पनि बालमैत्री पालिका भएकोले बालबालिकाको क्षेत्रमा अरूको तुलनामा बजेट बढी छ ।'

दुर्गम कैलाश गाउँपालिकामा पनि अरू पालिकामा जस्तै लक्षितवर्ग बजेट विनियोजनको प्रतिशत तोकिएको छैन । उति बेलाको स्थानीय निकाय

सम्झँदै उपाध्यक्ष सुकुमाया थिङ भन्छिन्, 'पहिले जस्तो लक्षितवर्ग बजेटको व्यवस्था छैन, जनप्रतिनिधि नै दलित, महिला, जनजाति हुने भएपछि हामी आफैले समग्र पालिकाको योजना निर्माण गर्छौं, त्यही हो पालिकाको लक्षित योजना ।' पालिकाले विनियोजन गर्ने वित्तीय समानीकरण स्रोतको बजेटबाट अधिकांश पूर्वाधार विकासमा खर्चिएको उनले जानकारी दिइन् । कैलाशले केही मात्रामा लक्षितवर्गका लागि पालिकास्तरमा बजेट व्यवस्था गर्ने र पछि योजना आह्वान गरेर खर्च गर्ने गरेको उनको भनाइ छ ।

जिल्लाको पूर्वी बागमती गाउँपालिकामा त झन महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्न कर्मचारी नै छैनन् । पालिकाको स्वीकृत दरबन्दीमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा कर्मचारी पठाइदिन आग्रह गरिए पनि पदपूर्ति हुन नसकेको प्रमुख प्रशासकीय अधिकृत शुक्रमान राईले बताए । बागमतीमा पालिका घोषणा भएदेखि नै सहायक महिला विकास निरीक्षक पद रिक्त छ । पालिकाकी उपाध्यक्ष धनमाया स्याङ्तान भन्छिन्, 'कर्मचारी नै नभएपछि किन कार्यक्रम चाहियो, कसरी कार्यान्वयन गर्ने भन्छन् र पालिकामा योजनाको कुरै पर्न दिँदैनन् ।' योजना तर्जुमा गर्ने कानूनअनुसारको समितिमा आफू भए पनि आफ्नो प्रस्तावको कुनै सुनुवाइ नै नहुने उपाध्यक्ष स्याङ्तानले दुखेसो पोखिन् । उनले भनिन्, 'नागरिकको आवश्यकतामा आधारित प्रस्ताव राख्दा अल्पमतमा पर्छु, बहुमतले निर्णय गर्छन्, लक्षित वर्ग जहिल्यै छायामा पर्छन् ।'

गाउँसभाबाट निर्णय भएका बजेट र कार्यक्रम समेत कार्यपालिकामा बहुमत पुऱ्याएर परिवर्तन गर्ने गरेको पनि पाइएको छ । 'छुट्ट्याएको बजेटले पनि कसैले केही कामै गरेनन् भन्दै कार्यपालिकाबाटै रकमान्तर हुन्छ, यो पनि नियम हो ?' स्याङ्तान प्रश्न गर्छिन् । बागमतीको बजेट सडक खन्न र हेभी इक्विप्मेन्ट खरिदमै केन्द्रित रहेको बताउँदै उनी आक्रोशित पनि हुन्छिन्, 'पालिकाको सडकभन्दा बढी लोडर, डोजर र टिपर भइसके, केको लक्षितवर्गका लागि कार्यक्रम सञ्चालन गर्नू ?' बागमती गाउँपालिकामा ५ करोड २२ लाख ८४ हजार बराबरको हेभी इक्विप्मेन्टका खरिद भइसकेको लेखा अधिकृत झम्कनारायण घलानले जानकारी दिए । ६० प्रतिशत जनजाति भएको पालिकामा भाषा संस्कृति संरक्षणमा बजेट नै विनियोजन नहुने उपाध्यक्ष स्याङ्तानको आरोप छ । निर्वाचित भएपछि ३ वटा त हिउँदे

अधिवेशन (गाउँसभा) नै नभएको पनि उनले जानकारी दिइन् ।

जिल्लाभरका पालिकाका उपप्रमुख/उपाध्यक्षमध्ये थाहा नगरपालिकाका नगर उपप्रमुख खड्ग गोपाली जिल्लामै एक मात्र पुरूष हुन् । पालिकाले लक्षितवर्गलाई विशेष प्राथमिकता दिएको बताउँदै पालिकामा बजेट तथा कार्यान्वयनका लागि सामाजिक विकास समिति नै गठन गरिएको उनले जानकारी दिए । उपप्रमुख गोपालीले भने, 'सामाजिक विकास समितिबाट आउने योजनाहरूलाई वार्षिक योजनामा समावेश गरी कार्यान्वयन गर्ने गरिएको छ, सामाजिक विकास समितिले पनि महिला, बालबालिका दलित तथा जनजाति र अपांगहरूको लक्षित समूहबाट माग भई आउने योजनाहरूलाई समावेश गर्ने गरको छ ।' कतिपय वडा पालिकाबाट निर्णय भई आउने योजनाहरूलाई नगर योजना तर्जुमा समितिमा छलफल गरी आवश्यकता पहिचान गर्नका लागि सामाजिक विकास समितिमा पठाउने गरिएको गोपालीले जानकारी दिए । लक्षितवर्ग बजेटमा खास गरेर आयआर्जन, संस्कृति र परम्परा संरक्षण हुने खालका योजनाहरूलाई समावेश गर्ने गरिएको उनले बताए । सरकारको नीतिमै प्रतिशत तोकेर बजेट विनियोजन गर्ने बाध्यकारी व्यवस्था नभएकोले आवश्यकता र मागका आधारमा मात्र कार्यक्रम सञ्चालन गर्ने गरिएको छ । उनी भन्छन्, 'सीमित स्रोतले लक्षित वर्गको सबै माग कहाँ पूरा गर्न सकिन्छ र ?'

जनजाति समुदायको बसोबास ५० प्रतिशतभन्दा बढी रहेको र कुल जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाको सशक्तीकरणका लागि पालिकाले मसिनो ढंगले बजेट विनियोजनमा ध्यान दिने गरेको थाहाका नगर प्रमुख लवशेर विष्टले दाबी गरे । लक्षितवर्ग विनियोजन र कार्यान्वयनका लागि विषयगत समितिहरू गठन भई कार्यान्वयनमा रहेको उनले जानकारी दिए । यसका लागि शाखा तथा फोकल पर्सनसहितको प्रशासनिक एकाइ रहेको विष्टको भनाइ छ ।

बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेल आफू स्थानीय निकायमा हुँदादेखि नै सीमान्तकृत, पछाडि परेका तथा महिला बालबालिकाको क्षेत्रमा सधैं वकालत गर्ने गरेको दाबी गर्छन् । पौडेलले लक्षितसमूहको सशक्तीकरण तथा विकासका लागि आफू सधैं संवेदनशील रहने समेत बताउँछन् । उनी भन्छन्, 'अधिकार सम्पन्न स्थानीय सरकार छन्, योजना निर्माण गरेर लक्षित समुदायको विकासका लागि काम गर्नुपर्छ ।'

बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ बाट दिगो विकासका लक्ष्यलाई आन्तरिकीकरण गरी कार्यान्वयनमा ल्याउन 'वार्षिक योजना छनोट कार्यविधि, २०७८' कार्यान्वयनमा ल्याउने नीति तथा कार्यक्रममा उल्लेख गरेको छ । प्रदेशले बालबालिका लक्षित कार्यक्रम अन्तर्गत स्थानीय तहसँग सहकार्य गरेर 'बालविवाह मुक्त प्रदेश घोषणा' गर्ने समेत नीति लिएको छ ।

जिल्लाको मकवानपुरगढी गाउँपालिकाले पालिकास्तरीय विषयगत समन्वय समिति गठन गरेको छ । अपाङ्ग, महिला, बालबालिका, ज्येष्ठ नागरिकलगायत लक्षितसमूहको पालिकास्तरमा समन्वय समिति गठन गरिएको अध्यक्ष विदुर हुमागाईंले जानकारी दिए । समन्वय समितिबाट योजनाको भएका आधारमा बजेट विनियोजन गर्ने गरेको अध्यक्ष हुमागाईंले बताए । मकवानपुरगढी लक्षितवर्गका कार्यक्रम नागरिक तहसम्म पुऱ्याउनका लागि टोल विकास संस्था गठन गरिएको छ । त्यहाँ त्यस्ता संस्था ७६ वटा छन् । ती संस्थाहरूबाट नागरिकको विकास योजना संकलन गरी प्राथमिकताको आधारमा सम्बोधन गरिने असल अभ्यास रहेको उनले जानकारी दिए । पालिकालाई बालमैत्री बनाउनका लागि बालबालिकाको क्षेत्रमा लगानी योजनासहित काम भइरहेको पनि उनले बताए ।

जिल्लामा सबैभन्दा बढी चोपाङ जातीको बसोवास रहेको राक्सिराङ गाउँपालिकाले पनि लक्षितवर्गको उत्थानमा उल्लेख्य चासो दिएको छैन । योजना बनाइने भए पनि बजेटको अभाव हुने गरेको गाउँपालिका उपाध्यक्ष निर्मला हिमडुङले बताइन् । जनताको माग वडामार्फत धेरै आए पनि सोअनुसार बजेट पुऱ्याउनै सकिँदैन, उनले भनिन् । पालिकाले लक्षितवर्गका लागि एउटै बास्केटमा बजेट राख्ने र मागका आधारमा पालिकाले कार्यक्रम सञ्चालन गर्ने गरेको उनको भनाइ छ । 'म आफै महिला भएको कारण पनि बालबालिका र महिलाको सवालमा बजेट विनियोजन गर्न पहल गर्छु,' उपाध्यक्ष हिमडुङले भनिन्, 'तर विडम्बना, बजेट पुग्दै पुग्दैन ।' जिल्लाकै दुर्गम पालिका भएकाले पनि पूर्वाधारमै बढी बजेट लगाउनुपर्ने बाध्यता रहेको उनको तर्क छ । त्यहाँ विकासको सुरूवात शस्न्यबाटै गर्नुपर्ने बाध्यता भएको उनले सुनाइन् । पालिकाको सबै वडामा सडक ट्र्याक पुगेकाले आगामी आर्थिक वर्षबाट लक्षित कार्यक्रमलाई प्राथमिकता दिने उनको भनाइ छ । 'बाटो, खानेपानी र विद्युत्मै पैसा सकिन्छ, लक्षितलाई भाग पुग्दै पुग्दैन,'

उनले भनिन् ।

जिल्लाकै ठूलो स्थानीय तह हेटौंडा उपमहानगरपालिकाले पनि लक्षितवर्ग कार्यक्रम सञ्चालनका लागि भिन्दै कानून बनाएको छैन । उनीहरूका लागि सञ्चालन हुने कार्यक्रम वार्षिक नीति तथा कार्यक्रममा आधारित भएर बजेटको व्यवस्था गर्ने गरिएको उपप्रमुख मीनाकुमारी लामाले बताइन् । लक्षितवर्ग बजेटका लागि पहिले-पहिले जिल्ला संजालहरूमार्फत माग आउने र तिनकै आधारमा बजेट तथा कार्यक्रम निर्धारण गर्ने गरिएको भए पनि अहिले नगरस्तरीय सञ्जालहरू निर्माण भएको उपाध्यक्ष लामाले जानकारी दिइन् । महिला र बालबालिकासम्बन्धी कार्यक्रमहरूलाई विशेष प्राथमिकतामा राखी लक्षित कार्यक्रम सञ्चालन भएको र महिला तथा बालबालिका महाशाखा नै स्थापना भएको जानकारी पनि लामाले दिइन् । उनका अनुसार, प्रतिशत नै नतोकिए पनि वार्षिक बजेटको १० देखि १२ प्रतिशतसम्म लक्षित बजेटअन्तर्गत खर्च हुने गरेको छ ।

इन्द्रसरोवर गाउँपालिकाले भने महिलालाई कृषि र अन्य कार्यमा आयआर्जनसँग सम्बद्ध भएर लक्षित बजेट विनियोजन र खर्च गर्ने गरेको छ । उपाध्यक्ष उमाकुमारी लामाका अनुसार पालिकाबाट अन्य लक्षितवर्ग जनजाति, दलित तथा अपाङ्ताको क्षेत्रमा समेत बजेट विनियोजन हुने गरेको छ । उनले भनिन्, 'यकिन प्रतिशत विनियोजन छैन, मागका आधारमा हेरेर बजेट छुट्ट्याउँछौं ।' मकवानपुर जिल्लाका अधिकांश पालिकाहरूले लक्षितवर्ग केन्द्रित एकीकृत कार्यविधि बनाएका छैनन्, बरू अधिकांश पालिकाहरूमा मागअनुसार विनियोजित बजेटबाट योजना आह्वान लक्षित कार्यक्रमहरू सञ्चालन हुने गरेको छ ।

व्यवस्था परिवर्तन भए पनि व्यवहार परिवर्तन नभएकाले लक्षित वर्गको सशक्तीकरणका लागि पालिकाहरूले ध्यान नदिने गरेको अधिकारकर्मी सरू जोशी श्रेष्ठले बताइन् । अर्थविद्हरूले आर्थिक नीति बनाउँदा नै महिला सक्षम भए परिवार, गाउँ हुँदै सिंगो राष्ट्र सक्षम हुन्छ भन्ने रोडम्याप देख्न नसक्नु दुःखद भएको उनको भनाइ छ । उनका अनुसार, सामाजिक संरचनामा पुरूषको जहिल्यै मुख्य र महिलाको सहायक भूमिका रहने अभ्यासले सामाजिक समावेशीकरणका कार्यक्रमहरू तिनै तहको सरकारको प्राथमिकतामा पर्न नसकेका हुन् ।

## योजना तर्जुमा भेला कर्मकाण्डी

मुलुकमा संघीयता कार्यान्वयनयता योजना तर्जुमाको तौरतरिका पनि फेरिएको छ । स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ खारेज भएपछि स्थानीय तहको योजना तर्जुमाको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले 'स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४' जारी गर्‍यो । स्थानीय तहहरूले यसमै आधारित भएर वार्षिक योजना तथा कार्यक्रम छनोट गर्ने गरेका छन् ।

दिग्दर्शनमा बजेट तथा कार्यक्रम तय गर्दा प्राथमिकता निर्धारणका बुँदाहरूलाई प्रस्ट पारिएको छ । यसरी प्राथमिकता निर्धारण गर्दा सबैभन्दा पहिले आर्थिक विकास तथा गरिबी निवारणलाई प्राथमिकता दिनुपर्ने उल्लेख छ । तर, साबिक स्थानीय निकायमा विद्यमान ३५ प्रतिशत लक्षित बजेट सुनिश्चिताको विषय दिग्दर्शनले स्पष्ट व्यवस्था गरेको छैन । यद्यपि प्राथमिकताको आधारमा छैटौं र सातौं बुँदामा महिला, बालबालिका तथा पिछडिएको वर्गलाई लाभ हुने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने कार्यक्रम पनि छनोट गर्नुपर्ने उल्लेख छ । दिग्दर्शनमा वार्षिक विकास बजेट तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषयहरू, वार्षिक योजना तर्जुमाका चरणहरू उल्लेख भए पनि ति चरण प्रक्रियामा मात्र सीमित हुने गरेको स्थानीयहरू बताउँछन् ।

स्थानीय तहहरूले योजना छनोट गर्दा बस्ती तहबाटै महिला, बालबालिका, अल्पसंख्यक, दलित पछाडि पारिएका वर्गहरूको सहभागितामा योजना छनोट गर्नुपर्ने भए पनि त्यो काम कर्मकाण्डी मात्र हुने गरेको गुनासो छ । टोलस्तरमा योजना छनोट गर्दा दिग्दर्शन अनुसार 'वडामा क्रियाशील क्लब, सामुदायिक संस्थाहरूको समेत सहभागिता गराउनुपर्छ ।' तर, त्यस्तो कहिल्यै हुन नसकेको थाहा नगरपालिकामा क्रियाशील निष्पक्ष युवा क्लबका अध्यक्ष निराजन गोपालीले बताए । दिग्दर्शनलाई पूर्णतः कार्यान्वयन मात्र गरे पनि स्थानीय तहमा लक्षितवर्गको बजेट कार्यान्वयनमा केही भरथेग हुन सक्ने गोपालीको सुझाव छ ।

जिल्लाको इन्द्रसरोवर गाउँपालिकामा पनि बस्ती तहको योजना तर्जुमा कागज पुर्‍याउनका लागि मात्र गर्ने गरेको इन्द्रसरोवर युवा क्लबका अध्यक्ष

मणीराज थापाले बताए । 'वडामा गठन भएका टोल विकास संस्थाहरूलाई प्रक्रियामा सहभागी गराइन्छ, सामुदायिक संस्थाहरूलाई त पत्तै हुन्न,' थापाले भने, 'बरू गाविस हुँदा योजना तर्जुमामा सामुदायिक संस्थाहरूको सहभागिता हुन्थ्यो, अहिले त थाहै हुन्न ।'

सहभागितामूलक योजना तर्जुमा नभए पनि केही न केही बजेट लक्षित वर्गलाई छुट्ट्याउने गरेको कैलाश गाउँपालिका, वडा ३ नम्बरका सदस्य राममाया प्रजाले बताइन् । सीमित स्रोतका कारण देखाउँदै लक्षित बजेटमा सहभागिता नहुने गरेको राक्सिराङकी कार्यपालिका सदस्य सुकमाया विकले पनि बताइन् । 'लक्षित समुदायको माग छ, प्रतिनिधि म हो भन्ने पनि थाहा छ, तर बजेट पुग्दैन, यो सहभागिता संख्यात्मक मात्र हो,' उनले भनिन् ।

इन्द्रसरोवर गाउँपालिकामा पनि दलित महिला सदस्यहरूको योजनाको सुनुवाइ नै नहुने गरेको वडा नम्बर २ की सदस्य अनिता विश्वकर्माले बताइन् । पाँच वटा वडा रहेको इन्द्रसरोवरमा एक जना दलित महिला सदस्यको कार्यपालिकामा प्रतिनिधित्व छ । अनिता भन्छिन्, 'वडा तहमा योजना छनोटमा प्रस्तावको सुनुवाई हुन्न, कार्यपालिकामा त झन प्रस्तावै पुग्नै पाउँदैन ।' कतिपय प्रस्ताव कार्यपालिका सदस्यमार्फत पनि लैजाने गरेको बताउँदै पालिकामा पनि खासै सुनुवाइ नहुने गरेको खबरले दुख लागेको उनले बताइन् । 'मैले पढे लेखेकोको छैन, त्यही भएर मेरो कुरालाई महत्त्व नदिएको हालान् भन्ठान्थैं, पढे लेखेका सदस्यहरूको पनि उही अवस्था रहेछ,' उनले भनिन्, 'हामी त थपना न रहेछौं ।'

स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ मा उल्लेख भएअनुसार वडाको टोल/बस्तीको योजना छनोट हुँदा नै क्रियाशील सामुदायिक संघसंस्थाहरू, टोल विकास संस्था, आमा समूह, बालक्लब, बाल सञ्जाल, युवा क्लब नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूहहरूलाई समेत सहभागि गराउनुपर्ने छ । सबैको सहभागिताबाट तर्जुमा भई छनोट भएका योजनालाई योजनाको सूची बनाई टोलबस्ती संयोजक तोकिएको वडा सदस्यले वडामा पेश गर्नुपर्ने दिग्दर्शनमा व्यवस्था छ ।

समग्रमा, राष्ट्रिय योजना आयोगले तयार गरिदिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५, प्रदेश तहको योजना तर्जुमा दिग्दर्शन, २०७५

र राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनलाई धार मानी स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गरेमा सामाजिक समावेशीकरणलाई समेट्न सकिने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका शाखा अधिकृत देवराज भण्डारी बताउँछन् । सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकास लक्ष्यहरूलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न सोहीअनुरूप योजना तर्जुमा र कार्यान्वयन जरूरी रहेको उनको भनाइ छ ।

## पालिकाको नीति नै छैन

पालिकामा महिला, बालबालिका, दलित जनजाति तथा अपांगतालगायत पछाडि पारिएका वर्गका लागि बजेट व्यवस्था गर्ने र तिनको सशक्तीकरण गर्नेसम्बन्धी नीतिकै अभाव छ । मकवानपुरका १० स्थानीय तहमध्ये अधिकांशले लैङ्गिक समानता तथा समावेशीकरण नीति बनाएका छैनन् । हेटौंडा उपमहानगरपालिकाले भने लैङ्गिकमैत्री समुदायमा आधारित घटना दर्तासम्बन्धी मार्गदर्शन बनाएको छ तर त्यो लैङ्गिक समानता र समावेशीकरणमा खासै सहयोग पुऱ्याउने खालको छैन ।

पालिकाहरूले केही मात्रामा बजेट लैङ्गिक समानता र समावेशीमा विनियोजन गरेको भए पनि खासै प्रभावकारी नहुने दिगो विकास, संघीयता, अनुगमन तथा मूल्याङ्कन विषयविज्ञ योगेन्द्रराज रिजाल बताउँछन् । उनी भन्छन्, 'स्थानीय तह आफैमा सरकार भएकाले संघीय सरकारले त्यस्ता नीतिहरू स्थानीय तहहरूले नै बनाउन् भन्ने ब्याख्या हो तर यसतर्फ स्थानीय तहले ध्यान दिएनन् ।'

अहिले संघीय कानूनमा लक्षितवर्गका लागि बाध्यकारी नभएको देखेपछि अधिकांश बजेट पूर्वाधार विकासमा केन्द्रित देखिन्छ । मुलुकका ७ सय ५३ स्थानीय तहहरूमध्ये आधाभन्दा बढी स्थानीय तहले लैङ्गिक समानता तथा समावेशीकरण नीति बनाएका छैनन् । कतिपयले बनाएको भए पनि लैङ्गिक उत्तरदायी बजेट परीक्षण गर्ने नै नगरेको विज्ञ रिजालले बताए । उनले भने, 'जबसम्म नीति निर्माण गरी बजेट विनियोजन, कार्यान्वयन र परीक्षण हुँदैन तबसम्म त्यसको प्रभावकारिता जाँच्न सकिँदैन, त्यसैले यो सबै काम स्थानीय तहले अनिवार्य गर्नुपर्छ ।'

नीति बनाएका र कार्यक्रम सञ्चालन गरिरहेका स्थानीय तहहरूले परीक्षण भने लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीतिको सूचकमा आधारित भएर पनि गर्न सकिने रिजालको भनाइ छ ।

लक्षित बजेट समेतको विनियोजन, कार्यान्वयन र परीक्षणका लागि अहिले संघीय सरकारले स्थानीय तहको काम र उपलब्धिहरूको लेखाजोखा गर्न 'स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७' लागू गरेको छ । यसमा पनि लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीतिको सूचक समावेश गरिएको छ । विडम्बना स्थानीय तहहरूले नीति नै नबनाई काम गरिरहेको रिजालले बताए । गाउँपालिका र नगरपालिकाहरूको विकास तथा सुशासनमा रहेको कमीकमजोरीको जानकारी लिन यो कार्यविधि लागू गरिएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ । कार्यविधिअनुसार हरेक स्थानीय तहले १० वटा क्षेत्रमा तय भएका सय वटा सूचकको परिधिभित्र बसेर स्थानीय तहले आफ्नो मूल्यांकन गर्नुपर्छ ।

## कार्यविधि खारेज : लक्षितवर्ग झन् पछि

स्थानीय निकाय रहेको बेला बजेट विनियोजन गर्दा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा आधारित भएर वार्षिक कार्यक्रम तर्जुमा गर्नुपर्ने बाध्यकारी व्यवस्था थियो । कार्यविधिले लक्षितवर्गलाई अनिवार्य व्यवस्था गरेको थियो । अन्यथा, न्यूनतम शर्त तथा कार्यसम्पादन मापन मूल्याङ्कन (एमसीपीएम) मा स्थानीय निकाय अनुत्तीर्ण हुने र वार्षिक बजेटसमेत घट्नेसम्मको व्यवस्था थियो ।

स्थानीय निकायको खारेजी र स्थानीय तहको कार्यान्वयनपश्चात् लक्षितवर्गको सशक्तीकरणका कार्यक्रमलाई बाध्यकारी व्यवस्था गरिएको छैन । एमसीपीएम पनि स्थानीय तहका लागि कार्यान्वयन नहुने भएपछि झन लक्षितवर्गका लागि छुट्ट्याइने बजेटको प्राथमिकता पछि पर्दै गएको छ । स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) अनुसार महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने कार्यक्रम छनोट गर्नुपर्ने भन्ने व्यवस्था मात्र छ । तर, यसअघिको कार्यविधि

बमोजिम त सबै जातजातिका विपन्न वर्गका महिलाहरूको सशक्तिकरण, रोजगारीमूलक र आयमूलक कार्यमा प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम वा आयोजनाका लागि न्यूनतम १० प्रतिशत बजेट विनियोजन गर्नैपर्थ्यो ।

सबै जातजातिका विपन्न वर्गका बालबालिकाहरूलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम वा आयोजनाका लागि न्यूनतम १० प्रतिशत, सबै जातजातिका आर्थिक रूपमा विपन्न तथा आर्थिक एवम् सामाजिक रूपमा पछाडि परेका र पारिएका वर्ग (ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुस्लिम तथा पिछडावर्गलगायत) एवम् क्षेत्र तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी लक्षितसमूह भनी तोकिएका वर्ग एवम् समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम वा आयोजनाका लागि न्यूनतम १५ प्रतिशत बजेट विनियोजन गर्नुपर्ने बाध्यकारी व्यवस्था थियो । विनियोजित बजेटको लैङ्गिक उत्तरदायी बजेटको सूचकमा आधारित मापनसमेत गर्ने व्यवस्था रहेको थियो ।

विनियोजित लक्षितवर्ग बजेटबाट पूर्वाधार, सशक्तीकरणका कार्यक्रम तथा लक्षित समुदायका लागि विविध गतिविधिहरू सञ्चालन गर्न स्पष्ट रूपमा बजेटको व्यवस्था गरिएको थियो । अहिले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले लक्षितवर्ग बजेट तथा कार्यक्रमलाई यकिन गर्न नसक्दा अधिकांश बजेट पूर्वाधार विकासमा मात्र खर्च भएको छ । स्थानीय तहहरू लैङ्गिक समानता तथा समावेशीकरण नीति निर्माण र कार्यान्वयनमा मौन छन् ।

स्थानीय तहलाई मन्त्रालयको परिपत्र

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न समुदायलाई विकासको मूल प्रवाहमा ल्याउन प्रत्यक्ष रूपमा योगदान पुग्ने कार्यक्रम तर्जुमा गर्नका लागि स्थानीय तहहरूलाई परिपत्र गरेको छ । आगामि आर्थिक वर्षको योजना तर्जुमाको तालिकाअनुसार बजेट तथा कार्यक्रम तयार गरिरहेका स्थानीय तहहरूलाई मन्त्रालयले निश्चित प्रतिशत बजेट विनियोजन गर्न परिपत्र गरेको हो ।

मन्त्रालयले महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडिएको समुदाय, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्ता भएका व्यक्तिहरू, सामाजिक, आर्थिक, शैक्षिक रूपमा पछाडि परेका व्यक्ति

तथा समुदायलाई समेटेर बजेट बनाउन भनेको शाखा अधिकृत बन्दनाकुमारी केसीले जानकारी दिइन् ।

प्रशासनिक प्रक्रिया जेजस्ता भए पनि व्यवहारमा तिनको कार्यान्वयन मुख्य कुरा हो । अहिलेको समस्या पनि कानूनको कार्यान्वयनमा नै देखिएको छ । भीमफेदीकी उपाध्यक्ष पार्वती राना त्यही कारणले नै दलित तथा महिला सहभागिता नाम मात्रैको भएको अनुभव गर्नुपरेको ठान्छिन् । त्यसैले धेरै स्थानीय महिला जनप्रतिनिधिले जस्तै उनले पनि पालिकामा लक्षित बजेट तथा कार्यक्रमलाई फाजिल कामको रूपमा हेर्ने चलन रहेको महसुस गरेकी छन् र नीतिगत रूपमै लक्षित वर्गलाई बजेट सुनिश्चित गर्नुपर्ने आवश्यकता देखेकी छिन् । अहिलेका महिला उपप्रमुख/उपाध्यक्षको ५० प्रतिशत संख्यालाई पालिका प्रमुख/अध्यक्षमा निर्वाचित हुने सुनिश्चितता नगरेसम्म अवस्था सुध्रिने आशा गर्नु नै बेकार रहेको उनको अनुभवले कानूनी व्यवस्थाको कार्यान्वयन स्थानीय तहमा कति निराशाजनक रहेछ भन्ने देखाएको छ ।

*(थाहा नगरपालिका मकवानपुरका पत्रकार सुरजकुमार भुजेल 'विकास खबरपत्रिका' साप्ताहिक र 'थाहाटाइम्सडटकम' सँग आबद्ध छन्)*

# अनवरत छ प्रकृतिमाथिको बलात दोहन

सविन शर्मा

जब कोभिड-१९ को संक्रमण फैलन नदिन २०७६ चैतमा सम्पूर्ण देश कडा 'लकडाउन'मा थियो, त्यतिबेला सरकारी अधिकारीहरूले कहिलेकाहीं हिंस्रक रूपमै उत्रेर पनि जनताको आवागमन ठप्प पार्दै सडक सुनसान पारे । त्यतिबेला पनि ललितपुरको नख्खु करिडोर, चापागाउँ, गोदावरी क्षेत्रको सडक भने बन्द भएन, बरू टिप्परले जाम भएका दृश्य देखिए । काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक हुँदै जाने अरनिको राजमार्ग पनि सुनसान थिएन । बालुवा र गिट्टी बोकेर सयौं ट्रक त्यही मार्गबाट काठमाडौं भित्रिइरहे ।

यो वर्ष पनि लकडाउनको समयमा नै व्यापक ढुंगा गिट्टी ओसारपसार भइरहेको पाइएको छ । ललितपुरको गोदावरी नगरपालिकाको-५ को टीकाभैरवमा टिप्परका कारण एम्बुलेन्स नै रोकिएको गुनासो स्थानीय बासिन्दाले गरिरहेका छन् । जनताको सुरक्षाका लागि निषेधाज्ञा लगाउँदा पनि व्यापारी व्यवसायीले भने चोरीपैठारी गरिरहेका छन् ।

नल्लु खोला तथा आसपासका गाउँबस्तीका मानिसले नल्लु खोलामा सफा र सङ्लो पानी देख्न नपाएको वर्षौं भइसक्यो । खोला क्षेत्रमा ढुंगा उत्खनन गरिएकाले नदीमा सङ्लो पानी बग्न छाडेको ३ दशकभन्दा बढी भइसक्यो । यही खोलाका पानी लगाएर खेती गरिरहेका किसानहरू अहिले खोलाको पानीले बाली सपार्नेभन्दा पनि बिगार्ने गरेको दुःखेसो पोख्छन् ।

खोलाको पानीमा पौडी खेलेको र लुगा धोएको सम्झँदै स्थानीय दीपेश तिमल्सिना भन्छन्, 'खानीले यहाँको सबै चक्र नै बर्बाद बनाएको छ । हामी खोलामा पौडी खेल्दथ्यौं, गाईबस्तुलाई नदीको पानी पिउने व्यवस्था गर्दथ्यौं । तर अहिले खोलामा पानी हैन, धमिलो लेदो बग्छ ।'

वन क्षेत्रमा नै सञ्चालन भएको खानीले दैनिक खोला खोस्रिरहेको छ । यहींबाट निस्किएका ढुंगा कुट्न क्रसर उद्योगहरू खोलैभरि खडा छन् । वन नाँगिंदै गएको छ । हरेक वर्षजसो वन क्षेत्र दोहनको तस्वीर सामाजिक सञ्चालनमा भाइरल नै हुन्छ । तर खन्ने काम अनवरत चालू छ ।

यसैगरी सिन्धुपाल्चोकको इन्द्रावती नदी आसपासका गाउँबस्तीका प्रायः स्थानीय बासिन्दा नदीकै गुणगानले भरिएको गाथा सुन्दै हुर्किए । हिउँ पग्लेर बाह्रै मास बग्ने इन्द्रावतीले उनीहरूको खेतबारी हराभरा राख्दथ्यो र गाउँलेलाई वर्षेनि दुई पटक मनग्गे बाली पनि दिन्थ्यो ।

एक हातमा माछा मार्ने बाँसको डन्डा र अर्कोमा आफूले हात पारेको शिकार बोकेर खालीखुट्टै हरियो–नीलो नदीको किनारैकिनार दगुरेको सम्झन्छन् नवीनरत्न दनुवार । उनलाई सानै छँदादेखि नदीबाट माछाबाहेक अरू कुनै पनि चिज ल्याउनु अपशकुन हुन्छ भनेर सिकाइएको थियो । 'एउटा सानो ढुंगा पनि ल्याउने हैन है त्यहाँबाट' ठूलाबडाले हप्काएको अहिले पनि सम्झन्छन्, उनी ।

नदीबाट घरमा केही ल्याए त्योसँगै दुष्ट आत्माहरूले पनि घरमा डेरा जमाउँछन् भन्नेमा उनीहरू विश्वास राख्थे । आखिर, उनीहरूको पालनपोषण गर्ने नदी नै उनीहरूको मृत आफन्तहरूको अन्तिम संस्कार गर्ने थलो पनि थियो । त्यसैले साना उमेरका दनुवारले अग्रजहरूको चेतावनीको ख्याल राखेर नदीको शीतल पानीमा खुट्टा चोब्दै लेउले पुरिएका ढुंगा बीचबाट माछाबाहेक केही पनि टिपेर घर ल्याएनन् ।

'नदीको ढुंगा गिट्टी यति साह्रो मूल्यवान होला भनेर पच्चीस वर्ष अगाडि

हामीले कल्पना समेत गरेका थिएनौं' स्थानीय कमलरत्न दनुवारले भने । यदि गाउँलेले त्यो बेला यी ढुंगामा भएको भाग्यलक्ष्मीको छनक मात्रै पाएका भए, आज उनीहरू सबै सम्पन्न भइसक्ने थिए ।

अहिले चाहिं नदीको ढुंगा कति अनमोल छन् भनेर राम्ररी थाहा छ । इन्द्रावती गाउँपालिकाको वडा नम्बर १२ का वडाध्यक्षको रूपमा आफ्नो वडामा गिट्टी तथा बालुवा प्रशोधन उद्योग राख्न खोज्नेहरूसँग कमलरत्नले व्यवहार गरेका छन् । २०७४ सालमा दनुवार वडाध्यक्ष निर्वाचित हुँदा गाउँपालिकामा एउटा मात्रै बालुवा तथा गिट्टी उद्योग थियो । आज इन्द्रावती गाउँपालिकामा मात्रै नदी आसपास नौ वटा त्यस्ता उद्योग छन् । ती सबै विगत पाँच वर्षयता मात्रै संचालनमा आएका हुन् ।

यस्तो काम इन्द्रावती नदीमा मात्रै सीमित छैन । सडक, पुलजस्ता भौतिक संरचना तथा राजधानीको अव्यवस्थित विस्तारको पछि लागेर आएको निर्माण अभियानका कारणले काठमाडौंसँगै जोडिएका सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, धादिङ, ललितपुर, नुवाकोट जिल्लाका नदीहरूमा पनि भयानक दरमा दोहन बढिरहेको छ । यी जिल्लाहरूमा अनधिकृत रूपमा सञ्चालन भएका खानी तथा क्रसर उद्योगका कारण वैधानिक रूपमा सञ्चालित उद्योगलाई समेत समस्या पर्ने गरेको व्यवसायीहरू बताउँछन् ।

निर्माणका लागि अत्यावश्यक सामग्री गिट्टी र बालुवा उत्खनन गर्ने उद्योगहरूले मनग्गे मुनाफा कमाइरहेका छन् । उनीहरूले प्राप्त गर्ने यो नयाँ धन स्थानीय सरकारहरूसँग बाँडफाँट गरिरहेका छन् । आफ्नो राजस्वको ठूलो हिस्सा प्रकृतिक स्रोतबाट मात्रै आउने भएकाले नै वन र नदीजन्य पदार्थको उत्खननमा रोकतोक लगाउने कुनै पनि निर्देशिका लागू गर्न सम्बन्धित स्थानीय सरकारका कर्मचारीहरू हिचकिचाउने गरेको स्थानीय बताउँछन् ।

'उनीहरूको अन्तिम लक्ष्य भनेको नै नदीनालाबाट राजस्व उठाउनु हो, जस्तोसुकै वातावरणीय र सामाजिक मूल्य चुकाएर किन नहोस्', ललितपुरका पर्यटन व्यवसायी उमेश केसी बताउँछन् । उनी २० वर्षदेखि समुदायका साथीहरूसँगै आफ्ना स्थानीय नेता र जिल्लामा फेरबदल हुँदै आएका विभिन्न प्रमुख जिल्ला अधिकारीबाट नदी र त्यसमा आश्रति जनजीवनको रक्षा गर्ने जवाफदेही भूमिकाको माग गर्दै आएका छन् । उनीहरूले विभिन्न निकायमा

हस्ताक्षर अभियान सञ्चालन गर्नेदेखि लिएर व्यक्तिगत रूपमा नेताहरूलाई भेट्ने कामसमेत गरिरहेका छन् । सँगसँगै उनीहरूले संरक्षण अभियान र सिमसार तथा नदी क्षेत्र संरक्षणका अभियान सञ्चालन गर्दै आएका छन् ।

'स्थानीय नेताहरूले थप राम्रो काम गर्ने वाचा त गर्छन् तर आफ्नो शब्दको मान आफैं राख्दैनन्,' नल्लु खोला देखाउँदै केसीले भने, 'एक्स्काभेटर र ट्रकहरू यहाँका स्थायी संरचना जस्तै भएका छन् । नेताहरू भन्नलाई नदीनालाको संरक्षण गर्न प्रतिबद्ध छौं भन्छन्, तर हरेक वर्ष गिट्टी बालुवाको टेन्डर आह्वान भइहाल्छ । हो, हामीलाई निर्माण सामग्री चाहिएको त छ, तर उत्खननलाई राम्ररी नियमन गर्नु एकदमै जरूरी छ ।'

## पहिला नाफा, अनि मात्रै संरक्षण

केही महीनाअघि मात्रै काभ्रेपलाञ्चोक जिल्ला समन्वय समितिले जिल्लाका ३१ वटा बालुवा उत्खनन गर्ने कम्पनीका सञ्चालकहरूलाई वातावरण संरक्षणसम्बन्धी नियमविपरीत खानी सञ्चालन गरेको आरोप लगाएको थियो । क्रसर सञ्चालकहरूको अनुगमन गर्नेसमन्वय समितिका पदाधिकारीमध्येका एक रञ्जन रेग्मीले भने, 'नियमनको प्रयास गर्न खोजेको तर खासै केही गर्न सकिएन । हाम्रो काम क्रसर उद्योगहरूको अनुगमन र सिफारिश प्रतिवेदन तयार गर्नेसम्म मात्र सीमित छ, कारबाही गर्न मिल्दैन,' उनले भने, 'हाम्रो सिफारिशअनुसार कारबाही गर्ने/नगर्ने भन्ने कुरा स्थानीय सरकार र अन्य निकायमा भर पर्छ, जुन धेरैजसो कार्यान्वयन हुँदा पनि हुँदैन ।'

नदीजन्य पदार्थको उत्खनन गर्ने उद्योगहरू तीनै तहको सरकार मातहतका विभिन्न निकायको दायराभित्र पर्छन् । अनुगमन गर्ने निकाय विभिन्न सरकार मातहत भएका कारण अनुगमनको कामलाई झन् चुनौतीपूर्ण बनाएको छ । उदाहरणका लागि, क्रसर उद्योगलाई संघीय सरकारको मातहतमा रहने घरेलु तथा साना उद्योग विभागले प्रदान गर्ने इजाजतपत्र पाउनको लागि आवेदन दिनलाई स्थानीय निकायको सिफारिश चाहिन्छ । साविकमा केन्द्र मातहत रहेको घरेलु तथा साना उद्योग विभागले इजाजतपत्र दिँदै आएकोमा २०७५ सालदेखि विभाग प्रदेशको मातहतमा आइसकेपछि स्थानीय तहले पनि यस्ता इजाजतपत्र दिँदै आएको छ ।

विभागले स्वीकृति दिनुअघि उनीहरूले खानी तथा वन विभागबाट वातावरणीय स्वीकृति लिनु आवश्यक छ । त्यसपश्चात् एकपटक उद्योग सञ्चालनमा आएपछि, यसले स्थानीय र प्रदेश सरकारहरूले तोकेका निर्देशनहरू पालना गर्नुपर्दछ । यसरी अनुगमन गर्ने काम स्थानीय तहमा निर्वाचित अधिकारीदेखि प्रमुख जिल्ला अधिकारी हुँदै अन्य जिल्लास्तरीय सरकारी अधिकारीहरूको कार्य क्षेत्रमा पर्दछ । तर सरकारका यी विभिन्न तहका अधिकारीहरूबीच अनुगमनको जिम्मेवारी जसरी बाँडिन्छ, नाफा पनि उसै गरी भागबन्डा गरिन्छ ।

महामारीका कारण राजस्वका स्रोतहरू सुक्खा भए पनि गिट्टी र बालुवा उत्खननको पैसाले राज्यको ढुकुटी भने भरिँदै गएको थियो । सबैभन्दा बढी जनसंख्या भएको तथा सर्वाधिक बजेट विनियोजन हुन बागमती प्रदेश सरकारको तथ्यांक अनुसार, देशव्यापी 'लकडाउन' भएको समयमा समेत स्थानीय तहमा बालुवा र ढुंगा खानीबाट उठाइएको राजस्वले प्रदेशको ढुकुटीमा सबैभन्दा बढी योगदान पुर्‍याएको थियो ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको नियमअनुसार स्थानीय निकायले आफ्नो आयको ४० प्रतिशत प्रदेशलाई बुझाउनुपर्नेछ । यसले प्रदेशलाई स्थानीय तहमा भएको अत्यधिक दोहन र वातावरणीय क्षतिमा आँखा चिम्लिन प्रोत्साहन गर्छ । बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारीका अनुसार, यस आर्थिक वर्षमा स्थानीय तहमा गिट्टी र बालुवाको उत्खननबाट हुने आय दुई अर्ब रूपैयाँ पार गर्ने प्रक्षेपण थियो । तर, २०७७ को पुस मसान्तसम्म २५ करोड रूपैयाँ मात्रै जम्मा भएको छ, जुन प्रक्षेपित रकमको १२.२१ प्रतिशत मात्रै हो ।

आर्थिक वर्ष २०७६/७७ मा, बागमती प्रदेश सरकारले स्थानीय निकायबाट १ अर्ब रूपैयाँभन्दा बढी राजस्व आर्जन गरेको थियो, जसमध्ये ९३ प्रतिशत अर्थात् करीब ९८ करोड रूपैयाँ गिट्टी र बालुवा उत्खननबाट आएको थियो । २०७५/७६ मा प्रदेशले नदीजन्य पदार्थबाट कमाएको ५२ करोडको तुलनामा यो झन्डै दोब्बर रकम थियो ।

काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, धादिङ र ललितपुर जिल्ला बागमती प्रदेशको ढुकुटीमा धेरै योगदान गर्नेमध्येमा पर्छन् । प्रदेश सरकारका एक जना कर्मचारीका अनुसार, धेरै स्थानीय निकायहरूले समयमा प्रदेशलाई आफ्

नो आयको विवरण पेश नगरेको परिणामस्वरूप पनि आर्थिक वर्षहरूबीच यति ठूलो रकमको अन्तर आएको हुन सक्छ ।

विज्ञहरूका अनुसार पनि छिटो र छरितो राजस्वका लागि नदीजन्य सामग्रीहरूमा भर पर्दा मुलुक प्राकृतिक स्रोतको झन् ठूलो दोहनतर्फ डोरिएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सदस्यसमेत रहेका वातावरणविद् जुद्ध गुरूङ भन्छन्, 'अल्पकालीन लाभका कारण मुलुक प्राकृतिक स्रोतको चर्को दोहनको दिशातर्फ लागेको देखिन्छ ।'

'निर्वाचित पदाधिकारीहरूले आफ्नो कार्यकालभरि सकेसम्मको दोहन जारी राख्ने हो भने यी स्रोतसाधन धेरै समयसम्म टिक्दैनन्,' गुरूङले भने, 'यस्तो आक्रामक उत्खननले नदीनालालाई बिगार्नेछ र भावी पुस्ताका लागि केही पनि बाँकी रहने छैन ।' २०७४ को स्थानीय तहको चुनावपछि अवस्था झन खस्किँदै गएको वातावरणीय अभियन्ताहरू बताउँछन् । यसको एक मुख्य कारण भनेको उत्खनन र निर्माण व्यवसायसँग सम्बद्ध धेरै उम्मेदवारले चुनावमा टिकट पाए ।

स्थानीय तहका पदाधिकारीहरूले लाभदायी उत्खनन व्यवसायको नियमनलाई कहिल्यै प्राथमिकता दिंदैनन् । सुनकोशी नदीमा अवैध बालुवा उत्खनन रोक्न २०७६ सालमा सर्वोच्च अदालतमा मुद्दा दायर गर्ने अधिवक्ता चिरञ्जीवी भट्टराई अब प्रभावकारी नियमन होला भन्ने आशा बाँकी नरहेको बताउँछन् । उनी झन्डै तीन वर्ष पुरानो आफ्नो मुद्दामा अदालती फैसला पर्खिरहेका छन् ।

उनले भने, 'उत्खनन व्यवसायी र तिनको स्वार्थ समूहको व्यापक पहुँचका कारणले गर्दा नेपालका नदीनाला र पहाडमा मौलाइरहेको अवैध उत्खननको बेथितिलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न सम्भव देखिंदैन ।' नदीहरूको अनियन्त्रित उत्खनन भनेको दुईधारे तरवार हो । छोटो समयको लागि यसबाट नाफा देखिए पनि अत्यधिक दोहनले वातावरणमा भयावह विनास निम्त्याउँछ ।

## मृत बन्दै नदी

पानी छ र तर त्यो पानीमा कुनै जीव बाँच्न सक्दैन भने त्यो

नदीलाई मृत भन्नुपर्ने विज्ञहरू बताउँछन् । ललितपुरको नल्लु, भारदेउ, सिन्धुपाल्चोकका इन्द्रावती, सुनकोशी र रोशीजस्ता नदीमा अहिले जलचर जीवहरू विनास भैरहेका छन् । यसले नदी मृत बन्दै गएको पुष्टी हुन्छ । नदीकिनारमा बस्ने स्थानीयले आसपासमा रहेका प्रशोधन केन्द्रहरूमाथि कुनै पनि कारबाही नहुँदा स्थानीय समुदाय मर्कामा परेको बताए ।

सूर्यबहादुर माझी सिन्धुपाल्चोकको माझीटारमा माछा मारेर जीविका चलाउने परिवारका हुन् । उनले आफ्नो पूरै जीवन परम्परागत रूपमा माझी समुदायका मानिसले व्यतीत गर्ने जस्तै गरी बिताएका छन् । सत्तरीको दशकमा पनि हट्टाकट्टा रहेका माझीले पूरै जीवन खेतीकिसानी, माछा मार्ने र अरूलाई इन्द्रावती नदी वारपार गरेर बिताएका छन् । तर आज नदी भने उस्तै छैन । उनी पुराना दिन सम्झेर भावुक हुन्छन् र नदीबारे चिन्तित बन्छन् ।

ललितपुरको गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जन जस्ता स्थानीय पदाधिकारीहरू भने प्रायः वातावरणको मूल्य चुकाएरै भए पनि हरेक वर्ष करोडौं रूपैयाँको टेन्डर आव्हान गर्नुबाहेकको विकल्प आफूहरूसँग नभएको बताउँछन् । उनले आफूहरू स्थानीय सरकार र कार्यक्रम सञ्चालनका निम्ति नदीजन्य पदार्थको उत्खननबाट आउने राजस्वमा निर्भर रहेको स्वीकार गरे पनि आफ्नो कर्मचारी प्रशासन 'वातावरणीय रूपमा सचेत' रहेको दाबी गर्न छुटाएनन् । भने, 'संघीय सरकारले हामीलाई मानव संसाधन जुटाउन सहयोग गर्न सकिरहेको छैन, त्यसैले हामी यी उद्योगबाट उठ्ने राजस्व लिएर कृषि, पशु विज्ञान, इन्जिनीयरिङ लगायत क्षेत्रका प्राविधिकहरू जुटाउन तथा नदी तटबन्ध निर्माणजस्ता कार्यक्रमहरूमा सदुपयोग गर्दछौं ।'

## नीतिगत निरीहता

काठमाडौंको पूर्वबाट घुमाउरो वीपी राजमार्ग सँगसँगै भएर पहाडबाट नदीहरू तराईतर्फ झर्छन् । मध्यबाट बागमतीमा मिसिएर नल्लुखोला बग्दछ भने पश्चिमतर्फ त्रिशूली नदी बग्दछ । यी तीनै नदीका जलाधार क्षेत्रमा खानी तथा क्रसर उद्योगहरू सञ्चालित छन् । नदीको किनारमा र पहाडमा

नंग्रा खोस्रिरहने एक्स्कभेटरले धुलोकै हुस्सु बनाइरहेको दृश्य देख्न सकिन्छ ।

यो सजिलो कमाइको असर कस्तोसम्म परेको छ भन्ने एउटा उदाहरण काभ्रेपलाञ्चोकमा छ । काभ्रेपलाञ्चोक जिल्ला समन्वय समितिले रोशी गाउँपालिकाभित्र दर्ता भएका ६ वटै क्रसर उद्योग वन तथा मानव बस्तीको धेरै नजिक भएको, सुधार गर्नै नमिल्ने गरी वातावरण प्रदूषण गरेको भन्दै तिनीहरूले वातावरण संरक्षणका निर्देशनहरू पालना नगरेको ठहर गरेको छ । तीमध्येको एक हो– ओम सत्य साई क्रसर, जो राजमार्ग र नगरपालिका कार्यालयबाट मात्र केही सय मिटर पर सञ्चालित छ । आफ्नो कार्यालयबाटै मेशिन चलेको आवाज सुन्न सक्ने रोशी गाउँपालिका पदाधिकारीहरू भने ओम सत्य साई क्रसरलाई केही पनि गर्न नसक्ने बताउँछन् ।

नेपालको संविधानले सरकारका तीनै तहलाई प्राकृतिक स्रोतसाधन प्रयोग सम्बन्धी नीति बनाउने र त्यसबाट राजस्व संकलन गर्ने अधिकार दिएको छ । संघीय संरचनामा वित्तीय नीतिनिर्माण र राजस्व बाँडफाँटका मामिलामा मतभिन्नता भए पनि स्थानीय तहले स्वस्थ नीति अवलम्बन गरेर आफ्नो राजस्वको स्रोत निर्माण गर्नुपर्ने विज्ञहरू बताउँछन् । 'अहिले, स्थानीय सरकारले जथाभावी नदीजन्य पदार्थ बेचेर सजिलो बाटो अपनाइरहेको छ' स्थानीय शासन प्रणाली विश्लेषक तथा राष्ट्रियसभा सदस्य खिमलाल देवकोटाले भने, 'दिगो समाधानका साथ अघि बढ्ने हो भने स्थानीय सरकारहरूले अन्य निकायहरूसँग संयुक्त नीति तर्जुमा गरेर यस्ता उद्योगहरूलाई नियमन गर्न सक्छन् ।'

जब नियमनको कुरा आउँछ, जिम्मेवारीको स्पष्ट सीमा निर्धारण नभएकोले स्थानीय तहहरू पन्छिन खोज्छन् । अनि, यसको दुष्परिणाम भोग्दै बाँच्न बाध्य हुन्छन्, स्थानीय बासिन्दा ।

*(नेपाल वातावरण पत्रकार समूहका महासचिव सविन शर्मा 'राजधानी' दैनिकका वरिष्ठ संवाददाता हुन्)*

# स्वदेश र विदेशमा रोजगारी गुमाउँदै

सीता शर्मा

दुई छोराछोरीसहित काठमाडौँमा वस्ने पवित्रा थापालाई रोगभन्दा पनि भोकको चिन्ता बढी छ । झन्डै एक वर्ष लामो बन्दपछि होटलमा काम पाएकी थापालाई पछिल्लो बन्दाबन्दीले फेरि भोकको चिन्ता बढाएको छ । 'अगुल्टाले हानेको कुकुर बिजुली चम्किँदा पनि तसिन्छ' भने झैँ थापाको जीवनमा चरितार्थ भएको छ । 'पहिले काम गरेको होटलमा राखेन, अर्को होटलमा भर्खर काम सुरु गरेकी थिएँ,' उनले भनिन् 'फेरि बन्द भयो । अघिल्लै वर्ष खाएको ऋण तिर्न बाँकी छ, अहिले के खाएर बाँच्ने हो ?

पवित्रा मात्रै होइन, राजधानीकै नाम चलेको कलेज (सीसीआरसी) मा अध्यापन गर्ने विशाल गौतमको गतवर्ष कोरोनाकै कारण रोजगारी गुम्यो । त्यसै गरी २०७६ को भदौमा संयुक्त अरब इमिरेट्स (यूएई) मा कमाउन गएका कास्कीका कमल पौडेल कोरोनाका कारण कमाएर होइन, उल्टै गुमाएर फर्किए । दुई लाख ऋण गरेर होटलमा काम गर्ने भन्दै व्यक्तिगत भिसामा गएका पौडेल असोजमा उद्धार उडानमार्फत स्वदेश फर्किए ।

## नेपालमा २७ लाख बेरोजगार

पवित्रा, विशाल र कमल जस्तै कोरोनाका कारण स्वदेश र विदेशमा रोजगारी गुमाउनेको संख्या ठूलो छ । राष्ट्रिय योजना आयोगले सार्वजानिक गरेको तथ्यांकअनुसार आठ लाखले स्वदेशको श्रमबजारबाट रोजगारी गुमाए भने झन्डै साढे चार लाख विदेशबाट रोजगारी गुमाएर स्वदेश फर्किए । आयोगका अनुसार कोरोनाका कारण स्वदेश वा विदेशमा रोजगारी गुमाउने झन्डै १३ लाख, मौजुदा बेरोजगारको संख्या नौ लाख र प्रत्येक वर्ष श्रमबजारमा थपिने नयाँ पाँच लाख गरी कूल २७ लाख बेरोजगार रहेका छन् । नेपालमा यसअघि कायम रहेको १४ लाख बेरोजगारमा कोरोनाका कारण थप १३ लाख नयाँ बेरोजगार थपिएका हुन् । अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) ले सार्वजनिक गरेको तथ्यांकअनुसार कोरोनाका कारण नेपालमा प्रत्येक पाँचमा दुई जनाले रोजगारी गुमाएका छन् ।

## १२० देशमा ३२ लाख श्रमिक

कोभिड–१९ का कारण वैदेशिक रोजगारीमा परेको प्रभाव, यसको प्रभावले नेपालको आर्थिक क्षेत्रमा परेको असरका विषयमा अध्ययन गर्न राष्ट्रिय योजना आयोगका सदस्य डा. रामकुमार फुयाँलको नेतृत्वमा गरिएको र्‍यापिड सर्वेअनुसार विभिन्न १२० देशमा ३२ लाख श्रमिक कार्यरत छन् । तिनमा ७० प्रतिशत भारत, साउदी अरब, कतार, मलेसिया, संयुक्त अरब इमिरेट्स (युएई) पाँच देशमा मात्रै रहेको पाइयो भने बाँकी ३० प्रतिशत अन्य ११५ देशमा भएको पाइएको छ ।

आयोगका अनुसार भारतमा करिब १० लाख, कतारमा तीन लाख ६० हजार, साउदी अरबमा तीन लाख ५० हजार, मलेसियामा तीन लाख २५ हजार, संयुक्त अरब इमिरेट्स (यूएई)मा तीन लाख र अन्य ११५ देशमा नौ लाख रोजगारीको सिलसिलामा रहेको पाइएको छ ।

## कोरोना कारण साढे ४ लाख फर्के

कोभिड–१९ संकट व्यवस्थापन सञ्चालन केन्द्र (सीसीएमसी) का अनुसार पछिल्लो एक वर्षमा ६० देशबाट चार लाख ५३ हजार ८४७ जना नेपाली स्वदेश फर्केका छन् । सो अवधिमा सबैभन्दा धेरै यूएईबाट एक लाख ४० हजार २१६ जना स्वदेश फर्किएका छन् । सो अवधिमा कतारबाट फकर्नेको संख्या एक लाख पाँच हजार ७७४ रहेको छ भने मलेसियाबाट ४८ हजार ४३५ जना फर्किएका छन् । त्यसै गरी साउदी अरबबाट ४१ हजार ६६८ जना, कुवेतबाट २३ हजार, टर्कीबाट १३ हजार ६३४, जापानबाट १३ हजार ५२५ जना फर्केका छन् भने बाँकी अन्य ५३ देशबाट फर्कनेको रहेको सीसीएमसीले जनाएको छ ।

राष्ट्रिय योजना आयोगका सदस्य डा. रामकुमार फुयाँलले विदेशबाट फर्केकामध्ये ४० प्रतिशत नियमित प्रक्रिया (भिसा र करार अवधि सकिएर, घर बिदामा आउने, घरमा आकस्मिक काम परेर आउने, स्वदेशमै केही गर्ने चाहनाले आउने आदि) मा र ६० प्रतिशत कोरोनाका कारण रोजगारी गुमाएर आएको जानकारी दिए । 'आयोगले र्‍यापिड सर्वेअन्तर्गत रहेर कोरोनाका बेलामा फर्केका वा फर्कन चाहेकामध्ये केही प्रतिनिधिलाई आधार मानेर गरिएको अध्ययन हो, अंकमा केही तलमाथि हुन पनि सक्छ,' उनले स्पष्ट पारे ।

## योजनामा सीमित सरकारको रोजगारी

कोरोना कारण स्वदेश र विदेशमा झन्डै १३ लाखले रोजगारी गुमाए । सरकारले आर्थिक वर्ष २०७७/०७८ मा ११ लाखको रोजगारी सिर्जना गर्ने गरी नीति तथा कार्यक्रम र वार्षिक बजेट पनि विनियोजन गरियो । यसअन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमको सात अर्ब ९२ करोड ३४ लाख रूपैयाँ बजेट स्थानीय तहमा पुगेको छ । स्थानीय तहमा बेरोजगार युवा सूचीकृत छन्, बजेट खर्च गर्ने कार्यविधि पनि छ, तर खर्च निराशाजनक छ । सरकारले गत आर्थिक वर्षमा करिब दुई लाख जनालाई प्रधानमन्त्री रोजगार कार्यक्रमबाटै न्यूनतम एक सय दिन रोजगार बनाउने उदघोष गरेको थियो । त्यसका

लागि ११ अर्ब ६० करोड रूपैयाँ बजेट पनि विनियोजन गरेको थियो । त्यसमध्ये १० अर्ब ३४ करोड ज्यालामा खर्च गर्ने लक्ष्य थियो । प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत करिब ९० हजारले औसत १३ दिनको काम पाएको सरकारी आँकडाले देखाउँछन् ।

५० हजारलाई सीपमूलक तालिम दिलाउने योजना पनि सरकारको रहेको थियो । रोजगारी गुमाएका श्रमिकलाई सीप रूपान्तरण गरी उत्पादन, सेवा, हस्तकला, प्लम्बिङ, सिलाइकटाइलगायत तालिम दिएर रोजगारी सिर्जना गर्ने सरकारी लक्ष्य थियो । यसका लागि चार अर्ब ३४ करोड रूपैयाँ विनियोजन गरेको थियो ।

कृषि मन्त्रालयमा पनि साना किसान कर्जा कार्यक्रमबाट ४० हजारलाई, युवा स्वरोजगार कार्यक्रमबाट १२ हजार जनालाई रोजगार बनाउनेलगायत कार्यक्रम छन् । तीन अर्ब २२ करोड बजेट रहेको 'एक स्थानीय तह, एक उत्पादन' कार्यक्रम पनि रोजगारी सिर्जनामै केन्द्रित हुने भनिएको छ

सरकारले गाउँपालिकामा सूचीकृत बेरोजगारलाई दुई वर्षको रोजगारी दिने प्रतिष्ठानलाई अनुदान दिन एक अर्ब रूपैयाँ विनियोजन गरेको थियो । तर, सबैजसो कार्यक्रम महामारीको कारण देखाएर अघि बढाइएन । लघुउद्यम कार्यक्रममार्फत एक लाख २७ हजार, वन पैदावरमा आधारित वृक्षरोपण, कृषि, वन, जडीबुटी प्रशोधनलगायत क्षेत्रमा ३० हजार, गरिबी निवारण कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्थाले परिचालन गरेको १९ अर्ब घुम्ती कोषलाई सहकारीमा रूपान्तरण गरी एक लाख ५० हजार जनालाई रोजगार बनाउने लक्ष्य थियो । सरकारले बजेटमार्फत बैंक तथा वित्तीय संस्थाका प्रत्येक शाखाले सहुलियत कर्जा दिनुपर्ने व्यवस्था पनि गरेको थियो । वाणिज्य बैंकका प्रत्येक शाखाले १० र विकास बैंकका शाखाले पाँच जनालाई अनिवार्य रूपमा सहुलियतपूर्ण कर्जा दिनुपर्ने घोषणा बजेटले गरेको थियो । सरकारले गाउँपालिकामा सूचीकृत बेरोजगारलाई दुई वर्षको रोजगारी दिने प्रतिष्ठानलाई अनुदान दिन एक अर्ब रूपैयाँ विनियोजन गरेको थियो । तर वर्षभरि कोरोनाकै प्रभाव देखाएर रोजगारी सिर्जनामा काम अगाडि बढ्न सकेन । यस कार्यक्रमअन्तर्गत लगभग ९० हजार जनाले रोजगारी पाएको तथ्यांक सरकारसँग छ । तय भएका रोजगारीका कार्यक्रम कोरोनाका कारण प्रभावकारी रूपमा कार्यान्वयन नहुँदा श्रमिकहरू बेरोजगार बनेको निष्कर्ष

सरकारको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार स्थानीय तहका रोजगार सूचना केन्द्रमा सूचीकृत भएका बेरोजगार युवाको संख्या सात लाख ५३ हजार १८९ छ । अघिल्लो वर्ष यसरी आफै सूचीकृत हुने बेरोजगार युवाको संख्या चार लाख थियो । प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत निर्माण आयोजनामा अधिकतम एक सय दिनको ज्यालादारीमा काम गर्न चाहनेको संख्या वर्ष दिनमै तीन लाख ५० हजार बढ्नुले बढ्दो बेरोजगारीको प्रस्ट चित्र देखाउँछ । श्रम मन्त्रालया सचिव सूर्यप्रसाद गौतमले रोजगारी कार्यक्रमलाई महामारीले प्रभावित गरेकाले लक्ष्यअनुसार रोजगारी सिर्जनामा बाधा पुगेको बताए । सरकारले रोजगारी सिर्जनाका लागि अझै करिब ५० अर्ब रूपैयाँ बजेट विनियोजन गरेको थियो तर अधिकांश कार्यक्रम कोरोना कारण प्रभावित भए ।

विषयगत मन्त्रालयहरूको रोजगारी सम्बद्ध कार्यक्रम चलेको भए लगभग ११ लाखभन्दा बढीले रोजगारी पाउन सक्ने श्रम मन्त्रालयका सचिव सचिव गौतमको भनाइ छ । तर, सबैजसो कार्यक्रम महामारीको कारण देखाएर अघि बढाइएको छैन । कति कार्यक्रमका कार्यविधि नै बनेका छैनन् भने कतिपय संशोधनको प्रक्रियामा छन् । कार्यविधि बनेका कार्यक्रम पनि महामारीको कारण देखाएर राखेको पाइन्छ । केही कार्यक्रमको प्रक्रिया अघि बढाए पनि कहिलेबाट रोजगारी पाइने भन्ने टुंगो छैन ।

श्रम विज्ञ डा. गणेश गुरूङले सरकारको यो शैलीको काम गराइले रोजगारी सिर्जनाका लागि सरकारले लिएको लक्ष्य पूरा हुन नसक्ने बताए । उनले महामारीको आर्थिक प्रभाव घटाउन ल्याएका रोजगारीका कार्यक्रम महामारीकै कारण देखाएर कार्यान्वयनमा ढिलाइ हुनु दुःखद भएको बताए । साउनबाटै कार्यान्वयनमा जान सक्ने कार्यक्रममा पनि अलमल गरिएको भन्दै डा. गुरूङले आर्थिक वर्षको अन्त्यतिर खर्च हुने बजेटबाट त रोजगारी सिर्जना हुन नसक्ने उल्लेख गरे । देशभित्र बेरोजगारी चर्किएका बेला अहिले धेरै जिल्लामा कोरोना महामारी नियन्त्रणका लागि लागेको निषेधाज्ञाले श्रमिक वर्ग थप मर्कामा परेको उनको मूल्यांकन छ ।

केन्द्रीय तथ्यांक विभागको पछिल्लो नेपालको श्रम सर्वे प्रतिवेदन अनुसार ८० लाख नागरिक श्रम बजारमा छन । तिनमा आठ लाख ८६ हजार

महिलासहित ७० लाख ८६ हजार नागरिकले् देशभित्र रोजगारीमा पाएका छन भने नौ लाख बेरोजगार छन् ।

कोरोनाका कारण गतवर्षदेखि आन्तरिक रोजगारीका स्रोत होटल, पर्यटन, निर्माण क्षेत्र, व्यवसाय, उद्योग बन्द भए । त्यहाँ काम गर्ने ठूला संख्याका श्रमिक बेरोजगार भए । अझै दैनिक ज्यालादारी श्रमिक दोहोरो मारमा परेका छन् ।

यो वर्ष पनि कोरोनाको बन्दाबन्दी गत वर्षजस्तै लम्बिएमा बेरोजगारीको अवस्थाले भयावह अवस्था सिर्जना हुने प्रक्षेपण भएका छन् । अन्तर्राष्ट्रिय ट्रेड युनियन महासंघ (आईटीयूसी) कोरोना महामारीका कारण सन् २०२१ मा स्वदेश र विदेश गरेर प्रत्यक्ष रूपमा सात-आठ लाख नेपालीले रोजगारी गुमाउने प्रक्षेपण सार्वजनिक गरेको छ । अघिल्लो वर्षकै २७ लाख बेरोजगार छन् ।

*(सीता शर्मा 'गोरखापत्र' दैनिकसँग आबद्ध पत्रकार हुन्)*

# चुनौतीभित्र रुमल्लिएको बागमतीको अवसर

टेनिस रोका

संघीय राजधानी भित्रिँदा या बाहिरिंदा बागमती प्रदेशका विभिन्न जिल्लाले स्वागत र बिदाइ गरिरहेका हुन्छन् । केन्द्रीय राजधानी प्रवेश मार्गको रूपमा रहेको बागमती प्रदेशसँग जति चुनौती छन् उति नै अवसर पनि देखिएका छन् ।

बढ्दो जनघनत्व, वातावरण प्रदूषण, अस्तव्यस्त शहरीकरणको शिकार बनेको काठमाडौं उपत्यका वरीपरीका ठाउँहरूलाई व्यवस्थित गरी नमूनायोग्य प्रदेश बनाएर संघीय सरकार र बाँकी ६ वटा प्रदेशलाई उदाहरणीय काम गरेर देखाउन पाउने अवसर बागमतीलाई छ भने ती काम गर्नु कम चुनौतीपूर्ण पनि छैन । विज्ञहरूका अनुसार यी अवसर र चुनौतीलाई प्रदेश सरकारले कसरी सम्बोधन गर्छ, त्यसमा नै यस प्रदेशको विकास निर्भर गर्छ ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. शंकर शर्माले प्रदेश सरकारहरूसँग प्रशस्त अवसरका ढोकाहरू खुला भए पनि त्यतातिर ध्यान नै दिन नसकेको देखेका छन् ।

बागमती प्रदेशले दिगो विकासको अवधारणालाई सँगाल्दै नीति तथा कार्यक्रम र बजेटमार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । विज्ञहरूका अनुसार प्रदेश सरकारले कानूनी र व्यवहारिक रूपमा जेजति गर्नुपर्ने हो, त्यसो गर्न सकेका छैनन् ।

पूर्वाधारविज्ञ सूर्यराज आचार्यका अनुसार बागमतीसहित अन्य प्रदेशले बजेट माग्ने र आएको बजेटलाई बाँड्ने मात्र काम गरेका छन् । 'संघीयता भनेर बजेट माग्ने र दिएको पैसालाई बाँड्ने मात्रै काम भएका छन्, परम्परागत कामभन्दा अरू देखिँदैन,' उनी भन्छन् ।

अर्थ तथा राजनीतिक विश्लेषण हरि रोका प्रदेशहरू उपलब्ध स्रोत साधनको उचित व्यवस्थापनसहितको दिगो विकासको अवधारणा नीतिगत, कानून र व्यवहारिक रूपमा ल्याउन नसकेको जनाउँछन् । राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. शर्मा पनि प्रदेशहरूसँग नेतृत्व, नीति, योजना, कर्मचारीदेखि प्राविधिकहरूको अभावलगायत समस्याले दिगो विकासको अवधारणामा अघि बढ्न नसकेको ठान्छन् ।

पूर्वाधारविद् आचार्यको प्रदेशहरूले अहिले परम्परागत विकास शैलीभन्दा फरक तरिकाले काम गर्नुपर्ने सुझाव छ । हाम्रो आवश्यकता र लक्ष्यअनुरूप दिगो विकासको विषयमा स्पष्ट भएर अघि बढ्नुपर्ने उनी बताउँछन् । 'अन्तर्राष्ट्रिय मुद्दालाई जस्ताको तस्तै यहाँ दिगो विकासको नाममा ल्याएर हाम्रो लक्ष्य र उद्देश्य पूरा नहुन सक्छ, सरोकारवाला यसमा सचेत हुनुपर्छ,' उनले भने ।

युरोप अमेरिकाले आफ्नो देशको विकास गर्नुपर्ने जति गरिसकेको उदाहरण दिँदै आचार्य थप्छन्, 'उनीहरूले विकासका लागि रूख काट्ने, विकास निर्माण गर्नुपर्ने गरिसकेपछि अहिले हाम्रोमा आएर दिगो विकासको नाममा एउटा पनि रूख काट्न पाइँदैन भन्नु उपयुक्त हुँदैन, त्यसैले सरकारले हाम्रो दिगो विकास के हो, हामीले के के गर्नुपर्ने हो पहिले त्यो पहिचान गरेर अघि बढ्न सक्नुपर्छ ।'

## के हो दिगो विकास

सामान्य भाषामा भविष्यसम्मलाई हुने गरी गरिने विकास कार्यलाई दिगो विकास भनेर बुझ्ने गरिएको छ । भविष्यका पिँढीका आवश्यकताहरूसँग

सम्झौता नगरीकन वर्तमान पिँढीका आवश्यकता परिपूर्ति गर्नु नै दिगो विकास भएको यसका जानकारहरू बताउँछन् ।

'दिगो विकास' शब्दको प्रयोग नर्वेकी प्रधानमन्त्री डा. ग्रो हर्लेम ब्रुन्टल्यान्डको अध्यक्षतामा सन् १९८३ संयुक्त राष्ट्र संघद्वारा गठित प्रतिवेदनमा गरिएको थियो । वातावरण र विकाससम्बन्धी विश्व आयोगको सो प्रतिवेदन सन् १९८७ मा 'हाम्रो साझा भविष्य' शीर्षकमा प्रकाशित गरिएको थियो । त्यसयता, प्राकृतिक स्रोत, साधन, वातावरण, जनसंख्या र विकास गतिविधिहरूबीचको उचित एवं सन्तुलित तालमेललाई नै दिगो विकास भनेर बुझिने गरिएको छ ।

संयुक्त राष्ट्रसंघले सन् २०३० सम्ममा गरिबी र भोकमरी उन्मुलन गर्नेदेखि विपद्सँग जुध्ने क्षमता मजबुत बनाउनेसहितका १७ वटा उद्देश्य र १६९ वटा महत्वाकांक्षी लक्ष्यहरू राखेर दिगो विकासको लक्ष्य कार्यान्वयनमा ल्याएको छ । नेपालले पनि त्यसमा प्रतिबद्धता जनाएको छ । राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्यहरू, वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३० सार्वजनिक गरेर कार्यान्वयनको पहलकदमी अघि बढाएको छ ।

पूर्वाधारविद् आचार्य दिगो विकास भन्ने अवधारणा विश्वभर नै चले पनि त्यसलाई अलग्याएर हामीले के गर्दा दिगो विकास हुन्छ, त्यसतर्फ पाइला चाल्नुपर्ने बताउँछन् ।

## बागमतीका अवसर

संघीय राजधानी रहेको बागमती प्रदेशसँग झनै बढी अवसर जोडिएका छन् । उपत्यका र यसका आसपासका जिल्लामा पर्यटन, कृषि, मौलिकतामा आधारित शहरीकरण, हरियालीपन, स्रोत र सम्पदाको व्यवस्थापन आदी क्षेत्रमा अवसरको ढोका खुला रहेको विज्ञहरू बताउँछन् ।

पूर्वाधारविद् आचार्य बागमती प्रदेश संघीय राजधानी अवस्थित प्रदेश भएकाले पनि अवसर र चुनौती दुवै भएको बताउँछन् । उनी चितवनलगायत शहरलाई साइकल सिटी बनाउने, शहरी विकासलाई व्यवस्थित गर्ने, वातावरणमैत्री विद्युतीय सवारीसाधनको अवधारणा ल्याउनेदेखि पर्यटन र कृषिमा मनग्य अवसर रहेको औंल्याउँछन् ।

दिगो विकासको लागि स्पष्ट योजना चाहिने बताउँदै डा. आचार्य

बागमती प्रदेशले मौलिकतामा आधारित योजना बनाएर संघीय सरकार र बाँकी ६ वटा प्रदेशलाई सिकाउनुपर्ने विचार राख्छन् । डा. शर्माको भने भिजनसहितको कार्यक्रम ल्याएर त्यसअनुसारको मानव संसाधन विकास गरेर र ऐन कानून निर्माण गरेर अघि बढ्नुपर्ने रायसुझाव छ ।

## के गर्दै छ बागमती प्रदेश ?

बागमती प्रदेशले सडक पूर्वाधारलगायत विकास निर्माणलाई प्राथमिकता दिने गरेको पाइएको छ । प्रदेश सरकारले प्रदेशको आवश्यकता, लक्ष्य र उद्देश्यसहितको दिगो विकासको अलग्गै खाका भने बनाएको छैन । प्रदेश सरकारले विभिन्न ऐन कानून बनाए पनि ती संघीय सरकारकै नक्कल जस्ता मात्र रहेका छन् ।

बागमती प्रदेशअन्तर्गत भौतिक पूर्वाधार मन्त्रालयका सचिव सञ्जीव बराल भने दिगो विकासको अवधारणसहित थुप्रै कामहरू भएको दाबी गर्छन् । सरकारले नीति तथा कार्यक्रम र बजेटमार्फत त्यस्ता योजना तथा कार्यक्रमहरू अघि सारेर काम हुँदै आएको उनको भनाइ छ ।

प्रदेश सरकारले नीति तथा कार्यक्रम र बजेटमार्फत भौतिक पूर्वाधार तथा विकास निर्माणलाई प्राथमिकता पनि उत्तिकै दिने गरेको छ । बागमतीले 'प्रदेश समृद्धिको आधार : पूर्वाधार विकास र रोजगार' विकासको मूल ध्येय नीतिलाई आफ्नो नीति तथा कार्यक्रममार्फत अघि सारेको छ ।

'शहरी सडक पूर्वाधार सुधारः सम्मुन्नत जीवनको नागरिक अधिकार' नारा दिएर आर्थिक वर्ष २०७७/७८ मा सडक पूर्वाधारलाई महत्त्व दिएको छ । प्रदेशमा ३३ वटा खानेपानीको आयोजना सम्पन्न भएका छन् भने २८ वटा आयोजनाको गुणस्तर सुधार हुँदा ७४ हजार १५६ जनसंख्या प्रत्यक्ष लाभान्वित भएका छन् ।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयद्वारा जारी प्रदेश विकास दर्पण २०७७ अनुसार १८ वटा स्थानीय तहलाई केन्द्रसँग जोड्ने प्रादेशिक लोकमार्गहरूको कुल १९३ किमी र अन्य महत्त्वपूर्ण प्रादेशिक लोकमार्ग र आर्थिक केन्द्र जोड्ने सडक आयोजनाहरूको कुल २ सय किलोमिटरसमेत गरी ३९३ किमी सडकको स्तरोन्नति भएको छ । भौतिक पूर्वाधार मन्त्रालयका

अनुसार ८९१ किमी कच्ची सडक, ४०४ किमी ग्राभेल खण्डस्मिथ सडक, १५२ किमी कालोपत्रे, ३३ किमी ढलान सडक निर्माण भएको छ ।

चुरे क्षेत्र तथा संवेदनशील क्षेत्रमा रहेका खोला र खहरेहरूमा बृहत् बाँस रोपण तथा बायो-इन्जिनियरिङ प्रविधिद्वारा संरक्षण कार्यक्रमअन्तर्गत ८६३ वटा खहरे तथा पहिरो नियन्त्रण गरी ५६ किमी संरचना निर्माण गरेको छ । उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयका अनुसार ६ वटा हिलस्टेशन र १० वटा नमुना पर्यटन गन्तव्यसहित २८६ वटा पर्यटन पूर्वाधार निर्माण भएको छ ।

आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा 'दिगो पूर्वाधार, रोजगारी र उत्पादन वृद्धि : यसैबाट हुन्छ प्रदेशको समृद्धि'को नीतिमा आधारित रहेर पूर्वाधार विकासका कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयन गरिने उल्लेख छ ।

प्रदेश सरकारले २०८५ सम्म प्रदेशमा खनिज इन्धनबाट चल्ने सवारीसाधनहरूलाई विस्थापित गर्ने नीति अघि सारेको छ । नीति तथा कार्यक्रममा खरको छानामुक्त कार्यक्रम, साना शहर, रमणीय क्षेत्रमा बस्ने हामी सबैको रहर, एकीकृत बस्ती विकास कार्यक्रम, सुदृढ पूर्वाधारसहितको जनता आवासजस्ता विषय समेटिएका छन् ।

*(नेपाल पत्रकार महासंघ, उपत्यका प्रदेश समितिका महासचिव टेनिस रोका 'राजधानी' दैनिकसँग आबद्ध छन्)*

खण्ड

५

# कृषि विकास



# प्रधानमन्त्री र प्रदेश प्रमुखको नाम लिएर ठगी

लक्ष्मी सापकोटा

काठमाडौंको टोखा नगरपालिका–२ स्थित सफल कृषि फार्मका सञ्चालक पञ्चकाजी श्रेष्ठले कृषि खेतीको लागि पाएको २६ लाख अनुदान रकम लिए । व्यावसायिक कृषि तथा व्यापार आयोजना (प्याक्ट)बाट २०७३ सालमा पहिलो किस्ता लिएपछि अर्को किस्ताको लागि गएनन् । हाल खारेज भइसकेको प्याक्टका तत्कालीन कर्मचारीले अर्को किस्ताको लागि २० वटा नक्कली टनेल देखाउन भनेपछि उनी अनुदान लिन नगएका हुन् । पहिलो किस्ता रकम लिनका लागि ५० हजार रूपैयाँ घुस बुझाउनुपरेपछि र अर्को किस्ताको लागि नक्कली टनेल देखाउन भनेपछि पञ्चकाजी अर्को किस्ताको अनुदान रकमसमेत लिनै नगएको बताउँछन् ।

प्याक्टका कर्मचारीले पहिलो किस्ताबाट बनाएको वटा २० टनेललाई पुनः देखाएर कुल ४० टनेलको अनुदान रकम दिने प्रस्ताव गरेपछि 'नक्कली काम गर्दिनँ' भन्दै नगएको उनको भनाइ छ । 'मलाई प्याक्टका कर्मचारीले पहिलाकै २० टनेलसहित नयाँ २० टनेल बनाएर ४० वटा देखाई रकम

लिन भन्नुभयो, उहाँहरूले २० वटा टनेलको रकम माग्नुभएको थियो तर म नक्कली टनेल देखाएर रकम लिन्न भनेर फर्कैरै गइनँ,' उनले भने ।

पञ्चकाजीको टोखा नगरपालिका-२ को लबुमा साढे ११ रोपनीमा कृषि फार्म छ । सुरूमा देव विकास बैंकबाट २५ लाख रूपैयाँ ऋण लिएर सुरू गरेको उनको फार्ममा गोलभेंडा, काउली, काँक्रो, सिमी, बोडीलगायत तरकारी उत्पादन हुने गरेको छ । वार्षिक २ लाख ६० हजार रूपैयाँ भाडामा जग्गा लिएका उनको फार्ममा वार्षिक कारोबार १० लाख रहेको छ ।

स्वदेशमै बसेर कृषि उत्पादनमा लागौं भनेर कस्सिएका उनले तुलाराज गिरीसँग मिलेर च्याउ फार्म पनि सञ्चालन गर्ने योजना बनाए । प्याक्टका कर्मचारीबाट दिक्क भएको बेला उनको फर्म खोज्दै आफूलाई झापा र विराटनगर घर बताउने लेखनाथ प्रसाईं र सन्तोष भन्डारी आइपुगे । आफूहरू प्रधानमन्त्री केपी शर्मा ओलीको नजिक रहेको र आफूहरूलाई ५० प्रतिशत अनुदानको रकम दिएमा च्याउ फार्म देखाएर ४० लाख रकम अनुदान उपलब्ध गराउने उनीहरूले बताए ।

बागमती प्रदेश प्रमुख विष्णु प्रसाईं आफ्नो नजिकको दाजुभाइ रहेको तथा उहाँको घरमा प्रधानमन्त्री ओली पटकपटक खाना खान आउने बताउँदै उनीहरूले अनुदान रकम उपलब्ध गराउनका लागि कुनै समस्या नभएको बताए । तर, उनीहरूको शर्त थियो- प्रक्रियाका लागि सुरूमा दुई लाख रूपैयाँ दिनुपर्छ । फर्ममा उनीहरूले यसको लागि आफूहरूलाई सहभागी बनाउनुपर्ने प्रस्ताव पनि राखे । पटक पटकको छलफलपछि सन्तोष भन्डारीलाई टोखामै रहेको बालकुमारी च्याउ फार्मको लेखापाल नियुक्ति पनि गरियो तर अहिले भण्डारी सम्पर्कविहीन भएको उद्योगका सञ्चालक गिरी बताउँछन् । अनुदान रकमका लागि फाइल बनाउनुपर्छ भनेर उनीहरूलाई ५० हजार रूपैयाँ दिएको उनले जानकारी दिए ।

श्रेष्ठले पनि अनुदान रकम पाउनका लागि २०७६ को असोज महिनामा लेखनाथ प्रसाईं र सन्तोष भण्डारीको नाममा एक लाखको चेक दिए । यस्तै गिरीले भने ५० हजार रूपैयाँ दिए । तर न उनीहरूले अनुदान पाए, न त्यो पैसा फिर्ता नै । 'प्रधानमन्त्री र प्रदेशप्रमुखको नजिक छौं, रकम जसरी पनि उपलब्ध गराउँछौं भनेपछि हामीले रकम दियौं तर अनुदान पाउनु त कता हो कता, आफ्नै पैसा फिर्ता माग्दा पनि दिंदैनन्, भागीभागी हिंडेका छन्,' उनले

भने । उनीहरूले प्रदेश प्रमुखले भनेपछि प्रधानमन्त्रीमार्फत सजिलै अनुदान पाइने बताएको उनको भनाइ छ ।

प्रसाईं र भण्डारीको त्यो समूहले अनुदान मिलाइदिन्छु भन्दै एक सयभन्दा बढी किसानबाट करोडभन्दा बढी रकम संकलन गरेको उनले चाल पाएका छन् । ऋणमा डुबेका किसान खोज्दै अनुदान रकम उपलब्ध गराउँछु भन्दै उनीहरूले ठग्ने गरेका छन् ।

यस्तै टोखा गोलगुङ्गामै ४० रोपनी जग्गामा गोलभेडा फार्म सञ्चालन गरेका मनोज चापागाईंलाई पनि फार्मको लागतअनुसार त्यो समूहले अनुदान मिलाइदिने र यसमध्ये ५० प्रतिशत आफूलाई दिनुपर्ने प्रस्ताव गऱ्यो । उनले पनि अनुदान पाउने आसमा डेढ लाख रूपैयाँ दिए तर अहिलेसम्म अनुदान पाएका छैनन् । अनुदान रकम नपाएपछि उनले पटक पटक पैसा नदिए उजुरी गर्छु भनेर धम्काएपछि लेखनाथले नेपाल इन्भेष्टमेन्ट बैंकको एक लाख रूपैयाँको चेक दिए तर खातामा रकम थिएन । पटकपटक चेक साट्न जाँदा नसाटिएपछि उनी चेक बाउन्सको केसमा प्रहरीमा उजुरी दिने तयारीमा छन् । 'अनुदान रकम उपलब्ध गराइदिन्छु भनेर विश्वास दिलाएपछि डेढ लाख रूपैयाँ दिएँ तर लामो समयसम्म अनुदान नपाएपछि फसेँ भन्ने थाहा पाएँ । उनीहरू किसानबाट रकम संकलन गर्दै हिंड्ने ठग पो रहेछन्,' उनले भने ।

टोखामै हास्य कलाकार अर्जनु खनाल (सिते बा) को सिते बा अर्ग्यानिक फर्म पनि छ । त्यही समूहले उनलाई समेत ८ करोड रकम अनुदान मिलाइदिने र त्यसमा आफूहरूलाई ५० प्रतिशत रकम दिनुपर्ने प्रस्ताव राखे । प्रस्ताव सुनेपछि दुवै पक्षबीच छलफल भयो र गिरोहमध्येको एक जनालाई प्रबन्धकको रूपमा नियुक्ति पनि दिए । फार्म निकट स्रोतका अनुसार खनालको समूहले एक लाख पनि दियो । तर, फार्मका सञ्चालक खनाल भने आफूलाई प्रस्ताव आएको तर विश्वास नलागेर रकम नदिएको दाबी गर्छन् ।

यसै गरी, काठमाडौंको रामपुरमा रहेको बीवाईपी च्याउ उत्पादक केन्द्रका सञ्चालक ऋषिलाल तामाङलाई पनि अनुदान उपलब्ध गराइदिने प्रस्ताव आयो । अनुदान मिलाइदन्छु भनेर सन्तोष भण्डारीलाई अग्रिम २ लाख दिएको उनले जानकारी दिए ।

## 'ठगेको छैन, भए कारबाही हुन्छ'

केही व्यक्तिले सरकारी अनुदान मिलाइदिन्छु भनेर प्रधानमन्त्री ओली र प्रदेश प्रमुख प्रसाईंको नाम जोडेर ठगी गरिरहेको किसानको भनाइ छ । तर, प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाले भने यसबारेमा कुनै जानकारी नभएको बताए । 'नियम, कानून र कार्यविधिगत प्रक्रियाबाट मात्र अनुदान रकम वितरण हुने गर्छ,' प्रेस सल्लाहकार थापाले भने, 'प्रधानमन्त्रीको नाम देखाएर कोही कसैले ठगेको भए त्यस्ता व्यक्तिलाई सीधै प्रहरीसमक्ष बुझाउन सक्नुहुन्छ, तिनलाई कारबाही हुन्छ ।'

किसानले आरोप लगाए पनि अनुदान दिने निकायले भने आफूहरूले कुनै घुस नमागेको र नक्कली टनेल देखाउनसमेत नभएको दाबी गरेको छ । तत्कालीन प्याक्ट आयोजनाका प्रमुख डा. गोविन्द शर्मा प्रक्रिया पूरा गर्ने कृषि फार्मलाई मात्र अनुदान रकम वितरण गरिएको दाबी गर्छन् । मेरो कार्यकालमा नक्कली टनेल देखाएर अनुदान रकम वितरण गर्ने काम कसैबाट पनि भएको छैन, उनले भने, 'म आएपछि सम्झौता गरेर काम नगर्ने ७५ परियोजनालाई खारेज गरिएको थियो ।'

पछिल्लो समयमा आवश्यक कागजपत्र बनाएर अनुदान लिने तर कृषि फार्म नहुने प्रवृत्ति बढेको छ भने अनुदान दिलाएर ठग्ने समूहको पनि बिगबिगी छ । किसानहरूका अनुसार, प्रसाईं र भन्डारीको समूहले आफूहरूले अनुदान मिलाइदिने र त्यसमध्ये ५० प्रतिशत आफूलाई दिनुपर्ने तर कृषि फार्म भने नबनाए पनि हुने भन्दै ठगी गर्दै आएको पीडित किसानको भनाइ छ ।

यो समूहले कानूनी रूपमा प्रक्रिया पूरा गरेको देखाएर किसानसँग रकम संकलन गरेर ठगिरहेका छन् । तर त्यस समूहमध्येका एक लेखनाथ प्रसाईं अनुदान रकम उपलब्ध गराउँछु भनेर कसैबाट पनि रकम नलिएको दाबी गर्छन् । 'सुरूमा किसानहरूले तपाईंको मान्छे छ भने अनुदान रकम दिलाइदिनूस् भनेका थिए,' उनले भने, 'यस्तो काम मबाट हुँदैन, अरूबाटै गर्नु भनेर फर्काएँ, त्यसपछि यसबारेमा मलाई केही पनि जानकारी छैन ।'

समूहमध्येका एक झापाकै रहेको तथा प्रधानमन्त्री र प्रदेश प्रमुख पनि झापाकै रहेकाले किसानले पत्याएका थिए । यसबारेमा जिज्ञासा राख्दा प्रदेश प्रमुख विष्णुप्रसाद प्रसाईंले केही बोल्न चाहेनन् र आफ्नो स्वकीय सचिवसँग

कुरा गर्न भने । बागमती प्रदेश प्रमुख प्रसाईंका स्वकीय सचिव प्रताव उप्रेतीले भने प्रदेश प्रमुखले अनुदान उपलब्ध गराइदिने भनेर कसैलाई कुनै आश्वासन नदिएको बताए । 'प्रदेश प्रमुखबाट यस्तो काम भएको छैन, यो भूmटो हो,' उनले भने, 'यदि किसानको गुनासो सही भई यसरी प्रमुखको नाम बिकाएर हिंडेको प्रमाणित भए कारबाही गर्छौं ।'

त्यो समूहले मन्त्रालय र सम्बद्ध निकायका अधिकारीहरूलाई खुशी बनाएर अनुदान रकम व्यवस्था गर्ने बताउँदै आएको किसानहरूले बताएका छन् । तर मन्त्रालयका उच्च अधिकारीहरूले भने यस्तो काम नभएको दाबी गरेका छन् ।

## अनुदान अब तल्ला सरकारबाट

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका पूर्वसचिव राजेन्द्र भारी कृषिमा अनुदान वास्तविक किसानसमक्ष पुग्न नसकेको बताउँछन् । स्थानीय तहमा बजेट बढाएर स्थलगत अध्ययन गरेर व्यवसाय गर्ने किसान हो कि होइन भनेर मात्र अनुदानको लागि सम्झौता गर्नुपर्छ, उनले भने, 'व्यवसाय गरेको छ की छैन भनेर पटकपटक अनुगमन निरिक्षण गरेपछि मात्र अनुदान रकम प्रभावकारी बन्न सक्छ ।' किसान वर्गीकरण गरेर तीनको प्राविधि, वित्तीय र सामाजिक अवस्था हेरेर मात्र वास्तविक किसानलाई अनुदान रकम उपलब्ध गराउनुपर्ने उनको भनाइ छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा. योगेन्द्रकुमार कार्की भने कृषिमा दिएको अनुदान प्रभावकारी बन्दै गएको दाबी गर्छन् । केन्द्रबाट दिँदै आएको अनुदानलाई सरकारले प्रदेश र स्थानीय निकायमार्फत वितरण गर्ने सोच बनाइसकेको छ । डा. कार्कीले भने, 'अनुदान प्रक्रियालाई वास्तविक किसानले पाउने गरी अझ प्रभावकारी बनाउँदै लैजान्छौं ।' आउँदो वर्ष कृषिमा दिएको अनुदान प्रभावकारी छ कि छैन भनेर अध्ययन गर्न लागिएको पनि उनले जानकारी दिए ।

सरकारले प्रभावकारी बन्दै गरेको दाबी गरे पनि कृषि अनुदानले उत्पादन बढाउनेभन्दा पनि अनुदान लिएर दूरूपयोग गर्ने प्रवृत्ति देखिएको छ । कृषिविज्ञ डा कृष्णप्रसाद पौडेल किसानको नाममा दिएको अनुदान एक

प्रतिशत पनि वास्तविक किसानले नपाएको बताउँछन् । शत प्रतिशत रकम नीतिगत तवरबाट भ्रष्टाचार भइरहेको छ, उलने भने, 'उत्पादन बढाउनका लागि किसानलाई लाभ नभई कार्यविधि बनाउने, प्रस्ताव तयार पार्ने र समूहका नाममा दूरूपयोग गर्नेहरूलाई लाभ भइरहेको छ ।'

राष्ट्रिय कृषक समूह महासंघका पूर्व अध्यक्ष उद्धव अधिकारी पनि सरकारले उपलब्ध गराएको अनुदान रकम वास्तविक किसानसमक्ष पुग्न नसकेको बताउँछन् । टाठाबाठा र पहुँचवाला व्यक्तिले पटक-पटक अनुदान रकम लगेका छन्,' उनले भने, 'किसानको नाममा दिएको रकम किसानमा नपुगी बिचौलियामार्फत दूरूपयोग भइरहेको छ ।' किसानको वर्गीकरण गरेर परिचयपत्रका आधार वितरण गर्ने र स्थानीय तहमा कृषिक्षेत्रसम्बन्धी अनुगमन टोली गठन गरेर नियमितरूपमा अनुगमन गरेपछि यसलाई व्यवस्थित गर्न सकिने उपाय पनि उनले सुझाए ।

## मिलेमतोमा दुरूपयोग : *सरकारी प्रतिवेदन*

कृषिक्षेत्रमा दिइँदै आएको अनुदान निष्प्रभावी भएको मात्र होइन, मिलेमतोमा दुरूपयोग समेत भइरहेको सरकारी प्रतिवेदनले नै देखाइसकेको थियो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गठन गरेको 'अनुदानको प्रभावकारिता सम्बन्धी अध्ययन कार्यदल' ले २०७५ मा तयार पारेको प्रतिवेदनले कृषिक्षेत्रमा दिइएको सरकारी अनुदान प्रभावकारी नभएको निष्कर्ष निकालेको थियो ।

कृषि अनुदानको नामका अनावश्यक चलखेल हुन थालेपछि प्याक्ट आयोजना खारेज भएको छ भने पछिल्लो समयमा अनुदान कार्यविधिमा पनि परिवर्तन गरिएको छ । कृषिविज्ञ पौडेल अनुदान रकमको दुरूपयोग रोक्न अनुदानका नाममा नीतिगत तहमा हुने भ्रष्टाचार अन्त्य हुनुपर्ने बताउँछन् ।

व्यावसायिक कृषिको विस्तारमा सघाउन सरकारले विश्व बैंकको सहयोगमा सन् २०६६ मा 'व्यावसायिक कृषि तथा व्यापार आयोजना (प्याक्ट)' सुरू गरेको थियो । विश्व बैंकको ८१.८५ मिलियन डलर (रू.९ अर्बभन्दा बढी) को सहयोगमा सञ्चालित यस आयोजनाबाट वितरण गरिएको अनुदान रकम दुरूपयोग भएको सरकारी अध्ययनले देखाएको थियो ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले गठन गरेको 'अनुदानको प्रभावकारिता सम्बन्धी अध्ययन कार्यदल' ले २०७५ मा तयार पारेको प्रतिवेदनले कृषिक्षेत्रमा दिइएको सरकारी अनुदान पहुँचवालाले मात्र पाएको र प्रभावकारी नभई दुरूपयोग भएको निश्कर्ष निकालेको थियो । कृषि उत्पादन बढाउने ठूला परियोजनाहरूको व्यवस्थापनमा समस्या रहेको, कृषिको व्यवसायीकरणका लागि मूल्य शृंखलामा आधारित पूरक अनुदानमा टाठाबाठाको हालीमुहाली रहेको, कर्मचारीसँगको मिलेमतोमा प्रलोभन र दबाबबाट पहुँचवालाले लाभ लिएको अध्ययन प्रतिवेदनले देखाएको थियो ।

आयोजना तोकिएको नौ वर्षको अवधिमध्ये ८ वर्षमा जम्मा ६१ प्रतिशत मात्रै वित्तीय प्रगति भएको अध्ययनले देखाएको थियो । पहुँचवालाले लाभ लिएको र कर्मचारीदेखि राजनीतिक दलका नेतासम्म मिलेर अनुदान रकम दुरूपयोग गर्दा वास्तविक किसानसम्म पुग्न नसकेको पनि अध्ययनले देखाएको थियो ।

## अनुदानका नयाँ शृंखला

सरकारले कृषिमा उत्पादन बढाउनका लागि कृषि तथा पशुपक्षी विकास मन्त्रालयअन्तर्गत संघ र प्रदेश र स्थानीय निकायबाट विभिन्न आयोजनामार्फत किसानलाई अनुदान कार्यक्रम सञ्चालन गरिंदै आएको छ । प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना कार्यक्रममार्फत २०७४ वर्षदेखि विभिन्न अनुदानका कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

सो आयोजनामार्फत आर्थिक वर्ष २०७५/७६ अनुदानको रूपमा ४ अर्ब ७७ करोड ७५ लाख रूपैयाँ अनुदान बिनियोजन गरिएकोमा ५६ प्रतिशत मात्र खर्च भएको थियो । त्यस्तै सोही आयोजनामार्फत २०७६/७७ मा ८ अर्ब १० करोड १ लाख ३६ हजार रकम रहेकोमा केन्द्रीय निकायमा ३ अर्ब ७५ करोड ८६ लाख र प्रदेशसरकारमार्फत ४ अर्ब ३४ करोड २४ लाख ३४ हजार रकम अनुदानका लागि वितरण गरिएको थियो । यस्तै आर्थिक वर्ष २०७७/७८ मा संघ, प्रदेश र स्थानीय निकायको लागि ८ अर्ब २२ करोड रकम बिनियोजन गरिएको थियो । यसमा संघमा ३ अर्ब २३ करोड, प्रदेशमा २ अर्ब ८९ करोड र स्थानीय निकायमा २ अर्ब ९६ करोड रकम बिनियोजन गरिएको थियो ।

यस्तै आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेटमा यस आयोजनका लागि संघ, प्रदेश र स्थानीय तहमा गरेर ७ अर्ब ९८ करोड रूपैयाँ बिनियोजन गरिएको छ ।

यस्तै नेपाल लाइभस्टक सेन्टर इनोभेसन आयोजनामार्फत पनि किसानलाई अनुदान रकम वितरण गर्ने कार्यक्रम रहेका छन् । विश्व बैंकको आर्थिक सहयोगमा सञ्चालित सो आयोजना २०७४ मा कार्यान्वयनमा आए पनि जनशक्ति भर्ना, कार्यालय स्थापना हुन नसकेको र कोरोना भाइरस समेत आएको कारणले गर्दा समयमा काम हुनसकेन । फलतः २ करोड अमेरिकी डलर रकम कटौती भएको आयोजनाले जानकारी दिएको छ । ६ वर्षभित्र सक्ने गरी यस आयोजनाको लगानी ८ करोड अमेरिकी डलर रहेको छ । किसानलाई अनुदान उपलब्ध गराउनका लागि सम्झौता गर्ने क्रममा रहेको पनि आयोजनाले जानकारी दिएको छ ।

यस्तै विश्व बैंककै आर्थिक सहयोगमा सञ्चालित खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनामार्फत किसानलाई अनुदान वितरणका कार्यक्रम रहेका छन् । २०७५ कात्तिकमा यो आयोजना सुरू भए पनि कार्यविधि तयार र कार्यालय स्थापना हुन नसक्दा अझै किसानलाई अनुदान रकम वितरण गर्न सकिएको छैन । यस आयोजनाको कुल लगानी २ करोड २७ लाख अमेरिकी डलर रहेको छ । परियोजनालाई कडाइ गरेपछि समयमा अनुदान रकम खर्च हुनसकेको छैन ।

कृषि अनुदानलाई व्यवस्थित बनाउन नसक्दा बजेट भएर पनि एकातिर वास्तविक किसानले अनुदान नपाई खर्च हुनसकेको छैन भने अर्कोतिर कृषकको नाममा केही टाढा बाठाले कागजमा फार्म देखाएर अनुदान लिई दुरूपयोग गरेका छन । त्यसमाथि पनि अनुदान मिलाइदिन्छु भन्दै किसानसँग ठग्ने बिचौलिया र गिरोहहरूको बिगबिगी पनि बढेको छ ।

*(पत्रकार लक्ष्मी सापकोटा 'कारोबार' आर्थिक दैनिकसँग आबद्ध छिन्)*

# आधुनिकताको बाटोमा थपिँदो उभार

कृष्णा बिष्ट (सुनिता)

मकवानपुरगढी गाउँपालिका–६, धमिलेफाँटको कृषि फार्म जिल्लाकै एक उत्कृष्ट कृषिफार्मका चर्चा कमाउन सफल छ । सामरी खोलाकिनार नजिकैको तिमल्सिना कृषिफार्ममा करिब ५४ वर्षीय बद्रीप्रसाद तिमल्सिना कृषिफार्ममा तरकारी लगाउने, गोड्ने तथा टिप्ने काममा व्यस्त देखिन्छन् । आफ्नो घरनजिकै खेत भाडामा लिएर २० वर्षदेखि कृषिकर्ममा लागिरहेका तिमल्सिना पछिल्लो ४ वर्षदेखि भने आधुनिक प्रविधि प्रयोग गरी कृषिमा भिन्नै परिचय बनाउन सफल भएका छन् ।

'पहिले आफ्नै तरिकाबाट गरिएको तरकारी खेतीबाट खर्च धेरै हुने तर आम्दानी कम हुने गरेको थियो । अहिले कृषि प्राविधिकको साथ र सहयोग पाइएको छ । लगानी कम तर उत्पादन र फाइदा बढी हुने गरेको छ,' तिमल्सिनाको अनुभव छ । संघीयता लागू भएपछि गाउँका किसानका लागि उत्साहजनक उपलब्धि भएको तिमल्सिनाको ओठको मुस्कानले प्रस्ट पारेको छ । पालिकाका कृषि अधिकृत, स्थानीय सरकार तथा प्रदेश सरकारको

सहयोगले आफू आधुनिक कृषितर्फ आकर्षित भएको उनले सुनाए ।

उनले धमिलेफाँटमा १० बिगाहा जग्गामा नगदेबाली लगाएका छन् । फार्ममा कतै काँक्रो लहलह भएर फलिरहेको छ त कतै गोलभेंडा । कतै करेला टिप्न ठिक्क छ । खुर्सानी, माछे खुर्सानी, भेंडे खुर्सानी, हरियो प्याज, हरियो फर्सीलगायत थरीथरीका तरकारी लहलह छन् ।

पाँच कट्ठा जग्गामा बनाइएको भेन्टिलेसन सहितको टनेलमा फलेका गोलभेंडा उनले वर्षभरि बेचे । पोहोर वैशाखमा उनले लगाएका गोलभेंडा बजार लैजान ठिक्क भएको बेला लकडाउन आइलाग्यो र बिक्री गर्न समस्या पर्‍यो । तर, उहाँको त्यो समस्या समाधानका लागि प्रदेश सरकारले ५० प्रतिशत अनुदानमा उपलब्ध गराएको ढुवानी ट्र्याक्टर उनका लागि सहारा बन्यो र बारीमै तरकारी कुहिन पाएन ।

सामान्य विधिबाट भन्दा आधुनिक प्रणालीबाट गरिने खेतीले किसानको लगाव बढाएको छ । तिमल्सिना खेतबारीको काम मेसिनबाटै गर्छन् । खन्न हाते ट्र्याक्टर प्रयोग छ, तरकारी गोड्ने, आलु खन्ने, धान काट्नेदेखि उत्पादित तरकारी बजार लैजाने माध्यम ट्र्याक्टर आफ्नै छ । समयअनुसार आधुनिक प्रणालीबाट कृषि व्यवसाय गर्न पाएपछि उनलाई कृषिमा थप केही गर्ने जाँगर पलाएको छ ।

तिमल्सिनाको मेहनतलाई स्थानीय सरकार र प्रदेश सरकारले साथ दिएपछि जोश थपिएको छ । प्रदेश सरकारले ५० प्रतिशत अनुदानमा ढुवानी ट्र्याक्टर उपलब्ध गराएको छ भने खन्न प्रयोग गरिने रोडाभेटर पनि ५० प्रतिशत अनुदानमा मकवानपुरगढी गाउँपालिकाले दिएको छ । त्यति मात्र होइन, ड्याङ पार्ने, आलु खन्नेलगायत मेसिन पनि पालिकाले ५० प्रतिशत अनुदानमा उपलब्ध गराएको छ । 'पालिका र प्रदेश सरकारको साथले आफू एक्लै कृषि पेशामा लागेको छु जस्तो महसूस भएको छैन । मेरो साथमा सबै जिम्मेवार निकाय छन् जस्तो लाग्छ,' उनको अनुभूति छ । गतवर्ष प्रदेशका उत्कृष्ट कृषकका रुपमा घरेलु तथा साना उद्योग, मकवानपुरले गरेको सम्मानले पनि उनको हौसला थपेकै छ ।

गाउँपालिकाले चालू आर्थिक वर्षमा २ करोड बजेट कृषिक्षेत्रमा छुट्ट्याएको गाउँपालिका अध्यक्ष विदुर हुमागाईंले जानकारी दिए । कृषकलाई आधुनिक कृषिमा आकर्षित गराएर पेशामा टिकाउन काम गरिरहेको अध्यक्ष हुमागाईंले

बताउँछन् । उनी भन्छन्, 'कृषकलाई आधुनिक कृषिपेशामा लाग्न प्रेरणा दिन संघीय सरकारबाट बजेट छुट्ट्याएको हुन्छ । आधुनिक प्रणालीद्वारा कृषि उत्पादन गर्नेका लागि पालिकाले सक्दो साथ दिने गरेको छ ।'

गाउँपालिकाको कृषि शाखाका अधिकृत चन्द्रकान्त चौधरी पालिकाको सबै वडामा कृषि प्राविधिक रहेको र वडाका समस्याहरू वडाकै कृषि प्राविधिकले हल गर्ने गरेको बताउँछन् । 'पहिलाको जस्तो हैन, हाल पालिकाका धेरै किसानहरू आधुनिक कृषिपेशातर्फ लागेका छन्,' उनी भन्छन् । हुन पनि पहिला काँक्रोमा रूखका हाँगाको थाँक्रो प्रयोग गर्ने चलन थियो, अहिले जाली प्रयोग गर्ने गरेको देखिन्छ । पहिला गोलभेंडा खुला जग्गामा रोपिन्थ्यो भने हाल प्लास्टिक टनेलमा थोपा सिंचाईमार्फत आधुनिक खेती भएको पाइन्छ ।

## मत्स्य विकासमा किसान दंग

हेटौंडा-१२, आल्दमारका कृष्णप्रसाद सुवेदीले पशुपक्षी तथा मत्स्य विकास निर्देशनालयको सहयोगमा बायोफ्लक माछापालन गरिरहेका छन् । अघिल्लो वर्ष निर्देशनालयमा संघीय सरकारले छुट्ट्याएको बजेटबाट अनुदान पाएर उने माछापालन गरेका हुन् ।

वर्षमा दुई लट उत्पादन हुने माछापालन गर्न निकै सजिलो भएको सुवेदीको अनुभव छ । उहाँले ८ वटा पोखरी बनाएका छन् । पोखरी बनाउँदा लागेको खर्चको आधार निर्देशनालयले अनुदान दिएको छ । अरू काम आफ्नै खर्चमा भइरहेको उनी बताउँछन् । पहिलो छिमलको माछा बिक्रीबाट सबै खर्च कटाउँदा एक लाख रूपैयाँभन्दा धेरै फाइदा बसेको सुवेदी जानकारी दिन्छन् ।

सुवेदी त एक प्रतिनिधि पात्र मात्र हुन् । उहाँजस्तै निर्देशनालयको सहयोग र अनुदानमा माछापालन गर्ने किसानहरू बागमती प्रदेशका १३ जिल्लामा गरी २ सयभन्दा धेरै रहेको निर्देशनालयले जानकारी दिएको छ । तर, बायोफ्लक माछापालनका लागि भने प्रदेशमै दक्ष प्राविधिक नभएकाले किसानलाई समस्या परेको छ ।

प्रदेश स्थापना भएपछि पहिलोपटक बायोफ्लक र रेम्बो ट्राउट माछापालनका लागि आर्थिक वर्ष २०७६/७७ मा संघीय सरकारबाट ७

करोड र रेम्बो ट्राउट माछापालनका लागि ८ करोड गरी १५ करोड बजेट विनियोजन भएको थियो । निर्देशनालयले जनाएअनुसार कुल बजेटमा ७ करोड ५१ लाख ५ हजार ३ सय ८७ रूपैयाँ खर्च हुन सकेको निर्देशनालयका सूचना अधिकारी तथा पशुसेवा विज्ञ डा. बब्लु ठाकुरले बताए ।

प्रदेश स्थापनापछि पहिलोपटक मोटो रकमको बजेट विनियोजन भए पनि लकडाउन कारण तोकिएजति काम हुन सकेन। बायोफ्लक माछापालनका लागि ४० वटा पोखरी बनाउने कार्यक्रम थियो तर २४ वटा मात्र काम भयो । कतिपय किसानले सम्झौता गरे पनि काम गर्न नसक्दा समस्या भएको सूचना अधिकारी डा. ठाकुरले बताए । उनका अनुसार एउटा पोखरी निर्माण गर्न लगभग एक लाख रूपैयाँ लाग्छ । निर्देशनालयको अनुदानमा चितवनमा १६ वटा र हेटौंडामा ८ वटाको बायोफ्लक प्लान्ट बनिरहेका छन् ।

## अनुदान नपाएको गुनासो

मकवानपुरको मनहरि गाउँपालिका पनि कृषिमा प्रख्यात पालिका हो । त्यहाँका किसानहरू पनि पछिल्लो समय आधुनिक कृषितर्फ आकर्षित छन् । वडा नम्बर–९ का २८ वर्षीय जयराम पराजुलीलाई विदेशी भूमिको तीतो अनुभवले आधुनिक कृषितर्फ लाग्न प्रेरित गरेको छ । दुई वर्ष साउदी अरब र २ वर्ष कुवेतको रोजगारीले उनको धन कमाउने सपना त पूरा भयो तर मन भने सधैं नेपालमै अडियो । त्यसैले उता काम पाउँदापाउँदै पनि चार वर्ष विदेश बसाइमा पूर्णविराम लगाएर गाउँ फर्किए । नयाँ तरिकाले खेती गर्ने सोचका साथ आएका उनी गाउँपालिकाकै नमूना कृषक बन्न सफल भएका छन् ।

'गाउँमै आधुनिक खेती गर्छु, लोकल कुखुरा, माछा, बंगुर पाल्छु भन्ने जस्ता सपना बोकेर फर्केको थिएँ । त्यही अनुसार गर्दै पनि छु । लोकल कुखुराका लागि खोर तयार हुँदै छ । माछापालनको लागि थोरै ठाउँ भए पनि हुने र पानी पनि धेरै नचाहिने भएकाले बायोफ्लक विधिबाट माछापालन सुरु गरेको छु,' पराजुलीले भने ।

बायोफ्लक विधिबाट माछा पाल्न चार वटा ट्यांकीमा बायोफ्लक प्लान्टमा करिब ३२ हजार बैजी जातका माछाका भुरा हुर्किरहेका छन् ।

पोखरीमा सामान्य तरिकाले पालिने माछाहरूभन्दा उक्त प्रणालीमार्फत पालन गरिने माछाको जात नै फरक हुने गर्छ । नेपालमा बायोफ्लक माछापालनको सुरू अवस्था भएको कारण बैजी जातका माछाका भुरा सजिलै पाइँदैन । चिनजानका चितवनका एक किसानको परामर्शपछि भारतको कोलकाताबाट ३२ हजार माछाको भूरा ल्याइएका पराजुलीसँग पहिलोपटक आफूले यस प्रविधिबाट माछापालन गरेका कारण चुनौतीहरू भोग्नुपरेको अनुभव छ ।

विदेशी भूमिबाट फर्किएर गाउँमै केही गर्छु भनेर कृषिमा लागेको युवालाई स्थानीय सरकारले भने क्षमता विकासका लागि त्यति चासो नदिएको महसुस भएको छ । पराजुली भन्छन्, 'प्रोत्साहनका लागि स्थानीय सरकारले त्यति चासो दिएन । हामीलाई गाउँमै टिकाउन सरकारको भूमिका अतुलनीय रहन्छ । तर, जति धाए पनि यस विषयमा यसपटक अनुदान नै आएको छैन भन्छन् ।'

पालिका अध्यक्ष एकराज उप्रेतीको कुरो भने बेग्लै छ । अघिल्लो आर्थिक वर्षमा बायोफ्लक माछापालनका लागि मात्र संघीय सरकारबाट स्थानीय तहलाई ५० लाख बजेट आएको थियो तर खर्च नभएर फ्रिज भयो । 'हामीले यति बजेट छ है भनेर सूचना टाँस गर्दा पनि काम गर्छु भन्ने कोही भएन, बजेट फिर्ता भयो,' फेरि पनि सक्दोसहयोग गर्ने वाचासहित उनी भन्छन्, पछि चालू आर्थिक वर्षमा यस विषयमा बजेट नपरेको बेला अनुदान माग्ने आए, दिन सकिएन ।'

## के हो बायोफ्लक

जमिन नबिगारी सतहभन्दा माथि ट्यांकीमार्फत बढी घनत्वमा माछापालन गर्न मिल्ने प्रविधि हो बायोफ्लक । पानीमा सूक्ष्म जीव (ब्याक्टेरिया) उत्पादन गरी माछालाई बाँच्न मिल्ने वातावरण यो प्रविधिमार्फत तयार गरिन्छ । माछाले फ्लक खाने र फ्लकले प्रांगारिक पदार्थ खाने हुँदा यसमा जलीय पर्यावरणचक्र सन्तुलन हुन्छ । बायोफ्लक प्रविधिबाट माछापालन गर्न एरियसन पम्प, तारपोलिङ, पानीको प्यारामिटर नाप्ने उपकरण आवश्यक पर्दछ । माछालाई आवश्यक पर्ने ग्याँस तथा फ्लक (माछाको दिशा) बाट पुनः माछाले नै खाने दानाको रूपमा जीवाणु उत्पादनको अत्यावश्यक पर्ने

हुनाले ट्यांकी निर्माण गरेर माछा हालेपछि यस्ता उपकरण अनिवार्य हुन्छ ।

यो प्रविधिबाट उत्पादन भएको माछा स्वस्थ्य हुन्छ । माछा फोहर हुँदैन । पानी परिवर्तन गरिरहनु पर्दैन । थोरै जग्गा भएकाले पनि माछापालन गर्न सक्छन् । थोरै जग्गामा धेरै पाल्न र निकाल्न पनि (हार्भेस्टिङ) सजिलो हुन्छ । जुन माछाको माग बढी छ, त्यसलाई लक्षित गरेर माछापालन गर्न सकिन्छ । खाडल खन्न नपर्ने भएपछि जमिन बिग्रँदैन । पानीको स्रोत कम भए पनि फरक पर्दैन । पहाडका साना गरामा पनि यो प्रविधिमार्फत माछा पाल्न सकिन्छ ।

प्रोटिनयुक्त दाना खुवाइने हुनाले यो प्रविधिबाट उत्पादन हुने माछा स्वस्थ्यकर र स्वादिलो हुन्छ । सामान्यतया पोखरीको तुलनामा कम मात्रामा दाना खुवाएर माछा उत्पादन गर्न सकिन्छ । पोखरीको हिसाबमा धेरै सस्तो पनि हुन्छ । परम्परागत रूपमा माछापालन गर्दा एक कट्ठामा एक सय ५० केजीदेखि ३ सय केजी मात्र उत्पादन गर्न सकिन्छ । तर यो प्रविधिमा त्यति नै जग्गामा ६ हजार केजीसम्म माछा उत्पादन गर्न सकिन्छ । एक कट्ठा जग्गामा तीन मिटर डायमिटरका १६ वटा ट्यांकी अट्छन् जसले एक सिजनमा ६ हजारदेखि ८ हजार केजीसम्म माछा उत्पादन गर्न सकिन्छ । माछा पाल्ने ट्यांकी भने फरक फरक आकारका हुन्छन् । ब्याक्टेरिया हुर्काउन पर्ने, पानीमा विभिन्न तत्वको मात्रा मिलाइरहनुपर्ने हुनाले प्राविधिक ज्ञान भने चाहिन्छ । यो प्रविधि धेरै फाइदाजनक देखिए पनि यसका चुनौतीलाई राम्रोसँग सामना गर्न सकेन भने धेरै समस्यासमेत आउन सक्छ । यसमा विशेष गरेर विद्युत् लगातार आवश्यक हुन्छ भने समयको व्यबस्थापन पनि जरूरी हुन्छ ।

प्राविधिक ज्ञान निकै आवश्यक पर्ने भए पनि बागमती प्रदेशमा यस विषयका दक्ष प्राविधिक नभएका कारण किसानहरूले समस्या भोग्न परेको पशुपक्षी तथा मत्स्य विकास निर्देशनालयका अधिकृत तथा सूचना अधिकारी बब्लु ठाकुर बताउँछन् । किसानहरूले यस प्रविधिमार्फत माछा पालन गर्न निकै रहर गरेको भए पनि उचित परामर्शदाताको अभावका कारण समस्या भोग्नु परेको उनले बताए । ठाकुरका अनुसार बायोफ्लक माछापालनको विषयमा नै दक्ष प्राविधिक नभए पनि प्रदेशका १ सय १९ वटै स्थानीय निकायमा कृषि तथा पशुपक्षी प्राविधिक भएकाले त्यहाँबाट पनि केही परामर्श

भने मिल्छ । आवश्यक परे पशुपक्षी तथा मत्स्य विकास निर्देशनालयबाट पनि परामर्श दिनसकिने ठाकुरले बताए ।

## लोभलाग्दो सामूहिक खेती

चितवनको माडी नगरपालिका-८, कान्तिपुर अयोध्यानजिक एक सय बिगाहाको समथर फाँट देखिन्छ । ठूला र सुन्दर खेतका गह्रा खेती गर्नेलाई मात्रै होइन, हेर्नेलाई पनि रहरै लाग्ने खालको छ । यस क्षेत्रका ८६ परिवारले यो जमिनमा सामूहिक खेती गर्दै आएका छन् ।

सामूहिक खेती गर्नको निम्ति समूह बनाइएको छ । कामको जिम्मेवारी बाँडफाँट गरिएको छ । आम्दानी, खर्चको विबरण राखेर नाफा घाटा बराबर गर्ने गरी काम गरिएको छ । तरकारी, अन्नबालीसँगै माछापालन, पाडापालनलगायत काम पनि सँगसँगै छन् । धेरै किसानले गरेको यो नमूना खेती पनि हो ।

बागमती प्रदेशको भूमि व्यावस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रविधि र लगानीमा माडीमा सामूहिक खेती गर्न थालिएको तीन वर्ष भयो । पहिले आफ्ना आम्दानीभन्दा लागत बढी पर्ने हुँदा खेती गर्न छाडेर बिदेश पलायन हुनुमै युवाहरू भलाइ देख्थे । अहिले भने मन्त्रालयको अनुदानसँगै सामूहिक खेतीबाट राम्रो आम्दानी पनि भएकोमा किसानहरू दंग छन् ।

कृषि ज्ञान केन्द्र चितवनका प्रमुख राजन ढकालका अनुसार यस क्षेत्रको २५ बिगाहामा माछा पोखरी छ । अरू २५ बिगाहामा तरकारी खेती र अन्नबाली लगाइएको छ । सामूहिक पाडा पालनको काम पनि भएको छ । यसबाट कृषि पर्यटनमा समेत टेवा पुगेको उल्लेख गर्दै ढकाल भन्छन्, 'खेतीसंगै यहाँ हेर्न आउनेहरू पनि धेरै छन् । यो काम अरू जिल्लामा सिक्नका लागि थप सहयोगसमेत पुगेको छ । कृषि पर्यटनका रूपमा यहाँको खेतीलाई अगाडि बढाउँदै लैजाने गरी काम भइरहेको छ ।'

सामूहिक खेतीका लागि मन्त्रालय, कृषि विकास निर्देशनालय र ज्ञान केन्द्र समेतले गरेर ४४ थरीका विभिन्न उपकरण सहयोग गरेका छन् । हालसम्म ४ करोड रूपैयाँ सहयोग गरिएको ढकाल बताउँछन् । सामूहिक खेतीले किसानको जीवनस्तर निकै उकासेको किसानहरूको पनि अनुभव

छ ।

चितवनको भन्दा कम छैन, नुवाकोटको लिखु र पन्चकन्या गाउँपालिकामा गरिएको सामूहिक खेती पनि । यहाँका किसानले सामूहिक खेती गर्न लागेपछि अरू धेरै किसानहरूसमेत यस तर्फ आर्कषित भएका छन् । सामूहिक खेतीका लागि प्रदेश सरकारको सहयोगबाट विगत दुई वर्षदेखि काम भइरहेको छ ।

लिखु-२ ढिकुरेफाँट र वडा नम्बर-४ चौघडामा सामूहिक खेती भइरहेको छ । यसै गरी पन्चकन्या गाउँपालिकाको वडा नम्बर १ र २ को बानियाँटार र ३ को भीष्टफाँटमा सामूहिक खेती भइरहेको हो । पहिले पर्खालै पर्खाल जस्तो देखिने आलीहरू अहिले यहाँको फाँटमा छैनन् । प्रदेश सरकारको सहयोगमा जमिनको चक्लाबन्दी गरिएको किसानहरू बताउँछन् ।

त्यस्तै मकवानपुरको मनहरी-२ ठाडो खोला झुलेनमा दिगो कृषि सहकारी संस्था लिमिटेडले व्यावसायिक रूपमा माछा पालन गरिरहेको छ । यहाँका किसानले आफ्ना खेतका गह्रालाई सम्याएर अहिले सुन्दर माछा पोखरीमा परिणत गरेका छन् । पानी पर्याप्त भएको यो स्थानमा सामूहिक माछापालन उदाहरणीय बनेको छ ।

यहाँका किसान तरकारी खेतीका साथै माछा पालनमा लागेका हुन् । कृषि सहकारी संस्थामा आवद्ध ३ सय ५० जना किसान मिलेर पाँच वटा पोखरीमा माछा पालन गरिरहेका छन् । माछा बिक्री गरेर सहकारीमा आम्दानी वृद्धि गर्ने तयारी भएको दिगो कृषि सहकारी संस्थाका अध्यक्ष हिरालाल स्याङतान बताउँछन् ।

पहिले बाढीले पोखरी पुरेपछि अहिले भने बागमती प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको पशुपक्षी तथा मत्स्य विकास निर्देशनालयले पोखरी खन्नका लागि तीन हेक्टरमा १४ लाख ४० हजार अनुदान रकम दिएको थियो । त्यही अनुदानले पोखरी खनेर माछा पालनको काम सुरू गरेको उनको भनाइ छ ।

## मन्त्रालयले सुनाएको प्रगति

बागमती प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय स्थापनापछि किसानले निकै उपलब्धि हात पारेका छन् । तीन वर्षमा तरकारी, अन्नबाली,

फलफूल खेती गर्ने किसानसँगै गाई, भैंसी, बाख्रा, कुखुरा, बंगुरपालक किसान प्रत्यक्षरूपमा लाभान्वित भएका छन् । पहिले कृषि निर्वाहमुखी मात्र भए पनि प्रदेश सरकारको अनुदानका कारण अब व्यावसायिक रूपमा खेती गर्न प्रोत्साहित भएका छन् । तीन वर्षको अवधिमा किसानलाई व्यावसायिक बनाउन सहयोग गरिएको प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बागमती प्रदेशका मन्त्री दावा दोर्जे लामाको दाबी छ । सामूहिक खेती गर्दा खर्च कम र आम्दानी धेरै हुने भएकाले किसानहरू यसतर्फ आकर्षित भएको उनले पनि महसुस गरेका छन् ।

बागमती प्रदेशका ४ जिल्लाहरू काठमाडौं, ललितपुर, भक्तपुर र सिन्धुलीबाहेक अरू नौ जिल्लाका १२ वटा पालिकामा कोल्डस्टोर निर्माण कार्य सुरू भएको छ । यिनमा चितवनको खैरेनी, धादिङको बेनिघाट रोराङ, रसुवाको कालिका, सिन्धुलीको सुनकोशी, रापेछापको मन्थली, सिन्धुपाल्चोकको इन्द्रावती र लिसंखुपाखर, दोलखाको जिरी र भिमेश्वर, नुवाकोटको विदुर र बेलकोटगढी तथा मकवानपुरको थाहा रहेका छन् । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीका अनुसार, ती कोल्डस्टोरबाट १६ हजार ३ सय मेट्रिकटन फलफूल तथा तरकारी भण्डारण तथा बजारीकरणमा सहज भएको छ ।

प्रदेशको चितवन, काभ्रेपलाञ्चोक, नुवाकोट, ललितपुर र मकवानपुरमा विषादी परीक्षण प्रयोगशाला स्थापना भएर सञ्चालनका लागि भौतिक संरचना विकास तथा सामग्री खरिद कार्य भइरहेको मन्त्रालयले जनाएको छ ।

स्थानीय तहको साझेदारीमा प्रदेशका ५ स्थानमा माटो परीक्षण प्रयोगशाला स्थापना र सञ्चालन भएको छ । तिनमा मकवानपुरको मकवानपुरगढी, धादिङको सिद्धलेख, चितवनको खैरहनी, काभ्रेपलाञ्चोकको पाँचखाल र नुवाकोटको विदुर नगरपालिका रहेका छन् । बाँकी जिल्लामा पनि छिट्टै प्रयोगशाला स्थापना हुने मन्त्रालयले जनाएको छ । सामूहिक तरकारी खेतीतर्फ ७ सय ८९ कृषक घरधुरीले एक हजार ७ सय ४४ बिगाहामा सामूहिक चक्लाबन्दीमा आधुनिक एवम् यन्त्रीकरणका माध्यमबाट अन्न र तरकारीबालीका साथै माछापालन गरेका छन् ।

२ सय ४७ वटा दुग्ध उत्पादन सहकारीमार्फत कृषककै खातामा जम्मा हुने गरी करिब ८ करोड ८८ लाख रूपैयाँ दुग्ध उत्पादनका लागि

अनुदान बितरण गरिएको छ । प्रदेशका १३ वटै जिल्लामा कम्तिमा १/१ वटा कृषि पर्यटन प्रवर्द्धन गर्ने काम भइरहेको छ । पशुपछी तथा दुग्ध उत्पादन प्रवर्द्धनका लागि आर्थिक वर्ष २०७५/७६ देखि चितवन, दोलखा र मकवानपुरमा दाना उद्योग पनि सञ्चालनमा आएको छ ।

चितवन, ललितपुर, मकवानपुर, सिन्धुली र दोलखामा २४ वटा दूध चिस्यान केन्द्र स्थापना भएका छन् । यसबाट दैनिक ४६ हजार लिटर दूध चिस्यान भएर उपभोक्तासमक्ष पुगेको छ । २० वटा दुग्ध सहकारी संस्थालाई मिल्क एनालाइजर मेसिन वितरण गरिएको छ । यसबाट दैनिक ९ सय ५० लिटर दूधको न्यूनतम गुणस्तर जाँच कार्य आर्थिक वर्ष २०७५/७६ बाट गरिँदै आएको छ । यसको प्रयोगले दूधको फ्याट नाप्न सहज भएको कृषकहरूले बताएका छन् ।

कृषि पर्यटन प्रवर्द्धनका लागि नमूना कालिज, बँदेल, स्थानीय कुखुरालगायत अन्य पशुपक्षी पालन कार्यक्रममा कृषक समूह, सहकारी तथा निजीक्षेत्रलाई अनुदान दिने कार्यक्रममा मन्त्रालय लागिपरेको छ । यसअन्तर्गत् १६ वटा कालिज फार्म, १८ वटा स्थानीय कुखुरा फार्म, ३ वटा टर्की फार्म, एक–एक वटा कडकनाथ कुखुरा र अल्पाका फार्म सञ्चालनमा आएका छन् ।

एकीकृत रेन्बो ट्राउट माछा विकास तथा बिस्तारका लागि सहकारी तथा निजीक्षेत्रलाई ५० प्रतिशत अनुदान ३३ जना साझेदारसँग सम्पन्न भएको छ । १२ वटा ह्याचरी र २१ वटा माछाको दाना उद्योग सञ्चालन गरिएको मन्त्रालयले जनाएको छ । त्यसका लागि आवश्यक पर्ने दाना, मेसिन र स्टोरघर बिस्तार गरिएको छ ।

सौर्य सिँचाइ कार्यक्रमअन्तर्गत ९६ वटा सौर्य सिँचाइ सम्पन्न भएर १ सय १० हेक्टर क्षेत्रफलमा सिँचाइ पुगेको छ भने लिफ्ट सिँचाइ कार्यक्रमअन्तर्गत ५३ वटा लिफ्ट सिँचाइ जडान भएर ३ सय ५० हेक्टर सिञ्चित क्षेत्र बिस्तार भएको छ ।

*(पत्रकार कृष्णा बिष्ट (सुनिता) 'हेटौंडा सन्देश' दैनिकसँग आबद्ध छिन्)*

खण्ड
६

# सृजना



# कहिले माथि उठ्ने ? कहिले संसार देख्ने ?

सुशीला तामाङ

'कला सिर्जनाका कलाकारहरू कुनै एउटा आर्ट ग्यालरी वा कला संग्रहालयमा मात्र सीमित हुनुहुँदैन । तिनीहरू सम्भव भएसम्मको हरेक गतिविधिहरूमा उपस्थिति हुनैपर्छ । कलाकार कलाका माध्यमबाट हरेक स्तरमा मानिसहरूका विचारको आश्रयदाता हुने कोसिस गर्नुपर्छ,' इटलीका चित्रकार माइकेन्जिलोले पिस्टोलेटोले कलालाई एक कलाकारको सिर्जना मात्र नभएर सामाजिक उत्तरदायित्वका रूपमा परिभाषित गरेका छन् । पिस्टोलेटोको भनाइ कलाकार रवीन्द्र श्रेष्ठलाई पनि घत लाग्छ ।

कलालाई अब नौलो आयामतिर लैजाने हो भने समाजसँग प्रत्यक्ष रूपमा सरोकार राख्नुपर्ने कलाकार श्रेष्ठको धारणा छ । यसलाई उनी कलासिर्जनाको उत्तरदायित्वका रूपमा लिन्छन् । समाजको कुरा क्यानभासमा अटाउँछ भने तिनै विषयलाई कलाकार स्वयंले नजिकैबाट नियाल्नुपर्ने उनको लाग्छ । त्यसैले त उनले मुलुकका हरेक घटना तथा परिघटनालाई कलाका

विविध फर्महरूमार्फत आम जनसमुदायमा पस्किरहेका छन् । उनले मुलुकको दशवर्षे जनयुद्धताका माओवादी लडाकू, सेना र स्वयंको समेत रगत प्रयोग गरेर दुई आँखा अंकित 'द भोइस अफ द इन्टिग्रेसन' शीर्षकमा चित्र बनाएका थिए ।

पछिल्लो महामारीकै समयमा स्वास्थ्य क्षेत्रमा सुशासनका लागि लडेका डाक्टर गोविन्द केसी, अमेरिकाको काला र गोरा जातिबीचको रंगभेदमा मारिएका जर्ज फ्लोइड, जातिय विभेदमा रूकुम नरसंहारमा ज्यानको आहुति दिएका नवराज विकसम्मका घटनालाई उनले 'औंठाछाप' क्यानभासमा देखाए । यही २०७८ वैशाख ५ गते उनले म्यानमारमा सैनिक 'कु' पछि ज्यान गुमाएका त्यहाँका जनतालाई डुंगा प्रतिस्थापन कलाको माध्यममा माइतीघरमा श्रद्धाञ्जली अर्पण गरे । डुंगा र औंठाछाप कलामा उनले हाम्रो जाति, भाषा, भौगोलिक क्षत्र फरक भए पनि मानवीय सवालमा कहीं न कहीं जोडिएका छौं र सबैको रगत रातो नै हुन्छ भन्ने दर्शाउन खोजे ।

बृहत् नागरिक आन्दोलनमा समर्थन जनाउन उनले प्रधानमन्त्री केपी शर्मा ओलीको 'नयाँ युगको सुरूवात'सहितको फोटो छापिएको पत्रिकालाई 'फर सेल' लेखी आफ्नो हस्ताक्षरसहित प्रदर्शन र बिक्रीसमेत गरे । जनताको पीडालाई बेवास्ता गर्दै सरकार लाखौं खर्च गरेर पत्रिकामार्फत आफूलाई बिक्री गरिरहेको व्यंग्यलाई उनले प्रस्तुत गरेका थिए ।

यसरी उनले गतिविधिहरूमा कलाबाट नै प्रत्यक्ष समर्थन मात्र होइन खबरदारीसमेत गरे । 'मैले कलालाई अनेक माध्यममा पब्लिकमा ल्याउने कोसिस मात्र गरेको हुँ' भन्ने उनलाई समाजको हरेक तप्कामा पुग्न नसकेको नेपाली कला क्षेत्रलाई उकास्न विश्व र देशका हरेक पक्षलाई हाम्रो सिर्जनाले छुनुपर्ने समय आएको जस्तो लाग्छ । सिर्जना स्वयं आम मानिससँग प्रत्यक्ष सरोकार राख्दै खबरदारी गर्ने माध्यम बन्ने हो भने कलाकार र कला सधैं पिल्सिनुपर्ने अवस्था अन्त्य हुने उनको विश्वास छ ।

## कलाकारको विचार कला कि बजार !

यद्यपि यतिबेला आफ्ना कलासिर्जनालाई समाज, बजारतिर ढल्काउने हो या स्वतन्त्र रूपमा पुरानै ढर्रातिर लैजाने भन्ने पक्षमा कलाकारहरू स्वयं

अन्योलमा छन् । मुलुकको राजनीतिक घटना, हत्या, बलात्कार, सांस्कृतिक सम्पदामाथिको दोहन, मानवीय सदाचारको भावना, आपसी प्रेम तथा सद् भावजस्ता पक्षलाई कलामा उतार्दै कलाकारहरूले समाजप्रतिको उत्तरदायित्व वहन गरिरहेको उनीहरूको दाबी छ ।

विशेषतः आफूलाई समकालिन अथवा आधुनिक, उत्तरआधुनिक कलाका कलाकारहरूले आफ्नै जीवन भोगाइ, समाज, राष्ट्र र विश्वको मानचित्रलाई कला मार्फत अभिव्यक्त गर्दै आइरहेका छन् । प्राकृतिक, धार्मिक, सांस्कृतिक, आर्थिक, राजनीतिक हुँदै लैङ्गिकता र समानताको आवाज समेत कलाकारहरूले कलाकृतिमार्फत नै मुखरित गर्दै आएका छन् । कलाले समाजको हरेक पक्षलाई प्रतिबिम्बित गर्दै ऐनाको भूमिका निर्वाह गर्दै आइरहेको छ ।

बितेको महामारीको झन्डै एक वर्षको समयमा कलाकारहरूले कोरोना महामारीलाई समेत चित्रमा उतारे । चित्रकार रागिनी उपाध्यायले 'आजको प्रेमी औजार, आजको महत्व साबुनपानी' शीर्षक दिएर कोरोनाबाट जोगिन माक्स लगाउनु र साबुनपानी हात धुनुपर्छ भन्ने सचेतना चित्रमा नै देखाइन् । त्यस्तै एरिना ताम्रकार र सरिता डंगोलले लकडाउनमा तयार गरिएको माक्ससहितको चित्रमार्फत महामारीबाट जोगिने सन्देश प्रवाह गरे । मिथिला चित्रकार सुनैना ठाकुरले चित्रमा कोरोना महामारीको संकेत, माक्स लगाउने जस्ता बच्ने उपाय सचेतनाकै रूपमा अभिव्यक्त गरिन् । महोत्तरीका चित्रकार ठाकुरले मिथिला चित्रलाई माक्समा समेत उतारेर आम मानिसलाई वितरण समेत गरिन् ।

तर यस अवधिमा अधिकांश कलाकारहरूले आफ्ना कलाकृतिहरू बजारमा पुर्‍याउनभन्दा पनि थन्काउन नै बाध्य भए । कलाक्षेत्रलाई अहिले मुख्य चुनौती नै बजारको छ । बजारतिर लाग्ने हो भने कलाकारहरूलाई कलासिर्जना मर्ने डर छ, बजारलाई बेवास्ता गरेर कलासिर्जनामा मात्र लाग्ने हो भने कलाकारितालाई निरन्तरता दिएर दैनिकी धान्दै कला सामग्रीको जोहो गर्न समेत सकस हुन्छ । कलाकृतिको मूल्यका लागि आफैंले बजार खोज्नु आजको मुख्य विकल्पका रूपमा आएको चित्रकार श्यामसुन्दर यादव बताउँछन् । कला क्षेत्रको विकास र विस्तारका लागि भनेर स्थापना भएका निकायहरूको सुस्त गतिले गर्दा आजसम्म कला क्षेत्रले सिर्जना र बजार दुवैतिर हेर्नु परिरहेको उनको ठहर छ ।

ठमेलस्थित मिथिला येन आर्ट ग्यालरीमार्फत झन्डै डेढ दशकदेखि उनले सिर्जना मात्र, होइन थुप्रै चित्रकारको कलाकृति प्रदर्शनी गरेर कला विस्तारमा सघाउ पुऱ्याइरहेका छन् । कोरोना महामारीपछि गतवर्ष चैत ९ गते बन्द भएको उनको ग्यालरी ठ्याक्कै एक वर्षपछि पुनः सुचारू भएको एक महिना नहुँदै फेरि बन्द भयो । 'यस्तो अवस्था भएपछि हामी कलाकार के खाएर बाँच्ने ? कलाबाट आम्दानी नै भएन भने कसरी दिगो रहने ?' उनको मनको प्रश्न छ । सरकारले नै कलाको बजार निर्धारण नगरेसम्म यस्तो परिस्थितिको सामना गरिरहनुपर्ने उनको बुझाइ छ । उनका अनुसार कलालाई सजावटका सामग्री मात्र नभएर झोला, टि-सर्ट, मास्कजस्ता दैनिक प्रयोगका वस्तुहरूमा उतारेर बिक्रीको बाटो खोज्नु आजको आवश्यकता हो । उनी सुझाउँछन्, 'मौलिकतातिर सजग हुँदै कलाको विस्तारमा अब कलाकार नै लाग्नुपऱ्यो ।'

विस्तारै आफ्नो लयमा फर्केका आर्ट ग्यालरी र कलाकारहरू अहिले फेरि सुस्ताएका छन् । नक्सालस्थित नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले देशभरिका कलाकारहरूका कलाकृति समेटेर आयोजना गरेको 'राष्ट्रिय ललितकला प्रदर्शनी-२०७८' निषेधाज्ञापछि अनिश्चितकालका लागि स्थगन भयो । लामो समयको बन्दले थला परेर नै सही, बबरमलस्थित नेपाल आर्ट काउन्सिल, सिद्धार्थ आर्ट ग्यालरी, ललितपुर चाकुपाटमा रहेका क्लासिक र एमक्युब, लाजिम्पाटस्थित अरूपण आर्ट ग्यालरीले पुनः कला प्रदर्शनी गरेर आम दर्शकलाई कला अवलोकनका निम्ति लय बसालिसकेका थिए । चित्रकारहरू आआफ्नै ग्यालरी तथा आर्ट स्टुडियोहरूमा क्यानभास र कुचीमा रमाउँदै कला प्रशिक्षणमा समेत लागिसकेका थिए । तर, पुनः अवस्था एक वर्षअघि तिरै मोडिएपछि अहिले कलाकारहरू निराश छन् ।

## भावना पोखेर खाना आउँदैन

अहिलेको अवस्थामा कलाकारहरूलाई कला सिर्जनाभन्दा दैनिकी जोहोको समस्या रहेको चित्रकार प्रदीप बज्राचार्य सुनाउँछन् । चित्रप्रतिको मोहले आधा दशकभन्दा लामो अमेरिकी बसाई छोडेर नेपाल फर्केका उनी अहिले अन्यौलमा छन् । काष्ठमण्डप आर्ट समूहबाट नै हाल चित्रकार

विनोद प्रधान र उनको अगुवाइमा डल्लुस्थित 'कलामण्डप आर्ट स्टुडियो' सञ्चालन गरिरहेका छन् तर खल्तीबाट स्टुडियोको खर्च जोहो गरेर । बज्राचार्यका अनुसार दुई वर्षदेखि उनीहरूले घाटा बेहोरेर नै कामलाई निरन्तरता दिइरहेका छन् । 'कला बिक्री त ठप्प नै छ । आर्ट वर्कसप र प्रशिक्षणबाट अलिअलि खर्च चलेको थियो, त्यही पनि बन्द भयो । चित्र बिक्री नै नभएपछि भावना मात्र पोखेर खाना त्यतिकै आउँदैन,' भावुक हुन्छन् । कलालाई राष्ट्रको सम्पत्ति मान्ने देशमा कलाकारको अवस्थाप्रति देखिएको बेवास्ताबाट उनी दिक्दार छन् ।

पछिल्लो समय चलायमान बन्दै गइरहेको कलाक्षेत्रलाई महामारीले निकै प्रभाव पारेको पक्षमा चित्रकार जीवन राजोपाध्याय सहमत छन् । 'पछिल्लो केही समययता कला क्षेत्रमा केही आशा पलाएको थियो' उनले भने, 'कोरोनाले फेरि हामी जस्ता कलाकारहरूलाई असाध्यै कठिन बनाएको छ ।' अघिल्लो वर्षको जस्तो फुर्सदमा चित्र कोर्नेतिर उनको मन गएको छैन । मानसिक रूपमा तयार नभएपछि कला सिर्जना गर्न नसकिने उनको अनुभव छ । अहिले अधिकांश स्रष्टाहरूको अवस्था मिल्दोजुल्दो छ । तर जस्तोसुकै संकट किन नपरोस्, त्यसलाई सामना गर्ने नाममा सिर्जनालाई बजारउन्मुख बनाउन कलाको धर्मले नदिने उनको विचार छ । प्रस्ट्याउँछन्, 'कला सिर्जना र व्यापार फरक पाटाहरू हुन् । कला मनको भावबाट आउने सिर्जना हो भने व्यापारमा सिर्जना होइन, वस्तुको बिक्री मात्र हुन्छ । बजारको खोजीको नाममा सिर्जनामा मौलिकतालाई बिर्सन नहुने उनको सुझाव छ ।

नेपालमा कला सिर्जना प्राचीनकालबाट नै सुरू भए पनि यसको यकिन अभिलेखीकरण छैन । वि.सं १९५८ मा गोरखापत्रको प्रकाशनपछि अन्य विषयका समाचारजस्तै कला पनि समाचारकै रूपमा प्रचार भएको मान्न सकिन्छ । कलाकै सन्दर्भमा भने पहिलोपटक सत्यमोहन जोशीले वि.सं. २००८-००९ सालमा 'कलाकार' त्रैमासिक पत्रिका प्रकाशन गरेका थिए ।

यसरी कला लेखनमा एक शताब्दी बितिसकेको छ । तर पनि यसले प्रगतिको ठूलो फड्को मार्न नसकेको चित्रकार एवं कला लेखक मदन चित्रकार स्वीकार्छन् । कलामार्फत कलाकारले समाजका लागि राख्ने उत्तरदायित्व, आम मानिसको ज्ञान, कला समीक्षाले पनि कला विस्तारमा प्रभाव परिरहेको उनको धारणा छ । सञ्चारमाध्यमले कला प्रचारमा सहायता गरे पनि यसलाई

मूलधारमा ल्याउन नसक्नुलाई उनी मिडियाको कमजोरीका रूपमा लिन्छन् । 'कला सिर्जनामा इमानदारी मुख्य कुरा हो । कलाकार स्वयंले मूल्यांकन गर्ने बेला आएको छ,' उनी भन्छन्, 'हामीसँग कला पब्लिकमा पुऱ्याउने स्थायी संरचना र अभ्यास एकदमै कम छ ।'

आम नागरिकसँग कलाको पहुँचका लागि कलाकारहरू व्यक्तिगत, समूहगत वा संस्थागत रूपमा अगाडि आउनुपर्ने, ग्यालरी तथा प्रदर्शनीको पहलमा जुट्न टड्कारो आवश्यकता रहेको उनले ठानेका छन् । उनको विचारमा ग्यालरीमा बसेर सिर्जनालाई सीमित बनाइरहेको अहिलेको अभ्यासलाई तोडेर कलाक्षेत्रलाई अगाडि बढाउन प्रत्यक्ष जनसम्पर्कमा जानुपर्छ ।

चित्रकारहरू मुलुक मात्र नभएर विश्वकै गतिविधिमा ध्यान केन्द्रित गर्दै त्यसलाई कलामा पोख्ने गर्छन् । तर पनि विशेषतः चित्रकला विधा किन आर्ट ग्यालरीहरू र चित्रकारहरूको स्टुडियोमा सीमित हुन पुग्यो ? जनमानसमा किन यसको फैलावट हुन सकिरहेको छैन ? यस्ता यावत् प्रश्नहरूको एकिन जवाफ ललितकलाको विकासका लागि स्थापित प्रतिष्ठानले नै दिन सकिरहेको छैन ।

राज्यको नजरमा समग्र नेपाल नै एउटा खुल्ला संग्रहालयको खुल्ला कला नगरी हो तर कला विस्तार र व्यवस्थापनको उपस्थिति निराशाजनक छ । अग्रज कलाकारहरूको कलालाई संग्रह गर्ने राष्ट्रिय स्तरको कला संग्रहालयसमेत नहुनु कला क्षेत्रको लागि अत्यन्तै दुःखद अवस्था रहेको मदन चित्रकारको दुखेसो छ । उनले दुःख पोखे, 'हामीसँग कला सिर्जना मात्र गरेर जीवन निर्वाह गर्न सकिन्छ भन्ने आधार बनिसकेको छैन । कलाकारका मौलिक सिर्जनाहरू बजारमा हुबहु कपी गरेर बिक्री गर्ने प्रवृत्ति बढेको छ ।' यसले मौलिकताभन्दा पनि अरूको नक्कललाई सक्कल सिर्जना भनी दाबी गरेर दर्शक झुक्याउने कलाकारहरू बढिरहेको चित्रकारको अनुभव छ ।

## कोरोनाकालमा भर्चुअल फड्को

कोरोनाले बजार र आर्ट ग्यालरी बन्द हुँदा पनि कलाकारहरूको सिर्जना रोकिएन । सृजित कलाकृतिलाई उनीहरूले विश्व बजारमा समेत पुऱ्याउन भर्चुअल प्रदर्शनीको थालनी गरे । जसमा फेसबुक, युट्युब, इन्टाग्रामजस्ता

सामाजिक सञ्जालको अधिकतम प्रयोग गरिएका छन् । उनीहरूले भर्चुअल रूपमा नै कला कार्यशाला तथा अन्तरक्रियात्मक कार्यक्रमहरू आयोजना गरेर महामारीको समयलाई सिर्जनशील बनाए ।

कोरोनाकालमा नै स्थापना भएको म्युजियम अफ नेपाली आर्ट (मोना)ले पहिलो भर्चुअल प्रदर्शनी सुरू गऱ्यो । जटिल समयको बाबजुद राजन शाक्यले ठमेलस्थित काठमाडौं गेस्ट हाउसमा दिवंगत र अहिलेका कलाकारहरूका पाँच/छ सय कलाकृतिहरू संकलन गरेर मोना कला संग्रहालय नै स्थापना गरे । कोरोनाको दोस्रो लहरपछि पनि मोनाले २०७८ जेठ २१ गतेदेखि फेसबुक तथा इन्टाग्राममा 'शिल्पकारिताको प्रतिबिम्ब' शीर्षकमा अनलाइन शिल्पकला प्रदर्शनी गरेको छ ।

मोनाकै शैली अनुकरण गर्दै अधिकांश कलाकारले प्रविधिलाई माध्यम बनाएर आफ्ना कलाकृतिहरू प्रदर्शन गरे । क्लासिक आर्ट ग्यालरीले मात्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गरी एक दर्जन भर्चुअल प्रदर्शनी गरेको चित्रकार डंगोलले सुनाइन् । कोरोना कालमा भएको डंगोलको 'एन ओल्डेजी विथ चिल्ली', भर्चुअल प्रदर्शनीलाई साढे पाँच सयको हारहारीमा दर्शकहरूले हेरेका छन् । त्यस्तै क्लासिककै युट्युब च्यानलबाट भएको सुन्दर लामाको 'एकालाप' शीर्षकको भर्चुअल प्रदर्शनीलाई ९ सय दर्शकहरूले अवलोकन गर्दै निकै राम्रो प्रतिक्रिया दिएका छन् । यसै च्यानलबाट चित्रकार प्रमिला बज्राचार्यको 'मोमेन्ट्स अफ लाइफ' शीर्षकमा भएको प्रदर्शनीलाई पनि पाँचसय भन्दा बढी दर्शकले अवलोकन गरे ।

महामारीलाई नै मध्यनजर गर्दै अन्तर्राष्ट्रिय जल रंग समाज (आई डब्लु एस) नेपालले आफ्नो युट्युब च्यानलमार्फत १४ देशका ६५ जना कलाकारहरूको सहभागितामा 'स्पल्यास' शीर्षकमा अन्तर्राष्ट्रिय अनलाइन कला प्रदर्शनी सम्पन्न गऱ्यो । यससँगै यस संस्थाले विश्व रेकर्डका लागि देशभरीका ६ दर्जन चित्रकारहरूको सहभागितामा 'हन्ड्रेड आवर्स' शीर्षकमा निरन्तर एक सय घण्टे आर्ट डेमोस्ट्रेसन समेत सम्पन्न गऱ्यो ।

कोरोनाको दोस्रो लहरपछि जारी निषेधाज्ञामा पनि १४ जना चित्रकारहरूको सहभागितामा समाजले १४ दिने भर्चुअल आर्ट डेमोस्ट्रेसन कार्यक्रम गऱ्यो । इ-आर्ट्स अनलाइन ग्यालरीको फेसबुक पेजमा सबैजसो चित्रकारहरूले आ-आफ्ना सिर्जनाहरू निरन्तर रूपमा प्रस्तुत गरी नै रहेका छन् जहाँ अग्रज

कलाकारहरू हरिप्रसाद शर्मादेखि शशी शाहसम्मका चित्रकलाहरू अवलोकन गर्न सकिन्छ ।

महामारीमा कला क्षेत्रले औपचारिक रूपमा प्रविधितर्फ मोडिएर भर्चुअल प्रदर्शनीलाई जोड दिइएको चित्रकार तथा कला समीक्षक रमेश खनाल बताउँछन् । कलालाई विश्व बजारमा पुऱ्याउन अहिलेको विकल्प नै यही बनेको जस्तो उनलाई लागेको छ । कलालाई प्रत्यक्ष रूपमा हेरेर बुझ्ने वातावरण रहेको हाम्रो परिवेशमा भर्चुअल प्रदर्शनी पनि त्यति प्रभावकारी बन्न सकिरहेको छैन । भर्चुअल प्रदर्शनीबाट कलाको प्रचार र विस्तार भए पनि बजारमा बिक्री भने अझै ठप्प नै छ ।

## कलाक्षेत्रमा अभाव नै अभाव

उपत्यकाभित्र मात्र कला प्रदर्शनी र प्रचारका लागि एक दर्जनको हारहारीमा आर्ट ग्यालरीहरू छन् । स्थानीय तहमा पनि उपत्यकाभन्दा बाहिर बसेर कला विस्तारका लागि कलाकारहरू निरन्तर खटिरहेका छन् । मुलुकमा ग्यालरी संख्या कति छन्, महामारीकै समयमा पनि उपत्यकाका कुन ग्यालरीको अवस्था कस्तो छ भन्ने हाल ललितकला प्रतिष्ठानले नै अनुसन्धान गर्न नसकेको अवस्था छ । आर्थिक वर्ष २०७७/०७८ को लागि प्रतिष्ठानलाई कुल ५ करोड ४२ लाख ९१ हजार बजेट निकासा भएको छ । कला क्षेत्रमा बजेट थोरै निकासा भएकाले सोचेजस्तो कलालाई विस्तार गर्न असमर्थ रहेको कुलपति केके कर्माचार्य स्वीकार्छन् ।

ललितकला प्रतिष्ठान छुट्टै एकेडेमीका रूपमा स्थापना भएको एक दशक पूरा भइसक्दा पनि आर्ट काउन्सिलबाहेकका ग्यालरीहरू छैनन् । जे जति छन्, कलाकारहरूले व्यक्तिगत प्रयासमा नै सञ्चालनमा ल्याएका छन् । दिग्गज चित्रकारहरूका कलाकृतिहरूलाई संरक्षण गर्ने संग्रहालयको अभाव छ । प्रदर्शनीको लागि अन्तर्राष्ट्रिय स्तरको ग्यालरी नै छैन । यसले गर्दा अन्तर्राष्ट्रिय स्तरको प्रदर्शनीका लागि नेपाल आर्ट काउन्सिल नै प्रयोग गर्नुपर्ने बाध्यता छ । कर्माचार्य भन्छन्, 'ललितकलाको विकासको लागि हामीसँग योजना र खाकाहरू छन् तर बजेट र ठाउँको अभाव रहेकाले काम अगाडि बढ्न सकिरहेको छैन ।'

महामारीले कतिपय आर्ट ग्यालरी बन्द भए भने कति बन्द गर्नुपर्ने अवस्थामा पुगेका छन् । जनकपुरमा मिथिला कला सिर्जना र विस्तारमा विगत तीन दशकभन्दा लामो इतिहास बोकेको 'मिथिला हस्तकला पेन्टिङ उद्योग' बन्दै गर्नुपर्ने अवस्थामा पुगेको चित्रकार तथा प्रतिष्ठानमा लोककला विभागका प्रमुख मिथिला देवी यादव बताउँछिन् । उनका अनुसार उद्योगमा ४५ जनासम्म कलाकारहरू आवद्ध थिए । विस्तारै सेलाउँदै गएको उद्योग अहिले थला परेको छ । चित्रकार यादव स्वयंले गतवर्षदेखि एउटा चित्र बेच्न सकेकी छैनन् ।

लामो समयदेखि मिथिला चित्रकलालाई अगाडि बढाइरहेका चित्रकार दम्पती लक्ष्मण मण्डल र सरिता मण्डलले ठमेलमा रहेको 'मिथिला नारी हस्तकला सेन्टर' बन्द नै गरेका अहिले ठिमीमा मात्र स्टुडियो सीमित गरेका छन् । बन्दाबन्दीमा सिर्जित लाखौं मूल्यका कलाकृतिहरूले कहिले बजार जाने कुनै टुंगो छैन । यो समयले कला सिर्जनामा त प्रभाव छोडेकै छ, अब सिर्जनालाई निरन्तरता दिन उनीहरूलाई धौधौको स्थिति छ । तत्काल बजार खोजीको काममा नलाग्ने हो भने कला क्षेत्रबाट कलाकारहरू पलायन हुनुपर्ने अवस्था सिर्जना हुने कुराले चित्रकार यादव चिन्तित छिन् ।

नेपाली कलाक्षेत्रका अग्रणी कलाकार अरनिको मानिए पनि उनको कलाकृतिको ठोस प्रमाण अझै मुलुकमा छैन । उनी ललितपुरस्थित ओकुबहालमा जन्मिएका हुन् भन्ने मात्र मानिन्छ । त्यसो त वि.सं. १८७७ सालतिर नै नेपालमा चित्रकला विधालाई आधुनिक शैलीमा अगाडि बढाएका राजमानसिंह चित्रकारका कलाकृति र उनका बारे जानकारी थोरै मात्र छ । तेजबहादुर चित्रकार, मनुजबाबु मिश्रजस्ता अग्रज चित्रकारहरूका कलाकृतिहरू भने आ–आफ्नै सन्तानहरूले संरक्षण गरेर राखेका छन् ।

राजधानीको नक्सालस्थित ललितकला प्रज्ञा प्रतिष्ठान आफ्नै समस्यामा छ । 'ललितकला प्रज्ञा प्रतिष्ठान आफै पनि टहरोको बासमा छ,' कर्माचार्यले सुनाउँछन्, 'संस्थाको स्थायी वास र कलाक्षेत्र र कलाकार विकासका लागि हामीले सक्दो प्रयास गरी नै रहेका छौं ।'

स्थापना भएको लामो समयपछि हालै मात्र प्रतिष्ठान कलाकार परिचय पत्र बनाउने प्रक्रियामा छन् । परिचय पत्रले कलाकारहरूको अर्काइभ राख्न सम्भव नभए पनि अन्तर्राष्ट्रिय स्तरको प्रदर्शनीमा औपचारिक रूपमा नेपाली कलाकारका रूपमा चिनारी दिन सघाउने कर्माचार्यको भनाई छ । कला सिर्जनासँगै कला र

कलाकारको संरक्षण र संवर्द्धन नगर्ने हो भने परिचयपत्रको के औचित्य र ? तसर्थ प्रतिष्ठानले तत्कालको समस्या सुल्झाउनतिर लाग्नुपर्ने कलाकारहरूको मत छ ।

प्रतिष्ठानको योजनाअनुसार परिसरमा १७ फिट अग्लो अरनिकोको मूर्ति प्रतिस्थापनाका लागि निर्माण कार्य जारी छ । अस्थायी प्रकृतिको भए पनि प्रतिष्ठान परिसरमा नवनिर्मित 'अरनिको प्रदर्शनी कक्ष'मा 'राष्ट्रिय ललितकला प्रदर्शनी-२०७८' सुरू गऱ्यो । झन्डै एक करोड रूपैयाँको लगानीमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भवन खडा गरेको कुलपति कर्माचार्यले बताए ।

उसो त कला विस्तारका लागि प्रतिष्ठानसँग बग्रेल्ती भावी योजना छन् । कला बजारको विस्तार गर्ने, सृजित कला बिक्रीका लागि कलाको लिलामीसम्बन्धी कानून निर्माण गर्ने, राष्ट्रिय ललितकला नीति तयार गर्नेजस्ता प्रतिष्ठानका योजनाहरू छन् । अरनिको राजमार्गको कुनै पायक पर्ने स्थानमा अरनिकोको मूर्ति स्थापना गर्ने, राष्ट्रिय ललितकला संग्रहालय निर्माण गर्ने, अन्तर्राष्ट्रिय स्तरको अत्याधुनिक कला ग्यालरी तथा सभाहल स्थापना गर्ने, साते वटा प्रदेशमा ललितकलासम्बन्धी निकाय स्थापना गर्ने, बाल उद्यान स्थापना गर्ने प्रतिष्ठानका दीर्घकालीन योजनाहरू हुन् ।

कलाको बजार बिस्तार र कलाकारको आर्थिक उन्नतिका लागि निजीक्षेत्रका ठूला होटल तथा सरकारी भवनहरूमा ललितकला साजसज्जा गर्न भवन निर्माण लागतको पाँच प्रतिशत बराबरको कला साजसज्जा गर्न लागत इस्टिमेटमा नै राख्नुपर्ने कानूनी व्यवस्थाका लागि पहल गर्ने दीर्घकालीन योजनाहरू पनि छन् । नेपाल ललितकला प्रज्ञाप्रतिष्ठान ऐन-२०६४ बमोजिम वि.सं. २०६७ सालमा स्थापना भएदेखि नै प्रतिष्ठानले प्रदर्शनी र कार्यशालाजस्ता कार्यक्रमहरूमा नै प्रतिष्ठान अल्झिरहेको देखिन्छ । 'कला क्षेत्रको जुन विकासको योजना लिएर एकेडेमी आएको हो, त्यसअनुरूप काम हुन सकेको छैन । एकेडेमी स्थापना भएर सिर्जना र केही प्रदर्शनीभन्दा अरू उन्नति गर्न सकिएको छैन' प्राज्ञ सभा सदस्य सञ्जय बान्तवा स्वीकार्छन् ।

प्रतिष्ठानका लागि आर्थिक वर्ष आर्थिक वर्ष २०७७/०७८ मा कुल ५ करोड ४२ लाख ९१ हजार रूपैयाँ बजेट निकासा भएको थियो । यसमा उपभोग तथा कार्यालय सञ्चालन खर्च ३ करोड ४२ लाख ९१ हजार अर्थात् ६३.१६ प्रतिशत छ । त्यस्तै पूँजीगत र कार्यक्रमतर्फ एक-एक करोड नै बजेट छुट्ट्याइएको छ । त्यस्तै आर्थिक वर्ष आर्थिक वर्ष २०७८/०७९मा भने

ललितकला प्रज्ञाप्रतिष्ठानका लागि सरकारले कुल ५ करोड २३ लाख रूपैयाँ बजेट छुट्ट्याइएको छ ।

कोरोना महामारीले गर्दा ललितकला विभागको बजेटलाई सरकारबाट केही कटौती गरेको चित्रकला विभागका प्रमुख सुष्मा राजभण्डारीले बताइन् । अपुग बजेटकै कारण ललितकला विकासका लागि आँटेका काम पूरा गर्न असमर्थ रहेको उनको भनाइ छ । वर्ष वर्ष २०७७/०७८ मा चित्रकला विभागका लागि जम्मा ६ लाख रूपैयाँ बजेट छुट्ट्याइएको थियो । विभागले आयोजना गरेको मुहार चित्र कार्यशालासमेत मेरो आफ्नै खर्चले सम्पन्न गर्नुपरेको उनले सुनाइन् ।

## औचित्यको खोजी

प्रतिष्ठानका चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, वास्तुकला तथा अन्य सिर्जनात्मक विभागबाट केही विचार गोष्ठीबाहेक अधिकांश कार्यक्रमहरू पुस्तक प्रकाशन, प्रदर्शनी र कार्यशालाहरूमा नै सीमित देखिन्छन् । आर्थिक वर्ष २०७७/०७८ मा प्रतिष्ठानका झन्डै साढे दुई दर्जन कार्यक्रममध्ये आधा दर्जनभन्दा बढी त कला कार्यशाला मात्रै छन् । प्रतिष्ठानले गर्ने शैलीका कार्यक्रमहरू कलाकारहरूले व्यक्तिगत तर्फबाट पनि गर्दै आइरहेका छन् भने प्रतिष्ठान हुनुको औचित्य के त ? कलाकारहरू नै प्रश्न गर्छन् । बिलाउँदै गएका कलाकारका कलाकृति र भएका कलाकारहरूलाई जीवित राख्ने काम कलाकारहरूले भन्दा पनि प्रतिष्ठानले गर्नुपर्ने उनीहरूको आग्रह छ ।

कलाक्षेत्रमा खोज अनुसन्धान, अग्रज कलाकारका कलाकृतिको संरक्षण, नव कलाकारहरूको खोजी तथा बजार विस्तारमा प्रतिष्ठानले चासो नदिएको चित्रकार लक्ष्मण श्रेष्ठको दाबी छ । 'कला प्रदर्शनी, ग्यालरी र दर्शकबीच अझै पनि दूरी कायम नै छ । कला जगत्ले खोइ नयाँ दिशा खोजेको ?, कलालाई के सजावटको सामग्री मात्र बनाउने ? पुरानै ढर्रामा हामी कतिन्जेल हिंड्ने ?' उनको प्रश्न छ । कलालाई नौलो आयाम दिने हो प्रतिष्ठान प्रदर्शनी, पुरस्कारभन्दा नवकलाकारको कलालाई सम्मान गर्दै कलाको विस्तारमा लाग्नुपर्ने श्रेष्ठको सुझाव छ । राजभण्डारी भने प्रतिष्ठानले कला क्षेत्रलाई सकभर माथि उठाउन राज्यको ध्यानकेन्द्रित गर्न पहल गरिरहेको बताउँछिन् ।

*(पत्रकार सुशीला तामाङ 'कान्तिपुर' दैनिकसँग आबद्ध छिन्)*

# साना-साना कथा, ठूला-ठूला खुशी

देवकुमारी आले

हजुरआमाले चिटिक्क परेको चकटी बुन्नुहुन्थ्यो । वर्ष दिनमा बुबाले नयाँ लुगा फेरिदिएझैँ हजुरआमाले चकटी फेरिदिनु हुन्थ्यो । नयाँ लुगा लगाएर चिटिक्क परेर नयाँ चकटीमा बसेर दशैंमा टीका लगाएको त्यो बालापन मेरो मानसपटलमा ताजै छ । सिर्जनात्मक कला थियो हजुरआमासँग । नाम्लो, दाम्लो, बाट्नुहुन्थ्यो । गुन्द्री बुन्नु हुन्थ्यो । अरू पनि के-के थिए, हजुरआमाका सीप । तर ती सीप पैसामा परिणत हुँदैनथे । पैसा कमाउने काम हजुरबाको हो भन्ने परम्पराले हजुरआमा सधैँ ओझेल पर्नुभयो ।

समयक्रमसँगै पुस्ता हस्तान्तरण हुँदै जाँदा आमा र छोरी पुस्तालाई भने आफ्नो कला, सृजना, नवीनतम सोच बाहिर ल्याउन सहज हुँदै गयो तर चुनौतीहरू भने अझै छन् । परम्परादेखि पुर्खाहरूले आर्जन गरेको त्यही ज्ञान सीपलाई समय सापेक्ष परिमार्जन गरेर व्यावसायिक रूपमा लेनादेना गर्नु नै त उद्यमशीलता हो ।

## लक्ष्य आत्मनिर्भरता

को केटाकेटीलाई चकलेट मन नपर्ला र ? अरूलाई जस्तै सिन्धुलीकी सबिना बस्नेतलाई पनि चकलेट एकदमै मन पर्थ्यो । चकलेट कसरी बन्छ होला ? यो जिज्ञासा उनलाई सानैदेखि थियो । त्यही जिज्ञासाका कारण सबिनाले चकलेट बनाउन सिकिन् ।

कक्षा १२ मा अध्ययनरत सबिना अहिले १८ वर्षकी भइन् । उनको धेरैजसो समय पढाइमा नै बित्ने भए पनि अचेल दिनको २ घण्टा कमलामाई नगरपालिका-५ चिसापानी झोरामा रहेको सौगात ललीपप उद्योगमा चकलेट बनाउन जान्छिन् ।

उद्योगमा काम गर्दागर्दै सबिनाले चकलेट बजारीकरण गर्ने जस्ता काम पनि आफूलाई खार्दै गएकी छन् । उनमा सीप सिकेर भविष्यमा आत्मनिर्भर हुने आत्मविश्वास देखिन्छ ।

हुन सबिनाको लक्ष्य भविष्यमा राम्रो शिक्षक बन्नु हो । त्यसको लागि उनी मिहेनत गरेर पढ्दै छिन् । 'यदि कुनै अवरोधका कारण शिक्षक बन्ने लक्ष्य पूरा गर्न सकिनँ भने पनि ललीपप बनाउने सीपले मलाई आत्मनिर्भर बन्न सहयोग गर्ने छ,' उनी स्पष्ट छिन् । उद्योगमा आएर काम गर्दा किताबको ज्ञानभन्दा बाहिरको कुरा थप सिक्न पाएको जस्तो पनि सबिनालाई लागेको छ । अहिले सबिनाले त्यस उद्योगमा काम गरेबापत मासिक दुई हजार पाँच सय रूपैयाँ कमाउन थालेकी छन् । पढ्नका लागि परिवारले खेप्ने आर्थिक भार सबिनाले घटाइदिएकी छन् ।

## चार हजारबाट असी लाख

सिन्धुलीमा विमला थापालाई नचिन्ने मानिस कमै होलान् । सिन्धुलीको कमलामाई-५ चिसापानीमा सौगात गृह तथा सातु उद्योग र सौगात ललीपप उद्योग छ । विमला त्यस उद्योगकी सञ्चालक हुन् । सृजनात्मक सोच लिएर आउने दिदीबहिनीका लागि त्यो उद्योग राम्रो माध्यम बनेको छ । उद्योगमा परालको चप्पल, दुना, टपरी, सिन्काका साथै खाद्यान्नको विभिन्न सामान बिक्री बन्छ ।

पहिला विमला गैरसरकारी संस्थामा जागिर खान्थिन् । विवाहपछि बालबच्चाको हेरचाह र घरधन्दामा समय दिनुपरेपछि विमलाले घरमै बसेर पैसा कमाउने उपाय खोजिन् । त्यसै क्रममा उनले श्री सिन्धुली नामक संस्थाबाट टीका बनाउने तालिम लिने मौका पाइन् । र, टीका बनाउने कामबाट व्यवसाय थालिन् । ४ हजार रूपैयाँको पूँजीबाट थालेको विमलाको व्यवसायले अहिले ८० लाखको कारोबार गरिरहेको छ ।

स्थानीय कच्चा पदार्थ प्रशोधन गरेर शुद्ध सामग्री बनाएका कारण अहिले विमलाको उद्योगबाट उत्पादित सामग्री स्वदेशमा मात्र नभएर जापान जस्ता मुलुकमा पनि बिक्री हुने गरेको छ । उद्योगकै कारण विभिन्न ठाउँमा घुम्ने क्रममा उनले इलाम पुग्दा ललीपप उद्योग देखिन् र त्यसैबाट प्रभावित भएर ललीपप उद्योगको स्थापना गरिन् । दूधबाट बन्ने ललीपप, चकलेट, खुवा, कुरौनीजस्ता परिकार निरन्तर उत्पादन गर्दै आइरहेकी उनी नाम र दाम दुवै कमाएकोमा सन्तुष्ट छिन् ।

उद्योग सञ्चालन गर्दाका अनेक चुनौती छन् । स्थानीय स्तरमै उत्पादित सामग्रीलाई बजारीकरण गर्न समस्या छ । स्थानीय बजार सानो भएका कारण बाहिरबाट आएको सामाग्रीहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । उद्योग सञ्चालनमा स्थानीय सरकारले सहयोग गरे पनि सहुलियत कर्जामा समस्या छ । त्यसमाथि कोभिड महामारीका कारण व्यापार खस्किएको खस्कियै छ ।

## संयोगले जुटाएको सहारा

त्यस्तै कमलामाई–५ की सृजना श्रेष्ठ र दुधौली नगरपालिका–५ की विना खत्रीले कमलामाई–५, मधुटारमा फाइबर झोला उद्योग चलाएका छन् । पारिवारिक बेमेलले जागिर खोज्दै भौंतारिएको बेला सृजना र विनाको भेट सिन्धुली सदरमुकाममा भएको थियो । घरेलु हिंसामा परेर घरै उनीहरूको भेट हुनु संयोग न थियो । तर, पीडाले भौंतारिएको बेला जुटेको त्यही संयोगले उनीहरू एकअर्काका सहारा बने । सृजना र विना अहिले कालिका फाइबर झोला उद्योग सञ्चालन गरेर सफल महिला उद्यमीका रूपमा जिल्लामा परिचित छन् । बजारमा अरूले बनाएको झोला हेरेर झोला बनाउन सिकेका

उहाँहरूले आज अरूलाई पनि झोला बनाउन सिकाइरहेका छन् ।

झोला उद्योगले दुवैको दैनिकी बदलिएको छ । तीन वर्षअघि १ लाख रूपैयाँबाट सुरू गरेको फाइबरको झोला उद्योग अहिले ७ लाखको कारोबार गर्ने हैसियतमा पुगेको छ । अरू दिदी बहिनीहरूले पनि उद्योगमा झोला सिलाउने काम पाएका छन् । व्यक्तिलाई बेच्दा एउटा झोलाको ४० रूपैयाँ र होलसेल पसललाई २० रूपैयाँको दरले बिक्री हुन्छ । सिन्धुलीमा भएको झोला बिक्रीबाट सृजना र विनाले मासिक ३० हजार कमाइ गरिरहेका छन् ।

नगरले छनोट गरेको सफल महिला उद्यमीमा परेर २० हजार रूपैयाँसहित पुरस्कृत गरेपछि सृजना थप दंग परेकी छन् र थप काम गर्न उत्साहित भएकी छन् । मेहनतको उच्च सम्मान भएको र काम गर्ने हौसला थपिएको उनको भनाइ छ ।

## चिनौं स्थानीय कच्चापदार्थ

घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुलीको तथ्यांकअनुसार जिल्लामा ३ हजार ८ सय ८८ वटा उद्योग दर्ता भएका छन्, तीमध्ये महिलाहरूको नाममा मात्रै एक हजार २ सय १२ वटा छन् । महिला उद्यमी संघ सिन्धुलीकी अध्यक्ष सुकुमाया तामाङका अनुसार सिन्धुलीमा महिलाहरूले सञ्चालन गरेको उद्योगमा ५ सयभन्दा बढी महिलाहरू काम गर्छन् । विमला थापा, निरु श्रेष्ठ, विमला काफ्ले, रीता बोगटी, सुकुमाया तामाङ, सृजना श्रेष्ठजस्ता महिला सिन्धुलीमा सफल उद्यमीका रूपमा परिचित छन् ।

महिलाहरूले सञ्चालन गरेको उद्योग व्यवसायमा स्थानीय सरकारका कुरा सकारात्मक पाइए पनि बजेट विनियोजनमा भने त्यति सकारात्मक नदेखिएको सुकुमायाको अनुभव छ । पालिकाहरूले नीतिगतरूपमा भन्दा पनि आवश्यकताको आधारमा बजेट छुट्ट्याएको पाइन्छ । यसै क्रममा दुधौली नगरपालिकाले महिला उद्यमीका लागि उद्यमी कोष भनेर १८ लाख रूपैयाँसम्म बजेट छुट्ट्याएको छ ।

सिन्धुलीमा ढाका, टपरी, झोला, डेरी, अचार, ललीपप, सिलाइ कटाइलगायत उद्योग सञ्चालनमा छन् । यस्ता उद्योगबाट स्थानीय स्तरमा नै उत्पादित कच्चा पदार्थहरू प्रशोधन भएर बजारमा पुगेका छन् । सुकुमाया

भन्छिन्, 'बाटो, कुलोजस्ता विकास निर्माण र आधुनिक जीवनशैलीका कारण खर, पट्टेरजस्ता बहुउपयोगी वनस्पतिहरू दिनदिनै मासिँदै गएका छन्, स्थानीय उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थको अभाव हुन थालेको छ ।'

यस्ता बहुउपयोगी वस्तुहरू स्थानीय सरकारले चिन्न नसक्दा मूल्यविहीन भएका छन् । कच्चा पदार्थहरूलाई उद्योग स्थापना गरेर प्रशोधन गरे लाखौँ मूल्यमा बेच्न सकिने उनको भनाइ छ । खर, पट्टेरबाट बस्ने मुढा, कुर्सी, चकटी, गुन्द्रीलगायत सामन बनाउन सकिन्छ । स्थानीय तहले आफ्नो क्षेत्रमा भएका यस्ता बहुउपयोगी कच्चा पदार्थहरू चिनेर लगानी गर्ने हो भने पालिकाहरू मात्र नभएर राष्ट्रको अर्थतन्त्रमा समेत योगदान पुग्ने उनको बुझाइ छ ।

## खेर जाने लप्सी अब अनलाइन

भक्तपुर चाँगुनारायणकी देवका श्रेष्ठ, चम्पक पाउँ उद्योगकी सञ्चालक हुन् । सुरूमा खासै बिक्री नभएको उनको उद्योगको पाउँ उपभोक्ताको रोजाइमा पर्ने गरेको छ । सुरूमा त देवकालाई व्यापार व्यवसाय गर्नका लागि आफ्नै परिवारबाट पनि सहयोग थिएन । लुगा सिलाउने कामबाट व्यवसायको सुरूवात गर्दा खासै राम्रो कमाइ हुँदैनथ्यो । उनले लुगा सिलाउने काम गरेर मासिक २५ रूपैयाँको दरले सहकारीमा पैसा जम्मा गर्न थालिन् ।

बचत गरेर रोजगारीका लागि केही गर्नुपर्छ भन्ने लक्ष्य थियो । त्यसै क्रममा गाउँघरमा त्यसै खेर जाने लप्सीलाई आयआर्जनको माध्यम बनाउन पाए हुन्थ्यो भन्ने लाग्यो । लप्सीलाई बजारीकरण गर्ने सोच पलायो । २०६९ सालमा भक्तपुरको घरेलु कार्यालयमा उद्योग दर्ता गरिन् र लप्सीबाट परिकार बनाउने तालिम लिएर पाउँ अर्थात् तितौरा बनाउन थालिन् । बिस्तारै बिक्री हुन थाल्यो ।

गाउँघरमा त्यसै कुहिएर जाने लप्सीको प्रशोधन हुन थालेपछि भक्तपुरका केही व्यक्तिले जम्मा गरेर देवकाको उद्योगमा ल्याएर बेच्ने गरेका छन् । भक्तपुरको लप्सीले मात्र नपुग्ने भएपछि अहिले सिन्धुपाल्चोक, नुवाकोटबाट समेत उनको उद्योगमा लप्सी ल्याउने गरिएको छ । जिन्दगीको सिकाइ

सुनाउँछिन्, 'सामान थोरै भए पनि सबैले 'आहा' भन्ने खालको भयो भने बिस्तारै बजार लिँदो रहेछ ।'

उद्यमी बन्नका लागि धैर्य चाहिने उनको बुझाइ छ । पहिले लक्ष्य निर्धारण गरी त्यसपछि लगाव र धैर्य कायम गर्न सकेमा सफल भइनेरहेछ भन्ने अनुभव पनि उनले कमाएकी छन् । अहिले उनको उद्योगको पाउँ नेपालमा मात्रै बिक्रीवितरण भइरहेको भए पनि 'हामीले बनाएको पाउँ अन्तर्राष्ट्रिय बजारमा पनि निर्यात हुनुपर्छ' भन्ने उनलाई लाग्छ । पहिले उद्योग सञ्चालन गर्छु भन्दा घरपरिवारले नै नपत्याएका भए पनि अहिले छोरा र छोरीको सहयोगले अनलाइन मार्केटिङ पनि भइरहेको छ ।

## मास्टर ट्रेनर सविता

त्यस्तै सफल महिला उद्यमी हुन्- सविता महर्जन । उनको कीर्तिपुरमा होजरी (बुनाइ) उद्योग छ । नेपालमै बनेको कच्चा पदार्थहरूबाट उनी स्वेटर, टी-शर्ट, ब्याग, विद्यार्थीका युनिफर्म, आउटर, कुशन कभर, टोपी, पञ्जा, मोजा, सजावटका सामान लगायतका विभिन्न सामग्री उत्पादन गर्छिन् । स्थानीय महिलाहरूले सबितालाई प्रेरणाको स्रोत मान्छन् । कीर्तिपुरमा उद्योग दर्ता गराएर काम गर्ने महिलाहरूको संख्या उल्लेखनीय रहेको उनको भनाइ छ । कलेज पढ्दाका दिनहरूमा सबिताले उद्यमी बन्छु भनेर कहिल्यै सोचेकी होइनन् । परिवारमा भएको आर्थिक अभावकै कारण सबिताले उद्यमशीलता रोजेकी हुन् ।

२०५० सालमा स्वेटर बुन्ने तालिम लिएर व्यवसायमा प्रवेश गरेकी सबिताले २०६७ सालमा होजियरी उद्योग दर्ता गरेकी थिइन् । दर्ता गर्ने विधि थाहा नभएर अल्मलिएकी सबितालाई महिला उद्यमी महासंघलगायत संघसंस्थाले सहयोग गरेका थिए ।

सबिताले २०११ मा सूर्य नेपाल आशा इन्टरप्रेनर सोसियल अवार्ड ( सामाजिक उद्यमशीला) बाट १ लाख रूपैयाँको पुरकार पनि जितिसकेकी छन् । अन्य धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार, प्रशंसापत्र र मायाको चिनो पनि पाएकी छन् । यस्ता पुरस्कारले सबिताको हौसला झनै थप्ने गरेका छन् । त्यति बेला ५० जनालाई रोजगारी दिने सबिता अहिले ३००

जनालाई रोजगारी दिन सफल भएकी छिन् । अहिले उनी चौधरी ग्रूपको मास्टर ट्रेनरका रूपमा पनि चिनिन्छिन् ।

सबितालाई सफल उद्यमी भनेर चिन्नेहरूलाई उनको बिगतको कथा सुन्दा पत्यारै लाग्दैन । उतिबेला ३६ प्रतिशतसम्मको ब्याजमा ऋण लिएर व्यवसाय गर्दा सबितालाई टिक्नै समस्या थियो । 'महिलाका दुई वटा घर भए पनि दुवै घरबाट पूँजीको लागि सहयोग मिल्दैन । माइतमा हुँदा बुवाआमाले दिँदैनन्, बिवाह भएपछि श्रीमान र परिवारले दिँदैनन्,' उनलाई लाग्छ, उनको यो बुझाइ एकादुई परिवारबाहेक आज पनि हरेक महिलाको अवस्थामा मिल्छ । त्यसैले महिला उद्यमीहरूका लागि जनचेतनाको विकास आवश्यक भएको उनले अनुभव गरेकी छन् ।

सरकारलाई तिरेको करको २५ प्रतिशत रकम मात्र सरकारले व्यवसायीहरूका लागि खर्च गर्ने हो भने व्यवसाय दर्तादेखि सञ्चालन गर्नेहरूको लाइन लाग्ने उनको विश्वास छ । तर, सरकारले उद्यमीहरूका लागि १५ लाख रूपैयाँसम्म ऋण दिने ब्यबस्था गरे पनि प्रक्रिया झन्झटिलो छ ।

## झन्झट जति कम, उद्यम उति बढी

नयाँ ज्ञान, सीप, क्षमता भएका उद्यम तथा व्यवसाय सञ्चालन गर्न पुँजी उपलब्ध गराउन गत आर्थिक वर्ष २०७७/७८ मा बागमती प्रदेश सरकारले नीति तथा कार्यक्रममा विभिन्न शीर्षकमा सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिएको थियो । बागमतीमा १ लाख ४१ हजार ५ सय ६८ लघु, घरेलु तथा साना उद्योग सञ्चालनमा छन् ।

कोभि–१९ को कारण उद्योग क्षेत्रमा परेको असरलाई व्यवस्थापन गर्दै 'उद्यमीको हात प्रदेश सरकारको साथ' जस्ता कार्यक्रम पनि ल्याइएका थिए । बागमती प्रदेशले 'एक स्थानीय तह, एक उद्योग ग्राम'तर्फ पहिचान भएका स्थानमा ५ वटा उद्योग ग्रामको निर्माण गर्न र थप १० उद्योग ग्रामको सम्भाव्यता अध्ययन, वातावरण अध्ययन र जग्गा प्राप्तिजस्ता कार्यका लागि ११ करोड रूपैयाँ बजेट विनियोजित गरेको थियो ।

परम्परागत ज्ञान सीपको संरक्षण संवर्द्धन गर्न, गरिब, विपन्न महिला,

आदिवासी जस्ता समुदायले उत्पादन गरेका उपजहरूको उत्पादन तथा बजारीकरणमा टेवा पुऱ्याउन स्थानीय तहको सहकार्यमा सबै जिल्लामा कोसेली तथा घरेलु उपज बिक्री केन्द्र स्थापनाका लागि ३ करोड बजेट पनि बिनियोजित गरेको थियो ।

बागमती प्रदेश लघुउद्यमी महासंघका अध्यक्ष रिता बोगटीका अनुसार केन्द्र, प्रदेश र स्थानीय सरकार कार्यान्वयनमा आएपछि उद्यमशीलताको क्षेत्रमा नीतिनियम फेरबदल भए पनि व्यवहारमा तिनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा समस्या भएको छ । सामूहिक रूपमा व्यवसाय सञ्चालन गर्ने महिलाहरूको आफ्नो नाममा जग्गा नहुँदा बैंकबाट ऋण लिएर व्यवसाय सञ्चालन गर्न समस्या भएको उनको भनाइ छ । सरकारले उद्यम गर्न चाहने महिलाहरूका लागि ऋण उपलब्ध दिने नीति बनाए पनि जेथा देखाएर कर्जा लिन समस्या छ ।

उद्यमशीलता कर्जा लिनका लागि महिलाहरूले उद्यम गर्नुपर्ने हुन्छ । त्यसका लागि सरकारले १५ लाखसम्म विनाधितो उद्यमशीलता कर्जा दिने गरेको छ । यसअन्तर्गत १८ वर्षभन्दा माथिका कुनै पनि महिलाले ब्यबसाय गर्न चाहेमा बैंकबाट कर्जा लिनसक्ने व्यवस्था छ । तर कतिपय उद्यमी महिलाहरूले यी प्रक्रिया पूरा गर्न नसक्दा सहुलियत कर्जा लिन समस्या र जटिता भएको महिला उद्यमीहरूको गुनासो छ ।

महिला उद्यमी महासंघ नेपालका रीता सिंह भने समग्र रूपमा अहिले महिला उद्यमीहरूका लागि उद्यम गरेर क्षमता, कला र सृजनालाई बाहिर ल्याउने राम्रो अवसर भएको ठान्छिन् । सरकारले नै आर्थिक रूपमा सहयोग गरिरहेकाले स्थानीय तहमा सामूहिक रूपमा चासो दिएर काम गर्ने हो भने अवसर प्रशस्त रहेको उनले बताइन् । महिला उद्यमी महासंघले ५७ जिल्लामा महिला उद्यमी संघ गठन गरिसकेको छ । जिल्ला संघले महिला उद्यमशीलता विकासका लागि विभिन्न तालिम सञ्चालन गर्ने, उद्यमीहरूलाई परेको समस्यामा स्थानीय सरकार या सरोकारवाला निकायहरूसँग समन्वय गरिदिनेजस्ता काम गरिरहेको छ ।

त्यसै गरी राष्ट्रिय लघुउद्यमी महासंघ, प्रदेश लघुउद्यमी महासंघ र जिल्ला लघु उद्यमी संघले पनि महिला उद्यमीहरूको समस्या, आवश्यकता र नवीनतम कलाहरूको पहिचान गरी सरोकारवाला निकायसम्म पुऱ्याउन

पहल र प्रयास गर्ने गरेका छन् । तर पनि सानो आवाज भएका महिला उद्यमीहरूको आवाज प्रदेश र स्थानीय सरकारसम्म चाहिंदो मात्रामा पुग्न नसकेको उद्यमी विमला थापाको अनुभव छ ।

सरकारले उद्यमीहरूको संख्या बढाउन ल्याएका विभिन्न कार्यक्रमको प्रभाव सकारात्मक रहे पनि त्यसको दिगो प्रभाव भने देखिएको छैन । सरकारी नीति तथा कार्यक्रमहरूको दिगो प्रभावका लागि महिला उद्यमीहरूका व्यवसायलाई प्रोत्साहन गर्न नीति, कानून बनाउनु र तिनलाई सहजरूपमा व्यवहारमा उतार्ने व्यवस्था गर्नु आवश्यकता छ ।

*(देवकुमारी आले सिन्धुलीकी रेडियो पत्रकार हुन्)*

खण्ड

6

# पहिचान



# बोलीचाली कायम छ, विकास कम छ

रूपा गुरुङ पाख्रिन

मकवानपुरको बागमती गाउँपालिकाकी ठूलीमाया जिम्बालाई नेपाली भाषा बोल्न खासै आउँदैन । बरू मातृभाषा (तामाङ भाषा) बोल्नचाहिं उनलाई सजिलो छ । भन्छिन्, 'नेपाली पनि बुझ्न त बुझ्छु तर फर्काउन आउँदैन ।' उमेरले ५५ वर्ष कटेकी ठूलीमाया घरका अन्य सदस्यलाई पनि आफ्नो भाषा बोल्न नछाड्न अह्राउँछिन् ।

खेतीपाती र घांस दाउरा गर्दै जीवनको यो मोडसम्म आइपुगेकी ठूलीमायालाई नेपाली भाषा नजानेकोमा गुनासो भने छैन । गाउँघर छरछिमेकमा प्रायः तामाङ बस्ती भएकाले पनि अरू भाषा बोल्न उनलाई त्यति आवश्यक पर्दैन । उक्त क्षेत्रमा सानादेखि ठूलासम्म सबैले मातृभाषा नै बोल्छन् ।

घरपरिवारको पहिलो भाषाका रूपमा मातृभाषा बोलिने भएकाले यहाँका प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरूलाई सुरूमा नेपाली भाषा बोल्न र लेख्न भने केहि समस्या हुने गरेको पाइन्छ । कक्षा ८ सम्म पढाइ हुने वडा नम्बर ३ गढनमा रहेको श्री ज्ञानमन्दिर आधारभूत विद्यालयकी शिक्षिका

सुशीला पाखिनको छ, 'यहाँ पढ्न र सिक्न आएका केही नानीबाबुलाई मातृभाषामै यो गर, त्यो गर भनेर सिकाउनुपर्ने अवस्था छ, कतिपयले नेपाली भाषा सिक्न समय लाग्ने भएकाले परीक्षामा राम्रो गर्न सकिरहेका हुँदैनन् ।'

बागमती गाउँपालिकामा विभिन्न जातजातिको जनसंख्या ३० हजार ४ सय ९५ रहेको २०६८ सालको जनगणनाको तथ्याङ्कमा छ । त्यसमध्ये १८ हजार ४ सय ५० जना तामाङ जातिको बसोबास छ । वि.सं. २०७४ सालको सर्वेक्षणले ३९ हजार ७ सय ७९ कुल जनसंख्यामा २१ हजार ४ सय २ अर्थात् ५३.८ प्रतिशत तामाङ जातिको आवादी देखाएको गाउँपालिकाले जनाएको छ ।

स्थानीय सरकार आएपछि यस क्षेत्रमा यातायात, विद्युत् र खानेपानीको केही योजनाहरू सम्पन्न भए पनि सबै क्षेत्रमा पहुँच पुग्नमा समस्या छ । गाउँपालिकाका अध्यक्ष सर्केश घलान भन्छन्, 'यहांको भौगोलिक विकटताका कारण सुचना सञ्चार पुग्न समस्या छ, गाउँपालिकाका सबै क्षेत्रमा यातायात, विद्युत्, खानेपानी, विद्यालयजस्ता आधारभूत कुराहरू पुगेको छैन । यी समस्याले तामाङ समुदायलाई पनि हरेक क्षेत्रमा पहुँच पुऱ्याउन समस्या छ ।'

घलानले यस समुदायलाई विशेषतः कृषिमै आत्मनिर्भर बनाउनुपर्नेमा जोडका दिएका छन् । त्यसैबमोजिम गाँउपालिकाले आफ्नो नीति तथा कार्यक्रममा 'कृषिमा रूपान्तरण गरी निर्वाहमुखीबाट व्यवसायीकरण' भन्ने नाराका साथ कृषिलाई आधुनिकीकरण गर्ने कार्यक्रम तर्जुमा गरेको छ । उन्नत जातका गाईभैंसी पालनबाट दूध र दुग्धजन्य पदार्थ उत्पादन गर्न सहकारीमार्फत ४० प्रतिशत अनुदान दिने व्यवस्था गरेको छ । प्राविधिक शिक्षालय सञ्चालन गरी कृषि तथा पशु प्राविधिक उत्पादन गर्ने थलोका रूपमा गाँउपालिकालाई विकास गर्ने जनाएको छ । यसै गरी वडा नम्बर ९ लाई कफी पकेट क्षेत्रको रूपमा विस्तार गरिरहेको पनि गाउँपालिकाले जनाएको छ ।

यस्तै मकवानपुरकै अर्को कैलास गाउँपालिकामा ६७ प्रतिशत तामाङ समुदायको बसोवास रहेको छ । यस गाउँपालिकामा दोस्रो ठूलो भाषाका रूपमा रहेको नेपाली बोल्ने १६.१६ प्रतिशत रहेका छन् । गाउँपालिकामा शिक्षा र स्वास्थ्यमा कमजोर छ । आर्यआर्जनका रूपमा यहाँका समुदाय पनि कृषि पेशामै निर्भर छन् । बाहुल्यका हिसाबले तामाङ जातिकै उत्थान भनेरै विकास

बजेटहरू नरहे पनि समग्र क्षेत्रलाई समेटेर विकास आयोजनाहरू भइरहेको गाउँपालिकाका अध्यक्ष टंक मोक्तानले बताए । उनका अनुसार आर्थिक वर्ष २०७७/२०७८ को नीति तथा कार्यक्रममा "माटो सुहाउँदो" खेतीप्रणाली अवलम्बन गरी कृषिक्षेत्रबाट आर्थिक विकास हासिल गर्ने गाउँपालिकाको लक्ष्य छ ।

एक वडा एक नमूना व्यावसायिक तरकारी, पशुपालन तथा फलफूल खेतीको अवधारणालाई सफल पार्न कैलास १ नम्बर वडामा पशुपालन र तरकारी खेती, २ मा दाँतेओखर, स्याउ, जुनार, अलैंची, लप्सी, ३ मा अदुवा खेती र बाख्रापालन, ४ मा सुन्तला, अदुवा, बाख्रापालन, कागती खेतीलाई प्राथमिकता दिइएको छ । यस्तै वडा नम्बर ५ मा किवि, अम्रिसो, अलैंची, ६ मा दाँतेओखर, किबी, चिया, ७ मा मौरीपालन, बाख्रापालन, तरकारी, ८ मा तरकारी, बाख्रापानल र चिउरीखेती ९ मा गाईभैंसी पालन, बाख्रापालन र १० नम्बर वडामा पनि बाख्रापलान, गाईभैंसी पालन, जुनार खेतीलगायतका कृषिक्षेत्रमा विशेष प्राथमिकताका साथ बजेट विनियोजन गरिएको गाउँपालिका अध्यक्ष मोक्तानले बताए । कृषिक्षेत्रको विकासबाटै यहाँका तामाङ समुदाय पनि लाभान्वित हुने उनको ठम्याइ छ ।

## बागमती प्रदेशमा तामाङ आवादी

वि.सं. २०६८ सालको जनगणनाअनुसार बागमती प्रदेशमा तामाङ जातिको कुल जनसंख्या २०.४२ प्रतिशत रहेको पाइन्छ । विशेषतः काठमाडौंसहित मकवानपुर, काभ्रेपलाञ्चोक, रसुवा, धादिङ, सिन्धुली, नुवाकोट, दोलखा, रामेछाप, चितवन र सिन्धुपाल्चोकमा तामाङ जातिको आवादी रहेको छ । मकवानपुरमा १८ हजार ४ सय २३ (६०.२३ प्रतिशत) , चितवनमा १७ हजार ८ सय ६२ (६.२६ प्रतिशत), धादिङमा ७४ हजार २ सय ३९ , सिन्धुपाल्चोकमा ९८ हजार ५ सय ७० (३४.२५ प्रतिशत) , नुवाकोटमा १० हजार ५ सय ८५, सिन्धुलीमा ७९ हजार ५ सय ९० (२९.०५ प्रतिशत) , रामेछापमा १९.२ प्रतिशत, दोलखामा १८.८ प्रतिशत, रसुवामा ६८.७८ प्रतिशत, काभ्रेमा १ लाख २९ हजार ९ सय १३ (३४.०१ प्रतिशत) तामाङ समुदायको बसोवास भएको केन्द्रीय विभागको तथ्याङ्कमा उल्लेख गरिएको छ । काठमाडौंमा ११,

भक्तपुरमा १४.२ र ललितपुरमा १३.१ प्रतिशत तामाङ छन् ।

यस प्रदेशमा १८ प्रतिशत तामाङले मातृभाषा बोल्ने गरेको नेपाल तामाङ घेदुङ बागमती प्रदेशले जनाएको छ । आदिवासी जनजातिका हिसाबले प्रदेशकै पहिलो भाषाका रूपमा तामाङ भाषा रहेको घेदुङले जानकारी दिएको छ । यसैगरि प्रदेशका १३ जिल्लामध्ये ९ जिल्लामा पहिलो भाषाका रूपमा तामाङ भाषा प्रयोग भएको जनाएको छ । काठमाडौं, भक्तपुर, ललितपुर र चितवनलाई छाडेर अन्य ९ जिल्लामा पहिलो भाषाका रूपमा तामाङ भाषा बोलिने गरेको घेदुङ बागमती प्रदेशका अध्यक्ष लीलाकुमार घलानले जानकारी दिए ।

## तामाङ समुदायका चुनौती

नेपालमा भाषा र संस्कृतिमा सम्पन्न भएको जातिमध्ये तामाङ समुदाय पनि एक हो । यो जातिसँग अथाह पुर्ख्यौली विरासत छन् । यी समुदायसंग जाति, भाषा, भूगोल, इतिहास र संस्कृतिको निरन्तरता छ । लाबोन, ताम्बा, गान्बा, चोहो, बोन्बो, लामा गरी ६ वटा परम्परागत संस्था यी समुदायसँग छ भने ९ वटा पुर्ख्यौली सम्पदा छन् । तर यी सम्पदा र आख्यानहरूको जर्गेना गर्नमा चाहिंदो चासो र चिन्ता नहुँदा भविष्यमा नयाँ पीढीले आफ्नो भाषा, संस्कार र संस्कृति बिर्सने खतरा रहेको भाषाविद् अमृत योञ्जन बताउँछन् ।

कतिपय अवस्थामा अन्तरजातीय विवाहका कारण पनि भाषा लोप हुने खतरा बढाएको छ । अन्तरजातीय विवाह गर्ने दम्पतीबाट जन्मिएका बालबालिकामा मातृभाषाको समस्या देखिने गरेको छ । त्यस्तो परिवारमा भाषिक सहजताका लागि नेपाली भाषाकै प्रयोग बढी भएको पाइन्छ । भाषाविद् योञ्जनले तामाङ पुर्ख्यौली सम्पदा, इतिहास, संस्कृतिको संरक्षण, संवर्द्धन र जगेर्ना गर्न सबैले ध्यान दिनुपर्नेमा जोड दिए ।

## तामाङ समुदायको विकास

तामाङ समुदाय र उनीहरूका भाषा, संस्कृतिको विकासका लागि भनेरै बागमती प्रदेशका ३२ वटा पालिकामा मातृभाषामा अध्ययन हुने भएको छ ।

१३ जिल्लाका ३२ स्थानिय पालिकाले आफ्ना नीति तथा कार्यक्रममा 'भाषा नीति तथा मातृभाषा शिक्षा' पारित गरी बजेट छुट्ट्याएका छन् । नेपाल तामाङ घेदुङले तामाङ भाषाका चार वटा भाषिक (क्लस्टर) छुट्ट्याएर त्यसैअनुरूप पाठ्यपुस्तक निर्माण गरिरहेको छ । त्रिशूलीपारि रसुवा, नुवाकोट र धादिङ क्लस्टर, त्रिशूलीवारि नुवाकोट, काठमाडौँ, काभ्रे, सिन्धुपाल्चोक क्लस्टर, काभ्रेको तेलाम तथा ललितपुर, सिन्धुपाल्चोक क्लस्टर र पूर्वी क्लस्टरअन्तर्गत मकवानपुर, दोलखा, रामेछापलगायत जिल्ला रहेका छन् ।

तामाङ भाषा लेखनमा देवनागरी र तामयिग लिपि प्रयोग गरिंदै आएको छ । यसअघि शिक्षा मन्त्रालयअन्तर्गत पाठ्यक्रम विकास केन्द्रले कक्षा १ देखि ५ सम्म तामाङ भाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक देवनागरी लिपिका माध्यमबाट पठनपाठन गरिंदै आएको थियो । घेदुङले यो पटक तामयिग लिपिको माध्यमबाट पाठ्यपुस्तक निर्माण तयार गरेको छ ।

काभ्रेको चौरीदेउराली गाँउपालिका अध्यक्ष दिननाथ गौतमका अनुसार स्थानीय भाषाअन्तर्गत मातृभाषा पढाउन तीन आर्थिक वर्षदेखि बजेट छुटाइँदै आएको छ । उनले घेदुङबाट पाठ्यपुस्तक प्राप्त भएलगतै केही विद्यालयमा पठनपाठन सुरू गर्ने तयारी रहे पनि कोरोना महामारीले यो योजना रोकिएको बताए ।

स्थानीय भाषाको बिकास र संवर्द्धन गर्न तामाङ समुदायका लागि के गर्ने त? घेदुङका बागमती प्रदेश अध्यक्ष घलानको विचारमा यसका लागि अध्ययन अनुसन्धानमा जोड दिने, भाषिक विद्यालयहरू स्थापना गरी अध्ययनको वातावरण सिर्जना गर्ने, निजामती क्षेत्रमा उनीहरूको सहभागिता उल्लेख्य गराउने, विभिन्न संघसंस्थामा आबद्धता र क्षमता बढाउनेलगायत उपायबाट यस समुदायको विकास गर्न सकिन्छ ।

*(मकवानपुरकी पत्रकार रूपा गुरूङ पाख्रिन 'लालखबरडटकम'सँग आबद्ध छिन्)*

# नयाँ संविधान बनेपछि बढेको सक्रियता

मायालु तामाङ

*ए आले थेन ए आङा,*
*तोर ह्योङ मार ह्योङ आव्राउले,*
*खेत्पा व्रिबा दुइरिमी,*
*क्योङ्दान लोङ्दान दुइरिमी ।*
*(भाइ र ऐ बहिनी, तलमाथि डुलेर नहिँड, पढ्ने लेख्ने समयमा,*
*ज्ञानगुणको कुरा सिक्ने समयमा ।)*

काठमाडौंको बौद्धस्थित महेन्द्र माध्यमिक विद्यालयको कक्षा ५ को कक्षामा यसरी नै तामाङ तथा गैरतामाङ विद्यार्थीहरूतामाङ भाषाको आफ्नो (जिन्दा) पाठ्यपुस्तक पढिरहेका छन् ।

यसरी यहाँ तामाङ भाषामा शिक्षण हुन थालेको झन्डै १६ वर्ष भइसकेको छ । स्थानीय महेन्द्र मावि, बौद्धका सहायक प्रधानाध्यापक ताराबहादुर थापाका अनुसार वि.सं. २०६२/६३ बाट नै यहाँ तामाङ भाषाबाट पठनपाठन

सुरू भएको हो । अहिले यहाँ कक्षा १ देखि ५ सम्म आफ्नै पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा तामाङ भाषाको विषयगत पठनपाठन हुने गरेको छ । यसको सुरूवात भने अभियानकर्ता सिंगबहादुर तामाङको पहलमा भएको हो ।

त्यसो त तामाङ मातृभाषामा शिक्षाको प्रारम्भ काठमाडौँको बौद्धमा मात्र होइन, तामाङभाषी बहुल क्षेत्रका स्थानीय तहमा अभियानकै रूपमा सुरू भएको छ । २०७२ मा जारी भएको नेपालको संविधानमा 'प्रत्येक नेपाली समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषमा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने' व्यवस्था मौलिक हककै रूपमा धारा ३१ (५) को शिक्षासम्बन्धी हकमा उल्लेख भएको हुँदा नेपालभर नै बहुभाषिक शिक्षाका पूर्वाधारको प्रयास भइरहेको छ । संवैधानिक रूपमा स्थापित भाषा आयोगका उपसचिव डा. लोकबहादुर लोप्चनका अनुसार धेरै स्थानीय तहले बहुभाषिक शिक्षाका लागि पालिका तहको नीति र कार्यक्रम बनाएका छन् ।

बौद्धको महेन्द्र माध्यमिक विद्यालय भने नेपालभरमा सबै भन्दा पहिलो तामाङ भाषा शिक्षण गर्ने विद्यालय हो । स्थानीय अभिभावक तथा विद्यालय व्यवस्थापन समितिका सदस्य खड्गजित लामाका अनुसार विद्यालयमा ५० प्रतिशतभन्दा धेरै तामाङ रहेका कारण स्थानीय अभिभावक र समुदायको पहलमा यहाँ शिक्षण सुरू भएको हो । 'हामीले स्थानीय पाठ्यक्रम बनायौं, समुदायको सहभागितामा पढाउँदै आइरहेका छौँ र यो कार्य निरन्तर चलिरहेको छ,' व्यबस्थापन समितिका सदस्य लामा बताउँछन् ।

स्थानीय शिक्षक मीमबहादुर लामा पनि स्थानीयस्तरमा तामाङ समुदायको बाक्लो बस्ती भएको हुँदा तामाङ भाषाको शिक्षण सम्भव भएको ठान्छन् । बालबालिकामा आफ्नो मातृभाषामा पढ्न चाहने चाहना र अभिभावकको जागरणका कारण यस्तो सम्भव भएको उनको ठम्याइ थियो ।

विद्यालयका सहायक प्रधानाध्यापक ताराबहादुर थापा संवैधानिक दायित्व र स्थानीय बासिन्दाको आकांक्षाबाट विद्यालय तहमा मातृभाषाको शिक्षा सम्भव भएको ठान्छन् । 'बौद्ध वरपर स्थायी र अस्थायी रूपमा बसोवास गर्ने तामाङ समुदायको बाक्लो बस्ती छ । यी बस्तीका बालबालिकालाई तामाङ भाषा, लिपि, र संस्कार संस्कृतिको बारेमा जानकारी गराउने इच्छा पनि छ,' सहायक प्रधानाध्यापक थापाको विश्लेषण छ, 'सोहीबमोजिम विद्यायल सत्रीय

रूपमा लागेको हो ।' नयाँ परिस्थितिमा विद्यालयलाई बहुभाषिक बनाउनुपर्ने आवश्यकता विद्यालयले महसुस गरिसकेको छ । त्यसैअनुसार विद्यालयलाई बहुभाषिक बनाउने जानकारी पनि सहायक प्रधानाध्यापक थापाले दिए ।

महेन्द्र माध्यामिक विद्यालयमा तामाङ भाषाको शिक्षण सुरू हुनुमा अभिभावकको पहल महत्त्वपूर्ण देखिएको छ । व्यवस्थापन समितिका सदस्य खड्गजीत लामाले जानकारी दिए अनुसार तामाङ मातृ भाषाको प्रयोगकर्ता कम हुँदै गएकाले अभिभावकहरूको पहलमा भाषाको फरक पाठ्यक्रम बनाएर पढाइ सुरू गरिएको हो ।

## विषयगत कि माध्यम ?

बहुभाषिक शिक्षा मूलतः दुई प्रकारका हुन्छन् । एउटा विषयगत र अर्को माध्यम । धेरै स्थानमा तामाङ भाषाको शिक्षा दुवै विधिबाट गर्ने प्रयत्न भएको छ । दुवै प्रकारका शिक्षण सिकाइको अभ्यास सुरू भएको छ ।

'मातृभाषाको शिक्षा र मातृभाषामा शिक्षा फरक विषय हो । बौद्धमा पढाइ हुने मातृभाषाको शिक्षा हो । अहिले काठमाडौं महानगरले थालेको पनि विषयगत मातृभाषाको शिक्षा हो । भाषाविद् अमृत योञ्जनको विश्लेषणमा 'संविधानमा भने मातृभाषामा शिक्षा भनिएको छ । मातृभाषामा शिक्षा भनेको माध्यम हो अथवा बालबालिकाले गणित, विज्ञान, सामाजिक, आदि मातृभाषाबाटै अध्ययन गर्न पाउने भनिएको हो र मातृभाषाको शिक्षाचाहिं विषयको शिक्षा हो । भाषा बचाउनका लागि एक विषयको आवश्यकता छ तर ज्ञानको पहुँचमा पुग्ने हो भने त्यसलाई माध्यम चाहिन्छ ।'

त्यसो त माध्यमका रूपमा विभिन्न जिल्लाको पढाइको अभ्यास पुरानो हो । मातृभाषामा शिक्षा सम्बन्धमा विद्यावारिधि गर्नुभएका भाषा आयोगका उपसचिव डा. लोकबहादुर लोप्चनका अनुसार रसुवा, काभ्रेजस्ता जिल्लाका विद्यालयहरूमा बहुभाषा बोलेर शिक्षण नगरी सम्भव नै हुन्न । त्यहाँ बहुभाषाको प्रयोग भइरहेको छ । काठमाडौंको महेन्द्र बौद्ध, सूर्यविनायक नगरपालिकाको साँगास्थित सरस्वती माविमा पनि तामाङ मातृभाषामा पढाइ हुन्छ । रसुवा, नुवाकोट र काभ्रेको डाँडापारि पनि अध्ययन, अध्यापन भइरहेको छ । यसरी विषयगत रूपमा कम र माध्यमगत रूपमा धेरै अभ्यास भइरहेको पाइँन्छ ।

रसुवाका अधिकांश विद्यालयमा तामाङ भाषा नबोली अध्ययन नै हुँदैन । यसैगरी तेमाल, रामेछाप, दोलखा तिरका बालकक्षामा तामाङ भाषाबाटै पढाइन्छ । डा. लोप्चनका अनुसार, औपचारिक रूपमा भन्दा एक दुईओटा विद्यालय देखाउन पनि कठिन अवस्था छ । अनौपचारिक रूपमा अध्ययन गराइरहेका भने भेट्न सकिन्छ । त्यही अनौपचारिकलाई नै बहुभाषिक शिक्षा घोषणा गर्नुपर्ने र बिस्तारै अनिवार्यतर्फ ल्याउनुपर्ने उनको राय छ ।

## शिक्षण सिकाइ

मातृभाषाको विषयत र माध्यमका रूपमा शिक्षण गरिंदा सिकाइको गुणस्तर कायम भएको स्थानीय शिक्षक तथा विद्यार्थीहरूले महसुस गरेका छन् । यसबाट मातृभाषा तामाङ भएका विद्यार्थी र अभिभावक दुवै खुशी भएका छन् । महेन्द्र माध्यमिक विद्यालय, बौद्धस्थित कक्षा ५ मा अध्ययनरत छोइङ वाइवाले तामाङ मातृभाषामा सिकेर समाजसँग अन्तरक्रिया गरेको जानकारी दिए । 'म बोल्छु पनि र लेख्छु पनि...' वाइवा सगौरव भन्छन्, 'पहिला पहिला आफ्नो मातृभाषा बोल्न नजान्दा नरमाइलो लाग्थ्यो तर अहिले मेरो आफ्नै मातृभाषा जान्न पाउँदा खुशी लागेको छ ।"' अर्का छात्र विशेष तामाङ पनि उनी जस्तै खुशी छन् । भन्छन्, 'मातृभाषा शिक्षा यहाँ आधारभूत तहमा मात्र छ । माध्यमिक तहसम्म पढ्न पाए अझ राम्रो हुन्थ्यो ।'

महेन्द्र माध्यमिक विद्यालयकी तामाङ भाषा शिक्षिका सोमिका लामाको भनाइमा पनि विद्यालयमा तामाङ भाषा शिक्षण भएपछि अभिभावक र बालबालिकाबाट राम्रो प्रतिक्रिया प्राप्त भएको छ । यहाँ बालबालिकाले भाषा मात्र नभएर ज्ञान पनि सिकिरहेका छन् । उनको विचारमा मातृभाषा देशको सम्पत्ति भएकाले यसको संरक्षण गर्दै यसलाई माथिल्लो कक्षासम्म लैजान सके अझ राम्रो हुने हुन्छ ।

## सिक्ने सिकाउनेमा गैरतामाङ

बौद्ध माध्यमिक विद्यालयमा मातृभाषा सिक्ने तामाङ मात्र भने छैनन्, गैरतामाङ समुदायका बालबालिका पनि छन् । शिक्षिका लामाका अनुसार

तामाङ भाषाको कक्षा लिन चाहनेहरू विभिन्न जातिका छन् । 'बाहुन पनि छन् । राई पनि छ । सुनुवार पनि छ्न् । नगरकोटी पनि छन् । यसरी विभिन्न जातिका बालबालिकाले तामाङ भाषामा पढिरहेका छन्,' विभिन्न भाषिक समुदायका चाहना हुने विद्यार्थीहरू यसरी पढ्न आएकोमा उनी खुशी मान्दै जानकारी दिन्छिन् ।

तामाङ भाषा पढ्ने मात्र होइन, पढाउने पनि गैरतामाङ छन् । यस्तैमा एक उदाहरण हुन्- अनिता ढुंगाना । उनले आफ्नो मातृभाषा तामाङ नभए पनि भाषा सिकेर बालबालिकालाई सिकाउँदै छिन् । 'सुरू सुरूमा मलाई यो भाषाप्रति आकर्षण लाग्यो । आफैले तामाङ भाषा सिकेँ । लिपि पनि सिके । म आफू तामाङ समुदायको नभए पनि भाषा र लिपि सिकेर बच्चाहरूलाई सिकाउँदा खुशी लागेको छ,' उनी भन्छिन् ।

## मातृभाषा बालबालिकाको अधिकार

मातृभाषामा शिक्षा पाउनु बालबालिकाको नैसर्गिक अधिकार भएकाले सबै विद्यालयको वस्तुस्थितिअनुसार बहुभाषिक शिक्षा लागू हुनुपर्ने भाषिक अभियन्ताहरूको जोड छ । यो संविधानमा व्यबस्था भएको विषय भएकाले कार्यान्वयन हुनै पर्ने भाषविद् अमृत योञ्जनको राय छ । 'बालबालिकाले मातृभाषामा शिक्षा लिन पाउनु अधिकार पनि हो,' उनी भन्छन्, 'यस्तो शिक्षा सहज हुन्छ, ज्ञानमा पहुँच छिटो हुन्छ ।

नेपाल सरकारले वाल अधिकार महासन्धिको पक्ष राष्ट्र हो । यसका साथै अन्य अन्तर्राष्टिय सन्धिसम्झौतामा पनि मातृभाषामा शिक्षाको ग्यारेन्टी गर्ने प्रतिबद्धतासहित हस्ताक्षर गरेको छ । त्यसो हुनाले मातृभाषाको शिक्षालाई अधिकारका रूपमा बुझ्नुपर्ने भाषाविद् तामाङको भनाइ छ । 'कुनै पनि बालबालिका विद्यालयमा पुगेर आफ्नो मातृभाषा शिक्षा लिनबाट वञ्चित हुनु हुँदैन । यो उसको अधिकार नै भएको हुनाले यस्तो अधिकारलाई राज्यले संबोधन गर्नुपर्छ,' तामाङको राय छ ।

नेपालको भाषाको संरक्षण गर्ने र प्रवर्द्धन गर्ने उद्देश्यका साथ यही संविधानमा भाषा आयोगको स्थापना भएको छ । भाषा आयोगले विभिन्न संस्थाको सहयोग र पहलमा मातृभाषाको शिक्षाको सहजीकरण गरिरहेको

छ । भाषा आयोगका उपसचिव डा. लोकबहादुर लोप्चनको शब्दमा 'भाषा आयोग आफैले काम गर्नेभन्दा पनि प्राविधिक सहयोग जुटाउने काम गर्दछ ।'

'संविधानको धारा ३१ मा शिक्षासम्बन्धी हकमा मातृभाषामा शिक्षाको व्यवस्था भएजस्तै धारा ७ (२) मा प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानूनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्नसक्ने अधिकार स्थापित गरेको छ । प्रस्तावनमा नै नेपाललाई बहुभाषिक मुलुकको रूपमा उल्लेख गरेको संविधानले धारा ५१ मा रहेको राज्यका नीतिहरूमा राष्ट्रिय एकताका लागि विभिन्न भाषाको विकासको नीतिलाई स्वीकारेको छ । संविधानको धारा २८७ मा रहेको भाषा आयोगले सोहीबमोजिम काम गरिरहेको छ ।

यस्तै स्थानीय तहले पनि भाषाको विकासका लागि काम गरिरहेका छन् । भाषा आयोगले नै विभिन्न २४ वटा स्थानीय तहमा अध्ययन गरेर मातृभाषाको शिक्षाका लागि नेपाल सरकारलाई सिफारिश पनि गरिसकेको छ । स्थानीय तहका नामै तोकेरै सिफारिश गरेको हुनाले त्यो कार्यान्वयनको सम्भावना बढेको उपसचिव लोप्चनलाई लागेको छ । उनी भन्छन्, 'विभिन्न संघसंस्थासँगको सहकार्यमा विभिन्न स्थानहरूमा मातृभाषाका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् भने पहिलेको भन्दा धेरै आशा गर्न सकिने गरी कामहरूअघि बढेका छन् ।' यद्यपि बिचमा मातृभाषाको शिक्षाको विषयमा भ्रम, अंग्रेजी मोह र बजारमा आधुनीक प्रविधिको प्रभावजस्ता विभिन्न कारणले गर्दा लिनुपर्ने रूपले गति लिन नसकेको पनि लोप्चनले महसुस गरेका छन् ।

## लिपिको प्रश्न

मातृभाषाको शिक्षणसँगै लिपीको प्रश्न पनि उठ्ने गरेको छ । तामाङ भाषाको सन्दर्भमा देवनागरी र तामयिग लिपि प्रयोग हुँदै आएको छ । यसबाहेक सम्बोटा लिपिमा पनि पाठ्यसामग्री बनाउने अभियान चलेको छ । नेपाल तामाङ घेदुङका महासचिव बाबु घिसिङ भाषा बचाउन लिपिको आवश्यक पर्ने हुनाले घेदुङले सम्बोटा लिपि प्रवर्द्धन गरेको दाबी गर्छन् । शास्त्रीय पुस्तकको यस लिपि 'लामाको अक्षर' का रूपमा चिनिन्छ । यस सम्बोटा लिपिलाई आफूहरूले 'तामयिग' भनेको पनि महासचिव घिसिङले

जानकारी दिनुभयो ।

अर्का अभियन्ता प्रतीक तामाङ पनि तामाङहरूको लिपि भनेर आधारभूत रूपमा सम्बोटा लिपिलाई नै लिइएको जानकारी दिन्छन् । उनी यो उछेन लिपि भएको बताउँछन् । अर्का अभियन्ता मोहनकुमार तामाङ भने सम्बोटा लिपिका चाहिने मात्र अक्षरहरूलाई ग्रहण गरेर त्यसलाई नेपाल तामाङ घेदुङले तामयिक लिपि जानकारी दिन्छन् । त्यही लिपि चलाउनुपर्ने उनको तर्क छ ।

## अनुकूल कानूनी व्यवस्था

नेपालमा मातृभाषाको शिक्षाको चर्चा २०४७ को संविधानबाट सुरू भएको हो । तर, तत्कालीन संवैधानिक व्यवस्था पर्याप्त भएन । २०६३ को अन्तरिम संविधानले मातृभाषाको शिक्षाका लागि अनुकूलता थपेको भए पनि भए पनि तत्कालीन राजनीतिक अस्थिरताका कारण यसले गति लिन सकेन । तर हालको संविधानमा मौलिक हकमा मातृभाषालाई मौलिक हकका रूपमा व्यवस्था भएको तथा बहुभाषिक शिक्षालाई संविधानको मर्म बनाइएको हुँदा सकारात्मक वातावरण बनेको छ ।

भाषविद् अमृत योञ्जन तामाङले जानकारी दिएअनुसार नेपालमा मातृभाषाको पाठ्यक्रम २०५४ सालदेखि नै थियो र २०६३ पछि मात्र नेपाल सरकारले प्राथमिकतामा राखेर काम गर्न थालेको हो । उनले आफैले नेशनल टेक्निकल एडभाइजरका रूपमा काम गर्दा ७ वटा जिल्लाको ८ वटा विद्यालयमा मातृभाषा माध्यमबाट पठनपाठन सुरू भएको र त्यसको नीति पनि बनेको जानकारी दिए । तर अहिलेचाहिँ सबै अधिकार स्थानीय तहमा पुगेको हुनाले त्यो अधिकार गाउँपालिका र नगरपालिकामा निहित रहेको उनको भनाइ छ ।

नेपाल तामाङ घेदुङका महासचिव बाबु घिसिङका अनुसार तामाङ मातृभाषाको शिक्षणका लागि घेदुङले पहल गरिरहेको छ । तर कति वटाले सुरू गरे भन्ने कुराको भने यकिन तथ्यांक उपलब्ध छैन । अहिले स्थानीय तह र नेपाल तामाङ घेदुङ मिलेर ३२ वटा गाउँपालिका तथा नगरपालिकामा मातृभाषा शिक्षाको अभिमुखीकरण भएको छ । यसै प्रकारले अरू गाउँपालिकाले

पनि काम गरिरहेको उनको अनुमान छ ।

संविधानको अनूसूचीमा राज्यशक्तिको बाँडफाँटमा आधारभूत शिक्षा स्थानीय तहको भागमा परेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई निक्षेपण गर्दै आधारभूत तहमा बहुभाषिक शिक्षा दिने जिम्मेवारी पनि सुम्पिएको छ । यही पृष्ठभूमिमा बहुभाषिक शिक्षाको पूर्वाधार तयार गर्ने क्रम सुरू भएको हो र तामाङ भाषाको शिक्षण पनि सुरू भएको छ ।

बागमती प्रदेशको मात्र कुरा गर्ने हो भने जनसांख्यिक बनावटअनुसार यहाँ सबैभन्दा धेरै तामाङ भाषीको जनसंख्या रहेको छ । भाषाविद् अमृत योञ्जन तामाङका अनुसार बागमती प्रदेशका १२९ मध्ये ३२ स्थानीय तहमा तामाङ भाषाको शिक्षासम्बन्धी काम सुरू भएको छ । भाषा आयोगको अध्ययनअनुसार नेपालभर तामाङको जनसंख्या १५ लाख ४० हजारभन्दा बढी छ । नेपाल तामाङ घेदुङको अगुवाइमा बागमती प्रदेशका १३ जिल्लाको ३२ पालिकासँग तामाङ भाषा पठनपाठनका लागि सम्झौता भएको छ । सोहीअनुरूप पाठ्यक्रम र पाठ्यपुस्तक निर्माणका निम्ति नमूना ढाँचा तयार भएको छ । बागमती प्रदेश नै तामाङहरूको मूल थातथलो पनि हो ।

*(मायालु तामाङ 'इन्डिजिनस टेलिभिजन'सँग आबद्ध छिन् । उनको यो लेख सोही टेलिभिजनको 'दिउला म्हेन्दो' कार्यक्रमका लागि तयार पारिएको स्क्रिप्टलाई पुनर्लेखन गरेर तयार पारिएको हो ।)*

# सबैको सहकार्यमा सान्दर्भिकताको सम्भावना

कमल सरला सुनुवार

पहिला उनीहरू हायू थिए, अहिले राई भए । सुन्दै आश्चर्य ! हायू अर्कै जाति हो, राई अर्कै । तर, केही टाठाबाठा र कर्मचारीले समुदायको पहिचान नै फेरिदिए ।

यो सिन्धुलीको कथा हो । सदरमुकामबाट ३९ किलोमिटर दूरी पार गरेपछि गोलन्जोर गाउँपालिकाको घुर्मी चोक पुगिन्छ । घुर्मी चोकको अलिक अगाडिबाट दक्षिण उकालो लागेपछि १५ मिनेट लाग्छ राताटार पुग्न । गोलन्जोर-७ राताटारमा मौरीको घार जस्तै झुरूम्म परेको बाक्लो बस्ती छ । पहिले त्यो बस्ती हायू बस्तीको नामले चिनिथ्यो । तर अहिले राईटोल या राताटारको नामले चिनिन्छ । त्यहाँका २५ घर हायू समुदायको जात नै फेरिएर राईकरण भएपछि टोलको नाम पनि फेरिएको हो । अहिले त्यो समुदायका मान्छेहरूमा न हायू भाषा बोल्ने बाँकी रहे, न त थर फेरेको भरमा राई भाषा जान्ने नै भए ।

गोलन्जोर-७ हायू टोलमा जन्मिएका अधिवक्ता जंगबहादुर राईका अनुसार

जग्गाको लालपुर्जामा बुबाको नाम सिंहवीर हायू थियो । हजुरआमाहरूले हायू भाषा बोल्थे । जंगबहादुरलाई बाल्यकालमा बुबा हायू नै हो भन्ने थाहा थियो । तर २०२७/२८ सालतिर गाउँमा जग्गा नापी गर्न आउनेहरू र त्यहाँको अन्य समुदायले हायू भनेको राई हो भनिदिए पछि बुबापुस्ताको लालपुर्जामा जात फेरिएर राईकरण भयो । पछि पुस्ता हस्तान्तरण हुँदै जाँदा तीन पुस्ता नै राईकरण भयो, अनि सच्याएर हायू बनाउन सकेनन् । पुर्खाहरूले नै आफ्नो जाति र पहिचानको बारेमा अरू समुदायलाई बुझाउन नसक्दा र नयाँ पुस्तालाई आफ्नो संस्कार संस्कृति, भाषा, धर्म, ज्ञान र सीप हस्तान्तरण गर्न नसक्दा समुदायको पहिचान नै संकटमा परेको छ । अहिले एक पुस्ताले अर्को पुस्तालाई भाषा हस्तान्तरण गर्न नसक्दा लोपोन्मुख हायू समुदायको भाषा र परम्परागत ज्ञान संरक्षण गर्न मुस्किल हुँदै गएको छ ।

सिन्धुलीकै कमलामाई नगरपालिका–१ मा पर्छ, आधामारा गाउँ । गाउँको झन्डै बीच भागमा छ, विष्णुमाया हायूको काठको घर । घरको भित्तामा बाँसका चोया र मान्द्रा ठड्याइएको छ । आँगनमा बिष्णुमाया मान्द्रो बनाउने सीप नयाँ पुस्ताका कुन्दन हायूलाई सिकाउँदै छिन् । माइजू र भाञ्जा चोयामा पानी छम्कँदै मान्द्रो बुन्दैछन् ।

'चोया काढेर मान्द्रो बनाउन कत्तिको सजिलो छ नि ?'

प्रश्नभन्दा उत्तर सजिलो छ, विष्णुमायाको । भन्छिन्, 'जान्नेका लागि त सजिलै छ, नजान्नेलाई गारो । सिकेपछि सकिन्छ ।'

'तपाईंले कसरी सिक्नुभो ?'

'मैले पढेको छैन । १० वर्षको उमेरदेखि सिकेकी हुँ । माइतमा हुँदै आमाले सिकाउनुभएको ।' नयाँ पुस्तामा परम्परागत सीपको हस्तान्तरण झल्काउने उनको जवाफ सटिक छ ।

आधामाराका हायू समुदायले बाँसको चोयाबाट मान्द्रो, डोको बुन्ने परम्परा कायमै राखेका छन् । पहिले सडक सुविधा नभएको कारण उनीहरू आफूले उत्पादन गरेका बाँसका सामग्रीहरू बेच्न ४ घन्टाको बाटो हिंडेर सिन्धुली सदरमुकाम जाने गर्थे । सडक सुविधाको पहुँच गाउँनजिकै पुगेकोले अहिले सहज भएको छ । तर उनीहरूको ज्ञान र सीपलाई समय सान्दर्भिक बनाउन नसक्दा पेशा भने संकटमा पर्दै गएको छ । केहीले मात्र निरन्तरता दिन सकेका छन् । हाल काठका भाँडा बनाउने, बाँसका डाला, डोका, मान्द्रा

बुन्ने जस्ता हायू समुदायका मूल पारम्परिक सीप मात्र होइन, भाषा पनि लोप हुँदै गएको छ ।

## कहाँबाट आए, कहाँ छन् हायू ?

हायू जातिको उदय र आगमनसम्बन्धी इतिहास केबल किम्वदन्तीमा आधारित छ । यस जातिबारे हालसम्मका अध्ययन, अनुसन्धान, प्रतिवेदन, लेख आलेखहरू किम्वदन्तीमा सीमित छन् । पुराना र जानेमानेका हायूहरूले आ–आफ्नो तरिकाले किम्वदन्ती कहेका छन् । अध्ययन अनुसन्धानहरूमा सिम्रौनगढबाट रामेछाप आई बसेका हायू जातिको पुर्खौली बस्ती रामेछाप हो भनिएको छ । कतिपय बुढापाकाहरू भने उद्भवको टुङ्गो नै नभएको भन्दै आफ्नै तरिकाले व्याख्या गर्छन् ।

स्थानीय रमेश हायू आफ्ना पुर्खाहरू लंकाबाट विभिन्न खोलानाला, समुद्र पार गरी हालको रामेछाप नगरपालिका–७ मुढाजोरमा आएर बसोवास गरेको इतिहास सुनेको बताउँछन् । उनले सुनेको इतिहासअनुसार लंकाबाट आउँदा हायूहरूले आफ्नो भाषा र पहिचानसहितको ढोलबाजा लिएर आएका थिए । चारैतिर सालघारी भएको जंगलमा आइपुगेपछि ढोलबाजा आफै बजेको र त्यसले त्यहीं बस्न संकेत गरेको ठानेर उनीहरू त्यहीं बसोवास गर्न थाले ।

हायूहरूसँगै लंकाबाट आएकी एक कन्या त्यहीं आइपुगेपछि अलप भइन् । अनि हायूहरूले उनलाई देवी मानेर त्यहीं पूजा गर्न थाले । त्यहाँ महाकालीको मन्दिर छ । मन्दिर आसपासमा पर्खाल उठाएर अहिले व्यवस्थित बनाइएको छ । पछिल्लो पुस्तालाई हायू समुदायको इतिहास हस्तान्तरण गर्न र इतिहासलाई जीवित राख्न मन्दिरको व्यवस्थापन गरिएको हो । नेपाली तिथिअनुसार माघ शुल्कपक्षको श्रीपञ्चमीमा महाकाली मान्दिरमा १ हप्तादेखि १० दिनसम्म पूजा गर्ने प्रचलन छ । त्यसैगरी बालीनाली लगाइसकेपछि जेठको शुक्लपक्षमा पनि एक हप्तासम्म भूमि पूजा अर्थात् हायू भाषामा ईक पूजा गर्ने प्रचलन छ ।

त्यस ठाउँको आसपासका क्षेत्रमा परम्परादेखि नै हायू समुदायले रूख काट्न प्रतिबन्ध लगाएका छन् । हँसिया, कँचिया बोकेर मन्दिर आसपासका क्षेत्रमा जान पाइँदैन । अटेर गरेर गएमा महाकाली देवी रिसाउने र दुःख

दिने जनविश्वास छ । यही विश्वासको साथ कसैले पनि त्यस ठाउँमा धारिलो हतियार बोकेर प्रवेश गर्दैनन् । यो विश्वासले रूखबिरुवाको समेत संरक्षण भएको छ ।

हायू समुदायको उत्पतिस्थल रामेछापलाई माने पनि अहिले हायूहरू रामेछाप, सिन्धुली, काभ्रे, सर्लाही, उदयपुरलगायतको ठाउँमा बसोवास गर्छन् । २०६८ सालको जनगणनाअनुसार हायूको जनसंख्या २९२५ अर्थात् ०.११ प्रतिशत रहेको छ ।

## उपयोगिताको कसीमा

सिन्धुली कमलामाई, आधामाराका काले हायू ९९ वर्षका भए । हजुरआमाले आफ्नो लागि आफै लुगा बनाएर लगाएको सम्झना छ उनलाई । बाउबाजेहरूले बाँसका डोका, डाला, मान्द्रा बनाएर जीविका चलाए । त्यही सीप काले हायूले छोराहरूलाई पनि सिकाए । ओछ्याउनको लागि उनी मान्द्रो प्रयोग गर्छन् । घरमा चिरीच्याँट्ट पारेर बाँसकै ढोका बनाएका छन् । आँगनमा कुखुराका चल्ला, बाख्राका पाठालाई आफैले बुनेको डोकोले छोपेका छन् । तर परम्परागत सीपमा अहिले छोराहरूले चासो नदिएको देखेर काले हायूलाई पीर लाग्छ, 'म मरेपछि यिनीहरूले के गर्लान्, कुन्नि !'

हायूजातिको परम्परागत पेशा काठको भाँडाहरू बनाउने, कपासको खेती गरेर खादीको लुगा बुन्ने, बाँसका डाला, डोका, मान्द्रा बुन्ने, र खेतीपाती गर्ने हो । तर अहिले यी सीप र कला लोप हुने अबस्थामा पुगेको छ ।

मुढाजोरका रमेश हायू शिक्षण पेशा गर्छन् । उनका अनुसार परम्परा धान्न विभिन्न कारणले मुस्किल हुँदै गएको छ । पहिलो कुरा त पहिलाजस्तो अहिले कच्चा पदार्थहरू पर्याप्त पाइँदैन । दोस्रो कुरा, विश्व आधुनिकीकरणतर्फ गइरहेको बेला परम्परा संरक्षण थप चुनौतीपूर्ण छ । यसको विकल्प नभएको होइन । उनलाई लाग्छ– परम्परालाई आधुनिकतामा परिमार्जित गर्दै नयाँ तरिकाले कपास खेती गरी कपडा उद्योगहरू सञ्चालन गर्न सके त्यसले रोजगारी सृजना गर्ने थियो र परम्परागत पेशा पनि धानिने थियो । यसका लागि चिउरी र सालको रूखबाट बन्ने भाँडाकुडा, दुना टपरी र चकटी बनाउने, बनस्पति रोपेर मौरीको मह उत्पादन गर्ने, बाँस

र निगालोका चोयाबाट आधुनिक तरिकाले कुर्सी बनाउनेजस्ता कामलाई आधुनिक जीवनशैलीमा ढाल्नु आबश्यक भएको उनले ठानेका छन् । भन्छन्, 'त्यसरी पेशा धान्न सके आधुनिक जीवनशैली अंगाल्दै परम्पराको संरक्षणसंगै प्लास्टिकका उत्पादनलाई निरूत्साहित गरी बाताबरण संरक्षण र मुलुकको अर्थतन्त्रमा समेत योगदान गर्नसकिने थियो ।'

परम्परागत पेशा प्रवर्द्धन गर्ने सीपलाई घरेलु उद्योग स्थापना गरी समय सान्दर्भिक बनाउनका लागि हायू समुदायले मात्रै केही गरेर पार लाग्ने भने होइन । यसका लागि स्थानीय सरकारको प्रयास चाहिन्छ तर त्यस्तो कामको नेतृत्व भने हायू समुदायले नै गर्नुपर्ने रमेश हायूको राय छ ।

## प्रकृतिसँग संवेदनशील प्रेम

सिन्धुली कमलामाई, आधामाराका गुण हायूलाई हरेक वर्ष सुक्खा मौसम लागेपछि वनमा लाग्ने डढेलोले दुःखी बनाउँछ । चारैतिर वनले ढाकेको ठाउँमा उनको बस्ती छ । डढेलोले चौपायाका घाँस, घरायसी प्रयोगका दाउरा, पेशा चलाउन वनले दिने कच्चा पदार्थ बाँस सारा नष्ट बनाइदिन्छ । घर नजिककै बनमा लागेको डढेलोको धुँवाले यस वर्ष आधामाराको हायू बस्तीलाई हप्ता दिन रूघाखोकीले सताएको कुन्दन हायूले अनुभव गरे । वनलाई नै घर मान्ने वन्यजन्तुको वास र विचरणस्थलमा लागेको आगोले गुण हायूको मुटु भत्भती पोल्छ । तर, हायू समुदायसँग डढेलो नियन्त्रण गर्ने पर्याप्त सामग्री र ज्ञान छैन । डढेलो सल्किनेबित्तिकै देखिहाले सबै मिलेर निभाउँछन् तर आगो ठुलो हुँदै गएपछि निभाउन नसकिने हरिशरण हायूको अनुभव छ ।

प्रकृतिको आस्थाका साथ वनको संरक्षण गर्नेमा रामेछाप, मुढाजोरका हायू पनि हुन् । रमेश हायूका अनुसार, वनजंगलमा आश्रित भएकाले उनीहरू रूख बिरूवा काट्न दिँदैनन् र वनको रक्षा गर्ने दायित्व भएको ठान्छन् । उनीहरू वनले जति सुविधा राज्यले पनि आफूहरूलाई नदिएको महसुस गर्छन् ।

वनजस्तै भूमिप्रति पनि हायू समुदाय परम्परागत रूपमै अत्यन्त संवेदनशील छन् । आफुलाई अन्न उत्पादन गरेर पालनपोषण गरेकोमा भूमिप्रति अनुग्रहित हुँदै उनीरू वर्षभरि काम गर्दा कतै भूमिलाई चोटपटक पो लाग्यो कि नोक्सान

पो भयो कि भनेर वर्षमा एकपटक भूमि पूजा गर्छन् र एक हप्तासम्म खनजोत नै गर्दैनन् ।

यस्तै परम्पराको परिणाम नै हो- आधुनिक भड्किलो जीवनशैलीले प्रयोगमा ल्याएको स्रोतसाधन, जनसंख्या वृद्धि, प्राकृतिक विपत्तिहरूका कारण रुखबिरूवाहरू काटिँदै मासिँदै गए पनि मुढाजोर, महाकाली मन्दिर र भूमेथान आसपासका रुखबिरूवा सुरक्षित छन् ।

## साढे १३ हजारमा तीन हायू

यो प्रकृतिप्रेमी जातिका युवाले पछिल्लो समय आमसञ्चार क्षेत्रमा पनि उपस्थिति जनाएका छन् । नेपाल पत्रकार महासंघका १३ हजार ५० सदस्यमध्ये दुई जना हायू समुदायका छन् ।

तिनैमध्येकी हुन्, सिन्धुलीको सुनकोशी गाउँपालिकी पुष्पा हायू । उनी काभ्रेको नमोबुद्ध एफएममा प्राविधिकका रूपमा काम गर्छिन् । २०६९ सालमा एसएलसी दिएपछि कम्प्युटर सिक्न बनेपा जानेक्रममा साथीहरूसँगको संगतले एबीसी रेडियोले सञ्चालन गरेको पत्रकारिता तालिममा सहभागी हुन पुगेपछि मिडियासँग नाता गाँसिन् । अहिले स्नातक पहिलो वर्षमा अध्ययनरत पनि छिन् ।

त्यसैगरी रामेछापका प्रशान्त हायू (सम्बर) ले रेडियोमा काम गरेको ७ वर्ष पुगेको छ । प्रशान्त २०७० सालमा १५ वर्षे उमेरमा रामेछापमा पुष्पवृष्टि साप्ताहिक पत्रिका बजारमा बाँड्ने काम गर्थे । सानै उमेरमा आमाको चिनजानमार्फत रेडियो तिफदीमा पुगेका प्रशान्त अहिले त्यहीं प्राबिधिक प्रमुख छन्, कार्यक्रम प्रस्तोता र समाचार वाचकको काम पनि गर्छन् । उनी आदिवासी जनजाति पत्रकार महासंघका सदस्य र नेपाल पत्रकार महासंघ रामेछापको सहसचिवसमेत छन् ।

पुष्पा र प्रशान्त मातृभाषा भने जान्दैनन् । पुस्ता हस्तान्तरण हुँदै जाँदा बुबाआमाले नै भाषा बिर्सिएकाले आफूले सिक्नै नपाएको उनीहरूको भनाइ छ ।

सिन्धुली गोलन्जोर-६ नाकाजोलीकी ललिता हायू पनि रेडियो सिद्धबाबामा कार्यक्रम प्रस्तोता छिन् । उनी काठमाडौँबाट पत्रकारिता बिषयकी स्नातक

नै हुन् ।

यसरी हायूहरू पनि विस्तारै सूचना तथा सञ्चारको क्षेत्रमा प्रवेश गर्दै छन् । रेडियो, टेलिभिजन, मोबाइलको प्रयोगबाट समाचार र सूचनाहरू पनि लिँदै छन् । युवा पुस्तालाई सामाजिक सन्जालहरूमा पनि देख्न सकिन्छ । तर ग्रामीण र अशिक्षित हायू समुदायको पहुँच भने सञ्चारको क्षेत्रमा कमै छ । हायूभाषाको ज्ञान र परम्परा संरक्षणका लागि पनि सञ्चारको माध्यमबाट खासै सञ्चार भएको पाइँदैन । रामेछापका रमेश हायूले हजुरको रेडियोबाट हायूभाषा संरक्षणको लागि कार्यक्रम चलाए तर निरन्तरता दिन सकेनन् ।

## शिक्षा र जागिरमा उज्यालो

विक्रम संवत् २००३ वशाख ९ गते ओखेनी छ रामेछापमा जन्मिएका रामबहादुर हायू २०२१ साल भाद्र १२ गते प्रहरी सेवामा प्रबेश गरेका थिए । हायू समुदायबाट सरकारी सेवामा प्रवेश गरेर अधिकृत बनेर २०५५ साल भदौ १२ गते अवकाश लिने पहिलो व्यक्ति थिए रामबहादुर । आठ वर्षको उमेरमा बुबाको मृत्यु भएपछि रामबहादुरले उच्च शिक्षा हासिल गर्न सकेनन् । बीचमै पढाइ छोडेर अलमलिएको बेला प्रहरीमा जागिर पाए ।

अवकासपछिको समय रामबहादुरले समाज सेवामा खर्चिएका छन् । बुबाआमा नभएका बालबालिकाहरूको लागि अभिभावक बन्नेलगायत समाजसेवाका काम उनको दैनिकी बनेको छ । २०४३ सालमा रामेछापबाट सिन्धुली बसाइ सरेका रामबहादुर अहिले आफ्नो भाषा, संस्कृति र पहिचानको लागि हायू समुदायको खोजी गर्ने, लोप भएका हायू समुदायको परम्परागत सामग्रीहरूको जगेर्ना गर्ने जस्ता काममा पनि तल्लिन छन् । अहिले उनको घरमा दुईओटा ढोलबाजा, एउटा धनुष र आफैले बनाएको १० देखि १५ वटा धनुषका बाण सुरक्षित छन् ।

हायू समुदायमा उच्च शिक्षा हासिल गर्नेहरूमा रामेछापमा जन्मिएर हाल सिन्धुलीमा बसोबास गर्ने प्रवीण हायू र सिन्धुलीको गोलन्जोर गाउँपालिका तीकन्यामा जन्मिएका इन्द्र हायू अगाडि आउँछन् । २०६३ सालमा इन्द्रले शिक्षा शास्त्रमा स्नातकोत्तर र प्रवीणले समाजशास्त्रमा स्नातकोतर गरेका थिए ।

पछिल्लो समय रामेछाप, सिन्धुली, सर्लाही, काभ्रेका हायू जातिका युवा पुस्ता नेपाली सेना, निजामती सेवा, शिक्षणमा पनि संलग्न छ । सरकारी निःशुल्क छात्रवृत्ति कोटाबाट एक वर्षदेखि ३ वर्षसम्मको सीटीईभिटीअन्तर्गत डिप्लोमा तह सम्मको पढाइ पूरा गरेर जागिर खाने पनि छन् । अहिले हायू यूवा पींढी विद्यालय शिक्षण, स्थानीय तहमा कर्मचारी, अस्पतालहरूमा स्टाफ नर्सलगायत कृषि, बाली विज्ञानजस्ता विषय पढेर विभिन्न पेशामा सक्रिय भएकोले आशालाग्दो अबस्था रहेको अधिवक्ता प्रवीण हायूले बताए ।

## भाषा छ, लिपि भेटिँदैन

पुरानो पुस्ताका हायूहरू भन्छन्, ढुङ्गा, छाला, ताम्रपत्रमा अक्षर लेखेको इतिहास छ । बिस्तारै समाज विकासको क्रममा नेपाली कागज निर्माण गरेर हायूहरूले कागजमा लेखेको भनिए पनि भेट्न मुस्किल छ । सिन्धुलीका गुण हायू हायूभाषामा गीत, कथा, कविता लेख्छन् । तर लिपि छ या छैन, लिपि केलाई मान्ने या नमान्ने भन्नेमा उनलाई अन्योल लाग्छ ।

अनुसन्धाता डी.आर पोखेलले लेखेको हायू जातिको लोकजीवन पुस्तकमा हायू जातिको पूर्व अध्ययनमा कर्नेल कर्कपेट्रिकले सन् १८११ मा प्रकाशित गरेको "एन एकाउन्ट अफ द किङ्डम अफ नेपाल" नामक पुस्तकमा हायू जातिलाई 'केराटिज' भनिन्थ्यो र तिनीहरूले 'कागुनो' बाली उत्पादन गर्थे भनिएको छ । त्यस्तै अर्किवल्ड क्यामवेलनले सन् १८४० मा 'नोट अन द लिम्बूज् एन्ड अदर हिल ट्राइब्स' नामक लेख प्रकाशित गरेका छन् । त्यस्तै ब्रायन हड्सनको सन् १८५७ मा प्रकाशित कृतिमा नेपालका ११ ओटा भाषा खण्डित हुन लागेको बृहत् अध्ययन छ । त्यस्तै जर्ज अब्राहम ग्रिअर्सनले सन् १९०९ मा प्रकाशित गरेको 'लिङ्ग्विस्टिक सर्भे अफ इन्डिया'मा हायू भाषाबारे उल्लेख छ । बालकृष्ण पोख्रेलको २०२२ सालमा प्रकाशित 'राष्ट्रभाषा' नामक पुस्तकमा नेपालका सबै जातिको भाषा समुहलाई आग्नेली, भोट – चिनियाँ, भारोपेली र द्रविडेली गरी चार खलकमा वर्गीकरण गरिएको छ । त्यस्तै बोईड मिकाइलोभ्स्की र मार्टिन मजाउडोनले सन् १९७३ मा कैशाल नामक पत्रिकामा 'नोट्स अन द हायू ल्याङ्ग्वेज' शीर्षकको अन्वेषणात्मक लेख प्रकाशित गरेका छन् । नगेन्द्र शर्माले २०३२ मा 'नेपालको न्यायिक इतिहासमा

अदालत इटाचपली' शीर्षक लेख प्रकाशित गरेका छन् । आर. के .शाक्यले सन् १९७६ मा नेपालमा डाइजेस्ट नामक अंग्रजी भाषाको जर्नलमा 'द हायू' शीर्षकमा लेख लेखेका छन् । जनकलाल शर्माले २०३९ मा प्रकाशित पुस्तक 'हाम्रो समाज' मा किराँत जातिको चर्चा गर्ने क्रममा हायूको चर्चा गरेका छन् । गोविन्द कुसुमले २०४५ मा रामेछाप जिल्लामा स्थानीय विकास अधिकृतका रूपमा काम गर्ने क्रममा 'पिछडिएको जनजाति हायू' नामक कृति तयार गरेका छन् । त्यस्तै चूडामणि बन्धु, एस.बी. दुबे, डोरबहादुर बिष्ट, केदारनाथ प्रदान, हरिप्रसाद श्रेष्ठ, बाबुराम आचार्य जस्ता अन्य स्वदेशी तथा विदेशी विद्वान्ले पनि हायू समुदायको बारेमा विभिन्न अध्ययन अनुसन्धान गरेर पुस्तक, लेख, शोधपत्र प्रकाशनमा ल्याएको पाइन्छ । तर त्यस्ता अध्ययन सामग्रीबारे हायू समुदाय बेखबर छ । ती उनीहरूको भाषा, संस्कृति, परम्परा संरक्षणका लागि उपयोगि बन्न सकेको छैनन् ।

त्रिभुवन विश्वविद्यालय भाषाविज्ञान केन्द्रीय विभागका उपप्राध्यापक डाक्टर तारामणि राईका अनुसार उनले सन् २०१५ तिर हायूभाषाको बर्तमान अवस्थाको बारेमा सिन्धुली र रामेछापमा गरेको अध्ययन अनुसन्धानमा रामेछापमा हायूभाषा बोल्ने बक्ता कम र सिन्धुलीमा बढी रहेको थियो । अहिले पनि सिन्धुलीको कमलामाई नगरपालिमा–१ मा रहेको डाँडीगुराँसे, आधामारा र कोन्द्रेमा हायूभाषा बोल्नेहरूको संख्या उल्लेखनीय रहेको छ । त्यस ठाँउमा हायू समुदायको मात्र बसोवास भएका कारण एक पुस्ताबाट अर्को पुस्तामा भाषा सजिलै हस्तान्तरण भएको पाइन्छ । कमलामाई नगरपालिका १ नम्बर वडा कार्यालयको तथ्याङ्कअनुसार त्यस वडामा ५ सय ३३ जना हायूको बसोवास रहेको छ ।

डाक्टर तारामणि राईका अनुसार हायूभाषालाई चिनियाँ तिब्बती भाषा परिवारअन्तर्गत भोटबर्मेली भाषा परिवारको पनि हिमाली समूह, किराती भाषाअन्तर्गत राखिएको पाइन्छ । भाषाशास्त्रीहरूले नेपालमा भाषाको प्रकृतिअनुसार उनीहरूको परिवार छुट्याउने गर्दछन् । हायू भाषा किराँती भाषासंग अत्यन्त नजिक रहेको भाषा हो । व्याकरणिक कोटिको आधारमा यो भाषामा लैङगिक व्यवस्था नभएको देखिन्छ । हायूभाषामा महिला र पुरूष दुवैलाई सम्बोधन गर्दा एउटै क्रियापदको प्रयोग हुने डा. राईको भनाइ छ । राई, लिम्बु, सुनुवारसँग हायू समुदायको भाषाको निकट सम्बन्ध पाइन्छ ।

नेपालमा आदिवासी जनजाति समुदायले मातृभाषा सुनिश्चितताका लागि विभिन्न चरणमा आन्दोलन र संघर्षहरू गरे । २०७२ को संविधानले भाषा आयोगसम्बन्धी व्यवस्था गऱ्यो । २०७३ साल भदौ २३ गते भाषा आयोग गठन भएपछि भाषा संरक्षणको लागि केही आशलाग्दो पहल र प्रयासहरू भए तर सरकारी ती प्रयास पर्याप्त नभएको भाषा संरक्षणमा जुटेका अभियन्ताहरूको बुझाइ छ । भाषा आयोगलाई संबिधानको २८७ धारामा मुख्य चार वटा कामको जिम्मा दिइएको थियो– पहिलो सरकारी कामकाजका भाषाको आधार निर्धारण, दोस्रो भाषा संरक्षण, संवर्द्धन र विकासका लागि उपायहरूक, तेस्रो विद्यालयमा मातृभाषा पठनपाठनको संभाव्यताको सिफारिश र चौथोमा भाषाहरूको अध्ययन, अनुसन्धान र अनुगमन ।

सरकारी कामकाजको लागि वडा स्तरसम्म मातृभाषामा नै सेवा दिनुपर्ने, न्याय अदालत तथा स्वास्थ्यमा सहजीकरण गर्नुपर्ने, कर्मचारी शिक्षकहरूलाई तालिमको व्यवस्था हुनुपर्नेजस्ता प्रावधान छन् । भाषा आयोगका सूचना अधिकृत अर्थात् मातृभाषा प्रमुख डा. लोकबहादुर लोप्चन भाषा आयोगले त्यस्ता काम स्थानीय तहमा कार्यान्वयन गराउन सिफारिश गरेको बताउँछन् । आयोगले नेपालका १२३ भन्दा बढी नयाँ भाषाहरू पहिचान गरेर संविधानले प्रदान गरेको चारै वटा संवैधानिक दायित्वमा रहेर काम गऱ्यो । आयोगमार्फत मातृभाषा संकलन गरेर शब्दकोष निर्माण भए । २८ ओटा भाषामा बहुभाषिक शब्दकोष भाषा आयोगले निर्माण गरेको छ । आदिवासी जनजातिको लोकमै चलेको ज्ञान, मौलिक परम्परा, प्रथा, संस्कार व्यवहारहरूलाई लोक बार्ताको रूपमा संकलन गरी अहिले सम्म भाषा आयोगले २७ भन्दा बढी लोकवार्ताहरू संकलन गरेर प्रकाशनमा ल्याएको छ । भाषा आयोगका सूचना अधिकृत डा. लोकबहादुर लोप्चन सिन्धुलीमा हायू समुदायको बहुलता रहेको डाँडीगुराँसेमा रहेको हायू समुदायको मौलिक ज्ञान, परम्परा, प्रथा, उनीहरूको आफ्नै संस्कृति संस्कार व्यवहारजनित कुराहरूलाई लोकवार्ताको रूपमा संकलन गरी प्रकाशनमा ल्याएको बताउँछन् ।

त्यस्तै भाषा आयोग, नेपाल प्रज्ञा प्रतिष्ठान, नगरपालिका, गाउँपालिका, जातीय भाषिक संस्थाहरू, नेपाल आदिवासी जनजाति महासंघ र आदिवासी

जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानजस्ता संयन्त्रहरूले बेलाबेलामा मातृभाषाको रूपरेखा बनाएर काम गर्दै आएका छन् । नेपालको २०६८ सालको जनगणनालाई हेर्दा ३७ वटाभन्दा बढी भाषाका १ हजारभन्दा कम वक्ता छन् । कुसुन्डा भाषाको एकजना मात्र वक्ता ज्ञानीमैयाँ कुसुन्डा रहेकोमा उनको पनि निधन भइसकेको छ । यसरी बिस्तारै लोपोन्मुख समुदायको भाषा हराउँदै जाँदा हायू जातिको भाषा पनि संकटमा पर्दै गएको छ ।

भाषा संरक्षणका लागि सरकारले नीति बनाएको छ । नेपालमा २०७२ को संविधानले भाषासम्बन्धी स्पष्ट व्यवस्था गरेको छ । केही कार्यक्रमहरू पनि सञ्चालन भएका छन् । कुसुन्डा, तिलुङ, बराम, जस्ता भाषाहरूको कक्षा सञ्चालन भएका छन् तर पर्याप्त छैनन् । स्थानीय सरकारले भूगोल, जातजातिको आधारमा आफ्नो समुदायको मौलिक लोप हुन लागेको भाषा संस्कृति संरक्षणका लागि नीति नै बनाएर काम गर्न सक्छ । तर त्यतातिर स्थानीय सरकारको ध्यान गएको देखिँदैन । लोपोउन्मुख हायू समुदायका लागि सरकारले मासिक प्रतिव्यक्ति ३ हजार रूपैयाँ सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएको छ । सामाजिक सुरक्षा भत्ता नै हायू समुदायलाई सरकारले दिएको राहत हो भन्ने बुझाइका कारण कतिपय ग्रामीण भेगका हायू समुदाय थप कार्यक्रमको माग गर्न पालिकाहरूमा पुग्न सकेका छैनन् ।

रामेछापमा मातृभाषा संरक्षण गर्ने उद्देश्यले कक्षाहरू सञ्चालन भए तर प्रभावकारी हुन सकेनन् । २०६२ सालमा रामेछापमा गैरसरकारी संस्था जनजाति सशक्तीकरण परियोजनाले ६ महिना हायूभाषा संरक्षणको लागि कक्षा सञ्चालन गरेको थियो । तर प्रभावकारी हुन नसकेको भाषा प्रशिक्षक रमेश हायू नै बताउँछन् । हायू भाषासम्बन्धी मातृभाषाको पुस्तक नहुँदा, भाषा प्रशिक्षकले बोलेका, लेखेका कुरा विद्यार्थीहरूले तत्काल बुझे पनि निरन्तरता दिन नसक्दा बिर्सने समस्या भयो । त्यस्तै स्थानीय सरकार कार्यान्वयनमा आएपछि पालिकासँग समन्वय गरेर भाषिक अभियन्ताहरूले रामेछापमा हायूभाषा र परम्परा संरक्षणको लागि प्रशिक्षण सञ्चालन गरे पनि दिगो हुन सकेन । स्थानीय सरकारबाट भाषिक कक्षा सञ्चालन गर्नका लागि बजेट विनियोजित नहुनु र भाषिक अभियन्ताहरूले पनि निःशुल्क भाषा प्रशिक्षणका लागि स्वयम्सेवकका रूपमा काम गर्न नसक्नुजस्ता समस्या भएको रमेश हायू बताउँछन् ।

त्यस्तै सिन्धुलीमा पनि भाषिक अभियन्ताहरूले परम्परा र भाषा संरक्षणको लागि गरेका पहल र प्रयासहरू प्रभाबकारी हुन नसकेको बताउँछन् । जनजाति महासंघ सिन्धुलीले स्थानीय सरकार कार्यान्वयनमा आएपछि जिल्लाबाट पालिकाहरूसँग मिलेर कुनै पनि कार्यक्रम गर्न नसकेको जनजाति महासंघ सिन्धुलीका अध्यक्ष तुलबहादुर गुरूङको अनुभव छ । उनका अनुसार आफ्नो आबश्यकताअनुसार प्रस्ताब लेखेर पालिकासम्म जान सक्ने समुदायले पालिकाको आर्थिक सहयोग लिएर भाषा संरक्षणका लागि कार्यक्रमहरू सञ्चालन गरेका छन् । तामाङ, मगर, सुनुवार यी समुदायले आफ्नो भाषा र पहिचान संरक्षणका लागि पालिकाको सहयोग लिएर कार्यक्रम सञ्चालन गरे पनि हायू समुदायले गर्न सकेका छैनन् । अब त्यस्ता पछाडि परेका समुदायको लागि जनजाति महासंघले पहल गर्ने योजना बनाएको छ ।

कमलामाई नगरपालिका सिन्धुलीको प्रमुख खड्गबहादुर खत्री आबश्यकता खुलाएर भाषा परम्परा संरक्षणको लागि मौलिक पहिचान बोकेका कुनै पनि समुदाय नगरमा आएर समन्वय गरे उनीहरूको आबश्यताअनुसार कार्यक्रम गर्न सकिने बताउँछन् । तर भूगोलको आधारमा जातजातिको पहिचान गरेर स्थानीय तहले नीति तथा कार्यक्रम ल्याएको पाइँदैन ।

प्रदेश नम्बर २ मा हेर्दा किरात हायू संघ सर्लाहीका अध्यक्ष कृष्ण हायूले हरिवन नगरपालिका–१ का वडा अध्यक्ष मार्फत हायूभाषा संरक्षणको लागि सङ्ग्रहालय स्थापना गर्न मौखिक प्रस्ताव नगरपालिकासम्म पुर्‍याउन सफल भएको बताए । हरिवन नगरपालिकाले हायू संग्रहालयको लागि बजेट विनियोजित गरिदिने उनको भनाइ छ । हरिवन नगरपालिका–१, केराबारीमा संग्रहायलको लागि २ कठ्ठा जमिन किनेर पास गर्ने निर्णय किरात हायू संघ सर्लाहीले गरिसकेको छ । हायू समुदायको पहिचान नै हराउने अबस्थामा पुगेकोले नयाँ पुस्तालाई हायू समुदायको बारेमा जानकारी गराउने उद्देश्यले संग्रहालय निर्माणका लागि पहल गरेको कृष्ण हायूको भनाइ छ ।

सर्लाही केराबारीमा रहेका ४० घरपरिवार हायू समुदायले मातृभाषा बोल्न जान्दैनन् । लालबन्दी नारायणखोलाका नौ घर हायूपरिवारले भने मातृभाषा बोल्छन् । हजुरबुबाको पुस्ताबाट नै भाषा हस्तान्तरण हुन नसकेका कारण मातृभाषा लोप भएको कृष्ण राईको जानकारी छ । सर्लाहीको

नारायणखोला, केराबारी, कैलाशपुरी, फतीखोला, पुरानो बजार, जब्दी र महोत्तरीको बर्दिवासलगायत ठाउँहरूमा हायू समुदायको बसोवास छ ।

## पुस्तान्तरण र समस्या

सिन्धुली कमलामाई नगरपालिका १ हातिदुवाका हरिशरण हायूले ७ वर्षसम्म पनि नेपाली भाषा बोल्न जानेनन् । नेपाली भाषा बोल्न नजान्दा विद्यालयमा साथीहरूले हेप्थे । कुन्दन हायूलाई पनि आफ्नो भाषा बोल्दा साथीहरूले मजाक उडाउँथे । यसले उनीहरूलाई दुःखी बनाउँथ्यो । तर रामेछाप नगरपालिका-७ का शिक्षक सुजन हायूलाई भने आफ्नो भाषा बोल्न नजानेकोमा पश्चात्ताप छ । हजुरबुबाले बुबालाई भाषा सिकाउन नसकेको कारण सुजनले पनि मातृभाषा बोल्न जानेनन् र यही कारणले संस्कार संस्कृति नै लोप हुने हो कि भन्ने चिन्तामा छन् ।

रामेछाप नगरपालिका-७ पालिगाउँमा हायूहरूले मुखिया बनेर पालिघर चलाएको इतिहास रहेको बूढापाकाहरू सुनाउँछन् । राणाहरूको पालामा ताम्रपत्र दिएर मुखियालाई पालिघर चलाउने जिम्मा दिएका थिए । कसैलाई समुदायमा अन्याय पर्दा पालिघरमा ल्याएर थुनेर हायूहरूले न्याय निरूपण गर्थे । समाज विकासको क्रममा त्यो प्रचलन लोप हुँदै गयो । बिस्तारै अधिकारहरू निर्वाचित स्थानीय निकायतिर सर्दै गए । अहिले पालिघर इतिहासमा सीमित छ । पुस्ता हतान्तरण हुँदै जाँदा हायू युवा पुस्ताहरूको लागि पालिघर एकादेशको कथा बनेको छ ।

अहिलेको मानिसहरू शहर-केन्द्रित भएका छन् । सिन्धुली बहुमुखी क्याम्पसका समाजशास्त्रका उपप्राध्यापक टीकाबहादुर थापाअनुसार ग्रामीण क्षेत्रमा आधारित पुस्ताले ज्ञान, सीप र परम्परालाई संरक्षण गरेको हुन्छ तर अर्को पुस्ता रोजगारी, पढाइ आदिका लागि समुदायभन्दा बाहिर जाँदा मौलिक संस्कृतिबाट वञ्चित हुन्छन् । युवापुस्ताहरूको पहुँच ग्रामीण परिवेशमा नभएको कारण भाषा पुस्तान्तरण हुने प्रक्रियामा समस्या देखा परेको थापाको अनुभव छ । विकसित क्षेत्रहरूमा जुन भाषाको प्रयोग बढी छ, त्यही भाषाको प्रयोगले प्राथमिकता पाउने नै भयो । थापाका अनुसार, मौलिक भाषा भएको समुदायहरूलाई राज्यले संरक्षण गर्न नसक्नु, मौलिकतामा आधारित

व्यवसायहरू सञ्चालन गर्न नसक्नुजस्ता कारणले पनि भाषा पुस्तान्तरण प्रक्रियामा समस्या देखिएको छ ।

काभ्रेको रोशी गाउँपालिका-१० मा जम्मा ८२ जना हायूको बसोवास छ । ती कसैले पनि मातृभाषा बोल्दैनन् । हायू भाषा, परम्परा, ज्ञान, सीप, संस्कार, संस्कृतिका बारेमा उनीहरूलाई थाहै छैन । काभ्रेकी स्टाफ नर्स बिमला हायू भन्छिन्- बसाइँ सरेर रोशी पुगेका वाल्तीङका हायूहरू कसैले पनि आफ्नो भाषा बोल्दैनन् । अहिले विमला हायू भाषाबारे लेखिएको किताब, सञ्चार माध्यमका भिडियो सामाग्रीहरू खोजेर आफ्नो भाषा, संस्कार र संस्कृतिको बारेमा ज्ञान लिने गरेको बताउँछिन् । तर त्यो ज्ञान विमला र उनको समुदायका लागि प्रर्याप्त छैन ।

केही आशालाग्दा परिवर्तनहरू हायू समुदायमा देखा परे पनि जीविकोपार्जन र हायूहरूको समाज विकासमा अझै परिवर्तन आउन सकेको छैन । भाषिक अभियन्ता काजिमान थिङका अनुसार, राज्यको एकात्मक र केन्द्रीकृत सोच तथा चिन्तनको अन्त्य नभएको कारण कानून कार्यान्वयन हुन सकेका छैनन् । हायू समुदायको मूल्य, मान्यता र जीवन पद्धतिहरूलाई संरक्षण गर्न स्थानीय सरकारले नै नीति बनाउन आवश्यक भएको उनको बुझाइ छ । हायू समुदायको हितका लागि अरू भाषा समुदायका मान्छेहरूलगायत राजनीतिक दल, संघसंस्थाहरू र अरू भाषाका भाषिक अभियन्ताहरूले पनि पहलकदमी अगाडि बढाइदिनुपर्ने आवश्यकता उनले देखेका छन् । हुन पनि हायू समुदायको भाषा, परम्परागत ज्ञान र उद्यमशीलतालाई आधुनिक जीवनशैलीसँगको तालमेल मिल्ने गरी समय सान्दर्भिक बनाउन सके मात्रै यसको संरक्षण र विकास सम्भव देखिन्छ ।

*(सिन्धुलीको कमलामाई, भद्रकालीकी कमल सरला सुनुवार स्थानीय 'रेडियो सिद्धबाबा'सँग आबद्ध छिन् ।)*

# आए–गएका परिवर्तन हेरेको हे¥यौं

रन्जिता डंगोल

चेपबहादुरलाई थाहा छ– आफ्नो परम्परागत सीप उपयोगी छ । मकवानपुरको बागमती गाउँपालिका, झुरझुरेका ६६ बर्षीय चेपबहादुर पहरी त्यही सीप प्रयोग गरेर घरायसी सामान बनाउँछन् । बाँसको चोया काढेर बुनेको डोको र बोराको धागोबाट बनेको नाम्लो गाउँघरमा मल बोक्न, मकैका भारी ओसार पसार गर्न काम लाग्छन् । डालो कोदो टिप्न काम लाग्छ भने नाङ्ला अन्न केलाई कुलाई गर्न । माछा मार्ने छपी, असारे झरीमा धान रोप्दा ओढ्ने घुम, गाईबस्तु बाँध्ने नाम्लो सबका सब उपयोगी छन्, ग्रामीण दैनिक जीवनमा । बजारमा पनि यस्ता सामान खोज्नेहरू नभएका होइनन् तर यी सामानले बजार पाएका छैनन् । यस्तो सम्झँदा दु:ख लाग्छ, चेपबहादुरलाई ।

पहरी समुदायको परम्परागत सीप नै बेत र बाँसका सामान बनाउने हो । डोरी बाट्न, डोका, डाला, नाङ्ला, दाम्ला, नाम्ला, छपी बुन्न उनीहरू बहुत सिपालु छन् । माछा मार्ने र खेतीपाती र बुगुर पालन गर्ने पहरी

समुदायमा अर्को पेशाका रूपमा परिचित छ । पहरी समुदायमा अहिले पनि केही मानिस दैनिक गुजारा बेत र बाँससँग खेलेरै चलाइरहेका छन्, यसैलाई पहिलो पेशा मानेर ।

यस्तो सीपले नै यो जातिलाई परिभाषित गरिदिएको छ । यस जातिका बारेमा उल्लेख गरिएका भनाइ र प्रकाशित लेख र अनुसन्धानलाई समेट्दै यस जातिका बारेमा 'नेपाली बृहत् शब्दकोश' मा डाला, नाङ्ला, आदि बुन्ने पेसा भएको एक जाति र त्यस जातिको भाषा भनी पहरी जाति र तिनले बोल्ने भाषालाई चिनाइएको छ ।

सामान्यतया बागमती गाउँपालिकाका पहरी समुदायका मानिसहरू पढाइप्रति रूचि कम भएका र ललितपुरको बडिखेलमा बसोवास गर्ने पहरीहरू भने पढाइप्रति रूचि रहेका छन् । २०६३ सालमा शोधपत्रका तयार गर्दाको रामबहादुर थापाको अनुभव पनि यस्तै छ । बागमती गाउँपालिकाका पहरीहरूको पढाइमा कम रूचि भए पनि चेतनास्तर भने राम्रो छ । थापाका विचारमा राजनीतिको प्रभावले यस्तो भएको हुनसक्छ ।

नयाँ पुस्तामा पनि मा.वि. तहसम्म स्कुल जाने र त्यसपछि पढ्न छोड्ने प्रवृत्ति रहेको पहरी समुदायका जानकार जनक पहरी बताउँछन् । एकातिर गतिलो अवसर नपाउने र अन्य जातिसँग प्रतिस्पधा गर्न नसक्ने, अनि अर्कातिर जीविका निवार्ह गर्नका लागि पैसा आवश्यक पर्ने भएकाले उनीहरू पढ्न छोड्छन् । त्यसमध्ये कतिपय युवाहरू गाउँमै दैनिक ज्याला मजदुरी, खेती किसानीमा लाग्छन् भन कोही सदरमुकाम हेटौँडालगायत अन्ततिर काम गर्न जान्छन् ।

अरूले जस्तै बिकी पहरीले पनि आफनो ज्ञान र सीप उपयोगमा समस्या भएको महसुस गरेका छन् । समुदायका मानिसले यस्ता सामग्रीलाई उपयोगी बनाउनमा ध्यान जानुपर्ने र राज्यले पनि सीपमूलक सामग्रीहरूका लागि अनुदान वा सहयोग गर्नुपर्ने उनी ठान्छन् । युवा पुस्ताहरूले वास्ता नगरेका कारणले पनि परम्परागत सिपलाई व्यावसायिक रूप दिनमा समस्या रहेको उनको अनुभव छ ।

वेत र बाँसका सामान गाउँघरमा मात्र होइन, आजभोलि घर सजावटका लागि शहरहरूमा पनि छनोटमा परेको देखिन्छ । त्यसैले यस्ता सजावटका सामग्री बनाउन सीपमूलक तालिमहरू प्रदान गरियो भने आम्दानीको स्रोत

राम्रो हुने उनको अपेक्षा छ । त्यसो भयो भने परम्परागत सीपको संरक्षण र आधुनिक सीपको विकास एकैचोटि हुने देखिन्छ ।

## के हो पहरीको पहिचान ?

रातो र पहेँलो अनि सेतो कमेरो माटोले लिपपोत गरिएको राम्रो घर पहरी समुदायको हो । धेरै जस्तोको खरले छाएका घर । घरको पछिल्तिर गाईगोठ, सुँगुर, कुखुरा, परेवा, बाख्राका खोर, तथा अघिल्तिर आँगन र प्रायःजसो घरमा पिंढी । पहरीहरूको इष्ट देव हुन्- भीमसेन ।

बागमती गाउँपालिका केही वडाहरूमा पहरीहरूको बाक्लो बस्ती रहेको छ । कतै कतै एका दुई घरहरू पनि देखिन्छन् । मकवानपुरका तत्कालीन ४३ गाबिसमध्येको एक हो- राईगाउँ । निर्वाचन क्षेत्र नं. १ मा पर्ने राई गाउँ सदरमुकाम हेटौंडाबाट ६५ कि.मी. पूर्वमा पर्छ । पुरानो हिसाबले २२ कोष पैदलयात्राको बाटो । उत्तरमा फापरबारी, दक्षिणामा रौतहट जिल्ला, पूर्वमा बागमती नदी र सिन्धुली जिल्ला तथा पश्चिममा धिँयालसँग यसको सिमाना जोडिएको छ । पूर्वी मकवानपुरको त्यही राईगाउँ अर्थात् अहिले बागमती गाउँपालिकामा पर्छ ।

यस गाउँपालिकामा पहरी जातिको सामाजिक, सांस्कृतिक र भाषाको संरक्षण भएको पाइन्छ । बडिखेलबाट बागमतीको खोलाको किनार हुँदै मकवानपुरको राईगाउँ, फापरबारी हुँदै बारा, पर्सा, रौतहट, सर्लाही लगायतका जिल्लामा पहरीहरूको बसोवास रहेको पहरी समुदायको विषयमा शोध गरेका रामबहादुर थापा बताउँछन् ।

पहरी जातिको मौलिक मातृभाषा छ । पुराना पुस्ताहरूले बोलीचालीमा आफ्नो भाषा प्रयोग गरे पनि नयाँ पुस्ताहरूमा मातृभाषाको प्रयोग त्यती पाइँदैन । बागमती गाउँपालिका बस्ने पहरी र ललितपुरको बडिखेलमा रहेका पहरी बीचमा मातृभाषा फरक रहेको थापा बताउँछन् । मकवानपुरका पहरीहरू आफ्नो भाषा केहीले जान्छन् भने केहीले जान्दैनन् । जानेकाहरू बोल्दा तामाङ समुदायको बसोवास धेरै भएकाले पनि तामाङ लवजमा बोल्छन् । उनीहरू आफ्नो निकटका तामाङ, माझीलगायत भाषा पनि जान्छन् । ललितपुरका पहरीहरूको भने त्यहाँ नेवारको बस्ती बाक्लो भएका

कारणले भाषा शैली पनि नेवारसंगै मिल्दोजुल्दो देखिएको थापाको अनुभव छ । धेरैजस्तो पहरीहरू बोलीचालीको भाषामा नेपाली भाषा नै प्रयोग गर्छन् ।

पहरी जातिको उत्पति र नामका सम्बन्धमा कुनै ठोस प्रमाणहरू नभए तापनि जानकारहरूले बडिखेललाई नै उत्पत्तिको थलो मान्ने गरेको पाइन्छ । केहीले दैलेखलाई आफ्नो उत्पत्तिको थलोको रूपमा मानेको पाइन्छ । भक्तपुरको तलेजु भैरबस्थाको शिलालेखलाई पनि आफ्नो उत्पतिको थलो मान्ने पनि छन् । नेवार समुदायबाट कुनै समयमा पतन भएर पहरी हुन गएको भन्ने उल्लेख भएकाले यिनीहरूको मुल पुर्खा नेवारलाई नै मान्नेहरूको तर्क छ । बूढापाकाहरूको भनाइअनुसार पहरीहरू पहिले नेवार नै थिए । बाहिरबाट मानिसहरू आएर बस्न थालेपछि विपन्न नेवारहरू शहर छोडी पहाडतिर लागे । पहाडमा उनीहरूको सम्पर्क तामाङसँग भयो र तिनै तामाङ र नेवारबाट जन्मेका जातिलाई पहरी भन्न थालियो । यस्ता अभिव्यक्ति र शिलालेखमा वर्णित तथ्यमा संगति देखिएको हुँदा पहरीहरू नेवारै बनेको एउटा जात भएको विश्वास गरिन्छ । भाषामा पनि उनीहरू नेवारसँग झन्डैझन्डै मिल्दाजुल्दा छन् ।

गोपालसिंह नेपालीले आफ्नो पुस्तक 'द नेवार्स'मा पहरी जातिलाई नेवारहरूको जातिगत विभाजनमा हिन्दू नेवारअन्तर्गत पर्ने एक जाति भएको उल्लेख गरेका छन् । उनका अनुसार, उपत्यकाबाट लोप हुँदै गएको साथै पूर्वी पहाडको तल्लो भागमा पाइने पहरीहरूको नेवारसँग जातीय सम्बन्ध रहेको छ । अनि, ज्यापूको 'पिही र पही' शाखा नै पहरीका पुर्खा भएको अनुमान गर्न सकिने पनि उनको विश्लेषण छ ।

ज्ञानेश्वर भट्टराईले बृहत् ज्ञानकोशमा यस जातिको पारिवारिक तथा सामाजिक संरचना मातृसत्तात्मक रहेको उल्लेख गरेका छन् । सोही पुस्तकमा यस जातिको नामांकनबारे संक्षिप्त कथा पनि छ । कथाअनुसार, कुनै राजाको भान्सेले खाना बनाइ चाख्ने गरेको र सो थाहा पाई राजाले उसलाई दरबारबाट निष्कासित गरेपछि पहाडको पहरा पखेरामा बस्ने गरेकाले उनीहरूलाई पहरे वा पहरी भनिएको हो र उसका सन्तान वा वशंज नै पहरी कहलिएका हुन् ।

कान्छाकाजी पहरीले लेखेको पुस्तकमा पहरी 'पिही' जातिको चिनारीमा तालुकी प्रथा कायम हुँदा जिम्मुवाललाई मिजार गग्रुड भन्ने चलन थियो । दशैंमा रैतीहरू प्रसादस्वरूप बोका तथा राँगाको टाउको लिएर आफ्नो

मिजार तथा गग्रुड मान्न तथा टीका थाप्न जान्थे । तालुकी प्रथा हटी पगरी हरण भएकाले पहरी हुन गएको हो र यस जातिका पुरूषले अहिले पनि विवाह तथा मांगलिक कार्यहरूमा शिरमा पगरी वा फेटा लगाउनुले सो कुराको पुष्टि भएको भनी चर्चा गरिएको छ । कान्छाकाजीको पुस्तकअनुसार, सिन्धुपाल्चोकको धुस्कुनका गोल्मा राजारानीका सन्तान नै हालका पहरी हुन् । पश्चिमेली खालका गीत गाउने हुनाले यिनीहरू पश्चिमबाटै आएको हुनुपर्छ भनी पुस्तकमा उल्लेख गरिएको छ ।

मकवानपुरका पहरीहरू बौद्ध धर्म मान्ने छन् । पहरीहरू ८० प्रतीशतजतिले हिन्दू धर्म र २० प्रतिशतजति क्रिश्चियन पाएको थापाले शोधपत्रमा उल्लेख गरेका छन् । उनीहरूले मनाउने चाडपर्व र सांस्कृतिक गतिबिधिहरूमा हिन्दूधर्मकै प्रभाव बढी छ । अन्य जिल्लामा पहरीहरूको बसोवास रहे पनि मातृभाषाको प्रयोग त्यति देखिँदैन । सिन्धुपाल्चोक जिल्लामा भने २०५८ को जनगणनामा नदेखिए पनि २०६८ को जनगणनामा तिन सय ९६ जनाले आफ्नो मातृभाषा प्रयोगमा ल्याएको देखिन्छ जसमध्ये एक सय ८९ पुरूष र दुई सय सात जना महिला छन् । २०६८ को जनगणनामा अनुसार रामेछापका ३२३ जना पहरीहरू पनि मातृभाषा जान्दछन् । धादिङ र मकवानपुरका पहरीहरूले चाहिं मातृभाषा नजान्ने केन्द्रीय तथ्यांक विभागको तथ्यांकमा उल्लेख छ ।

## कति छन्, कता छन् पहरी ?

पहरीहरूको मूलथलो मकवानपुरको राईगाउँ हो । ललितपुर, काभ्रे, सिन्धुपालचोक, धादिङ र रामेछापमा पनि पहरीहरूको बसोबास रहेको केन्द्रीय बिभागको तथ्यांकमा उल्लेख छ ।

नेपालमा सीमान्तकृत जातीहरूमध्ये पर्ने पहरीको जनसंख्या राष्ट्रिय जनगणना २०६८ अनुसार बागमती गाउँपालिकामा एक हजार एक सय ८७ रहेको छ । बागमती गाउँपालिकाले २०७४ सालमा गरेको सर्वेक्षणमा १ हजार सात सय ९० देखिएको थियो । सिन्धुपाल्चोकमा २०५८ मा ४ सय ८८ देखिएकोमा २०६८ मा १ हजार आठ सय ८१ रहेको पाइयो । धादिङमा २०५८ मा ७६ जना रहेकोमा २०६८ मा शुन्यमा झरेको देखियो । रामेछापमा

७ सय २२ जना पहरीहरू रहेको केन्द्रीय विभागको तंथ्याकमा उल्लेख छ । पहरी समुदायबाट सबैभन्दा ठूलो पदमा पुगेका व्यक्ति हुन्- शेरबहादुर पहरी । उनी समानुपातिक कोटामा एकीकृत ने.क.पा. माओवादीका तर्फबाट पहरी जातिको प्रतिनिधित्व गर्दै संविधानसभाको सदस्य भएका थिए । ललितपुर गोदावरी वडा नं ४ का वडा अध्यक्ष मुकुन्द पहरी र बागमती गाउँपालिकाको सदस्य जनक पहरी पनि यस्तो सार्वजनिक पदमा पुग्ने अरू दुई जना हुन् ।

यस समुदायका छोरी चेलीले शैक्षिक क्षेत्रमा अवसर पाउने त कमै मात्र छन् । यसबीचमा पनि हेटौंडा-९ मा बसोवास गर्ने विष्णु पहरीले आफ्नी छोरी सुप्रियालाई पाइलट बनाउन सक्षम भएका छन् । पहरीका सन्तानका रूपमा दुई छोरी छन् । जेठी सुप्रिया २०७७ असोज महिनामा फिलिपिन्सबाट पाइलटको कोर्ष पूरा गरेर घर फर्किएकी छन् । उनले लाइसेन्स पनि प्राप्त गरिसकेकी छन् । अहिले जागिरका लागि कोभिडको कारणले गर्दा समस्या भएको र एयरलाइन्सहरूमा शैक्षिक प्रमाण पत्रहरू बुझाइ राखेको बुबा विष्णु पहरीले जानकारी दिए । अरनिको इन्टरनेशनल एकेडेमीबाट एसएलसी र ब्राइट फ्युचर हाइयर सेकेन्डरी स्कूल, काठमाडौंबाट कक्षा १२ को पढाइ पूरा गरेकी सुप्रियाको परिवार हाल काठमाडौंमा बसोवास गर्छ ।

## भाषा, संस्कृति जोगाउन कसले के गरे ?

भाषासँगै पहरीहरूको छुट्टै लिपि पनि छ । पहरी समुदायबारे विज्ञ सुरेश पहरीका अनुसार पहरी समुदाय सीमान्तकृत भएको र समुदायका अगुवाहरूमा पढाइ लेखाइको कमी भएका कारण पनि पहरी समुदायमा लिपिको प्रयोग राम्रोसँग हुन सकेको छैन । यी सबै कारणले लिपि भए पनि त्यसको प्रयोग राम्रोसँग नभएको उनी बताउँछन् । यद्यपि लिपि संरक्षणतर्फ पहरी युवाहरूको सक्रियताचाहिँ राम्रो रहेको उनी जानकारी दिन्छन् ।

भाषा तथा संस्कृतिको संरक्षण र संवर्द्धनका पहरी समुदायमा चेतनाकै कमी देखिएको पाइएको छ । खास गरी पुरानो पुस्ताले यसतर्फ ध्यान दिन आवश्यक नै ठानेन । राईगाउँका गाउँपालिका सदस्य जनक पहरीका अनुसार, पहिला जे भए पनि अहिलेको पुस्ताले भने भाषा संरक्षणका लागि विभिन्न पहल गरेको छ ।

त्यस्तै पहलमध्येको एक हो- भाषा कक्षा सञ्चालन । पहरी सेवा समाजको आयोजना र स्थानीय जनप्रतिनिधिमूलक निकायहरूको सहयोगमा २०७० बाट यस्तो कक्षा सुरूवात भएको हो । सोही वर्ष गाविसले भाषा कक्षाका लागि एक लाख पचास हजार रूपैयाँ, २०७४ सालमा जिविसबाट पचास हजार रूपैयाँ र गाउँपालिका भइसकेपछि २०७५ सालमा एक लाख पचास हजार रूपैयाँ बजेट छुट्ट्याइएको थियो । भाषा कक्षामा सहभागी बालबालिका २०७० सालमा ७० जना र २०७४ सालमा ४० जना र २०७५ सालमा ६० जना थिए ।

भाषा कक्षा सञ्चालनमा गर्दा पहरी समुदायको विषयमा जानकारहरूबाट राम्रो साथ सहयोग पनि भयो । पछिल्लो समयमा आर्थिक अभावको कारणले गर्दा भाषा कक्षा रोकिएको छ । पहरी समुदायको उत्पति, भाषा र संस्कृतिका बारेमा यकिन गर्न खोज अनुसन्धान आवश्यक भएको छ । यसनिम्ति ४१ जिल्लामा संगठनहरू निर्माण गर्ने र देशभरिका पहरी एकताबद्ध हुने हिसाबले पहरी समुदायका जानकारहरूले ४१ जिल्लामा अवलोकन भ्रमण गर्ने तयारी गरेका छन् ।

जनक पहरीका अनुसार, लिपि र भाषाका धर्म संस्कृतिका विषयमा पुस्तक पनि प्रकाश गर्न लागिएको छ । पहरी जागरण युवा क्लब काभ्रे र पहरी युवा समाज सिधुपाल्चोक, पहरी विकास संघ लगायतका संस्थाहरूले किताब प्रकाशनमा तदारूकता देखाएका छन् । पुस्तकमा संस्थाका पदाधिकारीहरूले नै विभिन्न विषयवस्तुमा लेखक रचनाहरू तयार गर्ने पहरी जागरण युवा क्लबका अध्यक्ष श्रीकृष्ण पहरीले जानकारी दिन्छन् ।

भाषा संस्कृतिको जर्गेना र संरक्षणका लागि संग्रहालय निमार्णको चरणमा छ । पहरी संग्रहालय निर्माण उपभोता समितिका अध्यक्ष बेनीबहादुर पहरीका अनुसार बागमती गाउँपालिकाको सहयोगमा राईगाउँमा पहरी समुदायको संग्रहालय निर्माण भइरहेको छ । संग्रहालयमा पहरीहरूको वेशभूषा र जातित्व झल्किने सामग्रीहरूका साथै आफ्नो धर्म संस्कृतिका बारेमा जानकारी प्रदान गर्न सकिने खालको लेख रचनाहरूको पनि संरक्षण गरिने अवधारणा बनाइएको छ । पहरी समुदायको इतिहासलाई संरक्षण गर्ने हेतुले संग्रहालय निर्माणमा सहयोग प्रदान गरिएको बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलान बताउँछन् । संग्रहालयका लागि २०७५ र २०७६ सालमा गरी १७

लाख रूपैयाँ बागमती गाउँपालिकाले दिएको छ । संग्रालय निर्माणका लागि २४ लाख रूपैयाँमा लाग्ने अनुमान गरिएको छ । यसमा सहयोग गर्न प्रदेश सरकारलाई पनि अनुरोध गरेको भए पनि प्रदेश सरकारबाट कुनै पनि पहल नभएको पहरी बताउँछन् ।

अहिलेको युगमा आमसञ्चार माध्यममा पहरीहरूको अनुपस्थितिलाई शिक्षाको क्षेत्रमा उनीहरू पछाडि परेको कारणसँग जोडेर हेर्नुपर्ने पूर्व सञ्चारमर्की सुमित्रा पहरीको मत छ । पहरी समुदायबाट नेपाल पत्रकार महासंघको साधारण सदस्य नै नरहेको पत्रकार महासंघ बागमती प्रदेशका महासचिव कृष्ण सारू मगर जानकारी दिन्छन् ।

## परिवर्तनले कति छोए पहरीलाई ?

समाजमा विभिन्न परिवर्तन आए पनि पहरी समुदायमा परिवर्तनले छुन सकेको छैन । पहरी बिकास संघका केन्द्रीय अध्यक्ष साथै पहरी समुदायका जानकार मुकुन्द पहरीका अनुसार, पहरी समुदायलाई समाज र समुदायसँगै राज्यले पनि छायामा पारेको छ । उनी भन्छन्, 'चेपाङ समुदायका लागि त कम से कम राज्यले चेपाङ आवास निर्माण त गरेको छ, उनीहरूको संरक्षणको विषयलाई प्राथमिकतामा राखेको छ, पहरीलाई वास्ता पनि गरेको छैन । यस्तै बेवास्ताको शिकार भएका कारणले पहरीहरू अहिले पनि खेती किसानी, ज्याला मजदुरी र खोलामा माछा मार्ने काम गरेर गुजारा चलाइरहेका छन् ।' एका दुई पहरीको जीवनशैली अन्य जातिहरू सरह रहे पनि अधिकांशको सामाजिक र आर्थिक विकास हुन नसकेको उनको अनुभव छ ।

बागमती, झुरझुरेका दमाईं पहरी त्यस्तैमध्येका एक हुन्, जो आजभोलि पनि दिनहुँ खोला खेती गरेर जीवन चलाइरहेका छन् । खोला खेतीको उनको आफ्नै परिभाषा छ– दिनभरि खोलामा माछा मार्ने र साँझ माछा बेचेर घरपरिवारका लागि खानाको जोहो गर्ने ।

'अन्य पेसा किन नगरेको ?'

'आफूले जानेकै काम गर्दा राम्रो हुन्छ, होइन र ?' दमाईं पहरीको प्रतिप्रश्न छ । खाली समयमा उनी डोको बुन्ने काम गर्छन् ।

समयसँगै विभिन्न खालका सामाजिक, राजनीतिक परिवर्तन आए पनि तिनले हुने खानेहरूको जीवनमा मात्रै परिवर्तन ल्याएको भए पनि हुँदा खाने पहरीहरू भने हेरेको हेऱ्यै भएको झुरझुरेका पूर्णबहादुर पहरीको अनुभव छ ।

नेपालको संविधानको भाग ३४ अन्तर्गत धारा ३०६ को (ङ) मा सीमान्तकृत समुदायको परिभाषा छ । त्यसअनुसार राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानूनबमोजिमको मानव विकासको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय नै सीमान्तकृत समुदाय हुन् । पहरी पनि यसैमा पर्छ ।

*(हेटौंडाकी पत्रकार रञ्जिता डंगोल 'पहिलोसमाचारडटकम'सँग आबद्ध छिन्)*

# भाषा र संस्कृति नै लोप हुने खतरा

जीवन लामा

सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माणको संकल्प गर्दै संविधान जारी भएको ६ वर्ष पूरा हुन लाग्यो । समावेशी संविधान जारी भए पनि दोलखाको गौरीशङ्कर-५ सुरीमा मात्र बसोबास गर्दै आएका सुरेललाई भने संविधानको यो मर्मले छुन सकेको छैन ।

नेपालका अन्य भूभागमा बसोवास नभएको सुरेल जाति परापूर्वकालदेखि नै दोलखाको उत्तरी दुर्गम क्षेत्र सुरीमा मात्र बसोवास गर्दै आएको छ । सुरेलहरूकै नामबाट त्यस ठाउँको नाम पनि सुरी रहन गएको हो ।

विकासको रूपमा आधुनिकता भित्रिन थालेसँगै सुरेलहरूलाई अहिले आफ्नो पहिचान रीतिरिवाज गुम्ने चिन्ता बढ्न थालेको छ । उनीहरूलाई पछिल्ला दिनहरूमा आफ्नो भाषा, धर्म, संस्कृति, रीतिरिवाज जोगाउन निक्कै मुस्किल परेको छ तर त्यतातिर राज्यको भने ध्यान गएको छैन ।

लोपोन्मुख आदिवासी जनजातिभित्र सूचीकृत भएकाले सुरेल समुदायका

सबै नागरिकलाई राज्यले मासिक सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ । राज्यले मासिक तीन हजार रूपैयाँ भत्ता दिएर त्यसैमा टारेको सुरेल अगुवाहरू बताउँछन् ।

राजनीतिक रूपमा सुरेलहरूको कतै पनि पहुँच नभएको कारणले गर्दा राज्यले सुरेल समुदायको समस्या नसुनेको सुरेल जाति उत्थान समाजका केन्द्रीय अध्यक्ष सुवास सुरेलको दुःखेसो छ । 'हाम्रो पुहँच कतै पनि छैन । त्यसैले हाम्रो कुरा कसले सुनिदिने ?' सुरेल जाति उत्थान समाजका अध्यक्ष सुरेल सुनाउँछन् ।

## न प्रतिनिधि रहे, न त मुखिया

गत स्थानीय निर्वाचनमा नेकपा एमालेको तर्फबाट महिला वडा सदस्यमा निर्वाचित भएकी सरस्वती सुरेलको पोहोर निधन भएपछि गाउँ काइपालिकामा सुरेलको प्रतिनिधित्व छैन । प्रतिनिधि नहुँदा सुरेलका पक्षमा नीति तथा काइक्रम निर्माण र बजेट विनियोजनका लागि काइपालिका बैठकमा पर्याप्त छलफल हुँदैन । फलतः स्थानीय सरकारले सुरेलका लागि काइक्रम बनाउन सकेको छैन ।

उभौलीको मुख्य पूजा गर्ने सुरेल जातिको जनसंख्या अहिले दुइ सय ३० मात्र छ । अल्पसंख्यक सीमान्तकृत समुदायका सुरेल जाति सबैलाई सरकारले सामाजिक सुरक्षा भत्ता वापत दिएको मासिक तीन हजार रूपैयाँ नै सुरेलको जिउने आधार बनेको छ । जग्गा जमिन थोरै भएकोले उनीहरूलाई कृषि उत्पादनले वर्षभरि खान पुग्दैन । यदि राज्यले महिनाको तीन हजार पनि नदिने हो भने सुरेलहरू भोकभोकै मर्ने दिन आउनसक्ने स्थानीय प्रमिला सुरेल बताउँछिन् । सुरीका बालबालिका अध्ययन गर्ने स्थानीय विष्णुश्वरी आधारभूत विद्यालयमा कार्यालय सहयोगी समेत रहनु भएकी प्रमिला सुरेलहरूलाई जीविकोपार्जन नै मुख्य समस्या भएकाले अन्यत्र ध्यान दिन नसकिएको ठान्छिन्, 'हामीले बिहान बेलुकी छाक टार्नका लागि भए पनि काम गर्नुपर्छ, अनि कसरी अरू काममा ध्यान दिनु ?' नेपालको ९ लोपोन्मुख जातिमध्ये सुरेल पनि एक हो ।

वि.सं. २०६५ सालबाट तत्कालीन राज्यले लोपोन्मुख (आदिवासी

जनजाति) का लागि सामाजिक सुरक्षा भत्ता दिन सुरू गरेपछि दोलखाका तत्कालीन प्रमुख जिल्ला अधिकारी श्रीकृष्ण श्रेष्ठको पहलमा सुरेलहरूले पनि भत्ता पाउन थालेका हुन । त्यो बेला सुरेल भन्ने गरिए तापनि नागरिकतामा भने अधिकांशको थर सुनुवार लेखिएको थियो । त्यो बेला सुरी पुगेर सबै अध्ययन गरी श्रेष्ठले सबैलाई सुरेल नै हुन् भन्ने ठहर गरेका थिए । उनले सुरेल थर राखी नागरिकता दिनुका साथै सामाजिक सुरक्षा भत्ताका लागि पहलसमेत गरिदिएका थिए । त्यो बेला भत्ताको रकम मासिक ५ सय रूपैयाँ थियो ।

प्रमिलालाई अहिले आफ्नो भाषा लोप हुन लागेको प्रति पनि चिन्ता छ । आफ्नो चिन्ता व्यक्त गर्दै उनी भन्छिन्, 'भाषा त हाम्रो पहिचान हो, यो लोप भयो भने हाम्रो जातिकै अस्तित्व समाप्त हुन्छ ।' थोरै जनसंख्या र एकै ठाउँमा बस्ती भएर पनि लोपोन्मुख सुरेल जातिका युवायुवती तथा केटाकेटीले आफ्नो भाषा बोल्न छोडेका छन् । संरक्षणको अभावले गर्दा सुरेल लिपि निकै अघिदेखि लोप भइसकेको छ । अहिले खोजेर पनि लिपि भेट्न नसकिने सुरेल अगुवाहरू बताउँछन् । 'वृद्धवृद्धा र प्रौढहरू गरी करिब १० प्रतिशतले मात्र अहिले आफ्नो भाषा बोल्ने गरेका छन् । युवायुवती र केटाकेटी त आफ्नो भाषा बोल्नुपर्दा सानो होइन्छ जस्तो ठान्छन्,' प्रमिला भन्छिन् ।

वि.सं. २०६३ सालमा सुरेल अगुवा अविरे सुरेलको ८३ वर्षको उमेरमा मृत्यु भएपछि भाषा, संस्कार संस्कृति क्रमशः लोप हुँदै गएको स्थानीय अगुवाहरू बताउँछन् । अविरे सुरेल समुदायको अग्रज खम्बा नै थिए । उनले भनेका कुराहरू सबै सुरेलले मान्थे । उनी सुरेल गाउँका प्रमुख (मुखिया) जस्तै थिए । सुरेल जातिको भाषा, संस्कृति र इतिहासका बारेमा पूर्ण जानकारी राख्ने अविरे सुरेल हुँदा सुरेल जातिले गर्दै आएका धार्मिक तथा सांस्कृतिक गतिविधिहरू समयमै हुने गर्थे । भाषा मरेको थिएन । अविरे जिउँदो हुँदा अन्य समुदायले पनि खासै हेप्ने कोसिस गर्दैनथे । अविरेलाई सगर्व स्मरण गर्दै सुवास सुरेल भन्छन्, 'अविरे सुरेल भाषा, संस्कार र संस्कृति जोगाउन खुलेर लाग्नु हुन्थ्यो,' प्रमिला सुरेललाई पनि लाग्छ, 'अहिले त कसैले यसको विषयमा चासो नै दिँदैनन् ।'

सुरेलहरूको संस्था सुरेल जाति उत्थान समाजका अध्यक्ष सुवास सुरेल पनि आफ्नो भाषा लोप हुन लागेकोमा चिन्ता जाहेर गर्छन्, 'खै अहिलेका

युवायुवती र केटाकेटी आफ्नो भाषा बोल्नै रूचाउँदैन् ।' आफूले भाषा आयोगसँग भाषा संरक्षणका लागि पटकपटक आग्रह गरेको जानकारी दिँदै सुवास भन्छन्, 'केही सयमअघि भाषा आयोग र गौरीशंकर गाउँपालिकाले सुरेल भाषा संरक्षणका लागि अन्तरक्रिया काइक्रम आयोजना गरे पनि त्यसपछि कुनै पहल भएको छैन ।'

## नयाँ पुस्तामा नसर्दा मर्ने डर

गाउँपालिकाले भाषा संरक्षणको लागि केही पनि नगरेको भने होइन । सुरेल समुदायका अगुवा र युवाहरूले थप पहल नगरेकै कारण भाषा लोप हुन सक्ने अवस्थामा पुगेको गाउँपालिका अध्यक्ष खड्का बताउँछन् । गाउँपालिकाको पहलमा भाषा आयोगले सुरीमा आएर प्रशिक्षण दिनुको साथै भाषा अनुसन्धानका लागि पहल गर्न स्थानीय सरकारलाई आग्रह गरे पनि थप पहल अघि बढ्न भने सकेन ।

भाषा आयोगका डाक्टर लोकबहादुर लोप्चन सुरेल भाषा संरक्षणको लागि सुरेलहरूले पनि चासो नदेखाएको ठान्छन् । पहिलाको पुस्ताले मात्र बोलेका तर दोस्रो पुस्तामा सर्न नसकेका कारण सुरेल भाषा मर्दै गएको डाक्टर लोप्चनलाई पनि लागेकाछ । 'भाषा सर्दै जानुपर्थ्यो, सर्न सकेन । स्थानीय तहले विद्यालयस्तरदेखि नै भाषाको विषयमा अध्ययन अध्यापन गर्न लगाउनु पर्छ । त्यही समुदायमा भाषा संग्रहालय स्थापना गर्नुपर्छ,' उनको सुझाव छ ।

भाषा आयोगले प्रदेश र संघीय सरकारलाई सुरेल भाषा लोप हुने अवस्थामा पुगेको भन्दै त्यसलाई जोगाउनुपर्ने जानकारी गराइसकेको छ । आयोगले भाषा संरक्षणको लागि केही पहल गरिदिनका लागि प्रदेश र स्थानीय सरकारलाई सिफारिशसमेत गरेको छ । भाषा संरक्षणमा सबैको भूमिका रहने डाक्टर लोप्चन बताउँछन् ।

स्थानीय युवा नरेश सुरेलका अनुसार युवायुवती तथा केटाकेटीले मन नपराएर सुरेल भाषा नबोलेका भने होइनन् । अभिभावकहरूले घरमा पनि मातृभाषा नभई नेपाली भाषा नै बोल्ने गरेकाले आफूहरूले सुरेल भाषा सिक्न नसकेको नरेशको गुनासो छ । 'घरमा कसैले पनि सुरेल भाषा बोल्दैनन्,

सुरेल भाषाको लिपि र पाठ्यक्रम पनि छैन, अनि हामीले कसरी भाषा सिक्न सक्छौं र ?' नरेशको प्रश्न छ । नरेशको प्रश्नमा सही थाप्दै स्थानीय युवा आशिका सुरेलले पनि घरमा अभिभावकहरूले आफ्नो भाषा नबोल्ने भएकाले आफूहरूले सिक्न नसकेको गुनासो बताइन् । भन्छिन्- आफ्नो भाषा जान्ने चाहना त छ नि ! तर के गर्नु ? जान्नेहरूले बोल्दैनन्, अनि हामीले कहाँबाट सिक्नु ?'

अन्तरजातीय विवाहको कारणले पनि सुरेल भाषा क्रमशः लोप हुँदै गएको सुरेलहरू बताउँछन् । धेरै सुरेल युवाहरूले अर्को जातिको महिला विवाह गरेका छन् । केही सुरेल युवतीहरू पनि अर्को जातिको केटासँग विवाह गरेर गएका छन् । भाषा र लिपि संरक्षणको लागि सुरेल भाषामा पाठ्यक्रम निर्माण गरी अध्यापन गराउनुपर्ने सुरेल जाति उत्थान समाजका पूर्वकेन्द्रीय अध्यक्षसमेत रहेका रमेश सुरेलको सुझाव छ ।

पछिल्लो तथ्याङ्कअनुसार २६ जना पुरूषले अन्य जातिका महिला विवाह गरेका छन् भने ९ जना महिला अन्य जातिको पुरूषसँग विवाह गरेर गएका छन् । सुरेलहरू किराँत वंशको एक हाँगा हुन् भन्ने किंवदन्ती पाइन्छ । यिनीहरूको आफ्नै मातृभाषा, रीतिरिवाज र संस्कार संस्कृति रहेको छ । सुरेलले बोल्ने भाषा भने भोट बर्मेली परिवारमा पर्दछ । नेपाल आदिवासी जनजाति महासंघ, जिल्ला समन्वय परिषद् दोलखाका अध्यक्ष जंगबहादर गुरूङ सुरेल जातिको भाषा र संस्कार संस्कृति जोगाउनका लागि अन्तरजातीय विवाहमा रोक लगाउनुपर्ने धारणा राख्छन् ।

## सुनुवारका निकटवर्ती

सुरेल पनि लगभग सुनुवार जातिकै वंशज हुनसक्ने कतिपयको विश्लेषण छ । सुनुवारले बोल्ने आफ्नै भाषा र सुरेल भाषामा भने खासै फरक देखिन्न । सुनुवार र सुरेलको भाषा २५ प्रतिशत जत्तिले मात्र फरक छ । सुनुवार सेवा समाज दोलखाका पूर्वसचिव टंक सुनुवार भन्छन्, 'हाम्रो धेरै जनसंख्या भएकाले भाषा सँगसँगै लान सकियो तर सुरेलको थोरै जनसंख्याको कारणले पनि समस्या आएको हुन सक्छ ।' सुनुवारका अनुसार लोप हुन नदिने हो भने भाषा प्रयोगमा ल्याउनुको विकल्प छैन ।

सुरेलहरूको आमसञ्चार माध्यमसँग सहज पहुँच छैन । दोलखाका सामुदायिक रेडियोहरूले सुनुवार भाषामा भने समाचार प्रसारण गर्छन् तर सुरेल भाषाका काइत्रकम तथा समाचार हालसम्म कुनै पनि रेडियोबाट प्रसारण भएको छैन । यसो हुनाका कारण सुरेल समुदायमा हालसम्म उच्च शिक्षा र राज्यको उच्च पदसम्म पुग्ने व्यक्तिको अभाव हुन सक्ने टंक सुनुवारको विश्लेषण छ ।

## संरक्षणका लागि संग्रहालय

हालसम्म सुरेल समुदायबाट तीन जनाले मात्र १२ कक्षासम्मको पढाइ पूरा गरेका छन् । समुदायका सबैभन्दा बढी औपचारिक शिक्षा अध्ययन गर्ने उनीहरू नै हुन् । हाल प्रवेशिका अर्थात एसएलसी/एसईई उतत्तीर्ण हुनेको संख्या भने ३५ पुगेको छ ।

हालसम्म सुरेल समुदायबाट सरकारी जागिर खाने २ जना छन् । त्यो पनि एक जना नेपाली सेना र अर्का एक जना नेपाल प्रहरीमा छन् । 'राज्यमा आफ्नो पहुँच सहज नभएकोले पनि सुरेलहरू अगाडि बढ्न सकेका छैनन् भाषा र संस्कृति जोगाउने त कुरा परका कुरा,' सुरेल युवा सुवास सुरेल गुनासो गर्छन् ।

गौरीशङ्कर–५ सुरीमा मात्र बसोवास गर्ने सुरेलहरू गाउँपालिकाकै पहिचान र गहना भएकाले सुरेलहरूको पहिचान जोगाउन आफूहरू लागिपरेको गाउँपालिकाका अध्यक्ष सोयमबहादुर खड्का बताउँछन् । सुरेलको संस्कृति र पहिचानका लागि सुरेल संग्रहालयको निर्माणमा प्रदेश सरकार र स्थानीय सरकार जुटिरहेको अध्यक्ष खड्काले जानकारी दिए । सुरेल जातिको पुरातात्त्विक सामग्री, भेषभुषा, कलाको संरक्षण गर्ने उद्देश्यले गाउँपालिका र बागमती प्रदेशको सहयोगमा संग्रहालय निर्माणको काम अन्तिम चरणमा पुगेको छ ।

सुरेल संग्रहालय निर्माण गर्न अघिल्लो आर्थिक वर्ष गाउँपालिकाले १५ लाख रकम विनियोजन गरेको थियो भने प्रदेश सरकारले २५ लाख रूपैयाँ छुट्याएको थियो । करीव डेढ रोपनी जग्गामा निर्माण भएको संग्रहालय तत्कालका लागि चार कोठाको छ । संग्रहालयमा सुरेल जातिले परम्परागत

रूपमा प्रयोग गर्दै सामान, पोशाक, धर्म, संस्कार झल्किने सामग्री राख्ने गाउँपालिका अध्यक्ष खड्काले बताए । सुरेल जातिको संस्कृति, रीतिरिवाज, वेशभूषा संरक्षण तथा जनचेतना अभिवृद्धिका लागि गाउँपालिकाले योजनासमेत ल्याएको पनि अध्यक्ष खड्काले जनाए । संग्रहालयमा तत्काल सुरेल जातिका पुर्खाले प्रयोग गरेका सामग्री, सुरेल जातिको जन्मदेखि मृत्यु संस्कारसम्म झल्कने सामग्री, वेशभूषालगायत सामग्री राख्ने तयारी छ ।

सुरेलहरूको परम्परागत पेशा संरक्षणका लागि पनि गाउँपालिका लागिपरेको छ । चोयाका सामग्री तयार गर्ने सुरेलहरूको परस्परागत पेशा भएकाले त्यही पेशाको संरक्षणका लागि योजना बनाउने गाउँपालिका अध्यक्ष खड्काले बताए । गाउँपालिकाले सुरेल समुदायका लागि लक्षित गर्दै सडक निर्माण गर्नुको साथै खानेपानी, शिक्षा र स्वास्थ्यमा समेत ध्यान दिएको अध्यक्ष खड्काको दाबी छ । यद्यपि गाउँपालिकाले सुरेल जातिका काइक्रम सञ्चालन र सुरेल, धर्म, भाषा संस्कृति संरक्षणका लागि भनेर छुट्टै कानून भने निर्माण गरेको छैन । सुरेल लोपोन्मुख जाति भएकोले यसलाई जोगाउनका लागि गौरीशंकर गाउँपालिकाले विशेष कानुन निर्माण गरी काइक्रम ल्याउने सोचेको छ । गाउँपालिका अध्यक्ष खड्काअनुसार सुरेल समुदायका अगुवासँग छलफल गरी संस्कृति संरक्षण र उत्थानका काइक्रम सञ्चालन गरिनेछ ।

सुरेल समुदायको सीपको संरक्षण र प्रवर्द्धनका लागि पनि गाउँपालिकाले योजना बनाउने तयारी गरिरहेको छ । गाउँपालिकाका उपाध्यक्ष उर्मिला थामी भन्छिन्, 'पहिलो कुरा त सुरेल समुदाय नै आफ्ना पेशा, व्यवसाय, सीपको संरक्षणको लागि अघि बढ्नुपर्छ ।' दोस्रो कुरा, उहाँका अनुसार, यदि आफ् ना सीपको लागि प्रस्ताव पत्र लिएर आउँछन् भने गाउँपालिका जसरी पनि काम गर्न तयार छ ।

नेपाल आदिवासी जनजाति महासंघ, संघीय परिषद्का अध्यक्ष जगत बराम सामाजिक सुरक्षा भत्ता सुरेलहरूको जीविकोपार्जनमा सहयोगी हुन सक्ने तर जीवनशैलीमा परिवर्तन आउन नसक्ने बताउँछन् । राज्यले लोपोन्मुख समुदायको लागि स्वायत्त संरक्षित क्षेत्र वा प्रतिष्ठान बनाउन सकेमा मात्र लोपोन्मुख सुरेल समुदायको विकास हुनसक्ने बरामको बुझाइ । एउटा सरकारी बोर्ड गठन गरेर सुरेल जस्ता लोपोन्मुख समुदायको विकास गर्न आवश्यक रहेको उनी बताउँछन् । संविधानमै समानुपातिक प्रतिनिधित्व भने

तापनि यसमा बाठाटाठाको मात्र प्रतिनिधित्व भइरहेको र सबै निकायमा लोपोन्मुख समुदायको पहुँच पुग्न नसक्ने उनले बताए । सुरेल समुदायलाई जोगाइराख्ने हो भने क्षमता अभिवृद्धि र आयआर्जनका क्षेत्रमा प्रभावकारी काइक्रम स्थानीय सरकारले सञ्चालन गर्नुपर्ने बरामको राय छ ।

आदिवासी जनजाति महासंघ, जिल्ला समन्वय परिषद् दोलखाका अध्यक्ष जंगबहादर गुरूङले महासंघले भाषा कक्षा सञ्चालन गर्ने तयारी गरेको जानकारी दिएका छन् । गुरूङले गाउँपालिकासँग समन्वय गरी चेतनामूलक काइक्रमहरू सञ्चालन गर्ने पनि बताए । सबैभन्दा ठूलो कुरा चेतना हो । सुरेल समुदायको अस्थित्व रक्षाका लागि पनि चेतना नै पहिलो अस्त्र भएको गुरूङले बताए ।

*(दोलखाका पत्रकार जीवन लामा 'कालिञ्चोक एफएम'का स्टेशन म्यानेजर हुन्)*

# संरक्षण र विकासको दोसाँधमा अस्तित्व

नानीमैया विष्ट

आँगनको छेउतिर सिमलीको बोट, तरकारीको बोटबिरूवालाई सुरक्षाको निम्ति सिमलीको घेरा, बाख्राको खोरलाई सिमलीकै बारबेर र सरसफाईको निम्ति पनि सिमलीको कुचो । मकवानपुरको राक्सिराङ गाउँपालिकाको वडा नं. २ र ५ का बस्तीमा रहेका चेपाङ समुदायभित्र अधिकांशको घरमा सिमलीको स्याउला प्रयोग गरिएको देखिन्छ । किन होला ? वडा नं. २ का गोपीलाल चेपाङलाई पनि यसको वैज्ञानिक उपयोगिताबारे त थाहा छैन तर आफ्ना पुर्खाहरूले हानिकारक कीरा र रोगहरूबाट जोगाउन घरवरिपरि सिमलीका लगाउने गरेको मात्र छ ।

राक्सिराङमा राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८ को तथ्यांकअनुसार ३७.४१ प्रतिशत चेपाङ जातिको जनसंख्या छ । आधुनिकीकरणको रेखाबाट पर रहेका जनजातिमध्ये चेपाङ एक हो । चेपाङ समुदाय विकास र शिक्षामा पनि निकै पछाडि छ । तुलनात्मक रूपमा सोझा, सरल र इमानदार मानिने यिनीहरू मङ्गोलियन मुखाकृतिका, गहुँ गोरो, थेप्चे नाक, ठूलो अनुहार,

मझौला कद र फुर्तिलो शारीरिक बनावटका हुन्छन् । चेपाङहरू जंगलको छेउछाउमा बस्छन् र खेतीपाती पशुपालन, चोया तथा काठका घरेलु सामान बनाई गुजारा चलाउँछन् । यिनीहरूले पाखो भिरालो बारीमा खेतीपाती गर्ने भएकाले उत्पादन कम हुन्छ, त्यसले ६ महिना पनि खान पुग्दैन । अनि, लाग्छन्, जंगलतिर र गिट्ठा, भ्याकुर जस्ता कन्दमूल खोजेर खान्छन् ।

## कस्ता चेपाङ, कति चेपाङ

यो समुदायको नाम चेपाङ कसरी रहन गयो ? समुदायको अग्रजहरूले सुनाएको जानकारी स्थानीयमा छ । त्यसैमध्येका राक्सिराङ-५ का वडा अध्यक्ष चन्द्रसिंह चेपाङ पनि हुन्, जसले चेपाङ नाम हुनुको यस्तो विवरण सुनेका छन्, 'चेपाङहरू मुख्य गरी दुईथरी कछारे र पुकुन्थली जात थरका पाइन्छन् । कछारेहरू आफूलाई सुन प्रजा भन्न मन पराउँछन् । चेपाङमा 'च' को अर्थ कुकुर र 'पाङ'को अर्थ धनुकाँड हुन्छ । चेपाङहरूले घरघरमा कुकुर पाल्ने र धनुकाँडको सहायताले शिकार खेल्ने हुनाले चेपाङ नाम हुन गयो ।'

२०६८ सालको जनगणनाअनुसार नेपालमा चेपाङहरूको जनसंख्या ६८ हजार ३९९ रहेको छ । यिनीहरू मकवानपुर, धादिङ, चितवन, गोरखा, लमजुङ र तनहुँ जिल्लामा बसेका छन् । मुख्य रूपमा भने मकवानपुरमा ८३.६२ प्रतिशत, चितवनमा ७३.९० प्रतिशत, धादिङमा ५८.२८ प्रतिशत र गोर्खामा ४४.५४ प्रतिशत यिनीहरूको उपस्थिति रहेको र बाँकी जिल्लामा थोरै मात्रामा बसोबास गर्ने गरेको राष्ट्रिय जनगणनाको तथ्यांमा देखिन्छ ।

'चेपाङहरूको जीवन वनजंगल र जमिनसँग अति घनिष्टरूपमा जोडिएको छ । त्यसैले बसोवास पनि वनजंगल नजिक, भिरालो जमिन र खोलानजिक छरिएर रहेको पाइन्छ । हाम्रो जाति दुःख धेरै गर्छ,' राक्सिराङ-६ का ५८ वर्षीय इन्द्रजित चेपाङको भनाइ छ । चेपाङ गाउँ पुग्दा घरहरू सामान्यतया ढुङ्गा र माटोले बनेका र खरले छाएको देखिन्छन् । कतिपय चेपाङहरूको घर भने काठ तथा जस्ता पाताले बनाइएको पनि पाइन्छ । उनीहरूको पुर्ख्यौली पेशा खोरिया खेती नै हो । हाल आएर आधुनिक जीविकोपार्जनका माध्यमहरू कृषिमा तरकारी खेती, पशुपालनका साथै व्यापार व्यावसायतर्फ पनि यो समुदायका मानिसहरू उन्मुख भएको देखिन्छ ।

चेपाङहरूको आफ्नै मातृभाषा छ । यिनीहरूको भाषा भोट-बर्मेली परिवारसँग मिल्दोजुल्दो छ । परापूर्व कालदेखि दैनिक व्यावहारिक चलनमा आफ्नै भाषा प्रयोग गर्ने यिनीहरू धेरैजसोले आफ्नो घरमा एक आपसमा आफ्नै चेपाङ भाषा बोल्दछन् भने अरूसँग नेपाली भाषामा कुरा गर्छन् । युवा पुस्ताले भने मातृभाषा नै भुल्न थालिसकेका छन् । त्यसैले बूढापाकाहरू आप्फ्नो भाषा लोप हुन लागेकोमा चिन्तित छन् । उनीहरूको आफ्नै भाषा भए पनि लिपि भने पाइएको छैन ।

यो जातिको भाषा संस्कृतिलाई नयाँ पुस्तामा सार्न पनि लिपिको आवश्यकता पर्दोरहेछ भन्छिन् सरकारी सेवा चितवनमा कार्यरत वनरक्षक लक्ष्मी चेपाङ । चेपाङ भाषालाई संवर्द्धन गर्न र यो भाषा तथा संस्कृति अध्ययन र अनुसन्धानको निम्ति ध्रुव अधिकारीले संकलन तथा सम्पादन गरेको 'चेपाङ संक्षिप्त शब्दकोष आधारभूत व्याकरण' २०७३ सालमा प्रकाशनमा आएको छ । यसले चेपाङ भाषा बोल्न र पढ्न चाहने सोही समुदायको नयाँ पुस्ता तथा अन्य व्यक्तिहरूको लागि महत्त्वपूर्ण सहयोग पुग्ने देखिन्छ ।

## चेपाङबाट प्रजा, तर कसरी ?

चेपाङको पहिचान आफ्नो संस्कार, वेशभूषा, भाषा, संस्कृति एवम् परम्परागत सीपको आधारमा बनेको छ । चेपाङ समुदाय प्रकृतिसँग नजिक रहन्छन् । उनीहरू बसोवास गर्ने क्षेत्रमा विशेष गरी चिउरीको रूख निकै पाइन्छ । यसलाई पशुपालनको निम्ति राम्रो घाँसको रूपमा लिइन्छ भने यसको फललाई पाकेपछि खान सकिन्छ र भित्रको दानालाई पेलेर चिउरीको घ्यूसमेत निकाल्न सकिन्छ । चेपाङ समुदायमा परम्परागत ढंगले मौरी पालन गरिन्छ । यो समुदायमा छोरीलाई बिहे गर्दा चिउरीको ठूलो रूख दाइजोको रूपमा माइतीले दिने गर्दछन् । आफ्नो छोरीचेलीले गाईबस्तुलाई घाँस काट्न समस्या नहोस्, चिउरीको फूलबाट मौरी पालनमा सजिलो होस्, यसको स्वादिलो फल र पोषिलो फल खान पाउन् र फलभित्रको दानाबाट घ्यू निकाली (भुटुन) तरकारी पकाउनसमेत उपयोग होस् भनेर छोरीचेलीलाई चिउरीको रूख दाइजोको रूपमा दिने गरेको मानिन्छ । यो उनीहरूको संस्कारको पहिचान पनि हो ।

चेपाङहरूको परम्परागत धर्म प्राकृतिक धर्म भएको चेपाङ अगुवाहरू बताउँछन् । यसअनुरूप चेपाङहरूले सिमेभुमे देखि रूखलाई सम्म पूजा गर्छन् । चितवनको इच्छाकामना गाउँपालिका-६ का वडा अध्यक्ष भूपेन्द्र चेपाङ भन्छन्, 'हाम्रो समुदायमा खेतीबाली लगाउनुभन्दा अगावै भूमिपूजा गर्ने गरिन्छ । मकै बाली पाकिसकेपछि पनि सबैभन्दा पहिले नजिकैको थानी भूमिलाई चढाइसकेपछि मात्र खाइन्छ भने निबुवा, बिमिरो, पिँडालु, घैया धान आदि चाहिं छोनाम 'न्वागी' गरी पितृलाई नबुझाइकन खाइँदैन ।'

चेपाङ जातिका मान्छेहरू आफूलाई चेपाङ भन्नमै गौरव मान्छन् । यो उनीहरूको पहिचानको सरल शब्द हो । तर, कतिपय चेपाङको थर प्रजा लेखिएको पाइन्छ । कसरी यस्तो भयो त ? चितवनका पुराना शिक्षक हरिलाल चेपाङले आफ्नो जातिलाई चेपाङबाट कसरी प्रजा बनाइयो भन्ने कहानीसहित आफ्नो विचार पनि यसरी सुनाए, 'वि.सं.२०३४ सालमा तत्कालीन राजा वीरेन्द्रले अति नै गरिबीको कारण चेपाङलाई 'प्रजा भन्नू' भनी आदेश गरे । त्यसपछि आफ्नो जातीय नाम चेपाङबाट प्रजा बनाए । त्यति बेलादेखि नै प्रजा विकास कार्यक्रम लागू गरियो तर चेपाङ अगुवा तथा अधिकारकर्मीहरूले आफ्नो जातीय पहिचानलाई मेटाउन नचाहेकाले गर्दा पछि आएर 'चेपाङ हौं' भनी अगाडि बढ्न थाले । नयाँ पुस्तालाई मेरो सन्देश छ, हामी चेपाङ नै हौं । पछिल्लो चरणमा कसैले हाम्रो समुदायलाई वनकरिया बनाउने कोसिससमेत गरे, यो राम्रो होइन । नयाँ पुस्तालाई यो कुरा थाहा हुनुपर्छ ।' राष्ट्रिय आधारभूत विद्यालय, चारकिल्ला चितवनमा २१ वर्ष प्रधानाध्यापक भएर उनी हालै सेवा निवृत्त भएका छन् ।

## विशिष्ट संस्कृति, संकटापन्न पेशा

चेपाङहरू लोकसंस्कृतिमा पनि उत्तिकै धनी छन् । यो समुदायको पहिलो लोकगायक रविन चेपाङ हुन् । यही समुदायबाटै कमला चेपाङ जस्ता नयाँ प्रतिभासहितका गायक गायिकाहरूले आफ्नै भाषामा गीत तथा संगीतहरू सार्वजनिक गरिसकेका छन् । उनीहरू विवाह, चाडपर्व, सामाजिक जमघटमा विभिन्न भाकाका गीतहरू मिलिजुली गाउँछन् ।

चितवनमा रहेर लामो समय सामुदायिक वनको नेतृत्व गरिरहेकी लक्ष्मी

प्रजा पुर्खाले सिकाएको सबै धर्मसंस्कृतिलाई आफूले मान्ने गरेको बताउँछिन् । 'भदौमा पूजा गरिने छोनाम 'न्वागी' चेपाङहरूको सबैभन्दा ठूलो धार्मिक पूजा हो । हामीहरू कुलपूजा, शिकारी देवता, भूमि पूजा पशुदेवताको पुजा गर्छौं । साथै दसै, तिहार, साउने संक्रान्ति, न्वागी पर्व मनाउँछौं,' उनी भन्छिन् । न्वागीलाई यिनीहरू 'छोनाम' भन्छन् । चेपाङहरू झाँक्रीलाई पाँडे भन्छन् । यिनीहरू आफ्नो समुदायमा कोही बिरामी परेमा उपचारका लागि झाँक्री बोलाउँछन् र रातभरी ढ्याङ्ग्रो ठोकेर देवीदेउताको नाम सम्झिँदै उच्चारण गर्ने गर्दछन् ।

चेपाङ समुदायको मुख्य पेशा कृषि हो । पशुपालनसहित कृषिमा निर्भर रहे पनि आफ्नो जग्गाजमिन हुनेको संख्या धेरै कम छ । उनीहरू जंगल फाँडेर पाखापखेरामा खेतीपाती गर्छन् जहाँ उब्जाउ राम्रो हुँदैन । वर्षायाममा भिरालो जमिनमा पहिरो जाने र जनधनको क्षति हुने समस्या पनि छँदै छ । खोलाको किनारमा बसोवास निकै जोखिमपूर्ण रहेको समेत पाइन्छ । बेलाबेलामा हुने प्राकृतिक प्रकोप र त्यसले निम्त्याउने विपद्ले गर्दा उनीहरूले निकै सास्ती खेप्नुपरेको देखिन्छ । त्यसैले त्यस्तो विपद्लाई सामना गर्न उनीहरूको समुदायभित्र एक ठाउँबाट अर्को ठाउँमा सार्न मिल्ने किसिमको घर बनाइएको पाइन्छ । बेला बेलामा हुने महामारीलाई रोक्न र सामना गर्न शक्ति मिलोस् भनेर वनदेवीको पूजा निकै आस्था र श्रद्धाले गर्ने गर्दछन् । स्वास्थ्यमा हुने रोगव्याधि उनीहरूको समुदायमा कम लाग्ने र उनीहरूलाई जंगली कन्दमुलमा पाइने औषधीय गुणले समेत काम गर्ने उनीहरूको धारणा छ ।

जीविकोपार्जनका लागि उनीहरूका आफ्नै परम्परागत सीपहरू रहेका छन् । उनीहरू जंगलबाट पाट ल्याएर नाम्लो बुन्ने, डोरी बनाउने, काठका भाडाकुँडाहरू बनाउने, बाँस निगालोको चोया निकालेर नाङ्लो, डोको, भकारी, डालो बुन्ने गर्दछन् । यस्ता सामान उनीहरू आफ्नो प्रयोगका लागि पनि तयार गर्दछन् भने बिक्री गरेर आम्दानी पनि गर्छन् । इच्छाकामना–२, चितवनका वडा अध्यक्ष पन्तलाल चेपाङ सम्झन्छन्, 'केही वर्ष अघिसम्म यहाँ हाम्रो समुदायको स्थानीयहरूले काठको ठेकी बनाएर निकै बिक्री गर्दथे र व्यापार मेला महोत्सवहरूमा पनि प्रदर्शन गर्दथे तर अहिले यो कार्य हराउँदै गएको छ ।'

परम्परागत सीपलाई संरक्षण गर्न कोशिस गरे पनि नयाँ पुस्तामा त्यो किसिमको काम गर्ने इच्छाशक्ति, फुर्सद र जाँगर नहुनाले त्यस्ता सीपहरू पुरानै पुस्तामा मात्र सीमित रहने अवस्था आएको पन्तलालको अनुभव छ ।

आधुनिक शिक्षा र जीवनशैलीबाट टाढा रहेका चेपाङ समुदायले आफ्नो पुर्खाले जीवनयापनको क्रममा भोगेका अनुभव र उनीहरूले हस्तान्तरण गरेका ज्ञान, सीप र परम्परालाई निरन्तरता दिने कोशिश गर्दै आएका छन् । इच्छाकामना–६ का वडा अध्यक्ष भूपेन्द्र चेपाङ युवाहरूलाई परम्परागत सीप सिकाए पनि त्यस्तो सीप प्रयोगको सम्भावना र अवसर कमजोर हुँदै गएको ठान्छन् । उनका विचारमा ठेकी बनाउन प्रयोग हुने दारको रूख बिस्तारै लोप हुँदै गएकोले माग हुँदाहुँदै पनि काठका सामान बनाउन कठिन हुनु त्यसको एउटा उदाहरण हो । 'यस्तो अवस्थामा युवाहरूलाई वैदेशिक रोजगारी नै एक मात्र उपाय भन्ने लाग्न थालेको छ,' उनी भन्छन्, 'यो हाम्रो पुस्ताको लागि अवसर हो कि चुनौती हो बुझ्न सकिएको छैन ।'

चेपाङ समुदायका अगुवा एवम् संविधान सभाका पूर्वसदस्य गोविन्दराम चेपाङले अल्पसंख्यक तथा सीमान्तकृत समुदायको भाषा, संस्कृति, सीप, ज्ञानलाई राज्यले संरक्षण र संवर्द्धन गर्ने भन्ने नीति लिए पनि स्थानीय निकायहरूले यसतर्फ चासो नदिएको गुनासो पोखे । 'हाम्रो परम्परागत सीप भनेको बाँस र निगोलेको चोयाबाट डोको, डालो, मान्द्रो, नाङ्लो बनाएर बजारमा धानसँग साट्ने हो । तर अब ती सामानहरू बजार लैजाँदा बिक्री हुन छाडेको छ भने धानसँग साट्ने परम्परा समेत लोप भएको छ,' पूर्वसभासद चेपाङले भने, 'प्लास्टिकको भाडासँग प्रतिस्पर्धा गर्न नसकिने हुनाले राज्यले नै विशेष प्राथमिकता दिएर संरक्षण गर्नुपर्छ ।'

पछिल्लो चरणमा विभिन्न स्थानमा हुने मेला तथा महोत्सवहरूमा चेपाङ जातिले खाने कन्दमुल गिट्ठा, भ्याकुर लगायतका जंगली खानेकुराहरूलाई स्टलका रूपमा राख्ने गरेको पाइन्छ । यसले नयाँ पुस्ताहरूमा यो समुदायले स्वास्थ्यको लागि आवश्यक प्राकृतिक खानेकुराहरूबारे परिचित गराउँछ र यसको आधुनिक प्रविधि एवम् नयाँ नयाँ सीप र ज्ञानतर्फ प्रोत्साहन गर्न थोरै भए पनि सहयोग पुग्ने देखिन्छ ।

## आदिवासी ज्ञान, समुदायको पहिचान

सरकारले 'आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान' बनाएर आदिवासी जनजातिको भाषा, लिपि, संस्कृति, साहित्य, कला, इतिहासको संरक्षण र प्रवर्द्धन गर्ने भनेको छ । सोहीअनुसार उक्त समुदायको निम्ति राज्य अर्थात् स्थानीय निकायहरूले के कस्तो कार्य गरिरहेका छन् भन्ने प्रश्न खडा हुन जान्छ । ३७ प्रतिशत जनसंख्या चेपाङ भएको मकवानपुरको राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले चेपाङ समुदायमा सबैभन्दा पहिले स्वास्थ्य र शिक्षा आवश्यक भएकोले भर्खरै अस्पताल निर्माण कार्य सम्पन्न भएको जानकारी दिए । उनले चेपाङ भाषामा स्थानीय पाठ्यक्रम निर्माण कार्यको लागि स्थानीय सरोकारवालासँग छलफल भएको र यसप्रति सबै सकारात्मक रहेको समेत जानकारी दिए । यसका साथै चेपाङ भाषामा पढाइ सुरू गर्नको लागि राष्ट्रिय भाषा आयोगबाट विज्ञ टोली ल्याउनको लागि पत्राचार गर्ने कार्य भएको र उनीहरू छिट्टै यस कार्यलाई अघि बढाउन इच्छुक रहेको जानकारीसमेत दिए ।

विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरणमा चेपाङ समुदायमा भाषाले आर्जन गरेको ज्ञानको विषयमा समुदायका धेरै व्यक्तिहरूको फरक फरक धारणा पाइन्छ । चेपाङ समुदायको बाहुल्य भएको क्षेत्रमा चेपाङ भाषामा अध्ययन तथा अध्यापन हुने हो भने पक्कै पनि पाठ्यपुस्तक तथा विद्यालयमा जानेबुझेका विषयहरूको बारेमा आफ्नो छोराछोरीले बाबुआमालाई आफ्नै भाषामा बुझाउने सम्झाउने गर्न सक्छन् । राजनीतिकर्मी एवम उक्त समुदायका अगुवा गोविन्दराम चेपाङको बुझाइ पनि यस्तै छ । उनी भन्छन्, 'समुदायमा आइपर्ने हरेक विपद्हरू र उक्त विपद्ले ल्याउने जोखिमहरूको बारेमा पाठ्यक्रममा समेत समावेश गर्न सके उनीहरूले आफ्नै भाषामा आफ्नै शैलीमा आफू, आफ्नो परिवार र समुदायलाई सुरक्षित राख्न सक्छन् ।'

## अगुवा चेपाङका कुरा

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएसँगै नेपालमा चेपाङहरू पनि राजनीतिक प्रतिस्पर्धामा अग्रसर देखिँदै आएका छन् । राजनीतिक

परिवर्तनले विशेषगरी स्थानीय निकायमा निर्वाचन मार्फत जनप्रतिनिधिहरूको प्रतिनिधित्वको संख्यामा उल्लेखनीय उपलब्धि देखिएको छ । मकवानपुरको राक्सिराङ गाउपालिकामा विभिन्न पदमा चेपाङ समुदायबाट खुला सदस्यमै जनप्रतिनिधि निर्वाचिन भएका छन् । वडा नं. १ मा लालकुमार चेपाङ, २ मा गोपीलाल चेपाङ, ५ मा सुजन प्रजा, ८ मा राजु प्रजा र ९ मा शुक्रबहादुर प्रजा खुला सदस्यमा चुनिएका छन् । वडा नं. ५ को अध्यक्षमा चन्द्रसिह प्रजा, ६ को अध्यक्षमा सिंगलाल प्रजा, ७ को अध्यक्षमा कुलबहादुर प्रजा र महिला सदस्य रिखिमाया प्रजा निर्वाचित भएका छन् भने वडा नं. ८ को अध्यक्षमा रामकृष्ण प्रजा चुनिएका छन् । यसरी एउटा गाउँपालिकामा १० जना चेपाङ जनप्रतिनिधि निर्वाचित हुनुलाई राजनैतिक उपलब्धि नै ठान्नुहुन्छ, २०६४ सालको निर्वाचनमा संविधान सभा सदस्यमा निर्वाचित गोविन्दराम चेपाङ ।

यो गाउँपालिका एउटा उदाहरण मात्र हो । अन्य गाउँपालिका र नगरपालिकाहरूमा पनि चेपाङ समुदायको प्रतिनिधित्व रहेको पाइन्छ । तर यसरी राजनीतिक सहभागितालाई केही हदसम्म उपलब्धि मानिरहँदा यत्रो परिवर्तनबाट चेपाङ समुदायलाई बलियो र सहुलियतपूर्ण ढंगले आर्थिक रूपमा सहयोग नभएको संविधान सभा पूर्वसदस्य गोविन्दराम चेपाङको गुनासो छ । उनी हालसम्म यो समुदायबाट राजनीतिक क्षेत्रमा सबैभन्दा उच्च तहमा पुगेका राजनीतिक कर्मी हुन् ।

अहिलेसम्म चेपाङ समुदायबाट सबैभन्दा धेरै शिक्षा हासिल गरेका धादिङका तिलक चेपाङ हुन्, उनले यो समुदायबाटै पहिलो व्यक्तिका रूपमा स्नाकोत्तर गरेका छन् । राजनीतिक क्षेत्रमा २०६४ सालमा संविधानसभाको सदस्य बनेका गोविन्दराम चेपाङ र हाल बागमती प्रदेश सभा सदस्य रहेका सन्तबहादुर चेपाङ नै राजनीतिक रूपमा उच्च तहमा पुगेका व्यक्तिहरू हुन् । चेपाङ युवाहरूलाई अघि बढाउनका लागि उनीहरूलाई स्वरोजगार गराउने सीप र वित्तीय सहयोग आवश्यक रहेको चेपाङ अगुवाहरूको भनाइ छ ।

*(समाजशास्त्रमा स्नातकोत्तर गरेकी मकवानपुरकी नानीमैया विष्ट 'पहिलोसमाचारडटकम' सँग आबद्ध छिन्)*

कोँइच सुनुवार

# भाषामा नै ज्ञानप्रणाली सन्निहित समुदाय

टंकराज सुनुवार (सुजन)

आदिवासी जनजातिहरूमा मौलिक प्रकारको ज्ञान प्रणाली रहँदै आएको छ । प्रथा, परम्परा र अभ्यासमा आधारित यस्ता ज्ञानहरू विभिन्न क्षेत्रमा प्रयोग हुने गर्दछ । यसैअन्तर्गत औषधि उपचार पनि एक हो ।

'पुर्खाहरूको अभ्यास र अनुभवका आधारमा सिकिएका यस्ता ज्ञान आज पर्यन्त अभ्यासमा रहेको छ' सुनुवार सेवा समाज संघिय समितिका सचिव शोभा सुनुवार भन्छिन्, यस्ता ज्ञान सुनुवारलगायत सबै आदिवासी जनजातिमा रहेको हुन्छ । यसको अभ्यास गाउँघरमा परापूर्व कालदेखि नै हुँदै आएको थियो, जहाँ आधुनिक औषधिको आपूर्ति थिएन, अस्पताल पनि थिएन । त्यही बेलाको औषधि उपचार प्रणाली नै औषधि उपचारको आदिवासी ज्ञान हो ।'

सुनुवारहरूको जनसंख्या र बसोवास

आदिवासी सुनुवार तिनै हुन्, जो आफूहरूलाई कोँइच भनेर परिचय दिने गर्दछन् । सुनुवार सेवा संघीय कार्य समितिका अध्यक्ष रणवीर सुनुवारका

अनुसार सुनुवार (कोँइच) हरूको मूल बसोवास बागमती प्रदेशको रामेछाप, सिन्धुली, दोलखा र १ नम्बर प्रदेशको ओखलढुंगा जिल्लामा रहेको छ ।

२०६८ को जनगणना अनुसार सुनुवारस्को जनसंख्या ५५ हजार ७ सय १२ रहेको छ । अहिले बसाइँसराइ तथा व्यापार व्यवसायका लागि उदयपुर, इलाम, ताप्लेजुङ पाँचथर, झापामा छरिएर बसेका छन् । यसबाहेक संयुक्त अधिराज्य बेलायत, संयुक्त राज्य अमेरिका, हङकङ र खाडी क्षेत्रका विभिन्न देशमा पनि छरिएका छन् । तर उनीहरूको आदिम भूमि भने वल्लो किरात नै हो, रोमछाप, ओखलढुङ्गा, दोलखा र सिन्धुली नै हो ।

प्रकृतिपुजक सुनुवारहरूको आफ्नो भाषा, धर्म, सस्कार र संस्कृति फरक रहेको छ । सुनुवार सेवा समाजका अध्यक्ष रणवीर सुनुवारका अनुसार, फरक संस्कृति र संस्कारकै कारण सुनुवार जाति नेपाल सरकारबाट सूचीकृत ५९ आदिवासी जनजातिमा सूचीकृत भएको हो ।

## भाषामा अडेको ज्ञान

भाषाविद् डा. लाल रापचाको भनाइमा आदिवासी कोँइच सुनुवारहरूले आफ्नो भाषाका माध्यमले फरक पहिचान बनाएका छन् । सुनुवारहरूको भाषामा नै ज्ञान प्रणाली सन्निहित रहेकाले सुनुवारहरूले भाषालाई आफ्नो पहिचानको विषय बनाएका हुन् । हरेक विषय र सन्दर्भमा सुनुवार भाषाको व्याख्या फरक हुने गरेको डा. रापचाको भनाइ छ । उनी उदाहरणसहित थप्छन्, 'माथिबाट तल आउनु छ भने 'यिचा' हुन्छ नेपाली भाषामा त्यो हुँदैन, अङ्ग्रेजीमा फरक हुन्छ । त्यो उनी हरूले आफ्नो ज्ञानलाई भाषासँग इन्कोड गरेका हुन्छन् । त्योचाहिं ज्ञानसँग सज्ञानात्मक अर्थात् कग्निटिभ नलेजसँग जोडिएको कुरा हुन्छ । जस्तै : काट्नु भन्ने शब्द सुनुवार भाषामा फरक कुरा छ । धान काट्नु भन्नु परयो भने 'रिंचा' भन्नुपर्छ तर रूख काट्ने हो भने 'कोँइँचा' हुन्छ । यस कारण एउटै विषयमा फरक फरक शब्द र अर्थ रहेको हुन्छ । ठूलो पारेर काट्ने कि सानो परेर काट्ने कि अब लामो चिज काट्ने कि कस्तो चिज काट्ने हो ? यसमा पनि सुनुवार भाषाको फरक शब्द हुन्छ । यो एक प्रकारको ज्ञान हो । यो भाषामा नै आदिवासी ज्ञानको प्रमाण यो हो ।

यसबाहेक आदिवासी सुनुवारहरूको परम्परागत पोशाक तथा सांस्कृतिकले पनि ज्ञान प्रणालीलाई सक्रिय गराएको हुन्छ । अध्यक्ष रणवीरका शब्दमा सुनुवारहरूको परम्परागत पोशाकमा पनि ज्ञान र सीप झल्कन्छ ।

## औषधि उपचारको ज्ञान

आदिवासी सुनुवारहरूको ज्ञान प्रणाली पनि अन्य समुदायको भन्दा फरक छ । हुन त सबै आदिवासीमा यस्तो ज्ञानपद्धति हुन्छ । तर अन्य समुदायमा भन्दा फरक ज्ञान औषधि बनाउने विधि र प्रणालीमा हुन्छ । तर अन्य आदिवासीहरूमा झैँ औषधिजन्य ज्ञान प्रकृतिजन्य पदार्थ, जडीबुटी र प्राकृतिक लवण पदार्थमा हुन्छ । यस्तो ज्ञानप्रणालीका लागि समुदायमा बिशेष व्यक्ति खटिएको हुन्छ । सुनुवार सेवा समाजकी सचिव शोभा सुनुवारका अनुसार गाउँमा पुर्खाहरूबाट र पोइप ग्यमीबाट जडीबुटी संकलन तथा उपचार प्रणाली हुन्छ जसलाई झाँक्री वा पुजारी पनि भन्न सकिन्छ ।

सचिव सुनुवारको भनाइमा वन तथा वनस्पतिजन्य सामग्रीहरूबाट अनेकौं रोग प्रतिरोध गर्ने क्षमता भएको हुन्छ । झाडापखाला हैजा, ज्वरो तथा विशेष गरेर अनि दग्दी (चिसो लाग्नु)बाट उत्पन्न हुने रोगको उपचार सुनुवार ज्ञानमा रहेको छ । सुनुवार भाषामा यस्तो रोगबाट ग्रस्त बनाएमा 'दोख' भन्ने गरिएको छ जसलाई सिकिस्त बिरामी पनि भन्न सकिन्छ ।

## अभ्यासमा औषधि उपचार

कान पाक्दा, धुङ्ग्रे पखाला (एकदमै लगातार पखाला) लागेको बेला अम्बाको बोक्रा निकालेर कुटेर झोल बनाएर पियाउने परम्परा छ । यस्तो औषधिबाट यस प्रकारको रोग निको हुने उनीहरूको विश्वास छ ।

'आदिवासी सुनुवार कोइँचहरूको आध्यात्मिक विश्वासका आधारमा स्वास्थ्य उपचार गर्ने अनेक विधिमध्ये न्हःसो र पोइव-गमी विधि पनि एक हो । प्राकृतिक शक्ति र पितृशक्तिलाई जगाउने यो विधि उनीहरूको आप्
ऽनो भाषामा अभिव्यक्त हुन्छ भने समाजले मनोविज्ञानका आधारमा सेवा लिन्छ । भाषाविद् डा. रापचा भन्छन्, 'देशमा औषधि र अस्पताल नभएको

त्यो बेला आफ्नै ज्ञानले गाउँमा पुर्खाहरूले जडीबुटीहरू संकलन गरेर र हाम्रा झाँक्रीबाट उपचार हुन्थ्यो, पोइव ग्यमीबाट हुन्थ्यो जसलाई पुजारीभन्दा हुन्छ । उनीहरूलाई औषधिका बारेमा पूर्ण ज्ञान हुन्छ । उनी हरू नहुँदा गाउँघरमा ठूला मान्छेले जान्दछन् । जस्तै: ज्वरोले गलेर अन्तिम अवस्थामा पुगेको बेला ऐंसेलु खुलुमिज भनिने ऐंसेलुको झाङमा गएर हाँगा नुहेर छोएको ठाउँको हाँगो ल्याएर कुटेर खुवाउँदा ज्वरो निको हुन्छ भन्ने विश्वास र प्रचलन छ ।'

## प्रथाजनित संस्था चुप्लु

जल, जमिन र जंगलसँग गाढा सम्बन्ध भएका र प्राकृतिक स्रोतमा निर्भर आदिवासीका यस्ता ज्ञान धेरै क्षेत्रमा देख्न सकिन्छ । यस्ता आदिवासी ज्ञानलाई पुस्ता हस्तान्तरण गर्ने कौँइच सुनुवारहरूको आफ्नै प्रथाजनित तरिकाहरू हुन्छन् ।

प्रथाजनित संस्था चुप्लु नै आदिवासी सुनुवारहरूको आधिकारिक र सामूहिक निर्णय गर्ने थलो हो । प्रथाजनित कानूनका जानकार डा. रापचाका अनुसार, प्रथाजनित कानूनअनुसार त्यहाँ पहिलापहिला किपट भूमि ओल्लो किरातमा आफ्नो साँध सिमाना कसरी लगाउने भन्ने निर्णय गरिन्थ्यो । यो प्रथाजनित संस्था चुप्लु हो । चुप्लुले संस्कार र संस्कृतिको जगेर्ना गर्नेदेखि नयाँ पुस्तालाई ज्ञान हस्तान्तरणको कामसमेत गर्छ । तर पछिल्लो अवधिमा यस्ता संस्थाहरू लोप हुँदै गएका छन् । यसको सामाजिक संगठन र कार्य विभाजनको विधि प्रथाजनित कानूनअनुसार नै हुन्छ । मातृभाषामा यस प्रकारका धेरै प्रकारका ज्ञान हुन्छन् । यस्ता ज्ञानको संरक्षण र पुस्ताहन्तारण हुने गरेको छ ।

## स्थानीय सरकारले हेर्नुपर्ने विषय

स्वास्थ्य उपचारमा आधारित आदिवासी ज्ञानको संरक्षणका लागि मूलत: स्थानीय सरकार र प्रदेश सरकारको जिम्मेवारी रहेको सबै अभियन्ताहरूको भनाइ छ । भाषा आयोगका उप सचिव डा.लोकबहादुर लोप्चन पनि आदिवासी

ज्ञानको संरक्षणकर्ता र अभिभावकत्व स्थानीय सरकारले लिनुपर्ने ठान्छन् ।

'आदिवासी सुनुवार अथाह आदिवासी ज्ञानका स्रोतहरू हुन् । आदिवासी ज्ञानहरू नै उनीहरूको जीवनको अभिन्न अंग हो । यो विशेषतामा सम्पदा, सभ्यता र आदिवासी सौन्दर्य हुन्छ । चुनौतीचाहिं के छ भने धेरैले उनीहरूको आफ्नो मातृभाषा बोल्न छाडेका छन्,' डा. लोप्चन भन्छन्, आदिवासी सुनुवार समाज आफैले आफ्नो भाषाको संरक्षण गर्ने जस्तो जागरण हुन त आवश्यक त छँदै छ, त्यसबाहेक पनि प्रदेश सरकार र स्थानीय सरकारहरूले पनि उनीहरूलाई सहयोग गर्नुपर्छ ।'

नेपालका आदिवासीहरूमध्ये अल्प संख्यकमा पर्ने कोँइच सुनुवारहरू नेपालको प्राकृतिक स्रोत, सम्पदा र ज्ञान र सीपका धनी हुन् । यो सम्पदालाई राष्ट्रको मूल प्रवाहमा प्रवाहित गर्न आवश्यक छ ।

आदिवासी सुनुवारहरूको आफ्नै भाषा र परम्परागत पोशाक तथा सांस्कृतिक क्रियाकलाप हुन्छन् । हरेक सांस्कृतिक क्रियाकलाप, आध्यात्मिक विश्वासहरूले आदिवासी कोँइच सुनुवारहरूको परम्परागत ज्ञानको संरक्षण गरिरहेको हुन्छ । यी सबै ज्ञान उनीहरूको आफ्नो भाषाका माध्यममा हुन्छ ।

सुनुवारहरू पहिलापहिला आफ्नो संस्कृतिको नासो पोइव ग्यामीबाट सस्कार संस्कृति चलाउने गर्दथे । जन्मदेखि मृत्युसम्मका संस्कृति पोइव ग्यमी (सुनुवार जातिको पुरोहित) ले चलाउँथ्ये । तर पछिल्लो कालक्रममा भने आदिवासी सुनुवारहरूले परम्परागत जातीय पुरेत पोइव ग्यमी छाडेर ब्राह्मणलाई मान्ने चलन चलेको छ । यसमा पनि मिश्रित चलन भने रहेको पाइन्छ । तर, बाहुन नै चलाए पनि सुनुवार विधिबाट संस्कारहरू चलाइरहेको अध्यक्ष रणवीर बताउँछन् ।

## भाषा जोगिए ज्ञान जोगिन्छ

भाषा आफैमा अभिव्यक्तिको माध्यम हो । भाषा संरक्षण भए मात्र आदिवासी सुनवाररूको ज्ञान तथा पहिचान जोगिने सम्भावना हुन्छ । यही सन्दर्भलाई लिएर भाषा संरक्षणका लागि संवैधानिक जिम्मेवारी पाएको भाषा आयोगले पनि केही पहल गरिरहेको भाषा आयोगका उपसचिव, डा. लोकबहादुर लोप्चन जानकारी दिन्छन् ।

भाषा मऱ्यो भने संस्कृतिसँगै जातिको पनि मृत्यु हुन्छ भन्ने कुरालाई आत्मसात् गरेर भाषा आयोगले सुनुवार भाषामा शब्दकोशहरू तयार गर्ने काम गरिरहेको छ । त्यसै गरी सुनुवारको इतिहास लेख्दै सुनुवार मातृभाषाको शिक्षा पनि ओखलढुंगाको खिजिफलाँटे गाउँपालिकमा सुरू भएको छ । डा. लोप्चनका अनुसार त्यहाँ केही विद्यालयहरूमा पढाइ हुन्छ र शिक्षकलाई तालिम पनि दिइसकिएको छ । त्यहाँ बालकक्षा र एक कक्षाको शिक्षकलाई तालिम हुन्छ । त्यसले पनि विषय र मध्यमका रूपमा पठनपाठन हुन्छ । यसरी उनीहरूको किताब बन्ने, त्यस्ता किताबहरूमार्फत पढाइ हुँदा भाषाको संरक्षण हुने र आदिवासी सुनुवार ज्ञान पनि नयाँ पुस्तामा हस्तान्तरण हुने देखिन्छ ।

*(टंकराज सुनुवार (सुजन) 'इन्डिजिनस टेलिभिजन'को कार्यक्रम 'इन्डिजिनस भ्वाइस' सँग आबद्ध छन् । उनको यो लेख सोही टेलिभिजनका लागि लेखिएको स्क्रिप्टलाई पुनर्लेखन गरेर तयार पारिएको हो ।)*

# संघीय राज्यमा समावेशीकरणको लेखाजोखा

सीमा तामाङ

नेपालमा राजनीतिक परिवर्तनले महिला, अल्पसंख्यक, सीमान्तीकृत र अतिसीमान्तीकृत समुदायको हकअधिकार संवैधानिक र कानूनीरूपमा सुनिश्चित भए पनि त्यसको कार्यान्वयन फितलो देखिएको छ । यी समूहको समुचित मागको सुनुवाइ अझै हुन सकिरहेको छैन । यिनलाई नेतृत्व तहमा पुऱ्याउँदै जिम्मेवारी दिए पनि निर्णय गर्ने हैसियत भने प्रदान गरिएको छैन । राजनीतिमा अल्पसंख्यक, जनजाति र दलित अझै किनारीकृत छन् ।

बागमती प्रदेशमा माझी समुदायको लोपोन्मुख लदी (पानी) पर्वको संरक्षण र राष्ट्रियकरण हुनुपर्ने माग हुन थालेको झन्डै सात वर्ष भइसक्यो । कहीं कतैबाट यसको सुनुवाइ हुन सकेको छैन । अझ बागमती प्रदेश सभा सदस्य एवं सांसद बुद्धिमान माझीले पटक–पटक यसबारे विभिन्न मञ्चहरूमा सामूहिक आवाजै उठाएका छन् । 'माझी समुदायको लदी पर्वसंगै वनकरिया लगायतका अन्य लोपोन्मुख जातजातिको पर्वलाई राष्ट्रियकरण गर्न वर्षौंदेखि

सामूहिक पहल गरिरहेको छु, सुनुवाइ नै हँदैन' उनी भन्छन्, 'पूर्वप्रधानमन्त्री र मन्त्रीलगायत उच्च ओहोदामा रहेका दलका नेतालाई समेत समाहित गरी यसबारे कार्यक्रमै पनि गऱ्यौं । बारम्बार ज्ञापनपत्र दिएर घचघच्यायौं तर पनि सुनुवाइ भएन ।'

धर्मनिरपेक्ष राज्य घोषणा भइसकेकाले हरेक जातजाति र समुदायको भाषा, धर्म, संस्कारको संरक्षण तथा जगेर्ना गर्ने जिम्मेवारी राज्यको हो । 'लदी पर्वलाई राष्ट्रिय पर्वका रूपमा स्वीकृत गर्नुपर्छ,' उनले भने, 'उक्त जाति/समुदायलाई एक दिनका लागि भए पनि बिदा दिनुपर्छ भनेर माग गऱ्यौं, खै कसैले सुनेनन् ।' सांसद माझीका अनुसार बागमती प्रदेशमै वनकरिया, चेपाङ, कुमाललगायत धेरै लोपोन्मुख जाति छन् । उनले भने, 'यस्ता अल्पसंख्यक, सीमान्तीकृत तथा अति सीमान्तीकृत समुदायलाई राज्यले विशेष प्याकेज प्रोग्रामको आधारमा माथि उठाउनुपर्छ ।'

तीन तहको सरकार स्थापित भएपछि हरेक वडामा दलित सदस्य, प्रमुख वा उपप्रमुखमा महिला अनिवार्य हुनुपर्ने नीति नै छ । त्यहीअनुरूप अल्पसंख्यक, सीमान्तीकृत र अति सीमान्तीकृतले स्थानसमेत पाएका छन् । 'विगतलाई हेर्दा राज्यको मूलधारको राजनीतिमा अल्पसंख्यक, सीमान्तीकृत र अति सीमान्तीकृत समुदायलाई ओझेलमै पारिएकै थियो,' उनले भने, 'अहिले संघीय संरचना निर्माण भएपछि राजनीतिक जागरण ल्याए पनि यी समुदायले अपेक्षाकृत उपलब्धि अझै हासिल गर्न सकेका छैनन् ।'

राजनीतिक दलका सबै तह र कमिटीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेसँगै महिला सहभागिता बढेको छ । तर, निर्णायक तहमा अझै पनि उनीहरू पुग्न सकेका छैनन् । 'वडा सदस्यदेखि सांसदसहितमा जातजातिको प्रतिनिधित्व गराइएको छ' सासंद इन्द्रमाया गुरूङ भन्छिन्, 'सहभागी गराइए पनि विभिन्न पदमा भएका महिलाले पदअनुसार काम गर्न पाएका छैनन् ।' उनका अनुसार महिलालाई सहभागी गराए पनि निर्णय गर्ने तहमा अझै पुऱ्याइएको छैनन् । कानूनमा नभए पनि अध्यक्ष, मुख्यमन्त्रीजस्ता निर्णायक पदमा पुरूष नै हुनुपर्छ भन्ने पितृसतात्मक सोच जीवित रहेको उनको ठहर छ । कानुनमा पुरूष मात्र हुनुपर्छ भन्ने नलेखिए पनि व्यवहारमा पुरूषलाई मात्र ठाउँ दिइएको छ । अहिले पनि पुरूष बहुमतले निर्णय

गरिसकेपछि मात्र महिला सांसदलाई हस्ताक्षर गर्न बोलाउने प्रवृत्ति रहेको इन्द्रमायाले गुनासो गरिन् ।

'महिला सासंदले उठाएका विषय र ल्याएका कार्यक्रमलाई बेवास्ता गरिन्छ,' उनले भनिन्, 'हकअधिकारबारे जोडदार रूपमा आवाज उठाउनेको पद नै धराशयी हुन्छ ।' महिला भएकै कारण योग्यता हुदाँहुदै पनि झुकेर बस्नुपर्ने अवस्था रहेको उनको भनाइ छ । यसो हुन नदिन आफैमा एकत्रित भएर निर्णय गर्न सक्छौं भनेर महिलाहरू अघि बढ्नुपर्ने उनी बताउँछिन् । राजनीतिले शिक्षा, चेतना, रोजगारी तथा आधारभूत आवश्यकताबाट समेत पछाडि परेका सीमान्तीकृत, अतिसीमान्तीकृत जनजातिहरूमा परिवर्तन ल्याएको छ । 'हाम्रा अग्रज पुरूष तथा महिला नेताहरूको त्यागका कारण नै अहिले ३३ प्रतिशत महिला सहभागी हुन पाएका छन्,' उनले भनिन् ।

निवर्तमान राज्यमन्त्री तथा सासंद विमला विकका अनुसार महिलाले लैङ्गिक विभेद घरपरिवारमा लालनपालनदेखि नै भोग्दै आएका छन् । 'घरमा छोरी जन्मेपछि निश्चित समय हुर्काएर घर गृहस्थी, संस्कार, संस्कृति सिकाउने र विवाह गरिदिने भन्ने संस्कार छ,' उनले भनिन्, 'त्यसमा पनि दलित, सीमान्तीकृत समुदायका अभिभावकको पनि आर्थिक, सामाजिक, शैक्षिक स्थिति कमजोर हुने भएकाले हामी त्यसबाटै प्रभावित हुन्छौं ।' यस्तो अवस्थामा चुनौतीलाई पन्छाएर बाहिर निस्कनका लागि परिवारलाई मनाउनुपर्ने उनले बताइन् । 'कतिपय परिवारले सहजै स्वीकार्छन् भने कतिपयलाई बुझाउनुपर्ने हुन्छ,' उनका अनुसार परिवारबाट बाहिर निस्कन सफल भए पनि समाजमा वर्षौंदेखि पुरूषले मात्र नेतृत्व गरिरहेको, पढेलेखेका मान्छे र बाहुन क्षत्रीले मात्र गरिरहेको देखिने हुँदो महिलाको नेतृत्वलाई समाजले पचाउन तयार नहुने अनुभव उनले सुनाइन् । 'महिला, दलित तथा अन्य समुदायका मान्छेले नेतृत्व गर्न खोज्दा समाजले पनि पचाउन सक्दैन,' विमलाले भनिन्, 'त्यस्ता व्यक्ति अगाडि आए पनि महत्त्व नदिने, निरूत्साहित गर्ने सामाजिक चुनौती र अप्ठ्यारा छन् ।'

अहिलेको राजनीति, सामजिक सेवा र नेतृत्वमा स्रोतसाधनको कमि देखियो भने चुनावमा उम्मेदवार बन्न पनि असम्भव हुने गरेको छ । 'पार्टीको निर्वाचनकै कुरा गर्ने हो भने पनि निर्वाचनका लागि स्रोतसाधन नभएका मान्छे उम्मेदवार नै हुन नसक्ने स्थिति र विकृति छ,' उनले भनिन्, 'यस्तो अवस्थामा

सीमान्तीकृत, अति सीमान्तीकृत, अल्पसंख्यक समुदायका मानिसले खर्चिलो चुनाव लड्छु भन्ने हिम्मत नै जुटाउन नसक्ने अवस्था छ ।'

'कार्यकर्ता, मतदाताको हिसाबले समुदायस्तरमा धेरै सहभागिता भए पनि माथिल्लो स्तरमा नेतृत्व तहमा पुग्न सकेका छैनन्, तर यसमा बिस्तारै प्रगति भइरहेको छ,' सांसद विकले भनिन्, 'तल्लो तहमा काम गर्ने कार्यकर्ताहरूको माथिल्लो तहको नेतृत्वसँग खासै सम्पर्क हुँदैन ।' तल कसरी काम गरिरहेको छ ? कति अप्ठ्यारा छन् ? भन्ने कुरा पार्टीको माथिल्लो तहमा रिपोर्टिङ गर्न हाम्रो पहुँच नै नपुग्ने अनुभव पनि उनले सुनाइन् ।

पहिलो कुरा त जिम्मेवारी नै दिइँदैन, कथं कदाचित महत्त्वपूर्ण जिम्मेवारी र अवसरहरू पाउँदा पनि विभिन्न शंका र अविश्वास गरिन्छ । त्यस्तो अवस्था सिर्जना हुँदा काम गरिरहेका मानिस जिम्मेवारी र अवसरबाट वञ्चित हुनुपर्ने तथा मुख्य भूमिकामा आउन नसक्ने अवस्था रहेको उनले सुनाइन् । 'यो हरेक पार्टीमा आबद्ध महिलाको समस्या हो ' उनले भनिन् ।

२०७२ को संविधानमा दलित, महिला लगायतको मौलिक हक, अधिकार र सहभागिताका विषय प्रस्ट शब्दमै लेखिएको छ । त्यसमा प्रत्यक्ष तथा समानुपातिक प्रणालीको व्यवस्था छ । राष्ट्रपति, उपराष्ट्रपति तथा स्थानीय तहमा प्रमुख र उपप्रमुखमा एक जना महिला नै हुनुपर्ने व्यवस्था छ, र यो कार्यान्वयन भएको पनि छ । 'संख्याको हिसाबले महिला र अन्य जातजातिको सहभागितामा गर्व गर्नु पर्ने अवस्था छ,' उनले भनिन्, 'तर सन्तोष गरेर बस्ने अवस्था भने छैन ।' अझै पनि सात वटै प्रदेशमा मुख्यमन्त्री पुरूष मात्रै भएकाले महिलाहरू अटाउन नसकेको उनले बताइन् । प्रदेशबाट बन्ने निति नियम, कानून, बजेट र कुन विषयलाई प्राथमिकता दिने भन्नेमा पुरूष मुख्यमन्त्रीले मात्रै निर्णय गरिरहेको उनको भनाइ छ । त्यहाँ महिलाले निर्णय गर्न पाउने भए फरक खालका विषय र योजनाहरू पर्ने सक्ने सम्भावना धेरै हुने उनले बताइन् ।

संघीय सरकारको मन्त्रिपरिषद्को पनि केही महिलाहरू देखिन्छन्, सन्तोषजनक अवस्था नै छ । यसो भए पनि तर केही सुधार गर्नुपर्ने अवस्था उनले देखेकी छन् । संविधानले राज्यका हरेक अंगमा ३३ प्रतिशतको प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने भनेको छ । मन्त्रिपरिषद्मा महिलाको प्रतिनिधित्व त्यति हुनसकेको छैन ।

नेतृत्व तहको कुरा गर्ने हो भने अझै पनि सीमान्तीकृत, अति सीमान्तीकृत, अल्पसंख्यक समुदायका प्रतिनिधित्व वृद्धि गर्नुपर्ने अवस्था छ । संख्यात्मक हिसाबले मात्र होइन, गुणात्मक हिसाबले पनि सहभागिता बढाउनुपर्ने उनको माग छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा नवगठित मन्त्रिपरिषद्मा खस-आर्यको भन्दा मधेसी र जनजातीको वचर्स्व छ । यो मन्त्रिपरिषद्मा झन्डै आधा मन्त्रीहरू मधेसी, थारु र मुस्लिम समुदायका छन् । विगतका मन्त्रिपरिषद्मा प्रायः खस-आर्यको बाहुल्य हुने गर्थ्यो । तर ओली मन्त्रिपरिषद्मा ६ जना मात्रै खस-आर्य छन् । यो भनेको २५ प्रतिशतभन्दा कम हो । सरकारमा ८ जना जनजाति मन्त्री छन् । दलितबाट भने एक जना मात्र महिला राज्यमन्त्री छन् ।

निर्वाचन आयोगका अनुसार संघीय सरकारको प्रतिनिधिसभामा पुरूष १८५ जना र महिला ९० जना छन् । त्यस्तै, राष्ट्रिय सभामा पुरूष ३७ जना र महिला २२ जना छन् । प्रतिशतमा हेर्ने हो भने प्रतिनिधिसभामा ३३ दशमलव ०९ प्रतिशत छ भने राष्ट्रिय सभामा ३७ दशमलव २९ प्रतिशत महिला सहभागी छन् । यसैगरी सात वटै प्रदेशको प्रदेश सभामा ३६१ जना पुरूष र १९८ जना महिला छन् । स्थानीय तहमा २० हजार ६ सय ८८ पुरूष र १४ हजार ३ सय ५३ महिला छन् ।

## संरचनागत अवरोध कायमै : प्रा.डा. गुरूङ

राजनीतिक परिवर्तनले नेपाली जनताले खोजेका परिवर्तन ल्याउन नसकेको मानवशास्त्री प्रा.डा. ओम गुरूङ बताउँछन् । 'राजनीतिक परिवर्तनपछि नेपाली जनताले धेरै कुराको आशा गरेको थियो,' उनले भने, 'राजनीतिक हक/अधिकार, स्वतन्त्रता, आर्थिक प्रगतीदेखि सामाजिक उन्नतिमा पनि परिवर्तन हुन्छ । देश समृद्ध हुन्छ, नेपाली जनता सुखी हुन्छ । अधिकार सम्पन्न हुन्छ भन्ने आशा राखेका थिए ।'

राजनीतिक क्षेत्रमा हरेक मानिसको पहुँच बढ्ने र राज्य व्यवस्था समावेशी र प्रतिनिधिमूलक हुनेमा विश्वस्त थिए । तर, नेपाली जनताको अपेक्षाअनुरूपको परिवर्तन हुन सकेन । 'उत्पीडनमा परेका जातजाति,

सीमान्तीकृत, अतिसीमान्तीकृत, अल्पसंख्यक, गरिब, आदिवासी, जनजातिहरूमा खासै परिवर्तन आउन सकेको छैन,' उनले भने, 'उनीहरू न अधिकारसम्पन्न न उनीहरूको दुःख कष्ट निवारण हुन सक्यो ।' राज्यमा उनीहरूको पहुँच समेत सुनिश्चत नभएको उनले बताए ।

'राज्यसत्तामा हालीमुहाली गर्ने केही पात्र फेरिए । तर वर्ग, समुदाय, क्षेत्र, लिङ्ग त्यही नै रहे,' उनले भने, 'समग्रमा विगतको सामान्तवादी सोच शैलीमा परिवर्तन आउन सकेन ।'

आदिवासी जनजातीको हकमा पहिचानको मुद्दाअन्तर्गत ५९ वटा जनजातिहरू सूचीकृत हुन सफल भयो । समानता, समावेशी, धर्म निरपेक्षताका कुराहरू सैद्धान्तिक रूपमा थोरै भए पनि समाधान भएको उनले बताए ।

०६२/०६३ पछि बनेको अन्तरिम संविधानले धेरै कुरा समेटे पनि ०७२ को संविधानले निरन्तरता दिन नसकेको उनले बताए । 'हाम्रो राज्य सत्ताको चरित्र एकात्मक, सामान्तवादी, केन्द्रीकृत छ । यसले जाति, वर्ग, लिङ्गको आधारमा शोषण, उत्पीडन, विभेद गर्छ भन्ने थियो,' उनले भने, 'ती सबै खालको विभेदको अन्त्य गर्न राज्यको पुनःसंरचना गर्न सुनिश्चित गरिएको थियो । प्रावधानहरू त्यस्तै बनाइएका थिए ।'

लोपोन्मुख जातिका प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता दिइन्थ्यो । तर २ वर्ष अगाडिदेखि त्यो पनि हटाइयो । अहिले बच्चाहरूलाई सामाजिक सुरक्षा भत्ताको सट्टामा पोषण भत्ता दिइन्छ । राउटेहरूका बच्चा विद्यालय नै जाँदैनन् भने उनीहरूले पोषण भत्ता कसरी पाउँछन् ? अहिले राज्य सत्ताभित्र मगरको राम्रो प्रतिनिधित्व छ । तर मगर समुदायको जीवनशैली जस्ताको तस्तै रहको उनले दाबी गरे । नेपालको हकमा अल्पसंख्यकको अवधारणा नै गलत रहेको उनी बताउँछन् । एक प्रतिशतभन्दा कम जनसंख्या भएकाहरू अल्पसंख्यकमा पर्ने भएकाले उनीहरूले भएका अधिकारसमेत गुमाउने उनले बताए ।

सरकारले एकातिर समावेशी नीतिअन्तर्गत अवसरहरू दिइरहेका छन् भने अर्कोतिर संरचनागत अवरोधका कारण अवसरहरू कुण्ठित भइरहेको उनको आरोप छ ।

## यति पनि थिएन : *प्रा. डा. चेमजोङ*

सत्तरी वर्षको इतिहासमा हेर्ने हो भने नेपालमा ०६२/०६३ को आन्दोलनले ल्याएको परिवर्तनलाई सबै भन्दा महत्त्वपूर्ण मान्नुपर्ने प्रा.डा. डम्बर चेमजोङको यस्तो मूल्यांकन छ –

"हरेक राजनीतिक परिवर्तनले नेपालमा सामाजिक, राजनीतिक आर्थिक हरेक क्षेत्रमा नयाँ समस्या, अवसर र चुनौती सिर्जना गर्छ । हरेक राजनीतिक परिवर्तनले मूल लक्ष्य प्राप्ति गरेसँगै थप आकाक्षा सिर्जना गर्छ । सामाजिक, आर्थिक, राजनीतिक समानताको आशा देखाउँछ । हरेक आयामबाट समतामुलक समाज निर्माण गर्छौं भन्ने प्रतिबद्धताका साथ राजनीतिक आन्दोलन समाप्त हुन्छ र परिवर्तन आउँछ । प्रक्रियागत हिसाबमा राजनीतिक परिवर्तनपछि स्थापित हुने सत्ताले आर्थिक, सामाजिक सबै क्षेत्रमा समतामूलक समाज निर्माण गर्नका लागि केकस्ता योजना बनाउँछ, त्यो मुख्य कुरा हो । आम जनताको दैनिक र दीर्घकालीन समस्या समाधान गर्न सबैलाई एउटै नजरबाट हेर्न राज्यले सोच्छ कि सोच्दैन त्यो मुख्य कुरा हो । राजनीतिक क्षेत्रमा पनि प्रतीकात्मक रूपमा प्रतिनिधि बढाइयो तर निर्णय क्षमता छैन । पहिला नाम मात्रको प्रवेश गर्ने र पछि आफूले संघर्ष गरेर स्थापित हुन प्रतिनिधिले जान्नुपर्छ । हिजो यति पनि थिएन । राजनीतिक परिवर्तनले वडा सदस्यदेखि माथि हरेक तहमा दलित महिला, जनजाति राखेका छन् । राजनीतिक परिवर्तनले सबैभन्दा ठूलो अवसर राजनीतिक चेतना हो । मेरो वास्तविक र अर्थपूर्ण प्रतिनिधित्व हुनुपर्छ भन्ने ढङ्गले महिला, दलितलगायत जनप्रतिनिधि अघि बढ्नुपर्छ ।"

## अवलोकन गर्ने अवसर : *जे.बी. विश्वकर्मा, अनुसन्धाता*

दलितको कुरा २०४७ पछि तुलनात्मक हिसाबले आफ्ना कुरा राख्न सक्ने, समुदायमा आवाज उठाउन सक्ने अवस्था बन्दै गयो । त्यसपछि माओवादीको जनयुद्धमा दुवै पक्षबाट मारमा परेको र धेरै जना सहभागी पनि भएका हुन् । नेपालको समग्र राजनीति परिवर्तन भयो भने मात्र नेपालका सीमान्तीकृत समुदाय तथा दलितले अधिकार पाउन सक्ने अवस्था बन्छ । त्यसकारण राजनीतिक रूपान्तरण नै मुख्य कुरा हो ।

२०७२ सालमा नयाँ संविधान बनेपछि संरचनागत हिसाबले परिर्वतन भएको छ । सामन्तवादी राजतन्त्रबाट लोकतन्त्र, गणतन्त्र हुँदै मुलुक संघीयतासम्म आइपुग्यो । यो ठूलो रूपान्तरण हो । राजनीतिमा परिवर्तन भएसँगै व्यवस्थाहरू परिवर्तन भए पनि व्यवस्था सञ्चालकहरू परिवर्तन भएनन् । संवैधानिक हिसाबले पनि स्वीकार गरेपछि सबै समुदायका मान्छेको राजनीतिमा सहभागिता अनिवार्य भयो तर पनि पहिलेदेखि राज्यसत्तामा एउटै समुदायको हालीमुहाली रहँदै आएको छ । स्थानीय तहदेखि संघीय सरकारसम्म दलितका प्रतिनिधि पनि सहभागी हुने अवसर त बन्यो तर त्यहाँ नीतिगत रूपमा हस्तक्षेप गर्न सक्ने अवस्था चै बनिसकेको छैन । सत्ता कसरी, चल्छन् नीतिक कस्ता र कसरी बन्छन भन्ने अवलोकन गर्ने अवसरचाहिं मिलेको छ ।

## बाध्य बनाउन सकिन्छ : *मोहना अन्सारी, अधिकारकर्मी*

सीमान्तीकृत, अतिसीमान्तीकृत, अल्पसंख्यक समुदायको न्यायमा पहुँच छैन, न त उनीहरूलाई जानकारी नै हुन्छ । अल्पसंख्यक समुदायहरूमा अहिले पनिरूढिवादी प्रचलन छ । उनीहरूको बुझाइमा न्याय भनेको धेरै ठूलो र टाढाको कुरा हो । जस्तोसुकै घटना भए पनि न्याय आफ्नै समुदायभित्र खोज्नुपर्ने धारणा कायम नै छ । कुनै घटना बाहिर गइहाले पनि भाषाको समस्या र नौलो मान्छेसँग सत्य बोल्न डराउने अवस्था छ । उनीहरूकै भाषा बोलेपछि र न्याय के हो भनेर बुझाइ सकेपछि ती समुदायका केही प्रतिनिधि पात्र बोल्न पनि तयार हुन्छन् । अझै पनि उनीहरूले उपल्लो जातिलाई नै उद्धारकर्ता मानिरहेको अवस्था छ ।

सीमान्तीकृत, अतिसीमान्तीकृत, अल्पसंख्यक समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारलाई सुदृढ ढङ्गबाट प्रवर्द्धन गर्नुपर्ने अवस्था छ । यस क्षेत्रमा काम गर्ने संस्थाले मानवअधिकारको दृष्टिकोणबाट कुन सांस्कृतिक समूह सीमान्तीकृत, कुन सांस्कृतिक समूह अल्पसख्यक छन् भनेर र त्यो मात्र विषयलाई अध्ययन, अनुसन्धान गरेर तल्लो तहबाट माथिल्लो तहसम्म लैजान सक्यो भने उदाहरण नै बन्नेछ । राज्यलाई ती कुरालाई मान्न बाध्य बनाउन सक्छन् ।

*(सीमा तामाङ 'कान्तिपुर' दैनिकसँग आबद्ध पत्रकार हुन्)*

खण्ड

ट

# अनुसन्धान



# खराब असर न्यूनीकरणमा आदिवासी ज्ञान

कुमार यात्रु

## १. अध्ययन परिचय

### १.१ पृष्ठभूमि

विश्वव्यापी चुनौतीका रूपमा देखिएको जलवायु परिवर्तनको असरबाट हुन सक्ने जोखिम न्यून गर्ने उपायको खोजी भइरहँदा परम्परागत आदिवासी ज्ञानको प्रवर्द्धन एक विकल्प सतहमा आएको छ । मूलतः आदिवासीहरूले अभ्यास गर्ने गरेको प्रकृतिक स्रोत व्यवस्थापन, परम्परागत कृषि प्रविधि, औषधि उपचारको विधिलगायत जीविकोपार्जनको परम्परागत सांस्कृतिक रहनसहन र जीवनशैली जलवायु परिवर्तनको सम्भावित जोखिम न्यूनीकरण गर्न सहायक हुने देखिएको हुँदा आदिवासी ज्ञानको खोजी हुन थालेको हो । नेपालले समेत अनुमोदन गरिसकेको जलवायु परिवर्तनसम्वनधी संयुक्त राष्ट्रसंघीय महासन्धि-१९९२, पेरिस सम्झौता २०१५ लगायतका अन्तर्राष्ट्रिय सन्धि र महासन्धिहरूमा आदिवासीहरू ज्ञान तथा अभ्यासको प्रसंग उल्लेख भएपछि

परम्परागत आदिवासी ज्ञान, सीप तथा प्रकृतिमैत्री व्यवहारका विषयहरू आम बहस र छलफलको एजेन्डा वनन पुगेका छन् ।

वायुमण्डलीय तापक्रममा भएको तीव्रतर वृद्धि र त्यसबाट सिर्जित अतिवृष्टि, अनावृष्टि, खडेरी जस्ता जलवायुजन्य प्रकोप नै जलवायु परिवर्तनका सूचक हुन् । यसबाट नेपालका हिमशृंखला र हिमनदीहरू एवम् तिनीहरूमा आश्रित परिस्थितिकीय प्रणालीहरूमा प्रतिकूल प्रभाव परिरहेका छन् । तीव्र गतिमा हिमगलन हुँदै जानाले हिमतालहरूको आकार बढिरहेको छ भने हिमतालहरू फुट्ने खतरा बढदै गएको छ । जलवायु परिवर्तनका नकारात्मक असरहरू वन तथा जैविक विविधता, ऊर्जा, मानव स्वास्थ्य, पर्यटन, बसोवास, पूर्वाधार विकास लगायत जीविकोपार्जनसँग सम्बद्ध क्षेत्रहरू प्रत्यक्षत महसुस हुने गरी प्रभावित भएका छन् । यो स्थितिलाई काबुमा ल्याउनका लागि जलवायु परिवर्तनका असरहरूको जोखिम न्यूनीकरण गर्दै उत्थानशील समाजको निर्माण गर्न आवश्यक छ । यसका लागि न्यून कार्वन उत्र्सजन विकासको अवधारणा अवलम्वन गरी हरित अर्थतन्त्रको परिकल्पना राज्यले गरेको छ । नेपाल सरकारले २०७६ सालमा राष्ट्रिय जलवायु परिवर्तन नीति जारी गरी रणनीति तथा कार्यनीतिहरू बनाएको छ । यस नीतिको महत्त्वपूर्ण पक्ष अन्य विषयका अतिरिक्त परम्परागत ज्ञान, सीप र अभ्यासको अभिलेखीकरण र विस्तार पनि एक हो ।

नेपाल जस्तो बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलकको सरदभित्र बसोवास गरिरहेका आदिवासीहरूका प्रकृतिमैत्री व्यवहार, जीविका सञ्चालन गर्ने तरिका तथा अभ्यासहरू उत्थानशील समाज निर्माणका लागि थप सहयोगी औजार वनन सक्नेछ । खास गरेर आदिवासीहरूको प्रथा, परपरा र सांस्कृतिक चालचलनहरूले जैविक विविधतालाई संरक्षण गर्ने तौरतरिकाको अभ्यासलाई उजार गर्न जरूरी छ । यसैकारण यो अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.२ उद्देश्य

नेपालका र खास गरेर बागमती प्रदेशका ११९ स्थानीय तहमा बसोवास गर्ने आदिवासी जनजातिको परम्परागत ज्ञान, सीप र अभ्यासहरूको पहिचान गर्ने र जलवायु परिवर्तनको प्रभाव अनुकूलन र असर न्यूनीकरणका विषयसँग

जोड्ने यस अध्ययनको प्रमुख उद्देश्य हो । यस क्रममा यस अध्ययनको निम्न उद्देश्य राखिएका छन् ।

(क) परम्परागत आदिवासी ज्ञानको पहिचान गर्ने,

(ख) आदिवासी ज्ञान र जलवायु परिवर्तनका सवालसँग अन्तरसम्वनध कायम गराउने तत्त्वको खोजी गर्ने ।

## १.३ अध्ययन विधि

यो अध्ययनका लागि निम्न विधि अपनाइएको छ ।

(क) स्रोत–अवलोकन : बागमती प्रदेशमा बसोवास गर्ने आदिवासीहरूमध्ये केही आदिवासीको अभ्यासहरूको प्रत्यक्ष अवलोकन गरी उनीहरूको ज्ञान, सीपको संकलन गरिएको छ । यसका लागि आदिवासीमा सूचीकृतहरूमध्ये बागमती प्रदेश भित्र पुर्ख्यौली भूमि भएका आदिवासीहरूलाई लक्षित जाति मानिएको छ । उदाहरणका लागि नेवार, तामाङ, पहरी, हायू, चेपाङ परेका छन् । उनीहरूको प्रतिनिधिमूलक सूचनालाई पहिलो आधार बनाइएको छ ।

(ख) दस्तावेज अध्ययन : यसअघि अनुसन्धान भएका आदिवासी ज्ञान, जातीय चिनारी दिने पुस्तक र जलवायु परिवर्तनका आर्थिक, सामाजिक पक्षमा भएका शोधग्रन्थहरूलाई यस अध्ययनको द्वितीय स्रोतका रूपमा लिइएको छ ।

.(ग) अन्तर्वार्ता विधि : अवलोकन विधि र सन्दर्भ सामग्रीका आधारमा आएका सूचनाहरूलाई स्पष्टताका लागि विभिन्न स्रोत व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको छ । सबै विधिका स्रोतहरू यस अध्ययनको सन्दर्भ सामग्रीको सूचिमा समावेश गरिएको छ । सान्दर्भिक वाक्य तथा सन्देशहरू सप्रसंग प्रयोग गरिएका छन् ।

## १.४ अध्ययनको सीमा

जलवायु परिवर्तन र आदिवासी ज्ञान एक बृहत्तर क्षेत्र हो । विश्वमा नै यस विषयमा चासो राख्न थालिएको धेरै भएको छैन । एकातिर नेपालमा आदिवासी ज्ञानको सूचिको अभिलेखीकरण हुन सकेको छैन भने अर्कोतिर जलवायु परि।वर्तनका सम्वनधमा पनि आम रूपमा जानकारीको अभाव

देखिएको छ । यस पृष्ठभूमिमा बागमती प्रदेशको भौगोलिक क्षत्रीभत्र सीमित रहनु यसको सीमा हो भने गहिराइपूर्ण अनुसन्धानका लागि समय, स्रोतको सीमितता अर्को सीमा हो । जलवायु परिवर्तनको असर मापन सीमित समयमा हुन सक्दैन । यसका लागि लामो समयको अन्तरालमा मात्र यसको नतिजा देखिने भएको हुँदा आदिवासी ज्ञानको योगदान मापन गर्न कठिन छ । यही सीमाभित्र यो अध्ययन भएको छ ।

## २. जलवायु परिवर्तन र आदिवासी ज्ञान

### २.१. बागमती प्रदेशका आदिवासीहरू

बागमती प्रदेशको सबै भन्दा धेरै जनसंख्या तामाङको रहेको छ । २०६८को जनगणना अनुसार बागमती प्रदेशको कुल जनसंख्यामा तामाङको जनसंख्या २०.४२ प्रतिशत छ । पहाडी ब्राह्मण १८.२८, क्षत्री १७.२८ रहेको प्रदेशमा नेवारको जनसंख्या १६.९३ प्रतिशत देखिन्छ । अन्य १०४ जातजातिको जनसंख्या १ प्रतिशतभन्दा कम रहेको छ ।

नेपाल सरकारले सूचीकृत गरेका आदिवासी जनजातिमा बागमती प्रदेशमा सबैभन्दा धेरै जनसंख्या भएको तामाङ समुदाय हो । बागमती प्रदेशका १३ वटै जिल्लामा तामाङ जातिको उपस्थिति छ । यस पछि नेवार आदिवासीको जनसंख्या अधिक पाइन्छ भने मगर आदिवासी बागमती प्रदेशको तेस्रो ठूलो जनसंख्या भएको आदिवासी जनजाति हो (हेर्नुहोस् अनुसूची १) । मातृ भाषाका हिसाबले नेपाली भाषा पछि क्रमशः तामाङ, नेवारी, मगर, थारु र चेपाङ भाषाका वक्ता धेरै छन् ।

वाग्मती प्रदेशका १३ जिल्लामा आदिवासी जनजातिको उपस्थिति पाइन्छ । हरेक जिल्लामा न्यूनतम ११ देखि अधिकतम ५६ आदिवासीहरूको उपस्थिति छ । तथापि आदिवासीका सन्दर्भमा परम्परागत थातथलो, ऐतिहासिक वसास्थानको निरन्तरता, प्रथा, परम्परा र जीविकोपार्जनको अभ्यासका आधारमा आदिवासीहरूको मूल बसोवास पहिचान गर्ने गरिएकाले बागमती प्रदेशका आदिवासीहरूमा केही सीमित आदिवासीहरूलाई मात्र सम्बोधन गर्ने परिपाटी छ ।

आदिवासीको जनसंख्याका आधारमा तामाङ, नेवार र मगरको सघन

उपस्थिति छ । यसबाहेक मूल थातथलो भएका आदिवासीहरू सीमित छन् (हेर्नुहोस् तालिका १) ।

**तालिका १ : बागमती प्रदेशका आदिवासीहरूको वर्गीकरण**

| वर्गीकरणका आधार | आदिवासी जनजाति | बसोवास रहेका जिल्ला |
|---|---|---|
| मूल थातथलो भएर सघन बसोवास भएका आदिवासी | तामाङ र नेवार | बागमती प्रदेशका १३ जिल्ला |
| सघन बसोवास भएका आदिवासी | मगर, गुरूङ | बागमती प्रदेशका १३ जिल्ला |
| मूल थातथलो भएका तर अल्पसंख्यक रहेका आदिवासीहरू | सुनुवार | सिन्धुली, रामेछाप, |
| | हायू | सिन्धुली, रामेछाप |
| | जिरेल | दोलखा, |
| | थामी | दोलखा, |
| | सुरेल | दोलखा, |
| | दनुवार | सिन्धुली, काभ्रेपलान्चोक |
| | माझी | रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक |
| | पहरी | ललितपुर, काभ्रेपलान्चोक |
| | चेपाङ | धादिङ, मकावानपुर, चितवन |
| | शेर्पा | दोलखा, |
| | ह्योल्मो | सिन्धुपाल्चोक |
| | थारु | चितवन |
| | बोटे | चितवन |
| | दराई | धादिङ, चितवन |
| | कुमाल | काठमाडौँ, ललितपुर, भक्तपुर |

| | | |
|---|---|---|
| बसाइँसराइ वा अन्य पेशा वा व्यवसायमा रहेका आदिवासी | १. जिरेल २. राई<br>३. याक्खा ४. दुरा<br>५. ताजपुरिया ६. दराई<br>७. बराम ८. छन्त्याल<br>९. घर्ती भुजेल<br>१०. झाँगड ११. लल्होमी<br>१२. हायू १३. डोल्पो<br>१४. बोटे १५. लेप्चा<br>१६. तोप्केगोला<br>१७. ब्याँसी सौका<br>१८. गनगाईं<br>१९. आठपहरिया<br>२०. वालुग<br>२१. पत्थरकट्ठा<br>२२. कुसुन्डा २३. लिम्बू | प्रायः सबै जिल्लामा |

*स्रोत : केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०६८*

नेपालमा सूचीकृत ६० आदिवासी जनजाति छन् । उनीहरूको कुल जनसंख्या ९२,६७,८७० अर्थात् ३४.९७ प्रतिशत रहेको छ । तर मानव विकास सूचांक (साक्षरता, आवास, भूमिको स्वामित्व, व्यबशाय, शैक्षिकस्तरका आधारमा) फरक फरक आदिवासी जनजातिहरूको अवस्था फरक रहेको छ ।[१] यो बर्गिकरण सँगै प्रादेशिक योजना तथा विकासका लागि थातथलो भएका र बसाइ सरेर आएका आदिवासीको पहिचान पनि गर्नुपर्ने हुन्छ । नेपालको संविधानको विभिन्न धाराहरूमा आदिवासी र आदिवासी जनजाति फरकफरक रूपमा प्रस्तुत भएको छ । यसको अर्थ आदिवासी मात्र भनिएकाहरू थातथलोसँग सम्बद्ध हुन्छन् भने आदिवासी जनजाति थातथलो नभएका पनि हुन्छन् । उदाहरणका लागि लिम्बू जातिको मूल थातथलो प्रदेश नम्बर १ हो । उनीहरू त्यहाँका लागि आदिवासी हुन् भने बसाइँसराइ वा अन्य पेशा

१ नेपाल आदिवासी जनजाति महासंघले गरेको वर्गीकरणअनुसार १० जाति लोपोन्मूख अवस्थामा छन् । यस समूहमा परेका सबैलाई सरकारले सामाजिक सुरक्षा भत्ता प्रदान गर्दछ । यसरी अति सीमान्तीकृत समुदायमा १२ जाति, सीमान्तीकृतमा २०, सुविधा वञ्चितमा १५ र उन्नत समूहमा २ आदिवासी जनजाति वर्गीकृत टन् ।

व्यवसायका लागि काठमाडौँ वा अन्य प्रदेशमा बसोवास गर्छन् भने आदिवासी जनजाति हुन पुग्छन् । यस आधारमा यहाँ -तालिका १) मूल थातथलो भएका, नभएका वा सघन जनसंख्या भएका, बसाइँसराइ गरेर आएका आदिवासी, आदिवासी जनजातिको सूचि दिइएको छ ।

बागमती प्रदेशका १३ जिल्लामा नै सबै सूचीकृत आदिवासी जनजातिहरूको उपस्थिति रहेको भए पनि मूल थातथलो भएका सीमित जाति मात्र यहाँ छन् । जनसंख्याको दृष्टिकोणले तामाङ, नेवार र मगरको जनसंख्या सघन छ । त्यसरी नै अल्पसंख्यक, लोपोन्मुख आदिवासीहरूको उपस्थिति पनि त्यतिकै छ ।[२]

बागमती प्रदेशका अल्पसंख्यक आदिवासीहरूमा सुनुवार, हायू, सुरेल, थामी, पहरी, शेर्पा, जिरेल, माझी, ह्योल्मो, हायू, दनुवार, चेपाङ, थारु आदि रहेका छन् । आदिवासी जनजाति आफैमा विविधता भएको समुदाय हो । यस्तो विविधता सबै जिल्लामा पाइन्छ । यस्तो विविधता काठमाडौँ जिल्ला र ललितपुरको जनसांख्यिक बनावटमा हेर्न सकिन्छ । तर परम्परागत थातथलोका दृष्टिकोणले दोलखा र सिन्धुपाल्चोक अरू मिश्रित जातजातिको उपस्थिति रहेको जिल्ला पाउन सकिन्छ । काठमाडौँ र ललितपुर र भक्तपुर जिल्लाका मूल आदिवासी नेवार र तामाङ हुन् । शहरी क्षेत्रमा नेवारको उपस्थिति छ भने उपत्यकाका वरिपरि तामाङबस्ती पाइन्छ । ललितपुरमा मात्र मूल थातथलो भएका पहरी आदिवासी जातीय विविधता बीचको सौन्दर्य हो । पहरीहरूको परम्परागत पेशा तथा व्यवसाय र उनीहरूको मान्यताहरू अन्य आदिवासीको भन्दा फरक छ ।

अर्को जातीय विविधता भएको दोलखामा मुख्य गरी तामाङ र नेवारको जनसंख्या अधिक भए पनि लोपोन्मूख अल्पसंख्यक समुदायका रूपमा जिरेल, सुरेल, थामी, शेर्पा र माझीको मुख्य बसोवास छ । यस्तै सिन्धुपाल्चोकमा पनि अल्पसंख्यक जातिमा ह्योल्मो, शेर्पा, दनुवार र माझी बसोवास

२ लोपोन्मुख जाति पनि फरक ढंगले प्रस्तुत हुने गरेको छ । नेपाल सरकारले स्थानीय तहको निर्वाचनका प्रयोजनका लागि ०.५ प्रतिशतभन्दा कम जनसंख्या भएका सबैलाई लोपोन्मुख सूचिमा राखेको छ । यो सूचिमा आदिवासी जनजाति र गैरआदिवासी जनजाति छन् । तर आदिवासी जनजातिको वर्गीकरणमा अल्पसंख्यकको सूचि फरक छ ।

गर्छन् । सिन्धुली र रामेछापमा लापोन्मुख हायू आदिवासीको उपस्थिति विशेष छ भने दनुवार आदिवासी सिन्धुली र काभ्रेको पाँचखाल क्षेत्रमा मात्र बसोवास गर्ने आदिवासी हुन् । बागमती प्रदेशमा मात्र उपलब्ध हुने चेपाङ आदिवासी मुख्यगरी मकावानपुर, चितवन र धादिङमा बसोवास गर्छन् । केही चेपाङहरूको बसोवास तनहुको वनदीपुर नगरपालिकाभित्र पनि छ । रामेछाप र ओखलढुंगामा मुख्य बसोवास गर्ने सुनुवार (कोँइच)हरू अन्य जिल्लामा पनि देखिन्छ । थारुहरूको उपस्थिति चितवनमा मात्र छ । माझीहरू मूलतः खोलाकिनारमा पुर्ख्यौली बसोवास गर्ने हुँदा सिन्धुली, रामेछाप, दोलखा र सिन्धुपाल्चोक भएर बग्ने तामाकोशी, दूधकोशी, भोटेकोशी, लिखु, इन्द्रावती नदीकिनाराहरूमा बसोवास भएको पाइन्छ । अर्को नदी तथा जलधारसँग सम्वनध भएका बोटेहरू चितवनमा मात्र उपलब्ध छन् । उनीहरू राप्ती नदी किनारामा बसोवास गर्छन् । बसाइँसराइ तथा अन्य व्यवसाय र पेशामा सम्लग्न भएर उपस्थिति जनाउने सूचीकृत आदिवासीहरूको संख्या पनि त्यतिकै छ । यस्तो आदिवासीहरू गुरूङ, राई, लिम्बू आदि हुन् । सबै जिल्लामा यो समुदाय पुगेका छन् ।

## २.२ आदिवासी ज्ञानको परिचय

आदिवासी ज्ञान मानव समुदायको लामो समय देखिको अभ्यास र अनुभवको निरन्तरता हो । यसलाई परम्परागत ज्ञान र कसैकसैले स्थानीय ज्ञान पनि भन्ने गर्दछन् । आदिवासी ज्ञान जातिको साझा इतिहास, आप् ञ्नै भौगोलिक क्षेत्रको परम्परागत भूमि र भूक्षेत्र भित्रको साझा संस्कृति र अभ्याससँग सम्बद्ध हुन्छ । यस्तो ज्ञान मातृभाषाको प्रयोगका कारण जीवित रहेको हुन्छ । आदिवासी अभियन्ता डा कुन्साङ लामाका अनुसार जहाँ जहाँ आदिवासीको प्रथा, परम्परा र प्रथाजनित संस्था जीवित रहन्छ, त्यहाँत्यहाँ आदिवासी ज्ञान जीवित रहन सम्भव हुन्छ ।[घ]

आदिवासी ज्ञान मूलतः मौखिक परम्परामा आधारित हुन्छ । आदिवासी ज्ञानको लिखित दस्तावेज उपलब्ध हुँदैन । यसकारण आदिवासी ज्ञानहरू

३ डा. कुन्साङ लामा, पेशाले अधिवक्ता हुनु हुन्छ । उहाँले आदिवासीको प्रथा, परम्परा र ज्ञान सम्बन्धी अनुसन्धान गर्नु भएको छ । यो जनकारी उहाँसँग गरिएको कुराकानीमा आधारित छ ।

केही रूपमा संस्कृतिका रूपमा र कतै लोककथा, किम्वदन्तीका रूपमा बाँचेका हुन्छन् । कतै गीत तथा नाचहरूमा पनि यस्तो ज्ञान अभिव्यक्त हुन्छ । केही आदिवासीहरूमा चित्रकला, मूर्तिकला एवम् धार्मिक संस्कारहरूमा पनि आदिवासी ज्ञान देख्न सकिन्छ ।

आदिवासी ज्ञान सिर्जना वा आविष्कारबाट प्रारम्भ भएको नभइ अभ्यास र अनुभवबाट खारिंदै परिष्कृत हुँदै आएको हुँदा यसको स्वामित्व र प्रचलन सामूहिक हुन्छ । आदिवासी ज्ञानको प्रारम्भ मिति वा सुरूवाती समय हुँदैन । यसको प्रचलन र प्रयोग सामूहिक हुने भएको हुँदा यस्तो ज्ञानको श्रेय पुर्खालाई दिइन्छ । यस्तो अभ्यास केही स्थानमा आध्यात्मीक आस्था र विश्वासका आधारमा रहेको हुन्छ ।

आदिवासी ज्ञानलाई पश्चिमा संसारमा नेटिभ्स साइन्सका नामले पनि सम्बोधन गरिन्छ । अमेरिकास्थित नेटिभ्स नेशन इन्स्टिच्युडका संस्थापकमध्ये एक ग्रेगोरी क्याजेटले 'नेटिभ्स साइन्स' शव्दको प्रयोग गरेका थिए । उनको कथनअनुसार प्राकृतिक संसारमा रहेका आदिवासीहरूको मानवीय अनुभव, विचार, अनुभवबाट नेटिभ्स साइन्सको विकास भएको हो । यो रूढ विचार वा अन्धविश्वासभन्दा पनि यसमा विज्ञान रहेको हुन्छ र यो विज्ञान मानव समुदायको सहयोगी हुन्छ । जुन भूमिमा उनीहरू जन्मे, बढे र प्रकृतिसँग आत्मसात गरे, त्यही भूमि र प्रकृतिको देन नै आदिवासी ज्ञान हो भन्ने उनको व्याख्या छ ।

आदिवासी ज्ञान आदिवासी समाजको सांस्कृतिक मूल्य र मान्यतासँग जोडिएको हुन्छ । जहाँ जीवन निर्वाहका जटिलताविरूद्ध सहज निकासको बाटो खोलिएको हुन्छ । उदाहरणका लागि हातहतियारहरू, शिकार खेल्ने साधानहरूलाई लिन सकिन्छ । कृषिसँग सम्वनधी अनेको प्रविधिहरू छन् । कृषिसँग सम्बद्ध बीउको संरक्षण गर्ने प्रविधिहरू छन् । कुन मौसममा कुन बाली लगाउने भन्ने ज्ञान उनीहरूसँग छ ।

आदिवासी ज्ञान बहुआयामिक, प्रकृति र वातावरणमैत्री हुन्छ । आधुनिक चिकित्सा पद्धतिमा प्रयोग हुने जडीबुटी र खनिज पदार्थको स्रोत आदिवासी ज्ञानलाई मान्ने गरिएको छ । हालको जस्तो आधुनिक स्वास्थ्य उपचारको क्षेत्रमा विभिन्न प्रविधिहरूको आविष्कार नहुँदै आदिवासीहरूले रोगका उपचार गर्ने ज्ञानको अभ्यास गरेका थिए, जसको प्रयोग अहिले पनि कायम छ ।

नेपालमा नेपाल सरकारले सूचीकरण गरेका ६० सबै आदिवासी जनजातिको[४] आ–आफ्नो मातृभाषा प्रयोगमा छन् ।[५] ती सबै भाषा र आदिवासीका आफ्ना प्रथा, परम्पराका आधारमा ज्ञान प्रचलनमा हुन्छ । खास गरेर प्राकृतिक स्रोतको संरक्षण तथा वनजंगल, पानीका स्रोतहरूको जगेर्ना गर्ने जुक्ति आदिवासी ज्ञानको महत्त्वपूर्ण विशेषता हो ।

### २.३. आदिवासी ज्ञान र जलवायु परिवर्तनको सम्बन्ध

आदिवासी जनजातिको जीवनशैली परम्परागत र प्रकृतिमैत्री हुन्छ । उनीहरूको जीविकोपार्जन प्राकृतिक स्रोतमा निर्भर हुन्छन् । त्यही सेरोफेरोमा गरिएको सकारात्मक अभ्यासहरू आदिवासी ज्ञान हुन् । त्यसरी नै जलवायु परिवर्तन वन जंगलको बढ्दो बिनाश, बढदो औद्योगिक गतिविधिलगायतबाट उत्पन्न वातावरणीय प्रभावका कारण वायुमण्डलीय तापक्रममा भएको तीव्रतर वृद्धिबाट हुने गर्दछ । आदिवासीको रहनसहन र जीवनशैलीले सबैभन्दा कम कार्बन उत्र्सन गर्ने आदिवासी जनजाति भए पनि जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित आदिवासी नै रहेका छन् किनभने उच्च हिमाली भेगमा बस्नेदेखि खोला किनारा र वनजंगल छेउमा बसोवास गर्ने पनि आदिवासी नै हुन् । यसैले आदिवासी जनजातिहरूले युगौंदेखि अभ्यास गर्दै आएका प्रथाजनित कानून र परम्परागत अभ्यासबाट वनजंगल र अन्य प्राकृतिक स्रोतको दिगो संरक्षण र व्यवस्थापन गर्ने ज्ञानलाई जलवायु न्यूनीकरण गर्ने वा अनुकूलन गर्ने अभियानसँग जोड्न सके विश्व समाजलाई नै ठूलो योगदान हुन सक्छ ।

---

४ आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार आदिवासी जनजातिको सूचि ५९ हो । यो ऐनको अनुसूचिमा आदिवासी जनजातिको सूचीकरण गरिएको छ । तर नेपाल सरकारले २०७७ जेठ ५ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी रानाथारूलाई थप सूचीकरण गरेको हुँदा आदिवासी जनजातिको सूचि ६० पुगेको हो । अन्य धेरै आदिवासी यस सूचिबाट छुटेको सरकारबाट गठित डा ओम गुरूङको कार्यदलको प्रतिवेदनमा उल्लेख छ ।

५ २०६८को जनगणनाअनुसार नेपालमा १२५ भाषा रहेको तथ्यांक छ । तर भाषा आयोगले नेपालमा बोलिने वक्ताअनुसार १२९ भाषा रहेको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

आदिवासी जनजाति र प्राकृतिक स्रोतबीच अन्योन्याश्रित, बहुआयामिक र विशिष्ट सम्वनध रहेकै कारण जलवायु परिवर्तनका सवालमा अन्तर्राष्ट्रिय कानूनहरूले आदिवासी ज्ञानलाई महत्त्व दिएको पाइन्छ । विभिन्न देशहरूले आफ्नो देशको संविधान तथा कानूनमा नै प्राकृतिक स्रोतमा आदिवासी जनजातिको अधिकारले मान्यता दिएको देखिन्छ । हाम्रो देशको मूल कानून संविधानमा पनि आदिवासी जनजाति र आदिवासी ज्ञानलाई सम्बोधन गरिएको छ ।[६]

नेपालले अन्तर्राष्ट्रिय कानूनहरू खास गरेर अन्तर्राष्ट्रिय श्रम सगठन महासन्धि नम्बर १६९ (आईएलओ १६९ं) अनुमोदन गरेको छ । त्यसै गरी आदिवासी जनजाति अधिकार सम्वनधी संयुक्त राष्ट्रसंघीय घोषणापत्र २००७ को पक्ष राष्ट्र नेपाल वनेको छ । त्यसैगरी जैविक विविधतासम्वनधी महासन्धि, १९९२, सिमसारसम्वनधी महासन्धि १९७१, विश्व सम्पदा महासन्धि १९७२, सङ्कटापन्न जंगली वनस्पति तथा जीवजन्तुका प्रजातिको अन्तर्राष्ट्रिय व्यापारसम्वनधी महासन्धि (साइटिस) १९७३, र मरूभूमीकरण विरूद्धको महासन्धि १९९४, नागायो अभिसन्धि अनुमोदन गरेको छ । यी महासन्धिहरू कार्यान्वयन गरेर आदिवासी जनजातिका अधिकार र उनीहरूको सिर्जना एवम् संरक्षण गरेको ज्ञानको प्रवर्द्धन र संरक्षण गर्नुपर्ने दायित्व राज्यको हो । जलवायु परिवर्तनकै मुद्दामा पनि नेपालले अनुमोदन गरेको जलवायु परिवर्तनसम्वनधी पेरिस सम्झौता २०१५ को प्रस्तावनामै आदिवासी जनजातिको अधिकार उल्लेख छ । जलवायु परिवर्तनसम्वनधी संयुक्त राष्ट्रसंघीय महासन्धि १९८९ र महासन्धि खाकाको कानकुन सम्झौता २०१० मा आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिता र सामूहिक अधिकार उल्लेख गरिएको छ ।

यी अन्तर्राष्ट्रिय कानून र नेपालको संविधानअनुसार परम्परागत आदिवासी ज्ञान, सीप तथा उनीहरूको प्रथा र परम्परालाई मान्यता दिने गर्ने राज्यका

---

६ नेपालको संविधानको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत धारा ५१ खण्ड (ञ) को अनुच्छेद (८) मा आदिवासी जनजातिको पहिचानसहित सम्मानपूर्वक बाच्न पाउने अधिकार, निर्णय प्रक्रियामा सहभागी हुने अधिकार, परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गर्ने उल्लेख छ । त्यसो त यो राज्यको निर्देशक सिद्धान्त मात्र हो । तथापि संविधानमा व्यवस्था भएको मौलिक हकबाहेक विशेष रूपमा सम्बोधन भएको यो संवैधानिक व्यवस्था हो ।

नीति तथा कानूनहरू भने त्यति उदार देखिँदैन । संघीय तहमा हेर्ने हो भने आदिवासी ज्ञान तथा प्रथा परम्परा र सम्पदाको संरक्षण गर्ने प्रतिबद्धता र केही नीतिहरू वने पनि कार्यन्वयन पक्ष अत्यन्तै फितलो छ ।

**तालिका २ : आदिवासीलाई सम्बोधन भएका केही संघीय नीतिगत व्यवस्था**

| राज्यका नीति तथा रणनीतिहरू | केही नीतिगत व्यवस्थाहरू |
|---|---|
| भू-उपयोग नीति, २०७२ | भूमिको वर्गीकरण गर्दा सांस्कृतिक, पुरातात्त्विक, धार्मिक तथा आध्यात्मिक क्षेत्रहरूको पनि पहिचान गरी त्यस्ता क्षेत्रहरूको संरक्षण गर्ने । |
| कृषि विकास रणनीति (सन् २०१५) | आदिवासी जनजातिहरूको परम्परागत खाद्य उत्पादन प्रणाली र खाद्य पदार्थ उत्पादनसम्वनधी असल अभ्यासको उपयोग गर्ने । |
| जलस्रोत रणनीति (सन् २००२) | जलस्रोतमाथिको परम्परागत उपयोगको अधिकारलाई न्यायोचित र क्रियाशील बनाउने । |
| वन नीति २०७१ र वन रणनीति २०७२ | जैविक विविधता र स्रोत तथा जलाधारको दिगो व्यवस्थापन र उपयोगमा आदिवासी जनजाति र स्थानीय समुदायको पहुँच वृद्धि गर्ने । |
| राष्ट्रिय जैविक विविधता रणनीति र कार्ययोजना (सन् २०१४) | जैविक विविधताबाट प्राप्त लाभको बाँडफाँट गर्दा आदिवासी जनजातिले समेत समन्यायिक लाभ प्राप्त गर्ने कुराको सुनिश्चितता गर्ने । |
| राष्ट्रिय सिमसार नीति २०६९ | सिमसार क्षेत्रमा आश्रित आदिवासी जनजाति र अन्य समुदायहरूको परम्परागत ज्ञान, सीप र अनुभवको पहिचान तथा कदर र प्रोत्साहन गर्ने । |
| खर्क नीति २०६८ | खकैको प्रभावकारी व्यवस्थापनका लागि खर्क जग्गा उपयोगकर्ताको स्वामित्वलाई मान्यता प्रदान गर्ने । |

*स्रोत : नेपाल आदिवासी जनजाति महासंघ (२०७६)*

बागमती प्रदेश सरकारको आव २०७७/७८ को नीति तथा कार्यक्रम (बुँदा नम्बर ७८) मा परम्परागत ज्ञान र सीपको संरक्षण गर्ने उल्लेख गरेको छ । यसरी नै कला, संस्कृति तथा परम्पराका सम्वनधमा पनि प्रदेशको नीतिमा उल्लेख छ । तर प्रदेशले जारी गरेको कानूनहरूमा केही प्रसंगमा आदिवासी जनजाति उल्लेख भए पनि व्यवहारमा कार्यान्वयनमा आउने गरी सम्बोधन भएको पाइँदैन

## २.३ असर न्यूनीकरण र अनुकूलनसम्वनधी केही ज्ञान

आदिवासी जनजाति समुदाय मौलिक रूपमा वन जंगल, जल र भूमिसँग सम्वनध भएका समुदाय हुन् । आदिवासीहरूले युगौंदेखि वन जंगल तथा प्रकृतिको संरक्षण गर्ने प्रथा र परम्परालाई निरन्तरता दिंदै आएका छन् । यसकारण उनीहरूको अभ्यासबाट विद्यमान विकासका चुनौतीहरू मुख्य गरी जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न सहयोग गरेको हुन्छ । यस्तो ज्ञान संरक्षण गर्ने परम्परागत प्रथाजनित संस्था, आध्यात्मिक विश्वास, परम्परागत सांस्कृतिक पक्ष हेर्नुपर्ने हुन्छ ।

परम्परागत प्रथाजनित संस्था आदिवासी ज्ञानको अभ्यास गराउने सार्वभौम निकाय हो । कुनै बेला स्वायत्त शासकीय अभ्यास गरिरहेको अवस्थादेखि कै निरन्तरताका रूपमा यो प्रथा कायम छ । यस्तो प्रथाजनित संस्था नेपालमा मात्र होइन, विश्भरकै आदिवासीको हुन्छ । संयुक्त राष्ट्रसंघका विशेष समाधीक्षक होजे मार्टिनेज कोवोका अनुसार आदिवासी ज्ञान, प्रथा र परम्परा आदिवासीकै पहिचानको एक अभिन्न अवयब हो (कोबो १९८६) । प्रथाजनति संस्थाले आफ्नो परम्परालाई निरन्तरता दिनका लागि आन्तरिक कानून निर्माण गर्ने गर्दछ । जसलाई प्रथाजनित कानून भनिन्छ । उदाहरणका लागि थारु समुदायमा प्रचलित वरघर, भलमन्सालाई लिन सकिन्छ । मुस्ताङतिर थकालीको घम्प (मुखिया) प्रणाली प्रचलित छ । त्यसै गरी तामाङहरूको चोहो प्रणाली, शेर्पाको नावा प्रणाली, सन्थालहरूको माजीवारङ, माझीहरूको मझेसेवालगायत प्रणाली हुन्छन् । यस्ता प्रथाजनित संस्थाहरू अधिकारसम्पन्न र समुदायको हितमा समर्पित हुन्छन् । प्रथाजनित संस्था छनोट गर्ने परम्परागत विधि हुन्छ । यो विधि लोकतान्त्रिक, न्यायपूर्ण र सामूहिक अधिकारको

आधारमा हुन्छ । अहिले विविध कारणले यस्ता परम्परागत संस्थाको अस्तित्त्व क्रमशः लोप हुँदै गएको भए पनि केही आदिवासीहरू यस्तो अभ्यास गरिरहेका छन् । उदाहरणका लागि– सिन्धुपाल्चोकका ह्योल्मोहरूको प्रथाजनित संस्था ह्युलठीमलाई लिन सकिन्छ । हेलम्बु क्षेत्रमा बसोवास गर्ने ह्योल्मोहरू विभिन्न पेशा र व्यबशायका लागि हेलम्बू बाहिर बसे पनि ह्युलठीमको क्रियाशीलताका कारण ह्योल्मो परम्परा, संस्कृति संरक्षित र संरक्षित छ । ह्युलठीमले वनको सुरक्षा गर्ने, प्रकृतिको बिनासबाट रोक्ने अनेक क्रियाकलापहरू सञ्चालन गरिरहेको हुन्छ ।[७] यस्तो संस्थाको मुख्य काम परम्परा जोगाउने काम हो । परम्परा नै आदिवासी ज्ञानको मुख्य स्रोत हो । आदिवासी ज्ञान भाषामा अभिव्यक्त हुन्छ । त्यसैले मातृभाषा, प्रथा, परम्परा र संस्कृति आदिवासीको ज्ञानसँग जोडिएको हुन्छ ।

### २.३.१ केही आदिवासीका परम्परा र ज्ञान

**(क) हेलम्बुको ह्युलठीम :** आदिवासी जनजाति ह्योल्मोहरूको प्रथाजनित संस्था ह्युलठिमले वनजंगलको संरक्षण, जैविक विविधताको संरक्षण तथा परम्परागत अभ्यासलाई समुदायमा निरन्तर अभ्यास गराउने गर्दछ । जैविक विविधता संरक्षणकै लागि हेलम्बु क्षेत्र शाकहारी वनेको छ । त्यहाँ रहेको लाङटाङ राष्ट्रिय निकुञ्ज क्षेत्रमा कानूनतः वन्यजन्तुको शिकार गर्न निषेध नै छ । स्थानीयबासीहरूले पनि हेलम्बु क्षेत्रलाई शाकहारी क्षेत्र बनाए पछि वन्यजन्तुको चोरी निकावी पनि रोकिएको छ । जैविक विविधता संरक्षण गरी हरेक प्राणीलाई प्रकृतिअनुकूल बाच्न दिने मान्यता अनुसार ह्योल्मोहरूको ह्युलठीमले यस्तो कानून बनाएको हो । ह्युलठीम विरूद्ध हेलम्बुभित्र कसैले काटमार गरेमा निश्चित रकम जरिवाना गर्ने प्रचलन छ । यस्तो जरिवाना उठाउने जिम्मा भने स्थानीय आमा समूहको हुन्छ । असुल भएको जरिवाना गुम्बाको कोषमा जम्मा हुन्छ ।

लामटाङ राष्ट्रिय निकुञ्जको सीमाबाहिर पनि स्थानीय ह्योल्मोहरूले आफ्नो निजी धार्मिक वन बनाएका छन् । यस्तो वनको हेरचाह गर्नेदेखि त्यहाँ घाँसदाउरा काट्नेसम्मको नियम ह्युलठिमले बनाउँछ । निजी घर

७ टासी ह्योल्मोसँगको कुराकानी ।

बनाउँदा चाहिने काठपातका लागि स्थानीय गुम्बामा गएर सगुन राखेर मौखिक निवेदन गर्नुपर्छ । अनिमात्र औचित्यका आधारमा वन प्रवेश गर्ने अनुमति पाइन्छ । कसैले अनुमतिबिना वनको काठ काटेमा वा दाउरा संकलन गरेमा जरिवाना तिर्नुपर्छ । यस्तो रकम गुम्बामा जम्मा गरिन्छ । यो आदिवासी ज्ञानमा आधारित वन तथा जैविक विविधता संरक्षण गर्ने प्रणाली हो । वन जंगलको संरक्षण नै जलवायु परिवर्तनको नकारात्मक प्रभाव न्यून गर्ने एक मात्र उपाय हो ।

**(ख) शेर्पाको नावा प्रथा :** नेपालको हिमाली क्षेत्रमा बसोवास गर्ने शेर्पा समुदायको वन जङ्गल जोगाउने नावा प्रथा एक विशेष प्रकारको परम्परा हो । विशेष गरेर दोलखा जिल्लाको रोल्वालिङ (हालको गौरीशंकर गाउँपालिका) क्षेत्रमा र सोलुखम्बुको खुम्बु क्षेत्रमा अभ्यासमा आएको शेर्पा जातिको यो परम्परा वनजंगल र चरन क्षेत्रलाई दिगो व्यवस्थापन र संरक्षण गर्ने उद्देश्यबाट विकास भएको हो । शेर्पा समुदायको नावा प्रथासम्बन्धी विभिन्न अनुसन्धानकर्ताहरूले अनुसन्धान गरी प्रकाशमा ल्याएका छन् । यसरी अनुसन्धान गर्नेहरूमा फुरेर हाइमनडोर्फ (१९६४) र शेर्पा, पासाङ (२०७७) का अध्ययनहरू विशेष चर्चित छन् ।

नावा प्रथा दुई प्रकारको हुन्छ, एउटा ओशो नावा र अर्को सिङ्गी नावा । ओशो नावा खेतीपाती र पशुपालनसँग सम्बद्ध हुन्छ भने सिङ्गी नावा काठ, दाउरा, र अन्य वनपैदावरको संरक्षण र व्यवस्थापनसँग सम्बद्ध हुन्छ । गाउँको सबै घरधुरीका सदस्यको भेलाबाट प्रथाजनित संस्था नावाको छनोट गरेपछि नावाको नियम र परम्परा लागू हुन्छ । एक गाउँमा दुईजना नावा हुन्छन् । एकजना नावाले खेतीपाती र पशुपालनको जिम्मा लिन्छन् भने अर्को वन क्षेत्र र चरनको जिम्मा लिन्छन् । नावाले नै गाईबस्तु, चौरी वा भेडा बाख्रा चरन क्षेत्रमा पठाउने र चरन क्षेत्रमा पालना गर्नुपर्ने नियम बनाएको हुन्छ । खेतीपाती कसैको गाई बाख्रालगायतका पशुले बाली खाएमा वा बिगारेमा के गर्ने भन्ने निर्णय गर्दछ । कसैको नोक्सान भए नावाले अर्मल (क्षतीपूर्ति) तिराउने निर्णय दिन्छ । सिङ्गी नावाले जेठ महिननामा मनाइने शेर्पा जातिको डुम्जी पर्वलगत्तै गाईबस्तु चरनतिर लैजानुपर्ने नियम बनाएको हुन्छ । चरनमा लगिएका गाईबस्तु, भेंडा वा चौरी भदौमा मात्र बेँशीमा झार्ने

सकिन्छ । यस्तो परम्पराले चरनक्षेत्र र वन तथा वातावरणको संरक्षण गर्दछ ।

शेर्पा समाजमा सिङ्गी नावाको अनुमतिमा मात्र वन पस्ने गरिन्छ । कसैलाई घर तथा भवन निर्माण गर्न काठपात चाहिएमा सिङ्गी नावाले तोकिएको मात्रामा काठ काट्ने अनुमति पाउँछ । वनको चोरी फँडानी गरेमा, कलिलो बिरूवा वा लाथ्रोको बिनास गरेमा, जडिबुटीजन्य वनपैदावरको बीउ, बिरूवा मास्ने गरी कुनै क्रियाकलाप गरेमा नावाले तोकिए बमोजिम जरिवााना गराउँछ । यस्तो जरिवाना गुम्बाको सामूहिक कोषमा जम्मा गरिन्छ । तर यो अभ्यास पनि पछिल्लो समयमा संकटमा पर्दै गएको छ ।

**(ग) तामाङको चोहो प्रणाली** : अन्य आदिवासीको झैँ तामाङहरूको पनि प्रथाजनित संस्था चोहो प्रणाली हुन्छ । यस्तो प्रणाली सबै तामाङ गाउँमा नभए पनि अहिले रसुवा जिल्लामा मात्र बाँचेको छ । चोहो प्रणाली समाजलाई सुव्यवस्थित बनाउने सामाजिक संगठन हो । यो प्रणालीमा चोहो (सभापति) लगायत संगठन वनेको हुन्छ । यस्तो संगठनमा वोन्वो, ताम्वा (इतिहासकार), लामा, गान्वा (बूढापाका) लगायत संगठित हुन्छन् । सबैको कार्य विभाजन गरिएको हुन्छ । यस्तो व्यवस्थित संगठन सबै तामाङ गाउँमा नभए पनि लामा, गान्वा, वोन्वो, ताम्वा र लाप्तावा (पितृपूजा गर्ने व्यक्ति) बेगर तामाङ जातिको कुनै पनि सस्कृतिजन्य काम अगाडि बढ्दैन । यसैले यो सांमाजिक संगठन तामाङ समाजको पहिचान हो । यस्तो संगठनमा तामाङ समाज र वन जंगलको अन्तरसम्बन्ध जान्नु अनिवार्य छ ।

वोन्वोहरू मूलत : समाजको उपचारक हुन् । वोन्वोको उपचार गर्ने विधि मनोवैज्ञानिक र ध्वनी थेरापी हो भने अर्को जडीबुटीको प्रयोग हो । अनुसन्धानकर्ता कमल अधिकारी (२०७७) ले गर्नुभएको अध्ययनमा मकावानपुरका तामाङले प्रयोग गर्ने गरेको कुल १११ वटा वनस्पति प्रजातिहरू साथै १२ प्रकारका लवणजन्य वस्तुहरूको फेहरिस्त ती प्रजातिहरूको वैज्ञानिक नामसहित प्रस्तुत गर्नुभएको छ । यो तामाङ समुदायको मात्र होइन अन्य समुदायको परम्परागत ज्ञानमा पनि लागू हुन्छ । अनुन्धानकर्ता अधिकारीले जनाउनु भएअनुसार कुनै पनि प्रकारको बिरामी हुँदा मात्र होइन, धार्मिक तथा सांस्कृतिक आस्थाअनुसार विभिन्न विधिविधानमा यी वन तथा वनस्पतिको प्रयोग हुन्छ । तामाङ समाजको मान्यतामा मोच मार्ने, भूत पन्साउने, शिर

उठाउनेजस्ता परम्परा छन् । त्यसरी नै घरपूजा गर्ने लामाद्वारा शान्ति पूजा गर्ने परम्परा छ । यी सांस्कृतिक र मनोवैज्ञानिक स्वास्थ्य उपचारसँग सम्बद्ध छन् । यी सबै क्रियाकलाप र वन तथा वनस्पति जोडिन्छन् ।

आदिवासी ज्ञान आध्यात्मिक विश्वास र मूल्य र मान्यतामा अडेको हुन्छ । तामाङ समाजका अगुवा वोन्वोले आफ्नो पूजा वा प्रार्थना गर्दा आवश्यक पर्ने दर्जनौं वनस्पतिलाई पूज्य वस्तु मानेको हुन्छ । जस्तो टोटला, सिमली, तितेपाती, अम्रिसो, बाँस, कोइरालो, चिलाउने आदि । यी सबै वन तथा वनस्पतिहरू तामाङ परम्पराले स्वतः संरक्षण गर्दछ ।

**(घ) नेवारको गुथि परम्परा** : आदिवासी नेवारहरूको गुथि पनि परम्परागत प्रथाजनित संस्था हो । पछिल्लो समयमा गुथि व्यवस्थालाई सरकारीकरण, गैरसरकारीकरण गरेर यसको मौलिकता माथि प्रहार हुन थालेको छ । सरकारले गुठी विधेयक ल्याएर परम्परागत गुथिलाई सरकारको अधीनमा ल्याउने प्रयास गरेको थियो । तर यसको चर्को विरोध भएपछि सरकार पछि हटेको छ । त्यसरी नै नेवारी समाजमा परम्परागत गुथिलाई विधान बनाएर गैह्रसरकारी संस्थाका रूपमा दर्ता गर्ने चलन पनि छ । तर यो चलन परम्पराका आधकारमा असल अभ्यास भन्न सकिँदैन ।

गुथि व्यवस्थाले नेवार समुदायको हरेक जात्रा, पर्व तथा समस्याको सम्बोधन गर्ने गरी प्रचलनमा ल्याइएको हो । सतहमा हेर्दा गुथि व्यवस्था सांस्कृतिक निरन्तरताजस्तो मात्र देखिए पनि गुथिले उनीहरूको प्रकृतिको संरक्षण र व्यवस्थापन गर्ने काम .पनि गरेको छ । काठमाडौं उपत्यकामा भएका सयौ हिथि, धारा, कुवालगायत राजकुलो, पोखरी संरक्षणका लागि गुथि बनाइएका थिए । कालान्तरमा राज्य व्यवस्थाको अतिक्रमण बढ्दै गएपछि यस्ता परम्पराहरू लोप हुँदै गएका टन् । पानीको मूल संरक्षण आफैमा जलवायुमैत्री व्यवहार हो । पानीको अभावमा मानव समाज र चराचर प्राणीजगतकै अस्तित्त्व असम्भव छ । यो तथ्य बुझेका उपत्यकाका नेवार आदिवासीहरूले पानी संरक्षणसम्बन्धी अनेकौ विधिको अभ्यास गरेका थिए ।

काठमाडौंको इन्द्रजात्रा आफैमा पानीसँग सम्बद्ध जात्रा हो । यो जात्रा सतहमा हेर्दा एक मात्र जात्रा देखिए पनि यस भित्र अनेकौं उपजात्राहरू छन् । जो परम्परागत ज्ञानलाई पुस्तान्तरण गर्ने विधिहरू हुन्छन् । ती

सबै जात्रा पर्वहरूमा किशोर किशोरीको अनिवार्यता, उनीहरूको उपस्थिति आवश्यक पर्ने विधि विधान आफैमा पुस्ता हस्तान्तरणको वैज्ञानिक व्यवस्थापन हो । उपत्याकाको रातो मच्छिन्द्रनाथको जात्रा होस् वा बिस्केट जात्रा होस् सबै जात्राको अन्तरसम्बन्ध प्रकृतिसँग हुन्छ । वन तथा वनजन्य वनस्पति यसको अनिवार्य तत्त्व हो । अर्को पानी महत्त्वपूर्ण तत्त्व हो ।

सहकालको देवता भनिने मच्छिन्द्रनाथको रथ तान्ने परम्परा नै पनि पानी संकटबाट सुरू भएको हो । मच्छिन्द्रनाथको रथ तान्नका लागि आवश्यक पर्ने डोरी भिजाउने निश्चित पोखरी तोकिएको छ । ललितपुरको पुल्चोकमा रहेको पोखरीको नाम नै फ्वेयगू (चोया भिजाउने पोखरी) रहेको छ । जहाँ रथका लागि आवश्यक पर्ने बेतलाई भिजाइन्छ । यो पोखरी सुचारू गर्न चापागाउँबाट राजकुलो ल्याइएको छ । ती कुलोहरू संरक्षणको अभावमा मासिए पनि केही कुलोहरू अहिले पनि संरक्षित छन् ।

नेवारहरूको गुथि परम्परा र प्रकृति, वातावरणसम्बन्धी विभिन्न लेखक तथा अनुसन्धानकर्ताहरूबाट चर्चा भएको छ । गुथि परम्पराका अध्येता डा. गोविन्द टण्डन (२०७६) को चर्चित कृतिबाहेक पनि केही फुटकर अध्ययनहरू भएको पाइन्छ ।

**(ङ) पहरीको ज्ञान र सीप** : ललितपुर जिल्लाको गोदावरी नगरपालिका क्षत्रीभत्र बसोवास गर्ने पहरी लोपोन्मुख र अतिसीमान्तीकृत आदिवासी जनजाति हुन् । उनीहरूको मुख्य पेशा बासबाट निर्माण हुने विभिन्न प्रकारका सामान बनाउने हो । बाँसको चोयाबाट रंगीबिरंगी नाङ्लो, डालो, मुडा, थुन्चे, बेना (हातेपङ्खा), मेच तथा दराज बनाएर बजारमा पठाउनु उनीहरूको दिनचर्या पनि हो ।

पहरी आदिवासीहरूको जातीय संस्था नेपाल पहरी विकास संघका अध्यक्ष मुकुन्द पहरीका अनुसार बाँसजन्य सामग्रीसँग पहरीहरूको परम्परा, आध्यात्मिक विश्वास र जातीय पहिचान जोडिएको छ । कुल पहरीमध्ये आफ्नो थातथलोमा रहेको ६० प्रतिशतभन्दा बढी पहरीको जीविकोपार्जनको मुख्य स्रोत बाँसका घरेलु सामग्री बनाउनु नै हो । तर बसाइ सरेर अन्यत्र पुगेका पहरीले भने यो पेशा गरेको पाइँदैन । यसबाट पनि के पुष्टि हुन्छ भने परम्परागत भूक्षेत्रमा रहेका आदिवासीले नै आफ्नो परम्परालाई निरन्तरता दिएका छन् ।

झट्ट सुन्दा बाँस मासेर नाङ्लो, डालो, थुन्छे, भकारी निर्माण गर्ने यो पेसा जलवायु संकटको सहयोगी झैँ लाग्छ । तर उनीहरूले बाँस मास्ने मात्र होइन बाँस जोगाउने पनि गर्दछन् । नेपाल आदिवासी जनजाति महासंघको जलवायु परिवर्तन साझेदारी कार्यक्रमका राष्ट्रिय संयोजक तथा समाजशास्त्री तुङगभद्रा साम्पाङ राईका अनुसार पहरीहरूको क्रियाकलाप जलवायु तटस्थ हुन्छ । उनीहरूको क्रियाकलापले उद्योगबाट उत्पादन हुने प्लास्टिकजन्य सामग्रीको विकल्प दिएको छ । । प्लास्टिकका सामग्रीहरू आफैमा प्रदूषणका मित्र हुन् । प्लास्टिकको सामग्री निर्माण गर्दाको कारखाना देखि ढुवानीस्म्मको कार्वन उत्सर्जनको शृंखला हुन्छ । यस्को विकल्पमा बाँसबाट बनेको सामग्री प्रयोग गर्न सके त्यसै पनि कार्वन उत्सर्जनमा कमी आउने छ । यस हिसाबले पनि पहरीहरूको यो परम्परागत पेशा जलवायु परिवर्तनको असर न्यून गर्न सहयोग गर्ने एक विकल्प हो ।

बाँसलाई जोगाउने पनि उनीहरूको आफ्नै अभ्यास छ । नेपाल पहरी विकास संघका अध्यक्ष मुकुन्द पहरीले जानकारी दिनु भएअनुसार आध्यात्मिक विश्वासकै कारण पहरी समुदायले वाँसको कुनै पनि प्रकारको तामा खाँदैनन् । नेपाली खानामा बाँसको तामा मीठो परिकार मान्ने चलन छ । तर पहरीहरूको विश्वासमा तामा खानु पाप हो । यसको अथै बासको कलिलो विरूवा मास्न हुँदैन भन्ने मान्यता नै हो । अर्को कुरा बाँस काट्ने सवालमा पनि उनीहरूको आफ्नै परम्परा छ । विशेष गरेर अमावस्या (औंशी) को छेका पारेर मात्र बाँस काटिन्छ । त्यो पनि कस्तो बाँस काट्ने भन्ने ज्ञान उनीहरूमा हुन्छ । उमेर पुगेको बाँस मात्र काटिन्छ । बाँस काटेपछि थप बाँसको वृक्षरोपण गर्नुपर्ने उनीहरूको मान्यता छ । यसै कारण बाँसको सामुदायिक वन पनि उनीहरूले लगाएका छन् ।

**(च) कुमालेको माटाका भाँडा बनाउने सीप** : माटोका भाँडा बनाउने मुख्य पेशा कुमालहरूको हो । कुमालहरू आदिवासी जनजाति हुन् । उनीहरूको परम्परागत पेशा माटोका विभिन्न प्रकारका भाँडा बनाउने हो । माटोका भाँडाहरू आदिवासीहरूको विभिन्न पर्ब, जात्रा तथा पूजाहरूका लागि अनिवार्य मानिन्छ । परम्परा र संस्कृतिसँग सम्बद्ध माटोका भाँडा बनाउने जातिका रुपमा कुमाल हुन् । काठमाडौं उपत्यकामा भने प्रजापतिहरूले

माटोका भाँडा बनाउँछन् । जसलाई उनीहरू कुम्हाः भन्ने गर्दछन् । यो पनि आदिवासीहरूको परम्परागत सीप हो । यस्तो सीप र श्रमको जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने साधान मानिन्छ । किन भने माटोका भाडाहरूले वातावरणलाई नकारात्मक असर पार्दैनन् । वातवारणमैत्री हुन्छन् । यो देशकै स्रोत र साधनबाट वनने भएकाले तुलनात्मक रूपमा यसको प्रयोगबाट अर्थतन्त्र र वातावरणमा फाइदा हुन्छ । माटोको भाँडा बनाउँदा कच्चा पदार्थ बाहिरबाट ल्याउन पर्दैन । यसको प्रयोग पछि सजिल्यै सड्ने हुँदा वातावरण मैत्री मानिन्छ ।

**(छ) चेपाङको प्रकृतिमैत्री जीवनशैली** : नेपालका आदिवासीहरूमध्ये राउटे र कुसुन्डा अझै घुमन्ते अवस्थामा नै छन् भने चेपाङहरूले घुमन्ते जीवन त्यागेर ओडारमा बस्न थालेको धेरै भएको छैन । समाजशास्त्रीहरूको मतअनुसार मानव विकासका क्रममा सबै मानव समुदाय जंगली जीवन छाडेर कृषि युगमा प्रवेश गरेका हुन् । त्यही मेसोमा जंगली जीवन त्यागेर कृषि जीवनमा आउने मानव समुदायमध्ये पछिल्लो समुदाय चेपाङ हुन् । त्यसैकारण उनीहरू प्रकृतिसँगको अटुट नाता कायम छ । उनीहरू वन जंगलमा अति निर्भर समुदाय भएकाले वन जंगलको उत्पादनसँग उनीहरू परिचित हुन्छन् । वनका कन्दमूल, फलफूल, सागपातहरूसँग उनीहरूको परिचय गाढा छ । चेपाङहरू वनका कन्दमूल संकलनमा पनि सिपालु हुन्छन् । काठ तथा बाँसका विभिन्न सामग्रीहरू बनाएर वस्तु विनिमय गर्ने उनीहरूको चलन हो । जीविपकोपार्जनकै लागि जंगली खानेकुरा खोज्ने गर्छन् । जंगली फलफूल, च्याउ र कन्दमूल र विरूवाहरू संकलन गर्दछन् । वनको कन्दमूल पहिचान गर्न चेपाङहरू औधी सिपालु हुन्छन् । चेपाङहरू वनतरूल, गिट्ठा, भ्याकुर, भर्लाङ, सिस्नु, टाँकीजस्ता कन्दमूलमा भर पर्दै आएका छन् । उनीहरू चिउरीलाई नजिकको वनस्पति मान्छन् ।

चेपाङहरूको खेती प्रणाली पनि विशेष छ । जसलाई खोरिया खेती प्रणाली भनिन्छ । आफ्नो परम्परागत भूमिमा गरिने खोरिया खेती प्रणालीले जमीनको उर्वरा शक्ति बढने, शत्रु कीराको नाश हुने र बालीमा कीटनाशक औषधि वा रासायनिक मलको प्रयोग गर्न नपर्ने यसको विशेषता हो । एक वर्ष एक स्थानमा खेती लगाए पछि अर्को वर्ष त्यो भूमि त्यसै बाँझो नै छोडिन्छ ।

जसका कारण यहाँ मुना पलाउने सम्भावना अधिक हुन्छ । जलवायु परिवर्तन सम्बन्धी गरिने अनुसन्धानहरूमा जलवायु परिवर्तनको असर न्यून गराउन अथवा कार्वन उत्सर्जनको मात्रा घटाउन ठूला पुराना रूखभन्दा साना साना बिरूवाको भूमिका महत्त्वपूर्ण मानिन्छ ।

चेपाङहरू मूलतः चितवन, मकावानपुर र धादिङका पहाडी क्षेत्रको भिरालो जमिनमा बसोवास गर्ने भएकाले उनीहरूको आर्थिक जीवन कष्टकर छ । अहिलेसम्म पनि धेरै चेपाङमा जमिनको स्वामित्व छैन । न तथापि उनीहरूसँगको ज्ञान, सीप र परम्पराहरू भने अभ्यास गर्न छाडेका छैनन् । जो देशको महत्त्वपूर्ण सम्पदा र विश्व समाजका लागि फलदायी ज्ञान उनीहरूसँग छ ।

**(ज) थारूको परम्परा र ज्ञान** : नेपालको समथल भूमिमा बसोवास गर्ने थारु आदिवासीको जनसंख्या महत्त्वपूर्ण मानिन्छ । २०६८ को जनगणना अनुसार थारूको जनसंख्या १७ लाख ३७ हजार ४७० अर्थात् ६.५४ प्रतिशत रहेको छ । थारु आदिवासीहरूको आफनै प्रथाजनित संस्था बरघर, (भलमन्सा, महताँवा) हुन्छ । थारु समाजलाई सुव्यवस्था कायम गराउने, आपसी मेलमिलापबाट सुरक्षा दिने र परम्परागत ज्ञान हस्तान्तरण गर्ने माध्यम प्रथाजनित संस्था हो । यसले न्यायिक कार्य पनि सम्पादन गर्ने गर्दछ । आन्तरिक कानूनका माध्यमले थारु समाजलाई एकता बनाउनु यो संस्थाको मूल कार्य हो । पूर्वतिरका थारूहरूमा भने यो परम्पराभन्दा फरक प्रचलन छ । जसलाई माइन्जन प्रथा भनिन्छ ।

थारु आदिवासीका अनेकौं ज्ञान र अभ्यासहरू छन् जो प्रकृति, जैविक विविधताको संरक्षणसँग सम्बद्ध छन् । अधिकारकर्मी पुष्पा चौधरीका अनुसार थारूहरूको वनसँग सम्बद्ध धेरै प्रथामध्ये एक देउता बनाउने संस्कृति पनि एक हो । जसलाई थारु भाषामा डिउँटा लिहे जना भनिन्छ । यो परम्परामा जंगलमा गएर देउता खोज्ने प्रणाली हो । हरेक वर्ष थारूहरूले जंगलबाट नयाँ देउता भित्र्याउनुपर्छ । जंगलबाट दुईटा देउता ल्याइन्छ । एउटा खेखरी र अर्को ढमरज्वा । खेखरी सिद्धा काठमा हुन्छ भने ढमरज्वा सखुवा (साल)को हुन्छ । यसरी काठ ल्याउँदा रूख भने ढाल्न पाइन्न । रोजिएको रूखको हाँगा वा एक फप्लेटो घरमा विधिपूर्वक ल्याए पछि नयाँ देउता घरमा

भित्रिएको विश्वास गरिन्छ । यस संस्कृतिले पनि थारूहरूको प्रकृतिसँगको सम्बन्ध दर्शाउँछ । यसरी रूखको हाँगा वा अंग निकालेर ल्याइएको सिँगो रूखलाई पूजा गरी काटेको स्थानमा पूजा पनि गर्नुपर्छ ।

**(भ) अन्य आदिवासीका साझा ज्ञान** : नेपालका मात्र होइन विश्वकै आदिवासी जनजातिहरूको विभिन्न ज्ञानप्रणाली प्रकृतिमैत्री रहेको छ । कृषि प्रणाली नै पनि जलवायु मैत्री रहेको छ । यस्तो विधि सबै आदिवासीको साझा विधि हो । आदिवासीहरूले खेती गर्दा वातावरण र जलवायु अनुकूलन गर्न जानेका छन् । आफ्नो परम्परागत भूमि र भूक्षेत्रमा लगाइने बाली प्रणालीहरूको विश्लेषण गर्दा उनीहरूको खेती प्रणाली अनुकूलित खेती प्रणाली हो । यस्तो बाली उनीहरूको ज्ञाानका आधारमा बाली विविधीकरणलाई विशेष जोड दिइन्छ । करेसाबाली तथा उनीहरूको छनोट जलवायु तटस्थ प्रकृतिको छ ।

ललितपुरको कोन्ज्योसोम गाउँपालका, धादिङको बेनीघाट गाउपालिका, काभेक तेमाल गाउँपालिका, सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका आदिमा आदिवासीका खेतीबारी अवलोकन गर्ने क्रममा मिश्रित खेती प्रणाली अपनाएको पाइएको थियो । जसलाई तिन चेली बाली भनिन्छ । कृषि विज्ञहरूले बहुबाली प्रणाली पनि भन्ने गर्दछन् । एकै जमिनमा धेरै बाली लगाउने यो प्रणाली आदिवासीको खेतबारीमा पाइन्छ । हुन त अन्य समुदायको पनि यस्तो प्रणाली देखिन्छ । आधुनिक कृषि प्रणालीले यस प्रकारको कृषि प्रणालीलाई निरूत्साहित गर्ने गर्दछ । तर आदिवासी ज्ञानमा आधारित यो प्रणालीलाई उनीहरूले परम्परा मान्दै बचाएर ल्याएका छन् । यो प्रणालीले प्राकृतिक पारिस्थितिक प्रणालीलाई कायम रहन्छ । यस प्रणालीअन्तर्गत मिश्रित खेती, घुसुवा बाली, अन्तरबाली र घुम्ति बाली प्रणाली पर्दछन् । यो बालीहरूको विविधताले गर्दा एकल जातीय प्रणालीमा जस्तो रोग र किराहरूको प्रकोप बेहोर्नुपर्दैन । अन्तरवालीले सौर्य प्रकाश, खाद्यतत्त्व र पानीको सदुपयोग बढन गई प्रति एकाइ क्षेत्रफलमा उत्पादकत्वमा वृद्धि हुन्छ । मिश्रित खेतीमा समावेश गरिने फरक जरा प्रणाली भएका बालीहरूले गर्दा खाद्य तत्त्व उपयोग गर्ने समय फरक पर्न जान्छ । जस्तै : मकैसँग उच्च पहाडी वा हिमाली क्षेत्रमा आलु र पहाडी क्षेत्रमा मकैसँगै कोदो, सिमी, बोडी वा तरकारी रोप्ने चलन छ । धानखेती लगाएमा पनि भित्तामा मस्याम र आलीमा मास वा भटमास

रोप्ने चलन प्राय सबै स्थानमा छ । यो सबै जलवायु मैत्री खेती प्रणाली हो ।

## २.४ः निष्कर्ष तथा सुझाव

आदिवासी ज्ञान आधुनिक वैज्ञानिक ज्ञान प्रणाली (Modern Science Knowledge System -MSKS) को परिपूरक हो । वैज्ञानिक ज्ञानमा झैँ परम्परागत आदिवासी ज्ञानमा पनि नवीनता, दिगो र विश्वासयोग्य ज्ञान हुन्छ । पर्यावरण, जैविक क्षेत्रमा त आदिवासी ज्ञानको क्षेत्र अझ फराकिलो छ । यसका तरिकाहरू, प्रविधिहरू आधुनिक वैज्ञानिक ज्ञान प्रणालीले पनि अवलम्बन गरेको छ । स्वास्थ्य विज्ञानको क्षेत्रमा जडीबुटीको प्रयोग एक उदाहरण हो ।

विश्वविद्यालय, अनुसन्धान संस्थान तथा अनेको कम्पनीहरूमा आबद्ध वैज्ञानिकहरूको खोज र अनुसन्धानबाट आधुनिक वैज्ञानिक ज्ञान प्रणालीको जन्म हुन्छ तर परम्परागत आदिवासी ज्ञानको स्रोत स्थानीय जातजातिको भाषा, संस्कार र संस्कृति हो तर आदिवासी ज्ञान मौखिक वृत्तान्तका आधारमा र पुस्ता हस्तान्तरणका माध्यमले संरक्षित भएको हुन्छ । प्राकृतिक स्रोतहरूको उपयोग, संरक्षण र व्यवस्थापनमा आदिवासी ज्ञान उपयोगी देखिएको छ । पानीको स्रोतको संरक्षण गर्ने ज्ञान अद्वितीय मानिन्छ । जंगलको संरक्षण गर्ने आदिवासीसँग अनेकौं जुक्तिहरू रेहका छन् ।

जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनमा आदिवासी जनजातिका परम्परागत ज्ञान र अभ्यास विश्वव्यापी शिक्षा र अनुकरणीय विषय हो । तर यसलाई आम प्रचलन र सर्वस्वीकृत मान्यताका रूपमा स्थापित गर्न केही समस्याहरू आदिवासी जनजातिले उठान गरेका छन् ।

जलवायु परिवर्तनको अहिलेको मुख्य चुनौती वायुमण्डलमा हरितगृह ग्यासको मात्रालाई स्थिर राख्नु र पारिस्थितिकीय प्रणालीलाई प्राकृतिक रूपमा रहन दिनु हो । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिको मुख्य ध्येय पनि त्यही देखिन्छ । यस महासन्धिको सफल कार्यान्वयनका लागि सन् २०१५ मा सम्पन्न पेरिस सम्झौताले जलवायु परिवर्तनसम्वनधी नयाँ मार्गचित्र दिएको छ । मार्गचित्रले जलवायु परिवर्तनको अनुकूलन कार्यहरू विज्ञानका अतिरिक्त परम्परागत ज्ञान, आदिवासी जनजातिको ज्ञान

र स्थानीय ज्ञान पद्धतिमा पनि आधारित हुनुपर्ने उल्लेख छ । अनुकूलनलाई सामाजिक, आर्थिक तथा वातावरणीय नीतिहरूमा एकीकृत गरिएको हुनुपर्ने योजना तर्जुमा प्रक्रियामा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनका माध्यमबाट सामाजिक आर्थिक र पर्यावरणीय प्रणालीको पुनःस्थापन क्षमता बढाएको हुनुपर्ने मार्गचित्र कोरेको छ ।

यसरी नै हरितगृह ग्यास न्यून उत्सर्जन गर्ने विकास पद्धति अवलम्वन गर्दा खाद्य उत्पादन प्रणालीमा जोखिम सिर्जना हुन नहुने वातावरणको सुनिश्चितता हुनुपर्छ । पेरिस सम्झौताअनुसार दीर्घकालीन तापक्रम लक्ष्य र राष्ट्रिय रूपमा निर्धारित योगदान तय गर्दा दिगो विकास र गरिबी निवारणलाई पनि ध्यान दिनुपर्ने कुरालाई महत्त्व दिएको छ ।

नेपालको अवस्था, अन्तर्राष्ट्रिय कानून र आदिवासी जनजातिको सरोकारहरूलाई ख्याल गरेर जलवायु परिवर्तनका असर न्यून गर्न वा अनुकूलन गर्नका लागि संघ, प्रदेश तथा स्थानीय सरकारहरूका लागि निम्न सुझावहरू सान्दर्भिक हुने देखिन्छ ।

- नेपाल सरकारको राष्ट्रिय जलवायु परिवर्तन नीति –२०७६ लाई परिमार्जन गर्दै यसको मार्गचित्रका आधारमा प्रदेश र स्थानीय तहहरूबाट नीति निर्माण गरिनुपर्छ ।
- आदिवासी जनजातिका प्रथा, परम्परागत प्रथाजनित संस्थाहरूको क्रियाकलाप, प्रकृति पूजामा आधारित सांस्कृतिक आध्यात्मिक प्रचलन जीवनपद्धति, कृषि प्रणाली, खोरिया खेती, फिरन्ते प्रणाली, मौसमी चरीचरण प्रणाली आदि हरितगृह ग्याँस उत्सर्जन गर्ने कारक तत्त्व नभै जलवायु परिवर्तनको असर न्यून गर्ने र अनुकुलनको सहयोगी क्रियाकलापका रूपमा हेरिनु पर्दछ ।
- आदिवासी जनजातिका परम्परागत ज्ञान र संस्कृतिको जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनमा उल्लेखनीय भूमिका रहने भएकोले यसलाई मान्यता दिनुपर्ने कुरालाई पेरिस सम्झौताले महत्त्व दिए पनि नेपालमा हालसम्म वनेका जलवायु नीति तथा अनुकूलन योजनाले खासै महत्त्व नदिएकोले भविष्यमा वनने रणनीति तथा

योजनामा ध्यान दिइनुपर्छ ।

- आदिवासी जनजातिका ज्ञानलाई पेरिस सम्झौताले मान्यता दिएको छ । यसको प्रचारप्रसार, सचेतना र क्षमता विकासका लागि सञ्चारमाध्यमले पनि धेरै काम गर्न सक्ने र उनीहरूको क्षमता विकास तथा सशक्तीकरणमा ध्यान दिन आवश्यक छ । नेपाल लगायत विभिन्न मुलुकमा आदिवासी मिडियाको फरक सूचीकरण गरी परिचालन गरिएको अभ्यास पनि छ । नेपालमा पनि यस्तो माग भएको पाइन्छ ।[८] यस्ता मागलाई राज्यका सूचना तथा सञ्चार नीतिहरूमा सम्बोधन हुनुपर्छ ।
- आदिवासी ज्ञानलाई मान्यता दिने जैविक विविधतासम्बन्धी नायोगा अभिसन्धिलाई कार्यन्वयनमा ल्याउनका लागि संघीय कानून मस्योदा भएको छ । सरकारले मस्यौदा गरेको आनुवांशिक स्रोतबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड सम्बद्ध विधेयक तयार गरे पनि संसद्बाट पारित हुन सकेको छैन । न । यो कानून शीघ्र ल्याएर परम्परागत आदिवासी ज्ञान, यसको प्रयोग र आनुवंशिक स्रोतमा पहुँच तथा तिनको उपयोगबाट प्राप्त हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँड गरिनुपर्दछ ।

## सन्दर्भ सामग्री


अधिकारी, कमल । २०७७ । *तामाङ समुदायको परम्परागत ज्ञान र मुख्य उपचार पद्धतिहरू* । डाँडागाउँ, मकवानपुर, नेपाल ।

टण्डन, गोविन्द । २०७६ । *नेपालमा गुठी व्यवस्था* । काठमाडौँ : सांग्रिला प्रकाशन ।

तामाङ, रूद्रसिंह । २०६० । *तामाङ संस्कार र संस्कृति (तामाङ बोन र बौद्ध संस्कृति सहित)* । काठमाडौँः तामाङ समाज अनुसन्धान केन्द्र ।

नेपाल आदिवासी जनजाति महासंघ ।२०१८ । *जलवायु परिवर्तन सम्बोधनका कार्य, नेपालका आदिवासी जनजातिहरूको सवाल, अधिकार र*


८ इन्डिजिनियस कम्युनिटी रेडियो नेटवर्कको अडानपत्र, २०७८ ।

*अडानहरू* । काठमाडौंः जलवायु परिवर्तन साझेदारी कार्यक्रम ।
नेपाल सरकार । २०५८ । *आदिवासी जनजाति उत्थान राष्टिय प्रतिष्ठान ऐन* । काठमाडौंः कानून किताव व्यवस्था समिति ।
नेपाल सरकार । २०७२ । *नेपालको संविधान* । काठमाडौं : कानून किताव व्यवस्था समिति ।
नेपाल सरकार । २०७७ । *नेपाल राजपत्र (मिति २०७७ जेठ ५ गते), संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयको सूचना* ।
बागमती प्रदेश सरकार । २०७५ । *प्रदेश वस्तुस्थिति विवरण* । हेटौडा : प्रदेश नीति तथा योजना आयोग ।
बागमती प्रदेश सरकार । २०७७ । *बागमती प्रदेशको वातावरण संरक्षण सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०७७* ।
शेर्पा, पासाङ । २०६७ । *शेर्पा जातिको परिचय* । काठमाडौं : नेपाल शेर्पा संघ र आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ।

Central Bureau Statistics. 2013. *National Population and Housing Census,* 2011 (Caste/ Ethnicity and Language).
Cobo, JM. 1986. *Study of the Problem of Discrimination against Indigenous Populations*. United Nations /CN 4/ sub.2/1986/7 April 4 1986.
Furer Haimendorf, Christoph Von. 1964. *The Sherpas of Nepal: Buddhist Highlanders*. New Delhi : Oxford Book Company.

## अनुसूचि १ : बागमती प्रदेशका प्रमुख जातजाति तथा भाषा

| जिल्ला | प्रमुख पाँच जाति तथा समुदाय | तीन प्रमुख भाषाहरू |
|---|---|---|
| सिन्धुली | तामाङ (२६.८७), मगर (१४.९०), क्षत्री, (१३.६६), पहाडी ब्राह्मण(७.७९), नेवार (६.२८) | नेपाली(४८.१८), तामाङ (२६.०२), मगर१०.८४ |
| रामेछाप | क्षत्री (२६.६७), तामाङ (१९.१७), नेवार(१४.५०), पहाडी ब्राह्मण (४.८५) | नेपाली .(५९.४६), तामाङ (१८.३१), नेवारी (६.८५) |
| दोलखा | क्षत्री (३३.४१), तामाङ (१६.७८),नेवार(९.३८), पहाडी ब्राह्मण –९.२०) र थामी (८.९२) | नेपाली(६५.२४), तामाङ (१५.८४), थामी .७.९७) |
| सिन्धुपाल्चोक | तामाङ (२४.२५), क्षत्री (१८.२३), ब्राह्मण .(१०.३३), कामी (३.८८) | नेपाली (५३.४०), तामाङ (३२.६०), नेवारी (५.९१) |
| काभ्रे पलान्चोक | तामाङ (३४.०१), पहाडी ब्राह्मण (२१.५३), क्षत्री १३.६९), नेवार (१३.२७), मगर (३.८२) | नेपाली (५०८८), तामाङ (३३.४९), नेवारी (११.१४) |
| ललितपुर | नेवार (३३.२४), क्षत्री (१८.८६), तामाङ (१३.११), पहाडी ब्राह्मण (१३.०४), मगर (४.६९) | नेपाली .४७.७४), नेवारी (२ ९.६८), तामाङ (११.३४) |

| | | |
|---|---|---|
| भक्तपुर | नेवार (४५.५८), क्षत्री २०.०६), पहाडी ब्राह्मण १४.२३, तामाग (८.९४), मगर (२(२४) | नेपाली (४६.५३), तामाग (११.३४) |
| काठमाडौँ | पहाडी ब्राह्मण (२३. नेवार (२१.९७), क्षत्री (१९.९४), तामाङ (११.०३), मगर (४.-०२) | नेपाली .६२.७०), नेवारी (१६.९४), तामाङ (८.२८) |
| रसुवा | तामाङ (६८.७८), हिमाली ब्राह्मण (१५.०७), गुरूग (३.०८), क्षत्री (२.५०), नेवार (२.३४) | तामाङ (६७.३६)नेपाली .२६.९३), टिवेटन(१.७२), |
| नुवाकोट | तामाङ (४२.८४), पहाडी ब्राह्मण (१८.९४), क्षत्री (१२.६०), नेवार (७.४४), राई .(३.५९) | नेपाली .(५४.६५), तामाङ (३९.९५), नेवारी (१.९९) |
| धादिङ | तामाङ (२२.०९), पहाडी ब्राह्मण (१४.९८), क्षत्री (१४.७२), नेवार (४.६९), मगर( ८.५२) | नेपाली (७०.६२), तामाङ (१९.९९), चेपाङ (२.५१) |
| मकवानपुर | तामाङ (४७.८२), पहाडी ब्राह्मण (१४.०९), क्षत्री (१०.७१), नेवार (६.२०), चेपाङ (४.५७ | तामाङ (४५.३०)नेपाली .४१.८७), नेवारी (४.०२), |
| चितवन | ब्राह्मण (२८.५६), क्षत्री (११.३६), थारु (१०.९२), तामाङ (७.९७), गुरूङ (६.७५) | नेपाली .(७०.१४), थारु (१०.१६), तामाङ (४.९२) |

*स्रोत : प्रदेश वस्तुस्थिति विवरण (२०७५) बागमती प्रदेश नीति तथा योजना आयोग*

## अनुसूचि २: बागमती प्रदेशका आदिवासी जनजातिको बसोवास

| क्र सं | जिल्ला | १० हजार भन्दा बढी जनसंख्या भएका आदिवासी जनजाति | पाँच सभ भन्दा बढी १० हजार भन्दा थोरै जनसंख्या भएका आदिवासी जनजातिहरू | पाँच सय भन्दा भन्दा कम जनसंख्या भएका आदिवासी जनजातिहरू |
|---|---|---|---|---|
| १. | सिन्धुली | १. तामाङ (७९,५९०)<br>२. मगर (७९,५९०)<br>३. नेवार (२३०७७) ४. दनुवार (१८,६०२)<br>५. माझी (१०,२७९) | नेपाली (४८.१८), तामाङ (२६.०२), मगर (१०.८४) | १. थारु २. भोटे<br>३ लिम्बु ४. शेर्पा ५. कुमाल<br>६. याक्खा<br>७. चेपाङ<br>८. राजबंशी |
| २. | रामेछाप<br>जम्मा १९ | १. तामाङ (३८८४२ )<br>२. नेवार (२९,३७७ )<br>३. मगर (२२,५४४) | १. सुनुवार २. माझी<br>३. शेर्पा ४. घर्ती भुजेल ५. थामी<br>६. ह्योल्मो ७. हायू | १. पहरी २. गुरूङ<br>३. गुरूङ ४. थारु,<br>५. राई ६. जिरेल<br>७. लिम्बू ८. कुमाल<br>९ खवास |
| ३ | दोलखा<br>जम्मा १४ | १. तामाङ (३१,३०७)<br>२. नेवार (१७,४९८)<br>३. थामी (१०,०४२) | १. शेर्पा २. जिरेल<br>३. मगर ४ घर्ती भुजेल ५. सुनुवार<br>६. गुरूङ ७ सुरेल | १. माझी २. राई<br>३. थारु ४. लिम्बू<br>५. कुमाल |
| ४ | सिन्धुपाल्चोक | १ तामाङ (९८,५७०)<br>२. नेवार (३१,९७७) | १. शेर्पा २. माझी<br>३. मगर ४. थामी<br>५. ह्योल्मो<br>६. दनुवार ७. गुरूङ<br>८. घर्ती भुजेल<br>९. पहरी १०. घले | १. जिरेल २. बोटे<br>३. राई ४ थारु<br>५. सुनुवार ६. लिम्बू<br>७. राजबंशी<br>८. कुमाल |

| | | | | |
|---|---|---|---|---|
| ५ | काभ्रे पलान्चोक | १. तामाङ (१,२९,९१३)<br>२. नेवार ५०,६७०)<br>३. मगर (१४,५७२) | १. दनुवार २. पहरी<br>३. घर्ती भुजेल<br>४. माझी ५. गुरूङ<br>६. राई | १ थारु २. लिम्बू<br>३. सुनुवार ४. बोटे,<br>५. थामी ६. शेर्पा<br>७. हायू ८. थकाली<br>९. कुमाल १०. घले<br>११. राजवंशी<br>१२. धिमाल<br>१३. याक्खा<br>१४. पत्थरकट्टा |
| ६ | ललितपुर | १. नेवार (१५५,६०४),<br>२. तामाङ (६१,३६८),<br>३. मगर (२१,९३४)<br>४. राई (१२,७२४) | १ गुरूङ २. थारु<br>३. लिम्बू ४. पहरी<br>५. सुनवार ६. दनुवार<br>७. माझी ८. शेर्पा<br>९. घर्ती भुजेल<br><br>१. शेर्पा २. माझी<br>३. मगर ४. थामी<br>५. ह्योल्मो<br>६. दनुवार ७. गुरूङ<br>८. घर्ती भुजेल<br>९. पहरी १०. घले | १ घले २. थकाली<br>३. कुमाल ४. बोटे<br>५. राजबंशी ६. थामी<br>७. चाम्लिङ राई<br>८. बराम ९. याक्खा<br>१० चेपाङ ११. थुलग राई १२. जिरेल<br>१३. धिमाल<br>१४. लेप्चा<br>१५. वान्तवा राई<br>१६. दुरा १७. ल्होमी<br>१८. दराई<br>१९. झाँगड<br>२०. बोटे<br>२१. साम्पाङ राई<br>२२. कुलुङ राई<br>२३. ह्योल्मो<br>२४. ताजपुरिया<br>२५. याम्फु<br>२६. छन्त्याल<br>२७. व्याँसी<br>२८. खवास<br>२९. खालिङ<br>३०. नाछिरिङ |

| | | | | |
|---|---|---|---|---|
| ७ | भक्तपुर | १. नेवार (१३८,८७३)<br>२. तामाङ (२७,२४९) | १. मगर २. राई<br>३. गुरूङ<br>४. थारु ५. लिम्बू<br>६. घर्ती भुजेल | १. माझी, २. सुनुवार<br>३. शेर्पा ४. दनुवार<br>५. थामी ६. कुमाल<br>७. घले ८. धिमाल<br>९. राजबंशी<br>१०. पहरी ११. बोटे<br>१२. जिरेल<br>१३. झाँगड<br>१४. सन्थाल<br>१५. याक्खा<br>१६. वान्त्वा राई<br>१७. ताजपुरिया<br>१८. खवास<br>१९. थुलूग राई<br>२०. दराई |
| ८ | काठमाडौँ | १. नेवार (३८३,१३६)<br>२. तामाङ (१९२,३११)<br>३. मगर (७०,०८३)<br>४. गुरूङ (४५,७८४)<br>५. राई (३९,७६२)<br>६. शेर्पा (२३,४६०)<br>८. थारु (१८,४७८)<br>९. लिम्बु (११,१४९) | १. घर्ती भुजेल<br>२. माझी ३. थकाली<br>४. घले ५. बोटे<br>६. ह्याल्मो ६ कुमाल<br>७. दनुवार<br>८. छन्त्याल<br>९. धिमाल<br>१०. राजबंशी<br>११. थामी १२. पहरी<br>१३. चेपाङ | १. जिरेल २. राई<br>३. याक्खा ४. दुरा<br>५. ताजपुरिया<br>६. दराई ७. बराम<br>८. छन्त्याल ९. घर्ती भुजेल १०. झाँगड<br>११. लल्होमी<br>१२. हायू १३. डोल्पो<br>१४. बोटे १५. लेप्चा<br>१६. तोप्केगोला<br>१७. व्याँसी सौका<br>१८. गनगाई<br>१९. आठपहरिया<br>२०. वालुग<br>२१. पत्थरकटठा<br>२२. कुसुन्डा |
| ९ | रसुवा | १. तामाङ (२९,७८२) | १ गुरूङ २. नेवार<br>३. घले ४. मगर | १. ह्याल्मो<br>२. शेर्पा ३. राई<br>४. थारू, ५. घर्ती भुजेल ६. लिम्बू |

| | | | | |
|---|---|---|---|---|
| १० | नुवाकोट | १. तामाङ (११८,८७३), २. नेवार (२०,६५५) | १ राई २. मगर ३. गुरूङ ४. कुमाल ५. घर्ती भुजेल ६. घले | १. शेर्पा २. माझी ३. ह्याल्मो ४. दनुवार ५. सुनुवार ६. बोटे ७. लिम्बू ८. धानुक ९. थकाली |
| ११ | धादिङ | १. तामाङ (७४,२३९) २. नेवार (३१,५८७) ३. मगर (२८,६४४) ४. गुरूङ (१८,६३२) ५. चेपाङ (१४,४९२) | १. घले २. कुमाल ३. घर्ती भुजेल ४. राई ५. दनुवार ६. दराई ७. माझी | १. बराम २. थारु ३. लिम्बू ४. थकाली ५. शेर्पा ६. सुनुवार ७ बोटे ८. जिरेल ९. राजबंशी १०. चाम्लिङ राई |
| १२ | मकवानपुर | १. तामाङ (२०१,०८१) २. नेवार (२६,०६५) ३. चेपाङ (१९,२३३) ४. मगर (१८,९४५५) | १. राई २. माझी ३. गुरूङ ४. दनुवार ५. पहरी ६. थारु ७. घर्ती भुजेल ८. घले | १. लिम्बू २. कुमाल ३. थामी ४. बराम ५. राजबंशी ५. शेर्पा ७. चाम्लिङ राई ८. बोटे ९. दराई १०. जिरेल ११. थकाली १२. वान्तवा राई |
| १३ | चितवन | १. थारु (६३,३५९) २. तामाङ (४६,१९८) ३. गुरूङ (३९,१५५) ४. नेवार (३०,२५६) ५ चेपाङ (२८,९८९) ६. मगर (२७,९८५) | १. कुमाल २. दराई ३. घर्ती भुजेल ४. राई ५. बोटे ६. घले ७. दनुवार ८. सुनुवार ९. माझी १०. दुरा | १. लिम्बू २. थकाली ३. ह्योल्मो ४. बराम ५. शेर्पा ६. बोटे ७. थामी ८. छन्त्याल ९. याक्खा १०. राजवंशी ११. धिमाल १२. पहरी १३. खवास १४. जिरेल १५. नाछिरिङ १६. साम्पाङ |

*स्रोत : केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०६८*

*(अनुसन्धाता कुमार यात्रु स्वतन्त्र पत्रकार हुन्)*

# दिगो विकासका लागि आदिवासी ज्ञान

विमला तुम्खेवा

## १. परिचय

दिगो विकास लक्ष्य नेपालको मात्र नभएर विश्वको साझा लक्ष्य हो । विश्वव्यापी रूपमा सामाजिक, आर्थिक र वातावरणीय गरी तीन पक्षमा निश्चित लक्ष्य राखेर सन् २०३० सम्मको समयावधिमा जनताको जीवनस्तर तोकिएको विन्दुमा पुऱ्याउने साझा लक्ष्य नै दिगो विकास लक्ष्य हो ।

नेपालले दिगो विकास लक्ष्य हासिल गर्ने कार्यमा आफ्नो सहमति जनाएको छ । विश्वव्यापी अभियानलाई हातेमालो गर्दै दिगो विकासका आफ्ना एजेन्डा तय गरेको छ र नीति, कार्यनीतिहरू पनि सार्वजनिक गरेको छ । मूलभूत रूपमा चौधौँ योजनाबाट थालिएको यो यात्रामा पन्ध्रौँ योजनाले पूर्ण सम्बोधन गर्ने प्रयास गरेको छ । खास गरेर सहस्राब्दी विकास लक्ष्यको सफलता पछि आएको दिगो विकास लक्ष्यले देशका सबै वर्ग जाति, समुदाय र भौगोलिक क्षेत्रलाई समेट्नुपर्छ । यो लक्ष्यको विश्वव्यापी अवधारणा पनि

त्यही हो । तर नेपालका सम्बन्धमा राज्यका नीतिहरू यसतर्फ लक्षित छन् कि छैनन् भन्ने सवाल भने यस सन्दर्भमा पेचिलो बनेको छ ।

दिगो विकास लक्ष्य हासिल गर्ने सन्दर्भमा नेपालका आदिवासी जनजातिका सवालहरू, उनीहरूको अपेक्षा र अभ्यासलाई समेटेर अगाडि बढ्ने काम भएको छ कि छैन भन्ने पक्षमा विचार गर्नुपर्छ । त्यसमा पनि आदिवासी महिलाका सवालहरू सबैभन्दा अगाडि आउँछन् । आदिवासी जनजाति भन्नेबित्तिकै आदिवासीको भाषा, प्रथा, परम्परा तथा रीतिरिवाज र चालचलन महत्त्वपूर्ण हुन्छ । तिनको जगेर्ना आदिवासी महिलाहरूले प्रयोग गर्ने मातृभाषाबाट मुखरित हुने हो ।

यसकारण राज्यले प्रतिबद्धता व्यक्त गरेको लक्ष्यमा पुग्नका लागि आदिवासीका सवाल, समस्या र संवेदनशीलतालाई ख्याल गर्नैपर्छ । दिगो विकास लक्ष्य आफैमा राज्यको एउटा महत्त्वाकांक्षी योजना हो । यो योजनालाई पुरा गर्ने कार्यऔजार भनेको राज्यका नीति तथा कानून, कार्यक्रम र तिनलाई कार्यान्वयन गर्ने नीति निर्माताहरू हुन् । तर यस मामिलामा अहिलेको राज्यको संरचनामा समस्या देखिन्छ । यही सन्दर्भमा दिगो विकास लक्ष्य, आदिवासी जनजाति र महिलासम्बन्धी यो अध्ययन गर्न खोजिएको छ ।

## २. अध्ययनको उद्देश्य

यो अध्ययनमा विश्वव्यापी अभियानका रूपमा चलेको दिगो विकास लक्ष्यमा आदिवासी जनजातिका सवाल र खास गरेर महिला र आदिवासीका प्रचलन, परम्पराहरूबारे विशेष चर्चा गरिएको छ । यसका साथै आदिवासीका परम्परा र प्रथाजन्य मान्यता नै आदिवासी ज्ञानका रूपमा वर्णन गरिएको छ । समग्रमा दिगो विकास लक्ष्यसँग सम्बद्ध सूचकहरूसँग सम्बद्ध प्रतिनिधि अभ्यासलाई केलाउने प्रयास गरिएको छ ।

सारमा निम्न उद्देश्यका साथ यो अध्ययन गरिएको छ ।

- दिगो विकास लक्ष्यमा आदिवासी जनजातिका सरोकारहरू प्रस्तुत गर्नु ।
- नेपालका आदिवासी जनजातिका दिगो विकाससँग सम्बद्ध ज्ञानहरूको अन्तरसम्बन्धको खोजी गर्नु ।

## ३.आदिवासीका जनजाति महिलाको उपस्थिति र अवस्था

नेपालको जनसंख्यात्मक बनावटमा महत्त्वपूर्ण हिस्सा रहेको आदिवासी जनजातिहरूको उपस्थिति सबै जिल्ला, सबै पालिका तथा वडा तहसम्म नै छ । आदिवासी जनजाति फरक अवधारणा हो । नेपालका सबै जातजाति आदिवासी होइनन् । यसमा प्रस्ट नभई आदिवासीका कुनै पनि सवाल बुझ्न कठिन हुन्छ । राष्ट्रिय आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ले परिभाषा गरेअनुसार नेपालमा ६० आदिवासी जनजातिको सूचीकरण गरिएको छ ।[१] यो सूचीमा परेका आदिवासी जनजातिहरूलाई पाँच समूहमा वर्गीकरण गरिएको छ । वर्गीकरणअनुसार लोपोन्मुख समूहमा १०, अति सीमान्तीकृत समूहमा १२, सीमान्तकृत समूहमा २०, सुविधा वञ्चित समूहमा १५ र उन्नत समूहमा २ आदिवासी छन् ।[२]

नेपालको प्रादेशिक संरचनाअनुसार बागमती प्रदेशमा सबैभन्दा धेरै जनसंख्या भएका आदिवासीहरूमा तामाङ, नेवार र मगर देखिन्छन् भने अन्य अल्पसंख्यक आदिवासीहरूको थातथलोका आधारमा हायू, सुरेल, माझी, चेपाङ, थामी, बोटे, दनुवार, सुनुवार, थारू, पहरी, ह्योल्मो र शेर्पाहरूको परम्परागत थातथलो यही प्रदेशमा छ । उपस्थितिका हिसावले काठमाडौँ र ललितपुर जिल्लामा सबैभन्दा धेरै जातिको उपस्थिति छ भने ऐतिहासिक थातथलो भएका आदिवासीहरूको संख्यात्मक उपस्थिति दोलखा, सिन्धुपाल्चोक, सिन्धुलीमा पाइन्छ ।[३] उदाहरणका लागि लिम्बूहरूको थातथलो काठमाडौँ होइन । यहाँका थातथलो भएका आदिवासी नेवारहरू हुन् । सुरेल दोलखाका हुन् । जिरेलको थातथलो दोलखा हो । थातथलो र आदिवासीको अवधारणा समान छ ।

---

१ आदिवासी जनजातिको सूचीकरणमा ५९ आदिवासी जनजाति भए पनि राना थारूलाई थप गरेपछि ६० पुगेको हो । अन्तर्राष्ट्रिय कानून र नेपालको कानूनले आदिवासी जनजातिको बेग्लै परिभाषा गर्दै आफनो भाषा, संस्कृति, ऐतिहासिक थातथलो भएका जातिलाई आदिवासी भनेको छ ।

२ नेपाल आदिवासी जनजाति महासंघ, संघीय परिषद्को निर्णय, २०५८ फागुन १८ गते ।

३ नेपालको जनगणना २०६८ ।

नेपालमा रहेका आदिवासीको आर्थिक, सामाजिक तथा राजनीतिक अवस्था दयनीय छ ।[४] नेपालको मानव विकास सूचकांकका आधारमा सबैभन्दा नेपालको जनगणना २०६८ । तल भुइँ तहमा आदिवासीहरू छन् । संविधानतः समावेशीकरण, सामाजिक न्यायसहितको लोकतन्त्रको अभ्यास भइरहेको भए तापनि यो अभ्यासबाट पाखा पारिएका समुदायमा दलित, आदिवासी जनजाति, मधेशी मुस्लिम पर्दछन् । यी सबै समुदायका महिलाहरू सबै ढंगले पछाडि पारिएका छन् ।

आदिवासी जनजाति महिलाले हालसम्म निम्न अवस्थालाई सार्वजनिक गर्दै आएका छन् । नेपालमा आदिवासी महिलाको अधिकारको अवस्थाका सम्बन्धमा महिलाविरूद्ध हुने भेद्भाव उन्मूलन समितिलाई नेपालका आदिवासी महिलाले बुझाएको छैटौं आवधिक प्रतिवेदनमा आदिवासी महिलाका सवालहरूको सारांश यस्तो छ[५] –

- आदिवासी महिलाहरू मूलप्रवाहका महिलाबीच आधारभूत रूपमा फरक छन् ।
- आदिवासी महिलाहरूको समस्यालाई संविधान, कानून र नीतिहरूले पहिचान गरेको छैन ।
- आदिवासी महिलाहरू ऐतिहासिक अन्याय र संरचनागत हिंसाका शिकार भएका छन् ।
- आदिवासी महिलाहरू आत्मनिर्णयको अधिकारको निषेधले राज्यविहीन र औपनिवेशीकरण, भूमि, भूभाग र स्रोतबाट विमुख भएका छन् । उनीहरूको पहिचान गुमेको छ, हिन्दूकरण र संस्कृतकरणबाट उत्पन्न पितृसत्तात्मक विचारधाराका कारण दोस्रो दर्जाको नागरिक बन्न बाध्य भएका छन् ।

---

४ हेर्नुहोस् नेपालको मानव विकास प्रतिवेदन (२००४), राष्ट्रिय योजना आयोग र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (यूएनडीपी)

५ नेपाल आदिवासी जनजाति महिला महासंघ (निफ), राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च, राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ र आदिवासी महिला कानूनी सचेतना समूहको सामूहिक छाया प्रतिवेदन (२०७५)

यो अवस्थालाई ख्याल गर्दै आदिवासी महिलाहरूले उठाउँदै आएका प्रमूख सवालहरू यस प्रकार छन्–

- आत्मनिर्णयको अधिकार, भूमि, भूभागमा स्वामित्व र नियन्त्रण, स्रोतमा पहुँच, प्रथाजन्य कानून र संस्थाहरूलाई कानूनी मान्यता, सामूहिक मानव अधिकार, सांस्कृतिक विविधता र विशिष्ट पहिचानको अधिकार, र स्वतन्त्र तथा अग्रिम जानकारीसहितको मञ्जुरी (एफपीक) ँ्चभभ, एचष्यच बलम क्ष्लायचकभम ञ्ऋयलकभलत (ँएक्ष्ऋ० को कार्यान्वयन ।
- आदिवासी भित्रको विविधता, आदिवासी महिला पुरूष र आदिवासी बालिका र बालक बीचको लैंगिक समता तथा समानता कायम भएको अवस्था ।
- महिला आन्दोलनभित्र लैंगिक समता, सामूहिक अधिकारको प्रवर्द्धन, भाषिक र धार्मिक पहिचानसहितको विविधताको पहिचान ।

## ४. आदिवासी महिला, परम्परागत ज्ञान र दिगो विकास लक्ष्यको अन्तरसम्बन्ध

### ४.१. दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य नेपालको समता विकासका लागि एक आशालाग्दो अभियान हो । त्यसमा सन् २०३० (वि.सं. २०८७) सम्ममा १७ लक्ष्य, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक पूरा गर्ने महत्त्वाकांक्षी अठोट लिइएको छ । राष्ट्रिय योजना आयोगले नेपालको वस्तुगत यथार्थतालाई पनि समेट्ने गरी २४७ वटा सूचकहरू थप गरी ४७९ सूचकहरू निर्धारण गरेको छ । दिगो विकास लक्ष्यले राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणलाई एकीकृत अवधारणाको रूपमा लिएको छ ।[६]

नेपालले मुलुकको आर्थिक, सामाजिक र पर्यावरणीय परिवेशअनुसार कार्यान्वयनमा ल्याउँदै चौधौं योजनादेखि नै यी लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ । सोअनुसार आयवृद्धि, गुणस्तरीय मानव पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति

६ पन्ध्रौं योजना । राष्ट्रिय योजना आयोग ।

हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ । सोबमोजिम समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा हासिल हुने गरी संघ, प्रदेश र स्थानीय तहमा नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने अभियान सुरू भएको छ ।

विश्वव्यापी खाकाअनुरूप सरकारले नेपालको दिगो विकास लक्ष्यको अवस्था तथा मार्गचित्र २०१६-२०३० प्रतिवेदन तयार पारेको छ । यस मार्गचित्रले नेपाललाई सन् २०३० सम्ममा न्यायपूर्ण र विकासशील मुलुक बनाउने परिकल्पना गरेको छ । दिगो विकास लक्ष्यको स्थिति र मार्गचित्र एवम् वित्तीय आवश्यकताको आकलन प्रतिवेदन तथा वित्तीय रणनीति तयार भइसकेको छ ।

दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि नेपाललाई वार्षिक औसत रु २०२४.८ अर्ब आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजीक्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण रहेको छ ।[७] यो रकममा वार्षिक करिब औसत रु ५ खर्ब ८५अर्ब नपुग रहेको छ, जसमा सरकारका तर्फबाट रु २.१८ खर्ब र निजीक्षेत्रबाट रु ३.६६ खर्ब थप जुटाउनुपर्ने अवस्था छ[८] तर उक्त योजनालाई पूर्णता दिन सरकारले आदिवासी समुदायमा प्रचलनमा रहेका कतिपय व्यावहारिक सीप तथा क्षमतालाई स्थानीय समुदायबीच परिमार्जन गरेर परिचालनमा ल्याए मात्र सजिलो र वैकल्पिक टेवा हुनेछ ।

## ४.२ आदिवासी भाषा र परम्परागत ज्ञान

नेपालको सुन्दरता भनेकै भाषीक विविधता हो । २०६८ सालमा सम्पन्न राष्ट्रिय जनगणनाअनुसार यहाँ १२३ जातजातिको १२५ भाषा रहेका छन् । संवैधानिक हैसियतको भाषा आयोगको निष्कर्षअनुसार पछिल्लो कालमा नेपालमा १२९ भाषाका वक्ता छन् ।[९] तीमध्ये अधिकांश भाषाहरू आदिवासीका मातृभाषा छन् ।

---

७ दिगो विकास लक्ष्य, स्थानीयकरण स्रोत पुस्तिका । २०७७ । राष्ट्रिय योजना आयोग ।

८ ऐ. ऐ.

९ भाषा आयोगको वार्षिक प्रतिवेदन (२०७६)

मातृभाषाको संरक्षणकर्ता, प्रयोगकर्ता र पुस्ता हस्तान्तरणका वाहक आदिवासी महिलाहरू हुन् ।[१०] अनुसन्धानकर्ताहरूका अनुसार आदिवासी पुरूषभन्दा महिलाहरूले भाषाको प्रयोग बढी गर्ने गर्दछन् । दैनिक चालचलन, रहनसहन, सांस्कृतिक कर्महरूमा भाषाका माध्यमले अभिव्यक्त गरिन्छ । आदिवासी जनजातिको प्रथा, परम्परा, आध्यात्मिक प्रचलन, सांस्कृतिक जात्रा तथा पर्वहरूमा मातृभाषाकै प्रयोग हुन्छ । आदिवासी ज्ञान पनि तिनै चालचलन, रहनसहन र परम्पराहरूमा निहित हुने भएकाले मातृभाषा बिना आदिवासी ज्ञान सम्भव हुन्न भने आदिवासी महिलाको अभावमा मातृभाषाको संरक्षण सम्भव हुन्न । यसकारण आदिवासीको मातृभाषा, आदिवासी ज्ञान र परम्परा सांस्कृतिक चालचलन आदिवासी महिलासँग जोडिएको हुन्छ ।

### ४.३. आदिवासीका परम्परागत ज्ञानको औचित्य

आदिवासी ज्ञान आदिवासीको पहिचानसँग जोडिएको विषय हो । आदिवासीसँग सम्बद्ध अन्तराष्ट्रिय कानूनहरू खास गरेर आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (यूएनड्रिप) र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नम्बर १६९ समेतले आदिवासी ज्ञानको सन्दर्भमा बोलेको छ । अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नम्बर १६९ नेपालले अनुमोदन गरेको छ भने यूएनड्रिपको पक्षमा संयुक्त राष्ट्रसंघको महासभामा नेपालले मतदान गरेको छ । यी संयन्त्रहरूले आदिवासीको पहिचानका लागि ऐतिहासिकता, भाषा तथा फरक सांस्कृतिक पहिचान आवश्यक पर्छ भनेका छन् । त्यसै गरी परम्परागत भूक्षेत्रमा अभ्यास भइरहेको ज्ञानको बिषयलाई पनि यिनले समेटेका छन् । संयुक्त राष्ट्रसंघका आदिवासी समाधिक्षकको भनाइअनुसार आदिवासी ज्ञान आदिवासी जनजातिको पहिचानसँग सम्बद्ध बिषय हो ।

विगतमा आदिवासीले जीवनलाई सुचारू गर्नका लागि र जीविकोपार्जनका जोखिमबाट बच्न अनेकौ अभ्यास र संघर्ष गरेको प्रतिफलका रूपमा आदिवासी ज्ञानलाई पहिचान गरेका हुन् । यो ज्ञान कुनै विश्वविद्यालयको अनुसन्धान

---

१० आदिवासी अधिकारकर्मी यशोकान्ति भट्टचनसँग गरिएको कुराकानीमा आधारित । अध्ययनका क्रममा अन्तर्वार्ता लिइएका सबै स्रोत व्यक्तिहरूको नामावली यस लेखको अन्त्यमा दिइएको छ ।

तथा वैज्ञानिक खोजको आविष्कार नभएर आदिवासी जीवनको अनुभवजन्य आविष्कार हो । आदिवासी ज्ञानले मौखिक वृत्तान्त र अभ्यासका आधारमा निरन्तरता पाउने भएकाले यो आदिवासीको मूल्य मान्यता, सांस्कृतिक चालचलन र भाषिक अभिव्यक्तिबाट संरक्षित हुन्छ ।

आदिवासी ज्ञान आधुनिक विश्वका लागि एक खोजको विषय बनेको छ । विश्वव्यापीकरण, उदारअर्थतन्त्र, बढ्दो बसाइँसराइ र शहरीकरणका कारण मानिसले आदिवासी ज्ञान बिर्सँदै गएका छन् । यसमाथि विज्ञान र प्रविधिको विकासका कारण हरेक मानिसको जीवनशैली कृत्रिम बन्दै गएको छ । तर यी सबै विज्ञान र प्रविधिको खोज र अनुसन्धानको मूल स्रोत आदिवासी ज्ञान भएको अनुसन्धानहरूले पुष्टि गरेको छ ।[११] यही सन्दर्भमा राज्यको अठोटअनुसार दिगो विकास लक्ष्यका केही सूचकहरू पूरा गर्न आदिवासी ज्ञानको औचित्य देखिन्छ । आदिवासी ज्ञान आफ्नै भूगोलभित्र अभ्यास गरिएको स्थानीय हावापानी र प्रकृतिमा अनुसरण गरिएको दार्शनिक विषय भएको हुँदा यसको बिस्तार र प्रचलन पनि सहज छ । नेपालको संसद्ले अनुमोदन गरेको जैविक विविधता सम्बन्धी आनुवंशिक स्रोतको बाँडफाँट सम्बन्धी नायोगा अभिसन्धिले आदिवासी ज्ञानको प्रयोग र क्षेत्रबारे धेरै कुरा स्पष्ट गरेको छ । यसअनुसार आदिवासी ज्ञानको प्रयोग दिगो विकासका लक्ष्यका सबै लक्ष्यमा प्रयोग गर्न सकिने भएको भए तापनि यहाँ निम्न विषयको लक्ष्य हासिल गर्न सहयोगी हुने हिसाबले विश्लेषण गरिएको छ ।

- भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने (दिगो विकास लक्ष्यको २)
- सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने (दिगो विकास लक्ष्यको ३)
- जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने (दिगो विकास लक्ष्यको १२)
- वनको दिगो व्यवस्थापन गर्ने (दिगो विकास लक्ष्यको १४)

---

११ https://americanindian.si.edu/nk360

## ५. केही परम्परागत आदिवासी ज्ञानका अभ्यास

भाषाको प्रयोगले नै सीपलाई संरक्षण गरेर राखेको हुन्छ भन्ने कुरा विश्वकै आदीवासीबीच रहेको मौलिकता र सयौ पुस्तादेखि चलनचल्तीमा रहेको संस्कार, परम्परा र भाषाले स्पष्ट गर्दछ । यस्ता ज्ञानहरू उनीहरूको प्रथा, परम्परा, तथा संस्कार र संस्कृतिमा टिकेको हुन्छ । यस्ता ज्ञानहरूको अभिलेखीकरण गरी राज्यको तहबाट मान्यता दिने हो भने दिगो विकास लक्ष्यका लागि एक सहयोगी औजार बन्न सक्छ । यूनड्रिप समग्र आदिवासीको अधिकारसँग सम्बद्ध विश्वव्यापी घोषणा हो जसको कार्यान्वयनका लागि सरकारले नीति, कानून र निर्देशिका कार्ययोजना बनाउनु पर्छ । तर यो नबनाएको अवस्थाले देशको शासन सत्तामा बस्नेहरूको मानसिकतालाई देखाएको छ ।

तर राज्यका नीति नियम तथा योजनाहरूमा ती ज्ञानहरूलाई हेलाँ गर्ने, खिसी गर्ने र अन्धविश्वास भनेर टार्ने गरिएको छ । वास्तवमा यो राज्य विभेदको अवस्था हो ।

### ५.१. चेपाङको खाद्य सुरक्षा ज्ञान

नेपालका आदिवासीमध्ये अल्पसंख्यकमा सूचीकृत र अति सीमान्तीकृत समुदायको खाद्य सुरक्षा प्रणाली विशेष छ । मूलप्रवाहको अवधारणाअनुसार उनीहरूसँग खाद्य सञ्चिती हुँदैन । सामन्य भाषामा उनीहरू अनिकालग्रस्त हुन्छन् । तर आदिवासीको कोणबाट हेर्दा यो उनीहरूको विशिष्ट ज्ञान हो । त्यसैकारण चेपाङ बन तथा जंगलको नजिक ओडारमा र विकट क्षेत्रमा बसोवास गर्छन् । किनभने उनीहरू वनमा रहेका कन्दमूल, फलफूल र खाद्य र अखाद्य पदार्थको पहिचान गर्न सक्छन् । कुन लहराको फेदमा कन्दमूल छ र कुन रूखको पालुवा कसरी खाने भन्ने जस्ता ज्ञान उनीहरूसँग हुन्छ । आधुनिक राज्यको अवधारणाबाट हेर्दा उनीहरू भूमिहीन, जमिनको स्वामित्व नभएका समुदाय हुन् । तर वास्तवमा उनीहरूले वर्षौं अभ्यास गरेको र खनी खोस्री जोगाएको वनजंगल राष्ट्रियकरण गरी खोसिएपछि उनीहरू भूमिविहीन भएका हुन् ।

२०६८ सालको जनगणनाअनुसार चेपाङ जातिको जनसंख्या ६८ हजार

३ सय ९९ रहेको छ । मकवानपुर, धादिङ, चितवनमा मूल थातथलो भएका चेपाङहरू गोरखा, लमजुङ र तनहुँमा पनि बसोवास गर्दछन् । उनीहरूको जीवन वनजंगलसँग अत्यन्तै नजिक हुन्छ । चेपाङहरूको मुख्य थलोमा चिउरीका रूख हुन्छन् । परम्परागत रूपमा प्रकृति पूजकका रूपमा चिनिने उनिहरू मकै, कोदो, गहुँ, जुनेलो, मास, गहतका साथै गिट्ठा, भ्याकुर, भार्लाङ जस्ता जंगली कन्दमूल, सिस्नु, टाँकीको मुन्टाजस्ता वस्तु उनीहरूका प्रिय खाना हुन् ।

अहिले उनीहरूको रैथाने वासस्थलमा अतिक्रमण गरिएको छ । राज्यले वन जंगल राज्यकरण गरेर राष्ट्रिय निकुञ्ज, शिकार आरक्ष तथा संरक्षित क्षेत्र बनाएको छ । कतिपयस्थानमा सामुदायिक वनका नाममा आदिवासी चेपाङले परम्पराबाट भोगचलन गर्दै आएको भूमि र भूक्षेत्रबाट विस्थापित गराइएको छ । यसरी परम्परागत बसोबासस्थलबाट विस्थापित भएपछि उनीहरूको खाद्य प्रणालीमा पनि संकट आएको छ ।

चेपाङहरूको परम्परागत कृषिप्रणाली पनि अनौठो छ जसलाई खोरिया फाँड्ने पद्धति भनिन्छ । परापूर्वकाल देखि चेपाङहरूले पहाडका कुनाकन्दरामा बस्ने, खोरिया फाँड्ने र जंगली खानेकुराकै भरमा जीविका चलाउने गर्दै आएका छन् (आचार्य २०७२) । खोरिया पद्धतिको कृषिप्रणालीले वन जंगलको सुरक्षा हुने, विश्वव्यापी चुनौतीका रूपमा रहेको जलवायु परिवर्तनको चुनौती सामना गर्न सहयोगी हुने तथा वनमा उत्पादित खाद्य पदार्थको पहिचान गर्न सजिलो पर्ने अनुसन्धानहरूको निचोड छ ।

चेपाङको खाद्यपद्धति स्वास्थ्यका लागि लाभदायक हुन्छ । साना खोला तथा नदी किनारामा पाइने गंगटा, पाहा औषधिका रूपमा पहिचान गर्ने चेपाङहरू नै हुन् । तर बिस्तारै पाहा, गंगटा मानव शरीरको निम्ति कति फलदायक छ भन्ने अरूले पनि बिस्तारै बुझ्दै आएका छन् । अहिले त चेपाङका खाद्य वस्तुहरू आयुर्वेदको क्षेत्रमा औषधिका रूपमा प्रयोग हुन्छन् । उच्च रक्तचाप र मधुमेहको निम्ति लाभदायक मानिएको भए पनि यो ज्ञानको बौद्धिक सम्पत्तिको अधिकार भने उनीहरूलाई दिइएको छैन ।

चेपाङ आदिवासीको यो खाद्य ज्ञान दिगो विकास लक्ष्यमा सहयोगी छ । आदिवासी चेपाङहरूले अभ्यास गरिरहेको खाद्य प्रणालीलाई मूलप्रवाहीकरण गर्ने नीति बनेको खण्डमा यस्तो सहयोग महत्त्वपूर्ण सावित हुनसक्छ ।

उनीहरूको आफ्नै प्रणालीमा खाद्य वस्तु संकलन गर्ने र उपभोग गर्ने अधिकार दिइनु अन्तर्राष्ट्रिय कानूनको मूल मर्म हो भन्ने पक्ष पनि यहाँ जोडिन्छ ।

### ५.२ वन तथा वनस्पतिसम्बन्धी तामाङ ज्ञान

नेपालका आदिवासीमध्ये बागमती प्रदेशलाई मुख्य थातथलो बनाएका तामाङ जातिको परम्परा, संस्कृति तथा प्रथाहरू आदिवासी ज्ञानमय छन् । देशको राजधानी वरिपरि मुख्य बसोवास गरेका तामाङहरूको परम्परागत ज्ञानमा आधारित हजारौं अभ्यास प्रचलनमा छन् (तामाङ २०७०) ।

तामाङहरूको आदिवासी ज्ञानमध्ये एक औषधि उपचार विधि हो । नेपाल सरकार वन तथा वनस्पति विभागको सूचीअनुसार तामाङ ज्ञानमा आधारित औषधिजन्य बन तथा वनस्पति दुई सयभन्दा बढी छन् ।[१२] यसको प्रयोग तामाङ परम्पराअनुसार वोन्वो (धाँमी, झाँक्री) बाट हुन्छ । धामी, झाँक्रीको उपचार पद्धति अन्धविश्वास जस्तो लागे पनि कतिपय अनुसन्धानअनुसार यो वैज्ञानिक र तर्कपूर्ण देखिन्छ । अनुसन्धानकर्ता खोजराज गोलेका अनुसार ध्वनि थेरापी, मनोवैज्ञानिक उपचार र जडीबुटीको प्रयोग तामाङ आदिवासीको मुख्य उपचार पद्धति हो ।

भक्तपुरको नगरकोटमा यस लेखकले गरेको अनौपचारिक कुराकानीका क्रममा स्थानीय महिलाहरूले ३०औं प्रकारका जडिबुटी र उपचारसँग सम्बद्ध ज्ञान सुनाएका थिए । त्यस अनुसार कुनै घाउ लागेमा प्रयोग गर्ने वनस्पति थिए भने काटेमा, हात खुट्टा मर्किएमा वा टाउको दुखेमा, अनिन्द्रा, ग्यास्ट्रिक, आउँ तथा सुकेनास लागेको औषधी पनि वन तथा वनस्पतिका विभिन्न झारपात थिए । तर यसको वैज्ञानिक परीक्षणको पाटोबाट पुष्टि हुन भने सकेको छैन ।

वनको दिगो व्यवस्थापनमा आदिवासी तामाङको ज्ञान अनुकरणीय छ । तामाङ बहुल क्षेत्रका वन जोगाउन र वृक्षरोपणलाई अगाडि बढाउन प्रथाजनित संस्था चोहोले विशेष अग्रसरता लिने गर्छ । वन हेर्नका लागि हरेक घरबाट माना पाथी तिर्ने चलन नै छ जसलाई म्हाने भनिन्छ । तर यो परम्परा अहिले लोप भएको अवस्था छ । यसलाई पुनःप्रचलनमा ल्याउन सके दिगो वन व्यवस्थापन र जलवायु परिवर्तनका चुनौती सामना गर्न सहयोग पुग्छ ।

---

१२ अमृत योञ्जन तामाङसँगको कुराकानी ।

तामाङ जाति बौद्ध धर्मावलम्बी भए पनि धर्मलाई अलि फरकरूपमा अपनाउँछन् । तामाङहरू वोन धर्ममा पनि त्यतिकै विश्वास गर्छन् । यसको अगुवाका रूपमा वोन्वो हुने गर्दछन् । वोन्वोले पूजा तथा प्रतिष्ठान सन्चालन गर्दा जंगल, जल र जमिनको सधैँ स्मरण गर्ने गर्दछन् । यसबाट वनसँग सम्बद्ध वनस्पति उनीहरूका लागि सधैँ संरक्षणको विषय बन्ने गर्दछ ।

पानीको मुहान संरक्षण गर्ने तामाङ वोन्वोको अर्को ज्ञान हो । परम्परागत रूपमा हरेक पानीका मुहानमा देवीस्थान स्थापना गर्ने र मुहानको सरसफाई, रूख जंगल लगाउनुपर्ने वोन्वोको अर्को नियम हुन्छ । यस्तो नियम आध्यात्मिक विश्वासका आधारमा लागू गरिएको हुन्छ । यसले एकातिर प्राकृतिक रूख, बिरूवाको संरक्षण हुन्छ भने अर्कोतिर पानीको मूलको संरक्षण हुन्छ । यी क्रियाकलापहरू आफैमा दिगो विकास लक्ष्यका सूचक पूरा गराउने सहयोगी माध्यम हुन् ।

### ५.३. नेवारहरूको जात्रा तथा परम्परा

काठमाडौँ उपत्यकाका तीन जिल्ला काठमाडौँ, ललितपुर र भक्तपुरमा मुख्य बसोवास गरिरहेका नेवार आदिवासी आफैमा सांस्कृतिक परम्परा भएको अर्को जाति हो । यो जातिको उपस्थिति नेपालको सबै जिल्लामा छ । नेवारको उपस्थितिसँगै नेवारी संस्कृति पनि नेपालको अभिन्न संस्कृति भएर प्रसारित छ ।

नेवारी परम्पराहरूले लैगिक समानता, खाद्य सुरक्षा तथा प्राकृतिक स्रोतको दिगो संरक्षणमा सहयोग पुर्‍याएका छन् । संस्कृतिविद् सत्यमोहन जोशीका अनुसार नेवार संस्कृतिमा कुमारी पूजा, बेल विवाह, गुथि परम्परा, काठमाडौँको इन्द्रजात्रा, मच्छेन्द्रनाथको जात्रा, गाईजात्रा आदि दिगो विकासको लक्ष्य पूरा गर्न सहयोग गर्ने सांस्कृतिक पर्वहरू हुन् ।

नेवारी समाजमा महिला र पुरूषबीचको विभेद रहँदैन । बेल विवाह गरेकी चेली विधवा नहुने प्रचलन छ । यो आफैमा एकल महिलामाथि हुने विभेद विरूद्धको एक स्थापित परम्परा हो । जीवित देवी कुमारीको पूजा गर्ने नेवारी परम्पराले बालिका संरक्षणको सन्देश प्रवाह गर्दछ ।

सेतो मच्छेन्द्रनाथको रथ तान्ने परम्परा पानी र खाद्य सम्प्रभुत्तासँग सम्बद्ध छ । त्यसै पनि यसलाई सहकालको देवता मानिन्छ । मच्छिन्द्र

नाथको रथ तान्दा अपनाइने विशेष विधिले पानी संरक्षणको सन्देश दिन्छ । उपत्यकामा यही परम्पराका कारण पोखरीको निर्माण गरिएको हो । यसको लिङ्गो ल्याउनका लागि विशेष काठ हुनुपर्दछ । यहाँ बाँध्ने डोरी तोकिएको तलाउमा भिजाउनुपर्दछ । यो एक प्रकारले पानीको संरक्षण गर्ने विधि हो ।

उपत्यकामा परम्पराअनुसार नै राजकुलो र हिथि निर्माण भएका थिए । पानीको प्रवाह नटुटाउन राजकुलोहरू निर्माण भएका थिए । अहिले शहरीकरणका कारण यस्ता कुलो तथा हिथिहरू संकटमा परेका छन् । सम्पदा बचाउ अभियान चलिरहेको छ । यी परम्पराहरू पुनःस्थापना हुनु अति आवश्यक छ ।

**५.४ अन्य साझा ज्ञानहरू :**

प्रकृतिलाई मुख्य रूपमा देवताका रूपमा मान्ने सबै आदिवासी जनजातिहरूमा अन्न बाली फलेर भित्र्याउने बेलामा पूजा गर्ने चलन छ । जस्तो राईहरूले उँधौली उँभौली, तामाङहरूले भूमिपूजा तथा लिम्बूहरूले न्वागी भन्ने गर्दछन् । भूमिको पूजा गर्नु आफैमा कृषिप्रतिको समर्पण भाव र प्रकृतिसँगको नाताको द्योतक हो ।

लिम्बू समुदायमा किनीमा बनाउने प्रचलन फरक छ । यो खाद्य परिकार राई, लिम्बू तथा किराती समुदायमा लोकप्रिय छ । यसले खाद्य सुरक्षालाई सहयोग गर्दछ । यस प्रकारका मौलिक खानपीन सबै आदिवासीमा रहेको हुन्छ ।

जंगलमा रूखमा उम्रने एक प्रकारको झ्याउ हुन्छ, जो लिम्बू समुदायको मौलिक खाद्यान्नभित्र पर्छ । त्यसलाई व्यावसायीक रूपमा बिस्तार गरेमा स्थानीय तहमै आर्थीक विकासमा महत्त्वपूर्ण टेवा पुग्नेछ । नेपालमा बसोवास गर्ने हरेक जनजाती समुदायबीच केही न केही यस्ता मौलिक ज्ञान र सीप छन्, जसले दिगो विकासको सन् २०३० कार्यसूचीले प्रस्तुत गरेको खाकालाई टेवा पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्ने पक्का छ ।

आदिवासीको कृषि प्रविधि आफैमा प्राकृतिक र मौलिक छ । कृषिका लागि आवश्यक पर्ने बीउ विजन संरक्षण गर्ने आदिवासीको रैथाने ज्ञान छ । हिमाली क्षेत्रमा आलुको बीउ कसरी भण्डार गर्ने भन्ने आफ्नो तरिका छ ।

यसै गरी रैथानेजातको मकैको बीउ, धानको बीउ, तरकारी, सागसब्जीहरूका बीउ जोगाउने विधि आधुनिक कृषि प्रणालीभन्दा उन्नत

छ । काँक्राको बीउ भित्तामा राख्ने, त्यस्तै कऱ्याङ कुरूङ आकाशमा कराए पछि बीउ राख्ने मौलिक चलन आफैमा ज्ञान हो । आदिवास ज्ञानमा आधारित संस्कृतिहरू अहिले अतिक्रमणमा परे पनि आदिवासी आफैले संरक्षण गर्दै ल्याएका छन् । त्यसै पनि अहिले जैविक विविधता महासन्धिको पक्ष भएपछि नेपालले कृषिसम्बन्धी रैथाने तथा परम्परागत कृषिको खोजी गर्नुपर्ने बाध्यता आएको छ । परम्परागत प्रविधिको अभिलेखीकरण र सूचीकरण अहिलेको सबैभन्दा चुनौतीको विषय हो ।

## ६. हेलाँमा आदिवासी ज्ञान

नेपालमा रहेका आदिवासीहरूको परम्परागत ज्ञान धेरै क्षेत्रमा रहेको छ । आधुनिक राज्यको प्रारम्भ गर्नुभन्दा अगाडिदेखि नै जीविकोपार्जनका क्रममा सिकेका हजारौं ज्ञानहरू अहिलेको सन्दर्भमा पनि सान्दर्भिक छ । तर पनि ती ज्ञानहरू पश्चिमी प्रभाव, नश्लवादी सोच, विभेदपूर्ण संरचना जस्ता विभिन्न कारणले हेलाँमा पर्दै आएका छन् ।

माथि चर्चा भएअनुसार आदिवासी ज्ञानमा बन जंगल संरक्षण गर्ने आफ्नो परम्परा छ । खाद्य सुरक्षा, स्वास्थ्य उपचार, जलको संरक्षण प्रकृतिमैत्री व्यवहार र कृषिका आफ्नै प्रविधि छन् । तर ति ज्ञानहरू राज्यका नीतिहरू र कतिपय सन्दर्भमा आदिवासी समुदायकै वेवास्ताका कारण ओझेलमा परेका छन् ।

आदिवासीको मानव अधिकारसम्बन्धी वकिल समूह (लाहुर्निप)को अध्ययनमा आदिवासीलाई विभेदमा पार्ने संवैधानिक र कानूनी प्रावधानहरू विद्यमान छन् (लाहुर्निप २०७३) । राष्ट्रिय मानवअधिकार आयोगले गरेको सिफारिशले पनि आदिवासीहरूको मानव अधिकार हनन् भएको पुष्टि गर्दछ । आयोगले आदिवासीलाई आफ्ना भूमि, वन तथा ज्ञानहरूको प्रयोग गर्न २०७५ सालमा नेपाल सरकारलाई गरेको १३ बुँदे सिफारिश उल्लेख्य छ (रामाअआ २०७५) । त्यसै गरी नीति निर्माण तहमा आदिवासी र आदिवासी महिलाको सहभागिता पनि अर्को समस्याका रूपमा रहेको छ । आदिवासी महलिाहरूको सहभागिताको अवस्था दयनीय छ ।

## ७. निष्कर्ष तथा सुझाव

दिगो विकासको लक्ष्य र परम्परागत आदिवासी ज्ञान र भाषाबीचको अन्तरसम्बन्ध रहेको हुन्छ । आदिवासी ज्ञानले वातावरण रक्षा, लैंगिक समानताका लागि भावी पुस्तहरूको लागि विशेष सन्देश दिन्छ ।

भाषाले कुनै पनि ज्ञानलाई समेट्ने तथा त्यसलाई एक पुस्ताबाट अर्को पुस्तामा सार्ने काम गर्छ । भाषामार्फत एक पुस्तादेखि अर्को पुस्तामा सर्दै आएको लोक तथा स्थानीय ज्ञानले सदियौँदेखि काम गर्दै आएको छ । यस्तो ज्ञानको आदानप्रदान गर्दा अर्को समुदायलाई अनुपम र उपयोगी हुन सक्छ ।

आदिवासी ज्ञान गाँस, बास र कपासको लागि चाहिने स्रोत मात्र होइन, भविष्यका लागि स्रोत बचाउने तथा संवर्द्धन गर्ने माध्यम पनि हो । जसले गर्दा दिगो विकासको लक्ष्यको १२ नम्बरमा रहेको उत्तरदायी उपभोग तथा उत्पादनलाई सहयोग गर्छ । यसले भोकमरी हुन दिँदैन । स्रोतको सही उपयोग गर्दा गरिबी बढ्दैन । साथै वातावरण स्वच्छ रहने हुनाले मानिसको स्वास्थ्यमा प्रतिकूल असर पर्दैन । पानीको मुहान यथावत् रहने साथै स्रोत प्रदूषित हुन नपाउने हुनाले पिउने पानीको निर्मलता कायम रहन्छ । यसले पर्यावरण सन्तुलित राख्ने हुनाले पानी र जमिन दुवैमा बस्ने जीवजन्तुको अस्तित्वलाई खतरामा पार्दैन । आदिवासीको ज्ञान र सीप प्रकृतिलाई दोहोन गर्नेभन्दा पनि एकअर्काका परिपूरक हुन्छन् ।

आदिवासीको ज्ञान प्रकृतिलाई बचाउने खालको हुन्छ । प्रकृति सन्तुलनमा रहे जलवायु परिवर्तन हुँदैन । प्रकृतिको चक्र खल्बलिएन भने मानिसको जीवन पनि सुरक्षित रहन्छ । मानिसको जीवन सहज र समृद्ध होस् भन्नु नै दिगो विकासको लक्ष्यको सार हो जुन कुरामा आदिवासीको ज्ञान र सीप केन्द्रित छ । दिगो विकास लक्ष्य नेपालको संविधानमा व्यवस्था गरिएका नागरिकका मौलिक हकका साथै देशलाई समुन्नत तथा मध्यम आय भएको मुलुकमा २०३० सम्ममा परिणत गर्ने देशको मार्गचित्र पनि हो । नेपालले दिगो विकास लक्ष्यलाई मुलुकको आर्थिक सामाजिक र पर्यावरणीय परिवेशअनुसार कार्यान्वयनमा ल्याउँदै चौधौं योजनादेखि नै आन्तरिकीकरण गर्न सुरू गरेको हो । राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्य पूरा गर्न तथा कार्यान्वयन गरी हासिल गर्न पन्ध्रौं योजनामा आन्तरिकीकरण र तादात्म्य मिलाउने कार्य

गरिसकेको छ । पन्ध्रौं योजनाले दिगो विकासको सन्दर्भमा राष्ट्रिय विकासका आकांक्षा निर्धारण गरेको छ । यसको सफल कार्यान्वयनका लागि भाषामा बाँचेको, आदिवासी महिलाले बचाएको ज्ञान र सीपलाई प्रवर्द्धन गरिनुपर्छ । यसका लागि केही सुझावहरू यहाँ प्रस्तुत गरिएको छ ।

- परम्परागत आदिवासी ज्ञानले मान्यता पाउने गरी संघ, प्रदेश र स्थानीय सरकारले आफ्ना नीति तथा कार्यक्रम र कानूनी दस्तावेजहरूमा समेट्नुपर्दछ ।
- आदिवासी ज्ञानको अभिलेखीकरण गर्न अनुसन्धान तथा वैज्ञानिक खोज गरिनुपर्दछ ।
- आदिवासीको परम्परागत प्रथाजनित संस्थाहरू जस्तो थारूको बरघर (कतै कतै बरघरलाई भल्मन्सा पनि भनिन्छ भने पूर्वतिरका थारूहरूले माइन्जन परम्परा अपनाएका छन्) ह्योल्मोको ह्यलुठिम, तामाङको चोहो प्रणाली आदिलाई मान्यता दिनुपर्दछ ।
- आदिवासी ज्ञानको असल अभ्यासलाई दिगो विकास लक्ष्यसँग जोड्नका लागि जनचेतनामूलक कार्यक्रमहरू गरिनुपर्दछ ।
- लैंगिक समतामूलक आदिवासी समाजको प्रचलनलाई अनुकरण र हानिकारक प्रथा परम्पराहरूलाई[१३] निरूत्साहित गर्ने वातावरणको विकास गरिनुपर्दछ ।
- नीति निर्माणका सबै निर्णायक तहमा आदिवासी र आदिवासी महिलाको अर्थपूर्ण सहभागितामूलक प्रतिनिधित्वको व्यवस्था गरिनुपर्दछ ।
- नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय कानूनहरूको कार्यान्वयन गरिनुपर्दछ ।
- आदिवासी मिडियाको बेग्लै सूचीकरण र मान्यता दिने गरी कानूनी व्यवस्था हुनुपर्छ ।
- आदिवासी ज्ञानको बौद्धिक सम्पत्तिको अधिकार सुरक्षित गर्न र अनुवंशिक स्रोतको पहुँच स्थापीत गर्न कानून निर्माण गर्नुपर्छ ।

---

१३ सबै जातिका हानिकारक प्रथा र परम्परा हुन्छन् । जस्तो छाउपडी हानिकारक प्रथा हो भने बौद्ध धर्ममा माइली छोरीलाई आनी वा झुमा बनाउने परम्परा पनि हानिकारक हो । यसरी नै उपचारका नाममा बली दिने, धामी झाँक्री लगाउने परम्परा पनि हानिकारक हुन् । यस्ता परम्पराहरू मानवअधिकारको विरूद्ध भएमा प्रयोग गर्न नसकिने अन्तर्राष्ट्रिय कानूनी अभ्यास रहेको छ ।

- आदिवासी ज्ञानलाई निषेध गर्ने प्रकारका कानूनहरू संशोधन गरिनुपर्छ ।
- आदिवासी महिलाको भूमि अधिकार सुरक्षित बनाउने काम गरिनुपर्दछ ।

## सन्दर्भ सामग्री


आचार्य, डा. पुष्पराज । २०७२ । *चेपाङ, चिउरी र चमेरा* । काठमाडौं : प्रकृतिका साथीहरू ।

तामाङ, अजितमान । २०७० । *तामाङ जाति* । काठमाडौ : आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान ।

रामाअआ । २०७५ । *महासन्धि १६९ कार्यान्वयनको अवस्था* । काठमाडौं : राष्ट्रिय मानवअधिकार आयोग ।

लाहुर्निप । २०७३ । *नेपालको संविधानको विश्लेषण* । काठमाडौं : नेपालका आदिवासीहरूको मानव अधिकारसम्बन्धी वकील समूह (लाहुर्निप) ।


**अध्ययनका क्रममा अन्तर्वार्ता लिइएका स्रोत व्यक्तिहरू**

१. डा. यमुना घले, कृषि विज्ञ
२. यशोकान्ति भट्टचन, आदिवासी विज्ञ
३. सत्यमोहन जोशी, संस्कृतिविद्
४. भुपाल राई अध्येता तथा लेखक
५. अर्जुनबहादुर तामाङ, अनुसन्धानकर्ता तथा पत्रकार
६. अमृत योञ्जन तामाङ, भाषाबिद तथा अनुसन्धानकर्ता
७. निमा लामा योल्मो, प्रदेश सभासद, बाग्मती प्रदेश
८. शंकर लिम्बू, अधिवक्ता
९. राम मादेन, सांस्कृतिक अभियन्ता

*(सञ्चारिका समूहकी महासचिव पत्रकार तथा लेखक विमला तुम्खेवा 'महिलाखबरडटकम'सँग आबद्ध छिन्)*

# समग्र विकासको पर्खाइमा एक मौलिक समुदाय

सुन्दर शिरीष (मणिसुन्दर कोइराला)

## १. शोध परिचय

### १.१ विषय परिचय

थामी समुदायका मानिसहरूले आफूलाई 'थाङ्मी' भन्न रूचाउँछन् । यो जातिका मानिसहरूले प्राकृत धर्म अँगालेको पाइन्छ जसलाई उनीहरू वोन या किराँत भन्ने गर्छन् । उनीहरू आफ्नै भाषा थाङ्मी खाम बोल्ने गर्दछन् । २०६८ सालको जनगणनाअनुसार यस समुदायको जनसंख्या २८ हजार ५८४ रहेको छ ।

प्रस्तुत शोधकार्यमा थामी भाषा र यसले आर्जन गरेको परम्परागत ज्ञान, उद्यमशीलता, प्रकृतिसँगको अन्तरसम्बन्ध, कृषि तथा यसको उपयोगिताको बारेमा अध्ययन गरिएको छ । थामी समुदायको ज्ञान र सीपको पुस्तान्तरण प्रक्रिया र पुस्तान्तरणमा देखापरेका समस्या, यस समुदायको भाषा के-कसरी प्रयोग गर्दा उद्यमशीलता अभिवृद्धि भयो भएन, राजनीतिक परिवर्तनले थामी

समुदायको जीविका र संस्कृतिलाई के कस्तो टेवा पुग्यो, भाषा तथा संस्कृतिको संरक्षण र संवर्द्धनका लागि यो समुदाय वा समुदायका अगुवाबाट वा अरू कसैबाट कुनै पहल भयो भएन लगायत पक्ष पनि प्रस्तुत शोधको अनुसन्धेय विषय रहेको छ ।

## १.२. समस्या कथन

यस अध्ययनका मूलभूत समस्यालाई बुँदागत रूपमा यसरी प्रस्तुत गरिएको छ ।

(क) थामी जातिको पृष्ठभूमि, परिचय, विशेषता, बसोवास क्षेत्र, जनसंख्या, भाषा, कला, संस्कृति, ज्ञान, सीपमा देखिएको समस्याको पहिचान गर्न कठिनाइ ।

(ख) थामी भाषाले आर्जन गरेको परम्परागत ज्ञानमा आधारित उद्यमशीलता, त्यसको कृषिसँगको सम्बन्ध, उपयोगिता र वर्तमान अवस्थाको बारेमा खोजी गर्न ती समुदायमै पुग्नुपर्ने ।

(ग) थामी समुदायको ज्ञान, सीपको पुस्तान्तरण प्रक्रिया र पुस्तान्तरणमा देखापरेका समस्या पहिचान गर्न स्रोत साधनको सीमितताको बीच गर्नुपर्ने ।

(घ) राजनीतिक परिवर्तनले थामी समुदायको जीविका र संस्कृतिलाई टेवा पुऱ्याएको छ कि छैन, भाषाको संरक्षण तथा संवर्द्धनका लागि राज्यका निकायहरूको भूमिका के कस्तो छ भन्ने विषयमा तथ्य संकलनको पहुँचमा बाधा आउनु ।

## १.३. अध्ययनको उद्देश्य

थामी भाषा र यसले आर्जन गरेको परम्परागत ज्ञान, उद्यमशीलता, प्रकृतिसँगको अन्तरसम्बन्ध, कृषि तथा यसको उपयोगिताको अध्ययन नै यस शोधकार्यको मूल उद्देश्य हो । यस शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) थामी जातिको पृष्ठभूमि, परिचय, विशेषता, बसोवास क्षेत्र, जनसंख्या, भाषा, कला, संस्कृति, ज्ञान, सीपको अध्ययन गरी लिपिबद्ध गर्नु ।

(ख) थामी भाषाले आर्जन गरेको परम्परागत ज्ञानमा आधारित उद्यमशीलता,

कृषि कार्य, ज्ञान, सीपको पुस्तान्तरण प्रक्रियामा देखापरेका समस्या पहिल्याउनु ।

(घ) भाषाको संरक्षणका लागि राज्यका निकायहरूको भूमिका र राजनीतिक परिवर्तनले थामी समुदायको जनजीवनमा पारेको प्रभावका पक्षलाई उजागर गर्नु ।

### १.४ अध्ययनको औचित्य

थामी जाति लोपोन्मुख अवस्थामा रहेको सीमान्तीकृत समुदाय हो । आफ्नो जातीय अस्तित्व र पहिचान भएर पनि संकटबाट गुज्रिरहेका थामी जाति नेपालको ३७ जिल्लामा बसोवास गरिरहेको देखिन्छ । सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुलीलगायत केही जिल्लामा बाक्लो बस्तीमा रहेका थामी जाति विभिन्न आन्दोलन र राजनीतिक परिवर्तनमा अग्रमोर्चामा देखिए पनि अहिलेको अवस्थामा उनीहरूको स्थान अत्यन्त नाजुक छ । पञ्चायती शासनविरूद्ध पिस्कर हत्याकाण्डमा इले थामी र वीरबहादुर थामीले देखाएको वीरताको इतिहास, ०४६ सालको आन्दोलनमा प्रजातन्त्र प्राप्तिका लागि थामी समुदायले गरेको योगदानका साथै ०५२ सालदेखि १० वर्ष चलेको सशस्त्र संघर्षमा यो जातिको योगदान स्मरणीय छ ।

यसरी आन्दोलन र परिवर्तनको सवालमा उनीहरू लागिपरेको भए पनि आर्थिक, भौतिक, सामाजिक र राजनीतिक अवस्थामा उन्नति गर्न सकेको पाइँदैन । यसको कारण के हो ? प्रश्न गम्भीर छ । यस शोधपत्रमा थामी जातिय उत्थानमा रहेका समस्या, उनीहरूको भाषा, कला, संस्कृति, ज्ञान, सीप, उद्यमशीलताको पहिचान गर्नु अत्यन्त आवश्यक भएकाले तिनको समस्या र समाधानको विषयवस्तुलाई केलाएर यो अध्ययन गर्न खोजिएको छ ।

### १.५ पूर्वप्रकाशित कृतिहरूको समीक्षा

थामी जातिबारे न्यून मात्रामा मात्रै अध्ययन अनुसन्धान भएको पाइन्छ भने एकाध कृतिहरू पनि प्रकाशन भएका छन् । यस क्रममा तीन वटा शब्दकोष प्रकाशित भएको पाइन्छ ।

तीमध्ये भारतको दार्जलिङमा जन्मिएर त्यतै बसोवास गरिरहनुभएकी सुमित्रा थामीद्वारा लिखित थामी भाषाको शब्दकोष– २०७३ मा ५ हजार

शब्दहरू समावेश छन् । २५० पृष्ठको शब्दकोश थामी समाज दार्जलिङले प्रकाशन गरेको हो ।

अर्को थामी नेपाली–अंग्रेजी शब्दसंग्रह जापानिज एजुकेसनल भोलेन्टियर्स (जेभ) का टाडायोशी यामामोटो र सुएयोसी तोबाको सल्लाह र सहयोगमा सुस्पा शैक्षिक विकास समितिले प्रकाशमा ल्याएको हो । यो संग्रहमा थामी भाषाका २ हजार ५ सय शब्दलाई अर्थाइएको छ । गोपाल थामी र उनका सहयोगी भक्तबहादुर, वृषबहादुर र कालीमैया थामीले संकलन गरेको थाङ्मी भाषालाई अंग्रेजीमा अनुवाद दिनेशराज शिवाकोटीले गरेका छन् ।

अर्को 'नेपाली–थामी–अंग्रेजी शब्दकोश (सन् २००४) मार्टिन चौतारीबाट प्रकाशित छ । यो शब्दकोश वीरबहादुर थामीको सहयोग लिएर बेलायती नागरिक मार्क टुरिनले तयार पारेका हुन् । टुरिनले सन् १९९६ देखि शब्दकोष तयार पार्न थालेको भूमिकामा उल्लेख गरेका छन् । थामी भाषामा पीएचडीको शोधकार्य तयार गर्न तल्लीन टुरिनले मेहनतका साथ प्रकाशमा ल्याएका यो शब्दकोशमा नेपाली शब्दलाई थामी र अंग्रेजीमा अनुवाद गरिएको छ ।

शिवाकोटी प्रा.डा. गोपाल शिवाकोटीद्वारा लिखित थामी जातिको परिचय, प्रा.डा. प्रेम खत्रीद्वारा लिखित नेपालका जातिय संस्कार र पदमबहादुर थामीद्वारा लिखित थाङ्मी भाषाकारीसहित ३ पुस्तक पनि प्रकाशित छन् । यसै गरी आदिवासी जनजाति सम्बन्धी महासन्धी १९९८ लाई थामी भाषामा अनुवाद गरिएको कृति र नेपाल थामी समाजले प्रकाशित गरेका दुई वटा बुलेटिनसमेत हाल थामी भाषा संस्कृतिलाई उजागर गर्ने सामग्रीहरू हुन् ।[1] तिनै पूर्वप्रकाशित कृतिहरूसमेत यस अध्ययनको द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

## १.६ शोधको सीमाङ्कन

अति सीमान्तीकृत समुदायमध्ये एक थामी जातिको मातृभाषा, परम्परा, मान्यता, ज्ञान, र सीपहरूलाई लिएर यो अध्ययन केन्द्रित छ । थामी जातिको मुख्य बसोवासको क्षेत्र सिन्धुपाल्चोक, दोलखा र अन्यत्र बसोवास रहेका जिल्लाको स्थानीय जनजीवनलाई आधार मानेर अध्ययन गरिएको छ ।

१ नेपाल थामी समाजका अध्यक्ष सुखवीर थामीसँगको कुराकानीमा आधारित (थप कुराकानीका लागि अनुसूची – १ हेर्नुहोस्) ।

१.७. शोधविधि

प्रस्तुत शोधकार्यमा विषयवस्तुलाई मध्यनजर गरी सामाजिक सिद्धान्तलाई आधार बनाएर शोध समस्याको समाधान गरिएको छ । यसका साथै शोधपत्रलाई स्थलगत अध्ययन, पुस्तक अध्ययन, अन्तर्वार्ता र प्रत्यक्ष कुराकानीमा आधारित रही विश्लेषणात्मक पद्धतिद्वारा प्रस्तुत गरिएको छ ।

(क) स्थलगत अध्ययन

प्रस्तुत शोधकार्यमा मुख्यतः सिन्धुपाल्चोक र दोखलामा थामी जातिको बसोवास रहेको क्षेत्रको स्थलगत भ्रमण तथा अवलोकन गरिएको छ । त्यस क्षेत्रमा बसोवास गर्ने थामी जातिका अगुवाहरूलाई प्राथमिक स्रोतको रूपमा लिइएको छ ।

(ख) पुस्तकालय अध्ययन

प्रकाशित पुस्तक, पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरूको अध्ययन गरी त्यसको सहयोग लिइएको छ ।

(ग) अन्तर्वार्ता र प्रत्यक्ष कुराकानी

शोधकार्य गर्दा थामी जातिका अगुवा, भाषा संस्कृतिका अभियन्ता, बूढापाका तथा प्रतिनिधिहरूसँग प्रत्यक्ष भेटघाट गरी अन्तर्वार्ता लिइएको छ ।

यसका साथै प्राप्त सामग्रीहरू, स्रोतव्यक्ति, समुदायको फोटो खिचेर संकलन पनि गरिएको छ ।

**१.८ शोधपत्रको रूपरेखा**

प्रस्तुत शोधपत्रलाई विभिन्न पाँच परिच्छेदमा विभाजन गरी सङ्गठित र व्यवस्थित गरिएको छ ।

पहिलो परिच्छेदमा शोध परिचय दिने क्रममा विषयको परिचय, समस्या कथन, उद्देश्य, औचित्य, पूर्वप्रकाशित कृतिहरूको समीक्षा, सीमाङ्कन, विधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा थामी जातिको परिचय दिइएको छ । यस परिच्छेदमा थामी जातिको परिचय दिने क्रममा उनीहरूको बसोवास क्षेत्र, जनसंख्या, विशेषता, भाषा र शिक्षाका अवस्थाका बारेमा पनि जानकारी दिइएको छ । यसका साथै संस्कृति, थामी समुदायबाट उच्च तहमा पुगेका व्यक्तिहरू,

थामी समुदायको आम सञ्चारमा पहुँचजस्ता पक्षलाई पनि यस परिच्छेदमा केलाइएको छ ।

परिच्छेद तीनमा थामी जातिको परम्परागत ज्ञान, उद्यमशीलता र उपयोगिता प्रस्तुत गरिएको छ । खास गरी थामी समुदायका परम्परागत ज्ञान, उनीहरूको उद्यमशीलता, प्रकृतिसँगको अन्तरसम्बन्ध, कृषि तथा यसको उपयोगिताका साथै यस समुदायका प्रतिनिधि व्यक्तिहरूको अन्तर्वार्ता र मूल्य मान्यता यस परिच्छेदमा अटाएका छन् ।

चौथो परिच्छेदमा थामी जातिको उत्थानमा देखिएका समस्या र समाधानको चर्चा गरिएको छ भने अन्तिम अर्थात पाँचौं परिच्छेदमा शोधपत्रको उपसंहार तथा शोधकार्यको निष्कर्ष पेश गरिएको छ । अध्ययनको अन्त्यमा स्वाभाविकरूपमा सन्दर्भ सूची राखिएको छ ।

## २. थामी जातिको परिचय

### २.१ परिचय

नेपाल सरकारले नेपालका विभिन्न ५९ जनजातिलाई आदिवासी जनजाति भनेर वैधानिक रूपमा प्रमाणित गरेको छ । आदिवासी जनजातिहरूलाई पनि सरकारले ५ वर्गमा छुट्ट्याएको छ । तीमध्ये थामी अति सीमान्तीकृत वर्गमा पर्ने आदिवासी जनजाति हो । राज्यका विभिन्न निकायमा केन्द्रस्तरसम्मको पहुँच नहुँदा थामी जाति अति सीमान्तीकृत वर्गमा रहन बाध्य छ (शिवाकोटी २०७० : ९) ।

थामी जातिको आफ्नै वेशभूषा, भाषा, रीतिरिवाज र संस्कार/संस्कृति छ । इतिहासअनुसार थामी जातिको उत्पत्ति दोलखा जिल्लाको सुस्पाको राङ्राङ्थली भन्ने ठाउँबाट भएको हो (खत्री २०७३ : ५१) । बूढापाका, स्थानीय बुद्धिजीवी, धार्मिक गुरूहरूको भनाइ र विभिन्न लेख, समाचारहरूले पनि यसै तथ्यलाई सन्दर्भका रूपमा लिएर उल्लेख गर्ने गरेका छन् ।

सन् १३२६ मा तुघलक सेनाले आक्रमण गरी सिमरौनगढ राज्य ध्वस्त पारेपछि त्यहाँबाट बाँचेर आएका यापति, सोनारी र उके, वेती यिनै दुई जोडीलाई नै थामी जाति उत्पति गर्ने जोडी भनेर किंवदन्ती प्रचलनमा मानिएको स्थानीय वृद्ध भानुदास थामीको भनाइ छ । उनका अनुसार त्यति

बेलैतिर दोलखा शहरको हेरालुले सुष्पा हुँदै बगेको खोलाबाट दाउराका ठुटा बगाएर ल्याएको देखी माथि मान्छेको बस्ती छ कि भनी खोजी गर्दा यापित र सोनारीलाई भेटेको भन्ने भनाइ पाइन्छ । यापित र सोनारी सिमाङघाट, कुमाङघाट हुँदै आएर राङ्राङ्थलीमा थामिएर बसेकाले थामी जात रहन गएको हो । यापित र सोनारीका आठ छोरी र सात छोरा रहेकोमा नजिक अरू कुटुम्ब नभएकाले सात छोरासँग सात छोरीको विवाह गरिदिएको भन्ने किम्वदन्तीसमेत पाइन्छ । एक छोरीलाई भने अरू कसैले गर्भधारण गराएको र त्यो छोरीबाट जन्मिएको सन्तानलाई थामीको रोइनी थर भनिएको र उनीहरू थामी जातिमा सानो जाति मानिने भानुदास बताउँछन् ।[२]

लिखित इतिहास नभएकोले गर्दा परम्परागत कुरालाई मान्दै आएको थामी जातिका अगुवा एवम् अधिवक्ता टहल थामी बताउँछन् । 'थामीले मान्ने र सबैले दिगोसित राख्न सकिने धर्म, रीतिरिवाज, संस्कार र संस्कृतिसहितको आफ्नो परिचय हाम्रा पुर्खाले हामीलाई दिएर गएनन् । केवल मुख–मुखमा भनेर गए', अधिवक्ता थामी भन्छन् । थामी जातिको बिस्तार सोही स्थानबाट स्यु–स्यु राजा, स्यु–स्यु रानी, यापती छुकु र बेते आजी नामक पुर्खाहरूबाट भएको हो भन्ने जनविश्वास रही आएको छ ।[३]

थामी समुदायका मानिसहरूले आफूलाई 'थाङ्मी' भन्न रूचाउँछन् । तर थरको प्रयोग गर्दा भने उनीहरूले थाङ्मी लेख्दैनन्, थामी नै लेख्छन् । यो जातिका मानिसहरूले प्राकृत धर्म अँगालेको पाइन्छ जसलाई उनीहरू बोन या किराँत भन्ने गर्छन् । पुस्तौंदेखि नेपालमा बसोवास गर्दै आएका थामीहरू प्राचीनकालदेखि नै किराँत धर्मावलम्वी रहेको तथ्य विदेशी अनुसन्धानकर्ता डा.मार्क टुरिनले पनि पुष्टि गरेका छन् (टुरिन सन् २००४)।

थामीहरूको संस्कार किराँतसँग मिल्दोजुल्दो हुन्छ । थामी जातिले विशेष गरी भूमेको पूजा गर्ने र हरेक वर्ष उँधौली उँभौली पर्व मनाउने गर्दछन् । एकअर्कामा सद्भाव, सहिष्णुता र प्रेमको भाव राख्दै थामीहरूले हिजोआज माघे संक्रान्ति, असार १५, दशैं, तिहार, जनैपूर्णिमा, चैतेदशैं, फागु

---

२ भीमेश्वर नगरपालिका-१ का स्थानीय भानुदास थामीसँगको कुराकानीमा आधारित । तर, उनले भनेका कुराको लिखित प्रमाण भने भेटिएको छैन ।

३ थामी जातिका अगुवा एवम् अधिवक्ता टहल थामीसँगको कुराकानीमा आधारित ।

पूर्णिमाजस्ता पर्वहरूसमेत मनाउने गरेको पाइन्छ । यिनीहरूको मुख्य पेसा कृषि हो भने केही थामीहरू काठसम्बन्धी (सिकर्मी), ढुङ्गासम्बन्धी (डकर्मी) र बाँस/चोयाका सामानहरू बनाउने कार्यमा पनि लागेको पाइन्छ ।

थामी जातिको संस्कृति परम्परामा केही नितान्त मौलिकता पनि छन् । तर पनि आजसम्म न सरकारले यसलाई संरक्षण गर्ने गमर्को गरेको छ, न त थामी जातिका व्यक्तित्वहरूले नै ती मौलिकताको संरक्षणका लागि समुचित प्रयास गरेका छन् । थामी भाषा अध्येता एवम् लेखक विकेश थामीका अनुसार, फलस्वरूप आज रोजिरोटीको लागि युवा शहर पसेका छन्, गाउँघर प्रायः शून्य छ र आफ्नो भाषा बोल्ने क्रम घट्दै गएको छ ।[४]

थामी जातिको इतिहासका कथाव्यथाहरू अति नै मार्मिक छन् । विगतमा थामीहरू गाउँघरका हुनेखाने वर्गद्वारा शोषित थिए । हुने खाने वर्गलाई देवता झैं मान्ने थामी जातिको संस्कार नै बनिसकेको थियो । अशिक्षा, गरीबी र अति न्यून चेतनाका कारण पछाडि परेका थामी समुदायमा छोरीलाई पढाउनु हुँदैन भन्ने अन्धविश्वासले पनि जरा गाडेको थियो । अहिले भने छोरा र छोरी समान हुन् भन्ने चेतनाको विकास भएको पाइन्छ । आफ्नो हक, अधिकार प्राप्तिका लागि अगाडि बढ्नुपर्छ भन्ने भावनाको पनि विकास भएको छ । यसैक्रममा आजका थामीहरू कला, पत्रकारिता, शिक्षा, राजनीतिका साथै सामाजिक संघ, संगठनमा पनि सक्रियरूपमा सहभागी हुने अवस्था बनेको छ । अझै पनि सरकारी निकाय र राज्यका विभिन्न अङ्गमा थामी जातिको उपस्थिति शून्य प्रायः नै रहेको छ ।

## २.२ बसोवास क्षेत्र

दोलखा जिल्लाको राङराङथलीलाई प्रमुख किपट थलो मानिने थाङमीहरूको मुख्य बसोवास क्षेत्र बागमती प्रदेशका दोलखा, सिन्धुपाल्चोक र रामेछापलाई मानिन्छ । दोलखाको आलम्पु, लापिलाङ, थामी चागु, टुङापा, सिन्धुपाल्चोकको चोकटी, पिस्कर र रामेछापको डढुवा थामीको घनाबस्ती भएका ठाउँ हुन् । यीबाहेक नेपालका ३७ जिल्लामा उनीहरूको बसोवास

४ थामी भाषा अध्येता एवम् लेखक विकेश थामीसँगको कुराकानीमा आधारित *(थप कुराकानीका लागि अनुसूचि - २ हेर्नुहोस्)* ।

छ । नेपालका ५८ नगरपालिकामध्ये २७ नगरपालिकामा थामीहरूको बसोवास रहेको देखिन्छ ।[५]

सिन्धुपाल्चोकमा चोकटी, घोर्थली, धुस्कुन, पिस्कर, तौथली, राम्चे, कर्थलीजस्ता ठाउँमा यो समुदायको घना बसोवास रहेको पाइन्छ । दोलखाका सुस्पा क्षमावती, सुन्द्रावती, सुनखानी, लापिलाङ, लामिडाँडा, कालिञ्चोक, बाबरे, आलम्पु, बिगु, खोपाचागु, लाकुरी डाँडा, आदि गाविसमा थामीहरूको अधिक जनघनत्व रहेको छ । रामेछापका डढुवा, बेताली, प्रीति आदि गाविस र इलाम जिल्लाका गोरखे, नयाँबजार र जोगमाइमा पनि थोरै संख्यामा थामीहरूको बसोवास रहेको छ ।

सिन्धुपाल्चोक र दोलखा जिल्लामा यस समुदायको मुख्य र घना बसोवास रहे पनि नेपालका विभिन्न ३७ वटा जिल्लामा उनीहरूको बसोवास रहेको छ । ती जिल्ला दोलखा, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, धादिङ, नुवाकोट, रसुवा, मकवानपुर, चितवन, ओखलढुङ्गा, उदयपुर, सल्यान, दैलेख, प्युठान, दाङ, तनहुँ, बाग्लुङ, म्याग्दी, पर्वत, प्युठान, संखुवासभा, भोजपुर, सुनसरी, झापा, सोलुखुम्बु, गोर्खा, कास्की, लमजुङ्, स्याङ्जा, गुल्मी, खोटाङ, कपिलवस्तु, नवलपरासी, रुपन्देही, अर्घाखाँची र पाल्पा हुन् ।

नेपालका साथै यो जातिको बसोवास भारतको दार्जलिङ, सिक्किम, गान्तोक, कर्णाटक र चीनको सिजुवान, खम्पा क्षेत्र र भुटानको पारो क्षेत्रमा पनि रहेको छ । उनीहरू नेपालबाटै ती ठाउँहरूमा गएको अनुमान गरिएको छ तर छिटपुट रुपमा नेपालका ७३ जिल्लामा थामीहरू रहेका छन् (नेपाल थामी समाज २०७४ : २१) ।

## २.३ मौलिकता

महिला र पुरूषको समानान्तर थर हुनु थामी जातिको मौलिक र रोचक विशेषता हो । अर्थात्, थामी महिला र पुरूषको पहिचानका छुट्टाछुट्टै थर हुन्छन् । जुन थर आमाको छोरीमा र बाबुको छोरामा प्रसारित हुन्छ । उदाहरणको लागि एउटा थामी परिवारमा श्रीमान्को थर थाङथोङ छ र श्रीमतीको थर आल्तासिरी छ भने उनीहरूबाट जन्मने छोराको थर थाङथोङ

५ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको वेबसाइट https://sthaniya.gov.np मा उल्लेख ।

हुनजान्छ भने छोरीको थरचाहिँ आल्तासिरी रहन्छ ।

उनीहरूको विवाह गरिसकेपछि पनि थर परिवर्तन हुँदैन । घरमुलीको रूपमा महिलालाई मानिनुले पनि थामीमा लैङ्गिक विभेद नरहेको देखिन्छ । थामी महिलाहरूको २५ भन्दा बढी थरहरूमध्ये आल्तासिरी, आपानसिरी, यान्तेसिरी, खाट्टासिरी, जिमिसिरी, शिवासिरी, चाल्दासिरी मुख्य हुन् । पुरूषहरूको चाहिँ थाङथोङ, आक्याङमी, दुम्सीपेरे, मसानथी लगायत १८ वटा थर हुने यापित सोनारी संरक्षण तथा सम्बद्धन समाज नेपालका संस्थापक सचिव दिलिप थामीले जानकारी दिए ।[६]

## २.४ जनसंख्या

२०६८ सालको जनगणनाअनुसार यस समुदायको जनसंख्या २८ हजार ५८४ रहेको छ । जसमध्ये १४ हजार ७१३ महिला र १३ हजार ८७१ पुरूष रहेका छन् । थामीहरूको घना बस्ती रहेको दोलखा जिल्लामा उनीहरूको जनसंख्या १३ हजार ९३६, सिन्धुपाल्चोकमा ३ हजार ९९३ र रामेछापमा एक हजार ५११ रहेको छ । सिन्धुपाल्चोकको त्रिपुरासुन्दरी गाउँपालिकामा ६३०० थामी समुदाय रहेको पाइन्छ ।

## २.५ भाषा

थामीहरूले आफ्नो भाषालाई खाम भन्छन् । थामी भाषा नेपालमा बोलिने भोट-बर्मेली भाषा परिवारअन्तर्गत पर्दछ । नेपालको विशेष गरी दोलखा, रामेछाप र सिन्धुपाल्चोक जिल्लाहरूमा यो भाषा बोलिन्छ । २०६८ सालको जनगणानाअनुसार थामी भाषा बोल्नेको संख्या २३ हजार ३७१ रहेको छ जसमध्ये ११ हजार ९८३ महिला र ११ हजार ३८८ जना पुरूष रहेका छन् । यो संख्या थामीहरूको कुल जनसंख्याको ८२ प्रतिशत हो । तर, नयाँ पुस्तामा देखिएको भाषाप्रतिको उदासिनताका कारण थाङ्मी खाम भाषा लोप हुने खतरा पनि उत्तिकै छ । यो भाषामा लेख्य परम्पराको विकास नभएको भए पनि पछिल्लो समयमा लेख्य परम्पराको सुरूवात भएको छ ।

६ यापित सोनारी संरक्षण तथा संवर्द्धन समाज, नेपालका संस्थापक सचिव दिलीप थामीसँग गरिएको कुराकानीमा आधारित ।

## २.६ शिक्षा

नेपालकै अति सीमान्तीकृत र विपन्न थामी समुदायमा शिक्षाको कमी देखिन्छ । छोरीहरू घाँसदाउरा, मेलापात र घरकै काममा रहने र छोराहरू आयआर्जनका लागि अन्यत्र जाने गरेको कारण पनि यो समुदायमा शिक्षा प्रथमिकताभित्र परेको छैन । अशिक्षा र चेतनाको कमिका कारण थामी समुदाय पछि परिरहेको छ । गरिबीका कारण बालबालिकाहरूले बीचैमा विद्यालय छाड्नुपर्ने बाध्यता पनि देखिन्छ ।

पछिल्लो समय केहि स्थानीय तहले थामी समुदायका सम्पूर्ण बालबालिकाहरूको पढाई खर्च बेहोर्ने जनाउँदै आएका छन् । शिक्षा मन्त्रालयको मातृभाषा पाठ्यक्रम निर्देशिकाअनुरूप प्राथमिक तहमा थामी भाषाको पाठ् यक्रम पनि निर्माण गरिएको छ । तर पनि शिक्षामा थामी समुदायले प्रगति गर्न सकेको छैन । युवा विश्लेषक एवम् लेखक विकेश थामीका अनुसार, अहिलेसम्म थामी समुदायका कुल जनसंख्याको एक प्रतिशतले मात्रै उच्च शिक्षा अध्ययन गरेको छ ।[७]

## २.७ संस्कृति

आफ्नै अलग धर्म भएका थामी जातिले कुलदेवताको रूपमा भुमे( भुम्या)को पूजा गर्दछन् र सबै कर्मकाण्ड संस्कारहरू आफ्नै थामी गुरूद्वारा मौखिकरूपमा गर्ने गर्दछन् । सिन्धुपाल्चोकका थामीहरूको रहनसहन, परम्परा रीतिरिवाज, थर, गोत्र र भाषाको केही लवज दोलखाका भन्दा अलि फरक रहेको पाइन्छ ।

थामी जातिको संस्कृति परम्परामा केही मौलिकता पनि छन् । जस्तै : बाबुको विवाह नभईकन अथवा भागी विवाहबाट सन्तान भएमा सन्तानको विवाहको आघिल्लो दिन बाबुको विवाह गर्नुपर्ने हुन्छ भने विवाह नभई मृत्यु भएमा किरिया (घेवा) गर्दा पञ्चेबाजा बजाएर विवाह फुकाउनु पर्छ । यस्ता थुप्रै बाहिर नआएका संस्कारहरू थामी जातिभित्र रहेका छन् । थामी समुदायको जुनसुकै शुभ कार्यमा टोटोलाको फुलको अत्यावश्यक हुन्छ जसलाई थामी भाषामा बालदाने भनिन्छ । थामी जातिका थुप्रै बाजाहरूमध्ये

७ युवा विश्लेषक एवम् लेखक विकेश थामीसँगको कुराकानीमा आधारित ।

मेर्कोङ-बाघको हाड बारादेवा पूजाका बेला बजाइने सुरबाजा हो । यसबाहेक पिचालिङ, टाके, थात्रा, ठेङका, बाखाराटाके, डम्फू, मुरली, मुर्चुङगा, बिनायो आदि हुन् ।

थामी संस्कृतिलाई जोगाउन ६३ प्रतिशत थामी समुदाय रहेको सिन्धुपाल्चोकको त्रिपुरासुन्दरी गाउँपालिकामा थामी संग्राहलय निर्माण सुरू गरिएको छ । सिन्धुपाल्चोक थामी समाजले निर्माण गरेको संग्राहलयको संरचना सम्पन्न हुन लागेको समाजका अध्यक्ष उदय थामीले बताए । संग्राहलयमा थामी जातिको ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, मौलिक सांस्कृतिक पक्षलाई समेटिने र थामी समुदायको साझा आस्थाको केन्द्रको रुपमा विकास गरिने सोच रहेको उनले बताए ।[८] त्यस्तै दोलखाको भीमेश्वर नगरपालिका-१, सुस्पाक्षमावती स्थित राङ्राङ्थलीमा र सिन्धुलीको सिन्धुलीगढीमा पनि थामी संग्रहालय बनाउन सुरू गरिएको छ ।

### २.७.१ जन्म संस्कार

यो जातिमा पहिले पहिले घरमै सुत्केरी हुने चलन थियो । अहिले सबैजसो अस्पताल पुग्छन् । बच्चा जन्मेपछि तीन दिनका दिन झाँक्री आएर गहुँत मन्तर्ने, त्यही गहुँत छर्केर चोख्याउने गरिन्छ । अदुवाको चाना एक थाल, भाले काट्ने, जाँड रक्सी बनाएर आफ्ना दाजुभाइलाई मात्र बोलाएर खाना खुवाउने पनि गरिन्छ । तीन दिनमै सुतक चोखिन्छ । न्वारान भने ६ महिना, वर्षदिन पछि वा आफनो अवस्था अनुसार विवाह हुनु अगाडिसम्ममा गर्नुपर्छ । न्वारान नगरी विवाह गर्नु हुँदैन । न्वारानका दिन कुखुराको भाले काट्न्, रक्सी जाँड खाएर रमाउने गरिन्छ । न्वारन नगरी मृत्यु भएमा मृत्यु संस्कार गर्नुअघि न्वारान गरेर मात्र मृतकको घेवा गरिन्छ । नाबालक भए एकै दिनमा चोख्याइन्छ । यसरी जन्मेका बच्चाको संस्कार गर्ने चलन थामी जातिमा रहेको पाइन्छ ।

### २.७.१ विवाह परम्परा

यो जातिमा केटा पक्षबाट केटी पक्षमा कुरा चलाएपश्चात् आमापछिको मामाले कुरो नछिनेसम्म छोरी दिने चलन हुँदैन । टालाङटुलुङ, सगुन ढाल्न

---

८ सिन्धुपाल्चोक थामी समाजका अध्यक्ष उदय थामीसँग गरिएको कुराकानीमा आधारित ।

निकै कठिन मानिन्छ । कुरा छिनेपछि केटाले केटीको चालचलन बुझ्न र केटीले केटाको आनीबानी बुझ्न एक वर्ष कुराएर मात्र विवाह तय हुन्छ ।

विवाहको अघिल्लो दिनमा केटा र केटी दुवैको आ–आफ्नो घरमा ग्रहशान्ति गरिन्छ । भोलिपल्ट थामी गुरूआपाको साईतमा बेहुला अन्माउँछन् । बेहुला अन्माउँदा आमाले कचौरामा गाई वा भैंसीको दूध राखेर पियाउने, बाले टोपी लगाइदिने र मामाले पगरी हालिदिने चलन छ । आँगनमा दिदीबहिनी र चेलीबेटीले शुभकामनासहित बाटो थुन्ने काम हुन्छ । सबै विधि पूरा गरिसकेपछि बेहुलीको घरतिर प्रस्थान हुन्छ । ती विधि निम्नबमोजिम छन् :

क) स्वयम्वर : बेहुला बेसारले रंगिएको काठको पिर्कामा उभिएर प्रतीक्षा गर्छन् । यही बेला बेहुलीले बेहुलालाई माला लगाइदिन्छिन् र सम्बन्ध नजिक भएको संकेत आरम्भ हुन्छ ।

ख) वरनी : बेहुली पक्षका सबै दाजुभाइ, बा–आमा र मामाले अब हाम्रो चेली जिम्मा दियौं भनी टीकाटालो गरिन्छ ।

ग) कापुठोले : बेहुलाको भाइले दाजु–भाउजूलाई तीन फन्को घुमेर टाउको ठोक्काइ दिन्छन् । कापुठोले गर्नुको अर्थ बेहुलाको सदैव बेहुलीसँग मुन्टो जोडियोस् भन्ने हो ।

घ) बोकाइ : बेहुलाले बेहुलीलाई उचालेर दायाँबायाँ तीन पटक सार्ने गर्छन् । यसको अर्थ बेहुलाले आफ्नो श्रीमतीलाई जस्तोसुकै दुःखमा पनि पाल्नुपर्छ भन्ने हुन्छ ।

ङ) बसाइ : यसमा बेहुलीले उठेको बेहुलालाई तीनपटक कमिजमा तानेर बसाउने कार्य हुन्छ । यसको अर्थ बेहुलीले आफ्नो श्रीमान्लाई गलत बाटो हिंड्न नदिने हो ।

च) भराइ : यसमा पछ्यौराले छोपी बेहुलाले कलशको पूजा गरेर बेहुलीको सिउँदो भरिदिन्छन् । यसको अर्थ बेहुलाले आफ्नो जीवन रहुन्जेल श्रीमतीको रक्षा गर्छु भन्ने हो ।

छ) बानाइ : यसमा बेहुलीले बेहुलालाई घलेसो र पगरी लगाइ दिन्छिन् भने बेहुलाले बेहुलीको गला र नाडीमा पोते र चुरा लगाइ दिन्छन् । बेहुला र बेहुली एकै सूत्रमा बाँधिनु नै यसको अर्थ हो ।

ज) खुवाइ : दम्पतीले दही चिउरा मुछ्छन् र झुक्याएर एकले अर्कोलाई

खुवाउँछन् । यसको अर्थ दुःख बिरामी हुँदा एकले अर्कोलाई हेरचाह गरेर तन्दुरूस्त बनाउँछु भन्ने हो ।

झ) खेलाइः चरेसको थालमा अमला राखेर दुबैले तीन घडी (३ मिनेट जति) खेलाउँछन् । यसको अर्थ जस्तोसुकै परिस्थितिलाई पनि मिलेर सामना गर्ने भन्ने हो ।

सबै विधि सकेपछि रातभर आँगन पोलेर जुहारी सुरू हुन्छ भने बेहुलाकोमा रत्यौली खेलिन्छ । बिहान थामी गुरू आपाको साइतमा बेहुली अन्माउने कार्य हुन्छ । पुनः ज्वाइँ छोरीलाई, बा–आमा, दाजुभाइ, मावलीले टीकाटालो गरी बिदा गर्दछन् । थामी समुदायमा बेहुला अन्माउँदा 'नाचन मेरी मारूनी' भन्दै ख्याली गीत गाइन्छ भने बेहुली अन्माउँदा 'बाह्रै हाते जाउँ' भन्दै ख्याली गाउँदछन् ।

## २.७.३ मृत्यु संस्कार

थामीजातिमा मान्छे मरेको तेह्र दिनभित्रै मृतकको नाममा बाटो, धारा, कुवा, साँघु, पँधेरा, चौतारा आदिमध्ये एउटा सबै मिलेर बनाउने गर्दछन् । निर्माण कार्य सकिएपछि एउटा शिला बनाइ राखिन्छ । अहिले पनि थामी समुदाय वरपर त्यस्ता संरचनाहरू ठाउँ ठाउँमा देख्न पाइन्छ ।

घरमा मानिस मरेपछि मास, सिस्नु, दूध खान नहुने चलन छ तर जाँडरक्सी भने खान हुन्छ । दश दिनको बेलुकाबाट तीन दिन नुन बार्ने, तीन दिनपछि नुन फुकाउने गरिन्छ । मानिस मरेको एघार दिनको दिन सबै दाजुभाइ बसेर मृतकको नाममा के बनाउने, कहाँ बनाउने भनेर सल्लाह हुन्छ । चौतारा, साँघु, बाटो, धारा आदि के बनाउने कहाँ बनाउने भनेर निर्णय गरिन्छ । यो सल्लाह गर्ने दिन आफन्त दाजुभाइहरूले रक्सी लिएर मृतकको घरमा आउनुपर्दछ । १२औं दिनको दिन झाँक्रीलाई बोलाएर सल्लाह र निर्णय भए अनुसारको काम थालिन्छ । त्यसै ठाउँमा किरियापुत्रीको कपाल खौरिन्छन् । चेलीबेटीहरू उक्त दिन सोली, डालो, थुन्सेमा रक्सी लिएर आउँछन् । १२ दिनकै बेलुकाबाट घरमा घेवाको काम सुरू हुन्छ ।

मृतकको ज्वाइँले सेले बुनेर त्यसमा तीन पाथी कोदो, तीन पाथी मकै, सातमाना चामल, ओखर दश गेडा, सक्दो भेटी, जाँड रक्सी राखेर सेतो कपडाले ढाकेर ल्याउनुपर्छ । झाँक्रीले चेखेत्था गरिसकेपछि यसैदिन बेलुका

मन्त्र पढिन्छ । १३ दिनको बिहान एक माना दूध ल्याइन्छ । त्यही दुधमा चामल राखेर पिण्ड बनाइन्छ । त्यस दिन धर्म तोरड भनेर चेलीबेटीले जाँड, रक्सी बाखा, कुखुरो लिएर आउँछन् । त्यही ल्याएको बाखो, कुखुरो काटेर रातभरि रक्सी जाँड खुवाउने गरिन्छ ।

दाजुभाइले भने १३ दिनका दिन विचारका रूपमा एक माना चामल र तरकारी ल्याउँछन् । त्यसलाई त्यही दिन पकाइन्छ । त्यस दिन फर्सी भने अनिवार्य चाहिन्छ । फर्सी पकाएर घरको मूली वा जेठो छोराले पिण्डमा चढाइ सेलाउँछन् । सबै चेलीबेटीले पनि देब्रे हातले पिण्डमा जल चढाउँछन् । भलेतोको पातमा (मम्परा आजा, थामी भाषामा) भात राखेर दाजुभाइ चेलीबेटीले दोबाटोमा सेलाउँछन् । त्यस दिन घरमा पाकेको सबै कुरा भोज प्रसादका रूपमा खाइन्छ ।

दाजुभाइको बीचमा नुन चोख्याउने भनेर त्यसदिन पकाएको मासु केही काँसको डबकामा झिकेर राखिन्छ । झाँक्रीले तन्त्रमन्त्र गरी सबैलाई एक एक बटा चोक्टा दिएपछि नून चोखिएको फुकेको मानिन्छ । उक्त दिन आप्ैनै दाजुभाइलाई भने घरभित्र विशेष रूपमा खाना खुवाइन्छ । नुन चोखिएपछि बत्ति बालिन्छ र जम्मा भएकाहरूले नाचगान सुरू गर्दछन् । बाजाका रूपमा झ्याली, झ्याम्टा, डम्फु, ढ्याङ्ग्रो, मादल बजाएर रातभर नाचिन्छ ।

बत्ती बाल्न बसेकाहरूले भोलिपल्ट महादेवथान वा धारामा लगेर बत्ति सेलाउँछन् । घरमा आएका सबैलाई मृतकका आफन्तले टीका लगाई भेटी दिएर सगुन खुवाएपछि बिदा गरिन्छ । त्यस पछि पनि जाँड रक्सी भए अझै भेला भएका मानिस बसेर रमाइलो गर्छन् । १३ दिनको कामपश्चात् ६ महिनामा, वर्षदिनमा, दुई वर्षमा र तीन वर्षसम्म महादेव मन्दिर, नदीका तिरमा वा घरमै बत्ती बाल्ने गरिन्छ ।

## २.८ उच्च तह र आम सञ्चारमा थामी

थामी समुदायका व्यक्तिहरू कम मात्रामा मात्रै राज्यको उच्च तहमा पुगेका पाइन्छन् *(उच्च तहमा पुगेका थामीहरूको जानकारीका लागि अनुसूची - ६ हेर्नुहोस्)* । न्यून मात्रामा मात्र आम सञ्चारमा उनीहरूको पहुँच छ । उनीहरूले प्रयोग गर्ने आम सञ्चारको माध्यम भनेको ग्रामीण भेगमा रेडियो, टेलीफोन हो भने, शहरी क्षेत्रमा टीभी, पत्रपत्रिका, अनलाइनको प्रयोग

गर्दछन् । थामी भाषामै अहिलेसम्म पत्रपत्रिका प्रकाशन भएको पाइँदैन ।

२०७६ फागुनमा केही सञ्चारकर्मी मिलेर 'थाङ्मी अनलाइन' सञ्चालन गरेको भए पनि हाल बन्द छ । त्यस्तै थामी भाषाको पहिलो टेलीभिजन कार्यक्रम 'निको सारे' हो जुन हालसम्म इन्डिजिनस टीभीबाट साप्ताहिक रूपमा सञ्चालन भइरहेको छ जसको सञ्चालन विकेस थामीले गर्दै आएका छन् । यसका अलवा यो समुदायबाट टेकराज थामी, टहल थामी, पातली थामी, लक्ष्मण थामी, सपना थामी विभिन्न सञ्चारमाध्ययममा कार्यरत छन् ।

## ३. परम्परागत ज्ञान, उद्यमशीलता र उपयोगिता

### ३.१ विषय परिचय

थामी जाति भनेको प्राकृतिलाई बिस्वास गर्ने प्रकृतिपूजक र भाषा, वेशभूषा, संस्कृति र पहिचान भएको जाति हो । घुमन्ते फिरन्ते युगमा यी जातिका मानिसहरू शिकार गरी बन जङ्गलका कन्दमूल खाई रूखका बोक्रा, जङ्गलमा पाइने सिस्नोबाट ऊन बनाई कपडा, भाङ्रा बनाई लगाउँदथे । यिनीहरू आफूलाई भूमे हो भन्न रूचाउँछन् । भूमेको खास नेपालीमा अर्थ हुन्छ : भू = जमिन, पृथ्वी र मे = आगो ।

जब पृथ्वीमा मानव उत्पत्तिसँगै आगो, हावा, पानी पनि मानव जीवनयापनका लागि अपरिहार्य भयो । त्यसैबेला आगोको उत्पत्ति थामी जातिका पुर्खाले गरेको थामी जातिका अगुवा एवम् नेपाल थामी समाजका संस्थापक अध्यक्ष जगतमान थामी दाबी गर्छन् । 'उनीहरूले आफै जानेर आए वा कहीं कतैबाट सिकेर आए, ढुङ्गे युगमा दुई ढुङ्गा रगड्यो भने झिल्का निस्कन्छ । अनि त्यसैमा जङ्गलमा पाइने झुलोलाई खरानीमा पकाई झुलो खाने गरे,' थामीले भन्नुभयो, 'यो चलन अझै पनि हाम्रो समुदायमा कहीं कतै पाइने गरेको कारणले गर्दा आगोको उत्पत्ति थामीहरूले गरेका हुन् भन्न सकिन्छ ।[९]

### ३.२ थामी समुदाय परम्परागत ज्ञान

थामी जातिको मुख्य पेसा कृषि हो भने केहि थामीहरू काठसम्बन्धी

---

९ थामी जातिका अगुवा एवम् नेपाल थामी समाजका संस्थापक अध्यक्ष जगतमान थामीसँग गरिएको कुराकानीमा आधारित ।

(सिकर्मी), ढुङ्गासम्बन्धी (डकर्मी) र बाँस/चोयाका सामानहरू बनाउने कार्यमा पनि लागेको पाइन्छ । प्राचीन समयमा धेरैजसो र अहिले पनि कहींकतै थामीहरूले डोको, गुन्द्री र भाङ्गा बुन्ने काम पेशागत रूपमा गर्दछन् । हिजोआज थामी जातिका अधिकांश युवाहरू काठमाडौंमा भित्रिने क्रम बढ्दै गइरहेको छ । वैदेशिक रोजगारीको शिलशिलामा विदेशिने क्रम यो जातिमा समेत दिन प्रतिदिन बाक्लो हुँदै गएको छ जसले गर्दा उनीहरूको सीप, क्षमता, उद्यमशीलताको प्रवर्द्धन हुन सकेको पाइँदैन ।

### ३.३. थामी समुदायमा उद्यमशीलता

थामी जातिका मानिसहरूले काठसम्बन्धी (सिकर्मी), ढुङ्गासम्बन्धी (डकर्मी) र बाँस/चोयाका सामानहरू बनाउने, गुन्द्री र भाङ्गा बुन्ने काम पेशागत रूपमा गर्दछन् । बाँस तथा बेतको चोयाबाट विभिन्न किसिमका घरायसी समानहरू बनाउने सीप, हलो जुवा बनाउने, हाते पंखा, सुपा बनाउने सीप यिनीहरूमा पाइन्छ । तर ती सीपलाई उद्यमशीलतासँग जोडेर व्यवसायकै रूपमा काम गरेको भने पाइँदैन । घरयासी काम टार्नको लागि उनीहरू आफ्नो सीपलाई प्रयोग गर्ने गर्दछन् ।

परम्परागत पुस्तौनी हस्तान्तरणबाट सिकेको यी सीपहरू कच्चा पदार्थको अभाव र प्लास्टिकजन्य सामानको बजारले गर्दा लोप हुन लागेको सामाजिक अगुवाहरू बताउँछन् । 'हाम्रा बाबुबाजेले नै हामीलाई सिकाए तर अहिले सबै बिर्सिने क्रममा छ,' सिन्धुपाल्चोकको त्रिपुरासुन्दरी गाउँपालिका- ४ का सुरेशकुमार थामी भन्छन्, 'हाम्रो जातिमा सीपको प्रयोग घरायसी कामको लागि मात्रै भयो, यसको प्रवर्द्धन र उद्यमशीतलासँग जोडेर बजारीकरण गर्न सकेनौं ।' सीपलाई दैनिक चलनचल्तीमा प्रयोग नगरे बिर्संदै जाने उनले बताए ।[१०]

त्यसो त विभिन्न गैरसरकारी संस्थाहरूले सीपलाई उद्यमशीलतासँग जोडेर काम गराउन विभिन्न तालिमहरू लिएर गाउँ जाने गरेका छन् । 'उहाँहरू आएर तालिम त दिनुहुन्छ तर त्यसलाई चाहिने सामान पाउन मुस्किल छ,' सिन्धुपाल्चोक पिस्करकी कृष्णमाया थामी भन्छिन्, 'त्यसैले

---

१० सन्धुपाल्चोकको त्रिपुरासुन्दरी गाउँपालिकाका स्थानीय सुरेशकुमार थामीसँग गरिएको कुराकानीमा आधारित (थप कुराकानीका लागि अनुसूची -३ हेर्नुहोस्) ।

हामीले त्यतापट्टि ध्यान नै दिएनौं ।' पहिले आफुलाई चाहिने काठ तथा बाँसका समानहरू आफै बनाउने गरे तापनि अहिले त्यस्ता सामान बनाउने सीप छोराछोरीमा नभएको उनी बताउँछिन् ।[११]

### ३.३.१ प्रकृतिसँगको अन्तरसम्बन्ध

थामी जाति प्राकृतिलाई विश्वास गर्दछ । यो जाति र प्राकृतिक स्रोतबीच परापूर्वकालदेखि नै घनिष्ट सम्बन्ध रही आएको छ । ऐतिहासिक कालमा यो जातिका मानिसहरू वनमा रहेका फलफूल, कन्दमूल र वन्यजन्तुको शिकारमा निर्भर रही जीवन बिताउने गर्दथे । यसरी मानिसको वृद्धि र विवेक विकास हुँदै ढुङ्गेयुग, पशुपालन, कृषि युग हुँदै औद्योगिक युगसम्म आइपुग्दा समेत खाना, लत्ता कपडा र अन्य सामग्रीका लागि प्राकृतिक स्रोतमा नै निर्भर रहनुपरेको छ । विकासक्रमसँगै मानिसहरू समूह बनाएर वन्यजन्तुको शिकार गर्न अनि काँचै मासु खाने भए । पछि उनीहरू आगोमा पोलेको खाँदा स्वादिलो लागेपछि पोलेर खान थाले । आगो बाल्नको निम्ति दाउराको प्रयोग गर्न थाले । ढुङ्गेयुगका मानिसले ढुङ्गाका हतियार प्रभावकारी नभएपछि विकल्प खोज्दै धातुका धारिला हतियार बनाउन सिके । ढुङ्गेयुगको समापन पछि अब बिस्तारै पकाउनु र अन्य सामग्री राख्नका निमित्त काठ र धातुक भाँडाकुँडा बनाउने प्रचलन बढ्यो । इतिहासमा यो जातिका मानिसको चाप प्राकृतिक स्रोतमाथि निर्भर बन्दै गइरहेको देखिन्छ । थामी जाति घाँसपात, वन घर आदि बनाउनको लागि प्राकृतिक स्रोतमै निर्भर छन् ।

थामी समुदायको प्रकृतिसँगको अन्तरसम्बन्धका आधारहरूलाई उनीहरूले गर्दै आएको उपभोगको आधारमा निम्न बुँदामा समेट्न सकिन्छ :

क. गाँसको प्रमुख स्रोत ।
ख. सुरक्षाको प्रमुख आधार ।
ग. आर्थिक विकासको प्रमुख स्रोत ।
घ. पारिस्थितिक प्रणालीको सन्तुलन ।
ङ. औषधिको स्रोत ।
च. मनोरञ्जनको स्रोत ।

---

११ सिन्धुपाल्चोकको त्रिपुरासुन्दरी गाउँपालिका-४ की स्थानीय कृष्णमाया थामीसँग गरिएको कुराकानीमा आधारित ।

### ३.३.२ थामी समुदायको पेशा र कृषिमा उपयोगिता

थामी जातिको मुख्य पेशा कृषि हो । कृषि उपज उत्पादनको लागि यो समुदाय प्राकृतिक स्रोतमै निर्भर छ । कृषि बालीका लागि सिँचाइ, मल, घाँसपात, कृषि औजार बनाउन मानिसहरूले पानी, माटो, धातु प्राकृतिक स्रोत प्रयोग गर्दै आएका छन् । कहीं कतै आधुनिक उपकरणहरूको पनि प्रयोग हुन थालेको पाइन्छ । बस्नको लागि घर र गोठ निर्माण गर्न चाहिने काठपात तथा बिरामी पर्दा औषधी उपचार गर्न चाहिने जडीबुटीका लागि वनजंगलको प्रयोग गर्दै आएका छन् । परम्परागत तवरबाट खेती किसानी गर्ने यी जातिका मानिसहरूले वर्षभर खेतीपाती गर्दा पनि आफ्नो उत्पादनले उनीहरूलाई ६ महिना खान पनि पुग्दैन । उनीहरूको मुख्य नगदेबाली आलु, मकै, गहुँ, जौ हुन् । आफूले उब्जाएको मकै र आलुसँग उनीहरू धान साट्ने गर्छन् । पहिले–पहिले उनीहरू दैनिकजसो मकैको आटो र आलु नै खान्थे । भात खान चाडपर्व र विशेष अवस्था जुर्नुपर्थ्यो । तर पछिल्लो समय उनीहरूको भान्छामा दैनिकजसो भात पाक्छ । यसो हुनुमा थामी समुदायका मानिसहरू विस्तारै आयआर्जनमा लाग्नु र आर्थिक स्तर सुधारिंदै जानु रहेको विश्लेषक एवम् लेखक विकेश थामी बताउनुहुन्छ ।

थामी समुदायको मुख्य आम्दानीको स्रोतचाहिं आलु विक्रीबाट आउने पैसा नै हो । उनीहरूले उत्पादन गरेका आलु नजिकका बजारहरूमा लगेर बिक्रि गर्दछन् । कृषि उत्पादनबाट उनीहरू आम्दानी गर्ने गर्दछन् । कृषि उत्पादनलाई बेचेर उनीहरूले घरखर्च तथा औषधी उपचार गर्दै आएका छन् । पछिल्लो समयमा त यस समुदायबाट वैदेशिक रोजगारीका लागि जानेहरूको संख्या पनि बढ्दै गएको छ । सरकारी जागिर खानेको संख्या भने न्यून छ ।

## ४. थामीको उत्थानमा देखिएका समस्या र समाधान

### ४.१ आन्तरिक पक्ष

वस्तुको विकास र विनाशमा त्यसको आन्तरिक पक्ष प्रधान हुन्छ । साथै वस्तुभित्र रहेको अन्तरविरोधहरूको सही समाधान नै वस्तुको विकास हो । यि विषय नै वस्तु विकासमा द्वन्द्ववादको आधारभूत पक्ष हो । ठीक यसैकारण

थामी जातिको उत्थानको प्रश्नमा पनि थामी जातिभित्रको आन्तरिक पक्षलाई ठीकसँग केलाउन जरूरी छ । कमजोरी पक्षलाई ठीकसँग केलाउन सक्दा मात्र त्यसको उचित समाधान सम्भव छ । तसर्थ थामी जातिको प्रगतिको वाधकका रूपमा विविध आन्तरिक पक्षको सहि मूल्याङ्कन र समाधान आजको आवश्यकता हो ।

### ४.१.१ जातिगत स्वभाव र पृष्ठभूमि

आन्तरिक पक्षअन्तर्गत थामी जातिको विकासको वाधक जातिय स्वभाव र पृष्ठभूमि हो । उनीहरूको रहनसहन, मादकपदार्थ सेवन गर्नु, शिक्षाक्षेत्रमा चासो नदिनु, नपढ्नु, सामाजिक, सांस्कृतिक र आर्थिक धरातल कमजोर हुनुले पनि थामी समुदाय पछि परिरहेको देखिन्छ ।

### ४.१.२ गरिबी, अशिक्षा र चेतनाको कमी

नेपालको एउटा समस्या गरिबी पनि हो । त्यसमा पनि थामी समुदाय गरिबीको रेखामुनि छन् । थामी समुदायमा बाँच्नका लागि ६ महिना खान पुग्ने खेतबारी छैन । रातदिन मेहनत र परिश्रम गरेर एक पेट खान र एक आङ लाउन मुस्किल परिरहेको देखिन्छ । आफ्नो जीवन निर्वाह गर्नको लागि अरबको खाडीदेखि लिएर भारतको कैयौं स्थानमा कुल्ली काम गर्न मात्र होइन, चैत महिनाको टन्टलापुर घाममा सुत्केरी महिलाले एकातिर ढुङ्गाको भारी र अर्कातिर बच्चा बोकेर पैसा कमाउनको लागि पसिना चुहाएको दृश्य देख्दा मानवीय मुटु छियाछिया भएर आउँछ (नेपाल २०६० : ३१) । अतः यस्तो गरिबीको समस्या समाधान गर्न सीप युक्त र दक्ष बनी आयआर्जनमुखी क्रियाकलापमा लाग्नु अनिवार्य आवश्यक्ता हो । उनीहरू गरिवीबाट त पिसिएका छन् नै त्यसका साथै अशिक्षा र चेतनाको कमीका कारण पछि परिरहेका छन् । सयौं बालबालिकाहरू शिक्षाबाट वञ्चितसमेत भइरहेका छन् । बालबालिकाहरूले बीचैमा विद्यालय छाड्नुपर्ने बाध्यता छ ।

### ४.१.३ अन्धपरम्परा, कुरीति र कुसंस्कृति

विशेषतः थामी जातिमा रहेको विविध आन्तरिक समस्याहरूको बारेमा

चर्चा परिचर्चा गर्दा अन्धपरम्परा, कुरीति र कुसंस्कृतिलाई आत्मसात गर्नु पनि प्रधान समस्या हो । आजको एक्काइसौं शताब्दीसम्म पनि धामी, झाँक्री, बोक्सी र झारफुकजस्ता अन्धविश्वासहरू कायमै छन् । थामी समुदायको विकासको अर्को बाधक तत्त्व जाँड संस्कृति हो । कमाएको धन अनावश्यक रूपमा जाँड रक्सी, जुवा तासमा उडाउने प्रवृत्तिले गर्दा पनि गरीबीको सिकार बन्नु परेको देखिन्छ ।

### ४.२ बाह्य पक्ष

थामी जातिको विकासमा देखिएका आन्तरिक पक्षको समस्या र समाधानको विषयलाई मात्र उजागर गरेर यो समुदायको समग्र पक्षलाई केलाउन सकिँदैन । त्यसको लागि बाह्य पक्षलाई पनि हेर्नुपर्ने हुन्छ । बाह्य पक्ष भन्नाले विशेषतः थामी समुदायको विकासमा थामी समुदायभन्दा वहिरी पक्षको भूमिकामा देखिएको कमी कमजोरीलाई बुझ्नुपर्छ । वस्तुको विकासमा बाह्य पक्षको भूमिका पनि महत्त्वपूर्ण र निर्णायक हुने गर्छ । जसरी एउटा अण्डावाट एउटा स्वस्थ र परिपक्व चल्ला निकाल्न उचित तापक्रमको आवश्यकता पर्छ ठीक त्यसै गरी वस्तुको विकासमा बाह्य पक्षको भूमिका हुने गर्छ । मतलब थामी जातिको विकासमा बाह्य पक्षको कमीकमजोरी पनि केलाउनुपर्दछ ।

#### ४.२.१ राज्यबाट पक्षपातपूर्ण व्यवहार

सम्पूर्ण जात, भाषा, पेशा र लिङ्गको साझा फूलवारी राज्य हो । यी सम्पूर्ण पक्षको विकासमा राज्यको समान उत्तरदायित्व र जिम्मेवारी हुनुपर्छ । तर राज्यले सबै भाषा धर्म, संस्कृतिलाई प्राथमिकता नदिंदा थामी समुदाय विकासको मूलधारबाट पछि परिरहेका छन् । समता, समानता र सामाजिक न्यायको प्रश्न आजसम्म ओझेलमा नै परिरहेको छ । त्यसैले आज राज्यको हरेक निकायमा समावेशी र समानुपातिक सहभागिता अनिवार्य बनेको छ । राज्यले थामी समुदायको पहिचान र परिचय संरक्षणको लागि विशेष जोड दिएर लाग्न जरूरी छ ।

#### ४.२.२ जातीय संघ संस्थाहरूको प्रभावहीनता

नेपालमा जातिय उत्थानका लागि सैयौं संघ सस्थाहरू खोलिएका छन् । कतिपय संस्थाहरूले प्रभावकारी काम गरिरहेका छन् भने धेरैजसो संघसस्था सामाजिक उत्थान र प्रगतिको नाममा कुनै काम गर्न सकेका छैनन् । थामी समुदायको उत्थान प्रगति र विकासको नाममा आउने सहयोग निश्चित लक्षित वर्गमा नपुग्ने गरेको पनि देखिन्छ । त्यस्ता संघ संस्थाका सञ्चालकहरूले वास्तविक लक्षित वर्गमा पुगेर कार्यक्रम सञ्चालन गरे थामी समुदायको हित हुन्छ ।

### ४.२.३ राजनीतिक दल र यसका गतिविधिहरू

देश सञ्चालनको मुख्य नीति राजनीति हो । देशलाई तीव्रतर विकासको गतिमा अघि बढाउन र परिवर्तन गर्न राजनीतिको अत्यन्त महत्त्वपूर्ण भूमिका हुन्छ । थामी जातिको विकासमा पनि राजनीतिक दल र तिनका गतिविधिहरूको निर्णायक भूमिका हुने गर्छ । तर प्रमुख दलहरूसँग थामी समुदायको विकासको निश्चित योजना नै नभएको पूर्वसभासद् चुनबहादुर थामीले महसुस गरेका छन् ।[१२] हरेक परिवर्तनकारी आन्दोलनमा थामी समुदायले योगदान पुऱ्याएका छन् । हरेक आन्दोलनको पक्षमा थामी समुदाय अग्रसर रहे पनि राजनीतिक दलले थामी समुदायको उत्थानमा काम गर्न नसकेको देखिन्छ तर पनि नेपालका राजनीतिक दलमा थामी समुदायको प्रतिनिधित्व देखिदैन । जबकि थामी जातिको उत्थानका लागि राज्यले सहज किसिमको कार्यविधि बनाएर राज्यप्रदत्त सेवा/सुविधा प्राप्त गर्नसक्ने बनाउन अपरिहार्य भइसकेको छ ।[१३]

### ४.३ पिस्कर हत्याकाण्ड र थामी समुदाय

नेपाली जनआन्दोलनको इतिहासमा पिस्कर एउटा चर्चित ठाउँ हो । २०४० साल माघ १ गते राति त्यहाँ निरंकुश व्यवस्थाविरूद्ध भीषण जनप्रतिरोध भएको थियो । सिन्धुपाल्चोकमा पर्ने यो ठाउँ नयाँ संरचनापछि पिस्कर

---

१२ पूर्व सभासद् चुनबहादुर थामीसँगको कुराकानीमा आधारित *(थप कुराकानीका लागि अनुसूचि - ४ हेर्नुहोस्)।*

१३ दोलखाको कालिञ्चोक गाउँपालिकाका अध्यक्ष बिनकुमार थामीसँगको कुराकानीमा आधारित *(थप कुराकानीका लागि अनुसूचि - ५ हेर्नुहोस्)।*

त्रिपुरासुन्दरी गाउँपालिकाअन्तर्गत रहेको छ । साविकको घोरथली, चोकटी

धुस्कुन, पिस्कर, तौथली र टेकानपुरसमेत गरी त्रिपुरासुन्दरी गाउँपालिका निर्माण भएको हो । गरिबी, शोषण र अत्याचारमा पिल्सिएका पिस्कर भेगका थामी किसान जनसमुदायले पञ्चायती क्रूर शासनविरूद्ध २० कै दशकदेखि जनसंघर्ष गर्दै आएका थिए (बोहोरा २०७५) ।

२०४० साल पुस ३० गते राति तत्कालीन नेकपा (माले)ले त्यहाँको महादेवस्थानमा लाग्ने संक्रान्ति मेलाको उपयोग गरी जनतालाई संगठित र जागरूक बनाउने अभियानअन्तर्गत सांस्कृतिक कार्यक्रम आयोजना गरेको थियो । सोही कार्यक्रममा पिस्कर हत्याकाण्ड भयो । मेला लागिरहेको मानेडाँडामा करिब २ सय जनाको नेपाल प्रहरीहरूको समूहले स्थानीयमाथी अन्धाधुन्ध गोली चलाएका थिए । वीरबहादुर थामी घटनास्थलमै मारिए भने इले थामीको शव दावीखोलाको किनारमा स्याउलाले छोपेको अवस्थामा फेला परेको थियो । घटनामा छत्रबहादुर बोहरा, मानबहादुर थामी, मेघनाथ पौडेल, अरूण नेपाल, सरेश नेपाल, गोपाल थपलिया, पल्कमाया थामी, साङ्डोल्मा, बेत्रावती पौडेल, सावित्री बोहरा, कर्णकुमारी बोहरा, चिनी कार्की, शोभा बोहरा, बिर्खमाया थामी, तारा बोहरा, ललितकुमारी बोहरा, मन बोहरा गिरफ्तार भएका थिए । सयौं जनताले झूटा मुद्दा खेपेर वर्षौंसम्म दुःख पाए ।[१४]

पिस्करमा भएको दमनको विरोध गर्दै नागरिक समाज, सञ्चारकर्मी, राजनीतिककर्मीले लामो समयसम्म आवाज उठाइरहे । तत्कालीन नेकपा (माले)को नेतृत्वमा भएको भए पनि वास्तवमा त्यो संघर्ष परिवर्तन र प्रजातन्त्रका पक्षधर सम्पूर्ण शक्तिहरूकै साझा संघर्ष रहेको बामपन्थी नेता अमृतकुमार बोहोरा बताउँछन् । 'राजनीतिक अधिकारका अतिरिक्त किसानका वर्गीय माग उठाउने, सामूहिक प्रतिवाद गर्ने आन्दोलनलाई राज्यले हत्याकाण्डको रूप दियो,' बोहोरा भन्छन्, 'पिस्कर आन्दोलनको मूल उद्देश्य गणतन्त्र र समाजवाद प्राप्ति नै थियो । त्यसैले यो आन्दोलनकारी जनताको अविस्मरणीय प्रेरणादायी स्रोत पनि हो ।'

तर त्यत्रो बलिदानी भएको ठाउँ पिस्कर र थामी समुदायलाई राजनीतिक दलले उपेक्षा गरेको स्थानीयको गुनासो छ । 'हामीले ज्यानको बाजी लगाएर

१४ पिस्कर काण्डबारे विस्तृत जानकारीका लागि हेर्नुहोस्- (हिमाली प्रकाशन परिवार २०४१) ।

देशको शासन व्यवस्थालाई यहाँसम्म ल्यायौं तर अहिले न त राजनीतिक दलले यहाँको पीर व्यथा सुन्छ, न त राज्य ले नै', पिस्करका स्थानीय जगतबहादुर थामी भन्छन्– यहाँका थामीहरू अहिले पनि आधा पेट मात्रै खान्छन्, न किसानलाई केही सहयोग छ, न विकासमा थामी जातिलाई समावेश नै गराउँछन् ।[१५]

## ५. उपसंहार तथा निष्कर्ष

### ५.१. उपसंहार

परिच्छेद एकमा प्रस्तुत थामी भाषा र यसले आर्जन गरेको परम्परागत ज्ञान, उद्यमशीलता, प्रकृतिसँगको अन्तरसम्बन्ध, कृषि तथा यसको उपयोगितालाई जम्मा पाँच परिच्छेदमा विभाजित गरिएको छ । यस शोधपत्रको परिच्छेद एक शोधको परिचयअन्तर्गत विषय परिचय, समस्याकथन, उद्देश्य, औचित्य, पूर्वप्रकाशित कृतिहरूको समीक्षा, शोधको सीमाङ्कन, शोध विधि र अध्ययनको रूपरेखालगायत उपशीर्षक राखेर शोधकार्य प्रस्तुत गरिएको छ ।

परिच्छेद दुईमा थामी जातिको परिचयअन्तर्गत परिचय, थामी जातिको बसोवास क्षेत्र, विशेषता, जनसंख्या, भाषा, शिक्षा, संस्कृति र संस्कृतिअन्तर्गत थामीजातिको जन्म, विवाह, मृत्यु परम्परालाई प्रस्तुत गरिएको छ । त्यस्तै थामी समुदायबाट उच्च तहमा पुगेका व्यक्तिहरू र थामी समुदायको आम सञ्चारमा पहुँच कस्तो छ भन्नु कुरालाई प्रस्तुत गरी परिचयलाई टुङ्ग्याइएको छ ।

परिच्छेद तीनमा परम्परागत ज्ञान, उद्यमशीलता र उपयोगिता अन्तर्गत सर्वप्रथम विषय परिचय, थामी समुदाय परम्परागत ज्ञान, थामी समुदायमा उद्यमशीलता र उपशीर्षकमा थामी समुदायको प्रकृतिसँगको अन्तरसम्बन्ध, थामी समुदायको पेशा र कृषिमा उपयोगिता र थामी समुदायको मूल्य मान्यतालाई विश्लेषणसहित चर्चा गरिएको छ । यसै परिच्छेदमा थामी भाषा र यसले आर्जन गरेको परम्परागत ज्ञान, उद्यमशीलता, प्रकृतिसँगको अन्तरसम्बन्ध, कृषि तथा यसको उपयोगिताको बारेमा थामी समुदायका ज्ञाता, अभियन्ता,

१५ सिन्धुपाल्चोकको त्रिपुरासुन्दरी गाउँपालिका-४ का स्थानीय जगतबहादुर थामीसँगको कुराकानीमा आधारित ।

जनप्रतिनिधि, स्थानीयहरूसँग कुराकानीसमेत गरिएको छ । यस परिच्छेदमा उठेका समग्र विषयमा केन्द्रित रही सोको निष्कर्षसमेत निकालिएको छ ।

परिच्छेद चारमा थामी जातिको उत्थानमा देखिएका समस्या र समाधानमा केन्द्रित रही सो को आन्तरिक पक्ष र त्यसभित्र रहेका जातिगत स्वभाव र पृष्ठभूमि, गरिबी, अशिक्षा र चेतनाको कमी, अन्धपरम्परा, कुरीति र कुसंस्कृतिको आत्मसातिकरणलाई केलाइएको छ । त्यस्तै बाह्य पक्ष र त्यसअन्तर्गत राज्य र राज्य सञ्चालकहरूको पक्षपातपूर्ण व्यावहार, जातिय संघसंस्थाहरूको प्रभावहीन कार्यक्रम, राजनीतिक दल र यसका गतिविधिहरूलाई खोतलिएको छ । यसै परिच्छेदमा थामी समुदायले बलिदानी दिएको पिस्कर हत्याकाण्ड र थामी समुदायको बारेमा चर्चा गर्दै समग्र विषयको निष्कर्ष निकालिएको छ ।

## ५.२ निष्कर्ष

थामी जाति लोपउन्मुख अवस्थामा रहेको अति सीमान्तीकृत समुदायका रूपमा देखिन्छ । कला, संस्कृति, परम्परा र रीतिरिवाजले पूर्ण थामीहरूले बाहिरी वातावरणमा घुलमिल हुन कतिले भाषा र संस्कृति त्यागेका पाइन्छ भने कतिले आफ्नो जात नै परिवर्तन गरेको देखिन्छ । अ हि ले को अवस्थामा थामीहरूले आफ्नो भाषा समेत बोल्न छोडेका छन् जुन थामी जातिको मौलिक पहिचान हो । यो पहिचान अब मासिएर र हराएर जान थालेको छ । रीतिरिवाज, संस्कार र संस्कृति हराउँदै छ । थामी जातिभित्रका भाषा, रीतिरिवाज, संस्कार र संस्कृतिको प्रवर्द्धनमा चासो नभएको यो अवस्था आइरहेको हो । यस्ता कला, संस्कृति, रीतिरिवाजलाई जोगाइराख्न सो क्षेत्रमा क्रियाशील व्यक्तित्व र युवा पुस्ता लाग्न जरूरी छ । थामी जातिका भाषा तथा लिपिका सम्बन्धमा अध्ययन सुरू भएको देखिन्छ । यसले संरक्षणको अभावमा लोप हुने स्थितिमा पुगेको थामी कला, संस्कृति, रीतिरिवाजलाई प्रवर्द्धन गर्न टेवा पुऱ्याउन सक्दछ । राज्यले पनि थामी समुदायको उत्थानमा विशेष योगदान दिन जरूरी छ । तसर्थ सबै मिली थामी जातिको सांस्कृतिक, राजनीतिक, सामाजिक र आर्थिक पुनरूत्थानमा लाग्न जरूरी देखिन्छ ।

थामी जाति आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपमा सवल हुन सकेका छैनन् । मुलुकमा आएको परिर्वतनसँगै कृषिमा निर्भर यस जातिलाई

औद्योगिक र व्यावसायिक रूपमा अगाडि बढाउनका लागि ध्यान दिनुपर्ने देखिन्छ । त्यसैले राज्यले यी समुदायका लागि छुट्टै नीति तथा कार्यक्रम बनाउनुपर्ने देखिन्छ । थामी जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था बलियो बनाउन उनीहरूले गर्दै आएका कृषि पेशालाई आधुनिकीकरण गरेर आर्थिक रूपमा सबल बनाउन पहल गर्नुपर्छ । विद्यालयमा बालबालिका टिकाइराख्नका लागि आकर्षक योजना र कार्यक्रम सञ्चालन गर्नुपर्छ । शिक्षा, स्वास्थ्य र खाद्यसँगै आर्थिक उपार्जनका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । थामी जातिको बसोवास भएका स्थानमा पूर्वाधारका परियोजना, सार्वजनिक सुनुवाइ, योजना तथा कार्यक्रम निर्माण र सञ्चालन गर्दा उनीहरूलाई सुसूचित गरी सहभागी हुने अवसरसमेत प्रदान गर्नुपर्छ ।

## सन्दर्भ सामग्री


खत्री, प्रा. डा. प्रेम । २०७३ । *नेपालका जातीय संस्कार खण्ड ३* । काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

नेपाल थामी समाज । २०७४ । *थामी जातिको रूपरेखा* । नेपाल थामी समाज ।

नेपाल, शरेश । २०६० । *नेपालभित्रको सिन्धुपाल्चोक* । दुःखी प्रकाशन ।

बोहोरा, अमृतकुमार । २०७५ । *पिस्कर संघर्षको प्रेरणादायी गाथा* । नयाँ पत्रिका, १ माघ ।

शिवाकोटी, प्रा. डा. गोपाल । २०७० । *थामी जातिको परिचय* । काठमाडौं : पैरवी प्रकाशन ।

हिमाली प्रकाशन परिवार, सं. । २०४१ । *पिस्कर : दमन र प्रतिरोधको कथा* । नेपाल : हिमाली प्रकाशन परिवार ।

Turin, Mark. 2004. *A Grammer of the Thangmi Language*. Kathmandu: Martin Chautari.

## सीपलाई व्यवसायीकरण गर्ने उपाय छन्

*- सुखवीर थामी*

सुरवीर थामी हाल नेपाल थामी समाजको अध्यक्ष हुनुहुन्छ । समाज थामी समुदायको विकासमा सक्रिय छ । उहाँसँग थामी समुदायको भाषा र संस्कृतिलाई कसरी जोगाउन सकिन्छ भन्ने विषयमा केन्द्रित रहेर गरिएको कुराकानी :

*१) थामी समुदायको सीप, कला, संस्कृति कस्तो रहेको छ ?*

- थामी समुदाय राज्यले तोकेको अन्य सीमान्तीकृत समुदायभन्दा फरक किसिमको समुदाय हो । यो समुदायमा आफ्नो छुट्टै मूल्य, मान्यता, रीतिरिवाज र लोप हुँदै गएका सीपहरू, बाजाहरू, नृत्यहरू, कलाकैशल छन् । राज्यले त्यसको विकासमा चासो नदिए पनि पुख्यौली सीप र ज्ञानहरूलाई अहिले पनि बूढापाकाहरूले अँगालिरहेका छन् । तर अबको पुस्ताले त्यसलाई गम्भीर रूपमा लिएको छैन जसका कारण लोप हुने खतारामा छ ।

*२) तपाईं अध्यक्ष रहेको नेपाल थामी समाजले चाहिं कला संस्कृतिको उत्थानमा के गरिरहेको छ ?*

- संस्थाको स्थापनाकालदेखि नै थामी जातिको मौलिक संस्कृति, परम्परा, सीप, दक्षतालाई लोप हुन नदिन र यसको संरक्षण गर्न हामी लागिपरिरहेका छौं । यसैको एउटा पाटोका रूपमा थामी जातिको उद्गम स्थल दोलखाको राङ्राङ्थलीमा थामी संग्रहालय निर्माण गरेका छौं, जो अन्तिम चरणमा छ । त्यस्तै सिन्धुपाल्चोकको त्रिपुरा सुन्दरी र सिन्धुलीमा पनि हाम्रै पहलमा संग्रहालय निर्माणको सुरूवात भएको छ । यसले थामी जातिको कला, संस्कृति, सीपलाई जोगाउन टेवा पुर्‍याउनेछ ।

*३) तपाईंहरूले आफ्नो समुदायको भाषा, शिक्षा, स्वास्थ्य, जीविकोपार्जनलगायतको विषयमा कस्तो योजना बनाएको छ ?*

- अहिलेको मुख्य चुनौती भनेको यो समुदालाई कसरी जीविकोपार्जन र

आयआर्जनसँग जोड्ने भन्ने हो । हामीले थामीहरूको सीपलाई व्यवसायीकरण गरिनुपर्दछ भनेर विभिन्न तालिम, सीप प्रदान गरिरहेका छौं । तर तालिम लिएकाहरूले उत्पादन गरेका सामग्रीको बजारीकरण गर्न समस्या परिरहेको छ । हामी स्थानीय तहसँग सहकार्य गरेर त्यसलाई व्यवस्थित बनाउन लागि परिरहेका छौं । त्यस्तै शिक्षालाई निःशुल्क बनाउने, स्वास्थ्यलाई थामीहरूको पहुँचसम्म ल्याउने काम पनि भइरहेको छ ।

*४) समुदायको परम्परागत सीपलाई व्यवसायीककरण गर्न के गर्नुपर्ला ?*

- थामी समुदायसँग भएको सीपलाई व्यवसायीकरण गर्न मुख्य ३ कार्य गर्न जरूरी देखिन्छ । पहिलो, उनीहरूले गर्दै आएका कृषि पेशालाई आधुनिकीकरण गरेर आर्थिकरूपमा सबल बनाउन पहल गर्नुपर्छ । दोस्रो शिक्षा, स्वास्थ्य र खाद्यसँगै आर्थिक उपार्जनका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ र तेस्रो उनीहरूको मौलिक सीप र ज्ञानको संरक्षण गरिनुपर्दछ । यति हुन सक्यो भने थामीहरूको जीविकोपार्जनमा सहजता हुनुको साथै उनीहरूको सीपलाई व्यवसायीकरण गर्न सकिन्छ ।

## अनुसूची - २

### हामी लागिरहेका छौं

- ***विकेश थामी, थामी भाषा अध्येता एवम् लेखक***

थामी भाषालाई संरक्षण गर्नुपर्छ भन्ने अभियानमा जुटिरहेबम विकेश थामी लामो समयदेखि उनी लेखनमा समेत सक्रिय छन् । उनीसँग थामी भाषा र संस्कृतिलाई कसरी जोगाउन सकिन्छ भन्ने विषयमा रहेर गरिएको कुराकानीः

*१) थामी जातिले कस्तो भाषा प्रयोग गर्दछन् ?*

- थामी जातिहरूले थाङ्मी खाम भाषा बोल्दछन् । यो भोट-बर्मेली भाषा परिवारअन्तर्गत पर्दछ । प्रायः अहिले पनि बुढापाकाहरूले खाम भाषामै कुराकानी गर्ने गर्दछन् । नेपाली भाषाभन्दा अलि फरक यो भाषाको मिठास छुट्टै प्रकृतिको छ । तर अहिलेको युवावर्गमा भने खाम भाषा बोल्ने प्रचलन

घट्दै गएको छ जसका कारण भाषानै लोप हुने हो कि भन्ने चिन्ता छ ।

*२) खाम भाषाको लिपि पनि छ ?*

– यो भाषामा हालसम्म लेख्य परम्पराको विकास भएको छैन । तथापि, पछिल्लो समयमा लेख्य परम्पराको शुरूवात भएको छ । हालसम्म नेपालबाट दुई र नेपालबाहिरबाट एक गरी तीन वटा थामी शब्दकोष लेखिएको भए पनि 'थामी' शब्दलाई भने ती पुस्तकमा परिभाषित गरिएको छैन । त्यसकारण हामी खाम भाषाको लिपी तयार गर्ने र त्यसलाई नेपाली भाषाअन्तर्गतको उपभाषा बनाउने अभियानमा जुटिरहेका छौं । देशको राष्ट्रभाषा वा प्रधान भाषादेखि भिन्न भाषा र भाषिकाहरू उपभाषा भनिने हुँदा नेपाली भाषाभित्रको एउटा भाषा बनाउनुपर्छ भनेर हामी जुटिरहेका छौं । यसको लागि सरकारको सम्बद्ध क्षेत्रसँग निरन्तर छलफल गरिरहेका छौं । साथसाथै बृहत् थामी शब्दकोष बनाउने क्रममा पनि हामी जुटिरहेका छौं ।

*३) किन लिपि बन्न नसकेको हो ?*

– हाम्रा अग्रज पुस्ताहरूले खाम भाषा बोल्थे तर त्यसको लिपी बनाउनेतर्फ चासो राखिएको थिएन । अहिले यो भाषाको खोज अनुसन्धान जारी छ । थामी समुदायको लिपिसम्बन्धी खोज, अध्ययन अनुसन्धान धेरै समय अघिदेखि नै हुँदै आएको यथार्थ हो किनकि यो विषय लामो समयसम्म पर्याप्त अध्ययन अनुसन्धान गर्नुपर्ने अत्यन्तै संवेदनशील र महत्त्वपूर्ण विषय हो । त्यसो भएको हुनाले पनि आजसम्म थामी जातिको लिपि विकास गर्न सकिएको छैन तर लिपि विकास गर्नुपूर्वका केही कामहरू भइसकेको भने अवश्य छ, जस्तो कि हाम्रो भाषाको वर्ण निर्धारण आदि । खोज, अध्ययन र छलफल गर्ने काम गरी त्यसलाई व्यावहारिक र भाषा वैज्ञानिक प्रक्रियाबाट गर्नुपर्ने काम भएकोले यसमा अलिक समय लागेको हो ।

हाल थामीहरूको लिपिबारे प्राज्ञिक खोज तथा अनुसन्धान र पहिचान गर्ने काम जारी रहेको छ । यस कार्यमा नेपाल प्रज्ञा प्रतिष्ठानका भाषाविद्हरू, थामी समुदायका अध्येता, थामी भाषाको पहिलो शोधकर्ता जापानी नागरिक डा. सुयोएसी तोबा, नेपाल थामी समाज लागि परिरहेको छ ।.यसले छिट्टै पूर्णता पाउने हाम्रो अपेक्षा छ ।

*४)थामी जातिको संस्कृति, संस्कार, वेशभूषालाई संरक्षण गर्न के गर्नुपर्ला ?*

– थामी जाति संस्कृतिको खानी नै हो । थामीहरूको एउटा अलग प्रकारको रीतिरिवाज र संस्कार छ जुन अन्य जातिसँग मिल्दैन । जन्म, मृत्यु, विवाह, धार्मिक गतिविधि, रीतिरिवाज अलिक फरक खालको छ । थामी जातिमा प्रचलित मेर्कोङ बाजा जुन बाघको हाडबाट बनेको हुन्छ, पिचालिङ, टाके, थात्राजस्ता बाजाहरू छन् । यो नेपालको गहना पनि हो । तर यी र यस्ता संस्कृतिसँग जोडिएका थुप्रै कुराहरू लोप हुने अवस्थामा छन् । यसलाई संरक्षण गर्न सक्दा सांस्कृतिक रूपमा थप विकास हुने नै छ भने यसले सांस्कृतिक पर्यटन, थामीहरूको आयआर्जन र जीवनयापनमा सहजता ल्याउन समेत सहयोग पुऱ्याउनेछ ।

सरकारले थामी कला, संस्कृतिलाई संग्रहालयको रूपमा विकास गर्ने, ती संस्कृति र परम्परालाई जोगाउन स्थानान्तरणको अभ्यास गर्ने र संस्कृतिलाई उत्पादन र आयआर्जनसँग जोड्न पहल गर्ने हो भने यो संस्कृति पनि रहिरहन्छ, त्यसलाई आगामी पींढीले पनि आत्मसात गर्नेछन् । तसर्थ सरकारले नै यसको प्रवर्द्धनको हिस्सेदार बन्नुपर्दछ ।

*५) भाषाको संरक्षण तथा संवर्द्धनमा राज्यको निकायका भूमिका कस्तो पाइएको छ ?*

– एउटा भाषा लोप हुँदा त्योसँगै संस्कृति पनि लोप हुन्छ । पछिल्लो चरणमा थामीहरूले बोल्ने खाम भाषाको संरक्षण हुनुपर्दछ भन्ने आवाज उठ्न थालेपछि सरकारले पनि केही चासो देखाएको छ । राष्ट्रिय भाषा सुझाव नीति आयोगले यस भाषाको संरक्षणमा सुरूवात गरेको थियो । त्यसपछि शिक्षा मन्त्रालयले खाम भाषामै पाठ्यपुस्तक प्रकाशन गरेको छ । पूर्ण नभए पनि शब्दकोष प्रकाशन भएको छ । सुरूवात मात्रै भएको कारण भाषाजस्तो विशिष्ट क्षेत्रको उन्नयनमा राज्यले जति चासो देखाउनुपर्ने हो, त्यो पर्याप्त भएको छैन । हामीहरूले पनि पटकपटक भाषा संरक्षणको लागि पहल गरिरहेका छौं, राज्य संघीय संरचनामा गइरहेको छ, यहाँ सबै भाषा, धर्म, संस्कृतिले आफ्नो स्थान पाउनेछन् र खाम भाषा प्रवर्द्धनमा सरकारले भरपूर सहयोग गर्ने अपेक्षा हाम्रो छ ।

## राजनीतिक आन्दोलनले जीवनपद्धति फेरेन

*- सुरेशकुमार थामी, स्थानीय त्रिपुरासुन्दरी गाउँपालिका- ४, पिस्कर*

*१) तपाईंको ठाउँको थामी जातिको अवस्था कस्तो छ ?*

- पिस्करलाई थामी जातिको उल्लेख्य बसोवास रहेको ठाउँका रूपमा चिनिन्छि । यहाँका थामीहरू कृषिमा निर्भर हुनु, जनसंख्या बढ्दै जानु र आफ्नो पुर्ख्यौली सम्पत्ति कम हुनु मुख्य समस्याको रूपमा देखिएको छ ।

पछिल्लो समय वैदेशिक रोजगारीमा जानेहरूको संख्या वृद्धि हुँदै गए पनि उनीहरू साउदी र मलेसियाजस्ता खाडी मुलुकमा कम आम्दानी हुने जोखिमपूर्ण काम गर्न बाध्य छन् । धान नफल्ने, आलु र मकैमा निर्भर पर्नुपर्ने भएकाले दु:ख गरेर कमाएको थोरै पैसा पनि चामल खरिदमै सकिने गरेको छ ।

देखासिकी गर्ने चलन बढेकाले आफ्नै माटोमा उत्पादन भएका बालीहरूको प्रयोग नगरी किनेर खाने, मकै भटमास छाडेर चाउचाउ खाने, आलु बेचेर बियर खाने प्रवृत्ति भित्रिएकाले पनि समस्या निम्त्याएको छ । त्यसमाथि उद्योग, व्यवसाय सञ्चालन गर्न र दीर्घकालीन रूपमा अर्थोपार्जन गर्ने आम्दानी सुरू गर्नसमेत लगानी अभाव छ । यो अहिलेको मुख्य समस्या हो ।

*२) तपाईंको ठाउँ पिस्कर राजनीतिक आन्दोलनसँग पनि जोडिएको छ, कत्तिको परिवर्तन भइरहेको छ ?*

- यहाँका थामीहरूमा पहिलादेखि नै राजनीतिक चेत भएको भए पनि त्यसलाई राजनीति गर्नेहरूले आफ्नो भऱ्याङको रूपमा मात्र उपयोग गरे । थामीहरूको आन्दोलन, विद्रोहको बलमा सरकारमा पुग्ने र सरकारमा पुगेपछि बिर्सने प्रवृत्ति बढिरहेको छ, जसले गर्दा थामीहरूको उत्थान हुन सकेको छैन । उदाहरणका लागि २०४० सालमा पिस्कर हत्याकाण्ड भयो, यहाँका थामीहरूले मृत्युवरण गर्नुपऱ्यो, कयौं घाइते भए, कयौंले जेलनेल बेहोरे । तर यसै आन्दोदनको शक्तिले सरकारमा पुग्नेहरूले पछि पिस्करबासीहरूलाई बिर्सिए । सरकारमा पुगेपछि हाम्रा बालबालिकाहरूले सुलभ रूपमा पढ्न पाउलान्, वृद्धवृद्धाले नि:शुल्क औषधी उपचार गर्न पाउलान्, बेरोजगार भएर

समय बिताइरहेका युवाले काम पाउलान्, वर्षैभर खानपुग्ने गरी उब्जनी गर्न मल, बीउ आउला भन्ने सोचेका थियौं तर त्यो हुन सकेको छैन । पिस्करका थामीहरू अहिले पनि उही दुःखजिलो गरेर अभावमै जिन्दगी बिताईरहेका छन् । यत्रो राजनीतिक आन्दोलनले पनि यहाँका थामीहरूको जीवनपद्धतिमा परिवर्तन ल्याउन सकेको छैन ।

*३) थामी समुदायको उत्थानमा स्थानीय सरकारले कत्तिको पहल गरिरहेको पाउनु भएको छ ।*

– स्थानीय सरकार बनेपछि थामी समुदायको उत्थानमा केही क्रमागत विकास त भएका छन् तर नेपाल सरकार र स्थानीय तहले बनाएका कुनै पनि नीति तथा कार्यक्रमले खासै यो समुदायलाई छोएको देखिँदैन । थामी जातिको आवश्यकता एकतर्फ छ भने राज्यले बनाउने नीतिनियम र विकास पद्धति अर्कोतर्फ गएको छ । हाम्रा बा आमाहरूलाई निःशुल्क औषधी चाहिएको छ, सहज रूपमा खानेपानी चाहिएको छ, राज्यले दिएको सुविधा सहज रूपमा प्राप्त होस् भन्ने चाहेका छौं ।

यसअघिको केन्द्रीकृत राज्यव्यवस्थाको कारण हामी आर्थिक, राजनीतिक र शैक्षिक क्षेत्रमा पछि पर्‍यौं । त्यो अवस्थाबाट मुक्तिका लागि थामी बहुल क्षेत्रमा हामीहरूकै राजनीतिक अग्राधिकार हुने स्वशासित क्षेत्रको व्यवस्था हुनुपर्दछ भनिरहेका छौं । तर यो हुन सकेको छैन । हाम्रो जाति धेरै भएको ठाउँमा अन्य जातिको प्रमुख, उपप्रमुख, कर्मचारी हुँदा उनीहरूले हाम्रो पीर मर्कालाई बुझ्न सकेका छैनन् र हाम्रो समुदायलाई प्रत्यक्ष फाईदा हुने नीतिनियम र कार्यक्रम बन्न सकेको छैन । थामी समुदायका लागि लक्षित समूह विकास कार्यक्रमहरू सञ्चालन गर्न जरूरी छ । स्थानीय उत्पादनलाई सहीरूपमा प्रयोग गर्न र कृषि उपजहरूको बजारीकरण गर्न आवश्यक छ ।

*४) आफ्नो समुदायको उत्थानमा तपाईंहरूको भूमिका के हुन्छ ?*

हामीले गर्न सक्ने भने हाम्रो भाषा, कला, संस्कृति, रीतिरिवाजलाई संरक्षण गर्न पहल गर्नु र त्यसको विकासमा लाग्नु हो । थामी समुदायको भाषा, संस्कार, संस्कृति, भेषभुषा, इतिहास, परम्परा आदिलाई लोप हुन नदिन हामीले आफ्नो ठाउँबाट प्रयत्न गरिरहेका छौं । हामीले भन्दा पनि सरकारले थामी समुदायको विकासमा लाग्नुपर्ने देखिन्छ ।

## मेरो आवाज सरकारले सुन्न चाहेन

*- चुनबहादुर थामी, पूर्वसभासद्*

चुनबहादुर थामी थामी समुदायबाट राज्यको माथिल्लो तहमा पुग्ने एक व्यक्ति हुन् । वि.सं. २०६४ को संविधानसभामा थामी जातिबाट एक मात्र सभासद् भएको उनी कालिन्चोक- ५, दोलखामा जन्मिएका हुन् ।

*१) थामी समुदायको अगुवा भएको नाताले यो समुदायलाई कसरी बुझ्नु भएको छ ?*

- यो समुदाय मुख्य गरी खेतीकिसानी गरी जीविकोपार्जन गर्ने जातिको रूपमा चिनिन्छ । साह्रै सोझो र इमानदार प्रकृतिको यो जाति जस्तोसुकै कठिन परिस्थितिको पनि सामना गर्न तयार हुन्छन् । शताब्दिऔंदेखि पछाडि पारिएको र पर्दै आएको यो जातिमा शिक्षामा कमी देखिन्छ । तर अहिले विस्तारै यो जातिमा चेतनाको विकास हुँदै आएको छ । विभिन्न राजनीतिक आन्दोलनदेखि गणतन्त्रलाई यो स्थानसम्म ल्याइपुऱ्याउन थामीहरूको पनि केही हिस्सा र महत्त्वपूर्ण योगदान छ ।

*२) राजनीतिक परिवर्तनमा थामी जातिको भूमिका कस्तो छ ?*

- २००७ सालको क्रान्ति, २०३६ को जनमतसंग्रह, २०४० को पिस्कर हत्याकाण्ड, २०४६ सालको जनआन्दोलन, २०५२ देखि सुरू भएको माओवादी युद्ध र २०६२/६३ को जनआन्दोलनमा थामीहरू सदैव अग्रमोर्चामा रहे । उनीहरू आफूले भोग्दै आएको सास्तीबाट मुक्त हुन चाहन्थे । आन्दोलनबाटै अधिकार प्राप्त हुन्छ भन्ने सिद्धान्तमा अधिकांश व्यक्तिहरू आकर्षित भएका कारण पनि उनीहरू आन्दोलनमा अग्रमोचामा हुने गर्दथे । यसले नेपाली राजनीतिक इतिहासलाई यो गणतन्त्रको अवस्थासम्म ल्याइपुऱ्यायो ।

*३) ती परिवर्तनहरूले यो जातिलाई के फाइदा पुऱ्यायो ?*

- यो गम्भीर प्रश्न हो । यत्ति लामो समयसम्मको आन्दोलन सहभागी हुनु र प्राप्त गणतन्त्रपछि थामीहरूले के पाए भन्ने प्रश्न उठ्नु जायज छ ।

देशलाई यो अवस्थासम्म ल्याइपुऱ्याउन ति पिस्करका थामीको महत्त्वपूर्ण योगदान छ, दोलखाका थामीहरूको विराट इतिहास छ तर त्यसको उपलब्धि कहीं कतै देखिएपछि दूरदराजमा रहने थामीहरूको जीवनयापनका पद्धतिहरू फेरिन नसकेको यथार्थ हो । जति पनि आन्दोनपछि राजनीतिक दलहरू सत्तामा पुगे, त्यसपछि आन्दोलनमा अग्रपंक्तिमा रहने थामीजस्तै कैयन् जनजातिहरूको योगदानलाई भुले । फलस्वरूप अहिले पनि थामी जातिका मानिसहरू गरिबीको दलदलमा छन्, शिक्षामा उनीहरूको पहुँच छैन, सरकारी संयन्त्रमा, रोजगारमुखी कार्यमा थामीहरू पछि परिरहेका छन् । मुलुक संघीय संरचनामा गई स्थानीय सरकार बने पनि त्यहाँ शून्यप्रायः थामीहरूको सहभागिता हुनु भनेको राज्यले नै उपेक्षा गरेको भन्ने मेरो विश्लेषण छ ।

इतिहासमै हाम्रो जातिबाट सभासद् हुने मै मात्र हुँ । प्रशासन, प्रहरी, सेना कहीं पनि माथिल्लो तहमा थामीहरू पुगेका छैनन् ।

*४) थामी समुदायको उत्थानमा राज्यले के गरिरहेको छ ?*

- म संविधानसभा सदस्य भएपछि थामी समुदायको हक र हितको लागि राज्यको उपस्थिति दिलाउँछु भन्ने ध्येय लिएको थिएँ । जनयुद्धमा थामी समुदायले गरेको योगदान र उनीहरूको चाहनालाई पूरा गर्नु मेरो दायित्व थियो । तर सत्ता भनेको यस्तो एउटा चक्र रहेछ जहाँ गरिब, किसानको आवाज बिलाउँदो रहेछ । त्यतिबेला थामी समुदायबाट प्रतिनिधित्व गर्ने म एक मात्र सभासद् थिएँ । मेरो आवाजलाई सरकारले सुनेन वा सुन्न चाहेन । थामीजातिको सोचेजस्तो उत्थानको कार्य गर्न सकिएन ।

तर, संविधानमा भने पिछडिएका, हेपिएका थामीजस्ता थुप्रै सीमान्तीकृत समुदाय र जनजनतिको भावनालाई समेट्ने पहल चाँहि पक्कै भयो । त्यतिमात्र पर्याप्त भने थिएन । अहिले राज्यले थामी जातिको उत्थानमा खासै पहल गरेको देखिँदैन । अन्य जातिसरह थामीजातिलाई पनि राखेर हेर्ने, बजेट बाँडफाँट र राज्यको सेवासुविधामा प्राथमिकता नदिनेजस्ता कार्य भइरहेका छन् । यसले सीमान्तीकृत थामी जातिको उत्थान हुँदैन । राज्यले सीमान्तीकृतहरूको भावनालाई समेट्ने गरी नीति निर्माण गरी त्यसको लागू गर्न सक्दा यस्ता समुदायको उत्थानमा सहयोग पुग्ने देखिन्छ ।

### ५) थामीहरूको सीप र क्षमतालाई प्रवर्द्धन गर्न के गर्नुपर्ला ?

थामीहरू परम्परागत सीपका धनी छन् । उनीहरूले काठ, बाँसबाट जीवनोपयोगी र अत्यावश्यक सामग्री बनाउन सक्दछन् । कृषि कार्यका लागि आवश्यक सामग्रीहरू, फर्निचर, सिकर्मी, डकर्मीजस्ता कार्यहरूमा निपूण छन् । तर ती सीपहरूको आधुनिकीकरण र व्यावसायिकीकरण गर्न सकिरहेको पाइँदैन । सीप र क्षमतालाई उत्पादन र व्यवसायसँग जोड्ने हो भने थामीहरूको जीवनपद्धतिमा सुधार आउँछ र आर्थिक रूपमा पनि उनीहरू सबल बन्नेछन् । यो कार्य गर्न राज्यले नीति बनाई उनीहरूको सीप र क्षमतालाई व्यवसायीकरण गर्न टेवा पुग्ने लक्षित कार्यक्रमहरू बनाउनुपर्दछ । सीधा हिसाबमा भन्दा उनीहरूको सीप र क्षमतालाई बेच्ने र त्यसबाट आम्दानी गर्ने वातावरण बनाउन सकियो भने मात्र उनीहरूको उत्थान सम्भव छ । यो सँगै शिक्षा, स्वास्थ्य, जीविकोपार्जनमा पनि थामीहरूको पहुँच पुऱ्याउने काम गर्नुपर्दछ ।

## अनुसूची - ५

### झन्झटिलो प्रक्रियाले थामीलाई समस्या

**- *बिनकुमार थामी, अध्यक्ष कालिञ्चोक गाउँपालिका, दोलखा***

*१) थामी समुदायको विकासका लागि स्थानीय सरकारले के गरिरहेको छ ?*

- हामीले सीमान्तीकृत थामी समुदायको हितमा काम गर्न कार्यक्रम नै बनाएर अगाडि बढाएको छौं । यस आर्थिक वर्षको नीति तथा कार्यक्रममा नै समावेश गरेर थामी समुदायको शिक्षा र रोजगारीको क्षेत्रलाई पहिलो प्राथमिकता दिएका छौं ।

*२) उहाँहरूको परम्परागत सीपलाई प्रयोग गरेर कसरी उद्यमी बनाउन सकिन्छ ?*

- हामीले उहाँहरूको परम्परागत सीपलाई जोगाउन र ती सीपबाट आयआर्जन गर्न तालिम प्रदान गर्ने, आवश्यक सामग्री अनुदानमा दिने र निर्मित सामग्रीको बजार व्यवस्थापन र प्रचारप्रसारमा सहयोग गरिरहेका छौं । उहाँहरूलाई उद्यमी बनाउन हामीले थामी जाति विशेष कार्यक्रम भनेर

सामूहिक कृषि कर्म, व्यवसाय गर्न चाहनेहरूलाई आवश्यकता र सम्भावना हेरेर अनुदान दिने कामहरू गरिरहेका छौं ।

*३) पालिकाले थामी जातिका बालबालिकाको शिक्षामा कसरी प्रोत्साहन गरिरहेको छ ?*

- विद्यालय जान नसकेका बालबालिकाहरूलाई विद्यालयसम्म पुऱ्याउन घरदैलो भर्ना अभियान छ । त्यस्तै अहिलेसम्म एईई परीक्षा पास गर्न नसकेको थामी समुदायका विद्यार्थीहरूको शिक्षाको स्तर उठाउन छात्रवृत्ति प्रदान गर्ने, निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री सहयोगको कार्यक्रमहरू सञ्चालन गरिरहेका छौं ।

*४) राज्यले थामी समुदायको विकासमा के गर्नुपर्दछ ।*

- अहिले पनि थामी समुदाय पिछडिएको वर्गकै रूपमा पर्दछ । जीवनस्तर सोचेजस्तो उकासिएको छैन । स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिले थामी जातिका लागि बजेट तथा कार्यक्रमको व्यवस्थापन गरे पनि त्यो प्राप्त गर्न झन्झटिलो प्रक्रिया भएका कारण समावेश हुन समस्या छ । यसको कसरी हल गर्न सकिएला भनेर गाउँपालिका महासंघमा पनि कुरा उठाएका छौं । तसर्थ राज्यले सहज किसिमको कार्यविधि बनाएर राज्यप्रदत्त सेवा/सुविधा प्राप्त गर्नसक्ने बनाउन अपरिहार्य छ । योसँगै शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण र उनीहरूको सीपलाई आधुनिकिरकण गर्न राज्यले पहल गर्नुपर्दछ ।

अनुसूची - ६

## उच्च तहमा पुगेका थामीहरू

थामी समुदायबाट उच्च तहमा पुगेका व्यक्तिहरूको सूची निम्न अनुसार रहेको छ -

- चुनबहादुर थामी, संविधान सभा सदस्य २०६४
- बिनकुमार थामी, अध्यक्ष, कालिञ्चोक गाउँपालिका, दोलखा

- उर्मिला थामी, उपाध्यक्ष, गौरीशंकर गाउँपालिका, दोलखा
- विच्छीकुमार थामी, उपाध्यक्ष, संघीय समाजवादी फोरम, बागमती प्रदेश
- मीरा थामी, कार्यपालिका सदस्य, महालक्ष्मी नगरपालिका, ललितपुर
- पदम थामी, कार्यपालिका सदस्य, बिगु गाउँपालिका, दोलखा
- चित्रबहादुर थामी, वडा सदस्य, बिगु गाउँपालिका, वडा नं. ८
- सनीमाया थामी, वडा सदस्य, वडा नं. ६, विगु गाउँपालिका
- सविता थामी, कृषि शाखा प्रमुख, लिखु पिके गाउँपालिका, सोलुखुम्बु
- चमेली थामी, कानूनी सहायक, बाहबीसे नगरपालिका, सिन्धुपाल्चोक
- श्रीमाया थामी, असिस्टेन्ट सब-इन्जिनियर, विगु गाउँपालिका दोलखा
- दीपेश थामी, असिस्टेन्ट सब-इन्जिनियर बिगु गाउँपालिका दोलखा
- प्रकाश थामी, रोजगार संयोजक, बिगु गाउँपालिका, दोलखा
- रमण थामी, गायक
- मनु थामी, गायिका
- डम्बर थामी अनुपम, सुरेशकुमार थामी, राजकुमार थामी, पदमबहदुर थामी, अन्जिला थामी, लेखकहरू
- माया थामी, थामी समुदायकी प्रथम नायिका
- विकबहादुर थामी, कराँते खेलाडी

*('आर्थिक अभियान दैनिक'का संवाददाता सुन्दर शिरीष 'ग्लोबलपाटीडटकम' र 'जुगलखबरडटकम' का सम्पादक हुन् । नेपाल कला साहित्य प्रतिष्ठानका महासचिवसमेत रहेका उनी साहित्य सिर्जनामा पनि संलग्न छन्)*

# एक अलग सभ्यताबारे केही टिपोट

गणेशकुमार राई

## १. परिचय

ह्योल्मो जाति र ह्योल्मा भाषा पहिचानमा आएको दुई दशक पुगेको छ । यद्यपि वर्तमान बागमती प्रदेशको हिमाली तथा पहाडी भेगमा आदिम कालदेखि ह्योल्मो जातिको बसोवास रहेको छ । ह्योल्मा भाषा तथा बौद्ध परम्परा निरन्तर छ ।

आशन्न १२औं राष्ट्रिय जनगणनामा ह्योल्मा जातिको पहिचान कस्तो हुने भन्नेबारे समाजका अगुवाहरू यतिखेर चर्चा परिचर्चा गर्दैछन् । त्यसैले जनगणनाको ८० भन्दा बढी प्रश्नावलीमध्ये पहिचानजन्य पाँचवटा बुँदामा केन्द्रित भएका छन् । जसअन्तर्गत जात/जाति 'ह्योल्मा', मातृभाषा 'ह्योल्मा', पुर्ख्यौली भाषा 'ह्योल्मा', दोस्रो भाषा 'छिमेकको भाषा' र धर्म 'बौद्ध' लेख्न/लेखाउन जुटेको जनाएका छन् ।

नेपालमा बसोवास गर्ने प्रत्येक जातजातिको आफ्नै इतिहास, भाषा,

संस्कृति, परम्परा, जीवनपद्धति रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्यांकअनुसार मुलुकमा १२५ जातजाति र १२३ भाषा छन् । भाषा आयोगको आ.व.२०७६/७७ को प्रतिवेदनमा ८ वटा भाषा थपिएका छन् । त्योसमेत गरी नेपालमा कुल १३१ भाषा बोलिन्छन् । सरकारले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार सूचीकृत गरेका ५९ आदिवासी जनजाति छन् । सरकारले २०७६ माघ २० गते गरेको निर्णयले 'राना थारु' छुट्टै आदिवासीका रूपमा रहने निर्णय गरेपछि योसमेत आदिवासी जनजातिको संख्या ६० पुगेको छ ।

सूचीकृत आदिवासीमध्येको ह्योल्मो जातिको जनसंख्या १० हजार ७ सय ५२ रहेको केन्द्रीय तथ्यांक विभागको तथ्यांकमा उल्लेख छ । नगर क्षेत्रमा ८ सय ७० र ग्रामीण क्षेत्रमा ९ हजार ८ सय ८२ ह्योल्मो रहेका छन् । हिमाली क्षेत्रमा ४ हजार ९ सय ८४, पहाडमा ५ हजार ४१ र तराईमा ७ सय २७ रहेका छन् । ह्योल्मो भाषाको वक्ता संख्या १० हजार १ सय ७६ रहेको छ । यो भाषा बोल्नेमध्ये नगर क्षेत्रमा ८ सय ५ र ग्रामीण भेगमा ९ हजार ३ सय ७१ बसोवास गर्दछन् । ह्योल्मो जातिले परम्परागत रूपमा बौद्ध धर्म मान्ने गर्दछ ।

ह्योल्मो जातिको पहिचान, उत्थान र विकासको निम्ति नेपाल ह्योल्मो समाज सेवा संघ रहेको छ । ह्योल्मो जातिको आदिम पुर्ख्यौली थलो तथा सघन बसोवास रहेका जिल्लाहरू सिन्धुपाल्चोक, नुवाकोट र रसुवा हुन् । यसबाहेक देशका विभिन्न जिल्लामा ह्याल्मो जातिको बसोवास पाइन्छ । यो जातिको ऐतिहासिक संस्कार, संस्कृति, रहनसहन, भौगोलिक निरन्तरता रहेको पाइन्छ ।

ह्योल्मोको मौलिक पहिचान बोकेको मुख्य थलो सिन्धुपाल्चोकको हेलम्बु हो । हेलम्बु गाउँपालिका वडा नं. १ मा साविक हेलम्बु गा.वि.स. १ देखि ९ सम्म समेटिएको छ । यस वडाको जम्मा क्षेत्रफल ६७.८३ वर्ग कि.मि. रहेको छ । यहाँको जनसंख्या २ हजार ५ सय ६४ रहेको छ, जसमा महिला १ हजार ३ सय ६ र पुरूष १ हजार २ सय ५८ रहेका छन् । यहाँको घरधुरी संख्या ६ सय ५६ रहेको छ । यहाँ बसोवास गर्ने अधिकांश ह्योल्मो जातिका छन् भने यसकाअलावा तामाङ, क्षत्री, बाह्मण पनि रहेका छन् । यहाँ बसोवास गर्ने ९७ प्रतिशत ह्योल्मो भाषा बोल्छन् भने उनीहरूमध्ये ९८

प्रतिशत बौद्ध धर्म मान्दछन् । यहाँ मनाइने मुख्य चाडबाड र जात्राहरू सोनाम ल्होसार, छिजु, न्हारा, फादुङ खोलाको किनारमा डुब्चु मेला लगायत मनाउँछन् ।

## २. अध्ययनको उद्देश्य र औचित्य

परिवर्तनशील समयको चापसँगै समाजका मूल्य मान्यताहरू बदलिँदै जान्छन् । आदिवासी ह्योल्मो जाति समुदाय पनि त्यसबाट अछुतो रहन सक्दैन । तसर्थ, ह्योल्मो समुदायमा मातृभाषासँग जोडिएका ज्ञान, सीप, मूल्य मान्यताहरू, सामाजिक रहनसहनको पुस्तान्तरण प्रक्रियाबारे अद्यावधिक अध्ययन नभइरहेको अवस्थमा त्यो खाँचोलाई पूरा गर्नुपर्ने अवस्था रहेको छ ।

तसर्थ बौद्धमार्गी ह्योल्मो जाति समुदायको ह्योल्मो मातृभाषा तथा मातृभाषासँग सम्बद्ध जीवनपद्धतिको अवलोकन गर्नु यस अध्ययनको पहिलो उद्देश्य रहेको छ । ह्योल्मो मातृभाषाले आर्जन गरेको परम्परागत ज्ञानको टिपोट गर्नु यसको अर्को उद्देश्य हो भने ह्योल्मो भाषामा आर्जित ज्ञान, उद्यमशीलता, प्रकृतिसँगको अन्तरसम्बन्ध, कृषि तथा यसको उपयोगिताबारे विगत र वर्तमानको अवस्था केलाउनु पनि यसको उद्देश्य रहेको छ ।

आदिवासी ह्योल्मो जातिबारे सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक पक्षमा धेरै अध्ययन अनुसन्धान हुँदै आएका छन् । यस जातिबारे थप अध्ययन अनुसन्धान हुनु महत्त्वपूर्ण कार्य हो । मातृभाषा र त्योसँग सम्बद्ध ज्ञान, सिप, परम्पराबारे भने छुट्टै अनुसन्धान हुन सकेको पाइँदैन । तसर्थ यो अध्ययनले समुदायमा पाइने मिथक कथा, दैनिक जीवनपद्धति, व्यवहारमा हुने ज्ञान, सीप आदि पक्ष खोतलेर टिपोट तयार गर्ने छ, जुन भावी अध्ययनहरूका लागि एक प्रस्थान विन्दु हुन सक्नेछ ।

सारमा यस अध्ययनबाट ह्योल्मो जातिले बोल्ने मातृभाषा र मातृभाषामार्फत प्राप्त हुने ज्ञानबारे बाह्य समुदायलाई समेत ज्ञान तथा जानकारी मिल्नेछ । नेपाली समाजमा आपसी सहभाव, सद्भाव र परम्परागत ज्ञानको आदानप्रदानमा यस अध्ययन टिपोटले मद्दत पुऱ्याउनेछ ।

## ३. अध्ययनको सीमा, क्षेत्र र पद्धति

सूचीकृत आदिवासी जनजातिमध्येको एक ह्योल्मो जातिको मातृभाषा, परम्परा, लोक मान्यताहरूमा यो अध्ययन केन्द्रित हुनेछ । संघीय नेपाल बागमती प्रदेशको सिन्धुपाल्चोक जिल्ला हेलम्बु गाउँपालिका-१ लाई अध्ययन क्षेत्र रोजिएको छ । स्थानीय जनजीवनलाई आधार मानेर यो अध्ययन कार्य गरिएको छ । र, यसैका आधारमा यो एक टिपोटको रूपमा प्रस्तुत गरिनेछ ।

यस अध्ययनमा कार्य वर्णनात्मक अनुसन्धान पद्धति अवलम्बन गरिएको छ । त्यस क्रममा विभिन्नन स्रोतबाट सूचना संकलन गरिएको छ । तिनलाई यस प्रकार सूचीकृत गर्न सकिन्छ–

(क) पुस्तकालय अध्ययन : प्रकाशित पुस्तक, लोक परम्पराजन्य कृतिहरू, पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरूको अध्ययन गरी त्यसको सहयोग लिइएको छ ।

(ख) स्थलगत अध्ययन : यस अध्ययनमा मुख्यतः सिन्धुपाल्चोक जिल्ला हेलम्बु-१ का ह्योल्मो बसोवास थलोहरूको स्थलगत भ्रमण, अवलोकन गरिएको छ ।

(ग) अन्तर्वार्ता र प्रत्यक्ष कुराकानी : ह्योल्मो जातिका अगुवाहरू, बूढापाकाहरू तथा प्रतिनिधिहरूसँग प्रत्यक्ष भेटघाट गरी अन्तर्वार्ता लिइएको छ ।

अन्त्यमा प्राप्त सन्दर्भ सामग्रीहरूको सूची पनि प्रस्तुत गरिएको छ ।

## ४. संक्षेपमा ह्योल्मो सभ्यता

- जाति : ह्योल्मो
- धर्म : बौद्ध
- पुर्खाको भाषा र मातृभाषा : ह्योल्मो
- चाड : ल्होसार, बुद्ध जयन्ती, छेच्यु, न्हारा आदि ।
- लिपि : सम्बोटा लिपि ।

पहिरन : छ्युवा ।

भूगोल : हिमाली र उच्च पहाडी भेग । उच्च हिमशृंखला र पहाडै

पहाडले ढाकिएको नदीनाला, हिमताल, घना जंगल आदिले सम्पन्न भूमि ।

ह्योल्मो भूगोल पहाड कन्दरामा रहेको मानिन्छ । लुङ्ता टाँगिएर भीरपहराको टुप्पोमाथिका ओडारहरू (तोङस्योङ फु) मा गुम्बा रहेका छन् । माथिमाथि चुचुरामा हिउँ परिरहँदा त्यसमुनि ढुंगाको कापमुनि निर्मित गुम्बाहरूमा हर दिन बिहानदेखि बेलुका गुरू रिम्पोछे र बुद्धको अगाडि दीप प्रज्ज्वलन गरिन्छ । हिउँ पग्लिएर सुनकोशी उद्‌गमको जनाउ दिइरहँदा ह्योल्मो आदिवासी आफ्नो पुर्खाहरूको सम्झना गरिरहन्छन् किनकि पुर्खाले रोजेको भूगोल समुद्रको टुप्पो हो । पुर्खाहरूको आत्मा तिनै हिमपाखातिर अल्झिरहेको मानिन्छ । बहुचर्चित मेलम्ची खानेपानी आयोजनाको मुहान ह्योल्मोहरूको आदिम थलो पनि हो । यस मेलम्ची खानेपानी मुहानलाई ह्योल्मो भाषामा 'छ्यु ह्याला गेदेन' भनिन्छ ।

- धार्मिक मान्यता : बौद्ध धर्म गुरूहरूको अवतारी रूपलाई स्वीकार्नु ।

- बसोवासको शैली : सामूहिक बस्तीमा बसोवास । मौलिक संस्कार, संस्कृति र सभ्यताका गुम्बा, छ्योर्तेन, मणि रहेको । जन्म, विवाह र मृत्यु संस्कार निरन्तर रहेको । कुल पूजा, धार्मिक चाड पर्व निरन्तर मान्दै आएको ।

- बसोवासको ढाँचा : "मेच्र्या कुमा" एकीकृत बसोवास रहेको । धार्मिक, सामाजिक तथा सांस्कृतिक संरक्षण (ह्युल्ठीम) को निरन्तरता । लामा, गोवा, क्षेटिम्बा, उम्जे, छ्येपेन, डवाले धार्मिक संस्कार पूरा गर्दै आएको । ऐतिहासिक एवं परम्परागत गुम्बा-केन्द्रित संस्था रहेको । सामाजिक परम्परा एवम् प्रथाजनित कानून अहिलेसम्म निरन्तर रहेको ।

- कला र साहित्य, संस्कृति : थाङ्का (चित्रकला), मूर्तिकला, काष्ठकला र सिमेन्टको बुट्टाकला । ह्योल्मो गीतहरूमा चुलु, बाटा लु, छेरलु, छ्याङलु,, चोम्लु, मणिछेपा, छेच्युलु । (ह्योल्मो भाषालाई चिठी पत्र, गुम्बाको कागजात, मुद्दा मुचुल्का, प्रतिवेदन, कथा, गीत)

- चाड पर्व : सामूहिक चाड पर्वहरूमा छेच्यु, बुद्ध जयन्ती, नारक दोन्डुक, ङयुङ्ने, साङ्ग, छोग फुल । घरायसी पूजा पाठमा लोकाग, दोमाङ्ग, लु, साङ, कङ्सु, ग्याप्सी कुरिम ।

## ५. ह्योल्मोका परिवर्तित थर

ह्योल्मा जातिले आफूलाई ह्योल्मो, योल्मो, ह्याल्मो भनेर चिनाउँदछन् । तर, प्रशासनिक वृत्तका मानिसले हिमाली भेगमा बस्ने मानिसलाई शेर्पा भनेर लेख्ने/लेखाउने गरेका छन् । फलस्वरूप तिनै लेखोटका आधारमा ह्योल्मोलाई शेर्पा भनेर पनि बुझ्ने गरिएको पाइन्छ । स्वयं ह्योल्मो समुदाय माझ पनि आफू ह्योल्मो जाति हो भनेर किटानीसाथ अघि बढ्ने चेतनाको कमीले गर्दा छरछिमेकमा रहेका जातिहरूकै थरसमेत लेखाउने र त्यसैका आधारमा नागरिकताको प्रमाणपत्रसमेत लिने गरेको पाइन्छ । तसर्थ नागरिकतामा शेर्पा, लामा, तामाङ, गुरूङ, कागते, स्युबा, जस्ता थर लेखाएका ह्योल्मोहरू पनि पाइन्छन् ।

आम समुदायले हिमाली भेगमा बस्ने मानिसलाई 'भोटे' र 'शेर्पा' भनेर जान्दछ । विज्ञको मतानुसार हिमाली समुदाय आफैंले 'भोटे' वा 'शेर्पा' भनेर चिनाएका होइनन् । तत्कालीन राज्य संयन्त्रले नै निर्माण गरेको नीतिले चिनाएको हो ।

उतिखेर नेपालको पूर्व ताप्लेजुङदेखि पश्चिम दार्चुलासम्म हिमाली भेगका बासिन्दा भोटे जाति भनेर चिनिन्थे । सरकारी कागजपत्रदेखि शिलापत्रसम्म भोटे नै भनेर उल्लेख गरेको पाइन्छ । भोटे साझा पहिचानको शब्द थियो । २०१७ सालमा राजा महेन्द्रले पञ्चायती शासन सुरू गरेपछि भोटे र शेर्पा बनाइयो ।

चीनको स्वशासित क्षेत्र तिब्बतबाट भागेर कतिपय तिब्बतीहरू नेपालमा आउँथे । त्यसरी भागेर आउनेले नेपाल, भारत र चीन तीनैतर्फ पिरोल्यो । त्यसपछि नियन्त्रणका निम्ति भारत सरकारले हिमाली क्षेत्रको सीमानामा चेकपोस्ट राख्यो । चेकपोस्ट राखेपछि हिमाली भेगमा तिब्बतीको संख्या ह्वात्तै बढ्यो । भोट सीमा वारिपारि व्यापार गर्नेले माओ-त्से-तुङको लकेट, रेडबुक, फोटो किनेर बोक्न थाले । त्यसले तत्कालीन राजा महेन्द्रलाई चिन्ताको विषय बन्यो ।

सीमा नाकामा कम्युनिस्टको प्रभाव बढ्न नदिन नेपाल सरकारले नागरिकता वितरण सुरू गऱ्यो । थर भोटे लेख्नेलाई शरणार्थी कार्ड दिने र नजिकको बाहुल्य रहेकालाई शेर्पा थर दिइयो । जब सन् १९५३ मा तेन्जिङ नोर्गेले विश्वको सर्वोच्च शिखर चोमोलुङ्मा (सगरमाथा) आरोहण गरे, त्यसपछि 'शेर्पा' जाति भनेर चिनाउन र चिनिने काम भयो । त्यसयता भोटे शब्द शेर्पामा बदलिन पुग्यो । उतिखेर लोकगायक धर्मराज थापाले 'हाम्रो तेन्जिङ नोर्गे शेर्पाले चढ्यो हिमाल चुचुरा..' गीत गाएपछि सबैले शेर्पा जाति भनेर बुझ्न थाले । उता प्रशासनले शेर्पा थर लेखाउनेलाई तुरून्तै नागरिकता दिन थाल्यो ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका पूर्वसदस्य सचिव ताम्ला उक्याबका अनुसार सूचीकृत ५९ आदिवासी जनजातिमध्ये २२ वटाले ल्होसार मनाउँछन् । 'पुरानो जमानामा तिनलाई सबैले भोटे भन्थे,' पछिल्ला तीन दशकमा पहिचानको मुद्दा उठेकाले जनजागरण बढेको उल्लेख गर्दै उक्याब भन्छन्, 'दार्चुलादेखि ताप्लेजुङसम्म भाषिका फरक छ । आपसमा बिहेवारी चल्छ । पढ्ने, लेख्ने, साहित्य दर्शन सबैको एउटै हो ।'

## ६. भाषा, विकास र सम्बोटा लिपि

योल्मो (ह्योल्मो) भाषा टिबेटो-बर्मन भाषा परिवारको एक भाषा हो । ह्योल्मो जातिले बोल्ने यो भाषा नेपालको मध्यपहाडी क्षेत्र हेलम्बु र मेलम्ची उपत्यका क्षेत्रमा बसोवास गर्ने ह्योल्मो जातिका मानिसहरूले मुख्य रूपमा बोल्दछन् । सिन्धुपाल्चोकको उत्तरपश्चिम र नुवाकोटको उत्तरलाई ह्योल्मो समुदायको आदिम थलो मानिन्छ । यसैगरी रामेछाप, लमजुङ, गोरखा, इलाम जिल्लामा पनि यिनीहरूको बसोवास रहेको पाइन्छ ।

२०४६ सालमा बहुदलीय प्रजातन्त्र बहालीपछि मुलुकमा पहिचानको मुद्दा पेचिलो बन्यो । त्यही राजनीतिक परिवर्तनयता देश नेपाल बहुल जाति, बहुभाषा, बहुसंस्कृति र बहुधार्मिक मुलुक भनेर चिनिएको हो । २०४८ सालको भएको जनगणना तथ्यांकमा तराईमा २९ जातजाति, पहाडमा २९ र हिमाली भेगमा २ जाति रहेको उल्लेख छ जसमा शेर्पा र भोटे मात्र थिए ।

जनगणना २०५८ को प्रतिवेदनमा १०३ जातजाति उल्लेख छ । हिमाली

भेगमा बसोवास गर्ने शेर्पा, भोटे, नुराङ, वालुङ, ह्योल्मा रहेका छन् । त्यसमा ह्योल्मा जातिको जनसंख्या ५ सय ७९ जना थियो । तीमध्ये पुरूष २ सय ८१ र महिला २ सय ९८ रहेका थिए । तर, ह्योल्मा भाषा बोल्नेको संख्या भने ३ हजार ९ सय ८६ थियो ।

जनगणना २०६८ को तथ्यांकमा हिमाली भेगमा बसोवास गर्ने शेर्पा, भोटे, नुराङ, वालुङ, ह्योल्मा, ल्होमी, डोल्पो, ल्होपा, तोप्केगोला भनेर उल्लेख छ । यसो त उक्त जनगणनाको तथ्यांकमा सरकारले २०५८ सालमा सूचीकृत गरेका ५९ आदिवासी जनजाति सबै समेटिएका छैनन् । 'जनगणनामा सूचीकृत आदिवासी जनजाति नै छुटेका छन्,' आदिवासी जनजाति महासंघका अध्यक्ष जगतबहादुर बराम भन्छन्, 'कतिपय जातिको जनसंख्या कम र भाषा बोल्नेको संख्या अधिक देखिएको छ ।'

पछिल्लो जनगणनाले ह्योल्मा जातिको जनसंख्या १० हजार ७ सय ५२ देखाएको छ । भौगोलिक वितरणको आधारमा पूर्वी पहाडमा १ हजार ३ सय ५१, मध्ये हिमाल ४ हजार ९ सय ७४, मध्ये पहाड ३ हजार १ सय ९४ रहेका छन् भने अन्यत्र पाँच सयभन्दा कम संख्यामा छन् ।

ह्योल्मा जातिको मूलथलोको निकटमा तामाङ जाति छन् । ह्योल्माको निकट भाषाहरू शेर्पा, वालुङ, तोप्केगोला, ल्होमी, डोल्पो आदि हुन् । 'सांस्कृतिक रूपमा टुङ्ना बजाउने ह्योल्मा हुन् भने डम्फु बजाउने तामाङ हुन्,' जनजाति महासंघका पूर्वमहासचिव आङकाजी शेर्पा भन्छन्, 'विगतमा शेर्पा थर लेखे पनि ह्योल्मा भनेको शेर्पाभन्दा फरक जाति हो ।'

समाज मनोविज्ञानमा बख्खु लगाउने शेर्पा हुन् भन्ने लाग्छ । ह्योल्मा भाषा तथा संस्कृति अनुसन्धाता किन्जो ओमु ह्योल्मा भन्छिन्– 'बख्खु लगाउने जति सबै शेर्पा होइनन् ।'

यसैगरी प्रदेश–१ का सांसद काजीमान कागते (ह्योल्मा)का अनुसार ह्योल्मा छोरीचेलीको नाक छेडिँदैन । बिहेमा सिन्दुरपोते गरिँदैन । ह्योल्माहरूको थातथलोमा भाषिक तथा सांस्कृतिक निरन्तरता यथावत् रहेको पाइन्छ । थातथलोबाट अन्यत्र बसोवास गरेका ह्योल्माहरूमा अन्य भाषा र संस्कृतिको प्रभाव रहेको पाइन्छ ।

ह्योल्मो भाषाको अन्तर्राष्ट्रिय कोड नम्बर ISO 639-3:scp रहेको छ । भाषाशास्त्रका अनुसन्धाताले ह्योल्मो भाषालाई लोपोन्मुख अवस्थामा रहेको

संकेत दिएका छन् ।

ह्योल्मो भाषाको विकास कार्यलाई हेर्दा विभिन्न गतिविधि र प्रयासहरू भएका पाइन्छन् । त्यस्ता प्रमुख प्रयासहरूलाई तल सूचिबद्ध गरिएको छ–

- २०३३ साल मङ्सिर महिनामा ह्योल्मो तथा तामाङ भाषाका गीतहरू संकलन गरी 'थिन्डेल' नामक गीति संग्रह प्रकाशन गरिएको पाइन्छ । न्हो बावु लामा ह्योल्मो नेङेम्बा, सुनिता लामा ह्योल्मो नेङेम्बा तथा दावा ग्याल्मु लामा ह्योल्मोले ह्योल्मो गीतहरूको संकलन गरेको देखिन्छ ।
- ह्योल्मो भाषाको सन्दर्भमा ह्योल्मो फाउन्डेशनबाट २०५३, २०५४ र २०५६ सालमा प्रकाशित 'धिङसङ ह्योल्मो' नामक तीन प्रकाशनहरू स्मारिकाका रूपमा ह्योल्मो भाषाका शब्दहरू संकलन गर्ने प्रयास गरिएको छ ।
- २०५३ साल चैतमा ह्योल्मो फाउन्डेशन तथा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, किउलको संयुक्त आयोजनामा भएको तीन दिने ह्योल्मो संस्कृति विश्लेषण कार्यशाला गोष्ठीमा ह्योल्मो भाषासम्बन्धी छलफल गरिएको देखिन्छ ।
- २०६० सालमा स्वीस नागरिक अन्ना मारियाले ह्योल्मो लु नामक प्रकाशनबाट ह्योल्मो भाषाको गीति संग्रह प्रकाशित गरेको देखिन्छ ।
- २०६० साल चैत ३ गतेका दिन ह्योल्मो भाषामा पाठ्यपुस्तक तयारीको लागि एक दिने विचार गोष्ठीको आयोजना गरिएको थियो ।
- २०६१ सालमा ह्योल्मो ज्याल्गा नामक प्रकाशनमा पनि ह्योल्मो भाषाका केही शब्दहरू संकलन गर्ने कार्य भएको देखिन्छ । ह्योल्मो ज्याल्गाका दुई वटा प्रकाशनहरू रहेका छन् ।
- २०६१ सालमा स्वीस नागरिक अन्ना मारिया हारीले ह्योल्मो नेपाली अंग्रेजी शब्दकोश प्रकाशित गरेको देखिन्छ ।
- २०६९ सालमा नेपाल प्रज्ञा–प्रतिष्ठानबाट नेपालको मातृभाषा भाग–१ प्रकाशनमा ह्योल्मो आदिवासी जनजातिहरूको मातृभाषा समेटिएको पाइन्छ ।
- मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको जलपरी भन्ने टेलिफिल्ममा अमेरिकामा रहेका ह्योल्मोहरूको प्रयासमा ह्योल्मो भाषा समेटिएको

पाइन्छ ।

- यसै गरी ह्योल्मो भाषामा डक्युमेन्ट्री र फिल्महरू निर्माण गरेको पाइन्छ ।
- ह्योल्मो श्हेशागी ताम, ह्योल्मो परम्परागत लेखाइ प्रणाली, ह्योल्मो लु जस्ता पुस्तिकाहरू प्रकाशनमा आएका छन् ।
- भाषा आयोगको पहलमा ह्योल्मो भाषाको लोकवार्ता संकलन भई प्रकाशनमा आएको छ ।
- ह्योल्मो सञ्चार समूहले इन्डिजिनियस टेलिभिजन र आईटीभीमा साप्ताहिक रूपमा ह्योल्मो भाषाको कार्यक्रम “भेह्युल ह्योल्मो” प्रसारण हुँदै आएको छ ।

यस समुदायको प्रत्येक परिवारमा ह्योल्मो भाषा बोलीचाली र व्यवहारमा रहेको पाइन्छ । ह्योल्मो भाषाका पाठ्यपुस्तकहरू निर्माणको क्रममा रहेका छन् । सञ्चारमाध्यमहरूमा ह्योल्मो भाषाको कार्यक्रम तथा प्रचारप्रसार हुँदैआएको छ । ह्योल्मो बसोवास क्षेत्रमा रहेका विद्यालयहरूमा ह्योल्मो भाषामा पठनपाठन सम्भव देखिएको छ भने ह्योल्मो क्षेत्रभित्र ह्योल्मो भाषालाई सरकारी कामकाजको भाषा बनाउन सकिने सम्भावना प्रशस्त रहेको पाइन्छ ।

सम्बोटा लिपि : भाषा अभिलेखीकरणको महत्त्व पूर्ण पक्ष भनेको लिपिको प्रयोग र वर्णनिर्धारण हो । ह्योल्मो भाषाको सन्दर्भमा सम्बोटा लिपि नै मौलिक हो भन्नेमा दुईमत छैन, जसले ह्योल्मो भाषाको मौलिक उच्चारण बोकेको छ । सम्बोटाको इतिहास, गरिमा र महत्त्व को अध्ययनविना जथाभावी प्रयोग गर्नु हरेक दृष्टिकोणबाट उचित हुँदैन । सम्बोटा लिपिलाई महायानी बौद्ध धर्मावलम्बीहरूले देवलिपिको रूपमा विश्वास गर्ने भएकाले यसलाई पवित्र लिपि मानिन्छ, तसर्थ यसलाई जथाभावी लेख्ने र फाल्ने गर्न मिल्दैन ।

सम्बोटा लिपि तिब्बतका साथै नेपालका हिमाली बौद्ध समुदाय, भुटान, लद्दाख, सिक्किममा पनि आफ्नो भाषिक लिपिको रूपमा प्रयोग गरिंदै आएको छ । धार्मिक महत्त्व  बोकेको लिपिलाई नै व्यवहारमा ल्याउँदा समुदायमा अपनत्वको भावना देखिन आउँछ भने यसलाई समुदाय स्तरमा प्रयोगमा ल्याउनुअघि गहन अध्ययन र अभ्यासको आवश्यकता भने पर्दछ । यसका

लागि ह्योल्मो भाषासम्बन्धी जानकार व्यक्तिहरूको समूह बनाई सम्बोटा लिपिको प्रयोग सम्बन्धमा छलफल चलाउने, ह्योल्मो भाषासम्बन्धी राम्रो ज्ञान र सम्बोटा लिपिमा दक्षता हासिल गरेका व्यक्तिहरू छनोट गरी ह्योल्मो भाषा लेखनसम्बन्धी विशेष परियोजना सञ्चालन गर्नुपर्ने देखिन्छ ।

## ७. भाषा जोगाउन धुमधाम

यतिखेर ह्योल्मा भाषाको संरक्षणका निम्ति समुदायका अगुवाहरू जुटिरहेका छन् । ह्योल्मा कलाकारहरू पनि मातृभाषामा गीत गायनमा जोड दिएका छन् । ह्योल्मा गीतहरूमा चुलु, बाटा लु, छेर लु, छ्याङ लु, चोम लु, मणिछेपा, छेच्यु लु जस्ता लोकभाकाहरू गाउछन् । गाठी कुरो यसैमा छ कि ह्योल्मा मातृभाषा र यो भाषासग सम्बद्ध ज्ञान, सिप, परम्पराहरू छन् । ती ज्ञानका भण्डारलाई पुर्खाले सम्बोटा लिपिमा लिपिबद्ध गरिदिएका छन् ।

ह्योल्मा जातिको मातृभाषा जीवित छ । परिचय दिने खालका केही पुस्तक प्रकाशित छन् । सम्बोटा लिपिमा लेखिएका अधिकांश पुस्तक धार्मिक ग्रन्थ, परम्परागत सीप, स्वास्थ्य तथा आयुर्वेद शिक्षाजस्ता विषयका छन् । सम्बोटा लिपि जथाभावी लेख्न हुँदैन भन्ने धारणाले दैनिक व्यवहारमा लागू हुन सकेको छैन । त्यसैले देवनागरी र रोमन लिपि ह्योल्मा भाषा लेख्ने गरिएको छ ।

हेलम्बुका युवा टासी ह्योल्मा मातृभाषा संरक्षण अभियानमा छन् । उनी ह्योल्मा सञ्चार समूहमार्फत् काठमाडौंबाट प्रसारण हुने इन्डिजिनियस टेलिभिजन र आईटिभी नेपालमा ह्योल्मा भाषाको 'भेह्युल ह्योल्मा' साप्ताहिक कार्यक्रम चलाउँछन् । 'भर्चुअलको जमाना छ त्यसैले जमानाअनुसार भाषा जोगाउन पहल नगरे चाँडै लोप हुनेछ,' टासी भन्छन्, 'जे-जसरी हुन्छ, टेलिभिजन, एफएमको माध्यमबाट भाषा प्रवर्द्धन गर्ने प्रयास जारी छ । सरकारी निकायको साथ पनि खोज्दै छौं ।'

पुस्तौंदेखि एउटै भूगोलमा ह्योल्मा जातिको सामूहिक बस्ती छ । धार्मिक, सामाजिक तथा सांस्कृतिक संरक्षण (ह्युल्ठिम) को निरन्तरता छ । लामा, गोवा, क्षेटिम्बा, उम्जे, छ्येपेन, ढावाले धार्मिक संस्कार पूरा गर्दै आएका छन् । सामाजिक परम्परामा प्रथाजनित कानून अहिलेसम्म निरन्तर छ । थाङ्

का चित्रकला, मूर्तिकला, काष्ठकला छन् ।

'हेलम्बु भेगमा प्रत्येक घरमा ह्योल्मा भाषा प्रयोग गर्छन्,' वाग्मती प्रदेश सांसद निमा लामा ह्योल्मा भन्छन्, 'स्कुलमा बाहेक घरव्यवहार, चाडवाडमा ह्योल्मा भाषा बोलिन्छ । सम्बोटा लिपि प्रयोग गरिन्छ । ह्योल्मा नै हाम्रो मातृभाषा हो । जबसम्म स्कुलमा मातृभाषाबाट पठनपाठन हुँदैन तबसम्म यसको महत्त्व जगाउन सकिँदेन,' प्रथाजन्य रीतिथितिहरू कायम रहेको उनले जनाए ।

हेलम्बुबाट पूर्वी इलाम बसाइ सरेका ह्योल्माहरू अहिले पनि मातृभाषा बोल्छन् । 'हाम्रो किपट सिन्धुपाल्चोक हेलम्बु हो,' प्रदेश-१ सांसद काजीमान कागते (ह्योल्मा) भन्छन्, 'उहिल्यै धेरै पुस्ता अघिका बाजे पुस्ता दुम्जागढी हुँदै इलामको माइपोखरी आउनु भएछ । माइपोखरी पड्किन्छ भन्ने हल्ला भएछ । त्यसपछि कन्याम आएर बसोवास गर्नुभएछ । पहाडे कागजको काम र पेसा गदै आएपछि कागते भयौं । कागते पेसाको थर हो । हामी ह्योल्मा हौं ।' ह्योल्मा भाषा व्यवहारमा कायम रहेको उनले बताए ।

ह्योल्मा फाउन्डेसनका अध्यक्ष विनोद लामा ह्योल्माले अहिले मातृभाषा संरक्षणका निम्ति काम भइरहेको जनाए । 'ह्योल्मा भाषाका वर्ण पहिचान भएको छ,' ह्योल्मा समाज सेवा संघका पूर्व अध्यक्षसमेत रहेका उनले भने, 'गाउँगाउँमा गोष्ठी भएको छ । हेलम्बु काठमाडौं उपत्यका नजिक छ । गाउँबाट सहर पसेर बस्ने क्रम बढेको छ । शहर नजिकै रहेको सानो समुदायको भाषा हराउँदो रहेछ ।'

ह्योल्मा बसोवास क्षेत्रका विद्यालयमा ह्योल्मा भाषामा पठनपाठन गर्ने पहल अघि बढेको जनाइएको छ । साथै ह्योल्मा क्षेत्रमा ह्योल्मा भाषालाई सरकारी कामकाजको भाषा बनाउने माग पनि अघि बढेको छ । भाषा धर्मसँग सम्बद्ध भएकाले धार्मिक कर्मको पक्ष बलियो रहेको उनको दावी छ । 'हाम्रो समुदायको धर्म स्थिर छ । जथाभावी धर्म परिवर्तन गरेका छैनन्,' उनको कथन छ ।

ह्योल्मा भाषा खोज्दै आयोग : भाषा आयोगले आर्थिक वर्ष २०७७/७८ मा 'ह्योल्मो भाषाको भाषिक इतिहास' शीर्षकमा अनुसन्धान गराएको छ । अनुन्धान कार्य आयोग र ह्योल्मो सञ्चारसमूहको सहकार्यमा भएको हो । अनुसन्धानमा प्रमुख अनुसन्धाता डा. डिल्लीराम रिमाल र सहअनुसन्धातामा किन्जो ओमु ह्याल्मो तथा मातृभाषावक्ताका रूपमा टासी लामा ह्योल्मो संलग्न थिए ।

प्रमुख अनुसन्धाता डा. डिल्लीराम रिमालका अनुसार ह्योल्मा भाषा बोलीचाली सिन्धुपाल्चोकको सेर्माथाङ, मेलम्चीघ्याङ र तार्केघ्याङ क्षेत्रलाई मध्यविन्दु मानेर हेर्न सकिन्छ । केही रामेछापमा, लमजुङमा पनि छन् ।

'हेलम्बु क्षेत्रमा स्थानीय मातृभाषा बोल्छन्,' नेपाल सरकारका पूर्वसचिव रिमाल भन्छन्, 'यस क्षेत्रमा सात–आठ हजार जनसंख्यामा ह्योल्मा रहेका छन् । त्यहाँ बाहिरका मान्छेहरू बसाइ सरेर बस्न नपाउने भएका हुनाले उनीहरूको भाषा जीवित रहेको हो ।' भोट–तिब्बती भाषा परिवारमा रहेको ह्योल्मा भाषा सम्बोटा लिपिमा लेखिने गरेको उनले बताए ।

रिमालका अनुसार हेलम्बु क्षेत्रमा एक प्रकारको राज्य व्यवस्था कायम छ । 'त्यहाँ तपाईं गएर घर, जग्गा किन्न सक्नु हुन्न,' ह्योल्मा भाषा, संस्कृति परम्परा कायम रहनुको कारणबारे रिमाल भन्छन्, 'स्थानीयले मात्र जग्गा किन्न सक्छ । अन्यत्र बसाइ सरेर जान सक्छन् तर त्यो ठाउँमा बसाइ सरेर आउँन पाइँदैन । नयाँ मान्छे आएर बसोवास गर्न पाउँदैन । उनीहरूको पहिले देखिको व्यवस्था यस्तै रहेछ ।'

अर्का अनुसन्धाता राजनलाल जोशीका अनुसार पूर्वी भेग इलाममा बस्नेले आफूलाई योल्मो भन्छन् भने मूलथलोमा रहेकाले ह्योल्मा भन्दछन् । 'ह्योल्माको मूल थलो हेलम्बु हो,' जातिको संस्कृति मिलारेपासँग सम्बद्ध रहेको उल्लेख गर्दै जोशी भन्छन्, 'थोरै संख्यामा भए पनि भाषा राम्रो छ । गुम्बा परम्पराअनुसार गरिएका सांस्कृतिक गतिविधिले भाषा जोगाइरहेका छन् ।'

## ८. पहिरन र पहिचान

*'हेलम्बुकी शेर्पिनी,*
*थाकखोलाकी थकाल्नी,*
*रूम्जाटारकी गुरूङ्नी*
*राम्रीमा भन्छन् सबै...'*

पञ्चायतकालमा बनेको यस गीतले हेलम्बुमा शेर्पा जाति बस्छन् भन्ने जनाउँछ । हेलम्बु क्षेत्रमा बसोवास गर्ने बख्खु लगाउने जाति बस्दा रहेछन् भन्ने त यो गीतले भन्यो तर यसको मतलब बख्खु लगाउने जति सबैलाई

शेर्पा नै हुन भनेर सम्झिने गरी सन्देश पनि दियो ।

समाज मनोविज्ञानमा बख्खु लगाउने हिमाली भेगका मानिसलाई शेर्पा भनिन्छ । माथिको गीतको रचनाकर्ताले त्यसरी शब्द टिपे र संगीतकारले संगीत भरे भने गायकको सुरिलो आवाजले श्रुतिगम्य बनाए । त्यसरी गीतै घन्किएपछि हेलम्बुमा शेर्पा बस्छन् भनेर दुनियाँले बुझ्न थाल्यो । भाषा आयोगका सहअनुसन्धाता किन्जो ओमु ह्योल्मो भन्छन्- बख्खु लगाउने जति सबै शेर्पा होइनन् ।

नेपाल एकीकरणपछि राणाकाल हुँदै पञ्चायती कालसम्म 'एक जाति, एक वेश, एक धर्म' को नीति कायम थियो । २०४६ सालको बहुदलीय प्रजातन्त्र बहाली भएपछि नेपाल बहुल जाति, बहुल भाषा, बहुल संस्कृति, बहुल धर्म रहेको मुलुकका रूपमा स्थापित हुनपुग्यो । नेपाल अधिराज्यको संविधान, २०४७ ले संघसंस्था खोल्नेलगायत स्वतन्त्रता दिएपछि नेपालमा धेरै जात, जातिले आ–आफ्नो मातृभाषा, संस्कृति, परम्परा, धर्मको संरक्षण गर्ने उद्देश्यले कानूनी प्रक्रिया पुऱ्याएरै जातीय संस्था गठन गरेर संगठित हुन थाले । त्यसैको उभारका रूपमा नेपाल ह्योल्मो समाज सेवा संघ नामक संस्था पनि जन्मिएको हो ।

## ९. राजनीतिमा ह्योल्मो जाति

नेपालको राजनीतिक इतिहासमा ह्योल्मो जातिको प्रतिनिधित्व उल्लेख्य छैन । यद्यपि पछिल्लो डेढ दशकमा देशमा आएको राजनीतिक परिवर्तनसँगै ह्योल्मो जातिको प्रतिनिधित्व देखिएको छ । संविधान सभा पहिलो र दोस्रोमा खेन्पो छार्क्याल लामा समानुपातिक सदस्य बन्न सफल भए भने उनै लामा राज्यमन्त्रीसमेत बनेका थिए ।

मुलुकमा संघीयता लागू भएपछि संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार बनेको छ । वाग्मती प्रदेशमा प्रदेश सभा सदस्य निमा लामा ह्योल्मो सांसद छन् । त्यसैगरी प्रदेश नं.१ इलाम (निर्वाचन क्षेत्र नं.१(२) काजीमान

कागते निर्वाचित सांसद छन् । उनी थर कागते लेखाए पनि ह्योल्मो हुन् ।

सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जे शेर्पा ह्योल्मो हुन् भने तीन वटा वडामा ह्योल्मो जातिका वडाध्यक्ष निर्वाचित छन् । त्यसैगरी रामेछापमा एक जना वडाध्यक्ष र रसुवामा एक पालिका अध्यक्ष पनि ह्योल्मो समुदायका रहेका छन् ।

१०. ह्योल्मो जाति र भाषाबारे कुराकानी

## जाति ह्योल्मो हो, खुलाएर लेख्नुपर्छ

*– **पेमा ह्योल्मो** , अध्यक्ष, नेपाल ह्योल्मो समाज सेवा संघ*[1]

यो संघ २०५५ सालमा स्थापना भएको हो । काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट दर्ताप्राप्त छ । काठमाडौं महानगरपालिका वडा नं.६ तिनचुलीमा संघको केन्द्रीय कार्यालय रहेको छ । संस्थापक अध्यक्ष तदर्थ समितिका संयोजक कन्छा लामा हुनुहुन्छ । उहाँ हाल अमेरिकामा हुनुहुन्छ ।

जातीय उत्थान गर्ने मुख्य उद्देश्यले संस्था गठन भएको हो । समुदायको विशेष गरी वेशभूषा, भाषा, संस्कार संस्कृति पहिचान, उत्थान गर्ने हो । नेपाल सरकारले ह्योल्मो जातिको पहिचान उजागर गरेको छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत आदिवासी जनजातिमध्ये वर्णानुक्रमअनुसार ५९औं स्थानमा ह्योल्मो रहेको छ । विभिन्न जिल्लामा छरिएर रहेका ह्योल्मोलाई संगठित गर्दै जनसंख्याको हिसाबले नखुलेकालाई एकीकृत गर्दै जाने क्रममा छौं । अहिलेसम्म १० जिल्लामा संगठन विस्तार भएको छ । अझै लगभग पाँच जिल्लामा संगठन विस्तार गर्न बाँकी छ । थप संगठन विस्तार गर्दै जाने योजना छ ।

हेलम्बुमा शेर्पा छैन तर कतिपयको नागरिकतामा शेर्पा छ । नागरिकतामा त्रुटि भएको छ । नेपाली समाजले भूगोलको हिसाबमा माथि लेकतिर बस्नेलाई भोटे, शेर्पा भन्छ । सरकारी प्रशासनका मान्छे कर्मचारीहरूले कतिको शेर्पा, कसैको लामा, कसैको ह्योल्मो नै राखेको छ ।

कसैको थर तामाङ राखेको छ । मेरै काका पोखरामा हुनुहुन्छ । त्यहाँ

१ २०७८ वैशाख १२ गते गरिएको कुराकानी ।

गुरूङ लेखेको छ । गुरूङ लेखाएका छन्, ह्योल्मो समुदायले । त्यसो भएको हुनाले अबचाहिँ नागरिकतामा जे-जे लेखिए तापनि जनगणनामा प्रस्ट आफ्नो ह्योल्मो जाति लेखाउने अभियानमा छौं । जाति ह्योल्मो हो, खुलाएर लेख्नुपर्छ । ह्योल्मो मातृभाषा, बौद्ध धर्म भनेर पहिचान खुल्ने हिसाबले नाम उल्लेख हुनुपर्छ भनेर अभियान चलाएका छौं ।

ह्योल्मो जातिको परिचय दिने खालका पुस्तक केही प्रकाशित छन् । विदेशीले एउटा पुस्तक निकालेका छन् । ह्योल्मो भाषा लेखन सम्बोटा लिपिको भए पनि अहिले देवनागरी लिपि पनि प्रयोग गर्छौं र रोमन पनि चलाउँछौं ।

## संरक्षणको पहल गरेका छौं

- *निमा लामा ह्योल्मो*

*सांसद, बागमती प्रदेश सभा*[२]

सेर्माथाङ भेगमा नै सबै घरमा सानैदेखि ह्योल्मो भाषा प्रयोग गर्छन् । स्कुलमा बाहेक घरव्यवहार, चाडवाडमा ह्योल्मो भाषा बोलिन्छ । हिमाली क्षेत्रले सम्बोटा लिपि प्रयोग गर्छन्, हिमाली भेगमा । हाम्रो आफ्नो छुट्टै भाषा छ, तामाङ र शेर्पासँग मिल्दैन ।

यो भाषमा पठनपाठनमा पहल हुन सकेको छैन । सरकारले अधिकार दियो, ५ कक्षासम्म पठनपाठन गर्न पाउने भन्यो । तर, शिक्षक र स्रोत व्यवस्था नगरिदिने भएकाले समस्या छ । भारतको धर्मशालाबाट गुरू मगाएर सम्बोटा लिपि तथा परम्परा संरक्षण गर्ने पहल गरेका छौं । आफ्नो लिपि भएपछि सबैले स्वामित्व लिन्छन् ।

म पहिले जनजाति महासंघको सचिव हुँदा २०६४ सालको चुनाव प्रचारको सामग्री मातृभाषामा प्रकाशित गऱ्यौं । हिमाली क्षेत्रमा सम्बोटा लिपिमै पर्चा निकालेका थियौं । चुनाव सकेपछि त्यो पर्चा चोखो ठाउँमा राखेको पायौं । कुल्चिनु हुँदैन भन्ने मान्यता पायौं । हामीले बोल्ने भाषा सम्बोटा

२ २०७८ वैशाख २२ गते गरिएको कुराकानी ।

लिपिले टोन सम्बोधन गर्छ तर देवनागरीमा अनेक जोड्नुपर्ने हुन्छ ।

जबसम्म मातृभाषामा पठनपाठन हुँदैन तबसम्म यसको महत्त्व जगाउन सकिन्न । ह्योल्मो क्षेत्रमा मातृभाषा बोलीचाली कमजोर भएको छैन । प्रथाजन्य रीतिथितिहरू कायम छन् । ह्योल्मो क्षेत्रबाट अन्यत्र बसाइँसराइ भएकाहरूमा मातृभाषा बोल्ने क्रम केही खस्किएको पाइन्छ ।

## तामाङसँग ६०, शेर्पासँग ४० प्रतिशत मिल्छ

- *काजीमान कागते (ह्योल्मो)*
  *प्रदेश नं. १ सांसद*[3]

हाम्रो किपट सिन्धुपाल्चोक हेलम्बु हो । उहिल्यै धेरै पुस्ताअघिका बाजे पुस्ता दुम्जागढी हुँदै इलामका माइपोखरी आउनु भएछ । माइपोखरी पड्किन्छ भन्ने हल्ला भएछ । त्यसपछि कन्याम आएर बसोवास गर्नुभएछ ।

पहाडे कागजको काम र पेसा गदै आएपछि कागते भयौं । कागते पेसाको थर हो । हामी ह्योल्मो हौं । ह्योल्मो भाषा केहीले बोल्नु हुन्छ, तर मलाई आउँदैन । बरू तामाङ बुझ्छु । आमा तामाङ हो । मेरी श्रीमती बोल्छिन् । ह्योल्मोमा तामाङको जस्तो थर हुन्छ । तामाङ वाइबा र ह्योल्मो वाइबा, तामाङ स्याङ्बो र ह्योल्मो स्याङ्बो । जंगली युगमा, कबिला युगमा कुन तरिकाले विकास भयो । त्यति बेला जहाँ बस्यो त्यहाँको एउटा जाति भयो । भाषा भयो । अनि अर्कोसँग नमिल्ने कुरा ।

अब यसो भयो, तामाङ र ह्योल्मोका झन्डै ६० प्रतिशत भाषा मिल्छ । शेर्पासँग ४० प्रतिशत भाषा मिल्छ । बिहेबारी, कर्मधर्मचाहिं बढी शेर्पासँग मिल्न जान्छ । तामाङहरू नाक छेड्छन् । सिन्दुरपोते गर्छन् । हाम्रा छोरीचेलीको नाक छेडिँदैन । सिन्दुरपोते गर्दैनन् । चामलको टीका लगाउँदैनौं । टोटलाका फूल लगाउँछौं । ल्होसारलाई प्राथमिकताका आधारमा मान्छौं । दशैं राष्ट्रिय पर्व भएको हुनाले स्वागत सम्मान गर्छौं ।

## अन्य भाषा मिसिएको छ

३ २०७८ वैशाख २२ गते टेलिफोनमा गरिएको कुराकानी ।

- *केसाङ लामा ह्योल्मो*

  *महासचिव, नेपाल ह्योल्मो समाज सेवा संघ*[४]

ह्योल्मो भाषाको सहजकर्ताको काम गर्दै आएको छु । ह्योल्मो जातिको भाषा जीवित छ । ह्योल्मोमा अन्य भाषा मिसिएको अवस्था छ । नेपाली भाषा र नजिकको भाषा मिसिने गरेको छ । तामाङ, गुरूङ, शेर्पा भाषासँग मिसिएको छ । ह्योल्मो मातृभाषा सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, रामेछाप, काठमाडौँ, इलाम जिल्लामा बोलीचालीमा छ । गोरखा, चितवनमा पनि छन् तर मातृभाषामा व्यवहार गर्ने क्रम घटेको छ ।

भाषा उत्थानको लागि केही पनि गरेको छैन । भाषा आयोगले गरेको मात्र हो । बुकलेट प्रकाशित छ । भिडियो, कविता लेखन थोरै मात्र काम भएछ ।

## नयाँ मान्छे बस्न पाउँदैन

- *डिल्लीराम रिमाल, अनुसन्धाता*[५]

केन्द्रविन्दु स्यामाथाङ भन्ने ठाउँ रहेछ । तिब्बती मूलका आदिवासीहरू नेपालको माथिल्लो हिमाली भेगमा बसोवास गरेर ह्योल्मो भएका रहेछन् । उनीहरू तिब्बती मूलकै हुन् । खास गरी हेलम्बु भनेको निश्चित ठाउँ होइन रहेछ, उपत्यका भनेजस्तो रहेछ, बेल्ट रहेछ । उनीहरू आएर त्यो बेल्टमा बसे । रसुवा, नुवाकोट, सिन्धुपाल्चोकको माथिल्लो भागको तिब्बतसँग जोडिएको भूभागहरूको एरियालाई हेलम्बु भनिँदो रहेछ । उनीहरू केरूङबाट आएको देखिन्छ । निकटताको हिसाबले हेर्दा संखुवासभाको भोटभाषासँग पनि ह्योल्मोको निकटता छ । सिन्धुपाल्चोकको सेर्माथाङ, मेलम्चीघ्याङ र तार्गेघ्याङ यी तीनवटा क्षेत्रलाई मध्यविन्दु मानेर हेर्न सकिन्छ । केही रामेछापमा पनि छन् ।

हाम्रो इतिहास लेखन हो । टाढा जानु परेको छैन । उनीहरूलाई आफ्नो भाषा कुन हो भन्ने यकिन छैन । तिब्बती बोलेको अनुभूति छ । सम्बोटा <u>लिपिलाई आधार </u>मानेको पाइन्छ ।

४ २०७८ वैशाख २१ गते गरिएको कुराकानी ।

४ २०७८ वैशाख १९ गते गरिएको कुराकानी ।

सेर्माथाङ क्षेत्रमा स्थानीय मातृभाषा बोल्छन् तर बोल्ने समूह सानो छ । यस क्षेत्रमा सात-आठ हजार जनसंख्यामा ह्योल्मोहरू रहेका छन् । त्यहाँ बाहिरका मान्छेहरू बसाई सरेर जान नपाउने भएका हुनाले उनीहरूको भाषा जीवित रहेको हो ।

मेलम्ची क्षेत्रमा एक प्रकारको राज्यको नयाँ खालको व्यवस्था जस्तो छ । त्यहाँ तपाई गएर घर, जग्गा किन्न सक्नु हुन्न । स्थानीयले मात्र किन्न सक्छ । अन्यत्र बसाइ सरेर जान सक्छन् तर त्यो ठाउँमा बसाइँ सरेर आउन पाइँदैन । नयाँ मान्छे आएर बसोवास गर्न पाउँदैन । उनीहरूको पहिलेदेखिको व्यवस्था यस्तै रहेछ । त्यसलाई सरकारले पनि परिवर्तन गरिदिएनछ । त्यसलाई ठ्याक्कै नाम दिएका छैनन् । पहिले लिम्बुवानतिर किपट भन्थे त्यस्तोलाई । तर ह्योल्मोले यही हो भनेर किटान गर्न सकेनन् । अहिले जीवित बुढापाकालाई सोध्दा उहिलेदेखि नै चलिआएको हो भन्छन् ।

## मौलिकता निकै लोप हुँदै छ

*- किन्जो ओमु ह्याल्मो, सह-अनुसन्धाता*[६]

भाषा बोलीचालीमा रहेको छ । तर, मौलिकता निकै लोप हुँदैछ र नेपाली मिश्रित भएर बोल्ने गरिएको छ । शब्दहरू छन् । भाषासम्बन्धी काम गर्ने मान्छे प्रयास गरेका छन् ।

मुख्य गरी ह्योल्मो भाषा लिखित परम्परा सम्बोटा लिपिमा गर्ने गरिएका हो । तर युवा पुस्ताले देवनागरी लिपि प्रयोग गरिरहेका छन् । ह्योल्मो भाषाको वर्ण निर्धारण भएको छ ।

## भाषा जोगाइरहेका छन्

*- राजनलाल जोशी, अनुसन्धाता*[७]

मूल थलो हेलम्बु हो । मिलारेपासँग सम्बद्ध छन् । थोरै संख्यामा भए पनि भाषा राम्रो छ । आफ्नै भाषामा कृति छापिएको छैन । गुम्बा परम्परामा भाषा

६ २०७८ वैशाख १९ गते गरिएको कुराकानी ।
७ २०७८ वैशाख २२ गते गरिएको कुराकानी ।

जोगाउने काम गर्दैछन् । सांस्कृतिक गतिविधिमा भाषा जोगाइरहेका छन् ।

फूलपातीको अघिल्लो दिने भूतप्रेत घुर बाल्ने गर्छन् । देशभरि जहाँसुकैका ह्योल्मो भए पनि काठमाडौंको तिनचुले बौद्धमा गुम्बा छ, त्यहाँ घुर बाल्ने गर्छन् । सांस्कृतिक पूजा गर्छन् । आफ्नै भाषामा कुरा गर्छन् । सांस्कृतिक, भाषिक नमुना हो । पूर्व-पश्चिम फरक भए पनि विभेद गर्नु हुन्न । पूर्व इलामकाले योल्मो भन्छन्, यताकाले ह्योल्मो भन्दछन् ।

### ह्योल्मो भाषा हराइसकेको छैन

- *विनोद लामा ह्योल्मो*

*अध्यक्ष, ह्योल्मो फाउन्डेसन*[८] *तथा*

*पूर्व अध्यक्ष, नेपाल ह्योल्मो समाज सेवा संघ*

अहिले केही काम भइरहेको छ । लिखित रूपमा आइसकेको छैन । वर्ण पहिचान भइसकेको छ । गाउँगाउँमा गोष्ठी भएको छ । ह्योल्मोहरूको

परम्परागत भाषा लोप भएको छैन । हेलम्बु काठमाडौँ उपत्यका नजिक छ । गाउँबाट सहर पसेर बस्ने क्रम बढेको छ । त्यसैल शहर नजिकै रहेको सानो समुदायको भाषा हराउँदो रहेछ ।

ह्योल्मो भाषा हराइसकेको छैन । तर विस्तारै बिर्सिदै गएको अवस्था छ । यसलाई कसरी संरक्षण गर्ने ? धर्मसँग सम्बद्ध भएकाले धार्मिक कर्मको पक्ष बलियो छ । हाम्रो समुदायको धर्म स्थिर छ । जथाभावी धर्म परिवर्तन गरेका छैनन् ।

## ११. ह्योल्मोसम्बन्धी सामग्री

### ह्योल्मोसम्बन्धी पुस्तक र स्मारिका (नेपालीमा)

जोशी, राजनलाल । २०७३ । *रामेछापको ह्योल्मो जाति* । रामेछोप : हिमाली ह्योल्मो युवा समाज ।

*'धिङसाङ ह्योल्मो' स्मारिका* । २०५४, २०५५, २०५६ । काठमाडौं : ह्योल्मो

८ २०७८ वैशाख २२ गते गरिएको कुराकानी

फाउन्डेसन ।
लामा, एनबी र दावा ग्याल्मु लामा ह्योल्मो । २०३३ । 'थिन्डेल' ह्योल्मो गीतहरूको संग्रह ।
*'ह्योल्मो ज्याल्गा' स्मारिका* । २०६१, २०६२ । दक्षिण कोरियामा रहेका ह्योल्मोहरूद्वारा प्रकाशित ।
*ह्योल्मो, दिकी ओमु* । २०६९ । ह्योल्मो स्हेसा गी ताम (गीतिएल्बम)।
*ह्योल्मो भाषाको लेखनशैली* । २०७३) । काठमाडौं : हिमाली आदिवासी समाज नेपाल ।
*ह्योल्मो : इतिहासदेखि वर्तमानसम्म* । २०५७ । काठमाडौं : नेपाल ह्योल्मो समाज सेवा संघ ।
हारी, अन्ना मारिया । २०६० । ह्योल्मो लु : ह्योल्मो गीतहरूको संग्रह ।

## ह्योल्मोसम्बन्धी पुस्तक र स्मारिका (अंग्रेजीमा)

Dhakal, Ram Hari. 2016. Medical Pluralism among the Hyolmos: An Ethnographic Study from Mid-Hill of Central Nepal. Dissertation for Doctor of Philosophy, Tribhuvan University.
Dondrup, Khenpo Nyima. 2010. *Guide to the Hidden Land of the Yolmo Snow Encloser and its History.* Kathmandu: Vajra Publications.
Gawne, Lauren. 2010. Lamjung Yolmo: a Dialect of Yolmo, also known as Helambu Sherpa. *Nepalese Linguistics* 25:34-41.
Gawne, Lauren. 2011. *Lamjung Yolmo-Nepali-English Dictionary.* Melbourne: Custom Book Centre, The University of Melbourne.
Gawne, Lauren. 2013. Notes on the relationship between Yolmo and Kagate. *Himalayan Linguistics* 12(2): 1-27.
Gawne, Lauren. 2014. Similar Languages, Different dictionaries: A discussion of the Lamjung Yolmo and Kagate Dictionary Projects. In *Endangered Words, Signs of Revival.* Ghil'ad Zuckermann, Julia Miller and Jasmin Morley, ed. pp. 1-11. Adelaide: AustraLex.

Gawne, Lauren. 2016. *A Sketch Grammar of Lamjung Yolmo*. Australia : Asia-Pacific Linguistics College of Asia and the Pacific, The Australian National University, Canberra ACT 2600.

Hari, Anna Maria. 2010. *Yohlmo Sketch Grammar.* Kathmandu: Ekta books.

Hari, Anna Maria and Chhegu Lama. 2004. Y*ohlmo-Nepali-English Dictionary*. Kathmandu: Central Department of Linguistics, Tribhuvan University.

Torri, Davide. 2020. Landscape, Ritual and Identity Among the Hyolmo of Nepal. New York: Routledge.

**ह्योल्मो भाषाका फिल्म तथा डकुमेन्ट्री :**

'ञीङजे गी श्याल्गार' (ह्योल्मो भाषाको पहिलो चलचित्र) । निर्माता : दावा ग्याल्मु ह्योल्मो ।

'छेर्लु' (ह्योल्मो भाषाको पहिलो डकुमेन्ट्री) । निर्माता : किन्जो ओमु ह्योल्मो, निमा यङछेन ह्योल्मो ।

'फुग्पा' (ह्योल्मो भाषाको डकुमेन्ट्री) । निर्माता : पासाङ दावा ह्योल्मो ।

'मेतोक' (ह्योल्मो भाषाको ठूलो पर्दाको चलचित्र) । निर्माता : ठिलेन लामा ह्योल्मो, सार्किनी ज्याबा ह्योल्मो ।

ह्योल्मो भाषामा निर्मित 'ह्योल्मो गङरा गी ने फिल्म भाग–१' वृत्तचित्र (युट्युब च्यानलमा)।

ह्योल्मो भाषामा निर्मित 'ह्योल्मो गङरा गी ने फिल्म भाग–२' वृत्तचित्र (युट्युब च्यानलमा)।

*(अनुसन्धाता गणेशकुमार राई 'कान्तिपुर' दैनिकसँग आबद्ध पत्रकार हुन्)*

यो पुस्तकमा नेपाली समाजका ३२ वटा फरक–फरक विषयमा विभिन्न कोणबाट स्वतन्त्र रूपले अध्ययन तथा अनुसन्धान गरिएका सामग्री छन्, तीमध्ये १४ वटा सामग्री महिलाले लेखेका छन् । ती सामग्री विपद र स्वास्थ्य, कोभिड र पर्यटन, सूचना तथा सञ्चार प्रविधि, सिर्जना, जाति र भाषागत पहिचान, विकास, कृषि र अनुसन्धान गरी आठ खण्डमा समेटिएका छन् ।

यस पुस्तकका सम्पादक विनोद ढुङ्गेल २०४५ सालदेखि पत्रकारितामा सक्रिय छन् । विभिन्न पत्रपत्रिका, रेडियो र टेलिभिजनको सम्पादकीय नेतृत्व सम्हालिसकेका उनी स्नातकोत्तर तहमा मिडिया कानून, आमसञ्चार अनुसन्धान र मिडिया व्यवस्थापन विषय अध्यापन पनि गर्छन् । उनको लेखन तथा सम्पादनमा करीब एक दर्जन पुस्तक प्रकाशित छन् ।

सञ्चार रजिष्ट्रारको कार्यालय, बागमती प्रदेश